अख्तियार दुरुपयोग अनुसन्धान आयोग
पन्ध्रौं वार्षिक प्रतिवेदन

आ. व. २०६१/०६२



अख्तियार दुरुपयोग अनुसन्धान आयोग
काठमाण्डौं, नेपाल
भाद्र, २०६२

अख्तियार दुरुपयोग अनुसन्धान आयोग

बबरमहल, काठमाडौं

फोन नं. : ४-२६२ ८४२
४-२६२ ५१५
फ्याक्स : ४-२६२ ९३०
इ-मेल :- akhtiyar@ntc.net.np

पत्र संख्याः- **मिति** :- २९ भाद्र, २०६२

विषय :- **पन्ध्रौ वार्षिक प्रतिवेदन ।**

श्री ५ महाराजाधिराज सरकारका हजुरमा
राजदरवार, काठमाडौं ।

सरकार,

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९८ को उपधारा (६) अनुसार अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आर्थिक वर्ष २०६१/६२ (२०६१ श्रावण १ गतेदेखि २०६२ आषाढ मसान्तसम्म) मा सम्पादन गरेका कामहरुको वार्षिक प्रतिवेदन चढाएका छौं ।

सरकार, जो हुकुम ।

सरकारका अनन्य भक्त सेवकहरु,

(बेद प्रसाद सिवाकोटी)	(ललित बहादुर लिम्बु)	(इन्द्र कुमार श्रेष्ठ)	(बासुदेव लामिछाने)	(सूर्यनाथ उपाध्याय)
आयुक्त	आयुक्त	आयुक्त	आयुक्त	प्रमुख आयुक्त

अनुक्रमणिका

पृष्ठ

परिच्छेद–१ : अख्तियार दुरुपयोग अनुसन्धान आयोग **१–६**

१. पृष्ठभूमि १
२. गठन १
३. आयोगको काम, कर्तव्य र अधिकार १
४. छानवीन तथा अनुसन्धान प्रकृया २
५. क्षेत्राधिकार ४
६. प्रशासनिक संगठन ४
७. आयोगको आन्तरिक कार्य विभाजन, बैठक र निर्णय ५
८. आयोगको निर्णयहरुको वर्गीकरण ५
९. अधिकार प्रत्यायोजन ५
१०. बजेट व्यबस्था ६

परिच्छेद–२ : आ.ब. २०६१/६२ मा आयोगबाट निष्पादित कार्यहरु **७–१८**

१. आ.ब. २०६१/६२ मा उजूरी र कारवाहीको विवरण ७
२. अभियोजन र कारवाहीको विवरण ७
३. विशेष अदालतमा दायर भएका मुद्दा र प्रतिवादीहरुको संख्यात्मक विवरण ७
४. प्रारम्भिक छानवीनबाट भएको कारवाहीको विवरण ८
५. महाशाखागत उजूरी फछ्यौंटको विवरण ८
६. अनुसन्धान अधिकृत तोकिएको तथा मन्त्रालय वा अन्तर्गत कारवाहीको लागि लेखी पठाएको विवरण ९
७. गैरकानुनी सम्पत्ति आर्जन सम्बन्धमा दायर गर्न निर्णय भएका मुद्दाहरुको विवरण १०
८. नक्कली शैक्षिक प्रमाणपत्र सम्बन्धी मुद्दा दायर गर्न भएका निर्णयहरु १०
९. सवारी दर्ता अनियमितता सम्बन्धमा मुद्दा दायर गर्न भएका निर्णयहरुको विवरण १३
१०. गैरकानुनी कर्जा कारोवार/बैंक हिनामिना/प्रतितपत्र कारोवार लगायतका बिषयमा मुद्दा दायर गर्न भएका निर्णय सम्वन्धी बिवरण १४
११. निर्माण कार्यमा भएको भ्रष्टाचारउपर मुद्दा दायर भएका निर्णय सम्बन्धी विवरण १५
१२. खरिद कार्यमा भएको भ्रष्टाचारउपर मुद्दा दायर भएका निर्णय सम्बन्धी विवरण १६
१३. किर्ते कागजात तयार गरी रकम हिनामिना गरेको सम्वन्धमा मुद्दा दायर गर्न भएका निर्णय सम्वन्धी विवरण १६

१४. राजस्व रकम हिनामिना सम्बन्धमा मुद्दा दायर गर्न भएका निर्णयहरु सम्बन्धी विवरण १७
१५. रिसवत लिएको सम्बन्धमा मुद्दा दायर गर्न भएका निर्णयहरुबाट १७
१६. प्रत्यायोजित अधिकार अन्तर्गत भएका काम कारवाही १७

परिच्छेद-३ : अभियोजन **१९-६८**

परिच्छेद-४ : पुनरावेदन/पुनरावलोकन गरिएका मुद्दाहरु **६९-१३५**

परिच्छेद-५ : पुनरावेदन नगरिएका मुद्दाहरुको संक्षिप्त विवरण **१३६-१४३**

परिच्छेद-६ : विभागीय कारवाही **१४४-१७०**

(क) अर्थ मन्त्रालय अन्तर्गत १४४
(ख) उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गत..... १४६
(ग) गृह मन्त्रालय अन्तर्गत १४७
(घ) जलस्रोत मन्त्रालय अन्तर्गत..... १४८
(ङ) भूमिसुधार तथा व्यवस्था मन्त्रालय अन्तर्गत १५२
(च) भौतिक योजना तथा निर्माण मन्त्रालय अन्तर्गत..... १५८
(छ) शिक्षा तथा खेलकूद मन्त्रालय अन्तर्गत १६०
(ज) संस्कृति, पर्यटन तथा नागरिक उड्डययन मन्त्रालय अन्तर्गत १६५
(झ) स्थानीय बिकास मन्त्रालय अन्तर्गत १६७
(ञ) स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत..... १७०
(ट) सूचना तथा संचार मन्त्रालय अन्तर्गत..... १७०

परिच्छेद-७ : सचेत **१७१-१८७**

(क) अर्थ मन्त्रालय अन्तर्गत १७१
(ख) कृषि तथा सहकारी मन्त्रालय अन्तर्गत..... १७२
(ग) गृह मन्त्रालय अन्तर्गत १७२
(घ) जलस्रोत मन्त्रालय अन्तर्गत..... १७२
(ङ) परराष्ट्र मन्त्रालय अन्तर्गत १७३
(च) प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय १७३
(छ) भूमिसुधार तथा व्यवस्था मन्त्रालय अन्तर्गत १७४
(ज) भौतिक योजना तथा निर्माण मन्त्रालय अन्तर्गत..... १७७
(झ) महालेखा नियन्त्रकको कार्यालय अन्तर्गत..... १७७
(ञ) राष्ट्रिय योजना आयोगको सचिवालय अन्तर्गत..... १७७
(ट) वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत..... १७८
(ठ) शिक्षा तथा खेलकूद मन्त्रालय अन्तर्गत..... १७८

(ङ) सूचना तथा संचार मन्त्रालय अन्तर्गत १७९
(ढ) स्थानीय बिकास मन्त्रालय अन्तर्गत १८०
(ण) स्वास्थ्य मन्त्रालय अन्तर्गत १८५
(त) श्रम तथा यातायात मन्त्रालय अन्तर्गत १८७

परिच्छेद–८ : ध्यानाकर्षण **१८८–१९०**
(क) अर्थ मन्त्रालय अन्तर्गत १८८
(ख) जलस्रोत मन्त्रालय अन्तर्गत १८८
(ग) भूमिसुधार तथा व्यवस्था मन्त्रालय अन्तर्गत १८९
(घ) स्थानीय बिकास मन्त्रालय अन्तर्गत १९०
(ङ) स्वास्थ्य मन्त्रालय अन्तर्गत १९०

परिच्छेद–९ : सुझाव **१९१–२०३**
(क) अर्थ मन्त्रालय अन्तर्गत १९१
(ख) उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गत १९२
(ग) कृषि तथा सहकारी मन्त्रालय अन्तर्गत १९२
(घ) परराष्ट्र मन्त्रालय अन्तर्गत १९३
(ङ) प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय १९३
(च) वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत १९५
(छ) शिक्षा तथा खेलकूद मन्त्रालय अन्तर्गत १९५
(ज) संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय अन्तर्गत १९६
(झ) स्थानीय विकास मन्त्रालय अन्तर्गत १९७
(ञ) स्वास्थ्य मन्त्रालय अन्तर्गत २००
(ट) सूचना तथा संचार मन्त्रालय अन्तर्गत २०२
(ठ) श्रम तथा यातायात मन्त्रालय अन्तर्गत २०२

परिच्छेद–१० : आयोगबाट भएका अन्य कारवाहीहरु **२०४–२४५**

परिच्छेद–११ : बिभागीय वा अन्य कारवाही गर्न लेखिएका बिषयको कार्यान्वयन भई आएको विवरण **२४६–२७३**
(क) विभागीय कारवाही २४६
(ख) सचेत २५७
(ग) असूल उपर २६२
(घ) सुझाव/निर्देशन/ध्यानाकर्षण २६५
(ङ) अभिलेख राख्ने २७२

परिच्छेद–१२ : कार्यान्वयन हुन बाँकी विभागीय वा अन्य कारबाहीहरुको विवरण **२७४–२८६**
(क) अर्थ मन्त्रालय अन्तर्गत २७४
(ख) उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गत २७६
(ग) कृषि तथा सहकारी मन्त्रालय अन्तर्गत २७७

(घ) कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय अन्तर्गत २७७
(ङ) गृह मन्त्रालय अन्तर्गत २७७
(च) जलस्रोत मन्त्रालय अन्तर्गत २७८
(छ) भूमिसुधार तथा व्यवस्था मन्त्रालय अन्तर्गत २७८
(ज) भौतिक योजना तथा निर्माण मन्त्रालय अन्तर्गत..... २८०
(झ) वन तथा भूसंरक्षण मन्त्रालय अन्तर्गत..... २८१
(ञ) शिक्षा तथा खेलकूद मन्त्रालय अन्तर्गत २८१
(ट) संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय अन्तर्गत २८३
(ठ) स्थानीय विकास मन्त्रालय अन्तर्गत २८४
(ड) स्वास्थ्य मन्त्रालय अन्तर्गत २८६
(ढ) श्रम तथा यातायात व्यवस्था मन्त्रालय अन्तर्गत २८६

परिच्छेद–१३ : तामेली **२८७–३०२**

परिच्छेद–१४ : आयोगका अन्य गतिविधिहरु **३०३–३१०**

(क) अन्तर्राष्ट्रिय सभा सम्मेलन तथा अध्ययन भ्रमण.....३०३
(ख) आन्तरिक गतिबिधिहरु.....३०४

परिच्छेद–१५ : उपसंहार **३११–३१४**

<u>अनुसूचीहरु</u> :

१. अख्तियार दुरुपयोग अनुसन्धान आयोगको संगठन तालिका ..... (क)
२. आयोगमा कार्यरत पदाधिकारी तथा कर्मचारीहरुको संख्यात्मक विवरण..... (ख)
३. आ.व. २०६१।६२ को बजेट व्यवस्था ..... (ग)
४. नक्कली शैक्षिक प्रमाणपत्र पेश गर्नुको प्रयोजन ..... (घ)
५. नक्कली प्रमाणपत्र सम्बन्धी मुद्दा फैसला विवरण ..... (ङ)
६. भ्रष्टाचार तथा अनुचित कार्य सम्बन्धी क्षेत्रीय प्रशासन कार्यालयहरुबाट प्राप्त मासिक प्रतिवेदन ..... (च)
७. भ्रष्टाचार तथा अनुचित कार्य सम्बन्धी जिल्ला प्रशासन कार्यालयहरुबाट प्राप्त मासिक प्रतिवेदन ..... (छ-झ)
८. आ.व. ०६१।६२ मा आयोगमा परेका उजुरी र फर्श्यौटको विवरण ..... (ञ)
९. कूल उजुरी र फछ्र्यौटको तुलनात्मक विवरण ..... (ट)
१०. आ.व. ०६१।६२ मा मुद्दा हार जीतको स्थिति ..... (ठ)
११. आ.व. ०६१।६२ को अभियोजन र अन्य कारवाहीहरुको विवरण ..... (ड)
१२. विशेष अदालतमा दायर गर्न निर्णय भएका मुद्दाहरुको वर्गीकरण ..... (ढ)
१३. कारवाहीको तुलनात्मक विवरण ..... (ण)

परिच्छेद - १
अख्तियार दुरुपयोग अनुसन्धान आयोग

१. पृष्ठभूमि

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९७ अनुसार सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले "अनुचित कार्य" वा "भ्रष्टाचार" गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा कानून बमोजिम अनुसन्धान गरी मुद्दा दायर गर्न संवैधानिक निकायको रुपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको स्थापना भएको छ ।

२. गठन

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९७ बमोजिम आयोगमा एक जना प्रमुख आयुक्त र आवश्यक संख्यामा अन्य आयुक्तहरु रहने प्रावधान छ । श्री ५ बाट संवैधानिक परिषद्को सिफारिसमा आयोगका प्रमुख आयुक्त तथा अन्य आयुक्तहरुको नियुक्ति गरिबक्सिन्छ । आयोगका प्रमुख आयुक्त र अन्य आयुक्तहरुको पदावधि ६ वर्षको हुने र ६५ बर्षको उमेरसम्म बहाल रहन सक्ने व्यवस्था छ । हाल आयोगमा निम्नानुसार एक जना प्रमुख आयुक्त र चार जना आयुक्तहरु कार्यरत रहनु भएको छ :-

नाम	पद	नियुक्ति मिति
श्री सूर्यनाथ उपाध्याय	प्रमुख आयुक्त	२०५७।७।१८
श्री बासुदेव लामिछाने	आयुक्त	२०५७।७।१८
श्री इन्द्र कुमार श्रेष्ठ	आयुक्त	२०६०।९।२१
श्री ललित बहादुर लिम्बु	आयुक्त	२०६०।९।२१
श्री बेद प्रसाद शिवाकोटी	आयुक्त	२०६०।९।२१

३. आयोगको काम, कर्तव्य र अधिकार :

नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम आयोगका काम, कर्तव्य र अधिकार निम्नानुसार छन् :

- कुनै सार्वजनिक पदधारण गरेको व्यक्तिले अनुचित कार्य वा भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा कानून बमोजिम अनुसन्धान र तहकिकात गर्ने वा गराउने,
- सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले अनुचित कार्य गरेको पाइएमा त्यस्ता व्यक्तिलाई सचेत गराउन वा विभागीय वा अन्य आवश्यक कारवाही गर्न अख्तियारवालालाई लेख्ने,

- सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले भ्रष्टाचार गरेको देखिएमा त्यस्तो व्यक्ति तथा सो अपराधमा संलग्न अन्य व्यक्तिहरु उपर समेत मुद्दा दायर गर्ने वा गराउने,
- श्री ५ समक्ष सम्पादित कामहरुको वार्षिक प्रतिवेदन चढाउने ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ ले आयोगलाई कानूनी राज्यको अवधारणा अनुरुप सुशासनको स्थापना गर्न र सेवामा प्रभावकारिता ल्याउनका लागि आवश्यक हुने केही सुधारात्मक कार्यहरु गर्ने थप दायित्व समेत सुम्पेको छ, जस अन्तर्गत आयोगबाट निम्न कार्यहरु पनि सम्पादित हुने गरेका छन् :

- ☞ विद्यमान ऐन, नियम वा प्रचलनमा त्रुटी भए सुधार गर्न सुझाव दिने वा ध्यानाकर्षण गराउने,
- ☞ दुष्परिणाम सच्याउन आदेश दिने,
- ☞ हानी नोक्सानी असूल उपर गराउने,
- ☞ अनुसन्धान तहकिकातको क्रममा न्यायिक हिरासतमा राख्ने र धरौटी वा जमानत लिई छाड्ने,
- ☞ भ्रष्टाचारलाई रोकथाम गर्ने उद्देश्यले प्रबर्द्धनात्मक कार्यहरु गर्ने,
- ☞ भ्रष्टाचार नियन्त्रण गर्ने उद्देश्यले स्थापित राष्ट्रिय वा अन्तर्राष्ट्रिय संस्थाहरुसंग समन्वय, आपसी सम्बन्ध र सहयोग वृद्धि गर्ने,
- ☞ आवश्यकतानुसार सम्बन्धित बिषयको बिशेषज्ञ वा बिशिष्टीकृत सेवा प्राप्त गर्ने ।

४ छानवीन तथा अनुसन्धान प्रकृया :

नेपाल अधिराज्यको संविधान, २०४७ ले अनुचित कार्य र भ्रष्टाचार गरी दुई प्रकारले अख्तियारको दुरुपयोग हुनसक्ने अवधारणा प्रस्तुत गरे अनुरुप ती बिषयहरुमा उजूरी दिने प्रकृयालाई पनि कानूनले निम्नानुसार अलग्गै व्यवस्था गरेको छ :

अनुचित कार्यको उजूरी : कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले अनुचित कार्य गरी अख्तियारको दुरुपयोग गरेमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ ले तोकेको ढांचामा उजूरी दिनु पर्नेछ साथै निवेदकले सनाखत समेत गर्नु पर्नेछ । तर सार्वजनिक चासोको बिषय भएको उजूरीको हकमा भने सनाखतको आवश्यकता पर्दैन ।

भ्रष्टाचारको उजूरी : भ्रष्टाचारको सम्बन्धमा कसैको उजूरी वा अन्य कुनै स्रोतबाट प्राप्त जानकारीको आधारमा समेत आयोगले छानविन, अनुसन्धान गर्न वा अन्य कारवाही चलाउन सक्दछ ।

प्रारम्भिक छानविनको प्रक्रिया : आयोग समक्ष परेका अख्तियार दुरुपयोग सम्बन्धी कुनै पनि उजूरी निवेदन वा आयोग स्वयंले प्राप्त गरेको जानकारी उपर प्रारम्भिक छानवीनको क्रममा सो बिषयमा कारवाही गर्नु पर्ने वा नपर्ने निर्क्यौल गर्न मूलतः निम्न तथ्यहरुको निरुपण गर्ने गरिएको छ :

क) उजूरी निवेदनको बिषय वस्तु के हो ?

ख) उजूरी आयोगको क्षेत्राधिकारभित्र पर्छ, पर्दैन ?

ग) उजूरीमा उल्लिखित बिषयको गम्भीरता के कति छ ?

घ) उजूरीमा उल्लेखित आरोपको स्वरुप तथ्यपूर्ण देखिएमा त्यसमा कुन कुन निकायका कुन कुन पदाधिकारीको संलग्नता रहेको छ ?

ङ) विवादास्पद कार्य वा निर्णयबाट कसलाई के कति हानी नोक्सानी हुन गएको छ ?

च) विवादित कार्यबारे कुनै अड्डा अदालतमा मुद्दा मामिला चलिरहेको वा चली निर्णय भएको वा तत्सम्बन्धमा कुनै विवादित वा अन्य कारवाई भएको छ, छैन ?

छ) विवादित कार्य भए गरेको मितिका आधारमा उजूरीको हदम्याद बांकी छ, छैन ?

प्रारम्भिक छानवीनको सिलसिलामा कारवाई पनि प्रारम्भिक अवस्थामै रहने तथा छानवीन गरी संकलन हुनु पर्ने प्रमाण नष्ट हुन सक्ने सम्भावनालाई समेत दृष्टिगत गरी सो कारवाही गोप्य रहने कानूनी व्यवस्था छ । आयोगमा पर्न आएको उजूरीमा प्रारम्भिक छानवीन गर्ने क्रममा देहाय बमोजिमको कुनै अवस्था विद्यमान भएमा आयोगले कुनै कारवाही नगरी त्यस्तो उजूरी तामेलीमा राख्न सक्दछ :-

क) सर्वोच्च अदालतको असाधारण अधिकारक्षेत्र बाहेक अन्य कानूनी उपचार भएकोमा त्यसको अवलम्वन नगरी अनुचित कार्य सम्बन्धी उजूरी दिएमा,

ख) ऐनको हदम्याद नाघेको,

ग) आयोगको अधिकार र कार्यक्षेत्र भित्रको बिषय नभएको,

घ) अदालतमा मुद्दा परिरहेको बिषयको,

ङ) तथ्ययुक्त आधार नभएको,

च) खिचोला वा टण्टा दिने मनसायको, र

छ) मामूली कुरा सम्बन्धी ।

तामेलीमा राख्नु पर्ने उपयुक्त आधार नभएका उजूरीहरुमा प्रारम्भिक छानवीनको क्रममा अख्तियारको दुरुपयोग भएको देखिन आएमा बिस्तृत अनुसन्धान तहकिकात गर्नको निमित्त सम्बन्धित आयुक्तहरुबाट अनुसन्धान अधिकृत नियुक्त गरी कारवाही अगाडि बढाइन्छ । कुनै बिषयवस्तुको प्रकृति र प्राप्त सूचनाहरुलाई आधार मानेर बिस्तृत अनुसन्धानमा जानु परेमा आयोगले एकैपटक बिस्तृत अनुसन्धान पनि गर्न सक्दछ ।

बिस्तृत अनुसन्धान तहकिकातको प्रकृया : प्रारम्भिक छानवीनको रोहबाट बिस्तृत अनुसन्धान गर्नु पर्ने देखिई अनुसन्धान अधिकृत नियुक्त भएका उजूरीमा त्यस्तो अनुसन्धान अधिकृतले सम्बन्धित आयुक्तको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा आरोपित बिषयहरुका बारेमा सम्बन्धित व्यक्तिहरुको बयान वा लिखित जवाफ लिने, निजहरुलाई आवश्यकता अनुसार तारेखमा राख्ने, अन्य थप प्रमाणहरु संकलन गर्ने लगायत अनुसन्धानको क्रममा आवश्यक देखिएका अन्य कार्यहरु सम्पन्न गरी सोही आधारमा अनुसन्धान प्रतिवेदन तयार गरी सो प्रतिवेदन आयोगमा पेश गर्न सम्बन्धित आयुक्त समक्ष प्रस्तुत गर्दछ । सम्बन्धित आयुक्तबाट त्यस्तो प्रतिवेदन सहितको मिसिल अध्ययनपश्चात् अनुसन्धान पूरा नभएको पाएमा थप अनुसन्धानको आदेश हुन सक्छ । अनुसन्धान पूरा भई पेश हुन आएको प्रतिवेदनलाई सम्बन्धित आयुक्तबाट आयोग समक्ष पेश गर्ने आदेश हुन्छ । त्यस्तो प्रतिवेदनमा आयोगमा छलफल गरी आरोपित कसूरको मात्रा, विवादको गाम्भिर्यता, प्रकृति एवं संकलित प्रमाणको प्रमाणिकता समेतलाई दृष्टिगत गरी मुद्दा दायर गर्ने वा विभागीय वा अन्य कारवाहीको सिफारीश गर्ने वा सम्बन्धित निकायको ध्यानाकर्षण गराउने वा सुझाव दिने वा केही कारवाही गरिरहन नपर्ने गरी उजूरी तामेलीमा राख्ने निर्णय गरिन्छ । आयोगको निर्णयको कार्यान्वयन आयोगको सचिवबाट गर्न वा गराउन लगाइन्छ ।

आयोगको कामसंग सम्बन्धित मुख्य कानूनहरु :

⇒ नेपाल अधिराज्यको संविधान, २०४७

⇒ अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ (दोश्रो संशोधन सहित)

⇒ भ्रष्टाचार निवारण ऐन, २०५९

⇒ अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९

⇒ अख्तियार दुरुपयोग अनुसन्धान आयोग कार्यविधि, २०५७

५. क्षेत्राधिकार

सार्वजनिक पद धारण गरेको कुनै पनि व्यक्तिले अनुचित कार्य वा भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा आयोगले कानून बमोजिम अनुसन्धान र तहकिकात गर्न वा गराउन सक्दछ । तर देहायका पदाधिकारीको सम्बन्धमा कारवाही गर्ने अधिकार आयोगलाई प्राप्त छैन :

क) त्यस्तो कारवाहीको सम्बन्धमा संविधानमै छुट्टै व्यवस्था गरिएका पदाधिकारी र

ख) सैनिक ऐन बमोजिम कारवाही हुने पदाधिकारी ।

६. प्रशासनिक संगठन

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सचिवालयको प्रमुखमा श्री ५ को सरकारद्वारा नियुक्त राजपत्रांकित विशिष्ट श्रेणीको सचिव रहने व्यवस्था छ । आयोगको सचिव पदमा

मिति २०६१।११।२४ देखि श्री रेवती राज काफ्ले कायम मुकायम मुकरर भई कार्यरत रहँदै आउनु भएको छ । आयोगले स्वीकृत गरेको नयाँ रणनीति अनुरुप आयोगको प्रशासनिक संगठनलाई सुदृढ गरिएको छ । आयोगको सांगठनिक संरचना अनुसूची २ मा दिइएको छ । नयाँ संरचना अनुरुप हाल आयोगमा अनुसन्धान महाशाखाहरु - ६, मुद्दा महाशाखा -१, प्रहरी महाशाखा - १, प्रशासन महाशाखा - १ र योजना महाशाखा - १ गरी १० वटा महाशाखाहरु कायम गरी स्वीकृत दरबन्दी तर्फका १७८, प्रहरीतर्फका २२, काज खटिएका ७५, पुल दरबन्दी २०, फाजिल १७ समेत जम्मा ३१२ कर्मचारी कार्यरत रहेका छन् । प्रशासनिक संगठन तालिका अनुसूची १ मा दिईएको छ । आयोगकां कर्मचारीहरुको बिस्तृत विवरण अनुसूची २ मा दिइएको छ ।

७. आयोगको आन्तरिक कार्य विभाजन, बैठक र निर्णय

आयोगमा कार्यरत आयुक्तहरु बीचको कार्य विभाजन र निर्णय प्रकृया निश्चित गरिएको छ जस अनुसार प्रत्येक मन्त्रालय र सो अन्तर्गतका निकायहरुको काम कारवाहिहरु आयुक्तहरु वीच बाँड फाँड गरीएको छ । त्यसरी बाँड फाँड गरिएको कार्यहरु आफूलाई तोकिएको आयुक्तले तोकिए अनुसार अन्य एक जना अयुक्त समेत संलग्न भै सम्पादन गर्नु पर्ने हुन्छ । यी र यस्ता अन्तरीक कार्यविधिका अन्य व्यवस्थाहरु आयोगको कार्यविधिमा व्यवस्थित गरिएका छन् । आयोगको महाशाखा वा अनुसन्धान अधिकृतले अनुसन्धान कार्य सम्पन्न गरी सचिव मार्फत् सम्बन्धित आयुक्त समक्ष पेश गरेको कुनै बिषयमा सम्बन्धित आयुक्तबाट आयोगमा पेश गर्ने आदेश भएका बिषयहरु वा अन्य नीतिगत निर्णय हुनु पर्ने बिषयहरुको कार्यसूची प्रमुख आयुक्तको निर्देशनमा सचिवबाट तय गरिन्छ । यसरी कार्यसूची तयार भएपछि बिषयको जटिलता, अवस्था र शीघ्र निर्णयको आवश्यकता आदिलाई दृष्टिगत गरी प्रमुख आयुक्तको निर्देशन अनुसार कुनै पनि समयमा आयोगको बैठक बसी बहुमतद्वारा निर्णय गर्न सकिने व्यवस्था छ । यसै अनुरुप आर्थिक वर्ष २०६१/६२ को अवधिमा १६० पटक आयोगको बैठक बसी ४०१ वटा निर्णयहरु भएका छन् ।

८. आयोगको निर्णयहरुको वर्गीकरण

आ.व. २०६१।६२ मा आयोगबाट भएका निर्णयहरुलाई यस पछिका परिच्छेदहरुमा कारवाहीको प्रकृति हेरी विभिन्न शिर्षकमा समाविष्ट गरिएको छ । उदाहरणको लागि एउटै निर्णयमा मुद्दा चलाउने, विभागीय कारवाही गर्ने (सेवाबाट हटाउने, तल्लो तहमा घटुवा गर्ने, ग्रेड रोक्का गर्ने, बढुवा रोक्का गर्ने, नसिहत दिने आदि), सचेत गराउने, सुझाव, ध्यानाकर्षण, अभिलेख राख्ने तथा अन्य कारवाहीको लागि सम्बन्धित निकायमा लेखी पठाउने निर्णय भएकोमा त्यस्तो विवरण यस पछिका परिच्छेदहरुमा यथास्थानमा राखिएको छ ।

९. अधिकार प्रत्यायोजन

आयोगको क्षेत्राधिकार व्यापक भए पनि हाल आयोगको प्रशासनिक संगठन स्थानीय तहसम्म बिस्तार भै नसकेकोले अर्को व्यवस्था नभएसम्मको लागि मिति २०५९।६।१ मा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी क्षेत्रीय प्रशासक, प्रमुख जिल्ला अधिकारी र

पुनरावेदन र जिल्ला सरकारी वकीलहरुलाई तोकिएको शर्त बमोजिम आयोगको अधिकार प्रयोग गर्न पाउने गरी अधिकार प्रत्यायोजन गरिएको छ ।

१०. बजेट व्यवस्था

आर्थिक वर्ष २०६१/६२ मा आयोगको लागि छुट्टयाईएको कूल बजेट रु. ८ करोड ५८ लाख ८३ हजार ५ सय १ रुपैंया मध्ये रु. ४ करोड ७६ लाख १५ हजार ७ सय १७ रुपैंया ६९ पैसा निकासा भई रु. ४ करोड ७६ लाख १५ हजार ७ सय १७ रुपैंया ६९ पैसा खर्च भएको छ । यस अघि आर्थिक वर्ष २०६०/६१ मा आयोगको कूल बजेट रु. ३ करोड ९१ लाख ४७ हजार २ सय ९६ रुपैंया ७८ पैसा मध्ये रु. ३ करोड ८८ लाख ६३ हजार ६ सय ७३ रुपैंया ६१ पैसा निकासा भई रु. ३ करोड ८७ लाख ६८ हजार ४ सय ३६ रुपैंया १४ पैसा खर्च भएको थियो । आर्थिक वर्ष २०६०।६१ सम्म आयोगमा म.ले.प. र आ.ले.प. बेरुजु रहेको छैन । आर्थिक वर्ष २०६१/६२ को आयोगको विनियोजन, निकासा, खर्च, राजस्व आम्दानी तथा धरौटीको विवरण अनुसूची ३ मा प्रस्तुत गरिएको छ ।

परिच्छेद-२
आ.ब. २०६१/६२ मा आयोगबाट निष्पादित कार्यहरु

१. आ.ब. २०६१/६२ मा उजूरी र कारवाहीको विवरण :

आर्थिक वर्ष २०६१/६२ मा आयोगमा रहेका कूल उजूरी र ती उजूरीहरु उपर छानवीन, अनुसन्धान भई फछ्यौंट भएको संख्या निम्न तालीकाबाट प्रष्ट हुन्छ :

आ.ब. २०६१/६२	
उजूरी संख्या	फछ्यौंट संख्या
४७५९	३७०९[✉]
कूल उजूरीको ७७.९३ प्रतिशत फछ्यौंट	

२. अभियोजन र कारबाहीको विवरण :

आ.ब. २०६१/६२ मा जम्मा १६० वटा बैठक बसी विभिन्न ४०१ निर्णयहरु अन्तर्गत मुद्दा दायर, विभागीय कारवाही, ध्यानाकर्षण, सचेत लगायतका कारवाही भएका छन् । सो अवधिमा आयोगको निर्णयबाट भएका कारवाहीको सांख्यिक स्थिति तलको तालीकाबाट स्पष्ट हुन आँउछः

आ.व.	मुद्दा दर्ता	पुनरावेदन र पुनरावलोकन	विभागीय कारवाही	ध्यानाकर्षण	सचेत	सुझाव	अन्य कारवाही	तामेली
२०६१/६२	११३	३०	३९	६	४२	२२	१००	७९

३. विशेष अदालतमा दायर भएका मुद्दा र प्रतिवादीहरुको संख्यात्मक विवरण :

आ.ब. २०६१/६२ मा विशेष अदालतमा दायर गर्न निर्णय भएका मुद्दाहरु र सो अन्तर्गत प्रतिवादी बनाइएका व्यक्तिहरुको संख्यात्मक विवरण निम्नानुसार दिइएको छ :

विषय	प्रतिवादी संख्या	मुद्दा संख्या
गैरकानुनी सम्पत्ति आर्जन	२४	८
नक्कली शैक्षिक योग्यताको प्रमाणपत्र	८५	८५
बैंक कर्जा हिनामिना	३४	७
सवारी दर्ता	३३	३
राजस्व रकम हिनामिना	३	२
सामान खरिद	५	२
निर्माण कार्य	३२	४

[✉] आ.ब. २०६१।६२ मा फछ्यौंट भई बाँकी रहन गएका उजुरी संख्या १०५० चालु आ. व.मा जिम्मेवारी सरेको ।

रिसवत	४	१
किर्ते कागजात	१	१
जम्मा	**२२१**	**११३**

४. प्रारम्भिक छानविनबाट भएको कारवाहीको विवरण :

आ.ब. २०६१/६२ मा आयोगमा परेका उजूरीहरुमाथि विभिन्न अनुसन्धान महाशाखाहरुबाट प्रारम्भिक छानवीन भै कारवाहीका लागि विभिन्न कार्यालयहरुमा लेखेर लगत कट्टा गरिएको र कारवाही गर्न नपर्ने भै तामेलीमा राखिएका उजुरीहरुको संख्याका साथै आयोगबाट निर्णय भै सम्पादित विभिन्न कारवाहीहरुको संख्या तलको तालीकामा दिइएको छ :

अनुसन्धान महाशाखा नं	तामेली	सुझाव	ध्यानाकर्षण	सचेत		विभागीय कारवाही		
				विषयगत	व्यक्तिगत	विषयगत	व्यक्तिगत	अभिलेख राख्न लेखिएको
१	१८५	-	-	-	-	-	-	-
२	४१८	-	१	१	१	-	-	-
३	१७७	१	३	६	९	१	-	-
४	३१०	-	५	२	८	१	३	-
५	२८८	-	-	-	-	-	-	-
६	२०१	-	-	-	-	-	-	-
जम्मा	**१५७९**	**१**	**९**	**९**	**१८**	**२**	**३**	**१**

५. महाशाखागत उजुरी फछ्र्यौटको विवरण :

आ.व. २०६१/६२ को अवधिमा अघिल्लो आर्थिक बर्षबाट जिम्मेवारी सरी आएका तथा नयाँ दर्ता भएका उजुरी समेत जम्मा उजुरी र फछ्र्यौट भएका उजुरीको साँख्यिक स्थिति तलको तालीकाबाट प्रष्ट हुन्छ ।

महाशाखा नं	जम्मा उजुरी	फछ्र्यौट	बाँकी
१	५३८	४४७	९१
२	१०५६	८९३	१६३
३	५८१	४९०	९१
४	१०८१	७२२	३५९
५	८८६	६४६	२४०
६	४६९	४२२	४७
वित्तीय छानविन कार्यदल [१]	७५	४०	३५
सवारी दर्ता, नागरिकता, राहदानी छानविन कार्यदल	७३	४९	२४
जम्मा	**४७५९**	**३७०९ (७७.९३ प्रतिशत)**	**१०५०**

[१] मिति २०६१/४/७ मा गठन भएदेखि)

६. अनुसन्धान अधिकृत तोकिएको तथा मन्त्रालय वा अन्तर्गत कारवाहीको लागि लेखी पठाएको बिवरणः

आ.व. २०६१/६२ मा आयोगमा रहेका उजूरीहरुमाथि विभिन्न महाशाखाहरुबाट छानविनका क्रममा विस्तृत अनुसनधानका लागि अनुसन्धान अधिकृत तोकिएका उजूरीहरुको संख्या र सम्बन्धित निकायहरुबाटै कारवाही टुङ्गो लगाउन पठाइएका उजूरीहरुको मन्त्रालयगत विवरण निम्न अनुसार दिइएको छ :

महाशाखा नं/कार्यदल	सम्वन्धित मन्त्रालयहरु	अनुसन्धान अधिकृत तोकिएको संख्या	मन्त्रालय वा सो अन्तर्गतका क्षेत्र वा जिल्ला स्थित कार्यालयमा लेखी पठाएको संख्या
१	अर्थ मन्त्रालय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय राष्ट्रिय योजना आयोग महालेखा नियन्त्रकको कार्यालय महालेखा परीक्षकको विभाग	२०	१४८
२	श्रम तथा यातायात व्यवस्था मन्त्रालय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय स्थानीय विकास मन्त्रालय सूचना तथा सञ्चार मन्त्रालय	३६	४१६
३	जलश्रोत मन्त्रालय स्वास्थ्य तथा जनसंख्या मन्त्रालय कानून तथा संसदीय व्यवस्था मन्त्रालय	३२	२००
४	शिक्षा तथा खेलकूद मन्त्रालय महिला वालवालिका तथा स.क. मन्त्रालय भौतिक योजना तथा निर्माण मन्त्रालय	३२	२०५
५	वन तथा भू-संरक्षण मन्त्रालय कृषि तथा सहकारी मन्त्रालय भूमिसुधार तथा व्यवस्था मन्त्रालय	२९	३०८
६	गृह मन्त्रालय रक्षा मन्त्रालय प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय सामान्य प्रशासन मन्त्रालय परराष्ट्र मन्त्रालय वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालय लोक सेवा आयोग निर्वाचन आयोग	५	१७६
वित्तीय छानविन कार्यदल		१७	३
नागरिकता, राहदानी, सवारी साधन सम्वन्धी उजुरी छानवीन कार्यदल		२१	३५
	जम्माः-	**१९२**	**१४९१**

७. गैर कानुनी सम्पत्ति आर्जन सम्वन्धमा दायर गर्न निर्णय भएका मुद्दाहरुको विवरण :

क्र.सं.	आयोगको निर्णय संख्या र मिति	प्रतिवादी (हरु)	विगो रकम रु.
१.	६ २०६१।४।६	सि.डि.ई. डिल्लीरमण निरौला श्रीमति दुर्गा निरौला	६४,१०,५७८।००
२.	२५ २०६१/४/२१	पूर्व प्र.म.नि. मोतिलाल बोहरा कला बोहरा दीपादेवी बोहरा ज्योत्सना बोहरा	२,३८,२३,६२७।३७
३.	२६ २०६१/४/२१	पूर्व प्र.म.नि. अच्यूतकृष्ण खरेल मीना खरेल आयुष खरेल	१,६३,३६,१३०।४४
४.	२७ २०६१/४/२१	पूर्व प्र.म.नि. प्रदिपशम्सेर ज.ब.रा. शान्ता राणा दीपशम्सेर ज.ब.रा.	३,७७,८१,६३१।०९
५.	७६ २०६१/६/७	सह-सचिव प्रेमप्रसाद सुवेदी मोतीमाया सुवेदी ताराप्रसाद सुवेदी दीपक सुवेदी	९६,१३,७७९।८८
६.	१९९ २०६१/१०/२६	पूर्व सहसचिव अरुणकुमार रञ्जितकार हीरादेवी रञ्जितकार अनुजा रञ्जितकार	३,१९,६७,४३८।५५
७.	२०० २०६१/१०/२६	पूर्व सह-सचिव निरञ्जनप्रसाद चालिसे गीताकुमारी चालिसे	४,१४,९५,५३६।८२
८.	२९६ २०६१/२/११	तत्कालिन महानिर्देशक आमोदानन्द मिश्र विणा मिश्र अजितकुमार मिश्र	१,०१,४३,४९१।४३
		जम्मा	**१७,७५,७२,२१३।५०**

८. नक्कली शैक्षिक प्रमाणपत्र सम्वन्धी मुद्दा दायर गर्न भएका निर्णयहरु :

गत बर्ष भरिमा देहायमा उल्लेखित सरकारी कार्यालय, संस्थान, शैक्षिक निकायमा कार्यरत निम्न लिखित कर्मचारीहरुले शुरु नियुक्ति, बढुवा हुँदा पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र नक्कली भएको तथ्य प्रमाणित हुन आएकोले मुद्दा दायर गर्ने निर्णय भएको छ :-

क्र. सं.	निर्णय मिति	नाम	पद र कार्यालय
१.	२०६१/४/१२	डिल्लीवहादुर के.सी.	वरिष्ठ वहि रक्षक, नेपाल वैंक लिमिटेड, दाङ्ग
२.	२०६१/४/१५	रामेश्वर प्रसाद शाह	जनकपुर चुरोट कारखाना
३.	२०६१/४/१५	कुलबहादुर के.सी.	सहलेखापाल, राष्ट्रिय खेलकूद परिषद
४.	२०६१/४/१५	राजेन्द्र प्रसाद श्रेष्ठ	वरिष्ठ सहायक, नेपाल बैंक लिमिटेड
५.	२०६१/४/१५	जयनारायण आचार्य	स.प्र.जि.अ. जिल्ला प्रशासन कार्यालय, रामेछाप
६.	२०६१/४/२१	समीर शम्सेर राणा	वरिष्ठ सराफी नेपाल बैंक लिमिटेड
७.	२०६१/४/२१	कृष्णवहादुर के.सी.	खजान्ची नेपाल बैंक लिमिटेड, खस्यौली

८.	२०६१/४/२१	प्रदिपचन्द्र उपाध्याय	का.मु. खजान्ची नेपाल बैंक लिमिटेड डडेल्धुरा
९.	२०६१/४/२१	रमा पौडेल	प्रा.शि., जनज्योती नि.मा.वि. स्याङ्गजा
१०.	२०६१/५/८	ज्ञानबहादुर थापा	प्रा.शि., हुलाक प्रा.वि. स्याङ्गजा
११.	२०६१/७/११	मानबहादुर गोल्डस्मिथ	सहायक प्रशिक्षक, राष्ट्रिय खेलकूद परिषद
१२.	२०६१/७/११	रुक्मागत पाण्डे	खोप सुपरभाइजर, जिल्ला स्वास्थ्य कार्यालय, पाल्पा
१३.	२०६१/७/१३	हरिप्रसाद रिजाल	वरिष्ठ सहायक, शा.ने.वा.नि.
१४.	२०६१/७/३०	सुरेशकुमार खड्का	हियरिङ्ग एड सहायक, त्रि.वि. शिक्षण अस्पताल
१५.	२०६१/९/२३	लक्ष्मीदास शर्मा	सहायक संचालन अधिकृत, नेपाल टेलिकम, के.का.
१६.	२०६१/१०/७	गंगासिंह देउवा	वरिष्ठ सहायक (पाँचौ), नेपाल बैंक लिमिटेड
१७.	२०६१/१०/२५	श्याम महर्जन	वरिष्ठ वहि रक्षक, नेपाल बैंक लिमिटेड
१८.	२०६१/१०/२५	बोधराज पौडेल	का.स., कृषि विकास बैंक
१९.	२०६१/११/१२	जगदिश चन्द	प्र.ना.उ., प्रहरी प्रधान कार्यालय
२०.	२०६१/११/१४	राजन चौलागाई	प्रधान सहायक, नेपाल राष्ट्र बैंक
२१.	२०६१/११/२४	निर्मला न्यौपाने	प्रा.शि., राष्ट्रिय प्राथमिक विद्यालय, चितवन
२२.	२०६१/११/२७	नुना कुमारी थापा	प्रा.शि., लोकप्रीय प्रा.वि., स्याङ्गजा
२३.	२०६१/११/२८	दिनेश्वर माझी	वरिष्ठ सहायक, घरेलु तथा साना उद्योग विकास समिति, मुख्य शाखा कार्यालय, उदयपुर
२४.	२०६१/११/२८	उज्ज्वल अर्याल	निरीक्षक, राष्ट्रिय अनुसन्धान विभाग
२५.	२०६१/१२/४	राधा शर्मा	शिक्षिका, नवज्योती प्रा.वि., स्याङ्गजा
२६.	२०६१/१२/४	श्याम कुमार महर्जन	अ.ई., नेपाल टेलिकम
२७.	२०६१/१२/४	उषा विष्ट	टे.अ., कर्मचारी सञ्चय कोष
२८.	२०६१/१२/४	दयाराम थापा	कनिष्ठ सहायक, नेपाल खानेपानी संस्थान
२९.	२०६१/१२/९	विरेन्द्रधवन श्रेष्ठ	खरिदार, ललितपुर उपमहानगरपालिका
३०.	२०६१/१२/९	मीना नेम्वाङ्ग (खनाल)	सहायक, नेपाल खाद्य संस्थान
३१.	२०६१/१२/१०	मोहन सिंह थापा	शा.अ., गोवरग्यास तथा कृषि यन्त्र विकास प्रा.लि.
३२.	२०६१/१२/१०	विदुरकुमार शर्मा	वरिष्ठ सहायक, राष्ट्रिय वाणिज्य वैंक
३३.	२०६१/१२/१०	रामप्रवेश श्रीवास्तव	जु.ई., उदयपुर सिमेण्ट उद्योग लिमिटेड
३४.	२०६१/१२/१०	नरेन्द्रवहादुर श्रेष्ठ	वरिष्ठ सहायक, नेपाल बैंक लिमिटेड
३५.	२०६१/१२/२५	रामकुमार राई	वरिष्ठ सहायक, घरेलु तथा साना उद्योग विकास समिति
३६.	२०६१/१२/२५	दशरथ कुमार कर्ण	डेरी व्वाई, हेटौडा दुग्ध वितरण आयोजना
३७.	२०६१/१२/२५	टेकवहादुर पाण्डे	वरिष्ठ सहायक, नेपाल नागरिक उड्डयन प्राधिकरण
३८.	२०६१/१२/२६	महेन्द्रराज श्रेष्ठ	प्रहरी निरीक्षक, प्रहरी प्रधान कार्यालय
३९.	२०६१/१२/२६	अर्जुन खड्का	प्रहरी निरीक्षक, प्रहरी प्रधान कार्यालय
४०.	२०६१/१२/२६	रुपकराज गुरुङ्ग	प्रहरी निरीक्षक, प्रहरी प्रधान कार्यालय
४१.	२०६१/१२/२६	वैकुण्ठप्रसाद अधिकारी	निरीक्षक, राष्ट्रिय अनुसन्धान विभाग
४२.	२०६१/१२/३१	जनार्दनकुमार शर्मा	का.मु.स.ले.अ. राष्ट्रिय वाणिज्य बैंक
४३.	२०६१/१२/३१	उमेशकुमार वस्नेत	ना.सु., राष्ट्रिय खेलकूद परिषद

४४.	२०६१/१२/३१	दिनेशकुमार झा	सहायक प्रथम, पूर्वाञ्चल विश्वविद्यालय
४५.	२०६१/१२/३१	शम्भुकुमार श्रेष्ठ	शाख परिचालक, जि.वि.स. रसुवा
४६.	२०६१/१२/३१	रमेशराज आचार्य	क्याप्टेन, शा.ने.वा.नि.
४७.	२०६१/१२/३१	भोजराज पाठक	सहायक, नेपाल खाद्य संस्थान, शाखा कार्यालय, हुम्ला
४८.	२०६२/१/६	नरराज जोशी	अपरेटर (चौथो तह), दूरसंचार कार्यालय दार्चुला
४९.	२०६२/१/११	विन्दीलाल चौधरी	वेल्डर (तह ५) उदयपुर सिमेण्ट उद्योग लिमिटेड
५०.	२०६२/१/१२	मिनाकुमारी कार्की	प्रा.शि., पूर्णदुर्गा भवानी प्रा.वि., स्याङ्गजा
५१.	२०६२/१/१२	हुमवहादुर थापा	प्रा.शि., राधाकृष्ण नि.मा.वि., स्याङ्गजा
५२.	२०६२/१/१२	कुलसिंह थापा	प्रा.शि., विरेन्द्र माध्यमिक विद्यालय, स्याङ्गजा
५३.	२०६२/१/१२	फणिन्द्र कार्की	पाँचौ तह, गोर्खापत्र संस्थान
५४.	२०६२/१/१२	प्रमिला राई	विमान परिचारिका, शा.ने.वा.नि.
५५.	२०६२/१/१५	गंगाराम भण्डारी	वरिष्ठ सहायक, नेपाल टेलिभिजन
५६.	२०६२/१/१५	हरिदाश श्रेष्ठ	सहायक चालक, नेपाल टेलिभिजन
५७.	२०६२/१/१५	प्रल्हाद कार्की	सहायक (प्रथम), राष्ट्रिय दुग्ध विकास वोर्ड
५८.	२०६२/१/१६	मो उस्मान हलवाई	सुपरभाइजर (पाँचौ तह), नेपाल खानेपानी संस्थान
५९.	२०६२/१/१६	उजिरसिंह खत्री	सहायक प्रथम, कृषि सामग्री कम्पनी लिमिटेड
६०.	२०६२/१/१६	खड्गबहादुर गुरुङ्ग	निरीक्षक, राष्ट्रिय अनुसन्धान विभाग
६१.	२०६२/१/१६	सुरेशप्रसाद आचार्य	वरिष्ठ सहायक, जनकपुर चुरोट कारखाना
६२.	२०६२/१/१६	विश्वराम कारञ्जित	ग्राफ अधिकृत, जनक शिक्षा सामग्री केन्द्र
६३.	२०६२/१/१८	प्रभा के.सी.	वरिष्ठ सहायक, गोर्खापत्र संस्थान
६४.	२०६२/१/२२	पूर्णवहादुर विष्ट	शा.अ. कृषि विकास बैंक
६५.	२०६२/१/२२	चिनिदेवी शाक्य	वरिष्ठ सहायक, घरेलु तथा शिल्पकला विक्री भण्डार
६६.	२०६२/१/२२	सुरेशकुमार अधिकारी	खरिदार, गुठी संस्थान
६७.	२०६२/१/३१	रविन्द्र पौडेल	खजाञ्ची, राष्ट्रिय वाणिज्य बैंक
६८.	२०६२/१/३१	मुरारी खड्का	वरिष्ठ सहायक, जनक शिक्षा सामग्री केन्द्र
६९.	२०६२/२/६	रामावतार पण्डित	शिक्षक, जिल्ला शिक्षा कार्यालय झापा अन्तर्गत
७०.	२०६२/२/६	हरिश्चन्द्र राजवंशी	शिक्षक, जिल्ला शिक्षा कार्यालय झापा अन्तर्गत
७१.	२०६२/२/६	नरवहादुर राई	वरिष्ठ सहायक, घरेलु तथा साना उद्योग विकास समिति, शाखा कार्यालय, तेह्रथुम
७२.	२०६२/२/६	भरतवहादुर कारञ्जित	शा.अ., जनक शिक्षा सामग्री केन्द्र लिमिटेड
७३.	२०६२/२/६	प्रभुनारायण यादव	शिक्षक, जिल्ला शिक्षा कार्यालय, सुर्खेत अन्तर्गत
७४.	२०६२/२/१२	रामकुमार पौडेल	टाइपिष्ट, उदयपुर सिमेण्ट उद्योग लिमिटेड
७५.	२०६२/२/१२	गिरिराज सुवेदी	वरिष्ठ सहायक, लुम्वीनी चिनी कारखाना लिमिटेड
७६.	२०६२/२/१७	शुभाष ढुंगेल	कम्प्यूटर अपरेटर, जि.वि.स. को कार्यालय, रामेछाप
७७.	२०६२/२/१७	पुरुषोत्तम कोइराला	ना.प्राविधिक सहायक, रेडियो नेपाल
७८.	२०६२/२/१९	दशरथ चौधरी	जु.टे.अ., दुग्ध विकास संस्थान, विराटनगर दु.वि.आ.
७९.	२०६२/२/२९	शेखर रिजाल	को-पाइलट, शा.ने.वा.नि.
८०.	२०६२/२/२९	वविविक्रम सिंह	सिनियर पाइलट, शा.ने.वा.नि.

८१.	२०६२/३/१३	पुष्पा मानन्धर	टाइपिष्ट, नेपाल खाद्य संस्थान
८२.	२०६२/३/१३	सरस्वती श्रेष्ठ	सिनियर क्लर्क, वि.पि. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान
८३.	२०६२/३/२१	योगेन्द्रवहादुर थापा	शिक्षक, पार्वती नि.मा.वि., पैगा, वाजुरा
८४.	२०६२/३/२१	हिरामणी जोशी	शिक्षक, पार्वती नि.मा.वि., सिम्ला, वाजुरा
८५.	२०६२/३/२७	राजकुमार के.सी.	खरिदार, ललितपुर उपमहानगरपालिका

माथि उल्लेखित अभियुक्तहरुले नक्कली शैक्षिक प्रमाण पत्रहरु पेश गर्नुको प्रयोजन अनुसूची ४ मा दिइएको छ । त्यसैगरि नक्कली प्रमाण पत्र सम्बन्धमा आ.व. ०५७/५८ देखि आ.व. ०६१/६२ सम्म भएको फैसला विवरण अनुसूची ५ मा दिइएको छ ।

९. सवारी दर्ता अनियमितता सम्वन्धमा मुद्दा दायर गर्न भएका निर्णयहरुको बिवरण :

क्र. सं.	आयोगको निर्णय संख्या र मिति	विषय	प्रतिवादी (हरु)	विगो रकम (रु.)
१.	१ २०६१/४/४	किर्ते कागजात तयार गरी लिलाम सकार गरेको जीपको नाउँमा नयाँ जीप (१ महेन्द्रा जीप) दर्ता गर्दा भ्रष्टाचार गरेको	का.प्र. अब्दुल रइस खाँ ख. हरिशरण फुयाँल मे.सु. राजेन्द्रकुमार रिजाल सोमबहादुर श्रेष्ठ अमरनाथ श्रेष्ठ लालप्रसाद अर्याल	७,०८,९६४।८०
२.	१७० २०६१/९/२०	किर्ते कागजात तयार गरी (२४ वटा जीप) दर्ता गर्दा भ्रष्टाचार गरेको	कमलप्रसाद ढकाल प्रेमवहादुर सिंह महेश्वरप्रसाद भट्ट भवानीप्रसाद भूषाल ऋषिराम खरेल दयाराम यादव	१,११,४१,५७८।९८
३.	३३१ २०६२/१/३०	किर्ते कागजात तयार गरी लिलाम गरेको देखाई सवारी साधन (१५ जीप र १८ वटा ट्रक) दर्ता गर्दा भ्रष्टाचार गरेको	ऋषिराम खरेल दयाराम यादव का.प्र. हरिप्रसाद श्रेष्ठ मे.सु. प्रमोद चौधरी का.प्र. शरदचन्द्र शर्मा गजुरेल शा.अ. रामप्रसाद अर्याल शा.अ. देवेन्द्रप्रसाद अधिकारी मे.सु. श्रीराम बानिया ना.सु. लालबहादुर बुढाथोकी ना.सु. ज्ञानप्रसाद आचार्य ना.सु. शुक्रप्रसाद पोखरेल ना.सु. शालीग्राम कोइराला ख. नारदप्रसाद भट्टराई ख. विनोदकुमार यादव लेखापाल जिवनाथ नेपाल	१,६४,५४,५३१।६१

			टा.ना.सु. संगीता आचार्य खरिदार शालीग्राम बजगाँई रामप्रसाद आचार्य युवराज कोइराला भिमवहादुर बस्नेत स.ले.पा. बाबुराम ढकाल	
			जम्मा	**२,८३,०५,०७५।३९**

१०. गैरकानुनी कर्जा कारोवार/बैंक हिनामिना/ प्रतितपत्र कारोवार लगायतका विषयमा मुद्दा दायर गर्न भएका निर्णय सम्वन्धी बिवरण :

क्र. सं.	आयोगको निर्णय संख्या र मिति	विषय	प्रतिवादी (हरु)	विगो रकम (रु.)
१.	११२ २०६१/७/२४	कृ.वि.बै. पुतलीसडकबाट सगरमाथा ट्रेडर्स लगायतका फर्महरुलाई कर्जा प्रवाह गर्दा भ्रष्टाचार गरेको	कोमलबहादुर खत्री तेजराज ढकाल	६,००,०००।००
२.	२२१ २०६१/११/१८	सिंहदेवी इन्टरप्राइजेजका झकिन्द्र वस्नेतले रा.वा.बै. भोटाहिटी शाखामा प्रतितपत्र खोल्दा मिलेमतो गरी भ्रष्टाचार गरेको	प्र. तीर्थप्रसाद न्यौपाने ले.अ. अनिलकुमार भण्डारी व.स. रघुवरराज पाण्डे प्रो. झकिन्द्र बस्नेत	२,८२,३७,५००।००
३.	२७१ २०६१/१२/२४	रा.वा.बै. खाँदवारी शाखाबाट कर्जा कारोवार गर्ने ऋणी र बैंकका कर्मचारीहरुको मिलेमतोमा वदनियतपुर्वक कर्जा लिनुदिनु गरी भ्रष्टाचारपूर्ण कसुर गरेको	प्र. मोतिलाल भक्त स.प्र. ओमप्रसाद दंगाल व.स. रामचन्द्र गड्तौला स.ख. लक्ष्मणकुमार पोखरेल ऋणी चक्रवहादुर कार्की	३१,५०,०००।००
४.	२९२ २०६२/१/६	गोपिकृष्ण इन्टरप्राइजेजले माइक्रो मोटर आयात गर्न भनी प्रतितपत्र खोल्दा विदेसी मुद्रा अपचलन गरी भ्रष्टाचार गरेको	प्र. तीर्थप्रसाद न्यौपाने ले.अ. अनिलकुमार भण्डारी व.स. रघुवरराज पाण्डे प्रो. गोविन्द थापा	३,०९,४७,१५०।००
५.	२९३ २०६२/१/६	मीना एण्ड सुशिला इन्टरप्राइजेजले माइक्रो मोटर आयात गर्न वाणिज्य वैंक भोटाहिटीमा प्रतितपत्र खोल्दा विदेसी मुद्रा अपचलन गरी भ्रष्टाचार गरेको	प्र. तीर्थप्रसाद न्यौपाने ले.अ. अनिलकुमार भण्डारी व.स. रघुवरराज पाण्डे प्रो. जसबहादुर थापा	१,३८,१७,३२०।००
६.	३३४ २०६२/२/	कृ.वि.बै. पुतलीसडकबाट मानुकी इन्टरप्राइजेज समेतका १९ वटा फर्महरुलाई कर्जा	लक्ष्मीप्रसाद पराजुली कमलप्रसाद उप्रेती लक्ष्मणकुमार सिहं	७,००,०००।००

		प्रवाह गर्दा घोटाला गरी भ्रष्टाचार गरेको	बानिया	
७.	५१ २०६०/६/२७	रा.वा.बैंक रानी शाखा विराटनगरबाट मंगतुराम समूहका फर्म तथा संचालकहरुलाई कर्जा प्रवाह गर्दा मिलेमताबाट घोटाला गरी भ्रष्टाचार गरेको	प्र. राधाप्रसाद शाह प्र. शिवचरण मण्डल ले.अ. चन्द्रलाल अमात्य ले.अ. भैरवप्रसाद पोखरेल स.ले.अ. वीरेन्द्रलाल छोटे ले.अ. श्याम कुमार श्रेष्ठ मंगतुराम अग्रवाल सुवोधकुमार अग्रवाल सुरेशकुमार अग्रवाल कृष्णकुमार अग्रवाल नारायण अग्रवाल दामोदर अग्रवाल	१,३७,७१,८३,२३१।५४
जम्मा				**१,४५,४३,३५,२०१।५४**

११. निर्माण कार्यमा भएको भ्रष्टाचारउपर मुद्दा दायर भएका निर्णय सम्वन्धी विवरण :

क्र.सं.	आयोगको निर्णय संख्या र मिति	विषय	प्रतिवादी (हरु)	विगो रकम (रु.)
१.	६० २०६१/५/३१	बारा जिल्लास्थित तियर नदीको पूल निर्माणका लागि लिएको काठ हिनामिना गरी भ्रष्टाचार गरेको	राजनारायण शाह नन्दलाल शाह गजेन्द्रप्रसाद शाह	११,८४,३७५।००
२	१४३ २०६१/८/२१	नयाँवजार जग्गा एकिकरण आयोजना अन्तर्गत खानेपानी योजना निर्माण कार्यको बोलपत्र मूल्यांकन गरी ठेक्का स्वीकृत गर्दा भ्रष्टाचार गरेको	आयोजना प्रमुख रमेश सिग्देल कैलाश श्रेष्ठ नरेन्द्र विलास वज्राचार्य गुरुदत्त पाण्डे विश्वम्भरकृष्ण पराजुली नरेन्द्रमान वज्राचार्य दिनेश मानन्धर किरण दर्नाल गुणराज श्रेष्ठ अनिलनारायण श्रेष्ठ धर्मराज दाहाल मनोहरलाल अग्रवाल नरेशमानसिंह अमात्य सूर्यशरण रेग्मी जीवनराज कँडेल उज्ज्वलराज कँडेल केशवराज कँडेल सूर्यनाथ श्रेष्ठ	२,६३,७८,६३१।३८

३	२१८ २०६१/११/१७	थानकोट चित्लाङ्ग सडक निर्माण कार्यमा हचुवा किसिमको डिजाइन इस्टिमेट गरी गुणस्तरहीन काम गराई भ्रष्टाचार गरेको	इन्द्रबहादुर शाह महम्मद नुरुल होडा रामजी भण्डारी प्रकाशकुमार कार्की भजेन्द्र मण्डल सूर्यवहादुर कार्की राजेन्द्र लामा होमप्रसाद शर्मा	९,८३,०७९।५४
४	२२४ २०६१/११/२०	लिखु र त्रिशुली ज.वि.आ. सर्वेक्षणको लागि राखिएको वैंक ग्यारेन्टी समयमा जफत नगरी भ्रष्टाचार गरेको	तत्कालिन म.नि. लेखमान सिह दिव्य-नारायण मानन्धर अंगिरा आचार्य	८९,६४,२५०।००
			जम्मा	**३७५१०३३५।९२**

१२. खरीद कार्यमा भएको भ्रष्टाचारउपर मुद्दा दायर भएका निर्णय सम्वन्धी बिवरण :

क्र.सं.	आयोगको निर्णय संख्या र मिति	विषय	प्रतिवादी (हरु)	विगो रकम (रु.)
१	४६ २०६१/५/१५	वीरगञ्ज उपमहानगरपालिकाले स्थानीय व्यापारीसँग मिलेमतो गरी कानून विपरित स्तरहीन ठेलागाडा र फर्निचर खरीद गरी भ्रष्टाचार गरेको	ध्रुवकुमार कार्की ले.अ. हरिकिशोरप्रसाद चौरासिया जि.अ. लालबाबु राउत प्रकाशकुमार टिवडेवाला राजेश अधिकारी	८,८३,६३२।००

१३. किर्ते कागजात तयार गरी रकम हिनामिना गरेको सम्वन्धमा मुद्दा दायर गर्न भएका निर्णय सम्वन्धी विवरण :

क्र.सं.	आयोगको निर्णय संख्या र मिति	विषय	प्रतिवादी	विगो रकम (रु.)
१.	२८९ २०६१/१२/३१	पश्चिमाञ्चल स्वास्थ्य निर्देशनालयका सुपरभाइजर (अधिकृत छैठौं) श्यामबहादुर कोइरालाले निजामती किताखानका कर्मचारीहरुसँगको मिलेमतोमा नोकरी विवरण गायव गरी नोकरीमा रहिरहेको ।	श्यामबहादुर कोइराला	१०,३४,१८०।९०

१४. राजस्व रकम हिनामिना सम्वन्धमा मुद्दा दायर गर्न भएका निर्णयहरु सम्वन्धी विवरण :

क्र.सं.	आयोगको निर्णय संख्या र मिति	विषय	प्रतिवादी	विगो रकम (रु.)
१	३३३ २०६२/२/१	राजस्व मस्यौट गरी भ्रष्टाचार गरेको	सहायक प्रभात दाहाल	११,७३,६७८।५७
२	३६० २०६२/२/२४	बरामद भएको सून लुकाईछिपाई भ्रष्टाचार गरेको	तत्कालिन प्र.नि. बालकृष्ण थापा	९,६३,१३०।००
३	३९७ २०६२/३/२८	नेपाल टेलिकम दूरसंचार कार्यालय चितवनको रकम हिनामिना गरी भ्रष्टाचार गरेको	मुक्तिनाथ शर्मा न्यौपाने	९,९३,९६८।००
			जम्मा	**३१३०७७६।५७**

१५. रिसवत लिएको सम्वन्धमा मुद्दा दायर गर्न भएका निर्णयहरुबाट :

क्र.सं.	आयोगको निर्णय संख्या र मिति	विषय	प्रतिवादी	विगो रकम (रु.)
१	१७१ २०६१/९/२१	कृषि सामग्री संस्थानबाट युरिया मल खरीद प्रक्रियामा रिसवतको लेनदेन गरी भ्रष्टाचार गरेको	**दिने :** उमर सायग इन्द्रकुमार थापा **लिने :** चतुर्भुज भट्ट दिपक भट्ट	५०,५०,०००।००

यसरी आर्थिक वर्ष २०६१/६२ मा आयोगको निर्णय अनुसार अभियोजन गरिएका विभिन्न ११३ वटा मुद्दाहरुमा गरी जम्मा रु. १,७०,८१,२१,४१५।८२ (एक अर्व सत्तरी करोड एकासी लाख एक्काईस हजार चार सय पन्ध्र रुपैया बयासी पैसा) विगो मागदावी लिइएको छ ।

१६. प्रत्यायोजित अधिकार अन्तर्गत भएका काम कारवाही :

मिति २०५९।६।१ को नेपाल राजपत्रमा प्रकाशित सूचना बमोजिम क्षेत्रीय प्रशासक र प्रमुख जिल्ला अधिकारीहरुलाई तोकिएको शर्त बमोजिम आयोगको अधिकार प्रयोग गर्न पाउने गरी अधिकार प्रत्यायोजन गरिएको छ । तद्नुरुप आ.ब. २०६१।६२ मा पाँच बिकास क्षेत्र स्थित क्षेत्रीय प्रशासन कार्यालयहरुमा भ्रष्टाचार तथा अनुचित कार्य सम्वन्धी ३९९ वटा उजूरी रहेकोमा जम्मा १२८ वटा फछ्यौंट भई २७१ वटा फछ्यौंट हुन बाँकी नै रहेको विवरण प्राप्त हुन आएको छ । यसरी हेर्दा क्षेत्रीय प्रशासन कार्यालयहरुको कार्यसम्पादनको प्रगति हेर्दा भ्रष्टाचार नियन्त्रणको दिशामा छिटो छरितोपन ल्याई सुधार हुनु पर्ने देखिएको छ । त्यसै गरी ७५ जिल्ला प्रशासन कार्यालयहरुमा भ्रष्टाचार तथा अनुचित कार्य सम्वन्धी १६८७ वटा उजूरी परेकोमा जम्मा ३७५ वटा फछ्यौंट भई १३१२ वटा फछ्यौंट हुन बाँकी नै रहेको विवरण प्राप्त हुन आएको छ । यसरी हेर्दा जिल्ला प्रशासन कार्यालयहरुबाट भएको कार्यसम्पादन आशातित रुपमा प्रभावकारी रहेको छैन । यसका मूल कारक तत्वका

रुपमा हाल मुलुकमा असहज परिस्थिति विद्यमान रहनु, भ्रष्टाचार सम्वन्धी अनुसन्धान कार्यले प्राथमिकता नपाउनु एवं कार्यालयमा अनुसन्धान सम्वन्धी दक्षताको अभाव हुनु जस्ता कुराहरुले प्रभाव पारी रहेको प्रतीत हुन्छ । यस सम्वन्धी विस्तृत तथ्याङ्क अनुसूची ६ र ७ मा दिइएको छ । त्यसै गरी आयोगमा परेका कूल उजूरी र फछ्र्यौटको संख्यात्मक विवरण अनुसूची ८ मा दिइएको छ भने कूल उजूरी र फछ्र्यौटको तुलनात्मक विवरण अनुसूची ९ मा दिइएको छ ।

परिच्छेद - ३
अभियोजन

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १८ मा सार्वजनिक पद धारण गरेको व्यक्ति उपर भ्रष्टाचारको आरोप सम्बन्धमा चलेको कारवाही र त्यस सम्बन्धमा भएको अनुसन्धान र तहकीकातबाट निजले सो अपराध गरेको हो भन्ने विश्वास गर्नु पर्ने मनासिब कारण भएमा आयोगले त्यस सम्बन्धमा प्रचलित कानून बमोजिम मुद्दा चलाउन सक्दछ भन्ने उल्लेख छ । उल्लेखित प्रावधान अनुरुप आर्थिक वर्ष २०६१।६२ मा कसूरदार ठहरिएका अभियुक्तहरु बिरुद्ध बिशेष अदालत समक्ष दायर गरिएका मुद्दाहरु सम्बन्धि विवरण देहायमा उल्लेख गरिएको छ ।

१. नेपाल विद्युत प्राधिकरण, इन्जिनियरिङ्ग सेवा, केन्द्रीय वर्कशप हेटौडाले लिलाम गरेको बा. १ ञ ८१२ नं. को जीप लिलाम सकार गरि यातायात व्यवस्था कार्यालय वागमती अञ्चल, काठमाण्डौका कर्मचारीहरु समेतको मिलेमतोमा कागज पत्र मिलाई भंसार छली ल्याइएको नयाँ महेन्द्रा जीप ग. १ ज २३४४ नं. मा उक्त लिलामी जीपको कागज पत्रहरु प्रयोग गरी गराई दर्ता गरी श्री ५ को सरकारलाई हानी नोक्सानी पुऱ्याउने र आफु समेतलाई गैरकानूनी लाभ लिने वद्नियतले भ्रष्टाचार जन्य कार्य गरे भन्ने बिषयमा अनुसन्धान गर्दा अभियुक्तहरुले श्री ५ को सरकारलाई रु. ७,०८,९६४।८० भंसार समेतको राजस्व हानी पुऱ्याएको देखिएकोले उक्त रकमलाई विगो कायम गरी सो विगो प्रतिवादीहरुबाट भराउन समेत यातायात व्यवस्था कार्यालय वागमती अञ्चल, काठमाण्डौका तत्कालिन कार्यालय प्रमुख अब्दुल रईस खाँ, खरिदार हरिशरण फुयाल र मेकानिकल सुपरभाइजर राजेन्द्रकुमार रिजाललाई सविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७ (१) तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (३) वमोजिम सजाय हुन र सोम बहादुर श्रेष्ठ, अमरनाथ श्रेष्ठ र लाल प्रसाद अर्यालका हकमा सविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) को सजाय माग दावी लिई आयोगको मिति २०६१।४।४ को निर्णयानुसार विशेष अदालत, काठमाण्डौमा मुद्दा दायर गरिएको ।

२. सिनियर डिभिजनल इञ्जिनियर डिल्लीरमण निरौलाले आफ्नो हैसियत भन्दा बढी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरे भन्ने उजूरी उपर अनुसन्धान गर्दा निजका बावु भीमप्रसाद निरौला, निजकी एकाघरकी श्रीमती दुर्गा निरौला समेतका नाममा रहेको

रु.६४,१०,५७८।- बराबरको सम्पत्तिको स्रोत खुलेको देखिन आएन । निज डिल्लीरमण निरौलाले झापा, तेह्रथुम र ललितपुरमा घडेरी जग्गा तथा अन्य जग्गा खरीद गरेको र काठमाण्डौमा आधुनिक घर निर्माण गरेको समेतका आधारमा निज डिल्लीरमण निरौला र निजकी पत्नी दुर्गा निरौलाको नाममा रहेको उल्लिखित रु. ६४,१०,५७८।- (चौसट्ठी लाख दश हजार पाँचसय अठहत्तर) मूल्य बराबरको सम्पत्ति निजले गैरकानूनी रुपमा आर्जन गरेको र बैध आय स्रोत सँग अमिल्दो र अस्वभाविक सम्पत्ति आर्जन गरी अमिल्दो र उच्च जीवन यापन गरेको पाइएकोले निजको सो कार्य साविक भ्रष्टचार निवारण ऐन, २०१७ को दफा ३, १५, १६ग., २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० (१) बमोजिमको कसूर देखिएकोले निजलाई तत् तत् ऐन बमोजिम सजाय हुन र गैर कानूनी रुपमा आर्जन गरेको सम्पत्ति जफत गर्न निजकी पत्नी दुर्गा निरौला समेतलाई प्रतिवादी बनाई आयोगको २०६१।४।६ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

३. नेपाल बैंक लिमिटेड, दाङ्गमा कार्यरत बरिष्ठ वही रक्षक (सहायक) डिल्लीवहादुर के.सी.ले बढुवा पाउने उद्देश्यले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र नक्कली एवं झुठा देखिन आएकोले निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं हाल प्रचलित भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १६(१) अनुसारको कसूर देखिन आएकोले उक्त दफा बमोजिम सजाय हुन मागं दावी लिई आयोगको मिति २०६१।४।१२ को निर्णयानुसार निज उपर विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

४. जनकपुर चुरोट कारखानामा कार्यरत रामेश्वर प्रसाद शाहले शुरु नियुक्ति पाउने उद्देश्यले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र नक्कली एवं झुठा देखिन आएकोले निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ एवं हाल प्रचलित भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १६(१) अनुसारको कसूर देखिन आएकोले उक्त दफा बमोजिम सजाय हुन मागं दावी लिई आयोगको मिति २०६१।४।१५ को निर्णयानुसार निज उपर विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

५. राष्ट्रिय खेलकूद परिषद्का सहलेखापाल कुलवहादुर के.सी.ले शुरु नियुक्ति पाउने उद्देश्यले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र नक्कली एवं झुठा देखिन आएकोले निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ एवं

हाल प्रचलित भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १६(१) अनुसारको कसूर देखिन आएकोले उक्त दफा बमोजिम सजाय हुन मागं दावी लिई आयोगको मिति २०६१।४।१५ को निर्णयानुसार निज उपर विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

६. नेपाल बैक लिमिटेडका बरिष्ठ सहायक राजेन्द्रप्रसाद श्रेष्ठले बढुवा पाउने उद्देश्यले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र नक्कली एवं झुठा देखिन आएकोले निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ एवं हाल प्रचलित भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १६(१) अनुसारको कसूर देखिन आएकोले उक्त दफा बमोजिम सजाय हुन मागं दावी लिई आयोगको मिति २०६१।४।१५ को निर्णयानुसार निज उपर विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

७. जिल्ला प्रशासन कार्यालय, रामेछापका सहायक प्र.जि.अ.(शा.अ.) जय नारायण आचार्यले शुरु नियुक्ति पाउने उद्देश्यले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र नक्कली एवं झुठा देखिन आएकोले निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ एवं हाल प्रचलित भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १६(१) अनुसारको कसूर देखिन आएकोले उक्त दफा बमोजिम सजाय हुन मागं दावी लिई आयोगको मिति २०६१।४।१५ को निर्णयानुसार निज उपर विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

८. नेपाल बैक लिमिटेडका बरिष्ठ सराफी समिर शम्सेर राणाले बढुवा पाउने उद्देश्यले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र नक्कली एवं झुठा देखिन आएकोले निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ एवं हाल प्रचलित भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १६(१) अनुसारको कसूर देखिन आएकोले उक्त दफा बमोजिम सजाय हुन मागं दावी लिई आयोगको मिति २०६१।४।२१ को निर्णयानुसार निज उपर विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

९. नेपाल बैक लिमिटेड, खस्यौलीमा कार्यरत खजान्ची (ख.का.स.) कृष्णवहादुर के.सी.ले बढुवा पाउने उद्देश्यले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र नक्कली एवं झुठा देखिन आएकोले निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ एवं हाल प्रचलित भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १६(१) अनुसारको कसूर देखिन आएकोले उक्त दफा बमोजिम सजाय हुन मागं दावी लिई आयोगको मिति

२०६१।४।२१ को निर्णयानुसार निज उपर विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

१०. नेपाल बैक लिमिटेड, डडेलधुरामा कार्यरत का.मु.खजान्ची प्रदिपचन्द्र उपाध्यायले शुरु नियुक्ति पाउने उद्देश्यले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र नक्कली एवं झुठा देखिन आएकोले निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ एवं हाल प्रचलित भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १६(१) अनुसारको कसूर देखिन आएकोले उक्त दफा बमोजिम सजाय हुन मागं दावी लिई आयोगको मिति २०६१।४।२१ को निर्णयानुसार निज उपर विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

११. जनज्योती नि.मा.वि. फापरथुम, स्याङ्गजामा कार्यरत प्रा. शि. रमा पौडेलले शुरु नियुक्ति पाउने उद्देश्यले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र नक्कली एवं झुठा देखिन आएकोले निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ एवं हाल प्रचलित भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १६(१) अनुसारको कसूर देखिन आएकोले उक्त दफा बमोजिम सजाय हुन मागं दावी लिई आयोगको मिति २०६१।४।२१ को निर्णयानुसार निज उपर विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

१२. सम्पत्ति न्यायिक जाँचबुझ आयोग, २०५८ को प्रतिवेदन श्री ५ को सरकारबाट आवश्यक कारवाहीका लागि आयोगमा प्राप्त भएकोमा सो प्रतिवेदनमा पूर्व प्रहरी महानिरीक्षक मोतिलाल बोहराको जम्मा रु.५५,४५,६६८।३७ बराबरको सम्पत्ति भएकोमा रु.१६,४६,१९३।३७ बराबरको सम्पत्तिको स्रोत नखुलेको भन्ने समेतको सम्बन्धमा छानवीन गर्दा निज मोतिलाल बोहरा २०२४ सालमा सार्वजनिक पदमा प्रवेश गरेपछि अछाम जिल्लामा करिव क्षेत्रफल २०-११-३-३ रोपनी पैतृक जग्गा र घर, कैलाली जिल्लामा २०३१ सालमा बाबु स्व. रंगवीर बोहराका नाममा खरीद भएको क्षेत्रफल २-४-५ विगाहा जग्गा अंश वापत प्राप्त गरेको देखिएको । निज मोतिलाल बोहराको स्वआर्जन तर्फ पर्सा जिल्लामा करीव क्षेत्रफल ७-१५-५ विगाहा जग्गा भएको, काठमाडौं जिल्ला का.म.न.पा. ३४ वानेश्वरमा निज तथा निजकी आमाका नाममा प्रचलित मूल्य रु. १,०७,६५,८९७६४ पर्ने क्षेत्रफल १-१५-३-१ रोपनी जग्गा र सो जग्गामा तीन तलाको घर रहेको, निज मोतिलाल बोहराकी पत्नी कला बोहराका नाममा पर्सा जिल्ला

विरगंज नगरपालिका १० मा प्रचलित मूल्य रु. ८१,५३,८९५।१६ पर्ने क्षेत्रफल ०-१-० विगाह जग्गा घडेरी र सो जग्गामा तीन तला घर निर्माण गरेको, निज मोतिलाल बोहराकी छोरी ज्योत्स्ना बोहराका नाममा २०५० सालमा प्रचलित मूल्य रु. ५७,६२,५००।- पर्ने काठमाडौं जिल्ला बलम्बु गा.वि.स मा क्षेत्रफल ११-८-०-० रोपनी जग्गा एंव निजैका नाममा काठमाडौं जिल्ला पुरानो नैकाप एवं काभ्रेपलाञ्चोक जिल्ला श्रीखण्डपुरमा जग्गाहरु खरीद गरेको, २०५३ सालमा निजकी श्रीमती कला बोहराका नाममा काठमाडौं जिल्ला विष्णु गा.वि.स वुढानिलकण्ठमा प्रचलित मूल्य रु. ३९,६२,५००।- पर्ने क्षेत्रफल २-७-२-२ रोपनी जग्गा खरीद गरेको, चितवन भरतपुर न.पा. मा प्रचलित मूल्य रु.४६,४६,२५०।- पर्ने करिव क्षेत्रफल ०-१५-० विगाहा जग्गा खरीद गरेको, कैलाली जिल्ला टिकापुर एंव मकवानपुर जिल्ला हेटौडा नगरपालिकामा घडेरी जग्गाहरु खरीद गरेको देखिएको ।

निज मोतिलाल बोहरा एवं निजको परिवारका नाममा विभिन्न बैंकहरुमा रु.११,५०,०४२।८१ मौज्दात रहेको, रु.११,६०,०००।- बराबरको विभिन्न वित्तिय संस्थामा शेयर लगानी रहेको, निजको नाममा भन्सार सुविधामा खरीद गरेको वा.२ च.९३८५ नम्वरको गाडी र अस्वाभाविक प्रकृतिको बैंक कारोवार देखिन आयो । उपर्युक्त आधारमा निज मोतिलाल बोहराले सम्पत्ति न्यायिक जाँचवुझ आयोगमा पेश गरेको सम्पत्ति विवरण अमिल्दो तथा अस्वभाविक भएको र वैधानिक आयस्रोतसँग अमिल्दो र अस्वभाविक जीवनस्तर व्यतित गरिरहेको देखिन आएकोले निज र निजको परिवार समेतका नाममा रहे भएको रु. २,३८,२३,६२७३७ बराबर मूल्य कायम भएको सम्पत्तिको स्रोत खुल्न आएन । यसर्थ.निज मोतिलाल बोहराले सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३, ७(१), १० र १५ तथा हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) बमोजिम कसूर गरेकोले सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३, ७(१), १० र १५ तथा हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(२) बमोजिम कैद र जरिवाना गरी त्यसरी गैरकानूनी ढङ्गले आर्जन गरेको सम्पत्ति सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ग. र २९ तथा हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(२) र ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख. बमोजिम जफतको माग दावीका साथै निज बोहरा पूर्व प्रहरी महानिरीक्षक समेतको पदाधिकारी रहेबाट सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १४क. र सो लाई निरन्तरता दिईएको भ्रष्टाचार निवारण

ऐन, २०५९ को दफा २४ अनुसार निजलाई थप सजाय हुन समेत माग दावी लिईएको छ ।

उपर्युक्तानुसार निज मोतिलाल बोहराले भ्रष्टाचार गरी गैरकानूनी रूपमा आर्जन गरेको सम्पत्ति निजकी पत्नी कला बोहरा, आमा दीपादेवी बोहरा र छोरी ज्योत्स्ना बोहरा समेतका नाममा राखेकोले साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ग. तथा हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख. समेतका आधारमा सो सम्पत्ति जफत गर्ने प्रयोजनका लागि निजहरूलाई समेत प्रतिवादी बनाई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३५ र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३६ अनुरूप आयोगको मिति २०६१।४।२१ को निर्णयानुसार विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरियो ।

१३. सम्पत्ति न्यायिक जाँचबुझ आयोग, २०५८ को प्रतिवेदन श्री ५ को सरकारबाट आवश्यक कारवाहीका लागि आयोगमा प्राप्त हुन आएको र सो प्रतिवेदनमा उल्लेखित पूर्व प्रहरी महानिरीक्षक अच्युतकृष्ण खरेलको जम्मा रु.७३,३०,८०४।- बराबरको सम्पत्ति भएकोमा रु.५०,५१,३०३।६० बराबरको सम्पत्तिको स्रोत नखुलेको भन्ने समेतको सम्बन्धमा छानवीन गर्दा २०२७ सालदेखि सार्वजनिक पद प्राप्त गर्नुभएका निज अच्युतकृष्ण खरेल स्वयं र निजका परिवारका सदस्यहरूका नाममा रहेको सम्पत्तिमध्ये रु. १,६३,३६,१३०।४४ मूल्य बराबरको चल अचल सम्पत्तिको स्रोत खुलेको देखिन आएन । निज खरेल २०२७ सालमा सार्वजनिक पदमा प्रवेश गरेपछि २०३३ साल एवम् २०३४ सालको अंशवण्डाबाट सप्तरी जिल्ला नघौं गा.वि.स.मा क्षेत्रफल १२-७-६.५ विगाह, काभ्रेपलाञ्चोक जिल्लास्थित साठीघर गा.वि.स. समेतमा क्षेत्रफल ३४-३-३-० रोपनी र काठमाण्डौ जिल्ला का.म.न.पा.-३३ मा क्षेत्रफल ०-२-०-२ रोपनी जग्गा प्राप्त गरेको देखिन आयो । निजको वैधानिक आय र निज एवम् निजका परिवारसँग रहे भएका सम्पत्ति हेर्दा उक्त वैधानिक आयले उल्लेखित सम्पत्ती आर्जन गर्नसक्ने अवस्था देखिएन । निज अच्युतकृष्ण खरेलले आफ्नो एवम् परिवारको नाममा रहे भएका सम्पत्ति आर्जनको स्रोतमा कृषि आयलाई मुख्य स्रोतका रूपमा प्रस्तुत गर्नुभएको देखिन्छ । निजको कृषि आय र घर खर्चको अवस्था हेर्दा सोबाट घर व्यवहार चलाउने बाहेक उल्लेख्य मात्रामा वचत भई सो रकम व्यवसायिक वा अन्य क्षेत्रमा लगानी गर्न वा थप सम्पत्ति आर्जन गर्नसक्ने अवस्थाको देखिन आएन ।

निज अच्युतकृष्ण खरेल एवम् निजको परिवारका नाममा विभिन्न बैंकहरूमा रु. २२,४७,५४९।६९ मौज्दात रहेको, रु. २५,६१,९८०।- को विभिन्न वित्तीय संस्थामा शेयर लगानी रहेको, काठमाण्डौ र चितवन जिल्लामा लागत मूल्य रु. ५२,८८,०६०।९१ खर्च गरी ३ वटा घरहरू निर्माण गरेको, काठमाण्डौ, चितवन र काभ्रेपलान्चोक जिल्लामा पटक पटक गरी हाल रु. १ करोड भन्दा बढी मूल्य पर्ने जग्गा खरीद गरेको, रु. ८,००,०००।- मूल्यको राष्ट्रिय वचतपत्र खरीद गरी सम्पत्ति न्यायिक जाँचबुझ आयोग गठन भएपछि मिति २०५८।१२।३० मा एकै दिन बिक्री गरी सो रकम लुकाई छिपाई वेपत्ता पारेको, अंशवण्डा गरी पृथक रहेको देखाउने अभिप्रायले श्रीमती तथा छोरालाई नगद रकम समेत प्रदान गरेको र निजको बैंक कारोवार समेत अस्वाभाविक देखिन आयो । उपरोक्त आधारमा निज अच्युतकृष्ण खरेलले वैधानिक आयस्रोतसँग अमिल्दो र अस्वाभाविक जीवनस्तर व्यतित गरेको देखिन आएकोले निजको परिवार समेतका नाममा रहेको एवम् लुकाए छिपाएको स्रोत खुल्न नआएको रु. १,६३,३६,१३०।४४ बराबर मूल्यका सम्पत्तिका हकमा अभियोग दावी लिने ।

उपरोक्तानुसार निज अच्युतकृष्ण खरेलले सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३, ७(१), १० र १५ तथा हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) बमोजिम कसूर गरेकोले निजलाई सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३, ७(१), १० र १५ तथा हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(२) बमोजिम सजाय गरी त्यसरी गैरकानूनी ढङ्गले आर्जन गरेको सम्पत्ति सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ग. र २९ तथा हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(२) र ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख. बमोजिम जफतको माग दावी लिने । साथै निज अच्युतकृष्ण खरेल पूर्व प्रहरी महानिरीक्षक समेतको पदाधिकारी रहेबाट सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १४क. र सोलाई निरन्तरता दिईएको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २४ अनुसार निजलाई थप सजाय हुन समेत माग दावी लिने ।

निज अच्युतकृष्ण खरेलले भ्रष्टाचार गरी गैरकानूनी रूपमा आर्जन गरेको सम्पत्ति निजकी पत्नी मीना खरेल, छोरा आयुष खरेल समेतका नाममा राखेकोले सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ग. तथा हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख. समेतका आधारमा सो सम्पत्ति जफत गर्ने प्रयोजनका लागि निजहरूलाई समेत प्रतिवादी बनाई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३५ र भ्रष्टाचार निवारण ऐन, २०५९ को

दफा ३६ अनुरूप आयोगको मिति २०६१।४।२१ को निर्णयानुसार विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरियो ।

१४. सम्पत्ति न्यायिक जाँचबुझ आयोग, २०५८ को प्रतिवेदन श्री ५ को सरकारबाट आवश्यक कारवाहीका लागि आयोगमा प्राप्त हुन आएको र सो प्रतिवेदनमा पूर्व प्रहरी महानिरीक्षक प्रदीपशम्सेर ज.ब.रा.को जम्मा रु. १,०६,१६,६२६।४७ बराबरको सम्पत्ति मध्ये रु.५५,९३,३४९।९३ बराबरको सम्पत्तिको स्रोत नखुलेको भन्ने समेतका सम्बन्धमा अनुसन्धान गर्दा २०२७ सालमा प्रहरी निरीक्षक पदमा सेवा प्रवेश गरी पदोन्नती हुँदै प्रहरी महानिरीक्षकको पदबाट २०५९ सालमा सेवा निवृत्त भएका निज प्रदीपशम्सेर ज.ब.रा.ले पैतृक सम्पत्तिको रूपमा प्राप्त गरेको जग्गा तथा सेवामा कार्यरत रहँदा प्राप्त गरेको तलव, भत्ता, घरभाडा, विदेश भ्रमण लगायतका विधिसम्मत् स्रोतहरुबाट प्राप्त गरेको सम्पत्ति तथा ती सम्पत्तिबाट बढे बढाएको सम्पत्ति बाहेक निज र निजको परिवारका सदस्यहरूको नाममा रहेका सम्पत्तिहरू मध्ये रु.३,७७,८१,६३१।०९ मूल्य बराबरको चल अचल सम्पत्तिको स्रोत खुलेको देखिन आएन । निज प्रदीपशम्सेर ज.ब.रा. २०२७ सालमा सेवा प्रवेश गर्दा बाँके जिल्लाको टिटिहरिया गाउँ विकास समितिमा करिव १९ बिगाह खेतीयोग्य जग्गा र काठमाण्डौ थापाथलीमा पैतृक घर रहेको देखिन्छ । २०४९ सालमा अंशवण्डा हुँदा काठमाडौं थापाथलीको पैतृक सम्पत्ति स्वरुप क्षे.फ. ०-१-२-२.५ रोपनी जग्गा प्राप्त भएको र बाँके जिल्लाको टिटिहरिया गाउँ विकास समितिमा रहेको १९ विगाहा जग्गा २०३४ सालसम्ममा बिक्री गरिसकेको देखिएकोले पैतृक सम्पत्ति तथा कृषिवाट प्राप्त आय समेत परिचालन गरी उल्लेख्य सम्पत्ति आर्जन गर्न सक्ने अवस्था देखिएन ।

निज प्रदीपशम्सेर ज.ब.रा.ले काठमाण्डौको बत्तीसपुतली, बानेश्वर, थापाथली, चितवनको नारायणगढ, पर्साको वीरगञ्ज तथा रौतहटको बसबिट्टीमा रु.७८,१९,९४१।०९ रकम खर्च गरी घर निर्माण गरेको, त्यस्तै काठमाण्डौ जिल्लाकै चपली गाउँ विकास समिति, काभ्रेपलाञ्चोकको साँगा गाउँ विकास समिति एवं पोखरा उप-महानगरपालिका समेतमा गरी ३ करोड ७२ लाख भन्दा वढि मूल्य वरावरका घडेरीयोग्य जमीन खरीद गरेको, निज तथा निजका छोरा दीपशम्सेर ज.ब.रा.का नाममा छुट्टा छुट्टै दुईवटा निजी सवारी साधन प्रयोगमा रहनुका अतिरिक्त विभिन्न बैंक खातामा ठूलो रकम मौज्दात हुनुका साथै निजहरुको बैंक कारोवार समेत अस्वाभाविक देखिन आयो । उपरोक्त आधारमा निज प्रदीप शम्सेर ज.ब.रा. र निजका परिवारका सदस्यहरूले वैधानिक आय स्रोतसँग अमिल्दो र अस्वाभाविक जीवन व्यतित गरेको

देखिन आएकोले निज तथा निजको परिवार समेतका नाममा स्रोत खुल्न नआएको रु. ३,७७,८१,६३१।०९ बराबर मूल्यका चल अचल सम्पत्तिका हकमा अभियोग माग दावी लिने ।

उपरोक्तानुसार पूर्व प्रहरी महानिरीक्षक प्रदीप शम्सेर ज.ब.रा. एवं निजकी पत्नी शान्ता राणा तथा छोरा दीपशम्सेर ज.ब.रा.का नाममा रहेको र लुकाई छिपाई राखेको समेत रु. ३,७७,८१,६३१।०९ बराबरको चल अचल सम्पत्ति भ्रष्टाचार गरी गैरकानूनी रूपमा आर्जन गरेको उल्लिखित आधार प्रमाणबाट पुष्टि हुन आएकोले साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३, ७(१), १० र १५ तथा हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) बमोजिमको कसूर गरेकोले निजलाई साविक भ्रष्टाचार निवारण ऐन २०१७ को दफा ३, ७(१), १० र १५ तथा हाल प्रचलित ऐनको दफा २०(२) बमोजिम सजाय गरी त्यसरी गैर कानूनी ढंगले आर्जन गरेको सम्पत्ति साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ग. र २९ तथा हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(२) र ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८ को दफा २९ख. बमोजिम जफतको माग दावी लिने । साथै निज प्रदीप शम्सेर ज.ब.रा. पूर्व प्रहरी महानिरीक्षक समेतको पदाधिकारी रहेबाट साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १४क. र सोलाई निरन्तरता दिइएको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २४ अनुसार निजलाई थप सजाय हुन समेत माग दावी लिने ।

निज प्रदीपशम्सेर ज.ब.रा.ले गैर कानूनी रूपमा सम्पत्ती आर्जन गरी निजकी पत्नी शान्ता राणा, छोरा दीपशम्सेर ज.ब.रा. समेतका नाममा राखेको देखिएकोले उक्त सम्पत्ति जफत गर्ने प्रयोजनका लागि निजहरूलाई समेत प्रतिवादी कायम गरी साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ग. तथा हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख. समेतको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३५ र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३६ अनुरूप आयोगको मिति २०६१।४।२१ को निर्णयानुसार विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरियो ।

१५. हुलाक प्रा.वि., तुलसीभन्ज्याङ स्याङ्जामा कार्यरत प्रा. शि. ज्ञानवहादुर थापाले शुरु नियुक्ति पाउने उद्देश्यले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र नक्कली एवं झुठा देखिन आएकोले निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ एवं हाल प्रचलित भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १६(१) अनुसारको

कसूर देखिन आएकोले उक्त दफा बमोजिम सजाय हुन मागं दावी लिई आयोगको मिति २०६१।५।८को निर्णयानुसार निज उपर विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

१६. वीरगञ्ज उप-महानगरपालिकामा बिभिन्न किसिमका आर्थिक हिनामिना लगायतका विभिन्न भ्रष्टाचार भए भन्ने विषयमा अनुसन्धान गर्दा सिन्टेक्स कम्पनीको आधिकारीक विक्रेता नेपाल ट्रेडिङ्ग हाउसका संचालकसँग मिलोमतो गरी उप-महानगरपालिकाका कर्मचारीहरुले वोलपत्र आह्वान गर्नुपर्नेमा सो केही नगरी सिन्टेक्स कम्पनीका सामानलाई "प्रोप्राइटरी सामान" भन्ने गलत अर्थ लगाई कानून विपरित ढंगबाट आफू र व्यापारी समेतलाई गैर कानूनी लाभ गर्ने बदनियतले मनासिव मूल्य रु.५,८९,०६२।- भन्दा वढी रु. ९,०६,२५०।- रकम दिई प्लाष्टिकका ठेलागाडी खरिद गरेबाट स्थानिय निकायलाई रु. ३,१७,१८८।- हानी नोक्सानी भएको देखियो । नगरपालिकाका कर्मचारीहरु क्रमशः कार्यकारी अधिकृत ध्रुव कुमार कार्की, लेखा अधिकृत हरिकिशोर प्रसाद चौरसिया र जिन्सी अधिकृत लालवावु राउतको यो कार्य भ्र.नि. ऐन, २०५९ को दफा ८ को उपदफा १ को खण्ड (ञ) अन्तर्गतको कसूर हुनुका साथै नगरपालिकालाई रु. ३,१७,१८८।- हानी नोक्सानी पुग्न गएको हुँदा उक्त ऐनको दफा ८ (१) वमोजिम सजायको माग दावी गरी मुद्दा दायर गर्ने साथै उप-महानगरपालिकाका कर्मचारीसँग मिलेमतो गरी र उप-महागनरपालिकालाई गैरकानूनी हानी र आफू समेतलाई गैरकानूनी लाभ गर्ने बदनियतले अत्यधिक मूल्यमा मालसामान विक्री गर्ने नेपाल ट्रेडिङ्ग हाउस वीरगञ्जका संचालक प्रकाश कुमार टिवडेवाला विरुद्ध पनि अन्य प्रतिवादी सरह नै सजायको माग दावी गरी प्रतिवादीहरुबाट सार्वजनिक संस्थालाई हानी नोक्सानी पुऱ्याएको विगो रु. ३,१७,१८८।- असूल उपर गर्ने समेत माग दावि लिई आयोगको मिति २०६१।५।१५ को निर्णयानुसार विशेष अदालत काठमाण्डौंमा मुद्दा दायर गरियो ।

त्यसै गरी वीरगञ्ज उप-महानगरपालिकाको विभिन्न वडा कार्यालयहरु समेतको लागि भनी रु. १०,३३,३९४।७५ मूल्य वरावरका फर्निचर तथा कार्पेट समेतका सामान स्थानीय व्यापारी ए.के. सप्लायर्सका प्रोप्राइटर राजेश अधिकारीबाट खरिद गरी सामान जिम्मा लिई बुझी विभिन्न वडा कार्यालयहरुमा वितरण समेत गरेको र सामानको विल व्यापारीबाट वुझी, प्रमाणित गरी रकम भुक्तानी दिनु पर्ने अवस्था सम्मको कार्य भए गरेको पाइयो । २ लाख भन्दा वढीको मालसामान खरिद गर्नु पर्दा वोलपत्र गर्नु पर्नेमा सो केही नगरी गैरकानूनी ढंगवाट व्यापारीसँग व्यक्तिगत सम्पर्क गरी नगरपालिकाका कर्मचारीले कानून विरुद्ध कार्य गरी फर्निचर खरिद गरी ल्याएको पाइयो । कार्यकारी

अधिकृत ध्रुव कुमार कार्की र स्टोर प्रमुख लालवावु राउतले व्यापारीसँग मिलोमतो गरी आफू समेतलाई गैरकानूनी लाभ र स्थानिय निकायलाई गैरकानूनी हानी गर्ने वदनियतले स्थानीय वजारमा मूल्य ४,९६,९५०।- पर्ने सामानलाई रु. १०,३३,३९४।- मूल्यमा खरिद गरी स्थानिय निकायलाई रु. ५,३६,४४४।- नोक्सानी पार्ने कार्य गरेको पुष्टी भयो । खरिद भएका माल सामानका मूल्य भुक्तान भैसकेको नदेखिएको हुनाले कार्यकारी अधिकृत ध्रुव कुमार कार्की र जिन्सी अधिकृत लालवावु राउत विरुद्ध भ्र.नि. ऐन, २०५९ को दफा २१ वमोजिमको सजायंको माग दावि गरी र मालसामान विक्रेता ए.के. सप्लायर्सका प्रोप्राइटर राजेश अधिकारीलाई पनि उपरोक्त प्रतिवादीहरु सरह नै सजाय हुने मतियार देखिनाले निज विरुद्ध पनि सोही वमोजिमको सजायको माग दावि गरी आयोगको मिति २०६१।५।१५ को निर्णयानुसार विशेष अदालत काठमाण्डौंमा मुद्दा दायर गरियो ।

१७. बारा जिल्ला स्थित तियर नदीको पुल निर्माण गर्न लिएको काठ हिनामिना भएको भन्ने सम्बन्धमा अनुसन्धान गर्दा यसै विषयमा आयोगको मिति २०५२।९।११ गतेको बैठकबाट प्रतिबादी राजनारायण साह उपर निजले ४२२७-५-४ क्यू.फिट काठ हिनामिना गरेको देखिई निज उपर भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १३ को कसुरमा सोही दफा बमोजिम सजायको मागदावी गरी मुद्दा दायर गर्ने निर्णय भएकोले निजको हकमा आयोगको पूर्व निर्णय बमोजिम नै सजाय हुन र निज राजनारायण साहबाट १०० क्यू.फिट काठ बुझ्ने नन्दलाल साह र बुझेको काठमध्ये ४१० क्यू.फिट काठ हिनामिना गर्ने गजेन्द्रप्रसाद साह तेली समेतले भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १३ को कसुर गरेको देखिँदा निजहरु उपर सोही दफा बमोजिम सजाय हुनका साथै उल्लिखित प्रतिवादीहरुले हिनामिना गरेको काठ जिल्ला विकास समिति, बारालाई हाल कायम रहेको रोयल्टी प्रति क्यू.फुट रु. २५०।- का दरले भराई पाउन माग गरी आयोगको मिति २०६१।५।३१ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

१८. जलस्रोत मन्त्रालयका तत्कालिन सह-सचिव प्रेमप्रसाद सुवेदीले विभिन्न कार्यालयहरुमा रहँदा अनधिकृत रुपमा सम्पत्ति आर्जन गरी छिमेकीहरुसँग पदीय पहुँच र सम्पत्तिको आडमा त्रसित वातावरण सिर्जना गरेको भनि आयोगमा पर्न आएको उजुरीका सम्बन्धमा अनुसन्धान गर्दा निजकी श्रीमती मोतीमाया सुवेदी, छोराहरु ताराप्रसाद सुवेदी र दीपक सुवेदीका नाउँमा काठमाडौं र चितवनको अचल सम्पत्ति, नगद बैंक मौज्दात र चल सम्पत्ति समेत गरी रु. २,७९,६३,१९३।५८ बराबरको सम्पत्ति देखिएकोमा सो मध्ये रु.९६,१३,७७९।८८ को स्रोत खुलेको देखिएन ।

निज प्रेमप्रसाद सुवेदीको नाममा रहेको पर्वत जिल्लाको ठूली पोखरी गा.वि.स.स्थित १० रोपनी पैत्रिक जग्गा जमीनको सामान्य खेतीपाती निजका भाईहरुले गरेका । निजलाई प्राप्त भएको आय र सोवाट थप सम्पत्ति बढे, बढाएको तथ्य बयान र अन्य प्रमाणहरुबाट खुल्न आएन । निज प्रेमप्रसाद सुवेदीले श्रीमती मोतीमाया सुवेदीको नामको चितवनको गीतानगरमा मिति २०४०।५।१६ मा दुई कित्ता जग्गा (१ विघा १५ कट्ठा २ धुर) र निजकै नाममा गीतानगरमा नै मिति २०४०।७।११ मा अन्य दुई कित्ता (२ विघा १५ कट्ठा ३/४ धुर) साथै चितवन गीतानगर मै छोरा ताराप्रसाद सुवेदीका नाममा मिति २०४६।६।१०मा २ कित्ता जग्गा (ज.वि. ०-१३-०) खरिद गरेको जग्गाको पनि बैध आयस्रोत खुलेको देखिएन । सो को अतिरिक्त मिति २०४६।८।१६ मा ताराप्रसाद सुवेदी समेत ४ जनाका नाममा खरिद गरेको काठमाडौं बालाजुको (ज.रो. ०-११-०) पछि कित्ताकाट हुँदा २ कित्ता कायम हुन आएको जग्गा खरिद गर्दा प्रेमप्रसादको बैध आयस्रोतबाट खरिद गर्न पुग्न सक्ने देखिदैन । त्यस्तै प्रेमप्रसाद सुवेदी र निजको कान्छो छोरा दीपक सुवेदीका नाममा विभिन्न बैकहरुमा रहेको रकम मध्ये रु ८,५७,९४८।३९ को स्रोत खुल्न सकेको देखिएन ।

यस प्रकार प्रेमप्रसाद सुवेदीको जम्मा रु. ९६,१३,७७९।८८ को बैध आयस्रोत पुष्टी हुन नसकेकोले निजले साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३ र दफा १५ तथा हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (१) अर्न्तगतको कसुर गरेको हुँदा निजलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३,१५ र २९ तथा र हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(२) बमोजिम हदैसम्म सजाय हुन र निज अभियुक्त प्रेमप्रसाद सुवेदीले गैरकानूनी रुपमा आर्जन गरी निजकी पत्नी मोतिमाया सुवेदी, छोराहरु ताराप्रसाद सुवेदी र दीपक सुवेदीका नाममा राखेको सम्पत्ति साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६.ग, हालको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(२) तथा ४७ बमोजिम जफत गर्ने मागदावी लिई निजकी पत्नी मोतिमाया सुवेदी, छोराहरु ताराप्रसाद सुवेदी र दीपक सुवेदीलाई समेत सम्पत्ति जफत गर्ने प्रयोजनको लागि प्रतिवादी बनाई आयोगको मिति २०६१।६।७ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

१९. राष्ट्रिय खेलकूद परिषदका सहायक प्रशिक्षक मानवहादुर गोल्डस्मिथले शुरु नियुक्ति पाउने उद्देश्यले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र नक्कली एवं झुठा देखिन आएकोले निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ एवं हाल प्रचलित भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १६(१) अनुसारको कसूर देखिन आएकोले उक्त दफा बमोजिम सजाय हुन मागं दावी लिई आयोगको २०६१।७।११ को निर्णयानुसार निज उपर विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

२०. जिल्ला स्वास्थ्य कार्यालय, पाल्पाका खोप सुपरभाइजर रुकमांगत पाण्डेले शुरु नियुक्ति पाउने उद्देश्यले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र नक्कली एवं झुठा देखिन आएकोले निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ एवं हाल प्रचलित भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १६(१) अनुसारको कसूर देखिन आएकोले उक्त दफा बमोजिम सजाय हुन मागं दावी लिई आयोगको २०६१।७।११ को निर्णयानुसार निज उपर विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

२१. शाही नेपाल वायु सेवा निगम काठमाण्डौमा कार्यरत बरिष्ठ सहायक (पाँचौ तह) का हरिप्रसाद रिजालले बढुवा प्रयोजनका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र नक्कली एवं झुठा देखिन आएकोले निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ एवं हाल प्रचलित भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १६(१) अनुसारको कसूर देखिन आएकोले उक्त दफा बमोजिम सजाय हुन मागं दावी लिई आयोगको मिति २०६१।७।१३ को निर्णयानुसार निज उपर विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

२२. कृषि विकास बैंक, बैंकिग कार्यालय, पुतलसीसडक र लगनखेलबाट सगरमाथा ट्रेडर्स समेतका फर्महरुलाई कर्जा प्रवाह गर्दा बैंकका कर्मचारीहरुले ऋणीहरुसँग मिलेमतो गरी कमजोर धितो स्वीकार गरी गैरकानूनी रुपमा कर्जा दिई बैंक डुवाउने कार्य गरे भन्ने सम्बन्धमा अनुसन्धान हुँदा कृषि विकास बैंक, बैंकिग कार्यालय, पुतलीसडकबाट सगरमाथा ट्रेडर्स नामक फर्मलाई मिति २०५६।९।२२ मा रु. ६,००,०००।- कर्जा प्रवाह गरेको, कर्जा दिने प्रयोजनको लागि खोला र वाटोमा परी यथार्थमा हुँदै नभएको जग्गालाई पीच बाटोमा जोडिएको भनी गलत ढंगबाट धितो मूल्यांकन गरे गराएको, हालै मात्र खरीद भएको, बैंकको नीति, वाणिज्य कर्जा कार्यविधि र प्रचलित कानून अनुसार धितो राख्न मिल्ने अवधि पूरा भइनसकेको जग्गा धितोको रुपमा स्वीकार गरेको

र गैरकानूनी ढंगले नापी नक्शा र महानगरपालिकाको चार किल्ला प्रमाणित पत्र तयार गरी ऋण लिने दिने समेतको कार्य गरी ऋणी र बैंकका कर्मचारी समेत संलग्न भई बैंकलाई हानि नोक्सानी र आफू समेतलाई गैरकानूनी लाभ हुने गरी भ्रष्टाचार गरेको पुष्टि हुन आएकोले कर्जा कारोवारमा प्रवाह भएको कुल कर्जा साँवा रु. ६,००,०००।- र असूल उपर हुँदाका मितिसम्म कायम हुन आउने व्याज समेत गरी कायम हुन आएको विगो रकम प्रतिवादीहरु कोमलवहादुर खत्री र तेजराज ढकालबाट दामासाहीले असूल उपर गराउने तथा भ्रष्टाचार गरेको कसूरमा निजहरु उपर कानून बमोजिम साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७ को उपदफा (२) र दफा ८ अनुसारको कसूर गरेको देखिएको र सो कार्य विद्यमान भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (३) र (४) र दफा १७ वमोजिम हदैसम्मको सजायं समेतको मागदावी लिइ आयोगको मिति २०६१।७।२४ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

२३. त्रिभुवन विश्वविद्यालय, चिकित्साशास्त्र अध्ययन संस्थान (शिक्षण अस्पताल) महाराजगन्जमा कार्यरत हियरिङ्ग एड सहायक सुरेश कुमार खड्काले शुरु नियुक्ति पाउने उद्देश्यले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र नक्कली एवं झुठा देखिन आएकोले निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ एवं हाल प्रचलित भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १६(१) अनुसारको कसूर देखिन आएकोले उक्त दफा बमोजिम सजाय हुन मागं दावी लिई आयोगको मिति २०६१।७।३० को निर्णयानुसार निज उपर विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

२४. नयाँवजार जग्गा एकीकरण आयोजना अन्तर्गत खानेपानी योजना निर्माण कार्यको बोलपत्र मूल्यांकन गर्दा भ्रष्टाचार गरेको भन्ने उजूरी उपर अनुसन्धान गर्दा व्यापक अनियमितता तथा भ्रष्टाचारको कसूर भएको देखिएकोले उक्त कार्यमा संलग्न सो आयोजनाका तत्कालीन आयोजना प्रमुख रमेश सिग्देलले कमभन्दा कम प्रतिस्पर्धा गराई नयाँवजार जग्गा एकीकरण आयोजनामा यसभन्दा अगाडि आफूसमेत परामर्शदाताका रुपमा संलग्न ठेक्काहरुमा रु. ८ करोड भन्दा बढीको निर्माण कार्य गरी सकेका ठेकेदार सन्तोषी निर्माण सेवा प्रा.लि.लाई नै ठेक्का दिलाउने र आयोजनालाई गैरकानूनी हानी र आफू र ठेकेदारलाई गैरकानूनी लाभ लिने, दिने, दिलाउने बदनियत राखी सार्वजनिक निर्माण निर्देशिकामा उल्लेख भएका प्रावधानको विपरीत हुने गरी खानेपानी योजनासंग विल्कुलै असम्वन्धित जग्गा एकीकरण आयोजनाहरुमा काम गरेको अनुभव बापत १५

अंक र मूल्यांकन समितिलाई लागे अनुसार अन्तर्गत ५ अंक समेतको प्रावधान राखी मूल्यांकन आधार तयार गरेको, उक्त निर्देशिका (कानून) बमोजिम उत्तीर्ण/अनुत्तीर्ण समेतका आधारमा मूल्यांकन गर्ने गरी मूल्यांकन क्राइटेरिया तैयार गर्नु पर्नेमा त्यस्तो क्राइटेरिया तयार नगरेको, स्वीकृत मूल्यांकनका आधारबमोजिमको अनुभव, जनशक्ति र उपकरणहरु समेत नभएकोमा भएको भनी प्राविधिक प्रस्ताव मूल्यांकन गरी अनुतीर्ण हुने सन्तोषी निर्माण सेवा प्रा.लि.लाई उत्तीर्ण गराई मूल्यांकन समितिले पेश गरेको गलत मूल्यांकन प्रतिवेदनलाई आफूले अध्ययन गरेको र प्रतिवेदन सही भएको भनी गलत राय पेश गरेको तथा प्राविधिक रुपमा अयोग्य ठेकेदारलाई काम दिने दिलाउने प्रपञ्च रची भ्रष्टाचार गरेको, बोलपत्र स्वीकृत गर्ने अधिकारीले मात्र ठेक्का संझौताको म्याद थप गर्न सक्ने कानूनी प्रावधान भएको र प्रस्तुत बोलपत्र जग्गा व्यवस्थापन उपसमितिका अध्यक्षको तहबाट स्वीकृत भएको हुँदा प्रचलित आर्थिक प्रशासन सम्बन्धि नियमावली, २०५६ को नियम ८९ (२) (क) को उलंघन गरी मिति ०६०।४।१३ देखि ०६०।६।३० सम्म ठेकेदारको अनधिकृत तवरले म्याद थप गरेको देखियो । निर्माण कार्य तर्फ हेर्दा सरदर ४३ से.मी. गहिराईमा पाइप बिच्छाएकोलाई ६० से.मी. गहिराईमा विच्छाएको भनी र कम तौल भएको एवं कम मात्रामा जस्ता लेपन भएको जि. आई. पाइप प्रयोग गरेकोलाई गुणस्तरयुक्त जि.आई.पाइप जडान गरेको भनी गर्दै नगरेको काम र कम गुणस्तरको कामको भुक्तानी समेत दिई रु.७९,७३,६७९।३० नयाँवजार जग्गा एकीकरण आयोजनालाई गैरकानूनी रुपमा हानी नोक्सानी र आफूसमेतलाई गैरकानूनी लाभ प्राप्त गरेको देखिएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (३) को कसूर गरेको अभियोगमा आयोगको मिति २०६१।८।२१ को निर्णयानुसार तत्कालीन आयोजना प्रमुख रमेश सिग्देल उपर विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

त्यसै मामिलामा प्राविधिक प्रस्ताव मूल्यांकनका लागि निर्धारित गरिएका भनिएका बुँदाहरुमा अंक प्रदान गर्दा सम्बन्धित कागजात प्रमाण हेरी जाँची, बुझी यथार्थ मूल्यांकन गर्नु पर्नेमा सन्तोषी निर्माण सेवा प्रा.लि.का तर्फबाट जीवनराज कँडेलले पेश गरेको स्पष्ट देखिने बनावटी कागजातलाई समेत अंक प्रदान गरी दिनु पर्ने भन्दा फरक अंक दिई उत्तीर्ण नै हुन नसक्ने ठे. सन्तोषी निर्माण सेवा प्रा.लि.लाई उत्तीर्ण गराउने बदनियतले जाँच बुझ गरी प्रतिवेदन दिनु पर्ने कर्तव्य भएका मूल्यांकन समितिका पदाधिकारीहरु मध्ये कैलाश श्रेष्ठ, नरेन्द्र विलास वज्राचार्य, गुरुदत्त पाण्डे, विश्वम्भरकृष्ण पराजुली, नरेन्द्रमान वज्राचार्य, दिनेश मानन्धर र किरण दर्नालले उत्तीर्णाङ्क पाउन नसक्ने उक्त प्रा.लि.लाई उत्तीर्ण गराउने बदनियतले अंक दिएकोमा आयोग समक्ष

सावित समेत भएबाट निजहरु सो ठेकेदारका प्राविधिक प्रस्तावसाथ पेश भएका कागजातका भए गरेका कुरा लुकाई छिपाई नभए नगरेको कुरा देखाई मूल्यांकन प्रतिवेदन दिएको हुँदा निजहरुलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ (२) को कसूरमा ऐ. दफा १९ (२) बमोजिम सजाय हुन र मूल्यांकन समितिका सदस्य परामर्श दाता समेत रहेका दिनेश मानन्धरका हकमा दफा १९ (२) को अतिरिक्त प्रकरण (ग) मा उल्लेख भए अनुसार भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) को दावी समेत लिने गरी आयोगको मिति २०६१।८।२१ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

नयाँबजार जग्गा एकीकरण आयोजना र परामर्शदाता डेभलपमेण्ट नेटवर्क प्रा. लि. का बीच १९ सेप्टेम्वर २००२ मा भएको सम्झौता बमोजिम परामर्शदाताका तर्फबाट टोलीनेताका रुपमा दिनेश मानन्धर, डिजाइन एवं साइट इन्जिनीयरका रुपमा उक्त प्रा.लि.का प्रवन्धनिर्देशक गुणराज श्रेष्ठ, इन्स्पेक्टर अफ वर्क्सका रुपमा अनिल नारायण श्रेष्ठ खटिएको र उक्त सम्झौताको एपेन्डीक्स - ए को बुँदा नं. ३, Scope of the work को नं ७ बमोजिम उक्त आयोजना अन्तर्गत निर्माण भएको खानेपानी योजनाको सम्पूर्ण निर्माण कार्य गुणस्तरयुक्त तवरले निर्माण गराउने र स्पेशिफिकेशन बमोजिमको निर्माण सामाग्री प्रयोग गर्न लगाउने दायित्व परामर्शदाताको भएको र ठेकेदार सन्तोषी निर्माण सेवा प्रा.लि. र आयोजना बीच ५ मार्च २००३ मा भएको सम्झौताको Part1: General Technical specifications को बुँदा नं. ३ को नं.३.१३.२.१ बमोजिम उक्त निर्माण कार्यमा नेपाल गुणस्तरले निर्धारण गरेको मापदण्ड बमोजिमको जि.आई.पाइप प्रयोग गर्नु पर्ने भन्ने उल्लेख भएकोमा सो निर्माण कार्यमा उक्त मापदण्डले तोके बमोजिमको भन्दा कम परिमाणमा जस्ता लेपन र कम तौल समेत भएको जि.आई. पाइप प्रयोग गराएको, योजनामा जडान गरे भन्दा बढी परिमाणको जि.आई.पाइप जडान गरेको भन्ने उल्लेख गरेको र कम गहिराईमा पाइप जडान गराई बढी गहिराईमा जडान गरेको समेत भनी ठेक्का विल भुक्तानीको लागि सिफारिश गरेको कारणबाट उक्त आयोजनालाई जम्मा रु.१,३१,८९,३१५।६९ गैरकानूनी हानी नोक्सानी पुऱ्याएको देखिएकोले सो निर्माण कार्यको सुपरीवेक्षण गर्न तोकिएका टिम लिडर दिनेश मानन्धर र सो कार्यमा संलग्न रहेको स्वीकारी बयान दिने उक्त फर्मका प्रवन्धनिर्देशक एवं सो योजनामा खटिएका साइट इन्जिनियर गुणराज श्रेष्ठ उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (१) (ख), (ग) र (ङ) र ठेकेदारको विल जाँचगरी सिफारिश गर्ने उक्त परामर्शदाताका इन्स्पेक्टर अफ वर्क्स एवं खानेपानी तथा ढल निकास बिभागका

ओभरसियर अनिल नारायण श्रेष्ठ उपर ऐ. ऐनको दफा ८ (१) (ख), (ग) र (ङ) को कसूरमा उक्त तीन जना व्यक्ति उपर ऐ. दफा ८ (१) बमोजिम सजायको माग गरी आयोगको मिति २०६१।८।२१ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

खातापाता, विल भरपाई, आदिको जाँच गरी लेखापरीक्षण प्रतिवेदन पेश गर्नु पर्नेमा सो कागजात हेर्दै नहेरी धर्मराज दाहालका साथी राजेन्द्र पाण्डे भन्ने व्यक्तिले उपलब्ध गराएको भनिएका विवरणका आधारमा ठे. सन्तोषी निर्माण सेवा प्रा.लि.को आ.व. २०५३/०५४ देखि २०५७/०५८ सम्मको गलत लेखापरीक्षण प्रतिवेदन तैयार गरि दिएकोले त्यस्तो गलत प्रतिवेदन तयार गरी दिने लेखापरीक्षक एवं नेपाल टेलिकमका लेखा अधिकृत धर्मराज दाहाल उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ (१) बमोजिम सजायको माग गरी आयोगको मिति २०६१।८।२१ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

मैनावती स्टील इण्डष्ट्रिज प्रा.लि. ले उत्पादन गरेको १५ मी.मी. देखि १०० मी.मी. व्यास सम्मको जि.आई पाइपमा नेपाल गुणस्तर चिन्ह NS 199 - 2046 अंकित गर्न पाउने इजाजत प्राप्त गरेको हुँदा त्यस्तो उद्योगले नेपाल गुणस्तर तथा नापतौल विभागबाट तोकिएको मापदण्ड बमोजिमको मात्र जि.आई. पाइप उत्पादन गरी उक्त नेपाल गुणस्तर चिन्ह अंकित गर्नु पर्नेमा ठेकेदार सन्तोषी निर्माण सेवा प्रा.ली.लाई विक्री गरेको सवै १८ वटै विल बमोजिमका पाइपहरुमा कम तौल भएको देखियो भने जस्ता लेपनको मात्रा तर्फ विचार गर्दा उद्योगले मिति सन् २००३।६।१६ अर्थात २०६०।३।२ मा जारी गरेको एवं ठेकेदारले पेश गरेको प्रथम र दोश्रो रनिङ्ग विलसाथ संलग्न टेष्ट सर्टिफिकेट नं. ४० मा ५० मी.मी. व्यासको जि.आई. पाइपमा ४३०.१ र ४६१.३२ अर्थात सरदर ४४५.७१ ग्राम प्रति वर्ग मिटर, ८० मी. मी. व्यासको जि.आई. पाइपमा ४७५.१ र ४४५.२० अर्थात सरदर ४६०.१५ ग्राम प्रति वर्ग मिटर र १०० मी.मी. व्यासको जि.आई.पाइपमा ४३७ र ४७१.४ अर्थात सरदर ४५४.२ ग्राम प्रति वर्ग मिटर जस्ता लेपन भएको भन्ने उल्लेख भए पनि ५० र ८० मी.मी. व्यासको जि. आई पाइपमा सरदर ३०२.६ र १०० मी.मी. व्यासको जि.आई. पाइपमा सरदर २४१.५ ग्राम प्रति वर्गमिटर मात्र जस्ता लेपन भएको र जस्ता लेपनको समरुपता परीक्षणमा २२ वटै नमुना अनुतिर्ण भएको तथ्य नेपाल गुणस्तर तथा नापतौल बिभागको परीक्षण प्रतिवेदनबाट देखिन आयो । यसरी कम परिमाणमा जस्ता लेपन गरेको व्यहोरा प्रमाणित

हुन आएकोले निजले ऐनको दफा ८ (४) को कसुर गरेको प्रष्ट भयो । यसका अतिरिक्त नेपाल गुणस्तर तथा नापतौल बिभागले तोकेको गुणस्तर भन्दा कम गुणस्तरको रु ५९,२७,५४१।४२ को जि. आई. पाईप बिक्री गरी नेपाल गुणस्तर अनुरुपको भनी प्रमाणित समेत गरी नयाँबजार जग्गा एकीकरण आयोजना अन्तर्गत निर्माण भएको खानेपानी योजनामा उक्त पाइप प्रयोग गराईएको समेत कार्यबाट उक्त योजनालाई जम्मा रु १,३१,८९,३१५।६९ गैरकानूनी रुपमा हानी नोक्सानी पुऱ्याएकोले उक्त मैनावती स्टील इण्डष्ट्रिज प्रा.ली.का प्रवन्ध निर्देशक मनोहरलाल अग्रवाल उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) को कसुर गरेको अभियोगमा आयोगको मिति २०६१।८।२१ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

कम गहिराईमा पाइप जडान गरी बढी गहिराईमा पाइप जडान गरेको, नेपाल गुणस्तरले निर्धारण गरेको मापदण्ड भन्दा कम तौल भएको र कम मात्रामा जस्ता लेपन भएको जि.आई. पाइपलाई गुणस्तरयुक्त र स्पेसीफिकेशन बमोजिमको जि.आई. पाइप जडान गरेको भनी र योजनामा ५० मी.मी. व्यासको मेडिएम क्लासको जि.आई पाइप जडान गरेको भन्दा वढीको भुक्तानी दिएको । ठे. सन्तोषी निर्माण सेवा प्रा.लि. को ठेक्का सम्झौताको म्याद मिति ०६०।४।१२ सम्म मात्र भएको । बोलपत्र स्वीकृत गर्ने पदाधिकारी (जग्गा व्यवस्थापन उपसमितिका अध्यक्ष) भन्दा तल्लो तहको पदाधिकारी (आयोजना प्रमुख) बाट मिति ०६०।४।१३ देखि ०६०।६।३० सम्मको म्याद थप गरेको कार्य गैरकानूनी हुँदाहुँदै पुनः ०६०।७।१ देखि ०६१।१।३० सम्मको अर्थात थप ७ (सात) महिनाको म्याद थप गरिदिन बोलपत्र स्वीकृत गर्ने पदाधिकारी समक्ष सिफारिश साथ पेश गरेको कार्य तत्काल प्रचलित आ.प्र. सम्बन्धी नियमावली, २०५६ को नियम ८९ (२) (क) विपरित भएको र मिति ०६१।१।३० सम्म मात्र ठेक्का सम्झौताको म्याद भएकोमा म्याद समाप्त मिति पछि २०६१।२।२२ मा योजनास्थलमा जडान भएभन्दा बढि पाइप समेतको दोश्रो रनिङ्ग विल वापत रु. ९१,९९,०५०।४२ भुक्तानी दिई आयोजनालाई जम्मा रु. ५२,१५,६३६।३९ गैरकानूनी हानी नोक्सानी र ठेकेदार समेतलाई गैरकानूनी रुपमा लाभ पुऱ्याएको देखिएकोले दोश्रो रनिङ्ग विल स्वीकृत गरी भुक्तानी दिने आयोजना प्रमुख नरेशमान सिंह आमात्य उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(३) को कसुरमा आयोगको मिति २०६१।८।२१ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

अर्का अभियुक्त सूर्यशरण रेग्मीले मिति ०५९।११।१५ मा ठे. सन्तोषी निर्माण सेवा प्रा.लि. को रु. २,६८,९०,३९०।३६ को बोलपत्र स्वीकृत गरेको देखियो । नगर प्रमुख र प्रथम श्रेणीका कार्यकारी अधिकृतबाट स्थानीय स्वायत्त शासन नियमावली, २०५६ वमोजिम उक्त रकमको ठेक्का स्वीकृत गर्न मिल्ने देखिंदैन भने जग्गा व्यवस्थापन उप समितिको मिति ०६०।३।१३ को निर्णयबाट बोलपत्र स्वीकृत गर्ने अधिकार नयाँबजार जग्गा व्यवस्थापन उप-समितिका अध्यक्षलाई दिएको देखिएकोमा यसभन्दा अगाडिनै मिति ०५९।११।१५ मा अध्यक्षले स्वीकृत गरेको बोलपत्रको अनुमोदन/समर्थन उप-समितिबाट भए गरेको समेत नदेखिंदा आफूलाई प्रचलित कानून बमोजिम प्राप्त नभएको अधिकार प्राप्त भएको भनी निज सूर्य शरण रेग्मीले उक्त बोलपत्र स्वीकृत गरी अख्तियारको दुरुपयोग गरेको र यस्तो प्रकृयाबाट छनौट भएको ठेकेदारले सरदर ४३ से.मी. गहिराईमा पाइप बिच्छाएकोलाई ६० से.मी. गहिराईमा विच्छाएको/जडान गरेको भनी र कम तौल र कम मात्रामा जस्ता लेपन भएको जि. आई. पाइपको प्रयोग गरेकोलाई गुणस्तरयुक्त जि.आई.पाइप जडान गरेको साथै कम परिमाणमा पाइप विछ्याई बढी परिमाणमा विछ्याएको भनी आयोजनाबाट भुक्तानी समेत भएबाट नयाँवजार जग्गा एकीकरण आयोजनालाई रु.१,३१,८९,३१५।६९ गैरकानूनी रुपमा हानी नोक्सानी र ठेकेदार समेतले गैरकानूनी लाभ प्राप्त गरेको देखिएकोले उक्त कार्यमा प्रत्यक्ष रुपमा संलग्न निज सूर्य शरण रेग्मी उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(३) को कसूर गरेको अभियोगका साथै निज सो संस्थाको जग्गा व्यवस्थापन उप-समितिको अध्यक्ष (प्रमुख) रहेबाट निजका हक्मा उक्त ऐनको दफा ८ (३) का अतिरिक्त ऐ. ऐनको दफा २४ बमोजिम थप सजाय समेत हुन आयोगको मिति २०६१।८।२१ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

सन्तोषी निर्माण सेवा प्रा.लि.का तर्फबाट अख्तियारी प्राप्त गरी जीवनराज कँडेलले झूठो विवरण र कीर्ते दस्तखत भएको बायोडाटाहरु, क्रेताको नाम, सामानको विवरण र मिति सच्याएको कीर्ते विलहरु, झूठो विवरण भएको लेखा परीक्षण प्रतिवेदन र झूठो विवरण भएको आश्वासन पत्र समेत नयाँबजार एकीकरण आयोजना अन्तर्गतको खानेपानी योजना निर्माण सम्बन्धि ठेक्काको प्राविधिक प्रस्तावसाथ पेश गरेको र यसबाट प्राविधिक प्रस्तावमा अनुत्तीर्ण हुने सन्तोषी निर्माण सेवा प्रा.लि.उत्तीर्ण भै ठेक्का प्राप्त समेत गरी जम्मा रु.१,३१,८९,३१५।६९ आयोजनालाई गैरकानूनी हानी नोक्सानी समेत पुऱ्याएकोले त्यस्तो प्राविधिक प्रस्ताव पेश गर्ने निज जीवनराज कँडेल उपर भ्रष्टाचार

निवारण ऐन, २०५९ को दफा ८ (४) को कसुरमा आयोगको मिति २०६१।८।२१ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

उज्ज्वलराज कँडेलले भए गरेको भन्दा बढी परिमाणको माटो खन्ने र पुर्ने काम गरेको भनी विल पेश गरेको साथै कमतौल भएको र कम परिमाणमा जस्तालेपन भएको जि.आई. पाइप प्रयोग गरेको मा गुणस्तरयुक्त पाइप प्रयोग गरेको भनी र योजनास्थलमा जडान गरेको भन्दा बढी परिमाणमा पाइप जडान गरेको भनी गर्दै नगरेको कामको समेत विल पेश गरी भुक्तानी लिएको र यसबाट आयोजनालाई रु.१,३१,८९,३१५।६९ गैरकानूनी हानी नोक्सानी र आफू समेतलाई गैरकानूनी लाभ पुऱ्याएको हुँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) बमोजिमको कसुर गरेको अभियोगमा निज उज्ज्वलराज कँडेल उपर आयोगको मिति २०६१।८।२१ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

ठे. सन्तोषी निर्माण सेवा प्रा.लि.का प्रवन्ध निर्देशक केशवराज कँडेलले गलत विवरण र कीर्ते दस्तखत भएको बायोडाटाहरु पेश गरेको, विलहरुमा क्रेताको नाम, मिति र सामानको विवरण समेत सच्याएको, गलत विवरण भएको लेखा परीक्षण प्रतिवेदन तैयार गराई पेश गरेको, इष्ट ड्रिलिङ्ग कम्पनी प्रा.लि.संग हुँदै नभएको कार्गो ट्यांकरलाई भएको भनी आश्वासन पत्र लेख्न लगाएको, यान्त्रिक उपकरणहरुको निरीक्षण नै नगराई राम्रो अवस्थामा भएको भनी सिंचाई बिभागका मेकानिकल इन्जिनीयर सूर्यनाथ श्रेष्ठबाट प्रमाणित गराएको, बढी अनुभव भएको व्यक्तिको प्रस्ताव गरी कम अनुभव भएको व्यक्तिबाट निर्माण कार्य गराएको, आफ्नो फर्मले जिम्मा लिएको नयाँबजार जग्गा एकिकरण आयोजना कै ठेक्का अन्तर्गतको निर्माण कार्य सम्पन्न भै नसकेको अवस्थामा आफ्नो फर्मको जिम्मामा कुनै काम बाँकि नरहेको भनी झूठो विवरण उल्लेख गरेको, वोलपत्रसाथ पेश गरेका सम्पूर्ण विल नक्कली भएको प्रमाणित हुन आएको र त्यस्तो झूठो कागजातको प्रतिलिपी प्रमाणित गराई बोलपत्रसाथ पेश गरेको, मूल्यांकन समितिका पदाधिकारीहरु समेतलाई प्रभावमा पारी अनुत्तीर्ण हुने प्राविधिक प्रस्तावलाई उत्तीर्ण हुने गरी मूल्यांकन गराई ठेक्का प्राप्त गरेको र निर्माण कार्य गर्दा कम गहिराईमा माटो खन्ने काम गरी बढी गहिराईसम्म खनेको, कम परिमाणमा जस्ता लेपन गरेको र कम तौलको जि.आई पाईपलाई गुणस्तरयुक्त जि.आई.पाइप जडान गरेको र योजनास्थलमा जडान गरेको भन्दा वढी पाइप जडान गरेको समेत भनी ठेक्का विल पेश गरी गराई सोको भुक्तानी समेत लिई उक्त आयोजनालाई जम्मा

रु.१,३१,८९,३१५।६९ हानी नोक्सानी समेत पुऱ्याएको देखिएकोले निज ठे सन्तोषी निर्माण सेवा प्रा.लि.का प्रवन्ध निर्देशक केशवराज कँडेल उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) को कसूरमा २०६१।८।२१ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

ठे. सन्तोषी निर्माण सेवा प्रा.लि. ले प्राविधिक प्रस्तावसाथ पेश गरेको यान्त्रिक उपकरणहरुको विवरण मध्ये कार्गो ट्यांकर भनेको के हो भन्ने कुराको जानकारी समेत नभएको सूर्यनाथ श्रेष्ठले सो कार्गो ट्यांकर भाडामा उपलव्ध गराई दिने आश्वासन पत्र लेख्ने ईष्ट ड्रिलिङ कम्पनी प्रा. लि.संग हुँदै नभएको कार्गो ट्यांकर चालु हालतमा छ भनी प्रमाणित गरी दिएको र "क" बर्गका बिभिन्न निर्माण व्यवसायीहरुले पेश गर्ने बोलपत्र कागजातसाथ संलग्न गर्नु पर्ने प्रमाण कागजातहरुको सक्कल प्रति हेर्दै नहेरी हचुवाको भरमा प्रमाणित गरी दिएको कुरा सम्बन्धित ठेकेदारले सक्कल कागजात पेश गर्न नसकेबाट, आयोगले संकलन गरेको सक्कल विलहरुबाट र प्रतिलिपी प्रमाणित गरेको फोटोकपी कागजलाई पुनः प्रमाणित गरि दिएबाट पुष्टि हुन आएकोले निज सूर्यनाथ श्रेष्ठले राजपत्रांकित अधिकृतले प्रतिलिपी प्रमाणित गर्न पाउने अधिकारको दुरुपयोग गरेको, निजले ठेकेदारहरुको कागजपत्र प्रमाणित गर्ने कार्यलाई पेशाका रुपमा अवलम्बन गरेको र सो कुरा निजले स्वीकार गरेको र निजको उक्त कार्यबाट ठे. सन्तोषी निर्माण सेवा प्रा.लि.ले उक्त ठेक्का प्राप्त गरी निम्न गुणस्तरको निर्माण कार्य समेत गरी उक्त आयोजनालाई जम्मा रु.१,३१,८९,३१५।६९ हानी नोक्सानी पुऱ्याउने कसूरमा मतियार देखिएकाले निज सूर्यनाथ श्रेष्ठ उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) को कसूरको निज मतियारसम्म रहेबाट निजलाई ऐ. ऐनको दफा २२ बमोजिम आयोगको २०६१।८।२१ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

२५. भंसार चोरी पैठारी गरी आयात गरिएका र विभिन्न भंसार कार्यालयमा रहेका २०४ वटा सवारी साधनहरु मध्ये २४ थान सवारी साधनहरु शुरुमा यातायात व्यवस्था कार्यालय, सेतीमा गैर कानूनी रुपमा दर्ता गरी भ्रष्टाचार जन्य कसूर गरे भन्ने सम्बन्धमा अनुसन्धान गर्दा रा. १ ज १५६ नं समेतका २४ थान महेन्द्रा जीपहरु सडक विभाग हेभी इक्यूप्मेन्ट डिभिजन, बुटवलको लिलामी पत्र र यातायात व्यवस्था कार्यालय, बागमतीको सहमति पत्र समेत कीर्ते बनाई यातायात व्यवस्था कार्यालय, सेतीका कर्मचारीहरुसंगको मिलेमतोमा भवानीप्रसाद भुषालको नाममा दर्ता गराई भ्रष्टाचार जन्य कसूर गरी आफू समेतलाई गैर कानूनी लाभ र श्री ५ को सरकारलाई

गैर कानूनी हानी पुऱ्याएको देखिएकोले यातायात व्यवस्था कार्यालय, सेती अंचलका तत्कालीन प्रमुख कमलप्रसाद ढकाल, ना.सु. प्रेमबहादुर सिंह र खरिदार महेश्वरप्रसाद भट्टका हक्मा साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(१) तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(३) को कसूर अन्तर्गत र भवानीप्रसाद भुषाल, ऋषिराम खरेल र दयाराम यादवका हक्मा साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (४) को कसूर अन्तर्गत उल्लेखित २४ वटा जीपको जम्मा रु. १,११,४१,५७८।९८ भंसार लाग्ने देखिएकोले सोही रकम लाई हानी नोक्सानी भएको विगो कायम गरी उल्लिखित व्यक्तिहरुबाट विगो असूली र विगो बमोजिम जरिवाना समेतको माग दावी लिने गरी आयोगको २०६१।९।२० को बैठकको निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

२६. कृषि सामग्री कम्पनीका तत्कालिन प्रवन्ध सञ्चालक चतुर्भुज भट्टले भ्रष्टाचारको प्रपञ्च रची अस्तित्वमै नभएको क्लानपोर्ट इन्टरनेशनल नामक जाली कम्पनी खडा गरी आफ्ना छोरा दीपक भट्टलाई उक्त कम्पनीको एजेण्ट बनाई निज मार्फत कृषि सामग्री कम्पनीको युरिया मल खरीद सम्बन्धी क्लानपोर्टको टेण्डर स्वीकृत गराउने र म्याद थप गर्ने समेतको काम गरिदिए वापत रिसवत लिने खाने काम गरेको हुँदा यसरी रिसवत लिनेदिने उपर कारवाही गरी पाउँ भनी पर्न आएको उजूरी उपर अनुसन्धान गर्दा रिसवत (घुस) दिने उमर सायग, क्लानपोर्ट इन्टरनेशनल, इन्द्रकुमार थापा र रिसवत लिने चतुर्भुज भट्ट एवं रिसवतको प्रवन्ध मिलाई दिने दीपक भट्ट समेत दोषी देखिन आए । कृषि सामग्री कम्पनी लिमिटेडका प्रवन्ध सञ्चालक चतुर्भुज भट्टले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ विपरित आफ्नो ओहदा सम्बन्धी (टेण्डर स्वीकृत गर्ने, गराउने समेतका) काम वापत पटक पटक गरी रु.५० लाख ५० हजार घूस लिए खाएको देखिन आयो । तसर्थ निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा १ को खण्ड (ज) र दफा २४ वमोजिम थप समेत गरि हदै सम्मको सजाय र ऐ ऐनको दफा ३ (१) वमोजिम रिसवत रकम जफतको माग दावी लिई तथा आफ्ना बाबु मार्फत टेण्डर स्वीकृत गराउने जिम्मेवारी लिएका निज चतुर्भुज भट्टका सहोदर छोरा दीपक भट्टले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ (२) विपरित आफ्नो बाबुबाट क्लानपोर्ट इन्टरनेशनलको टेण्डर स्वीकृत गराउन आफ्नो बाबुका निमित्त रिसवत (घूस) लिएको देखिंदा निजलाई सोही ऐनको दफा ३ उपदफा १ को देहाय (ज) वमोजिम सजाय गरी उपदफा (२) बमोजिम रिसवत रकम समेत जफत हुने गरी एवं

दीपक भट्ट र चतुर्भुज भट्टलाई क्लानपोर्ट इन्टरनेशनलको टेण्डर स्वीकृत गराउन मनाउन समेतका लागि क्लानपोर्ट इन्टरनेशनलको तर्फवाट घुस दिने ओमर सयागले ऐ ऐनको दफा ३ को उपदफा ३ विपरित कसूर गरेको देखिदा निजहरुलाई ऐनको दफा ३ को उपदफा (१) अनुसार सजायको माग दावी लिने र क्लानपोर्ट इन्टरनेशनलको नेपाल स्थित प्रतिनिधि इन्द्र कुमार थापाले उक्त ऐनको दफा ३ को देहाय ३ विपरित कसुर गरेको देखिंदा निजलाई सोही दफाको उपदफा (१) बमोजिम सजायको माग दावी लिई मुद्दा दायर गर्नु पर्नेमा निज ईन्द्रकुमार थापाले अनुसन्धान कार्यमा सहयोग गरेको हुंदा निजलाई ऐ.ऐनको दफा ५५ अनुसार सजायमा पूर्ण छुट दिने गरी अरुको हक्मा माथी उल्लेख भए मुताबिक सजायंको माग दावी लिई आयोगको २०६१।९।२१ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

२७. नेपाल टेलिकम केन्द्रीय कार्यालयमा कार्यरत सहायक संचालन अधिकृत लक्ष्मीदास शर्माले बढुवा पाउने उद्देश्यले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र नक्कली एवं झुठा देखिन आएकोले निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ एवं हाल प्रचलित भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १६(१) अनुसारको कसूर देखिन आएकोले उक्त दफा बमोजिम सजाय हुन मागं दावी लिई आयोगको मिति २०६१।९।२३ को निर्णयानुसार निज उपर विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

२८. नेपाल बैंक लिमिटेड अन्तरगत तत्कालिन वरिष्ठ सहायक पाँचौ तहमा कार्यरत (हाल अवकाश प्राप्त) गंगा सिंह देउवाले सो पदमा सेवा प्रवेश पाउने उद्देश्यले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र नक्कली एवं झुठा देखिन आएकोले निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ एवं हाल प्रचलित भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १६(१) अनुसारको कसूर देखिन आएकोले उक्त दफा बमोजिम सजाय हुन मागं दावी लिई आयोगको मिति २०६१।१०।७ को निर्णयानुसार निज उपर विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

२९. नेपाल बैंक लिमिटेडमा कार्यरत बरिष्ठ वही रक्षक श्याम महर्जनले बढुवा पाउने उद्देश्यले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र नक्कली एवं झुठा देखिन आएकोले निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ एवं हाल प्रचलित भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १६ (१) अनुसारको कसूर देखिन

आएकोले उक्त दफा बमोजिम सजाय हुन मागं दावी लिई आयोगको मिति २०६१।१०।२५ को निर्णयानुसार निज उपर विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

३०. कृषि विकास बैंकका का.स.बोधराज पौडेलले बढुवा पाउने उद्देश्यले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र नक्कली एवं झुठा देखिन आएकोले निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ एवं हाल प्रचलित भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १६ (१) अनुसारको कसूर देखिन आएकोले उक्त दफा बमोजिम सजाय हुन मागं दावी लिई आयोगको मिति २०६१।१०।२५ को निर्णयानुसार निज उपर विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

३१. सम्पत्ति न्यायिक जाँचबुझ आयोग, २०५८ को प्रतिवेदन श्री ५ को सरकारबाट आवश्यक कारवाहीका लागि आयोगमा प्राप्त भएकोमा सो प्रतिवेदनमा पूर्व सहसचिव अरुणकुमार रंजितकारको जम्मा रु.१,४१,९८,८९०।८३ बराबरको सम्पत्ति भएकोमा रु.९८,५५,०९८।२३ बराबरको सम्पत्तिको स्रोत नखुलेको भन्ने समेतको सम्बन्धमा अनुसन्धान गर्दा निज अरुणकुमार रंजितकार र निजका परिवारका सदस्यहरूका नाममा रहेका सम्पत्तिमध्ये रु.३,१९,६७,४३८।५५ मूल्य बराबरको चल अचल सम्पत्तिको स्रोत खुलेको देखिन आएन । निज अरुणकुमार रंजितकार मिति २०२९।१।८ देखि सार्वजनिक पदमा प्रवेश गरेपछि ०४४ सालको अंशवण्डाको लिखतबाट निजले अंशवापत नगद रु.५,०००।- मात्र प्राप्त गरेको र अन्य अचल सम्पत्ति प्राप्त गरेको नदेखिएको र निज अरुणकुमार रंजितकार एवं निजका परिवारको नाममा रहे भएका सम्पत्ति आर्जनको स्रोतमध्ये निजको र पत्नीको तलव, भत्ता, घरभाडा, विदेश भ्रमणबाट प्राप्त संचित रकम, परामर्श सेवाबाट प्राप्त रकम र जग्गा विक्रीबाट प्राप्त रकमलाई प्रमुख रुपमा प्रस्तुत गर्नुभएको देखिन्छ । निजको वैधानिक आयको रुपमा रहेको तलव, भत्ता, विदेश भ्रमणबाट प्राप्त रकम, परामर्श सेवाबाट प्राप्त रकम, जग्गा विक्रीबाट प्राप्त रकम र स्रोत खुलेको घरको घर वहाल वापत प्राप्त रकम र घर खर्चको अवस्था हेर्दा यी श्रोतवाट प्राप्त रकमले घर व्यवहार चलाउने बाहेक उल्लेख्य मात्रामा वचत भई सो रकम व्यवसायिक वा अन्य क्षेत्रमा लगानी गर्न वा थप सम्पत्ति आर्जन गर्नमा प्रयोग हुन सक्ने अवस्थाको देखिन आएन । निज अरुणकुमार रंजितकार एवम् निजको परिवारका नाममा विभिन्न बैंकहरूमा रु.२,६८,५६२।४७ मौज्दात रहेको, रु.४०,६७,७००।- मूल्य वरावरको शेयर लगानी विभिन्न संस्थामा रहेको, काठमाण्डौ जिल्लामा रु.१,३६,९८,७७४।९२ मूल्य पर्ने चार वटा घरहरू निर्माण गरेको, काठमाण्डौ र कास्की जिल्लाको पोखरामा पटक पटक गरी

रु.३,१४,२८,३१२।५० मूल्य पर्ने जग्गा खरीद गरेको, छोरा छोरीलाई विदेशमा अध्ययन गराउदा रु.३०,०४,३१६।- खर्च गरेको, रु १०,५४,१००।- खर्च गरी मोटर तथा मोटर साईकल लगायतका सवारी साधन खरीद गरेको र निजको बैंक कारोवार अस्वाभाविक भएको समेतका अवस्था देखिन आयो । उपरोक्त आधारमा अरुणकुमार रंजितकार र निजका परिवारको सम्पत्ति वैधानिक आयस्रोतसँग अमिल्दो देखिएको र निजले अस्वाभाविक जीवनस्तर व्यतित गरेको देखिन आएकोले निजको परिवार समेतका नाममा रहेका स्रोत खुल्न नआएको रु.३,१९,६७,४३८।५५ मूल्य बराबरको सम्पत्ति देखिन आयो ।

तसर्थ निज अरुणकुमार रंजितकारले सावि‍क भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३, ७(१), १० र १५ तथा हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) बमोजिम कसूर गरेको पाइएकोले निजलाई सावि‍क भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३, ७(१), १० र १५ तथा हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(२) बमोजिम सजाय गरी त्यसरी गैरकानूनी ढङ्गले आर्जन गरेको सम्पत्ति सावि‍क भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ग. र २९ तथा हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(२) र ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख. बमोजिम जफतको माग दावी लिन र निज अरुणकुमार रंजितकारले भ्रष्टाचार गरी गैरकानूनी रूपमा आर्जन गरेको सम्पत्ति निजकी पत्नी हरीदेवी रंजितकार तथा छोरी अनुजा रंजितकार समेतका नाममा राखेकोले सावि‍क भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ग. तथा हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख. समेतका आधारमा सो सम्पत्ति जफत गर्ने प्रयोजनका लागि निजहरूलाई प्रतिवादी कायम गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३५ र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३६ अनुरूप आयोगको २०६१।१०।२६ को निर्णयानुसार विशेष अदालत काठमाण्डौमा मुद्दा दायर गरियो ।

३२. सम्पत्ति न्यायिक जाँचबुझ आयोग, २०५८ को प्रतिवेदन श्री ५ को सरकारबाट आवश्यक कारवाहीका लागि आयोगमा प्राप्त भएकोमा सो प्रतिवेदनमा पूर्व सह-सचिव निरञ्जनप्रसाद चालिसेको जम्मा रु.१,३६,४४,०००।- बराबरको सम्पत्ति भएकोमा रु.१,२९,४७,२४६।- बराबरको सम्पत्तिको स्रोत नखुलेको भन्ने समेतको सम्बन्धमा अनुसन्धान गर्दा निज निरञ्जनप्रसाद चालिसेले निज तथा निजको परिवारका नाममा रहेको कूल सम्पत्ति रु.५,७५,४६,३९१।८७ मध्ये रु.४,१४,९५,५३६।८३ मूल्य बराबरको चल/अचल सम्पत्तिको स्रोत खुलेको देखिन आएन । निज निरञ्जनप्रसाद चालिसेले सार्वजनिक पद धारण गरेपछि आफ्नो तथा आफ्नी आमाको नाममा काठमाण्डौ जिल्ला का.म.न.पा.-२३(व) मा प्रचलित मूल्य

रु.८३,०६,२५०।- पर्ने क्षेत्रफल १-१२-२-० रोपनी जग्गा खरीद गरी हाल प्रचलित मूल्य रु.३५,९८,४५०।९५ पर्ने घर निर्माण गरेको; काठमाण्डौ जिल्ला का.म.न.पा.-२२.(छ) मा प्रचलित मूल्य रु.६९,००,०००।- पर्ने क्षेत्रफल १-५-०-० रोपनी जग्गा खरीद गर्नुका साथै प्रचलित मूल्य रु.३२,८२,७०७९७ पर्ने घर निर्माण गरेको; काठमाण्डौ जिल्ला धापासी-१(ख) मा प्रचलित मूल्य रु.७०,१२,५००।- पर्ने क्षेत्रफल ३-१२-२-० रोपनी जग्गा खरीद गरेको; काभ्रेपलाञ्चोक जिल्ला पाँचखाल-७ मा क्षेत्रफल ९-१४-०-०रोपनी जग्गा, सुनसरी जिल्ला दुहवी-४(ख) मा क्षेत्रफल ०-४-१६ बिगाहा जग्गा, धनुषा जिल्ला महुला-८(क) मा क्षेत्रफल १-७-० वि. जग्गा, धनुषा वेंगाशिवपुर-७(ख) मा क्षेत्रफल ०-६-० विगाहा जग्गा खरीद गरेको देखिएको; धनुषा जिल्ला जनकपुरमा रु.१८,४८,६९४।७६ रकम पर्ने घर निर्माण गरेको; निज चालिसेकी श्रीमती गीताकुमारी अधिकारीको नाममा रहेको का.म.न.पा.-९ को घरमा तल्ला थप गरेको; निज चालिसे एवं निजको परिवारका नाममा नेपाल बंगलादेश बैंक लि. समेतका बैंकमा ४४ वटा बैंक खाताहरू रही हाल मौज्दात रु.४७,५०,३९४।९१ रहेको; रु.१८,१५,०००।- मूल्य परेको सवारी साधन रहेको; रु.२,०६,२००।- मूल्यको ओरियण्टल होटल समेतमा शेयर खरीद गरेको; सम्पत्ति न्यायिक जाँचबुझ आयोग गठन भए पश्चात् रु.१,२६,८९,२७४।२० रकम झिकी पछि अनुसन्धानका सिलसिलामा फेला परेका कुनै सम्पत्ति आर्जन नगरी वेपत्ता पारेको समेत देखिन आयो । निज निरञ्जनप्रसाद चालिसेको आयस्रोत तर्फ हेर्दा निजले प्राप्त गरेको तलव, भत्ता एवं विदेश भ्रमणबाट प्राप्त रकमबाट वचत भएको रकम, कन्सल्टेन्सीबाट प्राप्त रकम, धनुषा जिल्ला स्थित क्षेत्रफल ७-१-१.३ बिगाहा जग्गाको कृषि आय नै मुख्य रूपमा देखिन्छ । तसर्थ निजले प्रस्तुत गर्नुभएका आयस्रोतले उपरोक्त सम्पत्ति आर्जन गर्न सक्ने स्थिति देखिन आएन । उपरोक्त आधारमा निज निरञ्जनप्रसाद चालीसे सार्वजनिक पदमा प्रवेश गरेपछि आर्जन गरेका सम्पत्तिहरू निजको आयस्रोतसँग अमिल्दो तथा अस्वाभाविक देखिएको र निजले वैधानिक आयस्रोतसँग अमिल्दो र अस्वाभाविक जीवनस्तर व्यतित गरिरहेको देखिन आएकोले निज एवं निजको परिवार समेतका नाममा रहे भएको तथा सम्पत्ति न्यायिक जाँचबुझ आयोग गठन भएपश्चात् बैंक एवं वित्तिय संस्थाबाट निकाली बेपत्ता पारेको समेत स्रोत खुल्न नआएको रु.४,१४,९५,५३६।८२ बराबर मूल्यको सम्पत्तिको हकमा अभियोग दावी लिईएको छ । उपरोक्तानुसार निज निरञ्जनप्रसाद चालिसेले सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३, ७(१), १० र १५ तथा हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) बमोजिम कसूर गरेकोले सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३, ७(१), १० र १५ तथा हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(२) बमोजिम कैद र जरिवाना गरी त्यसरी गैरकानूनी ढङ्गले आर्जन गरेको सम्पत्ति सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ग. र २९ तथा हाल प्रचलित

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(२) र ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख. बमोजिम जफतको माग दावी लिनुका साथै निज निरञ्जनप्रसाद चालिसेले स्रोत पुष्टि नभएका सम्पत्ति आर्जन गरी विभिन्न बैंकहरू समेतबाट झिकी बेपत्ता पारेका रकमहरू निजका अभियोग माग दावी बमोजिम स्रोत खुलेका रकमहरूबाट असुल उपर गरी पाउन माग दावी लिने, निज निरञ्जनप्रसाद चालिसेले भ्रष्टाचार गरी गैरकानूनी रूपमा आर्जन गरेको सम्पत्ति निजकी पत्नी गीताकुमारी अधिकारी समेतका नाममा राखेकोले साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ग. तथा हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख. समेतका आधारमा सो सम्पत्ति जफत गर्ने प्रयोजनका लागि निजहरूलाई समेत प्रतिवादी कायम गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३५ र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३६ अनुरूप आयोगको २०६१।१०।२६ को निर्णयानुसार विशेष अदालत काठमाण्डौमा मुद्दा दायर गरियो ।

३३. प्रहरी प्रधान कार्यालयमा कार्यरत प्रहरी नायव उपरीक्षक जगदीश चन्दले प्रहरी निरीक्षक पदमा नियुक्ति पाउने उद्देश्यले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र नक्कली एवं झुठा देखिन आएकोले निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ एवं हाल प्रचलित भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १६(१) अनुसारको कसूर देखिन आएकोले उक्त दफा बमोजिम सजाय हुन मागं दावी लिई आयोगको मिति २०६१।११।१२ को निर्णयानुसार निज उपर विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

३४. नेपाल राष्ट्र बैंकमा कार्यरत प्रधान सहायक राजन चौलागाईले बढुवा पाउने उद्देश्यले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र नक्कली एवं झुठा देखिन आएकोले निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ एवं हाल प्रचलित भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १६(१) अनुसारको कसूर देखिन आएकोले उक्त दफा बमोजिम सजाय हुन मागं दावी लिई आयोगको मिति २०६१।११।१४ को निर्णयानुसार निज उपर विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

३५. स्थानीय विकास निर्माण आयोजना अन्तरगत थानकोट चित्लाङ्ग सडकमा आ.व. ०५५।५६ को निर्माण कार्यमा हचुवा किसिमको डिजाइन इष्टिमेट गरी गुणस्तरहीन काम

गराई भ्रष्टाचार गरे भन्ने विषयमा अनुसन्धान गर्दा ठेक्का नं. २, चेनेज ४+९७५ देखि ५+७०० सम्म सडक निर्माण कार्यको रु. ४४,७७,१५३।५५ को ल.ई. आयोजनाबाट स्वीकृत भएकोमा ठे. सिद्धकाली निर्माण सेवासँग मिति ०५५।९।१३ मा रु. १४,२९,३१८।७० को संभौता भै मिति २०५६।५।२० सम्ममा कार्य सम्पन्न गर्ने गरी संभौताको म्याद थप समेत भएको देखियो । ठेकेदारले पेश गरेको बोलपत्रमा कडा चट्टान फुटाउने कार्य ३७९२.६६ घ.मि. को प्रति घ.मि. को रु. ९५।- का दरले र बोल्डर मिसिएको माटो काट्ने कार्य ३४१३४ घ.मि. को प्रति घ.मि. रु. २२।- का दरले गर्ने गरी कवोल गरेको देखिन्छ भने स्वीकृत भएको ल.ई. हेर्दा पनि कडा चट्टान फुटाउने कार्य र बोल्डर मिसिएको माटो काट्ने कार्य माथि उल्लेखित परिमाण बमोजिम कै गर्ने गरी स्वीकृत भएको पाइयो । उल्लेखित ल.ई. को कामको परिमाणमा थपघट गर्नुपरेमा आ.प्र. सम्बन्धी नियमहरु २०४२ को नियम ६ को (१४) बमोजिम स्वीकृति लिएर थप घट गर्न सकिनेमा सो अनुसार पनि नगरेको र रनिङ्ग विल साथ पेश भएका कागजातमा नापजाँच विवरण र नक्सा समेतको अभाव हुँदा ठेक्का विल समेतमा उल्लेख भएको कामको प्रकृति र परिमाण अनुरुपको काम गरेको रहेछ भनी मान्न सकिने स्थिति देखिएन । अतएव, बढी दररेट भएको कडा चट्टान काट्ने कार्यको ल.ई. र संभौता भन्दा १७४.२% ले बढाई घटी दररेट भएको बोल्डर मिसिएको माटो काट्ने कामको परिमाण सोही प्रतिशतले घटाई ठेकेदारलाई रु. ३,४१,४६६।९९ वढी रकम भुक्तानि दिएको र यसबाट संभौता बमोजिमको रकम भुक्तानी भै सक्दा पनि सडक निर्माण कार्य भने २९.१९% बाँकी नै रहेको देखिएकोले सम्बन्धित कर्मचारी र ठेकेदारको मिलेमतोबाट श्री ५ को सरकारलाई रु. ३,४१,४६६।९९ हानी नोक्सानी पुगेको र निजहरुले गैरकानूनी लाभ लिएको देखियो । चेनेज ६+००० देखि ६+०२५ र चेनेज ६+०२५ देखि ६+२२५ सम्मको सडक खण्ड निर्माणका सम्बन्धमा हेर्दा चेनज ५+७०० देखि ६+६७५ सम्मको ल.ई. स्थानीय विकास निर्माण आयोजनाका प्रमुखबाट रु. ४३,१६,५०४।२१ (कन्टिन्जेन्सी वाहेक) को स्वीकृत भएकोमा स्वीकृत ल.ई. बमोजिम टेण्डर आह्वान गरी काम गर्नु पर्नेमा थानकोट चित्लाङ्ग सडक निर्माण योजनाका प्रमुखले उक्त चेनेजहरु भित्र पर्ने कार्यलाई टुक्र्याई चेनेज ६+००० देखि ६+०२५ सम्म कोटेशनमा ठेकेदार सिद्धकाली निर्माण सेवालाई ल.ई. कै हाराहारीको दररेटमा र चेनेज ६+०२५ देखि ६+२२५ सम्मको सडक खण्ड भने सोही ठेकेदारसँग विना टेण्डर थप कार्य भनी मिति ०५६।१।९ मा रु. १०,०९,७२२।८२ को ठेक्का संभौता गरेको पाइयो । उक्त दुवै कार्यमा ल.ई. मा उल्लेखित ढुङ्गा माटो काट्ने कामको प्रकृति र परिमाणलाई परिवर्तन गरी वढी दररेट हुने कार्यको परिमाण धेरै र घटी दररेट हुने कार्यको परिमाण घटी गरी आफू भन्दा

माथिल्लो निकायले स्वीकृत गरेको ल.ई. लाई परिवर्तन/संशोधन गरी आफैले स्वीकृत गरेको देखियो । यसरी आयोजनाबाट स्वीकृत ल.ई. को परिमाणको काम सोही ठेकेदारले अन्य खण्डमा कवोल गरेको दररेटमा गर्दा कोटेशनको काममा रु. १,१४,४०८।८९ र थप कार्य तर्फको कामको रु. ५,७७,९५१।९५ बढी भुक्तानि दिई श्री ५ को सरकारलाई जम्मा रु. ६,९२,३६०।८४ हानी नोक्सानी पुऱ्याएको देखियो । यसप्रकार योजनाका सम्बन्धित कर्मचारीले टेण्डर आह्वान गरी सम्पन्न गर्नुपर्ने कार्यलाई टुक्राटुक्रा पारी कोटेशन र थप कार्य अन्तरगत आफैले ल.ई. समेत संशोधन गरी वदनियतपूर्वक कार्य गरी गराई श्री ५ को सरकारलाई हानी नोक्सानी र आफुहरुलाई लाभ हुने कार्य गरेको देखिनाले सो कार्यहरुमा संलग्न तत्कालीन योजना प्रमुखहरु इन्द्रबहादुर शाह र महमद नुरुल होडा, तत्कालीन लेखापाल रामजी भण्डारी, सवओभरसियर भजेन्द्र मण्डलको संलग्नता देखिएको र निजहरुले गरेको कसूर तत्काल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७.१ र दफा २९ तथा हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८.१ को (घ) र ८.३ समेतबाट सजायं हुने कसुर देखिनाले र ठेकेदार सिद्धकाली निर्माण सेवाका प्रो. सूर्यवहादुर कार्की र निजका अधिकृत प्रतिनिधि राजेन्द्र लामाले गरेको कसुर तत्काल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ र दफा २९ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८.४ बमोजिम सजायं हुने कसुर देखिनाले उल्लेखित दफा बमोजिम निजहरुलाई हदैसम्म सजायं गरी बिगो असुल उपर गर्न समेत मागदावी लिई आयोगको २०६१।११।१७ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

मर्मत कार्य तर्फ थानकोट चित्लाङ्ग सडकमा थुप्रिएको पहिरो हटाउन काम भैरहेको भनी रु. ६२,४०९।४३ को ल.ई. तयार गराई योजना प्रमुखले स्वीकृत गरी सो कार्य अमानतबाट गराउन सवओभरसियर भजेन्द्र मण्डललाई मिति ०५५।६।७ मा रु. ६०,०००।- पेश्की दिएकोमा उक्त पेश्की रकम खर्च नभएको भनी नगद रु. ६०,०००।- संलग्न राखी पेश्की फछ्यौंटका लागि भनी मिति ०५५।८।२ मा निवेदन दिएको समेत देखियो । उक्त कामलाई नै अरु केही काम समेत थप गरी रु. १,४९,८३०।५५ को संशोधित ल.ई. वनाइएकोमा ठेकेदार सिद्धकाली निर्माण सेवाका तर्फबाट परेको भनिएको रु. १,४५,५०३।- को कोटेशन स्वीकृत गरी मिति ०५५।६।२५ मा संझौता गरेको समेत देखियो । तर ठेकेदारहरुको बयान समेतबाट निजहरुले सो काम गर्दै नगरेको पाइएको र ठेकेदार सिद्धकाली निर्माण सेवाका प्रोप्राइटर सूर्यबहादुर कार्कीसँग मिलेमतो गरी कागजात मात्र तयार पारी गर्दै नगरेको काम वापत गरे भएको भन्ने

कागजात मिलाई योजना प्रमुख समेतका कर्मचारी र ठेकेदार समेतले गैरकानूनी कार्य गरी रु. १,४२,२१०।२० रकम लिई खाई श्री ५ को सरकारलाई हानी नोक्सानी र आफुलाई लाभ हुने काम गरेको देखियो । अतएव, उक्त कसुरमा संलग्न तत्कालीन योजना प्रमुख इन्द्रबहादुर शाह, तत्कालीन सवओभरसियर भजेन्द्र मण्डल, तत्कालीन सहलेखापाल प्रकाशकुमार कार्की उपर निजहरुले गरेको कसुर तत्काल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७.१ र दफा २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८.१ को (घ) र ८.३ बमोजिमको सजायं हुने कसुर देखिनाले निजहरु उपर उल्लेखित दफाहरु बमोजिम हदैसम्म सजायं गरी बिगो असुल उपर गर्ने मागदावी लिइ र ठेकेदार सूर्यबहादुर कार्कीले भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८.४ समेतबाट सजायं हुने कसुर गरेको देखिएकोले निज उपर उल्लेखित दफाहरु बमोजिम हदैसम्म सजायं गरी निजबाट पनि बिगो असुल उपर गर्ने समेतको माग दावी लिई आयोगको २०६१।११।१७ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

चेनेज ६+२२५ देखि ७+७०० सम्मको सडक खण्ड निर्माण सम्बन्धमा सो खण्डको १४७५ मी. सडक निर्माण कार्यको लागि रु.८,३८,७५०।- कवोल गर्ने ठे. महात्मा कन्स्ट्रक्शनका प्रो. होमप्रसाद शर्मासँग मिति ०५५।१०।१८ मा संझौता भएको देखियो । रु. ६०।- प्रति घ.मि. का दरले २९०६.७५ घ.मि. कडा चट्टान काट्ने र रु. २५।- प्रति घ.मि. का दरले २६१६०.८ घ.मि. बोल्डर मिसिएको माटो काट्ने गरी संझौता भएकोमा बढी दररेट भएको कडा चट्टान काट्ने कामको परिमाण बढाई र घटी दररेट भएको बोल्डर मिसिएको माटो काट्ने कामको परिमाण घटाई भुक्तानि दिएको र सो परिमाण घटी/बढी भएको भन्ने सम्बन्धमा कुनै पनि प्रमाण पेश गर्न नसकेको साथै नापी किताबमा समेत विस्तृत नापी विवरण, क्रससेक्सन उल्लेख नगरी हचुवाको भरमा परिमाण मात्र उल्लेख गरी रु. १,४८,५०८।५० बढी रकम भुक्तानि दिई श्री ५ को सरकारलाई गैरकानूनी हानी नोक्सानी र आफूहरुलाई गैर कानूनी लाभ पुऱ्याएको देखियो । तसर्थ उक्त कसुरमा संलग्न तत्कालीन योजना प्रमुख इन्द्रबहादुर शाह, तत्कालीन सवओभरसियर भजेन्द्र मण्डल, तत्कालीन लेखापाल रामजी भण्डारी उपर निजहरुले गरेको कसुर तत्काल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७.१ र दफा २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८.१ को (घ) र ८.३ बमोजिम सजायं हुने कसुर देखिनाले निजहरु उपर उल्लेखित दफाहरु बमोजिम हदैसम्म

सजायं गरी बिगो असुल उपर गर्ने मागदावी लिइ र ठेकेदार महात्मा कन्स्ट्रक्शनका प्रो. होमप्रसाद शर्माले भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८.४ बमोजिम सजायं हुने कसुर गरेको देखिएकोले निज उपर उल्लेखित दफाहरु बमोजिम हदैसम्म सजायं गरी निजबाट पनि बिगो असुल उपर गर्ने समेतको मागदावी लिई आयोगको २०६१।११।१७ को निर्णयानुसार विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरियो ।

३६. सिंहदेवी इन्टर प्राइजेजका प्रो. झकिन्द्र वस्नेतले राष्ट्रिय वाणिज्य बैंक भोटाहिटी शाखामा खोलेको प्रतितपत्र कारोवारमा बैंकका कर्मचारीहरुको संलग्नता सम्बन्धमा छानविन गर्दा यसमा सिंहदेवी इन्टर प्राइजेजका प्रो. झकिन्द्र वस्नेत तथा राष्ट्रिय वाणिज्य बैंक भोटाहिटी शाखाका तत्कालिन प्रबन्धक तीर्थप्रसाद न्यौपाने, तत्कालीन लेखा अधिकृत अनिल कुमार भण्डारी, वरिष्ठ सहायक रघुवरराज पाण्डे समेतको परस्पर मिलेमतो, सर सल्लाह, सहयोग र संलग्नतामा रा.वा.बैंक भोटाहिटी शाखाबाट वि.एच./टी/३०/४२६ नं. को प्रतितपत्र खोली सिंगापुरबाट कथित कम्प्यूटर पार्ट आयात गरि ल्याउन भनि उल्लेखित प्रतितपत्रमा तोकिएको सिमा रकम नघाई मनासिव कारण विना संशोधन समेत गरी, गराई तत्कालीन सटही दर वमोजिम रु. २,८२,३७,५००।- वरावरको ४,८४,७५०।- यू.एस.डलर भुक्तानी लिई, दिई सामान आयात नगरी उक्त विदेशी मुद्रा हिना मिना गरिएको तथा विदेशी विनिमय नियमित गर्ने फाराम नं. ४ मा भन्सार अधिकृत र भन्सार कार्यालयको कीर्ते दस्तखत छाप प्रयोग गरि त्यसैका आधारमा बैंकमा राखिएको धरौटी रकम फिर्ता लिए दिएको देखियो । यसरी निज झकिन्द्र वस्नेत तथा राष्ट्रिय वाणिज्य बैंक भोटाहिटी शाखाका तत्कालिन प्रबन्धक तीर्थप्रसाद न्यौपाने, तत्कालीन लेखा अधिकृत अनिल कुमार भण्डारी, वरिष्ठ सहायक रघुवरराज पाण्डे, समेतले गैर कानूनी कार्य गरी श्री ५ को सरकारलाई उक्त विदेशी मुद्राको विगो वरावरको रकम हानी नोक्सानी पुऱ्याई भ्रष्टाचारको कसूर गरेको देखिदा निज झकिन्द्र वस्नेत उपर तत्कालिन भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ तथा दफा २९ र हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) बमोजिम र राष्ट्रिय वाणिज्य बैंक भोटाहिटी शाखाका तत्कालिन प्रबन्धक तीर्थप्रसाद न्यौपाने, तत्कालीन लेखा अधिकृत अनिल कुमार भण्डारी र वरिष्ठ सहायक रघुवरराज पाण्डे उपर तत्कालिन भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७ (२) तथा दफा २९ र हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(३) बमोजिम सजाय हुन र विगोको हकमा विगो असुल गरिने मितिमा कायम हुन आउने विनिमय दर अनुसारको

विगो प्रतिवादीहरुबाट असूल उपर गरि पाउन माग दावी लिई आयोगको २०६१।११।१८ को निर्णयानुसार विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरियो ।

३७. बिद्युत बिकास बिभाग अन्तर्गत लिखु र त्रिशुली जल बिद्युत आयोजना सर्बेक्षणको लागि राखिएको बैंक ग्यारेन्टी समयमा जफत नगरि भ्रस्टाचार गरेको भन्ने विषयमा अनुसन्धान हुँदा उक्त आयोजनाहरुको सर्बेक्षण कार्यको लागि अनुमति प्राप्त फर्म प्यासिफिक हाइड्रो लिमिटेडले सर्भेक्षणको काम गर्न अनुमति पाएको र सो अनुमति पत्रमा लेखिएको मिति सम्ममा काम गर्न नसके वैंक ग्यारेण्टी वापत राखिएको लिखु आयोजनाको ग्यारेण्टी ७२,०००।०० अमेरिकी डलर र त्रिशुलि आयोजनाको ग्यारेण्टी ४३,०००।०० अमेरिकी डलर जफत हुने शर्त रहेकोमा अनुमति प्राप्त गर्ने प्यासिफिक हाइड्रोले काम नगरेकोले सो कार्य नगरे बापत उक्त धरौटी जफत नगरी जमानत बापत प्राप्त हुने रकम प्राप्त हुन नसक्ने अवस्थामा पारी श्री ५ को सरकारलाई हानी नोक्सानी पुऱ्याउने र प्यासिफिक हाइड्रोलाई लाभ पुऱ्याउने कार्य गरेको देखिनाले श्री ५ को सरकारलाई अमेरिकी डलर १,१५,०००।००, तत्कालको सटही दरले हुने रु ८९,६४,२५०।- हानी नोक्सानी पुग्न गएको देखिन आएकोछ । सो कसुर गर्ने कार्यमा विद्युत विकास विभागका तत्कालीन महानिर्देशक लेखमान सिं, निमित्त महाशाखा प्रमुख दिब्य नारायण मानन्धर र मूल्यांकन तथा अनुमतिपत्र शाखाका प्रमुख अंगिरा आचार्य समेतको लापरबाही, मिलेमतो र संलग्नता देखिन आएको हुंदा साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७ (१) र दफा २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (३) बमोजिम श्री ५ को सरकारलाई हानी नोक्सानी पुरयाएको उक्त रकम रु ८९,६४,२५०।- र हदै सम्मको सजायको माग दावी गरी आयोगको मिति २०६१।११।२० को निर्णयानुसार विशेष अदालत, काठमाण्डौमा मुद्दा दायर गरियो ।

३८. राष्ट्रिय प्राथमिक विद्यालय अमिलिया, रत्ननगर, चितवनका तत्कालिन प्राथमिक शिक्षिका पदमा कार्यरत (हाल अवकास प्राप्त) निर्मला न्यौपानेले सो पदमा सेवा प्रवेश पाउने उद्देश्यले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र नक्कली एवं झुठा देखिन आएकोले निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ एवं हाल प्रचलित भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १६(१) अनुसारको कसूर देखिन आएकोले उक्त दफा बमोजिम सजाय हुन मागं दावी लिई आयोगको मिति २०६१।११।२४ को निर्णयानुसार निज उपर विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

३९. लोकप्रिय प्राथमिक विद्यालय, चिन्नेवास स्याङजामा कार्यरत प्रा.शि. नुना कुमारी थापाले सेवा प्रवेश गर्ने उद्देश्यले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र नक्कली एवं झुठा देखिन आएकोले निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ एवं हाल प्रचलित भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १६(१) अनुसारको कसूर देखिन आएकोले उक्त दफा बमोजिम सजाय हुन मागं दावी लिई आयोगको मिति २०६१।११।२७ को निर्णयानुसार निज उपर विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

४०. घरेलु तथा साना उद्योग विकास समिति मुख्यशाखा कार्यालय उदयपुरमा कार्यरत बरिष्ठ सहायक (प्रविधिक) दिनेश्वर माझीले सो पदमा बढुवा पाउने उद्देश्यले पेश गरेको शैक्षिक योग्यताको प्रमाण नक्कली एवं झुठा देखिन आएकोले निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ एवं हाल प्रचलित भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १६(१) अनुसारको कसूर देखिन आएकोले उक्त दफा बमोजिम सजाय हुन मागं दावी लिई आयोगको मिति २०६१।११।२८ को निर्णयानुसार निज उपर विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

४१. राष्ट्रिय अनुसन्धान विभागमा कार्यरत निरीक्षक उज्ज्वल अर्यालले सो पदमा बढुवा पाउने उद्देश्यले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र नक्कली एवं झुठा देखिन आएकोले निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ एवं हाल प्रचलित भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १६(१) अनुसारको कसूर देखिन आएकोले उक्त दफा बमोजिम सजाय हुन मागं दावी लिई आयोगको मिति २०६१।११।२८ को निर्णयानुसार निज उपर विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

४२. नवज्योती प्रा.वि. स्याङ्गजाकी शिक्षिका राधा शर्मा, नेपाल टेलिकमका अ.ई. श्यामकुमार महर्जन, कर्मचारी संचय कोषका टे.अ. उषा विष्ट र नेपाल खानेपानी संस्थानका कनिष्ठ सहायक दयाराम थापा क्षेत्रीले शुरु नियुक्ति/बढुवा तथा अन्य सुविधा पाउने उद्देश्यले पेश गरेका शैक्षिक योग्यताका प्रमाणपत्रहरु नक्कली एवं झूठा देखिन आएकोले निजहरु उपर सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं हाल लागू भएको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) को कसूरमा उक्त दफा बमोजिम

सजाय हुन माग दावी लिई आयोगको मिति २०६१/१२/४ को निर्णयानुसार विशेष अदालत काठमाण्डौमा मुद्दा दायर गरियो ।

४३. ललितपुर उपमहानगरपालिकामा खरिदार पदमा कार्यरत विरेन्द्रधवन श्रेष्ठ र नेपाल खाद्य संस्थानका सहायक मिना नेम्वाङ (खनाल) ले शुरु नियुक्ति/बढुवा तथा अन्य सुविधा पाउने उद्देश्यले पेश गरेका शैक्षिक योग्यताका प्रमाणपत्रहरु नक्कली एवं झूठा देखिन आएकोले निजहरु उपर साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं हाल लागू भएको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) को कसूरमा उक्त दफा बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६१/१२/९ को निर्णयानुसार विशेष अदालत काठमाण्डौमा मुद्दा दायर गरियो ।

४४. गोवर ग्याँस तथा कृषि यन्त्र विकास प्रा.लि. का तत्कालिन शा.अ. मोहनसिंह थापा, रा.वा.बैंकका वरिष्ठ सहायक विदुर कुमार शर्मा, उदयपुर सिमेन्ट उद्योग लिमिटेडका जु.ई. रामप्रवेश श्रीवास्तव र नेपाल बैंक लिमिटेडका वरिष्ठ सहायक नरेन्द्र बहादुर श्रेष्ठले शुरु नियुक्ति/बढुवा तथा अन्य सुविधा पाउने उद्देश्यले पेश गरेका शैक्षिक योग्यताका प्रमाणपत्रहरु नक्कली एवं झूठा देखिन आएकोले निजहरु उपर साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं हाल लागू भएको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) को कसूरमा उक्त दफा बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६१/१२/१० को निर्णयानुसार विशेष अदालत काठमाण्डौमा मुद्दा दायर गरियो ।

४५. राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय खाँदवारीबाट कर्जा कारोवार गर्ने ऋणी र बैंकका कर्मचारीहरु परस्परमा मिलोमतो गरी वदनियतपूर्वक कर्जा लिनु दिनु गरी भ्रष्टाचारपूर्ण कसुर गरेको सम्वन्धमा अनुसन्धान भै आयोग समक्ष पेश हुँदा देहाय वमोजिमका ऋण रकमका सम्वन्धमा देहाय वमोजमको आधारमा आयोगको मिति २०६१/१२/२४ को निर्णयबाट देहाय वमोजिमका व्यक्ति उपर मुद्दा दायर गरियो :

(क) ऋण नं. ३८/६२ देखि ऋण नं. ३८/८१ को सम्वन्धमा :

जम्मा २० थान ऋणको प्रति ऋणी रु. १,५०,०००।- को दरले मिति २०६०।३।२० मा रु. ३०,००,०००।- कर्जा प्रवाह गर्दा गैरकानूनी लाभ हुने गरी बैंकबाट रु. ३०,००,०००।- निकाली खाई मासी भ्रष्टाचार गरेको पुष्टि हुन आएको । सो सम्वन्धमा

प्रबन्धक मोतिलाल भक्तले चक्रबहादुर कार्कीसँग मिलोमतो गरी उद्योग ऋणको लागि आवश्यक पर्ने उद्योग दर्ता प्रमाण पत्र बेगर धितो दिने जग्गाको नक्कली लालपुर्जा, नक्कली चारकिल्ला प्रमाणित, नक्कली नापी नक्शाको फोटोकपि, नक्कली तिरो तिरेको रसिद राखी असम्बन्धित व्यक्ति चक्रबहादुर कार्कीबाट निवेदनमा सहि गरी गराई तोक लगाई कर्जा कमिटीको अध्यक्षको हैसियतले हुँदै नभएको जग्गा मूल्याङ्कन गरी गराई धितो सकारी ऋण स्वीकृती गरी असम्बन्धित व्यक्तिबाट तमसुकमा खर्च भौचरमा सहि गरी गराई उद्योग कर्जा नं. ३८/६२ देखि ३८/८१ सम्मको कर्जा प्रवाह गरेको देखाई बैंकको रु. ३०,००,०००।- रकम निकाली आफू र अन्य व्यक्ति समेत भई खाई मासी बैंकलाई गैरकानूनी हानि नोक्सानी र आफू समेतलाई गैरकानूनी लाभ हुने कार्य गरेको देखिएबाट निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर गरेको हुनाले उक्त दफामा उल्लेख भएअनुसार हदै सम्मको सजाय गरी बैंकलाई हानि नोक्सानी पुऱ्याएको रकम र सो विगोको भरिभराउ हुने दिन सम्मको व्याज समेत असूल उपर गर्ने मागदावी लिई मुद्दा दायर गरियो । बरिष्ठ सहायक रामचन्द्र गड्तौलाले कर्जा शाखाको प्रमुखको हैसियतले कार्य गर्दा उद्योग ऋणको लागि कर्जा कमिटीको सदस्यको हैसियतले निजले स्थापना नै नभएको उद्योग परियोजना अध्ययन प्रतिवेदन फाराममा व्यापार संचालन भैरहेको भनी प्रमाणित गरी, ऋणीको नाममा नै नरहेको जग्गा मूल्याङ्कन गरी गराई ऋण स्वीकृती गरी कृत्रिम ऋणीको तमसुकमा बैंकको तर्फबाट सहि गरी खर्च भौचरमा सहि गरी गराई ऋण नं. ३८/६२ देखि ३८/८१ सम्मको कर्जा उपलब्ध गराउने कार्यमा संलग्न भएको देखिएको र निजको संलग्नता र सहमति समेतबाट बैंकलाई रु. ३०,००,०००।- रकम गैरकानूनी हानि नोक्सानी र प्रबन्धक मोतीलाल भक्त समेतलाई गैरकानूनी लाभ गरे गराएको पुष्टी भएकोले निजलाई भ्र.नि. ऐन, २०५९ को दफा १७ को कसूरमा ऐ. ऐनको दफा २२ बमोजिम सजायको मागदावी गरी मुद्दा दायर गरियो । चक्रबहादुर कार्कीले प्रवन्धक मोतिलाल भक्तसँग मिलोमतो गरी बैंकलाई गैरकानूनी हानि नोक्सानी पार्ने र आफू र प्रवन्धक समेतका कर्मचारीलाई गैरकानूनी लाभ पुऱ्याउन विभिन्न व्यक्तिका नामका नागरिकताको प्रमाण पत्रका फोटोकपी तयार गरी हुँदै नभएको उद्योगको ऋणको लागि नक्कली लालपुर्जा, नक्कली तिरो तिरेको रसिद, नापि नक्शाको फोटोकपि आदि राखी निवेदन बनाई आफैले सहि गरी नक्कली रोक्का पत्रको आधारमा निजहरुको नाममा नरहे नभएको जग्गाको धितो मूल्याङ्कन गराई विभिन्न व्यक्तिको नामको तमसुक र खर्च भौचरमा आफैले सहि गरी रकम वुझेको देखिएको र निजको सो कार्य भ्र.नि. ऐन, २०५९ को दफा १७ को कसूरमा मतियार भै ऐ. ऐनको दफा २२ बमोजिम सजायं हुने

कसूर भएको हुनाले सो बमोजिम मुख्य कसूरदार मोतिलाल भक्त सरह नै सजायं गरी निज समेतबाट बैंकलाई हानि नोक्सानी पुगेको विगो र असूल उपर हुने दिन सम्मको सो को ब्याज समेत असुल गर्ने मागदावी गर्ने गरी मुद्दा दायर गरिएको ।

(ख) ऋण नं. ३९/०१ को सम्बन्धमा :

सहायक ख. लक्ष्मणकुमार पोखरेलले दीपक लुइटेलको नाममा रहेको जग्गा रोक्का राखी मूल्याङ्कन गराई, हुँदै नभएको उद्योगको लागि ऋण लिन दीपक लुईटेलको नाममा आफैले सही गरी निवेदन दिने, तमसुक गर्ने, रकम बुझी बैंकलाई रु. १,५०,०००।- गैरकानूनी हानि नोक्सानी र आफूले गैरकानूनी लाभ गरेको पुष्टि भएकोले निजको सो कसूर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर भएको हुनाले निजलाई उक्त दफामा उल्लेख भएबमोजिम हदैसम्मको सजायं गरी विगो असूल गर्ने दिन सम्मको उक्त विगोको ब्याज समेत निजबाट असुल गर्ने मागदावी गर्ने । प्रवन्धक मोतिलाल भक्तको हकमा लक्ष्मणकुमार पोखरेलले दीपक लुईटेलको नाममा ऋण लिएको कागजात तयार गरी बैंकलाई हानि नोक्सानी र निजलाई लाभ पुग्ने कार्य गर्दा प्रवन्धक मोतिलाल भक्तले ती कागजातमा सहीछाप गरी जानीजानी वदनियतपूर्वक बैंकलाई गैरकानूनी हानि नोक्सानी पुग्ने कार्य गरेको हुनाले निज प्रवन्धक मोतिलाल भक्तलाई भ्र.नि. ऐन, २०५९ को दफा १७ को कसूरमा सोही बमोजिम सजायको मागदावी गर्ने । वरिष्ठ सहायक रामचन्द्र गड्तौलाले लक्ष्मणकुमार पोखरेलले दीपक लुईटेलको नाममा ऋण लिएको कागजात तयार गरी बैंकलाई हानि नोक्सानी र निजलाई लाभ पुग्ने कार्य गर्दा ती कागजातमा सहीछाप गरी जानीजानी वदनियतपूर्वक बैंकलाई गैरकानूनी हानि नोक्सानी पुग्ने कार्य गर्न मतियार भै सहयोग गरेको हुनाले निज वरिष्ठ सहायक रामचन्द्र गड्तौलालाई भ्र.नि. ऐन, २०५९ को दफा १७ को कसूरमा ऐ. ऐनको दफा २२ बमोजिम सजायको मागदावी गर्ने । सहायक प्रवन्धक ओमप्रकाश दंगालले आफु सहायक प्रवन्धक हुँदा २०५९ सालमा अनियमित रुपमा कृत्रिम ऋणीलाई ऋण कमिटीको सदस्यको हैसियतले ऋण उपलब्ध गराउने कार्य गरेकोमा उक्त ऋण चुक्ता भै हाल २०६० सालमा सोही अनियमित कागजातको आधारमा उक्त कृत्रिम ऋणीहरु मध्येलाई ऋण दिएको जानकारी आफुलाई हुँदाहुँदै माथिल्लो निकायमा सूचित गर्नु पर्नेमा नगरेको र गणक जितेन्द्रराईले २०६० को ऋण नं. ३८/६२ देखि ३८/८२ सम्म र ३९/०१ को ऋण रकम ऋणी भनी उल्लेख भएका व्यक्तिलाई आफ्नो सामुन्ने सही छाप गराई भुक्तानी दिनु पर्नेमा प्रबन्धकको आदेशले भनी गैर कानूनी कार्य गर्ने प्रबन्धक र चक्रबहादुर कार्कीलाई दिएको देखियो । निजको सो कार्यबाट अन्य

प्रतिवादीहरुलाई गैर कानूनी लाभ पुग्ने कार्य गर्न सहयोग पुऱ्याएको देखिएको र निजले गरेको कसूर सम्बन्धमा भ्र.नि. ऐन, २०५९ को दफा १७ को कसूरमा मतियार भए वापत ऐ. ऐनको दफा २२ बमोजिमको सजायं मागदावी लिनुपर्ने भए तापनि निजहरुले भ्रष्टाचारजन्य कार्यको अनुसन्धानमा आयोगलाई सहयोग पुऱ्याई वयान गरेको हुनाले निजहरुलाई सजायंको मागदावी नगरी अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १९ (१५) तथा भ्र.नि. ऐन, २०५९ को दफा ५५ बमोजिम साक्षीको रुपमा अदालतमा प्रस्तुत गर्ने निर्णय गरियो ।

४६. घरेलु तथा साना उद्योग विकास समितिका वरिष्ठ सहायक रामकुमार राई, हेटौडा दुग्ध वितरण आयोजनाका डेरिव्वाई दशरथकुमार कर्ण र नेपाल नागरिक उड्डयन प्राधिकरणका वरिष्ठ सहायक टेकवहादुर पाण्डेले बढुवा तथा अन्य सुविधा पाउने उद्देश्यले पेश गरेका शैक्षिक योग्यताका प्रमाणपत्रहरु नक्कली एवं झूठा देखिन आएकोले निजहरु उपर सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं हाल लागू भएको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) को कसूरमा उक्त दफा बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६१/१२/२५ को निर्णयानुसार विशेष अदालत काठमाण्डौमा मुद्दा दायर गरियो ।

४७. प्रहरी प्रधान कार्यालयका तत्कालिन प्रहरी निरीक्षकत्रय महेन्द्रराज श्रेष्ठ, अर्जुन खड्का, रुपकराज गुरुङ्ग तथा राष्ट्रिय अनुसन्धान विभागमा कार्यरत निरीक्षक वैकुण्ठप्रसाद अधिकारीले शुरु नियुक्ति/बढुवा तथा अन्य सुविधा पाउने उद्देश्यले पेश गरेका शैक्षिक योग्यताका प्रमाणपत्रहरु नक्कली एवं झूठा देखिन आएकोले निजहरु उपर सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं हाल लागू भएको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) को कसूरमा उक्त दफा बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६१/१२/२६ को निर्णयानुसार विशेष अदालत काठमाण्डौमा मुद्दा दायर गरियो ।

४८. रा.वा.वैंकमा का.मु. स.ले.अ. पदमा कार्यरत जनार्दनकुमार शर्मा, राष्ट्रिय खेलकूद परिषदका ना.सु. उमेशकुमार बस्नेत, पूर्वाञ्चल विश्वविद्यालयका तत्कालिन सहायक (प्रथम) दिनेश कुमार दहाल, जि.वि.स. रसुवाका वचत तथा साख परिचालक शम्भुकुमार श्रेष्ठ, शाही नेपाल वायु सेवा निगमका क्याप्टेन रमेशराज आचार्य, नेपाल खाद्य संस्थान शाखा कार्यालय हुम्लामा सहायक (चौथो) मा कार्यरत भोजराज पाठकले शुरु

नियुक्ति/बढुवा तथा अन्य सुविधा पाउने उद्देश्यले पेश गरेका शैक्षिक योग्यताका प्रमाणपत्रहरु नक्कली एवं झूठा देखिन आएकोले निजहरु उपर साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं हाल लागू भएको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) को कसूरमा उक्त दफा बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६१/१२/३१ को निर्णयानुसार विशेष अदालत काठमाण्डौमा मुद्दा दायर गरियो ।

४९. पश्चिमान्चल क्षेत्रीय स्वास्थ्य सेवा निर्देशनालय, कास्कीका भेक्टर कन्ट्रोल सुपरभाइजर अधिकृत छैठौं तहमा कार्यरत श्यामबहादुर कोइरालाले निजामती किताबखानामा रहेको निजको नोकरी विवरण रहेको सिटरोल निजामती किताबखानाका कर्मचारीहरुसंगको मिलोमतोबाट गायब गरि वा गर्न लगाई अवकाश पाइसक्नु पर्ने समयभन्दा पछि (हालसम्म) सम्म पनि कार्यरत रहेको भन्ने समेतको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा पश्चिमाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालयका भे.क.सु.अ. श्यामबहादुर कोइरालाले अनिवार्य अवकाश पश्चात् पनि विभिन्न निकायका नक्कली कागज पत्र तयार गर्नुको अलावा सार्वजनिक बिदा र काज वाहेक अन्य दिनमा रुजु हाजिर रहेको अवस्थामा (२०४५।१।१ देखि २०४७।१२।३० सम्म) पनि असाधारण बिदा लिएको नक्कली कागज तयार गरी नोकरीमा कायमै रही हालसम्म पनि कार्यरत रहिरहेको र अवकाश भएको आधारमा मिति २०५२।१।१६ देखि मासिक निवृत्तिभरण समेत लिई हालसम्म निवृत्तीभरण वापत रु. ३,९४,३४७।०६ लिएको देखियो भने अनिवार्य अवकाश लिएको मितिदेखि मासिक निवृत्तीभरण लिने कार्य गर्नुको अलावा विभिन्न निकायको नक्कली कागज पत्र तयार गरी सोही मितिदेखि अवकाश पूर्वको पदमा नै गैरकानूनी ढंगबाट बहाल रही तलव भत्ता दै.भ्र.भ. आदि समेतबाट २०६१ साल माघसम्ममा रु. १०,३४,१८०।९० पनि लिनु खानु गरेको पाइयो । तसर्थ निजले गरेको सो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(१), १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को कसूर हुनाले उक्त ऐनका उल्लेखित दफा बमोजिम सजाय हुन र गैरकानूनी ढंगले नोकरीमा बहाल रही तलव भत्ता समेत खाएको अवस्थामा निजले खाएको निवृत्तीभरणको रकम समेत असुल उपर गर्ने माग दावी लिई आयोगको मिति २०६१/१२/३१ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

५०. नेपाल टेलिकम अन्तरगत दूर सञ्चार कार्यालय, दार्चुलामा अप्रेटर (चौथो तह) पदमा कार्यरत नरराज जोशीले बढुवा तथा अन्य सुविधा पाउने उद्देश्यले पेश गरेका शैक्षिक

योग्यताका प्रमाणपत्रहरु नक्कली एवं झूठा देखिन आएकोले निजहरु उपर साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं हाल लागू भएको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) को कसूरमा उक्त दफा बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६२/१/६ को निर्णयानुसार विशेष अदालत काठमाण्डौमा मुद्दा दायर गरियो ।

५१. वाणिज्य विभागमा मिति ०५२।१।२५ मा दर्ता भएको गोपीकृष्ण इन्टरनेशनल इन्टरप्राइजेजका प्रो. गोविन्द थापाले सिंगापुरको जेल प्रा.लि. बाट कम्प्युटर्सका पार्टपूर्जा र सिंगापुरकै युनाइटेड कन्कर्ड इन्भेष्टमेट लिमिटेडबाट माइक्रो मोटर आयात गर्न भनी इ.सं. ७७१९९५ मा एल.सी. खोली पटक पटक एल.सी. संशोधन गरि वाणिज्य बैंक भोटाहिटी शाखाका कर्मचारीको मिलोमतोमा एल.सी. मा उल्लेखित सामानहरु नेपाल नल्याई विदेशी मुद्रा अपचलन गरेको भन्ने सम्बन्धको उजुरी उपर अनुसन्धानबाट एल.सी. खोल्दा, एल.सी. संशोधन गर्दा र धरौट रकम फिर्ता गर्दा रा.वा. बैंक भोटाहिटी शाखाका तत्कालिन प्रबन्धक तिर्थ प्रसाद न्यौपाने, तत्कालिन लेखा अधिकृत अनिलकुमार भण्डारी र वरिष्ठ सहायक रघुवरराज पाण्डेले गोपिकृष्ण इन्टरनेशनल इन्टरप्राइजेजका प्रो. गोविन्द थापासंग प्रत्यक्ष मिलोमतो र गैरकानूनी कार्य गरी श्री ५ को सरकारलाई अमेरीकी डलर १२७००० (ने.रु. ६४३२५५०) बराबरको रकम हानी नोक्सानी पुऱ्याई भ्रष्टाचारको कसूर गरेको देखिंदा निज गोविन्द थापा उपर तत्कालिन भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ तथा दफा २९ र हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) बमोजिम र राष्ट्रिय वाणिज्य बैंक भोटाहिटी शाखाका तत्कालिन प्रबन्धक तिर्थप्रसाद न्यौपाने तत्कालिन लेखा अधिकृत अनिल कुमार भण्डारी वरिष्ठ सहायक रघुवरराज पाण्डे उपर तत्कालिन भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(२) तथा दफा २९ र हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(३) बमोजिम सजाय हुन र विगोको हकमा विगो असुल गरिने मितिमा कायम हुन आउने विनिमय दर अनुसार विगो प्रतिवादीहरुबाट असुल उपर गरि पाउन माग दावी लिई आयोगको मिति २०६२/१/६ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

५२. वाणिज्य विभागमा मिति ०५२।१।२५ मा दर्ता भएको मीना एण्ड सुशिला इन्टरनेशनल इन्टरप्राइजेजका प्रो. जसबहादुर थापा मगरले सिंगापुरको सुकुमर्ज इन्टरजेनेश फेयर प्रा.लि. बाट माइक्रो मोटर आयात गर्न भनी इ.सं. ९।६।१९९५ मा एल.सी. खोली पटक

पटक एल.सी. संशोधन गरि वाणिज्य बैंक भोटाहिटी शाखाका कर्मचारीको मिलोमतोमा एल.सी. मा उल्लेखित सामानहरु नेपाल नल्याई विदेशी मुद्रा अपचलन गरेको भन्ने सम्बन्धको उजुरी उपर अनुसन्धान हुँदा एल.सी. खोल्दा, एल.सी. संशोधन गर्दा र धरौट रकम फिर्ता गर्दा रा.वा. बैंक भोटाहिटी शाखाका तत्कालिन प्रबन्धक तिर्थ प्रसाद न्यौपाने, तत्कालिन लेखा अधिकृत अनिलकुमार भण्डारी र वरिष्ठ सहायक रघुवरराज पाण्डेले मीना एण्ड सुशिला इन्टरनेशनल इन्टरप्राइजेजका प्रो. जसबहादुर थापा मगरसंग प्रत्यक्ष मिलोमतो र गैरकानूनी कार्य गरी श्री ५ को सरकारलाई अमेरीकी डलर २७२८०० (ने.रु. १३८१७३२०) बराबरको रकम हानी नोक्सानी पुऱ्याई भ्रष्टाचारको कसूर गरेको देखिंदा निज प्रो. जसबहादुर थापा मगर उपर तत्कालिन भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ तथा दफा २९ र हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) बमोजिम र राष्ट्रिय वाणिज्य बैंक भोटाहिटी शाखाका तत्कालिन प्रबन्धक तिर्थप्रसाद न्यौपाने तत्कालिन लेखा अधिकृत अनिल कुमार भण्डारी, वरिष्ठ सहायक रघुवरराज पाण्डे उपर तत्कालिन भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(२) तथा दफा २९ र हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(३) बमोजिम सजाय हुन र विगोको हकमा विगो असुल गरिने मितिमा कायम हुन आउने विनिमय दर अनुसार विगो प्रतिवादीहरुबाट असुल उपर गरि पाउन माग दावी लिई आयोगको मिति २०६२/१/६ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

५३. उदयपुर सिमेण्ट उद्योग जलजले, उदयपुरको सिनियर बेल्डर (तह-५) पदमा कार्यरत विन्दीलाल चौधरीले नोकरीमा वहाल हुने उद्देश्यले पेश गरेका शैक्षिक योग्यताका प्रमाणपत्रहरु नक्कली एवं झूठा देखिन आएकोले निज उपर सांविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं हाल लागू भएको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) को कसूरमा उक्त दफा बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६२/१/११ को निर्णयानुसार विशेष अदालत, काठमाण्डौमा मुद्दा दायर गरियो ।

५४. बक्राहा नदी नियन्त्रण आयोजनामा नियम विपरित हुनेगरी वार्ताद्वारा कार्य गराएको विषय र प्रासंगिक देखिएको अन्य विषयका रुपमा उक्त आयोजनाका पदाधिकारीहरुमध्ये जल उत्पन्न प्रकोप नियन्त्रण विभागका तत्कालीन महानिर्देशक आमोदानन्द मिश्रले भ्रष्टाचार गरी अकुत सम्पत्ति आर्जन गरे भन्ने विषयमा परेको उजुरीउपर अनुसन्धान हुँदा निजको र निजको परिवारको नाममा रहेको सम्पत्ति वैध आयस्रोतसँग अमिल्दो

देखिएको र निजले अस्वाभाविक जीवनस्तर व्यतित गरेको देखिन आएकोले निजको परिवारका नाममा रहेको स्रोत खुल्न नआएको रु. १,०१,४३,४९१।४३ मूल्य बराबरको सम्पत्तिका हकमा अभियोग दावी लिने तथा निज आमोदानन्द मिश्रले भ्रष्टाचार गरी गैरकानूनी रुपमा आर्जन गरेको सम्पत्ति निजकी पत्नी विणा मिश्र तथा छोरा अजितकुमार मिश्र समेतका नाममा राखेकोले सविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ग. तथा हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख. समेतका आधारमा सो सम्पत्ति जफत गर्ने प्रयोजनका लागि निजहरुलाई प्रतिवादी कायम गर्ने गरी आयोगको मिति २०६२/१/११ को निर्णयानुसार अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३५ र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३६ अनुरुप आयोगका तर्फबाट विशेष अदालत काठमाण्डौमा मुद्दा दायर गरियो ।

५५. पूर्णदुर्गा भवानी प्राथमिक विद्यालय दहथुम स्याङ्गजामा कार्यरत प्राथमिक शिक्षक मिना कुमारी कार्की, राधा कृष्ण निम्न माध्यामिक विद्यालय, कृष्णगण्डकी, स्याङ्गजामा कार्यरत प्राथमिक शिक्षक हुम बहादुर थापा, श्री बीरेन्द्र माध्यामिक विद्यालय जैपते, स्याङ्गजामा कार्यरत प्राथमिक शिक्षक कुलसिंह थापा, गोरखापत्र संस्थानमा प्रशासन सेवा पाँचौं तहको पदमा कार्यरत फणिन्द्र कार्की र शाही नेपाल वायु सेवा निगम अन्तरगत विमान परिचारिका (छैठौ तह) पदमा कार्यरत प्रमीला राई (श्रेष्ठ) ले शुरु नियुक्ति पाउने उद्देश्यले पेश गरेका शैक्षिक योग्यताका प्रमाणपत्रहरु नक्कली एवं झूठा देखिन आएकोले निजहरु उपर सविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं हाल लागू भएको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) को कसूरमा उक्त दफा बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६१/१/१२ को निर्णयानुसार विशेष अदालत काठमाण्डौमा मुद्दा दायर गरियो ।

५६. नेपाल टेलिभिजन अन्तरगत तत्कालिन क्यामेराम्यान (वरिष्ठ सहायक) पदमा कार्यरत (हाल नोकरी छाडि सकेका) गंगाराम भण्डारी, नेपाल टेलिभिजन अन्तरगत तत्कालिन उप सहायक चालक तह-३ मा कार्यरत हरिदास श्रेष्ठ र राष्ट्रिय दुग्ध विकास वोर्डका तत्कालिन कार्यालय सहायक प्रथम श्रेणी (हाल नोकरी छाडि सकेका) प्रल्हाद कार्कीले तत् तत् पदमा सेवा प्रवेशका लागि पेश गरेका शैक्षिक योग्यताका प्रमाणपत्रहरु नक्कली एवं झूठा देखिन आएकोले निजहरु उपर सविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं हाल लागू भएको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) को

कसूरमा उक्त दफा बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६२/१/१५ को निर्णयानुसार विशेष अदालत काठमाण्डौमा मुद्दा दायर गरियो ।

५७. नेपाल खानेपानी संस्थान अन्तरगत सुपरभाईजर (पाँचौ तह) मा कार्यरत मो. उस्मान हलवाई, कृषि सामाग्री कम्पनि लिमिटेड अन्तरगत सहायक प्रथम (पाँचौ तह) पदमा कार्यरत उजिर सिंह खत्री, राष्ट्रिय अनुसन्धान विभागका तत्कालिन निरीक्षक खडगबहादुर गुरुङ्ग, जनकपुर चुरोट कारखाना लिमिटेडका तत्कालीन वरिष्ठ सहायक सुरेश प्रसाद आचार्य र जनकशिक्षा सामाग्री केन्द्र लिमिटेडका तत्कालीन ग्राफ अधिकृत (प्रा) विश्वराम कारंजितले शुरु नियुक्ति/बढुवा प्रयोजनको लागि पेश गरेको शैक्षिक योग्यताका प्रमाणपत्रहरु नक्कली एवं झूठा देखिन आएकोले निजहरु उपर सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं हाल लागू भएको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) को कसूरमा उक्त दफा बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६२/१/१६ को निर्णयानुसार विशेष अदालत, काठमाण्डौमा मुद्दा दायर गरियो ।

५८. गोरखापत्र संस्थानकी वरिष्ठ सहायक (पाँचौ तह) श्रीमती प्रभा के.सी.थपलियाले (प्रमाणपत्रमा सुश्री प्रभा के.सी भएकी) वढुवा पाउने उद्देश्यले पेश गरेका शैक्षिक योग्यताका प्रमाणपत्रहरु नक्कली एवं झूठा देखिन आएकोले निजउपर सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं हाल लागू भएको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) को कसूरमा उक्त दफा बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६२/१/१८ को निर्णयानुसार विशेष अदालत, काठमाण्डौमा मुद्दा दायर गरियो ।

५९. कृषि विकास बैंकका तत्कालिन शाखा अधिकृत पूर्णबहादुर विष्ट, घरेलु तथा शिल्पकला विक्री भण्डार लिमिटेडका तत्कालिन वरिष्ठ सहायक तह पाचौं (प्रा) चीनिदेवी शाक्य र गुठी संस्थानका सहायक द्वितीय (खरिदार सरह) सुरेशकुमार अधिकारीले वढुवा पाउने उद्देश्यले पेश गरेका शैक्षिक योग्यताका प्रमाणपत्रहरु नक्कली एवं झूठा देखिन आएकोले निजउपर सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं हाल लागू भएको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) को कसूरमा उक्त दफा बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६२/१/२२ को निर्णयानुसार विशेष अदालत, काठमाण्डौमा मुद्दा दायर गरियो ।

६०. राष्ट्रिय वाणिज्य बैंकमा खजान्ची पदमा कार्यरत रविन्द्र पौडेल र जनक शिक्षा सामग्री केन्द्र लिमिटेडका तत्कालिन वरिष्ठ सहायक तह ५ का मुरारी खड्काले वढुवा पाउने उद्देश्यले पेश गरेका शैक्षिक योग्यताका प्रमाणपत्रहरु नक्कली एवं झूठा देखिन आएकोले निजउपर साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं हाल लागू भएको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) को कसूरमा उक्त दफा बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६२/१/३१ को निर्णयानुसार विशेष अदालत, काठमाण्डौमा मुद्दा दायर गरियो ।

६१. भंसार चोरी पैठारी गरी आयात गरिएका र विभिन्न भंसार कार्यालयमा रहेका सवारी साधनहरु यातायात व्यवस्था कार्यालय, कोशीमा गैरकानूनी रुपमा ऋषिराम खरेलको नाममा दर्ता गरी भ्रष्टाचारजन्य कसूर गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुँदा कीर्ते कागजात समेत तयार गरी सावितमा एम. आर. एम. का नाममा दर्ता रहेका १५ वटा जिप र १८ वटा ट्रक आफूले लिलामीबाट प्राप्त गरेको भन्ने प्रमाण देखाई दर्ता नामसारी गर्न आउने ऋषिराम खरेल र यातायात व्यवस्था कार्यालय, कोशी अंचल, इटहरी तथा यातायात व्यवस्था कार्यालय, भेरी अंचल, नेपालगंजका कर्मचारीहरुले मिलेमतो गरी दर्ता नामसारी गर्ने निर्णय गरी गराई सो दर्ताका आडमा नयां गाडी भंसार छली चोरी पैठारी गरी श्री ५ को सरकारलाई माथि उल्लेख भए बमोजिम रु. १,६४,५४,५३१।६१ हानी नोक्सानी पुऱ्याउने कार्य गरेका र निजहरुबाट भए गरेको सो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(१) र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(३) बमोजिमको सजाय हुने कसूर देखिएको हुँदा सो कसूरमा संलग्न ऋषिराम खरेल र दयाराम यादवलाइ निजले भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) अनुसार, यातायात व्यवस्था कार्यालय, भेरीका तत्कालिन कार्यालय प्रमुख हरिप्रसाद श्रेष्ठ र मेकानिकल सुपरभाइजर प्रमोद चौधरी को हकमा सावित भ्रष्टाचार निवारण ऐन २०१७ को दफा ७(१) र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(३) अनुसार, यातायात व्यवस्था कार्यालय, कोशीका तत्कालीन का.प्र. शरदचन्द्र शर्मा गजुरेल, शा.अ. रामप्रसाद अर्याल, शा.अ. देबेन्द्रप्रसाद अधिकारी, र मे.सु. श्रीराम बानियांको हकमा भ्रष्टचार निवारण ऐन, २०१७ को दफा ७(१) र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(३) अनुसार, यातायात व्यवस्था कार्यालय, कोशीका तत्कालीन ना.सु. लालबहादुर बुढाथोकी र ना.सु. ज्ञानप्रसाद आचार्य उपर रु. ६७,९९,३०२।३६ विगो

कायम गरी साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(१) र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(३) अनुसार, यातायात व्यवस्था कार्यालय, कोशीका तत्कालीन ना.सु. शुक्रप्रसाद पोखरेल र ना.सु. शालीग्राम कोइरालाका हकमा विगो रु. ९६,५५,२२९।२५ कायम गरी साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(१) र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(३) अनुसार सजाय र विगो असूलउपर गर्ने माग दावी सहित तथा कसूर गर्न सहयोग पुऱ्याई मतियारको भूमिका निर्वाह गरेकोमा खरिदार नारदप्रसाद भट्टराई, खरिदार बिनोदकुमार यादव, लेखापाल जिवनाथ नेपाल, टा.ना.सु. संगीता आचार्य, खरिदारहरु शालीग्राम बजगाईं, रामप्रसाद आचार्य, युवराज कोइराला, भिमबहादुर बस्नेत र स.ले.पा. बावुराम ढकाललाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६(क) तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिम सजायको माग दावी लिई आयोगको मिति २०६२/१/३० को निर्णयानुसार विशेष अदालत, काठमाण्डौमा मुद्दा दायर गरियो ।

६२. दूर संचार कार्यालय, ताप्लेजुङमा कार्यरत रहँदा (मिति ०५६।६।११ देखि २०६०।१।१० सम्म) सहायक प्रभात दाहालले उक्त संस्थाको राजश्व वापतको रकम रु. ११,७३,६७८।५७ मस्यौट गरेकोले कारवाही गरि दिनु हुन भनी परेको नेपाल टेलिकम केन्द्रीय कार्यालयको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा तत्कालिन दूर संचार कार्यालय, ताप्लेजुङको सहायक पदमा मिति ०५६।६।११ देखि ०६०।१।१० सम्म कार्यरत रहेका प्रभात दाहालले ग्राहकहरुको जरिवाना वापतको रकम असुल उपर नगरेको, नगदी रसिदबाट आम्दानी असुल उपर गरेतापनि नगदी किताव (Cash book) मा उक्त रकम पोष्टिङ्ग नगरी मस्यौट गरेको, भ्याट वापतको रकम असुल नगरेको, रिकनेक्शन शुल्क असुल नगरेको, विविध आम्दानीको फुटकर रसिद सच्याई कम आम्दानी जनाएको, आसामी बाँकी विवरण गलत किसिमले तयार गरेको, ओ.वाई.टी. टेलिफोन वितरण गरे वापतको रकम ग्राहकबाट असुल नगरेको, ग्राहक धरौटी व्याज वापतको रकम मस्यौट गरी कूल राजश्व रकम रु. ११,७४,५९८।४८ नेपाल टेलिकमलाई बदनियतपूर्वक हानी नोक्सानी र आफूलाई समेत गैर कानूनी लाभ पुऱ्याई भ्रष्टाचारको कसूर गरेको देखिएको हुँदा निज प्रभात दाहाल उपर तत्कालिन भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(२), दफा १३, दफा २९ र हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(३) तथा दफा १७ बमोजिम हदैसम्मको सजाय हुनको

साथै माथि उल्लेखित विगो असुल उपर गरि पाउने समेत माग दावी लिई आयोगको मिति २०६२।२।१ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

६३. कृषि विकास बैंक, बैंकिग कार्यालय, पुतलसीसडकबाट मानुकी इन्टरप्राइजेज समेतका १९ वटा फर्महरुलाई कर्जा प्रवाह गर्दा बैंकका कर्मचारीहरुले ऋणीहरुसँग मिलेमतो गरी कमजोर धितो स्वीकार गरी गैरकानूनी रुपमा कर्जा दिई बैंक डुवाउने कार्य गरे भन्ने उजूरी उपर अनुसन्धान हुँदा जग्गाको बढी मूल्यांकन गरी गराई बैंकबाट कर्जा लिई कहिल्यै नतिर्ने दुषित मनसायबाट प्रेरित भई मानुकी इन्टरप्राइजेज नामको फर्म खडा गरी गराई हुँदै नभएको परियोजना संचालनमा छ भनी झुट्ठा ब्यहोराको कागज गरी गराई वाणिज्य कर्जा कार्यविधि अनुसार समेत धितोको रुपमा स्वीकार्न सर्वथा अनुपयुक्त जग्गालाई धितो राखी कर्जा दिने दिलाउने कार्य गरेको र सो कर्जा वापतको साँवा ब्याज हालसम्म पनि नबुझाई बैंकलाई गैरकानूनी हानि नोक्सानी र आफू समेतलाई गैरकानूनी लाभ हुने गरी भ्रष्टाचार गरेको पुष्टि हुन आएकोले कर्जा कारोवारमा प्रवाह भएको कुल कर्जा साँवा रु. ७,००,०००।- र असूल उपर हुँदाका मितिसम्म कायम हुन आउने व्याज समेत गरी कायम हुन आएको विगो रकम प्रतिवादीहरु लक्ष्मीप्रसाद पराजुली र कमलप्रसाद उप्रेतीबाट दामासाहीले असूल उपर गराउने तथा शाखा अधिकृत लक्ष्मणकुमार सिंह बानियाँ समेत उपर भ्रष्टाचार गरेको कसूरमा कानून बमोजिम हदैसम्मको सजायं समेतको रीतपूर्वकको मागदावी लिने गरी, शाखा अधिकृत लक्ष्मणकुमार सिंह बानियाँले धितो मूल्यांकनकर्ताको हैसियतले धितो मूल्यांकन गर्ने सिलसिलामा विजुलीको हाइटेन्सनलाइन मुनि परेको र बाटोको कुनै निकास नै नभएको, वरिपरि खेतीको जग्गाले घेरिएको जग्गालाई ५ फिट बाटोसँग जोडिएको भनी काल्पनिक व्यहोरा लेखी लेखाई गलत मूल्यांकन प्रतिवेदन पेश गरेको र सोही आधारमा कर्जा समितिको सदस्यको हैसियतले समेत मानुकी इन्टरप्राइजेजलाई कर्जा उपलब्ध गराएको र हुँदै नभएको परियोजना संचालनमा छ भनी सदुपयोगिता निरीक्षण समेत गरेको भनी कर्जाको पछिल्लो किस्ताको रकम भुक्तानिको निमित्त सिफारिश गर्ने कार्यमा संलग्न भएको देखिएबाट निजले सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७ को उपदफा (२) अनुसारको कसूर गरेको देखिएको र सो कार्य विद्यमान भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (३) र दफा १७ वमोजिम लक्ष्मीप्रसाद पराजुलीले कृषि विकास बैंकलाई गैरकानूनी हानि र आफू समेतलाई गैरकानूनी लाभ पुऱ्याई सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ र विद्यमान भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) अनुसारको कसूर गरेको देखिन आएको हुँदा निज लाई सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ अनुसारको कसूर भएको र सो

कार्य विद्यमान भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिम समेत कसूर भएको देखिदा सोही दफा वमोजिम, ऋणी कमलप्रसाद उप्रेतीको हकमा बैंकबाट अनुचित तवरले कर्जा लिई सोको साँवा ब्याज हालसम्म पनि चुक्ता नगरी साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ अनुसारको कसूर भएको र सो कार्य विद्यमान भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसूरमा तत् तत् दफामा उल्लेख भए अनुसार हदैसम्म सजायं गरी विगो रकम रु ७००००। (सात लाख) असूल गरी विगो वमोजिम जरीवानाको माग दावी सहित आयोगको मिति २०६२।२।२ को निर्णयानुसार विशेष अदालत, काठमाण्डौमा मुद्दा दायर गरियो ।

६४. जिल्ला शिक्षा कार्यालय झापा अन्तरगत शिक्षक पदमा कार्यरत रामावतार पण्डित र हरिश्चन्द्र राजवंशी, जिल्ला शिक्षा कार्यालय, सुर्खेत अन्तरगत कार्यरत शिक्षक प्रभुनारायण यादव, घरेलु तथा साना उद्योग विकास समिति शाखा कार्यालय तेह्रथुममा बरिष्ट सहायक पदमा कार्यरत नरवहादुर राई र जनक शिक्षा सामग्री केन्द्र लिमिटेडका तत्कालीन शाखा अधिकृत पदमा कार्यरत भरत वहादुर कारंजीतले शुरु नियुक्ति/बढुवाको प्रयोजनको लागि पेश गरेका शैक्षिक योग्यताका प्रमाणपत्रहरु नक्कली एवं झूठा देखिन आएकोले निजउपर साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं हाल लागू भएको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) को कसूरमा उक्त दफा बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६२/२/६ को निर्णयानुसार विशेष अदालत, काठमाण्डौमा मुद्दा दायर गरियो ।

६५. उदयपुर सिमेण्ट उद्योग लिमिटेड, जलजले, उदयपुरमा कार्यरत राम कुमार पौडेल र लुम्बिनी चिनी कारखाना लिमिटेड, सुनबलमा वरिष्ठ सहायक पदमा कार्यरत गिरीराज सुवेदीले शुरु नियुक्तिको प्रयोजनको लागि पेश गरेका शैक्षिक योग्यताका प्रमाणपत्रहरु नक्कली एवं झूठा देखिन आएकोले निजउपर साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं हाल लागू भएको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) को कसूरमा उक्त दफा बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६२/२/१२ को निर्णयानुसार विशेष अदालत काठमाण्डौमा मुद्दा दायर गरियो ।

६६. जिल्ला विकास समितिको कार्यालय रामेछापमा कम्प्युटर अपरेटर (ना.सु.स्तर) पदमा कार्यरत सुभाष ढुंगेल र रेडियो नेपालमा नायव प्राविधिक सहायक पदमा कार्यरत पुरुषोत्तम कोइरालाले शुरु नियुक्तिको प्रयोजनको लागि पेश गरेका शैक्षिक योग्यताका

प्रमाणपत्रहरु नक्कली एवं झूठा देखिन आएकोले निजउपर सावित्रक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं हाल लागू भएको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) को कसूरमा उक्त दफा बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६२/२/१७ को निर्णयानुसार विशेष अदालत, काठमाण्डौमा मुद्दा दायर गरियो ।

६७. दुग्ध विकास संस्थान अन्तर्गत विराटनगर दुग्ध वितरण आयोजनामा जुनियर टेक्निकल असिष्टेण्ट (जु.टे.अ.) पदमा कार्यरत (हाल अवकाश) दशरथ चौधरीले सेवा प्रवेश पाउने उद्देश्यले लागि पेश गरेका शैक्षिक योग्यताका प्रमाणपत्रहरु नक्कली एवं झूठा देखिन आएकोले निजउपर सावित्रक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं हाल लागू भएको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) को कसूरमा उक्त दफा बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६२/२/१९ को निर्णयानुसार विशेष अदालत, काठमाण्डौमा मुद्दा दायर गरियो ।

६८. राष्ट्रिय बाणिज्य बैंक, रानी शाखा, विराटनगरबाट कर्जा सुविधा प्राप्त गर्ने मंगतुराम समूहका फर्म तथा कम्पनीका संचालकहरु र बैंकका कर्मचारीहरु परस्परमा मिलेमतो गरी वदनियतपूर्वक कर्जा लिनुदिनु गरी भ्रष्टाचारपूर्ण कसूर गरेको भन्ने उजुरीउपर अनुसन्धान हुँदा मंगतुराम अग्रवाल र निजका एकाघर संगोलका छोराहरु संचालक/प्रोपराइटर रहेको मंगतुराम समूह अन्तर्गतका विभिन्न कम्पनी तथा फर्महरुका निमित्त राष्ट्रिय बाणिज्य बैंकको तत्कालीन रानी शाखा बिराटनगरबाट विभिन्न मितिमा विभिन्न शीर्षक अन्तर्गत कर्जा लिँदा बैंकका कर्मचारी र ऋणीहरुले आपसमा मिलेमतो गरी बैंकको रकम नतिर्ने नतिराउने वदनियतपूर्ण मनसायले ऋणी र कर्मचारी समेतलाई लाभ र राष्ट्रिय बाणिज्य बैंकलाई गैरकानूनी हानि पुऱ्याउने वदनियतले सम्बन्धित कानून, नीति नियम, निर्देशन, कार्यप्रणाली समेतका कर्जा लिंदा दिंदा बाध्यात्मक रुपमा पालन गर्नुपर्ने प्रावधान तथा नेपाल राष्ट्र बैंक र राष्ट्रिय बाणिज्य बैंक, केन्द्रीय कार्यालयको निर्देशन उल्लंघन गरी तथा बैंकसंग ऋणीले गरेको सम्झौता शर्त विपरित कार्य गरी रु. १,३७,७१,८३,२३१।५४ बैंकलाई हानि नोक्सानी पार्ने वदनियत साथ कर्जा दिएको/लिएको कसूर गरेकोले उक्त रकम विगो कायम गरी असूल उपर हुने दिनसम्मको हुन आउने ब्याज समेत ऋणीहरुबाट र ऋणीहरुबाट असूल उपर हुन नसकेको विगो कसूरदार कर्मचारीहरुको सम्पत्ति समेतबाट असूल उपर गर्ने गरी ऋणी मंगतुराम अग्रवाल र निजका छोराहरु सुबोध कुमार अग्रवाल, सुरेश कुमार

अग्रवाल, कृष्ण कुमार अग्रवाल, नारायण अग्रवाल र दामोदर अग्रवाल तथा तत्कालीन बैंक प्रबन्धकहरु राधाप्रसाद साह र शिवचरण मण्डल, तत्कालीन सहायक प्रबन्धक (लेखा अधिकृत) चन्द्रलाल अमात्य, तत्कालीन लेखा अधिकृत भैरव प्रसाद पोखरेल सह लेखा अधिकृत बीरेन्द्रलाल छोटे र का.मु. सह लेखा अधिकृत श्याम कुमार श्रेष्ठका विरुद्ध आयोगको मिति २०६२/२/१९ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

६९. इलाका प्रहरी कार्यालय, बाह्रबीसे, सिन्धुपाल्चोकका प्रहरी निरीक्षक पदमा बालकृष्ण थापा कार्यरत रहँदाको अवस्थामा मिति २०५८।९।२३ मा बरामद भएको सुनबारे प्रहरी प्रधान कार्यालयबाट अनुसन्धान भई विभागीय कारबाहीको लागि गृह मन्त्रालयमा पेश भएको प्रस्तुत फाइलमा परिस्थितिजन्य प्रमाण कागजातबाट विभागीय कारबाही गर्नुभन्दा भ्रष्टाचार गरे नगरेको अनुसन्धान तहकिकात हुनुपर्ने भनी मिति २०६०।६।७ मा गृह मन्त्रालयबाट निर्णय भई यस आयोगमा प्राप्त भएको उक्त विषयको फाइल उपर विस्तृत अनुसन्धान हुँदा बरामद भएको ११ पिस सुनमध्ये निज बालकृष्ण थापाले मिति २०५८।९।२४ मा भन्सार कार्यालय तातोपानीमा ४ पिस सुन मात्र बुझाई ७ पिस नबुझाई साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७ को उपदफा १ र दफा १३ तथा हाल प्रचलित भ्र.नि.ऐन, २०५९ को दफा ८ (३) र १७ को कसुर गरेको सिद्ध हुन आएकोले उक्त कसुरमा तत्कालीन प्रहरी निरीक्षक, हाल जिल्ला प्रहरी कार्यालय, सर्लाहीको प्रहरी नायब उपरीक्षक पदमा कार्यरत निज बालकृष्ण थापालाई साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा २९ (१) तथा हाल प्रचलित भ्र.नि.ऐन, २०५९ को दफा ३ को उपदफा १ को देहाय (ङ) बमाजिम हुन आउने रु. ९,६३,१३०।- (अक्षेरुपी नौ लाख त्रिसठ्ठी हजार एक सय तीस मात्र) विगो र बिगो बमोजिमको जरिवाना र सजाय हुन माग दाबी लिई आयोगको मिति २०६२/२/२४ को निर्णयानुसार विशेष अदालत, काठमाण्डौमा मुद्दा दायर गरियो ।

७०. शाही नेपाल वायुसेवा निगममा सिनियर को पाइलट पदमा कार्यरत शिखर रिजाल र शाही नेपाल वायुसेवा निगममा सिनियर को पाइलट पदमा कार्यरत वबि विक्रम सिहले शुरु नियुक्ति पाउने प्रयोजनको लागि पेश गरेका शैक्षिक योग्यताका प्रमाणपत्रहरु नक्कली एवं झूठा देखिन आएकोले निजउपर साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं हाल लागू भएको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) को कसूरमा उक्त दफा बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६२/२/२९ को निर्णयानुसार विशेष अदालत, काठमाण्डौमा मुद्दा दायर गरियो ।

७१. नेपाल खाद्य संस्थानमा टाइपिष्ट पदमा कार्यरत पुष्पा मानन्धर र वि.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा सिनियर क्लर्क पदमा कार्यरत सरस्वती श्रेष्ठले शुरु नियुक्ति पाउने प्रयोजनको लागि पेश गरेका शैक्षिक योग्यताका प्रमाणपत्रहरु नक्कली एवं झूठा देखिन आएकोले निजउपर साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं हाल लागू भएको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) को कसूरमा उक्त दफा बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६२/३/१३ को निर्णयानुसार विशेष अदालत, काठमाण्डौमा मुद्दा दायर गरियो ।

७२. पार्वती नि.मा.वि. पैगा वाजुराका तत्कालिन शिक्षक, योगेन्द्र बहादुर थापा र पार्वती नि.मा.वि. सिम्ला वाजुराका तत्कालिन शिक्षक, हिरामणी जोशीले शुरु नियुक्ति पाउने प्रयोजनको लागि पेश गरेका शैक्षिक योग्यताका प्रमाणपत्रहरु नक्कली एवं झूठा देखिन आएकोले निजउपर साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं हाल लागू भएको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) को कसूरमा उक्त दफा बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६२/३/२१ को निर्णयानुसार विशेष अदालत, काठमाण्डौमा मुद्दा दायर गरियो ।

७३. ललितपुर उप-महानगरपालिकाको खरिदार पदमा कार्यरत राजकुमार के. सी. ले बढुवा पाउने उद्देश्यले पेश गरेको शैक्षिक योग्यताका प्रमाणपत्रहरु नक्कली एवं झूठा देखिन आएकोले निजउपर साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं हाल लागू भएको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) को कसूरमा उक्त दफा बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६२/३/२७ को निर्णयानुसार विशेष अदालत, काठमाण्डौमा मुद्दा दायर गरियो ।

७४. नेपाल टेलिकम दूर संचार कार्यालय चितवनको नगद असूली काउण्टरमा कार्यरत सहायक कर्मचारी मुक्तिनाथ शर्मा न्यौपानेले आफू र असूली कार्यमा आफूलाई सहयोग पुऱ्याउने अन्य ४ जना कर्मचारीहरुले काटेको फुटकर तथा धरौटीका रसीद बमोजिमको करीव रु. ९ लाख राजस्व रकम लिई फरार भएको भन्ने सम्बन्धी उजूरीउपर अनुसन्धान हुँदा निज मुक्तिनाथ शर्माले उक्त राजस्व रकम रु ९,९३,९६८।- स्वयंले खाई मासि हिनामिना गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसूर गरेको पुष्टि हुन आएकोले उक्त कसूरमा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम सजाय र विगो असूल गर्ने माग दावी लिई आयोगको २०६२/३/२८ को निर्णयानुसार श्री विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

आ.ब. २०६१/६२ मा विशेष अदालतबाट भएका फैसलाहरुको स्थिति

विशेष अदालतबाट यस आर्थिक वर्षमा जम्मा १०६ वटा मुद्दाहरु फैसला भएका छन । ती मध्ये ९७ वटा मुद्दामा अभियोग मागदावी वमोजिम कसूर ठहर भएको छ भने ९ वटा मुद्दामा कसूर ठहर हुन सकेको छैन । कसूर ठहर भएका उल्लेखित ९७ मुद्दाहरुमा जम्मा रु. ८३,५९,५२,०२६। *(त्रियासी करोड उन्साठी लाख बाउन्न हजार छब्बिस) बराबरको सम्पत्ती जफत/जरिवाना गर्ने फैसला भएको छ ।*

आर्थिक वर्ष २०६१/६२ मा विशेष अदालतबाट फैसला भएका मुद्दाहरुको हार-जीतको तथ्यांकगत विवरण, अभियोजन र अन्य कारवाहीको विवरण, विशेष अदालतमा दायर गर्न निर्णय भएका मुद्दाहरुको किसिम र आ.ब. २०५७/५८ देखि आ.ब. २०६१/६२ सम्म सफल असफल मुद्दाहरुको अनुपातको विवरण क्रमशः अनुसूची- १०, ११ र १२ मा दिइएको छ ।

परिच्छेद - ४
पुनरावेदन/पुनरावलोकन गरिएका मुद्दाहरु

आ.व. २०६१।६२ मा भ्रष्टाचार मुद्दामा जिल्ला अदालत, पुनरावेदन अदालत र बिशेष अदालतबाट भएका फैसलाहरु उपर गरिएका पुनरावेदन तथा सर्वोच्च अदालतबाट भएको फैसला उपर पुनरावलोकनका लागि दिईएको निवेदन सम्बन्धी विवरण देहायमा उल्लेख गरिएको छ ।

१. *अछाम जिल्ला जुपु गा.वि.स.वार्ड नं. ३ बस्ने नेपाल खाद्य संस्थान, कोल्टी डिपोका तत्कालीन डिपो प्रमुख रेवन्तबहादुर रावल संलग्न* भएको भ्रष्टाचार मुद्दा ।

फैसला मिति : *२०६१।१०।२७*

फैसलाको प्रकृति :
प्रतिवादी मध्येको गणेशबहादुर खडकालाई मागदावी बमोजिम कसूर एवं सजाय हुने ठहऱ्याएको तर रेवन्तबहादुर रावललाई सफाई दिएको ।

फैसलाका आधारहरु:

(क) प्रतिवादीले आरोपित कसूरमा इन्कार गरेका,
(ख) आफुले बुझेको खाद्यान्नको अलग सहायक गोदाम रजिष्ट्रर राखी खाद्यान्नको हर-हिसाव दुरुस्त राखेको,
(ग) हिनामिना भएको भनिएको खाद्यान्न तथा वोरा यी प्रतिवादीको जिम्मा नभई प्र.गणेश बहादुरको जिम्मा रहेको,
(घ) रेवन्त बहादुर रावल समेत भै खाद्यान्न हिनामिना गरेको भन्ने तथ्ययुक्त सवूद प्रमाणको अभावमा डिपो प्रमुखको हैसियतले रेखदेख नियन्त्रण नगरेको भन्ने कारणले मात्र भ्रष्टाचारको कसूर गरेको ठहर गर्न नमिल्ने ।

पुनरावेदनका आधारहरु :

(क) यी प्रतिवादी रेवन्तबहादुर रावल कार्यालय प्रमुख भएको कुरामा विवाद छैन । त्यसमा पनि नेपाल खाद्य संस्थान, कोल्टी डिपोमा के कति खाद्यान्न आयो र ती खाद्यान्न के कुन किसिमबाट विक्रि गरियो भन्ने कुरा निजलाई जानकारी नहुने अवस्था आउँदैन । निज प्र.रेवन्तबहादुर रावलले विक्री भएका खाद्यान्न सहितको मासिक विवरण प्रमाणित गरी पठाएको भन्ने स्पष्ट देखिन आउँछ । खाद्यान्नको मौज्दात नगदी जिन्सी निरीक्षण र बैक मौज्दात समेत नहेरी हानी नोक्सानी हुन दिएबाट निज समेत खाद्यान्न तथा रकम हिनामिना गर्ने कसुरमा संलग्न रहेको स्वत: देखिन्छ । त्यस्तो अवस्थामा सहायक रजिष्टर खडा गरी खाद्यान्न विक्रि गरेको हुँ

भनी इन्कारी बयान गर्दैमा त्यसको पुष्ट्याई हुने आधार विना नै सफाई दिने फैसला अ.ब. १८५ नं. समेतको त्रुटी हुने गरी फैसला भएको छ ।

(ख) प्रतिवादी मध्येको गणेश बहादुर खडकाको अनुपस्थितिमा निज जिम्माको खाद्यान्न तथा गोदामको काम रेवन्तबहादुर रावलले गर्ने गरेको भन्ने कुरामा प्र. रेवन्तबहादुर रावलले कुनै विवाद उठाउन सकेको पाइदैन । त्यस्तोमा गणेशबहादुरको अनुपस्थितिमा रेवन्तबहादुर रावल मात्र डिपोमा वसी उक्त गोदामबाट खाद्यान्नहरु विक्री वितरण गरे पछि त्यसमा भएको हिनामिना समेत गणेशबहादुर खडका माथि मात्र दोष थोपार्ने कार्य भएको प्रष्ट छ ।

(ग) प्रतिवादी गणेशबहादुर खडकाको अनुपस्थितिमा रेवन्तबहादुर रावलले गोदाम र खाद्यान्नको काम गरेपछि त्यसमा के कस्तो स्टक थियो भन्ने कुरा खुलाएर मात्र काम शुरु गरेको भन्ने कुरा पुष्टि नभएको अवस्था हुँदा बलराम आचार्यको मिति २०५७।४।२० को प्रतिवेदन र भौतिक परीक्षण प्रतिवेदन समेतबाट खाद्यान्न हिनामिना भएको देखिँदा प्रतिवादीको सहमती विना हुन सक्ने अवस्था नै छैन । यी दुवैको संलग्नता नभए प्र. रेवन्तवहादुर रावलले डिपो प्रमुखको हैसियतले गणेशबहादुर खड्काको उपस्थित छदैको अवस्थामा रेखदेख नियन्त्रण नगर्नु नै दुवै प्रतिवादीको खाद्यान्न हिनामिना गर्ने कार्यगत एकता रहेको प्रष्ट हुँदा हुँदै पनि प्रमाण ऐन, २०३१ को दफा ५४ को त्रुटीपूर्ण हुने गरी फैसला भएको छ ।

(घ) एउटै कार्यालयका एक कर्मचारीले खाद्यान्न समेतको विक्रीको रकम रु. ३१,३४,३९२।५२ हिनामिना गरेको कुरा कार्यालय प्रमुखलाई जानकारी नहुने र खाद्यान्न हिनामिना भएको अवस्थामा गणेशबहादुरले पेश गरेको मासिक प्रतिवेदन समेतका कागजात सदर गर्ने निज रेवन्तबहादुर रावलको कुनै दायित्व नरही निज प्र. रेवन्तबहादुर रावललाई निर्दोष छन् भनी सफाई दिने फैसला प्रमाणको सही मूल्यांकन नभै त्रुटीपूर्ण भएको छ ।

२ ***धादिङ्ग, बेनीघाट गा.वि.स.वडा नं. १ बेनीघाट घर भएको रामजीप्रसाद मरहट्ठा.....***

ऐ. रिचोकटार घर भएको एकराज त्रिपाठी.....

ऐ. गा.वि.स.वडा नं. १ घर भएको रोजप्रसाद त्रिपाठी.....

कास्की जिल्ला पोखरा उ.म.न.पा.वडा नं. १३ घर भएको हरिप्रसाद मरहट्ठा.....समेत रहेको भ्रष्टाचार मुद्दा ।

फैसला मिति : *२०६१।११।१४*

फैसला र पुनरावेदनका आधारहरु :

अन्य प्रतिवादीहरुले कसूर गरेको ठहर गरी विगो भराउने समेत फैसला गरेको भए पनि माथि विरुद्ध खण्डमा नाम उल्लिखित प्रतिवादीहरुलाई सफाई दिएको प्रतिवादीहरु सरोजप्रसाद ढुंगाना, गणेशबहादुर रायमाझी, प्रदिप के.सी., नरेशकुमार प्रधान, झलकमान श्रेष्ठ, उत्तर खतिवडा, महेन्द्रपाल सिंह तथा अनिल क्षेत्रीले भ्रष्टाचारको कसूर गरेको ठहर भै सजाय समेत भएको र राष्ट्रिय वाणिज्य बैंक गजुरी शाखाको नोक्सानी विगो रु.८१,४५,४४५।१३ विभिन्न

प्रतिवादीहरुबाट उक्त बैंक शाखाले भरिपाउने गरी फैसला भएको देखिंदा ठहर भएको हदसम्म कुनै जिकिर लिइएको छैन ।

(क) प्र.हरिप्रसाद मरहट्ठा र प्र.रामजी प्रसाद मरहठ्ठाको हकमाः- प्र.हरिप्रसाद मरहठ्ठा र प्र.रामजी प्रसाद मरहट्ठा समेतका नाउँमा रहेको गंगासागर आयल स्टोर निजहरुकै नाममा रहेको अबस्थामा उक्त आयल स्टोरको तर्फबाट प्र. महेन्द्रपाल सिंले मिति २०५६।१।३१ मा राष्ट्रिय वाणिज्य बैंक केन्द्रिय कार्यालय, सिंहदरवारमा उक्त बैंकका कार्यकारी अध्यक्षलाई संबोधन गरी पत्र लेखेको देखिन्छ । यसैगरी यी खाता आफ्नो जिम्मामा नै हुँदा प्र. हरिप्रसाद मरहठ्ठाले रु. १४ लाख ओभरड्रन गरी अनिल क्षेत्रीका नाउँमा चेक काटेको छ । यी समेतका आधार र प्रमाणहरुबाट ओभरड्रनको कसूर गरेको भनी अदालतले दोषी ठहराएका प्रतिवादीहरु महेन्द्रपाल सिंह र अनिल क्षेत्रीसँग यी प्रतिवादीहरुको उक्त कार्यका लागि मिलेमतो र संलग्नता भएको पुष्टि भएको अवस्था छ ।

यसबाहेक राष्ट्रिय वाणिज्य बैंक गजुरी शाखामा रहेको च.हि.नं. ४०१ को खाताबाट मिति २०५६।१।२१ गतेका दिन काटिएको चेकबाट रु. १४,००,०००।- झिकिएको छ । उक्त रकम निकाल्दा उक्त खाताका सञ्चालक निज हरिप्रसाद मरहट्ठा रहेको देखिन्छ । आफ्नो उक्त खातामा त्यति रकम छैन भन्ने कुरा यी प्रतिवादीलाई थाहा भएको अवस्था छ । निजको नाममा रहेको र निजले सञ्चालन गरिरहेको खाताबाट मौज्दात रहेकोभन्दा बढि परिमाणको रकम यी प्रतिवादीले निकालेको स्पष्ट देखिई रहेको अवस्थामा निजले आफ्नो दायित्व अन्य प्रतिवादीलाई सार्ने गरी अदालतमा गरेको बयानको आधारमा निजको दायित्व मुक्त गर्ने गरी भएको फैसला त्रुटीपूर्ण हुँदा बदरभागी छ ।

त्यस्तै अनिल क्षेत्रीकै च.हि.नं. ५४६ बाट ओभरड्रन गरी जनरल ट्रान्सफर गरी रु. १३,५२,८८४।- रकम प्र. रामजी प्र. मरहट्ठाको खातामा जम्मा गरिएको छ । यसबाट दावीको कसुरमा यी प्रतिवादी समेतको संलग्नता पुष्टि भै रहेको छ । यस अवस्थामा प्र.रामजी प्रसाद मरहट्ठालाई सफाई दिने गरी भएको फैसला त्रुटीपूर्ण हुँदा बदरभागी छ ।

(ख) प्रतिवादीहरु एकराज त्रिपाठी र रोजप्रसाद त्रिपाठीः- यी दुईजना प्रतिवादीहरुको खातामा अनिल क्षेत्री र महेन्द्रपाल सिंको खाताबाट ओभरड्रन गरी झिकेका रकम राखिएको छ । प्र. गणेशबहादुर रायमाझीले जिल्ला सरकारी वकील कार्यालय, धादिङ समक्ष बयान गर्दा बैंकलाई झुक्याई हानी नोक्सानी पार्नेमा यी प्रतिवादीहरुको नाम समेत उल्लेख गरेका छन् । उक्त आधारमा ओभरड्रन गर्ने कार्यमा यी प्रतिवादीहरुको संलग्नता भएको देखिएको छ । यस अवस्थामा यी प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला त्रुटीपूर्ण हुँदा बदरभागी छ ।

३. *बारा जिल्ला बहुअरी गा.वि.स.वडा नं. ४ घर भै राष्ट्रिय बाणिज्य बैंक, शाखा कार्यालय, नाम्चेका तत्कालिन प्रवन्धक वकील यादव.....*

झापा जिल्ला लखनपुर गा.वि.स.वडा नं. १ बसन्त चोक घर भै रा.बा.बैंक, शाखा कार्यालय, नाम्चेका तत्कालिन वरिष्ठ सहायक बैजुनाथ ठाकुर बरही.

सप्तरी जि. राजविराज नगरपालिका वडा नं. ८ स्वर्ण टोला घर भै रा.बा. बैंक, शाखा कार्यालय, नाम्चेका तत्कालिन खजान्ची हरिप्रसाद उपाध्याय.....
सोलुखुम्बु जिल्ला सल्यान गा.वि.स.वडा नं २ घर भै रा.बा.बैंक, शाखा कार्यालय, नाम्चेका तत्कालिन सहायक ख.देवराज वास्तोला .....
सिरहा जिल्ला विष्णुकट्टी गा.वि.स.वडा नं. ६ विष्णुपुर घर भै रा.बा.बैंक, शाखा कार्यालय, नाम्चेका तत्कालिन सुन चाँदी जाँचकी कृष्णप्रसाद आचार्य.....
सोलुखुम्बु जिल्ला चौरीखर्क गा.वि.स.वडा नं. ८ लुक्ला बस्ने मौलिधन तामाङ्ग.
ऐ.ऐ.बस्ने पासाङ्ग तामाङ्ग.....
ऐ.ऐ.बस्ने नीरकुमारी तामाङ्ग .....
ऐ.ऐ.बस्ने प्रेमकुमारी तामाङ्ग.....
ऐ.ऐ.बस्ने पम्फामाया तामाङ्ग.....
झापा जिल्ला सतासिधाम गा.वि.स.वडा नं. ९ दोमुख घर भै ऐ.ऐ.बस्ने नर बहादुर मगर.....समेत रहेको अख्तियार दुरुपयोग गरी भ्रष्टाचार गरेको मुद्दा ।

फैसला मिति : *२०६१।८।१८*

फैसलाको प्रकृति :
सम्पूर्ण अभियोग मागदाबी नपुग्ने ठहर गरी प्रतिवादीहरुलाई सफाइ दिई फैसला भएको।

फैसलाका आधारहरुः-

(क) प्राथमिकता क्षेत्र अन्तर्गत अर्को व्यवस्था नभएसम्म कर्जा कारोवार नगर्नु भनी रोक लगाएको भए पनि हाइपोथिकेशन तर्फको कर्जा कारोवार गर्न रोक लगाएको नदेखिँदा परिपत्रको सिमा बाहिर गई प्रवाह भएको भनी गैरकानूनी ठहऱ्याउन मिलेन ।

(ख) एउटै व्यक्ति मौलीधन तामाङ्गको नाउँको धितोबाट विभिन्न व्यक्तिहरु समेतलाई गरी रु. १२,००,०००।- (बाह्र लाख) कर्जा प्रवाह गर्दा धितोको मूल्यांकन छुट्टै सरकारी निकायका प्राविधिक कार्यालयका कर्मचारीले घरको पनि मूल्य रु. ४३,३१,४२०।- (त्रिचालिस लाख एकतिस हजार चारसय विस) गरेको बढि आधिकारिक र विश्वसनीय देखिएको ।

(ग) एक व्यक्तिले राखेको धितोबाट अरु व्यक्तिले पनि कर्जा उपयोग गर्न पाउने भन्ने राष्ट्रिय बाणिज्य बैंक, केन्द्रीय कार्यालयको मिति २०५५।९।२३ को परिपत्रबाट देखिएको ।

(घ) प्रतिवादी मौलिधन तामाङ्गले कर्जा लिँदा राखेको धितो पूर्ण सुरक्षित र कर्जा असुल हुन सक्ने ।

(ङ) प्र. वकील यादवले धितो चलन चल्तीको मोल अनुसार मूल्यांकन गरेको ऋण असुल हुने संभी ऋण प्रवाह गरेको प्राविधिक ज्ञानको अभावमा केही त्रुटी भएको भन्ने समेत इन्कारी बयान हुँदा बदनियतपूर्ण काम गरेको भन्न नसकिने ।

(च) प्र. वकील यादवले ऋणीबाट रु. ३ लाख लिएको भन्ने पोल भए पनि अदालतमा अन्य प्रतिवादीहरुले पोल गर्न नसकेका ।

(छ) प्र.मध्येको हरिप्रसाद, देवराज, कृष्णप्रसाद आचार्यले अदालतमा बयान गर्दा कसूरमा इन्कार रहेकोले प्र.मध्येका वकील यादवले आरोपित कसुर गरेको नठहरिए पछि अन्य प्रतिवादीहरुलाई मतियारको रुपमा कसूरदार ठहऱ्याउन कानून सम्मत भएन ।

(ज) प्र.मध्येका मौलिधन तामाङ्ग, पासाङ्ग तामाङ्ग, निरकुमारी तामाङ्ग, प्रेमकुमारी तामाङ्ग पम्फामाया तामाङ्ग र नरबहादुर मगर समेतले अदालत समक्ष आई बयान गर्दा आफुहरुले कम मूल्यको जग्गा धितो दिई बढी मूल्यांकन गराई ऋण लिएको होइन । हाल पनि ३०/३२ लाख पर्ने जग्गा हुँदा बैकलाई नोक्सानी पुऱ्याउने नियतले कर्जा कारोवार गरेको होइन भनी इन्कार रहेको पाइनुको साथै अन्य प्रतिवादीहरुले अदालतको म्याद गुजारी बसे पनि ऋण सुरक्षित रहे भएकै देखिँदा साँवा व्याज असुल हुन सक्ने देखिँदा आरोपित कसुर ठहर गर्न कानून सम्मत भएन ।

पुनरावेदनका आधारहरुः-

(क) राष्ट्रिय वाणिज्य बैंक शाखा नाम्चेलाई हाइपोथिकेशन कर्जा प्रवाह गर्न रोक नलगाएको भए पनि त्यस्तो कर्जा प्रवाह गर्दा प्रतिवादी वकील यादवले सो आर्थिक वर्षका लागि विनियोजित कर्जा बजेटबाट रु. ६७,००,०००।- (सठ्सट्ठी लाख) भन्दा बढी कर्जा लगानी गरेको, बैंकको पुरानो बाँकी कर्जा असुल गर्नु पर्ने मौलिधन तामाङ्ग र प्र.पासाङ तामाङ्गलाई पुनः कर्जा लगानी गरेको, प्रतिवादी मौलिधन तामाङ्गले राखेको धितो पनि रोक्का नराखी ऋण असुरक्षित गरेको फर्म दर्ता र आयकर दर्ता प्रमाणपत्र दाखिल नगराई प्र.मौलिधन तामाङ्गको एका परिवारका श्रीमती, भाई, वहिनी समेतका व्यक्तिलाई कर्जा दिँदा प्रति परिवार एक लाख पचासहजार सम्म मात्र कर्जा प्रवाह गर्न पाउने सिमा नघाई रु. दुईलाखका दरले ऋण लगानी गरेको, एउटै परिवार भित्र बढीमा प्रति परिवार रु. १,५०,०००।- सम्म मात्र कर्जा प्रवाह गर्न पाउनेमा सो सिमा नघाई रु. १२,००,०००।- कर्जा दिएको र प्राथमिकता प्राप्त क्षेत्रमा लगानी गर्न रोक लगाईएको अवधिमा भौगोलिक क्षेत्र वाहिर झापाका मानिस नरबहादुर मगरलाई प्राथमिकता क्षेत्र अन्तर्गतको कर्जा रु. दुईलाख प्रवाह गरी कसुरजन्य कार्य गरेको भनी अभियोग लगाइएको हो । यसरी राष्ट्रिय वाणिज्य बैंकको प्राथमिकता क्षेत्र कर्जा निर्देशिका २०५७ (संशोधन) र राष्ट्रिय वाणिज्य बैंकको प.सं.प्रा.क्षे. क.वि.च.नं. ११८८, मिति २०५५।९।२६ को परिपत्रको व्यवस्था विपरित कर्जा प्रवाह गर्नुको पछाडि प्र. वकील यादवको कुनै निहित स्वार्थ (vested interest) थिएन भन्न सकिदैन । यसरी बैंकका प्रवन्धक कर्मचारीले पालना गर्नु पर्ने भनी बनेका आदेश निर्देशको पालना नगर्नु जस्ता कार्यबाट नै निजको बदनियत प्रष्ट हुन्छ । न्यायकर्ताबाट प्र. वकील यादव समेतका प्रतिवादीहरुले ऋण दिने दिलाउने सम्बन्धमा गरेका सवै काम कारवाहीहरुको समुचित मूल्यांकन गरी फैसला गर्नु पर्नेमा गैर कानूनी रुपमा काम गरेको स्पष्ट हुँदा हुँदै पनि सो गैरकानूनी कार्यलाई समेत उचित ठहऱ्याई सफाई दिएबाट अदालती बन्दोवस्तको महलको १८४ क नं. तथा सोही महलको १८५ देहाय (१) र प्रमाण ऐन, २०३१ को दफा ९ र ५४ समेतको विपरित त्रुटीपूर्ण फैसला भएको छ ।

(ख) शुरुमा प्रतिवादी मौलिधन तामाङ्गका नाउँको कि.नं. ३२६ को जग्गा धितो राखे पनि सो जग्गाको स्थलगत निरीक्षण पनि नगरी नाम्चेस्थित बैंकको कार्यालयमा नै वसी मूल्यांकन गरेको, प्राविधिकद्वारा मूल्यांकन गराउनु पर्ने भन्ने कर्जा कारोवार व्यवस्थापन प्रणाली २०५० को १२.२ विपरित प्राविधिक कर्मचारी सम्मीलित नगराई स्वयम बैंकका कर्मचारीहरुद्धारा मूल्यांकन गर्नु गराउनु र सरकारी कार्यालयका नि. इन्जिनियरले गरेको मूल्यांकनलाई आधिकारीक र विस्वसनिय भएको भनि फैसलामा उल्लेख गरे पनि मिसिल संलग्न जिल्ला विकास समिति सोलुले पठाएको च.नं. ११२०, मिति २०५९।३।२८ को पत्रानुसारको मूल्यांकनले घर जग्गाको रु. २,२१,३१४।- पर्ने देखिँदा देखिँदै पनि ऋण प्रवाह गर्दाको अवस्थामा त अझै कम वास्ताविक मूल्यांकन हुने अवस्था थियो । त्यसतर्फ ध्यान नै नदिई जिल्ला खानेपानी कार्यालयका नि. इन्जिनियरले के कस्तो अवस्था परिस्थिति र आधारमा उक्त घर जग्गा मूल्यांकन गरेको हो भन्ने फैसलामा विवेचना नै नगरी प्रमाण ऐन, २०३१ को दफा ९ र १० तथा दफा ५४ समेतको त्रुटी गरी फैसला भएको छ ।

(ग) एक पटक बैकबाट ऋण लिई सकेका व्यक्ति/फर्म समेतले ऋण चुक्ता नगरेकोमा त्यस्तालाई कर्जा स्वीकृत गर्न पाइने छैन भनी प्राथमिकता क्षेत्र कर्जा निर्देशिका २०५७ (संशोधित) नियम १२ को देहाय १६ समेतले गरिएको व्यवस्था विपरित प्रतिवादी मौलिघन तामाङ्ग समेतलाई अर्को कर्जा प्रवाह गरेको छ । त्यस्तै गरेर बैंकसँग सन्तोषजनक कारोवार नगर्ने ग्राहक स्वयं वा निजको एकाघरको परिवारको नाममा रहेको कम्तीमा २५% प्रतिशत अचल सम्पत्ति धितो हुनु पर्ने व्यवस्था मिति २०५६।४।१ देखि नै लागु भएको भन्ने राष्ट्रिय वाणिज्य बैंक केन्द्रिय कार्यालयको च.नं. १८ मिति २०५६।३।२४ को परिपत्र हुँदा हुँदै प्र. वकील यादवले प्र.मध्येको मौलिघन तामाङ्ग र निजको श्रीमती भाई वहिनी समेतलाई ऋण कर्जा प्रवाह गर्दा थप धितो लिएको नदेखिएकोले उक्त परिपत्र उल्लंघन भएको छ । सो व्यवस्था उल्लंघन गरिए तर्फ अदालत मौन रहेको छ । पुरानो ऋण पनि तिर्न बुझाउन नसकेको ऋणीको सम्पत्ति अत्यधिक मूल्यांकन गरिएकोलाई नै धितो स्वीकार गरी प्राविधिक कर्मचारी पठाएर आफु समेत गै सम्पत्ति निरीक्षण गरी मूल्यांकन गर्नु पर्ने व्यवस्था पालन नगरी पटक पटक बैंकको परिपत्र र निर्देशन उल्लंघन गरेको स्थिति स्पष्ट हुँदा हुँदै विना आधार प्रमाण ऋण असुल गर्न धितो पर्याप्त भै ऋण सुरक्षित रहेको भनी विशेष अदालतले प्रतिवादीको भनाईलाई मात्र आधार लिई असूल हुन सक्ने धितो भनी ठहर गर्ने कुनै आधार नहुँदा समेत मनोगत निष्कर्षमा पुगी त्रुटीपूर्ण फैसला गरेको स्पष्ट छ ।

(घ) फेरि बैंकको परिपत्र निर्देशन विपरित अर्को जिल्लाको व्यक्ति प्र. नरबहादुर मगरलाई प्राथमिकता प्राप्त क्षेत्र अन्तर्गत कर्जा दिन रोक लगाएको अवस्थामा कर्जा दिई बदनियत पूर्वक कानून उल्लंघन गरे तर्फ अदालतले कसूर ठहर गर्नु पर्नेमा सफाई दिई त्रुटीपूर्ण फैसला गरेको छ ।

(ङ) यस प्रकार जसरी पनि ऋण प्रवाह गर्ने र बैंकका ऋण सुरक्षित हुने गरी धितो लिने तर्फ प्रयाससम्म पनि नगर्ने प्रतिवादीको बदनियत पूर्ण कार्यलाई बदनियत थिएन भनी सफाई दिनु औचित्य पूर्ण छैन । यी प्र.वकील यादव ऋणीलाई ऋण दिए बापत घुस लिने व्यक्ति भएको तथ्य स्वंय अदालतले फौ.नं.९५/४५४ को मुद्दामा ठहर गरी

सकेबाट पनि प्रतिवादीले बदनियत पूर्ण उदेश्यले काम गर्ने गरेको कुरा प्रमाणीत भइरहेकै अवस्था छ ।

(च) प्रतिवादी मध्येको मौलिधन तामाङ्ग समेतबाट प्र.वकील यादवले ऋण कर्जा मिलाई दिए बापत रु. ३,००,०००।- (तीन लाख) लिएको भनी प्र. मौलिधन तामाङ्गले बयान कागज गरेको कुरा प्र. मध्येको वकील यादवले पनि आफ्नो बयान कागजमा स्विकार गरी अदालत समक्ष आई बयान गर्दा इन्कार रहे पनि आफूले त्यस्तो अरु प्रतिवादीहरुलाई ऋण मिलाई दिन बैंकको सवै नियम निर्देशनको अवज्ञा गर्नुको पछाडी उक्त रकम (रिसवत) लिनु खानु बाहेक अरु केही उद्देश्य रहेको देखिदैन । अदालतमा प्रतिवादीहरु सजायबाट वच्नका लागि रिसवत लिए खाएमा इन्कार रहे पनि मौकामा अनुसन्धान अधिकृत समक्ष यी प्रतिवादीहरुले गरेको बयानलाई अन्यथा भन्न नसकेको तथा सो कुरा उक्त ऋण सम्बन्धी फायलमा भए गरेका काम कारवाहीको अनियमितताबाट पुष्टि हुँदा उक्त मौकाको बयान कागज प्रमाण ऐन, २०३१ को दफा ९ ले प्रमाणमा लिनु पर्नेमा प्रमाणमा नलिई त्रुटीपूर्ण फैसला गरिएको छ ।

(छ) प्रतिवादी मध्येका बैजनाथ ठाकुर वरही, हरिप्रसाद, देवराज र कृष्णप्रसादले मौकामा गरेको बयान र अदालत समक्ष गरेको बयान समेतमा प्र. वकील यादवले यी सवै कर्जा सम्बन्धी प्राथमिकता क्षेत्र कर्जा प्रवाह गर्दा कागजहरु तयार गरी दस्तखत गर्न लगाएका हुन । एकै दिनमा एकै व्यक्तिलाई भौचरबाट ऋण भुक्तानी दिएका हौ । विस्वासमा परी मूल्यांकन फाराममा सही गरेको हौं । मूल्यांकन प्रतिवेदनको प्रतिलिपि गरी अन्य व्यक्तिलाई त्यही धितोबाट प्रवन्धक वकील यादवले गैर कानूनी तरिकाबाट कर्जा प्रवाह गरे गराएका हुन । तसर्थ यी कर्जा प्रवाहमा वकील यादवको कैफियत देखिएको छ भनी आफूहरु समेतले वकील यादवका अनियमित कार्यमा संलग्नता रहेको भनी साबित हुँदा हुँदै पनि त्यस तर्फ ध्यान नदिई मतियार भै कसुर गरेका होइनन् भनी आरोपबाट सफाई दिने कार्य मुलुकी ऐन, अ.बं. १८५ नं. र प्रमाण ऐन, २०३१ को दफा ५४ समेतको त्रुटीपूर्ण फैसला भएको छ ।

(ज) प्रतिवादीहरु पासाङ तामाङ्ग, निरकुमारी तामाङ्ग, प्रेमकुमारी तामाङ्ग, पम्फामाया तामाङ्ग र नरबहादुर मगर समेतले बैंकमा आफुले ऋण लिने निवेदन गरेर सहिछाप गरेको स्थितिमा उक्त ऋण पाउने सन्दर्भमा भएको बैंकका प्रचलित नियम आदेशहरुको वर्खिलाप हुने गरी ऋण प्राप्त गरेको कुरामा विवाद नभएको र अनुशन्धानको सिलसिलामा निजहरु उपस्थित भै बयान कागज गर्दा समेत दर्ता नै नभएको फर्मको नाम उल्लेख गरेको समेतका गलत कार्य गरी ऋण प्राप्त गरे पछि सो कार्य गरेको होइन भनी अदालत समक्ष उपस्थित नहुने प्रतिवादीहरुले आरोपपत्र स्वीकार गरी वसेको मान्नु पर्ने समेत हुँदा प्रमाणको समुचित मूल्यांकन नगरी निजहरुलाई समेत सफाई दिई त्रुटीपूर्ण फैसला भएको छ ।

४. ***बारा जिल्ला बहुअरी गा.वि.स.वडा नं. ४ घर भै राष्ट्रिय बाणिज्य बैंक, शाखा कार्यालय,***
नाम्चेका तत्कालिन प्रवन्धक वकील यादव.....
झापा जिल्ला लखनपुर गा.वि.स.वडा नं. १ बसन्त चोक घर भै रा.बा.बैंक, शाखा कार्यालय, नाम्चेका तत्कालिन वरिष्ठ सहायक बैजुनाथ ठाकुर बरही.....

सोलुखुम्बु जिल्ला सल्यान गा.वि.स.वडा नं २ घर भै रा.बा.बैंक, शाखा कार्यालय, नाम्चेका तत्कालिन सहायक ख.देवराज वास्तोला .....
सप्तरी जि.राजविराज न.पा.वडा नं. ८ स्वर्णटोल घर भै रा.बा.बैंक, शाखा कार्यालय, नाम्चेका खजान्ची हरिप्रसाद उपाध्याय.....
सोलुखुम्बु जि.चौरीखर्क गा.वि.स.वडा नं. ५ फाङ्गदिङ्ग बस्ने डोमा शेर्पा .....
ऐ.ऐ.बस्ने श्रीमती पासाङ फुटी शेर्पा.....
ऐ.ऐ.बस्ने पेम्बाछिरि शेर्पा.....
ऐ.ऐ.बस्ने ङवाङथोमे शेर्पा.....
ऐ.ऐ.बस्ने लाक्पा शेर्पिनी.....
ऐ.ऐ.बस्ने दाछिरी शेर्पा.... समेत रहेको अख्तियार दुरुपयोग गरी भ्रष्टाचार गरेको मुद्दा ।

फैसला मिति : *२०६१।८।१८*

फैसलाको प्रकृतिः-

फैसला गरिँदा कर्जा लिएको साँवा रकम सम्मलाई विगो ठहर गरी सजाय गरेको तर भरी भराउ हुँदाको दिनसम्मको व्याज बापतको रकम भराई पाउँ भन्ने दावी र घुस तर्फ सजाय गरी पाउँ भन्ने दावी नपुग्ने ठहर गरी प्रतिवादीहरु लाई सफाइ दिई फैसला भएको ।

फैसलाका आधारहरुः-

(क) प्रतिवादी वकील यादवले ऋणीबाट रकम लिएको भन्ने अभियोगमा इन्कार रहेको र घुस रिसवत लिए खाएको भरपर्दो स्वतन्त्र र तथ्ययुक्त सवूद प्रमाण वादी पक्षबाट पेश हुन नसकेको,

(ख) भ्र.नि.ऐन, २०१७ को दफा ७(२) अन्तर्गतको कसूर गरेको पुष्टि भएको भन्ने कारणले मात्र ऐजन ऐनको दफा ३ को कसूर स्वत पुष्टि हुन्छ भन्न मिल्दैन,

(ग) प्रस्तुत मुद्दा बैंकको लगानी असुल गरी पाउँ भन्ने नभै भ्रष्टाचार मुद्दा भएकोले व्याजको रकम समेत यकिन गरी विगोमा दावी लिन नसकेको अवस्थामा अदालत स्वयम्ले विगो कायम गरी भरी पाउने ठहर गर्नु कानून सम्मत नहुने ।

पुनरावेदनका आधारहरुः-

(क) प्रतिवादीहरु अनुसन्धानको क्रममा बयान कागज गर्दा आफूहरुलाई बैंकबाट कर्जा मिलाई दिए बापत प्र. वकील यादवले रकम खाई दिएको हो भनी लेखाई निजहरु अदालत समक्ष उपस्थित नभै म्याद गुजारी बसेबाट आफ्नो बयान कागज र कसुर स्वीकार गरी वसेको अवस्था छ । निज प्रतिवादी वकील यादवले अनुसन्धानको सिलसिलामा ऋणीबाट रकम लिएमा सावित रही बयान गरेका छन् । अदालत समक्ष घुस रिसवत खाएमा इन्कार रहे पनि धितो स्वीकार गरेको भन्दा बढी रकम कर्जा प्रवाह गर्नुका अतिरिक्त बैंकबाट समय समयमा लागु गरेको निर्देशिका नीतिनियम र परिपत्रको विपरित कर्जा लगानी गर्नुको पछाडि ऋणी प्रतिवादीहरुसँग घुस रिसवत लिए खाएको कुरा प्रमाणित भै रहँदा पनि त्यस्तो प्रमाणको प्रमाण ऐन, २०३१ को

दफा ९ बमोजिम प्रमाणमा लिन योग्य प्रमाण हुँदा हुँदै पनि प्रमाणमा नलिई गरेको फैसला त्रुटीपूर्ण छ ।

(ख) जथाभावी रुपमा आफू र ऋणीहरुलाई गैर कानुनी लाभ पुऱ्याउने बदनियत राखी पुरानो कर्जा असुली नहुदै, धितोको स्थलगत रुपमा प्राविधिकबाट मूल्यांकन नगराई आफू समेत भै वास्तविकता भन्दा बढी रकमको धितो मूल्यांकन गर्ने गराउने कसुर गरेको ठहर भएको स्थितिमा त्यस्तो गैर कानूनी लाभ लिने पुऱ्याउने प्र. वकील यादवले रिसवत लिने खाने नगरी त्यस्तो अनियमित ऋण प्रवाह गरेका होइन भनी संझन नमिलि, कसुर गरेको परिस्थितिजन्य प्रमाणबाट पुष्टि भै रहेको अवस्थामा समेत प्रतिवादी इन्कार रहेको भन्ने मात्र आधारमा सफाई दिनु त्रुटीपूर्ण फैसला भएको स्पष्ट छ ।

(ग) प्रतिवादी वकील यादवले ऋणीहरुलाई कर्जा प्रवाह गर्दा कर्जाको रकम मध्ये केही रकम निजैले राख्ने गरेको भनी ऋणी प्रतिवादीहरुले स्पष्ट पोल गरेका छन् । स्वयम प्रतिवादी वकील यादवले बैंकको निति निर्देशन विपरित ऋण प्रवाह गर्दा ऋणीहरुसँग रु. २,००,०००।- (दुई लाख) लिएको अवस्थामा निजले ऋण प्रवाह गरेका व्यक्तिहरुसँग रकम लिई खाएको कुरा पुष्टयाई भै रहेको स्थिति छ । यस्तो प्रमाण हुँदा हुँदै पनि अदालतले के कस्तो भरपर्दो स्वतन्त्र र तथ्ययुक्त प्रमाण खोजेको हो, स्पष्ट हुदैन । मिसिल संलग्न प्रमाणको मूल्यांकन गरी निष्कर्षमा पुग्नु पर्नेमा सो मूल्यांकन नै नगरी स्वतन्त्र र भरपर्दो प्रमाण छैन भनी सफाई दिनु न्याय संगत हुन सक्दैन ।

(घ) यो बैंकलाई गैरकानूनी रुपले हानी पुगेको रकम असुल गरी पाउँ भन्ने समेत मागदावी भएको मुद्दा हो । बैंकले व्याज प्राप्त गर्नु पर्नेमा हानी नोक्सानी भएको भन्ने तथ्यमा प्रतिवादीहरुले विवाद नै उठाएका छैनन् भने सो तथ्यमा अदालतले अन्यथा गर्नु पर्ने अवस्था नै छैन । बदनियत साथ बैंकको निति निर्देशन तथा आदेश विपरित ऋण कर्जा प्रवाह गरेको कारणबाट प्रतिवादीहरुले जानीजानी गैर कानूनी लाभ लिने दिने कार्य गरी बैंकलाई हानी नोक्सानी पुग्न गएको भन्ने सप्रमाण पुष्टि भै प्रतिवादीहरुको कसुर ठहर भई सकेको हुनाले दावीका सबै जिकिरहरुको यसै मुद्दाबाट न्याय निरोपण हुनु पर्नेमा व्याजको रकमलाई समावेश नगरी त्रुटीपूर्ण फैसला भएको छ ।

(ङ) बैंकले पाउनु पर्ने व्याज समेत हानी नोक्सानी भएको स्पष्ट देखिएको छ । सो हानी नोक्सानी साँवा र भरी भराउ हुने दिन सम्मको व्याज समेत भराउन नमिल्ने कुनै आधार छैन । बैकलाई पुग्न गएको साँवा र व्याज समेतको हानीका सम्बन्धमा अभियोग पत्रमा स्पष्ट रुपमा मागदावी उल्लेख भएकै छ । जब हानीको रकम उल्लेख गरि भरी भराउको दावी लिइन्छ भने सो साँवाको व्याज पनि भरी भराउ हुने समय (दिन) सम्मको भराउन नसकिने अवस्था छैन । अभियोग दावीमा व्याज समेतको रकमको दावी लिए पछि सो दावी तर्फ प्रमाणको मूल्यांकन नै नगरी अधुरो फैसला गरिएको छ ।

५. *बारा जिल्ला बहुअरी गा.वि.स.वडा नं. ४ घर भै राष्ट्रिय बाणिज्य बैंक, शाखा कार्यालय, नाम्चेका तत्कालिन प्रवन्धक वकील यादव.....*

झापा जिल्ला लखनपुर गा.वि.स.वडा नं. १ बसन्त चोक घर भै रा.बा.बैंक, शाखा कार्यालय, नाम्चेका तत्कालिन वरिष्ठ सहायक बैजुनाथ ठाकुर बरही.....
सोलुखुम्बु जिल्ला सल्यान गा.वि.स.वडा नं २ घर भै रा.बा.बैंक, शाखा कार्यालय, नाम्चेका तत्कालिन सहायक ख.देवराज वास्तोला .....
सप्तरी जि.राजविराज न.पा.वडा नं. ८ स्वर्णटोल घर भै रा.बा.बैंक, शाखा कार्यालय, नाम्चेका खजान्ची हरिप्रसाद उपाध्याय.....
सोलुखुम्बु जि.बाकु गा.वि.स.वडा नं. ९ को हाल चौरिखर्क गा.वि.स.वडा नं. ५ बस्ने दिलबहादुर मगर.. समेत रहेको अख्तियार दुरुपयोग गरी भ्रष्टाचार गरेको मुद्दा ।

फैसला मिति : *२०६१।८।१८*

फैसलाको प्रकृति :-

कर्जा लिएको साँवा रकम सम्मलाई विगो ठहर गरी सजाय गरेको तर भरी भराउ हुँदाको दिनसम्मको व्याज बापतको रकम भराई पाउँ भन्ने दावी र घुस तर्फ सजाय गरी पाउँ भन्ने दावी नपुग्ने ठहर ।

फैसलाका आधारहरुः-

विशेष अदालत, काठमाडौबाट मिति २०६१।८।१८ गते भएको फैसलामा वादी श्री ५ को सरकारको मागदावी पुग्न नसक्ने ठहऱ्याउँदा निम्न आधार लिएको पाइन्छ ।

(क) प्रतिवादी वकील यादवले ऋणीबाट रकम लिएको भन्ने अभियोगमा इन्कार रहेको र घुस रिसवत लिए खाएको भरपर्दो स्वतन्त्र र तथ्ययुक्त सवूद प्रमाण वादी पक्षबाट पेश हुन नसकेको,

(ख) भ्र.नि.ऐन, २०१७ को दफा ७(२) अन्तर्गतको कसूर गरेको पुष्टि भएको भन्ने कारणले मात्र ऐजन ऐनको दफा ३ को कसूर स्वत पुष्टि हुन्छ भन्न मिल्दैन,

(ग) प्रस्तुत मुद्दा बैंकको लगानी असुल गरी पाउँ भन्ने नभै भ्रष्टाचार मुद्दा भएकोले व्याजको रकम समेत यकिन गरी विगोमा दावी लिन नसकेको अवस्थामा अदालत स्वयम्ले विगो कायम गरी भरी पाउने ठहर गर्नु कानून सम्मत नहुने ।

पुनरावेदनका आधारहरुः-

(क) प्रतिवादीहरु अनुसन्धानको क्रममा बयान कागज गर्दा आफूहरुलाई बैंकबाट कर्जा मिलाई दिए बापत प्र. वकील यादवले रकम खाई दिएको हो भनी लेखाई निजहरु अदालत समक्ष उपस्थित नभै म्याद गुजारी बसेबाट आफ्नो बयान कागज र कसुर स्वीकार गरी वसेको अवस्था छ । निज प्रतिवादी वकील यादवले अनुसन्धानको सिलसिलामा ऋणीबाट रकम लिएमा सावित रही बयान गरेका छन् । अदालत समक्ष घुस रिसवत खाएमा इन्कार रहे पनि धितो स्वीकार गरेको भन्दा बढी रकम कर्जा प्रवाह गर्नुका अतिरिक्त बैंकबाट समय समयमा लागु गरेको निर्देशिका नीतिनियम र परिपत्रको विपरित कर्जा लगानी गर्नुको पछाडी ऋणी प्रतिवादीहरुसँग घुस रिसवत लिए खाएको कुरा प्रमाणित भै रहँदा पनि त्यस्तो प्रमाणको प्रमाण ऐन, २०३१ को

दफा ९ बमोजिम प्रमाणमा लिन योग्य प्रमाण हुँदा हुँदै पनि प्रमाणमा नलिई गरेको फैसला त्रुटीपूर्ण छ ।

(ख) जथाभावी रुपमा आफू र ऋणीहरुलाई गैर कानुनी लाभ पुऱ्याउने बदनियत राखी पुरानो कर्जा असुली नहुदै, धितोको स्थलगत रुपमा प्राविधिकबाट मूल्यांकन नगराई आफु समेत भै वास्तविकता भन्दा बढी रकमको धितो मूल्यांकन गर्ने गराउने कसुर गरेको ठहर भएको स्थितिमा त्यस्तो गैर कानूनी लाभ लिने पुऱ्याउने प्र. वकील यादवले रिसवत लिने खाने नगरी त्यस्तो अनियमित ऋण प्रवाह गरेका होइन भनी संझन नमिलि कसुर गरेको परिस्थितिजन्य प्रमाणबाट पुष्टि भै रहेको अवस्थामा समेत प्रतिवादी इन्कार रहेको भन्ने मात्र आधारमा सफाई दिनु त्रुटीपूर्ण फैसला भएको स्पष्ट छ ।

(ग) प्रतिवादी वकील यादवले ऋणीहरुलाई कर्जा प्रवाह गर्दा कर्जाको रकम मध्ये केही रकम निजैले राख्ने गरेको भनी ऋणी प्रतिवादीहरुले स्पष्ट पोल गरेका छन् । स्वयम प्रतिवादी वकील यादवले बैंकको निति निर्देशन विपरित ऋण प्रवाह गर्दा ऋणीहरुसँग रु. २,००,०००।- (दुई लाख) लिएको अवस्थामा निजले ऋण प्रवाह गरेका व्यक्तिहरुसँग रकम लिई खाएको कुरा पुष्टयाई भै रहेको स्थिति छ । यस्तो प्रमाण हुँदा हुँदै पनि अदालतले के कस्तो भरपर्दो स्वतन्त्र र तथ्ययुक्त प्रमाण खोजेको हो, स्पष्ट हुदैन । मिसिल संलग्न प्रमाणको मूल्यांकन गरी निष्कर्षमा पुग्नु पर्नेमा सो मूल्यांकन नै नगरी स्वतन्त्र र भरपर्दो प्रमाण छैन भनी सफाई दिनु न्याय संगत हुन सक्दैन ।

(घ) यो बैंकलाई गैरकानूनी रुपले हानी पुगेको रकम असुल गरी पाउँ भन्ने समेत मागदावी भएको मुद्दा हो । बैंकले व्याज प्राप्त गर्नु पर्नेमा हानी नोक्सानी भएको भन्ने तथ्यमा प्रतिवादीहरुले विवाद नै उठाएका छैनन् भने सो तथ्यमा अदालतले अन्यथा गर्नु पर्ने अवस्था नै छैन । बदनियत साथ बैंकको निति निर्देशन तथा आदेश विपरित ऋण कर्जा प्रवाह गरेको कारणबाट प्रतिवादीहरुले जानीजानी गैर कानूनी लाभ लिने दिने कार्य गरी बैंकलाई हानी नोक्सानी पुग्न गएको भन्ने सप्रमाण पुष्टि भै प्रतिवादीहरुको कसुर ठहर भई सकेको हुनाले दावीका सबै जिकिरहरुको यसै मुद्दाबाट न्याय निरोपण हुनु पर्नेमा व्याजको रकमलाई समावेश नगरी त्रुटीपूर्ण फैसला भएको छ ।

(ङ) बैंकले पाउनु पर्ने व्याज समेत हानी नोक्सानी भएको स्पष्ट देखिएको छ । सो हानी नोक्सानी सावा र भरी भराउ हुने दिन सम्मको व्याज समेत भराउन नमिल्ने कुनै आधार छैन । बैकलाई पुग्न गएको साँवा र व्याज समेतको हानीका सम्बन्धमा अभियोग पत्रमा स्पष्ट रुपमा मागदावी उल्लेख भएकै छ । जव हानीको रकम उल्लेख गरि भरी भराउको दावी लिइन्छ भने सो साँवाको व्याज पनि भरी भराउ हुने समय (दिन) सम्मको भराउन नसकिने अवस्था छैन । अभियोग दावीमा व्याज समेतको रकमको दावी लिए पछि सो दावी तर्फ प्रमाणको मूल्यांकन नै नगरी अधुरो फैसला गरिएको छ ।

६. ***बारा जिल्ला बहुअरी गा.वि.स.वडा नं. ४ घर भै राष्ट्रिय बाणिज्य बैंक, शाखा कार्यालय, नाम्चेका तत्कालिन प्रवन्धक वकील यादव*****.....**

झापा जिल्ला लखनपुर गा.वि.स.वडा नं. १ बसन्त चोक घर भै रा.बा.बैंक, शाखा कार्यालय, नाम्चेका तत्कालिन वरिष्ठ सहायक बैजुनाथ ठाकुर बरही.....
सोलुखुम्बु जिल्ला सल्यान गा.वि.स.वडा नं २ घर भै रा.बा.बैंक, शाखा कार्यालय, नाम्चेका तत्कालिन सहायक ख.देवराज वास्तोला .....
सप्तरी जि.राजविराज न.पा.वडा नं. ८ स्वर्णटोल घर भै रा.बा.बैंक, शाखा कार्यालय, नाम्चेका खजान्ची हरिप्रसाद उपाध्याय.....
सोलुखुम्बु जि. सांविक मुक्ली गा.वि.स.वडा नं. २ को हाल देउसा गा.वि.स.वडा नं. २ घर भै हाल नाम्चे २ बस्ने बालकुमार दर्जी ..... समेत रहेको अख्तियार दुरुपयोग गरी भ्रष्टाचार गरेको मुद्दा ।

फैसला मिति : *२०६१।८।१८*

फैसलाको प्रकृतिः

कर्जा लिएको साँवा रकम सम्मलाई विगो ठहर गरी सजाय गरेको तर भरी भराउ हुँदाको दिनसम्मको व्याज बापतको रकम भराई पाउँ भन्ने दावी र घुस तर्फ सजाय गरी पाउँ भन्ने दावी नपुग्ने ठहर गरी प्रतिवादीहरुलाई सफाइ दिई फैसला भएको ।

फैसला का आधारहरु : -

(क) प्रतिवादी वकील यादवले ऋणीबाट रकम लिएको भन्ने अभियोगमा इन्कार रहेको र घुस रिसवत लिए खाएको भरपर्दो स्वतन्त्र र तथ्ययुक्त सवूद प्रमाण वादी पक्षबाट पेश हुन नसकेको,

(ख) भ्र.नि.ऐन, २०१७ को दफा ७(२) अन्तर्गतको कसूर गरेको पुष्टि भएको भन्ने कारणले मात्र ऐजन ऐनको दफा ३ को कसूर स्वत पुष्टि हुन्छ भन्न मिल्दैन,

(ग) प्रस्तुत मुद्दा बैंकको लगानी असुल गरी पाउँ भन्ने नभै भ्रष्टाचार मुद्दा भएकोले व्याजको रकम समेत यकिन गरी विगोमा दावी लिन नसकेको अवस्थामा अदालत स्वयम्ले विगो कायम गरी भरी पाउने ठहर गर्नु कानून सम्मत नहुने ।

पुनरावेदनका आधारहरुः-

(क) प्रतिवादीहरु अनुसन्धानको क्रममा बयान कागज गर्दा आफुहरुलाई बैंकबाट कर्जा मिलाई दिए बापत प्र. वकील यादवले रकम खाई दिएको हो भनी लेखाई निजहरु अदालत समक्ष उपस्थित नभै म्याद गुजारी बसेबाट आफ्नो बयान कागज र कसुर स्वीकार गरी वसेको अवस्था छ । निज प्रतिवादी वकील यादवले अनुसन्धानको सिलसिलामा ऋणीबाट रकम लिएमा सावित रही बयान गरेका छन् । अदालत समक्ष घुस रिसवत खाएमा इन्कार रहे पनि धितो स्वीकार गरेको भन्दा बढी रकम कर्जा प्रवाह गर्नुका अतिरिक्त बैंकबाट समय समयमा लागु गरेको निर्देशिका नीतिनियम र परिपत्रको विपरित कर्जा लगानी गर्नुको पछाडी ऋणी प्रतिवादीहरुसँग घुस रिसवत लिए खाएको कुरा प्रमाणित भै रहँदा पनि त्यस्तो प्रमाणको प्रमाण ऐन, २०३१ को दफा ९ बमोजिम प्रमाणमा लिन योग्य प्रमाण हुँदा हुँदै पनि प्रमाणमा नलिई गरेको फैसला त्रुटीपूर्ण छ ।

(ख) जथाभावी रुपमा आफु र ऋणीहरुलाई गैर कानुनी लाभ पुऱ्याउने बदनियत राखी पुरानो कर्जा असुली नहुदै, धितोको स्थलगत रुपमा प्राविधिकबाट मूल्यांकन नगराई आफु समेत भै वास्तविकता भन्दा बढी रकमको धितो मूल्यांकन गर्ने गराउने कसुर गरेको ठहर भएको स्थितिमा त्यस्तो गैर कानूनी लाभ लिने पुऱ्याउने प्र. वकील यादवले रिसवत लिने खाने नगरी त्यस्तो अनियमित ऋण प्रवाह गरेका होइन भनी संझन नमिलि कसुर गरेको परिस्थितिजन्य प्रमाणबाट पुष्टि भै रहेको अवस्थामा समेत प्रतिवादी इन्कार रहेको भन्ने मात्र आधारमा सफाई दिनु त्रुटीपूर्ण फैसला भएको स्पष्ट छ ।

(ग) प्रतिवादी वकील यादवले ऋणीहरुलाई कर्जा प्रवाह गर्दा कर्जाको रकम मध्ये केही रकम निजैले राख्ने गरेको भनी ऋणी प्रतिवादीहरुले स्पष्ट पोल गरेका छन् । स्वयम प्रतिवादी वकील यादवले बैंकको निति निर्देशन विपरित ऋण प्रवाह गर्दा ऋणीहरुसँग रु. १,५०,०००।- (एकलाख पचासहजार) लिएको अवस्थामा निजले ऋण प्रवाह गरेका व्यक्तिहरुसँग रकम लिई खाएको कुरा पुष्टयाई भै रहेको स्थिति छ । यस्तो प्रमाण हुँदा हुँदै पनि अदालतले के कस्तो भरपर्दो स्वतन्त्र र तथ्ययुक्त प्रमाण खोजेको हो, स्पष्ट हुदैन । मिसिल संलग्न प्रमाणको मूल्यांकन गरी निष्कर्षमा पुग्नु पर्नेमा सो मूल्यांकन नै नगरी स्वतन्त्र र भरपर्दो प्रमाण छैन भनी सफाई दिनु न्याय संगत हुन सक्दैन ।

(घ) यो बैंकलाई गैरकानूनी रुपले हानी पुगेको रकम असुल गरी पाउँ भन्ने समेत मागदावी भएको मुद्दा हो । बैंकले व्याज प्राप्त गर्नु पर्नेमा हानी नोक्सानी भएको भन्ने तथ्यमा प्रतिवादीहरुले विवाद नै उठाएका छैनन् भने सो तथ्यमा अदालतले अन्यथा गर्नु पर्ने अवस्था नै छैन । बदनियत साथ बैंकको निति निर्देशन तथा आदेश विपरित ऋण कर्जा प्रवाह गरेको कारणबाट प्रतिवादीहरुले जानीजानी गैर कानूनी लाभ लिने दिने कार्य गरी बैंकलाई हानी नोक्सानी पुग्न गएको भन्ने सप्रमाण पुष्टि भै प्रतिवादीहरुको कसुर ठहर भई सकेको हुनाले दावीका सबै जिकिरहरुको यसै मुद्दाबाट न्याय निरोपण हुनु पर्नेमा व्याजको रकमलाई समावेश नगरी त्रुटीपूर्ण फैसला भएको छ ।

(ङ) बैंकले पाउनु पर्ने व्याज समेत हानी नोक्सानी भएको स्पष्ट देखिएको छ । सो हानी नोक्सानी सावा र भरी भराउ हुने दिन सम्मको व्याज समेत भराउन नमिल्ने कुनै आधार छैन । बैकलाई पुग्न गएको साँवा र व्याज समेतको हानीका सम्बन्धमा अभियोग पत्रमा स्पष्ट रुपमा मागदावी उल्लेख भएकै छ । जव हानीको रकम उल्लेख गरि भरी भराउको दावी लिइन्छ भने सो साँवाको व्याज पनि भरी भराउ हुने समय (दिन) सम्मको भराउन नसकिने अवस्था छैन । अभियोग दावीमा व्याज समेतको रकमको दावी लिए पछि सो दावी तर्फ प्रमाणको मूल्यांकन नै नगरी अधुरो फैसला गरिएको छ ।

७. *बारा जिल्ला बहुअरी गा.वि.स.वडा नं. ४ घर भै राष्ट्रिय बाणिज्य बैंक, शाखा कार्यालय, नाम्चेका तत्कालिन प्रवन्धक वकील यादव.....*

झापा जिल्ला लखनपुर गा.वि.स.वडा नं. १ बसन्त चोक घर भै रा.बा.बैंक, शाखा कार्यालय, नाम्चेका तत्कालिन वरिष्ठ सहायक बैजुनाथ ठाकुर बरही.....

सोलुखुम्बु जिल्ला सल्यान गा.वि.स.वडा नं २ घर भै रा.बा.बैंक, शाखा कार्यालय, नाम्चेका तत्कालिन सहायक ख.देवराज वास्तोला .....
सप्तरी जि.राजविराज न.पा.वडा नं. ८ स्वर्णटोल घर भै रा.बा.बैंक, शाखा कार्यालय, नाम्चेका खजान्ची हरिप्रसाद उपाध्याय.....
सोलुखुम्बु जि.तिङ्गला गा.वि.स.वडा नं. १ घर भै हाल नाम्चे बजार बस्ने बम्बै दर्जि ऐ.ऐ. साम्से घर भै ऐ.ऐ. तिले दर्जि ..... समेत रहेको अख्तियार दुरुपयोग गरी भ्रष्टाचार गरेको मुद्दा ।

फैसला मिति : *२०६१।८।१८*

फैसलाको प्रकृति :-

कर्जा लिएको साँवा रकम सम्मलाई विगो ठहर गरी सजाय गरेको तर भरी भराउ हुँदाको दिनसम्मको व्याज बापतको रकम भराई पाउँ भन्ने दावी र घुस तर्फ सजाय गरी पाउँ भन्ने दावी नपुग्ने ठहर गरी प्रतिवादीहरुलाई सफाइ दिई फैसला भएको ।

फैसलाका आधारहरु :-

(क) प्रतिवादी वकील यादवले ऋणीबाट रकम लिएको भन्ने अभियोगमा इन्कार रहेको र घुस रिसवत लिए खाएको भरपर्दो स्वतन्त्र र तथ्ययुक्त सवूद प्रमाण वादी पक्षबाट पेश हुन नसकेको,

(ख) भ्र.नि.ऐन, २०१७ को दफा ७(२) अन्तर्गतको कसूर गरेको पुष्टि भएको भन्ने कारणले मात्र ऐजन ऐनको दफा ३ को कसूर स्वत पुष्टि हुन्छ भन्न मिल्दैन,

(ग) प्रस्तुत मुद्दा बैंकको लगानी असुल गरी पाउँ भन्ने नभै भ्रष्टाचार मुद्दा भएकोले व्याजको रकम समेत यकिन गरी विगोमा दावी लिन नसकेको अवस्थामा अदालत स्वयम्ले विगो कायम गरी भरी पाउने ठहर गर्नु कानून सम्मत नहुने ।

पुनरावेदनका आधारहरु : -

(क) प्रतिवादीहरु अनुसन्धानको क्रममा बयान कागज गर्दा आफुहरुलाई बैंकबाट कर्जा मिलाई दिए बापत प्र. वकील यादवले रकम खाई दिएको हो भनी लेखाई निजहरु अदालत समक्ष उपस्थित नभै म्याद गुजारी बसेबाट आफ्नो बयान कागज र कसुर स्वीकार गरी वसेको अवस्था छ । निज प्रतिवादी वकील यादवले अनुसन्धानको सिलसिलामा ऋणीबाट रकम लिएमा सावित रही बयान गरेका छन् । अदालत समक्ष घुस रिसवत खाएमा इन्कार रहे पनि धितो स्वीकार गरेको भन्दा बढी रकम कर्जा प्रवाह गर्नुका अतिरिक्त बैंकबाट समय समयमा लागु गरेको निर्देशिका नीतिनियम र परिपत्रको विपरित कर्जा लगानी गर्नुको पछाडी ऋणी प्रतिवादीहरुसँग घुस रिसवत लिए खाएको कुरा प्रमाणित भै रहँदा पनि त्यस्तो प्रमाणको प्रमाण ऐन, २०३१ को दफा ९ बमोजिम प्रमाणमा लिन योग्य प्रमाण हुँदा हुँदै पनि प्रमाणमा नलिई गरेको फैसला त्रुटीपूर्ण छ ।

(ख) जथाभावी रुपमा आफु र ऋणीहरुलाई गैर कानुनी लाभ पुऱ्याउने बदनियत राखी पुरानो कर्जा असुली नहुदै, धितोको स्थलगत रुपमा प्राविधिकबाट मूल्यांकन नगराई आफु समेत भै वास्तविकता भन्दा बढी रकमको धितो मूल्यांकन गर्ने गराउने कसुर गरेको ठहर भएको स्थितिमा त्यस्तो गैर कानूनी लाभ लिने पुऱ्याउने प्र. वकील यादवले रिसवत लिने खाने नगरी त्यस्तो अनियमित ऋण प्रवाह गरेका होइन भनी संझन नमिलि कसुर गरेको परिस्थितिजन्य प्रमाणबाट पुष्टि भै रहेको अवस्थामा समेत प्रतिवादी इन्कार रहेको भन्ने मात्र आधारमा सफाई दिनु त्रुटीपूर्ण फैसला भएको स्पष्ट छ ।

(ग) प्रतिवादी वकील यादवले ऋणीहरुलाई कर्जा प्रवाह गर्दा कर्जाको रकम मध्ये केही रकम निजैले राख्ने गरेको भनी ऋणी प्रतिवादीहरुले स्पष्ट पोल गरेका छन् । स्वयम प्रतिवादी वकील यादवले बैंकको निति निर्देशन विपरित ऋण प्रवाह गर्दा ऋणीहरुसँग रिसवत लिएको अवस्था मा निजले ऋण प्रवाह गरेका व्यक्तिहरुसँग रकम लिई खाएको कुरा पुष्टयाई भै रहेको स्थिति छ । यस्तो प्रमाण हुँदा हुँदै पनि अदालतले के कस्तो भरपर्दो स्वतन्त्र र तथ्ययुक्त प्रमाण खोजेको हो, स्पष्ट हुदैन । मिसिल संलग्न प्रमाणको मूल्यांकन गरी निष्कर्षमा पुग्नु पर्नेमा सो मूल्यांकन नै नगरी स्वतन्त्र र भरपर्दो प्रमाण छैन भनी सफाई दिनु न्याय संगत हुन सक्दैन ।

(घ) यो बैंकलाई गैरकानूनी रुपले हानी पुगेको रकम असुल गरी पाउँ भन्ने समेत मागदावी भएको मुद्दा हो । बैंकले व्याज प्राप्त गर्नु पर्नेमा हानी नोक्सानी भएको भन्ने तथ्यमा प्रतिवादीहरुले विवाद नै उठाएका छैनन् भने सो तथ्यमा अदालतले अन्यथा गर्नु पर्ने अवस्था नै छैन । बदनियत साथ बैंकको निति निर्देशन तथा आदेश विपरित ऋण कर्जा प्रवाह गरेको कारणबाट प्रतिवादीहरुले जानीजानी गैर कानूनी लाभ लिने दिने कार्य गरी बैंकलाई हानी नोक्सानी पुग्न गएको भन्ने सप्रमाण पुष्टि भै प्रतिवादीहरुको कसुर ठहर भई सकेको हुनाले दावीका सबै जिकिरहरुको यसै मुद्दाबाट न्याय निरोपण हुनु पर्नेमा व्याजको रकमलाई समावेश नगरी त्रुटीपूर्ण फैसला भएको छ ।

(ङ) बैंकले पाउनु पर्ने व्याज समेत हानी नोक्सानी भएको स्पष्ट देखिएको छ । सो हानी नोक्सानी सावा र भरी भराउ हुने दिन सम्मको व्याज समेत भराउन नमिल्ने कुनै आधार छैन । बैकलाई पुग्न गएको साँवा र व्याज समेतको हानीका सम्बन्धमा अभियोग पत्रमा स्पष्ट रुपमा मागदावी उल्लेख भएकै छ । जब हानीको रकम उल्लेख गरि भरी भराउको दावी लिइन्छ भने सो साँवाको व्याज पनि भरी भराउ हुने समय (दिन) सम्मको भराउन नसकिने अवस्था छैन । अभियोग दावीमा व्याज समेतको रकमको दावी लिए पछि सो दावी तर्फ प्रमाणको मूल्यांकन नै नगरी अधुरो फैसला गरिएको छ ।

८. ***बारा जिल्ला बहुअरी गा.वि.स.वडा नं. ४ घर भै राष्ट्रिय बाणिज्य बैंक, शाखा कार्यालय, नाम्चेका तत्कालिन प्रवन्धक वकील यादव.....***

झापा जिल्ला लखनपुर गा.वि.स.वडा नं. १ बसन्त चोक घर भै रा.बा.बैंक, शाखा कार्यालय, नाम्चेका तत्कालिन वरिष्ठ सहायक बैजुनाथ ठाकुर बरही.....

सप्तरी जि.राजविराज नगरपालिका वडा नं. ८ स्वर्णटोल घर भै रा.बा.बैंक शाखा कार्यालय, नाम्चेका खजान्ची हरिप्रसाद उपाध्याय.....
सोलुखुम्बु जि.सल्यान गा.वि.स.वडा नं. २ घर भै रा.बा.बैंक, शाखा कार्यालय, नाम्चेका सहायक ख. देवराज वास्तोला.....
सोलुखुम्बु जि.चौरीखर्क गा.वि.स.वडा नं. ४ बस्ने श्रीमती सर्कीलुमु शेर्पा .....
ऐ.ऐ.वडा नं. १ मञ्जु बस्ने श्रीमती नरेत राई .....
ऐ.केरुङ गा.वि.स.वडा नं. १ घर भै हाल चौरीखर्क गा.वि.स.वडा नं. ८ लुक्ला बस्ने डिमा शेर्पा .....
ऐ.चौरीखर्क गा.वि.स.वडा नं. ६ बस्ने चन्द्रबहादुर राई .....
ऐ.ऐ.लुक्ला बस्ने श्रीमती धनकुमारी राई .....
ऐ.ऐ.वडा नं. ६ बस्ने श्रीमती सुनिता राई .....
ऐ.सोताङ गा.वि.स.वडा नं. ९ घर भै चौरीखर्क गा.वि.स.वडा नं. ४ सुर्केमञ्जु बस्ने रामबहादुर राई .....समेत रहेको अख्तियार दुरुपयोग गरी भ्रष्टाचार गरेको मुद्दा ।

फैसला मिति : *२०६१।८।१८*

फैसलाको प्रकृतिः-

कर्जा लिएको साँवा रकम सम्मलाई विगो ठहर गरी सजाय गरेको तर भरी भराउ हुँदाको दिनसम्मको व्याज बापतको रकम भराई पाउँ भन्ने दावी नपुग्ने ठहर गरी फैसला भएको ।

फैसलाको आधार :-

(क) प्रस्तुत मुद्दा बैंकको लगानी असुल गरी पाउँ भन्ने नभै भ्रष्टाचार मुद्दा भएको,
(ख) व्याजको रकम समेत यकिन गरी विगोमा दावी लिन नसकेको अवस्थामा अदालत स्वयम्ले विगो कायम गरी भरी पाउने ठहर गर्नु कानून सम्मत नहुने ।

पुनरावेदनका आधारहरु : -

(क) यो मुद्दा बैंकलाई गैरकानूनी रुपले हानी पुगेको रकम असुल गरी पाउँ भन्ने समेत दावि लिइएको मुद्दा हो । बैंकले व्याज प्राप्त गर्नु पर्नेमा हानी नोक्सानी भएको भन्ने तथ्यमा प्रतिवादीहरुले विवाद नै उठाएका छैनन् भने सो तथ्यमा अदालतले अन्यथा गर्नु पर्ने अवस्था नै छैन । बदनियत साथ बैंकको नीति निर्देशन तथा आदेश विपरित ऋण कर्जा प्रवाह गरेको कारणबाट प्रतिवादीहरुले जानीजानी गैर कानूनी लाभ लिने दिने कार्य गरी बैंकलाई हानी नोक्सानी पुग्न गएको भन्ने सप्रमाण पुष्टि भै प्रतिवादीहरुको कसुर ठहर भई सकेको हुनाले दावीका सवै जिकिरहरुको यसै मुद्दाबाट न्याय निरोपण हुनु पर्नेमा व्याजको रकमलाई समावेश नगरी त्रुटीपूर्ण फैसला भएको छ ।
(ख) बैंकले पाउनु पर्ने व्याज समेत हानी नोक्सानी भएको स्पष्ट देखिएको छ । सो हानी नोक्सानी सावा र भरी भराउ हुने दिन सम्मको व्याज समेत भराउन नमिल्ने कुनै आधार छैन । बैकलाई पुग्न गएको साँवा र व्याज समेतको हानीका सम्बन्धमा अभियोग पत्रमा स्पष्ट रुपमा मागदावी गरिएकै छ । जव हानीको रकम उल्लेख गरी भरी भराउको दावी लिइन्छ भने सो साँवा रकमको व्याज पनि भरी भराउ हुने समय

(दिन) सम्मको भराउन नसकिने अवस्था छैन । अभियोग दावीमा व्याज समेतको रकमको दावी लिए पछि सो दावी तर्फ प्रमाणको मूल्यांकन नै नगरी अधुरो फैसला गरिएको छ ।

९. ***बारा जिल्ला बहुअरी गा.वि.स.वडा नं. ४ घर भै राष्ट्रिय बाणिज्य बैंक, शाखा कार्यालय, नाम्चेका तत्कालिन प्रवन्धक वकील यादव.....***

झापा जिल्ला लखनपुर गा.वि.स.वडा नं. १ बसन्त चोक घर भै रा.बा.बैंक, शाखा कार्यालय, नाम्चेका तत्कालिन वरिष्ठ सहायक बैजुनाथ ठाकुर बरही.....
सप्तरी जि.राजविराज नगरपालिका वडा नं. ८ स्वर्णटोल घर भै रा.बा.बैंक शाखा कार्यालय, नाम्चेका खजान्ची हरिप्रसाद उपाध्याय.....
सोलुखुम्बु जि.सल्यान गा.वि.स.वडा नं. २ घर भै रा.बा.बैंक, शाखा कार्यालय, नाम्चेका सहायक ख. देवराज वास्तोला.....
सोलुखुम्बु जि.पंचन गा.वि.स.वडा नं. १ घनश्याम निरौला.....
ऐ.तिङ्गला गा.वि.स.वडा नं. १ घर भै हाल नाम्चे गा.वि.स.वडा नं. १ नाम्चे बजार बस्ने तिले दर्जी .....
ऐ.ऐ.बस्ने अम्बरबहादुर दर्जी .....
ऐ.ऐ.बस्ने बम्बै दर्जी .....
ऐ.ऐ.बस्ने श्रीमती तारा परियार.....समेत रहेको अख्तियार दुरुपयोग गरी भ्रष्टाचार गरेको मुद्दा ।

फैसला मिति : *२०६१।८।१८*

फैसलाको प्रकृति :

कर्जा लिएको साँवा रकम सम्मलाई विगो ठहर गरी सजाय गरेको तर भरी भराउ हुँदाको दिनसम्मको व्याज बापतको रकम भराई पाउँ भन्ने दावी नपुग्ने ठहर गरी फैसला भएको ।

फैसलाको आधारहरुः-

(क) प्रस्तुत मुद्दा बैंकको लगानी असुल गरी पाउँ भन्ने नभै भ्रष्टाचार मुद्दा भएको,

(ख) व्याजको रकम समेत यकिन गरी विगोमा दावी लिन नसकेको अवस्थामा अदालत स्वयम्ले विगो कायम गरी भरी पाउने ठहर गर्नु कानून सम्मत नहुने ।

पुनरावेदनका आधारहरु : -

(क) यो मुद्दा बैंकलाई गैरकानूनी रुपले हानी पुगेको रकम असुल गरी पाउँ भन्ने समेत दावि लिइएको मुद्दा हो । बैंकले व्याज प्राप्त गर्नु पर्नेमा हानी नोक्सानी भएको भन्ने तथ्यमा प्रतिवादीहरुले विवाद नै उठाएका छैनन् भने सो तथ्यमा अदालतले अन्यथा गर्नु पर्ने अवस्था नै छैन । बदनियत साथ बैंकको नीति निर्देशन तथा आदेश विपरित ऋण कर्जा प्रवाह गरेको कारणबाट प्रतिवादीहरुले जानीजानी गैर कानूनी लाभ लिने दिने कार्य गरी बैंकलाई हानी नोक्सानी पुग्न गएको भन्ने सप्रमाण पुष्टि भै प्रतिवादीहरुको कसुर ठहर भई सकेको हुनाले दावीका सवै जिकिरहरुको यसै

मुद्दाबाट न्याय निरोपण हुनु पर्नेमा व्याजको रकमलाई समावेश नगरी त्रुटीपूर्ण फैसला भएको छ ।

(ख) बैंकले पाउनु पर्ने व्याज समेत हानी नोक्सानी भएको स्पष्ट देखिएको छ । सो हानी नोक्सानी सावा र भरी भराउ हुने दिने सम्मको व्याज समेत भराउन नमिल्ने कुनै आधार छैन । बैकलाई पुग्न गएको साँवा र व्याज समेतको हानीका सम्बन्धमा अभियोग पत्रमा स्पष्ट रुपमा मागदावी गरिएकै छ । जब हानीको रकम उल्लेख गरी भरी भराउको दावी लिइन्छ भने सो साँवा रकमको व्याज पनि भरी भराउ हुने समय (दिन) सम्मको भराउन नसकिने अवस्था छैन । अभियोग दावीमा व्याज समेतको रकमको दावी लिए पछि सो दावी तर्फ प्रमाणको मूल्यांकन नै नगरी अधुरो फैसला गरिएको छ ।

१०. ***बारा जिल्ला बहुअरी गा.वि.स.वडा नं. ४ घर भै राष्ट्रिय बाणिज्य बैंक, शाखा कार्यालय, नाम्चेका तत्कालिन प्रवन्धक वकील यादव.....***

झापा जिल्ला लखनपुर गा.वि.स.वडा नं. १ बसन्त चोक घर भै रा.बा.बैंक, शाखा कार्यालय, नाम्चेका तत्कालिन वरिष्ठ सहायक बैजुनाथ ठाकुर बरही.....
सोलुखुम्बु जिल्ला सल्यान गा.वि.स.वडा नं २ घर भै रा.बा.बैंक, शाखा कार्यालय, नाम्चेका तत्कालिन सहायक ख.देवराज वास्तोला .....
सप्तरी जि.राजविराज न.पा.वडा नं. ८ स्वर्णटोल घर भै रा.बा.बैंक, शाखा कार्यालय, नाम्चेका खजान्ची हरिप्रसाद उपाध्याय.....
सोलुखुम्बु जि.तिङ्गला गा.वि.स.वडा नं. १ घर भै हाल नाम्चे बजार बस्ने अम्बरबहादुर दर्जि .....
ऐ.ऐ.१ साम्से घर भै नाम्चे गा.वि.स.वडा नं. १ नाम्चे बजार बस्ने बम्बै दर्जि .....समेत रहेको अख्तियार दुरुपयोग गरी भ्रष्टाचार गरेको मुद्दा ।

फैसला मिति : *२०६१।८।१८*

फैसलाको प्रकृतिः

कर्जा लिएको सावाँ रकम सम्मलाई विगो ठहर गरी सजाय गरेको तर भरी भराउ हुँदाको दिनसम्मको व्याज बापतको रकम भराई पाउँ भन्ने दावी र घुस तर्फ सजाय गरी पाउँ भन्ने दावी नपुग्ने ठहर गरी प्रतिवादीहरु लाई सफाइ दिई फैसला भएको ।

फैसलाका आधारहरु :

(क) प्रतिवादी वकील यादवले ऋणीबाट रकम लिएको भन्ने अभियोगमा इन्कार गरेको र घुस रिसवत लिए खाएको भरपर्दो स्वतन्त्र र तथ्ययुक्त सवूद प्रमाण वादी पक्षबाट पेश हुन नसकेको,

(ख) भ्र.नि.ऐन, २०१७ को दफा ७(२) अन्तर्गतको कसूर गरेको पुष्टि भएको भन्ने कारणले मात्र ऐजन ऐनको दफा ३ को कसूर स्वत पुष्टि हुन्छ भन्न मिल्दैन,

(ग) प्रस्तुत मुद्दा बैंकको लगानी असुल गरी पाउँ भन्ने नभै भ्रष्टाचार मुद्दा भएकोले व्याजको रकम समेत यकिन गरी विगोमा दावी लिन नसकेको अवस्थामा अदालत स्वयम्ले विगो कायम गरी भरी पाउने ठहर गर्नु कानून सम्मत नहुने ।

पुनरावेदनका आधारहरु :

(क) प्रतिवादीहरु अनुसन्धानको क्रममा बयान कागज गर्दा आफुहरुलाई बैंकबाट कर्जा मिलाई दिए बापत प्र. वकील यादवले रकम खाई दिएको हो भनी लेखाई निजहरु अदालत समक्ष उपस्थित नभै म्याद गुजारी बसेबाट आफ्नो बयान कागज र कसुर स्वीकार गरी वसेको अवस्था छ । निज प्रतिवादी वकील यादवले अनुसन्धानको सिलसिलामा ऋणीबाट रकम लिएमा सावित रही बयान गरेका छन् । अदालत समक्ष घुस रिसवत खाएको इन्कार रहे पनि धितो स्वीकार गरेको भन्दा बढी रकम कर्जा प्रवाह गर्नुका अतिरिक्त बैंकबाट समय समयमा लागु गरेको निर्देशिका नीतिनियम र परिपत्रको विपरित कर्जा लगानी गर्नुको पछाडि ऋणी प्रतिवादीहरुसँग घुस रिसवत लिए खाएको कुरा प्रमाणित भै रहँदा पनि त्यस्तो प्रमाणको प्रमाण ऐन, २०३१ को दफा ९ बमोजिम प्रमाणमा लिन योग्य प्रमाण हुँदा हुँदै पनि प्रमाणमा नलिई गरेको फैसला त्रुटीपूर्ण छ ।

(ख) जथाभावी रुपमा आफू र ऋणीहरुलाई गैर कानुनी लाभ पुऱ्याउने बदनियत राखी पुरानो कर्जा असुली नहुदै, धितोको स्थलगत रुपमा प्राविधिकबाट मूल्यांकन नगराई आफू समेत भै वास्तविकता भन्दा बढी रकमको धितो मूल्यांकन गर्ने गराउने कसुर गरेको ठहर भएको स्थितिमा त्यस्तो गैर कानूनी लाभ लिने पुऱ्याउने प्र. वकील यादवले रिसवत लिने खाने नगरी त्यस्तो अनियमित ऋण प्रवाह गरेका होइन भनी संझन नमिलि, कसुर गरेको परिस्थितिजन्य प्रमाणबाट पुष्टि भै रहेको अवस्थामा समेत प्रतिवादी इन्कार रहेको भन्ने मात्र आधारमा सफाई दिनु त्रुटीपूर्ण फैसला भएको स्पष्ट छ ।

(ग) प्रतिवादी वकील यादवले ऋणीहरुलाई कर्जा प्रवाह गर्दा कर्जाको रकम मध्ये केही रकम निजैले राख्ने गरेको भनी ऋणी प्रतिवादीहरुले स्पष्ट पोल गरेका छन् । स्वयम् प्रतिवादी वकील यादवले बैंकको नीति निर्देशन विपरित ऋण प्रवाह गरेको अवस्थामा रु. ७०,०००।- (सत्तरीहजार) ऋणीबाट लिएनन् होला भन्ने विश्वास गर्ने अवस्था नहुँदा आफुले ऋण प्रवाह गरेका व्यक्तिहरुसँग रकम लिई खाएको कुरा पुष्टयाई भै रहेको स्थिति छ । यस्तो प्रमाण हुँदा हुँदै पनि अदालतले के कस्तो भरपर्दो स्वतन्त्र र तथ्ययुक्त प्रमाण खोजेको हो, स्पष्ट हुदैन । मिसिल संलग्न प्रमाणको मूल्यांकन गरी निष्कर्षमा पुग्नु पर्नेमा सो मूल्यांकन नै नगरी स्वतन्त्र र भरपर्दो प्रमाण छैन भनी सफाई दिनु न्याय संगत हुन सक्दैन ।

(घ) यो बैंकलाई गैरकानूनी रुपले हानी पुगेको रकम असुल गरी पाउँ भन्ने समेत मागदावी भएको मुद्दा हो । बैंकले व्याज प्राप्त गर्नु पर्नेमा हानी नोक्सानी भएको भन्ने तथ्यमा प्रतिवादीहरुले विवाद नै उठाएका छैनन् भने सो तथ्यमा अदालतले अन्यथा गर्नु पर्ने अवस्था नै छैन । बदनियत साथ बैंकको निति निर्देशन तथा आदेश विपरित ऋण कर्जा प्रवाह गरेको कारणबाट प्रतिवादीहरुले जानीजानी गैर कानूनी लाभ लिने दिने कार्य गरी बैंकलाई हानी नोक्सानी पुग्न गएको भन्ने सप्रमाण पुष्टि

भै प्रतिवादीहरुको कसुर ठहर भई सकेको हुनाले दावीका सवै जिकिरहरुको यसै मुद्दाबाट न्याय निरोपण हुनु पर्नेमा व्याजको रकमलाई समावेश नगरी त्रुटीपूर्ण फैसला भएको छ ।

(ङ) बैंकले पाउनु पर्ने व्याज समेत हानी नोक्सानी भएको स्पष्ट देखिएको छ । सो हानी नोक्सानी साँवा र भरी भराउ हुने दिन सम्मको व्याज समेत भराउन नमिल्ने कुनै आधार छैन । बैकलाई पुग्न गएको साँवा र व्याज समेतको हानीका सम्बन्धमा अभियोग पत्रमा स्पष्ट रुपमा मागदावी उल्लेख भएकै छ । जव हानीको रकम उल्लेख गरी भरी भराउको दावी लिइन्छ भने सो साँवाको व्याज पनि भरी भराउ हुने समय (दिन) सम्मको भराउन नसकिने अवस्था छैन । अभियोग दावीमा व्याज समेतको रकमको दावी लिए पछि सो दावी तर्फ प्रमाणको मूल्यांकन नै नगरी अधुरो फैसला गरिएको छ ।

११. *बारा जिल्ला बहुअरी गा.वि.स.वडा नं. ४ घर भै राष्ट्रिय बाणिज्य बैंक, शाखा कार्यालय, नाम्चेका तत्कालिन प्रवन्धक वकील यादव.....*

झापा जिल्ला लखनपुर गा.वि.स.वडा नं. १ बसन्त चोक घर भै रा.बा.बैंक, शाखा कार्यालय, नाम्चेका तत्कालिन वरिष्ठ सहायक बैजुनाथ ठाकुर बरही.....
सप्तरी जि.राजविराज नगरपालिका वडा नं. ८ स्वर्णटोल घर भै रा.बा.बैंक शाखा कार्यालय, नाम्चेका खजान्ची हरिप्रसाद उपाध्याय.....
सोलुखुम्बु जि.सल्यान गा.वि.स.वडा नं. २ घर भै रा.बा.बैंक, शाखा कार्यालय, नाम्चेका सहायक ख. देवराज वास्तोला.....
साविक खोटाङ जि.बानसिला गा.वि.स. वडा नं. ५ घर भै हाल सोलुखुम्बु जि.चौरीखर्क गा.वि.स.वडा नं. ८ बस्ने कुविरमान तामाङ .....
ऐ.ऐ.बस्ने श्रीमती विना तामाङ .....
ऐ.ऐ.वडा नं. ५ फाङ्गदिङ्ग बस्ने राजकुमार राई ..... समेत रहेको अख्तियार दुरुपयोग गरी भ्रष्टाचार गरेको मुद्दा ।

फैसला मिति : *२०६१।८।१८*

फैसलाको प्रकृतिः

कर्जा लिएको सावाँ रकम सम्मलाई विगो ठहर गरी सजाय गरेको तर भरी भराउ हुँदाको दिनसम्मको व्याज बापतको रकम भराई पाउँ भन्ने दावी नपुग्ने ठहर गरी फैसला भएको ।

फैसलाका आधारहरुः

(क) प्रस्तुत मुद्दा बैंकको लगानी असुल गरी पाउँ भन्ने नभै भ्रष्टाचार मुद्दा भएको,

(ख) व्याजको रकम समेत एकिन गरी विगोमा दावी लिन नसकेको अवस्थामा अदालत स्वयम्ले विगो कायम गरी भरी पाउने ठहर गर्नु कानून सम्मत नहुने ।

पुनरावेदनका आधारहरु :

(क) यो मुद्दा बैंकलाई गैरकानूनी रुपले हानी पुगेको रकम असुल गरी पाउँ भन्ने समेत दावी लिइएको मुद्दा हो । बैंकले व्याज प्राप्त गर्नु पर्नेमा हानी नोक्सानी भएको भन्ने

तथ्यमा प्रतिवादीहरुले विवाद नै उठाएका छैनन् भने सो तथ्यमा अदालतले अन्यथा गर्नु पर्ने अवस्था नै छैन । बदनियत साथ बैंकको नीति निर्देशन तथा आदेश विपरित ऋण कर्जा प्रवाह गरेको कारणबाट प्रतिवादीहरुले जानीजानी गैर कानूनी लाभ लिने दिने कार्य गरी बैंकलाई हानी नोक्सानी पुग्न गएको भन्ने सप्रमाण पुष्टि भै प्रतिवादीहरुको कसुर ठहर भई सकेको हुनाले दावीका सवै जिकिरहरुको यसै मुद्दाबाट न्याय निरोपण हुनु पर्नेमा व्याजको रकमलाई समावेश नगरी त्रुटीपूर्ण फैसला भएको छ ।

(ख) बैंकले पाउनु पर्ने व्याज समेत हानी नोक्सानी भएको स्पष्ट देखिएको छ । सो हानी नोक्सानी सावा र भरी भराउ हुने दिने सम्मको व्याज समेत भराउन नमिल्ने कुनै आधार छैन । बैकलाई पुग्न गएको साँवा र व्याज समेतको हानीका सम्बन्धमा अभियोग पत्रमा स्पष्ट रुपमा मागदावी गरिएकै छ । जव हानीको रकम उल्लेख गरी भरी भराउको दावी लिइन्छ भने सो साँवा रकमको व्याज पनि भरी भराउ हुने समय (दिन) सम्मको भराउन नसकिने अवस्था छैन । अभियोग दावीमा व्याज समेतको रकमको दावी लिए पछि सो दावी तर्फ प्रमाणको मूल्यांकन नै नगरी अधुरो फैसला गरिएको छ ।

१२. ***बारा जिल्ला बहुअरी गा.वि.स.वडा नं. ४ घर भै राष्ट्रिय बाणिज्य बैंक, शाखा कार्यालय, नाम्चेका तत्कालिन प्रवन्धक वकील यादव.....***

झापा जिल्ला लखनपुर गा.वि.स.वडा नं. १ बसन्त चोक घर भै रा.बा.बैंक, शाखा कार्यालय, नाम्चेका तत्कालिन वरिष्ठ सहायक बैजुनाथ ठाकुर बरही.....
सप्तरी जि.राजविराज नगरपालिका वडा नं. ८ स्वर्णटोल घर भै रा.बा.बैंक शाखा कार्यालय, नाम्चेका खजान्ची हरिप्रसाद उपाध्याय.....
सोलुखुम्बु जि.सल्यान गा.वि.स.वडा नं. २ घर भै रा.बा.बैंक, शाखा कार्यालय, नाम्चेका सहायक ख. देवराज वास्तोला.....
सिरहा जि.विष्णु कट्टी गा.वि.स.वडा नं. ६ विष्णुपुर घर भै रा.बा.बैंक शाखा कार्यालय, नाम्चेका सुनचाँदी जाँचकी कृष्णप्रसाद आचार्य .....
सोलुखुम्बु जि. चौरीखर्क गा.वि.स.वडा नं. ९ बस्ने डोमा छिरिङ शेर्पा .....
ऐ.ऐ.को हाल वडा नं. ५ बस्ने मिङमा शेर्पा .....
ऐ.ऐ.बस्ने श्रीमती डाली शेर्पा .....
ऐ.ऐ.बस्ने पासाङ नुरु शेर्पा .....
ऐ.ऐ.वडा नं. ९ बस्ने पासाङ फुटी शेर्पा .....
सोलुखुम्बु जि.नाम्चेबजार गा.वि.स.वडा नं ३ नाम्चे बस्ने लाक्पा फुटी शेर्पा .....समेत रहेको अख्तियार दुरुपयोग गरी भ्रष्टाचार गरेको मुद्दा ।

फैसला मिति : *२०६१।८।१८*

फैसलाको प्रकृति :

कर्जा लिएको साँवा रकम सम्मलाई विगो ठहर गरी सजाय गरेको तर भरी भराउ हुँदाको दिनसम्मको व्याज बापतको रकम भराई पाउँ भन्ने दावी नपुग्ने ठहर गरी फैसला भएको ।

फैसलाका आधारहरु :

(क) प्रस्तुत मुद्दा बैंकको लगानी असुल गरी पाउँ भन्ने नभै भ्रष्टाचार मुद्दा भएको,

(ख) व्याजको रकम समेत एकिन गरी विगोमा दावी लिन नसकेको अवस्थामा अदालत स्वयम्ले विगो कायम गरी भरी पाउने ठहर गर्नु कानून सम्मत नहुने ।

पुनरावेदनका आधारहरु :

(क) यो मुद्दा बैंकलाई गैरकानूनी रुपले हानी पुगेको रकम असुल गरी पाउँ भन्ने समेत दावि लिइएको मुद्दा हो । बैंकले व्याज प्राप्त गर्नु पर्नेमा हानी नोक्सानी भएको भन्ने तथ्यमा प्रतिवादीहरुले विवाद नै उठाएका छैनन् भने सो तथ्यमा अदालतले अन्यथा गर्नु पर्ने अवस्था नै छैन । बदनियत साथ बैंकको नीति निर्देशन तथा आदेश विपरित ऋण कर्जा प्रवाह गरेको कारणबाट प्रतिवादीहरुले जानीजानी गैर कानूनी लाभ लिने दिने कार्य गरी बैंकलाई हानी नोक्सानी पुग्न गएको भन्ने सप्रमाण पुष्टि भै प्रतिवादीहरुको कसुर ठहर भई सकेको हुनाले दावीका सवै जिकिरहरुको यसै मुद्दाबाट न्याय निरोपण हुनु पर्नेमा व्याजको रकमलाई समावेश नगरी त्रुटीपूर्ण फैसला भएको छ ।

(ख) बैंकले पाउनु पर्ने व्याज समेत हानी नोक्सानी भएको स्पष्ट देखिएको छ । सो हानी नोक्सानी साँवा र भरी भराउ हुने दिन सम्मको व्याज समेत भराउन नमिल्ने कुनै आधार छैन । बैकलाई पुग्न गएको साँवा र व्याज समेतको हानीका सम्बन्धमा अभियोग पत्रमा स्पष्ट रुपमा मागदावी गरिएकै छ । जब हानीको रकम उल्लेख गरी भरी भराउको दावी लिइन्छ भने सो साँवा रकमको व्याज पनि भरी भराउ हुने समय (दिन) सम्मको भराउन नसकिने अवस्था छैन । अभियोग दावीमा व्याज समेतको रकमको दावी लिए पछि सो दावी तर्फ प्रमाणको मूल्यांकन नै नगरी अधुरो फैसला गरिएको छ ।

१३. बारा जिल्ला बहुअरी गा.वि.स.वडा नं. ४ घर भै राष्ट्रिय बाणिज्य बैंक, शाखा कार्यालय, नाम्चेका तत्कालिन प्रवन्धक वकील यादव.....

झापा जिल्ला लखनपुर गा.वि.स.वडा नं. १ बसन्त चोक घर भै रा.बा.बैंक, शाखा कार्यालय, नाम्चेका तत्कालिन वरिष्ठ सहायक बैजुनाथ ठाकुर बरही.....
सप्तरी जि.राजविराज नगरपालिका वडा नं. ८ स्वर्णटोल घर भै रा.बा.बैंक शाखा कार्यालय, नाम्चेका खजान्ची हरिप्रसाद उपाध्याय.....
सोलुखुम्बु जि.सल्यान गा.वि.स.वडा नं. २ घर भै रा.बा.बैंक, शाखा कार्यालय, नाम्चेका सहायक ख. देवराज वास्तोला.....
सोलुखुम्बु जि.देउसा गा.वि.स.वडा नं. ८ को हाल चौरीखर्क गा.वि.स.वडा नं. ५ फाङ्गदिङ्ग बस्ने जसबहादुर राई .....
ऐ.जि.बाकु गा.वि.स.वडा नं. २ को हाल चौरीखर्क गा.वि.स.वडा नं. ५ बजार बस्ने श्रीमती रामकुमारी राई.....समेत रहेको अख्तियार दुरुपयोग गरी भ्रष्टाचार गरेको मुद्दा ।

फैसला मिति : *२०६१।८।१८*

फैसलाको प्रकृतिः
कर्जा लिएको साँवा रकम सम्मलाई विगो ठहर गरी सजाय गरेको तर भरी भराउ हुँदाको दिनसम्मको व्याज बापतको रकम भराई पाउँ भन्ने दावी नपुग्ने ठहर गरी फैसला भएको ।

फैसलाका आधारहरु :

(क) प्रस्तुत मुद्दा बैंकको लगानी असुल गरी पाउँ भन्ने नभै भ्रष्टाचार मुद्दा भएको,
(ख) व्याजको रकम समेत यकिन गरी विगोमा दावी लिन नसकेको अवस्थामा अदालत स्वयम्ले विगो कायम गरी भरी पाउने ठहर गर्नु कानून सम्मत नहुने ।

पुनरावेदनका आधारहरु :

(क) यो मुद्दा बैंकलाई गैरकानूनी रुपले हानी पुगेको रकम असुल गरी पाउँ भन्ने समेत दावि लिइएको मुद्दा हो । बैंकले व्याज प्राप्त गर्नु पर्नेमा हानी नोक्सानी भएको भन्ने तथ्यमा प्रतिवादीहरुले विवाद नै उठाएका छैनन् भने सो तथ्यमा अदालतले अन्यथा गर्नु पर्ने अवस्था नै छैन । बदनियत साथ बैंकको नीति निर्देशन तथा आदेश विपरित ऋण कर्जा प्रवाह गरेको कारणबाट प्रतिवादीहरुले जानीजानी गैर कानूनी लाभ लिने दिने कार्य गरी बैंकलाई हानी नोक्सानी पुग्न गएको भन्ने सप्रमाण पुष्टि भै प्रतिवादीहरुको कसुर ठहर भई सकेको हुनाले दावीका सवै जिकिरहरुको यसै मुद्दाबाट न्याय निरोपण हुनु पर्नेमा व्याजको रकमलाई समावेश नगरी त्रुटीपूर्ण फैसला भएको छ ।
(ख) बैंकले पाउनु पर्ने व्याज समेत हानी नोक्सानी भएको स्पष्ट देखिएको छ । सो हानी नोक्सानी सावा र भरी भराउ हुने दिन सम्मको व्याज समेत भराउन नमिल्ने कुनै आधार छैन । बैकलाई पुग्न गएको साँवा र व्याज समेतको हानीका सम्बन्धमा अभियोग पत्रमा स्पष्ट रुपमा मागदावी गरिएकै छ । जब हानीको रकम उल्लेख गरि भरी भराउको दावी लिइन्छ भने सो साँवा रकमको व्याज पनि भरी भराउ हुने समय (दिन) सम्मको भराउन नसकिने अवस्था छैन । अभियोग दावीमा व्याज समेतको रकमको दावी लिए पछि सो दावी तर्फ प्रमाणको मूल्यांकन नै नगरी अधुरो फैसला गरिएको छ ।

१४. बारा जिल्ला बहुअरी गा.वि.स.वडा नं. ४ घर भै राष्ट्रिय बाणिज्य बैंक, शाखा कार्यालय, नाम्चेका तत्कालिन प्रवन्धक वकील यादव.....

झापा जिल्ला लखनपुर गा.वि.स.वडा नं. १ बसन्त चोक घर भै रा.बा.बैंक, शाखा कार्यालय, नाम्चेका तत्कालिन वरिष्ठ सहायक बैजुनाथ ठाकुर बरही.....
मोरङ जि.विराटनगर उपमहानगरपालिका वडा नं. १ शान्तीचोक घर भै रा.बा. बैंक शाखा कार्यालय नाम्चेका तत्कालिन गणक कृष्णबहादुर कटुवाल .....
सोलुखुम्बु जि.देउसा गा.वि.स.वडा नं.८ सोलुनेले घर भै हाल चौरीखर्क गा.वि.स. ५ फाङ्गदिङ्ग बस्ने शेरबहादुर राई.....
ऐ.ऐ.बस्ने जसबहादुर राई .....
ऐ.ऐ.बस्ने श्यामकुमार राई .....

ऐ.ऐ.बस्ने खुम्बीला होलसेलकी प्रो.पृथीमाया राई .....समेत रहेको अख्तियार दुरुपयोग गरी भ्रष्टाचार गरेको मुद्दा ।

फैसला मिति : *२०६१।८।१८*

फैसलाको प्रकृति

कर्जा लिएको साँवा रकम सम्मलाई विगो ठहर गरी सजाय गरेको तर भरी भराउ हुँदाको दिनसम्मको व्याज बापतको रकम भराई पाउँ भन्ने दावी र घुस तर्फ सजाय गरी पाउँ भन्ने दावी नपुग्ने ठहर गरी प्रतिवादीहरुलाई सफाइ दिई फैसला भएको ।

फैसलाका आधारहरु :

(क) प्रतिवादी वकील यादवले ऋणीबाट रकम लिएको भन्ने अभियोगमा इन्कार गरेको र घुस रिसवत लिए खाएको भरपर्दो स्वतन्त्र र तथ्ययुक्त सवूद प्रमाण वादी पक्षबाट पेश हुन नसकेको,

(ख) भ्र.नि.ऐन, २०१७ को दफा ७(२) अन्तर्गतको कसूर गरेको पुष्टि भएको भन्ने कारणले मात्र ऐजन ऐनको दफा ३ को कसूर स्वत पुष्टि हुन्छ भन्न मिल्दैन,

(ग) प्रस्तुत मुद्दा बैंकको लगानी असुल गरी पाउँ भन्ने नभै भ्रष्टाचार मुद्दा भएकोले व्याजको रकम समेत यकिन गरी विगोमा दावी लिन नसकेको अवस्थामा अदालत स्वयम्ले विगो कायम गरी भरी पाउने ठहर गर्नु कानून सम्मत नहुने ।

पुनरावेदनका आधारहरु :

(क) प्रतिवादीहरु अनुसन्धानको क्रममा बयान कागज गर्दा आफूहरुलाई बैंकबाट कर्जा मिलाई दिए बापत प्र. वकील यादवले रकम खाई दिएको हो भनी लेखाई निजहरु अदालत समक्ष उपस्थित नभै म्याद गुजारी बसेबाट आफ्नो बयान कागज र कसुर स्वीकार गरी वसेको अवस्था छ । निज प्रतिवादी वकील यादवले अनुसन्धानको सिलसिलामा ऋणीबाट रकम लिएमा सावित रही बयान गरेका छन् । अदालत समक्ष घुस रिसवत खाएमा इन्कार रहे पनि धितो स्वीकार गरेको भन्दा बढी रकम कर्जा प्रवाह गर्नुका अतिरिक्त बैंकबाट समय समयमा लागु गरेको निर्देशिका नीतिनियम र परिपत्रको विपरित कर्जा लगानी गर्नुको पछाडि ऋणी प्रतिवादीहरुसँग घुस रिसवत लिए खाएको कुरा प्रमाणित भै रहँदा पनि त्यस्तो प्रमाणको प्रमाण ऐन, २०३१ को दफा ९ बमोजिम प्रमाणमा लिन योग्य प्रमाण हुँदा हुँदै पनि प्रमाणमा नलिई गरेको फैसला त्रुटीपूर्ण छ ।

(ख) जथाभावी रुपमा आफू र ऋणीहरुलाई गैर कानुनी लाभ पुऱ्याउने बदनियत राखी पुरानो कर्जा असुली नहुदै, धितोको स्थलगत रुपमा प्राविधिकबाट मूल्यांकन नगराई आफु समेत भै वास्तविकता भन्दा बढी रकमको धितो मूल्यांकन गर्ने गराउने कसुर गरेको ठहर भएको स्थितिमा त्यस्तो गैर कानूनी लाभ लिने पुऱ्याउने प्र. वकील यादवले रिसवत लिने खाने नगरी त्यस्तो अनियमित ऋण प्रवाह गरेका होइन भनी संझन नमिलि कसुर गरेको परिस्थितिजन्य प्रमाणबाट पुष्टि भै रहेको अवस्थामा समेत

प्रतिवादी इन्कार रहेको भन्ने मात्र आधारमा सफाई दिनु त्रुटीपूर्ण फैसला भएको स्पष्ट छ ।

(ग) प्रतिवादी वकील यादवले ऋणीहरुलाई कर्जा प्रवाह गर्दा कर्जाको रकम मध्ये केही रकम निजैले राख्ने गरेको भनी ऋणी प्रतिवादीहरुले स्पष्ट पोल गरेका छन् । स्वयम् प्रतिवादी वकील यादवले बैंकको निति निर्देशन विपरित ऋण प्रवाह गर्दा ऋणीहरुसँग रु. २,००,०००।- (दुई लाख) सापटी लिएको भनी बयान गरेको देखिँदा आफुले ऋण प्रवाह गरेका व्यक्तिहरुसँग रकम लिई खाएको कुरा एक आपसमा पुष्टयाई भै रहेको स्थिति छ । यस्तो प्रमाण हुँदा हुँदै पनि अदालतले के कस्तो भरपर्दो स्वतन्त्र र तथ्ययुक्त प्रमाण खोजेको हो, स्पष्ट हुदैन । मिसिल संलग्न प्रमाणको मूल्यांकन गरी निष्कर्षमा पुग्नु पर्नेमा सो मूल्यांकन नै नगरी स्वतन्त्र र भरपर्दो प्रमाण छैन भनी सफाई दिनु न्याय संगत हुन सक्दैन ।

(घ) यो बैंकलाई गैरकानूनी रुपले हानी पुगेको रकम असुल गरी पाउँ भन्ने समेत मागदावी भएको मुद्दा हो । बैंकले व्याज प्राप्त गर्नु पर्नेमा हानी नोक्सानी भएको भन्ने तथ्यमा प्रतिवादीहरुले विवाद नै उठाएका छैनन् भने सो तथ्यमा अदालतले अन्यथा गर्नु पर्ने अवस्था नै छैन । बदनियत साथ बैंकको नीति निर्देशन तथा आदेश विपरित ऋण कर्जा प्रवाह गरेको कारणबाट प्रतिवादीहरुले जानीजानी गैर कानूनी लाभ लिने दिने कार्य गरी बैंकलाई हानी नोक्सानी पुग्न गएको भन्ने सप्रमाण पुष्टि भै प्रतिवादीहरुको कसुर ठहर भई सकेको हुनाले दावीका सवै जिकिरहरुको यसै मुद्दाबाट न्याय निरोपण हुनु पर्नेमा व्याजको रकमलाई समावेश नगरी त्रुटीपूर्ण फैसला भएको छ ।

(ङ) बैंकले पाउनु पर्ने व्याज समेत हानी नोक्सानी भएको स्पष्ट देखिएको छ । सो हानी नोक्सानी सावा र भरी भराउ हुने दिन सम्मको व्याज समेत भराउन नमिल्ने कुनै आधार छैन । बैकलाई पुग्न गएको साँवा र व्याज समेतको हानीका सम्बन्धमा अभियोग पत्रमा स्पष्ट रुपमा मागदावी उल्लेख भएकै छ । जव हानीको रकम उल्लेख गरि भरी भराउको दावी लिइन्छ भने सो साँवाको व्याज पनि भरी भराउ हुने समय (दिन) सम्मको भराउन नसकिने अवस्था छैन । अभियोग दावीमा व्याज समेतको रकमको दावी लिए पछि सो दावी तर्फ प्रमाणको मूल्यांकन नै नगरी अधुरो फैसला गरिएको छ ।

१५. बारा जिल्ला बहुअरी गा.वि.स.वडा नं. ४ घर भै राष्ट्रिय बाणिज्य बैंक, शाखा कार्यालय, नाम्चेका तत्कालिन प्रवन्धक वकील यादव.....

झापा जिल्ला लखनपुर गा.वि.स.वडा नं. १ बसन्त चोक घर भै रा.बा.बैंक, शाखा कार्यालय, नाम्चेका तत्कालिन वरिष्ठ सहायक बैजुनाथ ठाकुर बरही.....

सप्तरी जि.राजविराज नगरपालिका वडा नं. ८ स्वर्णटोल घर भै रा.बा.बैंक शाखा कार्यालय, नाम्चेका खजान्ची हरिप्रसाद उपाध्याय.....

सोलुखुम्बु जि.सल्यान गा.वि.स.वडा नं. २ घर भै रा.बा.बैंक, शाखा कार्यालय, नाम्चेका सहायक ख. देवराज वास्तोला.....

सिरहा जि.विष्णुकट्टी गा.वि.स.वडा नं ६ विष्णुपुर घर भै रा.बा.बैंक, शाखा कार्यालय, नाम्चेका सुनचाँदी जाँचकी कृष्णप्रसाद आचार्य.....

सोलुखुम्बु जि.चौरीखर्क गा.वि.स.वडा नं. ५ बस्ने श्रीमती पासाङ फुटी शेर्पा.....

ऐ.ऐ.बस्ने दाछिरि शेपा.....समेत रहेको अख्तियार दुरुपयोग गरी भ्रष्टाचार गरेको मुद्दा ।

फैसला मिति : २०६१।८।१८

फैसलाको प्रकृति

कर्जा लिएको साँवा रकम सम्मलाई विगो ठहर गरी सजाय गरेको तर भरी भराउ हुँदाको दिन सम्मको व्याज बापतको रकम भराई पाउँ भन्ने दावी र घुस तर्फ सजाय गरी पाउँ भन्ने दावी नपुग्ने ठहर गरी प्रतिवादीहरु लाई सफाइ दिई फैसला भएको ।

फैसलाका आधारहरु :

(क) प्रतिवादी वकील यादवले ऋणीबाट रकम लिएको भन्ने अभियोगमा इन्कार गरेको र घुस रिसवत लिए खाएको भरपर्दो स्वतन्त्र र तथ्ययुक्त सवूद प्रमाण वादी पक्षबाट पेश हुन नसकेको,

(ख) भ्र.नि.ऐन, २०१७ को दफा ७(२) अन्तर्गतको कसूर गरेको पुष्टि भएको भन्ने कारणले मात्र ऐजन ऐनको दफा ३ को कसूर स्वत पुष्टि हुन्छ भन्न मिल्दैन,

(ग) प्रस्तुत मुद्दा बैंकको लगानी असुल गरी पाउँ भन्ने नभै भ्रष्टाचार मुद्दा भएकोले व्याजको रकम समेत यकिन गरी विगोमा दावी लिन नसकेको अवस्थामा अदालत स्वयम्ले विगो कायम गरी भरी पाउने ठहर गर्नु कानून सम्मत नहुने ।

पुनरावेदनका आधारहरु :

(क) प्रतिवादीहरु अनुसन्धानको क्रममा बयान कागज गर्दा आफूहरुलाई बैंकबाट कर्जा मिलाई दिए बापत प्र. वकील यादवले रकम खाई दिएको हो भनी लेखाई निजहरु अदालत समक्ष उपस्थित नभै म्याद गुजारी बसेबाट आफ्नो बयान कागज र कसुर स्वीकार गरी वसेको अवस्था छ । निज प्रतिवादी वकील यादवले अनुसन्धानको सिलसिलामा ऋणीबाट रकम लिएमा सावित रही बयान गरेका छन् । अदालत समक्ष घुस रिसवत खाएमा इन्कार रहे पनि धितो स्वीकार गरेको भन्दा बढी रकम कर्जा प्रवाह गर्नुका अतिरिक्त बैंकबाट समय समयमा लागु गरेको निर्देशिका नीति नियम र परिपत्रको विपरित कर्जा लगानी गर्नुको पछाडि ऋणी प्रतिवादीहरुसँग घुस रिसवत लिए खाएको कुरा प्रमाणित भै रहँदा पनि त्यस्तो प्रमाणको प्रमाण ऐन, २०३१ को दफा ९ बमोजिम प्रमाणमा लिन योग्य प्रमाण हुँदा हुँदै पनि प्रमाणमा नलिई गरेको फैसला त्रुटीपूर्ण छ ।

(ख) जथाभावी रुपमा आफू र ऋणीहरुलाई गैर कानुनी लाभ पुऱ्याउने बदनियत राखी पुरानो कर्जा असुली नहुदै, धितोको स्थलगत रुपमा प्राविधिकबाट मूल्यांकन नगराई आफू समेत भै वास्तविकता भन्दा बढी रकमको धितो मूल्यांकन गर्ने गराउने कसुर गरेको ठहर भएको स्थितिमा त्यस्तो गैर कानूनी लाभ लिने पुऱ्याउने प्र. वकील यादवले रिसवत लिने खाने नगरी त्यस्तो अनियमित ऋण प्रवाह गरेका होइन भनी संभ्कन नमिलि, कसुर गरेको परिस्थितिजन्य प्रमाणबाट पुष्टि भै रहेको अवस्थामा समेत प्रतिवादी इन्कार रहेको भन्ने मात्र आधारमा सफाई दिनु त्रुटीपूर्ण फैसला भएको स्पष्ट छ ।

(ग) प्रतिवादी वकील यादवले ऋणीहरुलाई कर्जा प्रवाह गर्दा कर्जाको रकम मध्ये केही रकम निजैले राख्ने गरेको भनी ऋणी प्रतिवादीहरुले स्पष्ट पोल गरेका छन् । स्वयम् प्रतिवादी वकील यादवले बैंकको नीति निर्देशन विपरित ऋण प्रवाह गर्दा ऋणीहरुसँग रु. २,००,०००।- (दुई लाख) सापटी लिएको भनी बयान गरेको देखिँदा आफूले ऋण प्रवाह गरेका व्यक्तिहरुसँग रकम लिई खाएको कुरा एक आपसमा पुष्टयाई भै रहेको स्थिति छ । यस्तो प्रमाण हुँदा हुँदै पनि अदालतले के कस्तो भरपर्दो स्वतन्त्र र तथ्ययुक्त प्रमाण खोजेको हो, स्पष्ट हुदैन । मिसिल संलग्न प्रमाणको मूल्यांकन गरी निष्कर्षमा पुग्नु पर्नेमा सो मूल्यांकन नै नगरी स्वतन्त्र र भरपर्दो प्रमाण छैन भनी सफाई दिनु न्याय संगत हुन सक्दैन ।

(घ) यो बैंकलाई गैरकानूनी रुपले हानी पुगेको रकम असुल गरी पाउँ भन्ने समेत मागदावी भएको मुद्दा हो । बैंकले व्याज प्राप्त गर्नु पर्नेमा हानी नोक्सानी भएको भन्ने तथ्यमा प्रतिवादीहरुले विवाद नै उठाएका छैनन् भने सो तथ्यमा अदालतले अन्यथा गर्नु पर्ने अवस्था नै छैन । बदनियत साथ बैंकको नीति निर्देशन तथा आदेश विपरित ऋण कर्जा प्रवाह गरेको कारणबाट प्रतिवादीहरुले जानीजानी गैर कानूनी लाभ लिने दिने कार्य गरी बैंकलाई हानी नोक्सानी पुग्न गएको भन्ने सप्रमाण पुष्टि भै प्रतिवादीहरुको कसुर ठहर भई सकेको हुनाले दावीका सवै जिकिरहरुको यसै मुद्दाबाट न्याय निरोपण हुनु पर्नेमा व्याजको रकमलाई समावेस नगरी त्रुटीपूर्ण फैसला भएको छ ।

(ङ) बैंकले पाउनु पर्ने व्याज समेत हानी नोक्सानी भएको स्पष्ट देखिएको छ । सो हानी नोक्सानी सावा र भरी भराउ हुने दिन सम्मको व्याज समेत भराउन नमिल्ने कुनै आधार छैन । बैकलाई पुग्न गएको साँवा र व्याज समेतको हानीका सम्बन्धमा अभियोग पत्रमा स्पष्ट रुपमा मागदावी उल्लेख भएकै छ । जब हानीको रकम उल्लेख गरि भरी भराउको दावी लिइन्छ भने सो साँवाको व्याज पनि भरी भराउ हुने समय (दिन) सम्मको भराउन नसकिने अवस्था छैन । अभियोग दावीमा व्याज समेतको रकमको दावी लिए पछि सो दावी तर्फ प्रमाणको मूल्यांकन नै नगरी अधुरो फैसला गरिएको छ ।

१६. *बारा जिल्ला बहुअरी गा.वि.स.वडा नं. ४ घर भै राष्ट्रिय बाणिज्य बैंक, शाखा कार्यालय, नाम्चेका तत्कालिन प्रवन्धक वकील यादव.....*

झापा जिल्ला लखनपुर गा.वि.स.वडा नं. १ बसन्त चोक घर भै रा.बा.बैंक, शाखा कार्यालय, नाम्चेका तत्कालिन वरिष्ठ सहायक बैजुनाथ ठाकुर बरही.....

मोरङ जि.विराटनगर उपमहानगरपालिका वडा नं. १ शान्तीचोक घर भै रा.बा. बैंक शाखा कार्यालय नाम्चेका तत्कालिन गणक कृष्णबहादुर कटुवाल .....

रामेछाप जि. दिमेपोखरी गा.वि.स.वडा नं ४ हाल सोलुखुम्बु जि. खुम्जुङ गा.वि. स. वडा नं. २ बस्ने दिलबहादुर मगर. .....समेत रहेको अख्तियार दुरुपयोग गरी भ्रष्टाचार गरेको मुद्दा ।

फैसला मिति : *२०६१।८।१८*

फैसलाको प्रकृति

कर्जा लिएको साँवा रकम सम्मलाई विगो ठहर गरी सजाय गरेको तर भरी भराउ हुँदाको दिनसम्मको व्याज बापतको रकम भराई पाउँ भन्ने दावी र घुस तर्फ सजाय गरी पाउँ भन्ने दावी नपुग्ने ठहर गरी प्रतिवादीहरुलाई सफाइ दिई फैसला भएको ।

फैसलाका आधारहरु :

(क) प्रतिवादी वकील यादवले ऋणीबाट रकम लिएको भन्ने अभियोगमा इन्कार गरेको र घुस रिसवत लिए खाएको भरपर्दो स्वतन्त्र र तथ्ययुक्त सवूद प्रमाण वादी पक्षबाट पेश हुन नसकेको,

(ख) भ्र.नि.ऐन, २०१७ को दफा ७(२) अन्तर्गतको कसूर गरेको पुष्टि भएको भन्ने कारणले मात्र ऐजन ऐनको दफा ३ को कसूर स्वत पुष्टि हुन्छ भन्न मिल्दैन,

(ग) प्रस्तुत मुद्दा बैंकको लगानी असुल गरी पाउँ भन्ने नभै भ्रष्टाचार मुद्दा भएकोले व्याजको रकम समेत यकिन गरी विगोमा दावी लिन नसकेको अवस्थामा अदालत स्वयम्ले विगो कायम गरी भरी पाउने ठहर गर्नु कानून सम्मत नहुने ।

पुनरावेदनका आधारहरु :

(क) प्रतिवादीहरु अनुसन्धानको क्रममा बयान कागज गर्दा आफुहरुलाई बैंकबाट कर्जा मिलाई दिए बापत प्र. वकील यादवले रकम खाई दिएको हो भनी लेखाई निजहरु अदालत समक्ष उपस्थित नभै म्याद गुजारी बसेबाट आफ्नो बयान कागज र कसुर स्वीकार गरी वसेको अवस्था छ । निज प्रतिवादी वकील यादवले अनुसन्धानको सिलसिलामा ऋणीबाट रकम लिएमा सावित रही बयान गरेका छन् । अदालत समक्ष घुस रिशवत खाएमा इन्कार रहे पनि धितो स्वीकार गरेको भन्दा बढी रकम कर्जा प्रवाह गर्नुका अतिरिक्त बैंकबाट समय समयमा लागु गरेको निर्देशिका नीति नियम र परिपत्रको विपरित कर्जा लगानी गर्नुको पछाडि ऋणी प्रतिवादीहरुसँग घुस रिसवत लिए खाएको कुरा प्रमाणित भै रहँदा पनि त्यस्तो प्रमाणको प्रमाण ऐन, २०३१ को दफा ९ बमोजिम प्रमाणमा लिन योग्य प्रमाण हुँदा हुँदै पनि प्रमाणमा नलिई गरेको फैसला त्रुटीपूर्ण छ ।

(ख) जथाभावी रुपमा आफू र ऋणीहरुलाई गैर कानुनी लाभ पुऱ्याउने बदनियत राखी पुरानो कर्जा असुली नहुदै, धितोको स्थलगत रुपमा प्राविधिकबाट मूल्यांकन नगराई आफु समेत भै वास्तविकता भन्दा बढी रकमको धितो मूल्यांकन गर्ने गराउने कसुर गरेको ठहर भएको स्थितिमा त्यस्तो गैर कानूनी लाभ लिने पुऱ्याउने प्र. वकील यादवले रिसवत लिने खाने नगरी त्यस्तो अनियमित ऋण प्रवाह गरेका होइन भनी संभ्कन नमिलि, कसुर गरेको परिस्थितिजन्य प्रमाणबाट पुष्टि भै रहेको अवस्थामा समेत प्रतिवादी इन्कार रहेको भन्ने मात्र आधारमा सफाई दिनु त्रुटीपूर्ण फैसला भएको स्पष्ट छ ।

(ग) प्रतिवादी वकील यादवले ऋणीहरुलाई कर्जा प्रवाह गर्दा कर्जाको रकम मध्ये केही रकम निजैले राख्ने गरेको भनी ऋणी प्रतिवादीहरुले स्पष्ट पोल गरेका छन् । स्वयम् प्रतिवादी वकील यादवले बैंकको नीति निर्देशन विपरित ऋण प्रवाह गर्दा ऋणीहरुसँग

रिसवत लिएको अवस्थामा निजले ऋण प्रवाह गरेका व्यक्तिहरुसँग रकम लिई खाएको कुरा पुष्टयाई भै रहेको स्थिति छ । यस्तो प्रमाण हुँदा हुँदै पनि अदालतले के कस्तो भरपर्दो स्वतन्त्र र तथ्ययुक्त प्रमाण खोजेको हो, स्पष्ट हुदैन । मिसिल संलग्न प्रमाणको मूल्यांकन गरी निष्कर्षमा पुग्नु पर्नेमा सो मूल्यांकन नै नगरी स्वतन्त्र र भरपर्दो प्रमाण छैन भनी सफाई दिनु न्याय संगत हुन सक्दैन ।

(घ) यो बैंकलाई गैरकानूनी रुपले हानी पुगेको रकम असुल गरी पाउँ भन्ने समेत मागदावी भएको मुद्दा हो । बैंकले व्याज प्राप्त गर्नु पर्नेमा हानी नोक्सानी भएको भन्ने तथ्यमा प्रतिवादीहरुले विवाद नै उठाएका छैनन् भने सो तथ्यमा अदालतले अन्यथा गर्नु पर्ने अवस्था नै छैन । बदनियत साथ बैंकको नीति निर्देशन तथा आदेश विपरित ऋण कर्जा प्रवाह गरेको कारणबाट प्रतिवादीहरुले जानीजानी गैर कानूनी लाभ लिने दिने कार्य गरी बैंकलाई हानी नोक्सानी पुग्न गएको भन्ने सप्रमाण पुष्टि भै प्रतिवादीहरुको कसुर ठहर भई सकेको हुनाले दावीका सवै जिकिरहरुको यसै मुद्दाबाट न्याय निरोपण हुनु पर्नेमा व्याजको रकमलाई समावेश नगरी त्रुटीपूर्ण फैसला भएको छ ।

(ङ) बैंकले पाउनु पर्ने व्याज समेत हानी नोक्सानी भएको स्पष्ट देखिएको छ । सो हानी नोक्सानी सावा र भरी भराउ हुने दिन सम्मको व्याज समेत भराउन नमिल्ने कुनै आधार छैन । बैकलाई पुग्न गएको साँवा र व्याज समेतको हानीका सम्बन्धमा अभियोग पत्रमा स्पष्ट रुपमा मागदावी उल्लेख भएकै छ । जब हानीको रकम उल्लेख गरि भरी भराउको दावी लिइन्छ भने सो साँवाको व्याज पनि भरी भराउ हुने समय (दिन) सम्मको भराउन नसकिने अवस्था छैन । अभियोग दावीमा व्याज समेतको रकमको दावी लिए पछि सो दावी तर्फ प्रमाणको मूल्यांकन नै नगरी अधुरो फैसला गरिएको छ ।

१७. बारा जिल्ला बहुअरी गा.वि.स.वडा नं. ४ घर भै राष्ट्रिय बाणिज्य बैंक, शाखा कार्यालय, नाम्चेका तत्कालिन प्रवन्धक वकील यादव.....

झापा जिल्ला लखनपुर गा.वि.स.वडा नं. १ बसन्त चोक घर भै रा.बा.बैंक, शाखा कार्यालय, नाम्चेका तत्कालिन वरिष्ठ सहायक बैजुनाथ ठाकुर बरही.....

सप्तरी जि.राजविराज नगरपालिका वडा नं. ८ स्वर्णटोल घर भै रा.बा.बैंक शाखा कार्यालय, नाम्चेका खजान्ची हरिप्रसाद उपाध्याय.....

सोलुखुम्बु जि.सल्यान गा.वि.स.वडा नं. २ घर भै रा.बा.बैंक, शाखा कार्यालय, नाम्चेका सहायक ख. देवराज वास्तोला.....

सोलुखुम्बु जि.चौरीखर्क गा.वि.स.वडा नं. ९ मंगलबहादुर कामी.....समेत रहेको अख्तियार दुरुपयोग गरी भ्रष्टाचार गरेको मुद्दा ।

फैसला मिति : *२०६१।८।१८*

फैसलाको प्रकृति

कर्जा लिएको साँवा रकम सम्मलाई विगो ठहर गरी सजाय गरेको तर भरी भराउ हुँदाको दिनसम्मको व्याज बापतको रकम भराई पाउँ भन्ने दावी र घुस तर्फ सजाय गरी पाउँ भन्ने दावी नपुग्ने ठहर गरी प्रतिवादीहरुलाई सफाइ दिई फैसला भएको ।

फैसलाका आधारहरु :

(क) प्रतिवादी वकील यादवले ऋणीबाट रकम लिएको भन्ने अभियोगमा इन्कार गरेको र घुस रिसवत लिए खाएको भरपर्दो स्वतन्त्र र तथ्ययुक्त सवूद प्रमाण वादी पक्षबाट पेश हुन नसकेको,

(ख) भ्र.नि.ऐन, २०१७ को दफा ७(२) अन्तर्गतको कसूर गरेको पुष्टि भएको भन्ने कारणले मात्र ऐजन ऐनको दफा ३ को कसूर स्वत पुष्टि हुन्छ भन्न मिल्दैन,

(ग) प्रस्तुत मुद्दा बैंकको लगानी असुल गरी पाउँ भन्ने नभै भ्रष्टाचार मुद्दा भएकोले व्याजको रकम समेत यकिन गरी विगोमा दावी लिन नसकेको अवस्थामा अदालत स्वयम्ले विगो कायम गरी भरी पाउने ठहर गर्नु कानून सम्मत नहुने ।

पुनरावेदनका आधारहरु :

(क) प्रतिवादीहरु अनुसन्धानको क्रममा बयान कागज गर्दा आफुहरुलाई बैंकबाट कर्जा मिलाई दिए बापत प्र. वकील यादवले रकम खाई दिएको हो भनी लेखाई निजहरु अदालत समक्ष उपस्थित नभै म्याद गुजारी बसेबाट आफ्नो बयान कागज र कसुर स्वीकार गरी वसेको अवस्था छ । निज प्रतिवादी वकील यादवले अनुसन्धानको सिलसिलामा ऋणीबाट रकम लिएमा सावित रही बयान गरेका छन् । अदालत समक्ष घुस रिशवत खाएमा इन्कार रहे पनि धितो स्वीकार गरेको भन्दा बढी रकम कर्जा प्रवाह गर्नुका अतिरिक्त बैंकबाट समय समयमा लागु गरेको निर्देशिका नीतिनियम र परिपत्रको विपरित कर्जा लगानी गर्नुको पछाडी ऋणी प्रतिवादीहरुसँग घुस रिसवत लिए खाएको कुरा प्रमाणित भै रहँदा पनि त्यस्तो प्रमाणको प्रमाण ऐन, २०३१ को दफा ९ बमोजिम प्रमाणमा लिन योग्य प्रमाण हुँदा हुँदै पनि प्रमाणमा नलिई गरेको फैसला त्रुटीपूर्ण छ ।

(ख) जथाभावी रुपमा आफू र ऋणीहरुलाई गैर कानुनी लाभ पुऱ्याउने बदनियत राखी पुरानो कर्जा असुली नहुदै, धितोको स्थलगत रुपमा प्राविधिकबाट मूल्यांकन नगराई आफु समेत भै वास्तविकता भन्दा बढी रकमको धितो मूल्यांकन गर्ने गराउने कसुर गरेको ठहर भएको स्थितिमा त्यस्तो गैर कानूनी लाभ लिने पुऱ्याउने प्र. वकील यादवले रिसवत लिने खाने नगरी त्यस्तो अनियमित ऋण प्रवाह गरेका होइन भनी संभ्कन नमिलि, कसुर गरेको परिस्थितिजन्य प्रमाणबाट पुष्टि भै रहेको अवस्थामा समेत प्रतिवादी इन्कार रहेको भन्ने मात्र आधारमा सफाई दिनु त्रुटीपूर्ण फैसला भएको स्पष्ट छ ।

(ग) प्रतिवादी वकील यादवले ऋणीहरुलाई कर्जा प्रवाह गर्दा कर्जाको रकम मध्ये केही रकम निजैले राख्ने गरेको भनी ऋणी प्रतिवादीहरुले स्पष्ट पोल गरेका छन् । स्वयम् प्रतिवादी वकील यादवले बैंकको निति निर्देशन विपरित ऋण प्रवाह गर्दा ऋणीहरुसँग रिसवत रु. ८०,०००।- (असी हजार) लिएको अवस्थामा निजले ऋण प्रवाह गरेका व्यक्तिहरुसँग रकम लिई खाएको कुरा पुष्टयाई भै रहेको स्थिति छ । यस्तो प्रमाण हुँदा हुँदै पनि अदालतले के कस्तो भरपर्दो स्वतन्त्र र तथ्ययुक्त प्रमाण खोजेको हो, स्पष्ट

हुदैन । मिसिल संलग्न प्रमाणको मूल्यांकन गरी निष्कर्षमा पुग्नु पर्नेमा सो मूल्यांकन नै नगरी स्वतन्त्र र भरपर्दो प्रमाण छैन भनी सफाई दिनु न्याय संगत हुन सक्दैन ।

(घ) यो बैंकलाई गैरकानूनी रुपले हानी पुगेको रकम असुल गरी पाउँ भन्ने समेत मागदावी भएको मुद्दा हो । बैंकले व्याज प्राप्त गर्नु पर्नेमा हानी नोक्सानी भएको भन्ने तथ्यमा प्रतिवादीहरुले विवाद नै उठाएका छैनन् भने सो तथ्यमा अदालतले अन्यथा गर्नु पर्ने अवस्था नै छैन । बदनियत साथ बैंकको नीति निर्देशन तथा आदेश विपरित ऋण कर्जा प्रवाह गरेको कारणबाट प्रतिवादीहरुले जानीजानी गैर कानूनी लाभ लिने दिने कार्य गरी बैंकलाई हानी नोक्सानी पुग्न गएको भन्ने सप्रमाण पुष्टि भै प्रतिवादीहरुको कसुर ठहर भई सकेको हुनाले दावीका सवै जिकिरहरुको यसै मुद्दाबाट न्याय निरोपण हुनु पर्नेमा व्याजको रकमलाई समावेश नगरी त्रुटीपूर्ण फैसला भएको छ ।

(ङ) बैंकले पाउनु पर्ने व्याज समेत हानी नोक्सानी भएको स्पष्ट देखिएको छ । सो हानी नोक्सानी सावा र भरी भराउ हुने दिन सम्मको व्याज समेत भराउन नमिल्ने कुनै आधार छैन । बैकलाई पुग्न गएको साँवा र व्याज समेतको हानीका सम्बन्धमा अभियोग पत्रमा स्पष्ट रुपमा मागदावी उल्लेख भएकै छ । जब हानीको रकम उल्लेख गरि भरी भराउको दावी लिइन्छ भने सो साँवाको व्याज पनि भरी भराउ हुने समय (दिन) सम्मको भराउन नसकिने अवस्था छैन । अभियोग दावीमा व्याज समेतको रकमको दावी लिए पछि सो दावी तर्फ प्रमाणको मूल्यांकन नै नगरी अधुरो फैसला गरिएको छ ।

१८. बारा जिल्ला बहुअरी गा.वि.स.वडा नं. ४ घर भै राष्ट्रिय बाणिज्य बैंक, शाखा कार्यालय, नाम्चेका तत्कालिन प्रवन्धक वकील यादव.....

सप्तरी जि.राजविराज नगरपालिका वडा नं. ८ स्वर्णटोल घर भै रा.बा.बैंक शाखा कार्यालय, नाम्चेका खजान्ची हरिप्रसाद उपाध्याय.....

सोलुखुम्बु जि.सल्यान गा.वि.स.वडा नं. २ घर भै रा.बा.बैंक, शाखा कार्यालय, नाम्चेका सहायक ख. देवराज वास्तोला.....

सिरहा जि.विष्णुकट्टी गा.वि.स.वडा नं. ६ विष्णुपुर घर भै रा.बा.बैंक शाखा कार्यालय, नाम्चेका सुनचाँदी जाँचकी कृष्णप्रसाद आचार्य .....

सोलुखुम्बु जि. बाकु गा.वि.स.वडा नं. ९ घर भै हाल चौरीखर्क गा.वि.स.वडा नं. ५ बस्ने आङनिमा शेर्पा .....समेत रहेको अख्तियार दुरुपयोग गरी भ्रष्टाचार गरेको मुद्दा ।

फैसला मिति : *२०६१।८।१८*

फैसलाको प्रकृति

कर्जा लिएको साँवा रकम सम्मलाई विगो ठहर गरी सजाय गरेको तर भरी भराउ हुँदाको दिनसम्मको व्याज बापतको रकम भराई पाउँ भन्ने दावी नपुग्ने ठहर गरी फैसला भएको ।

फैसलाका आधारहरु :

(क) प्रस्तुत मुद्दा बैंकको लगानी असुल गरी पाउँ भन्ने नभै भ्रष्टाचार मुद्दा भएको,

(ख) व्याजको रकम समेत यकिन गरी विगोमा दावी लिन नसकेको अवस्थामा अदालत स्वयम्ले विगो कायम गरी भरी पाउने ठहर गर्नु कानून सम्मत नहुने ।

पुनरावेदनका आधारहरु :

(क) यो मुद्दा बैंकलाई गैरकानूनी रुपले हानी पुगेको रकम असुल गरी पाउँ भन्ने समेत दावि लिइएको मुद्दा हो । बैंकले व्याज प्राप्त गर्नु पर्नेमा हानी नोक्सानी भएको भन्ने तथ्यमा प्रतिवादीहरुले विवाद नै उठाएका छैनन् भने सो तथ्यमा अदालतले अन्यथा गर्नु पर्ने अवस्था नै छैन । बदनियत साथ बैंकको नीति निर्देशन तथा आदेश विपरित ऋण कर्जा प्रवाह गरेको कारणबाट प्रतिवादीहरुले जानीजानी गैर कानूनी लाभ लिने दिने कार्य गरी बैंकलाई हानी नोक्सानी पुग्न गएको भन्ने सप्रमाण पुष्टि भै प्रतिवादीहरुको कसुर ठहर भई सकेको हुनाले दावीका सवै जिकिरहरुको यसै मुद्दाबाट न्याय निरोपण हुनु पर्नेमा व्याजको रकमलाई समावेश नगरी त्रुटीपूर्ण फैसला भएको छ ।

(ख) बैंकले पाउनु पर्ने व्याज समेत हानी नोक्सानी भएको स्पष्ट देखिएको छ । सो हानी नोक्सानी सावा र भरी भराउ हुने दिन सम्मको व्याज समेत भराउन नमिल्ने कुनै आधार छैन । बैकलाई पुग्न गएको साँवा र व्याज समेतको हानीका सम्बन्धमा अभियोग पत्रमा स्पष्ट रुपमा मागदावी गरिएकै छ । जब हानीको रकम उल्लेख गरी भरी भराउको दावी लिइन्छ भने सो साँवा रकमको व्याज पनि भरी भराउ हुने समय (दिन) सम्मको भराउन नसकिने अवस्था छैन । अभियोग दावीमा व्याज समेतको रकमको दावी लिए पछि सो दावी तर्फ प्रमाणको मूल्यांकन नै नगरी अधुरो फैसला गरिएको छ ।

१९. बारा जिल्ला बहुअरी गा.वि.स.वडा नं. ४ घर भै राष्ट्रिय बाणिज्य बैंक, शाखा कार्यालय, नाम्चेका तत्कालिन प्रवन्धक वकील यादव.....

झापा जिल्ला लखनपुर गा.वि.स.वडा नं. १ बसन्त चोक घर भै रा.बा.बैंक, शाखा कार्यालय, नाम्चेका तत्कालिन वरिष्ठ सहायक बैजुनाथ ठाकुर बरही.....

सोलुखुम्बु जिल्ला सल्यान गा.वि.स.वडा नं २ घर भै रा.बा.बैंक, शाखा कार्यालय, नाम्चेका तत्कालिन सहायक ख.देवराज वास्तोला .....

मोरङ जिल्ला विराटनगर उप-नगरपालिका वडा नं. १ शान्ति चोक घर भै रा.बा.बैंक शाखा कार्यालय, नाम्चेका गणक कृष्णबहादुर कटुवाल .....

सोलुखुम्बु जिल्ला चौरि खर्क गा.वि.स.वडा नं. ५ फाङदिङ बस्ने डोमा शेर्पा...

ऐ.ऐ. बस्ने दाछिरी शेर्पा.....

ऐ.ऐ.बस्ने लाक्पा शेर्पीनी .....

ऐ.ऐ.बस्ने श्रीमती पासाङ फुटी शेर्पा .....समेत रहेको अख्तियार दुरुपयोग गरी भ्रष्टाचार गरेको मुद्दा ।

फैसला मिति : *२०६१।८।१८*

फैसलाको प्रकृति

कर्जा लिएको साँवा रकम सम्मलाई विगो ठहर गरी सजाय गरेको तर भरी भराउ हुँदाको दिनसम्मको व्याज बापतको रकम भराई पाउँ भन्ने दावी र घुस तर्फ सजाय गरी पाउँ भन्ने दावी नपुग्ने ठहर गरी प्रतिवादीहरुलाई सफाइ दिई फैसला भएको ।

फैसलाका आधारहरु :

(क) प्रतिवादी वकील यादवले ऋणीबाट रकम लिएको भन्ने अभियोगमा इन्कार गरेको र घुस रिसवत लिए खाएको भरपर्दो स्वतन्त्र र तथ्ययुक्त सवूद प्रमाण वादी पक्षबाट पेश हुन नसकेको,

(ख) भ्र.नि.ऐन, २०१७ को दफा ७(२) अन्तर्गतको कसूर गरेको पुष्टि भएको भन्ने कारणले मात्र ऐजन ऐनको दफा ३ को कसूर स्वत पुष्टि हुन्छ भन्न मिल्दैन,

(ग) प्रस्तुत मुद्दा बैंकको लगानी असुल गरी पाउँ भन्ने नभै भ्रष्टाचार मुद्दा भएकोले व्याजको रकम समेत यकिन गरी विगोमा दावी लिन नसकेको अवस्थामा अदालत स्वयम्ले विगो कायम गरी भरी पाउने ठहर गर्नु कानून सम्मत नहुने ।

पुनरावेदनका आधारहरु :

(क) प्रतिवादीहरु अनुसन्धानको क्रममा बयान कागज गर्दा आफूहरुलाई बैंकबाट कर्जा मिलाई दिए बापत प्र. वकील यादवले रकम खाई दिएको हो भनी लेखाई निजहरु अदालत समक्ष उपस्थित नभै म्याद गुजारी बसेबाट आफ्नो बयान कागज र कसुर स्वीकार गरी वसेको अवस्था छ । निज प्रतिवादी वकील यादवले अनुसन्धानको सिलसिलामा ऋणीबाट रकम लिएमा सावित रही बयान गरेका छन् । अदालत समक्ष घुस रिशवत खाएमा इन्कार रहे पनि धितो स्वीकार गरेको भन्दा बढी रकम कर्जा प्रवाह गर्नुका अतिरिक्त बैंकबाट समय समयमा लागु गरेको निर्देशिका नीति नियम र परिपत्रको विपरित कर्जा लगानी गर्नुको पछाडि ऋणी प्रतिवादीहरुसँग घुस रिसवत लिए खाएको कुरा प्रमाणित भै रहँदा पनि त्यस्तो प्रमाणको प्रमाण ऐन, २०३१ को दफा ९ बमोजिम प्रमाणमा लिन योग्य प्रमाण हुँदा हुँदै पनि प्रमाणमा नलिई गरेको फैसला त्रुटीपूर्ण छ ।

(ख) जथाभावी रुपमा आफु र ऋणीहरुलाई गैर कानुनी लाभ पुऱ्याउने बदनियत राखी पुरानो कर्जा असुली नहुदै, धितोको स्थलगत रुपमा प्राविधिकबाट मूल्यांकन नगराई आफु समेत भै वास्तविकता भन्दा बढी रकमको धितो मूल्यांकन गर्ने गराउने कसुर गरेको ठहर भएको स्थितिमा त्यस्तो गैर कानूनी लाभ लिने पुऱ्याउने प्र. वकील यादवले रिसवत लिने खाने नगरी त्यस्तो अनियमित ऋण प्रवाह गरेका होइन भनी संभ्कन नमिलि, कसुर गरेको परिस्थितिजन्य प्रमाणबाट पुष्टि भै रहेको अवस्थामा समेत प्रतिवादी इन्कार रहेको भन्ने मात्र आधारमा सफाई दिनु त्रुटीपूर्ण फैसला भएको स्पष्ट छ ।

(ग) प्रतिवादी वकील यादवले ऋणीहरुलाई कर्जा प्रवाह गर्दा कर्जाको रकम मध्ये केही रकम निजैले राख्ने गरेको भनी ऋणी प्रतिवादीहरुले स्पष्ट पोल गरेका छन् । स्वयम् प्रतिवादी वकील यादवले लाजिम्पाटमा खुम्बु रेष्टुरेण्ट बन्द भै सञ्चालन गर्न सापटी रु. २,००,०००।- (दुई लाख) दिएको तर आजसम्म तिरेको छैन भनी बयान कागज गरेबाट पनि आफुले ऋण प्रवाह गरेका व्यक्तिहरुसँग रकम लिई खाएको कुरा एक

आपसमा पुष्टयाई भै रहेको स्थिति छ । यस्तो प्रमाण हुँदा हुँदै पनि अदालतले के कस्तो भरपर्दो स्वतन्त्र र तथ्ययुक्त प्रमाण खोजेको हो, स्पष्ट हुदैन । मिसिल संलग्न प्रमाणको मूल्यांकन गरी निष्कर्षमा पुग्नु पर्नेमा सो मूल्यांकन नै नगरी स्वतन्त्र र भरपर्दो प्रमाण छैन भनी सफाई दिनु न्याय संगत हुन सक्दैन ।

(घ) यो बैंकलाई गैरकानूनी रुपले हानी पुगेको रकम असुल गरी पाउँ भन्ने समेत मागदावी भएको मुद्दा हो । बैंकले व्याज प्राप्त गर्नु पर्नेमा हानी नोक्सानी भएको भन्ने तथ्यमा प्रतिवादीहरुले विवाद नै उठाएका छैनन् भने सो तथ्यमा अदालतले अन्यथा गर्नु पर्ने अवस्था नै छैन । बदनियत साथ बैंकको निति निर्देशन तथा आदेश विपरित ऋण कर्जा प्रवाह गरेको कारणबाट प्रतिवादीहरुले जानीजानी गैर कानूनी लाभ लिने दिने कार्य गरी बैंकलाई हानी नोक्सानी पुग्न गएको भन्ने सप्रमाण पुष्टि भै प्रतिवादीहरुको कसुर ठहर भई सकेको हुनाले दावीका सवै जिकिरहरुको यसै मुद्दाबाट न्याय निरोपण हुनु पर्नेमा व्याजको रकमलाई समावेश नगरी त्रुटीपूर्ण फैसला भएको छ ।

(ङ) बैंकले पाउनु पर्ने व्याज समेत हानी नोक्सानी भएको स्पष्ट देखिएको छ । सो हानी नोक्सानी सावा र भरी भराउ हुने दिन सम्मको व्याज समेत भराउन नमिल्ने कुनै आधार छैन । बैकलाई पुग्न गएको साँवा र व्याज समेतको हानीका सम्बन्धमा अभियोग पत्रमा स्पष्ट रुपमा मागदावी उल्लेख भएकै छ । जब हानीको रकम उल्लेख गरि भरी भराउको दावी लिइन्छ भने सो साँवाको व्याज पनि भरी भराउ हुने समय (दिन) सम्मको भराउन नसकिने अवस्था छैन । अभियोग दावीमा व्याज समेतको रकमको दावी लिए पछि सो दावी तर्फ प्रमाणको मूल्यांकन नै नगरी अधुरो फैसला गरिएको छ ।

२०. बारा जिल्ला बहुअरी गा.वि.स.वडा नं. ४ घर भै राष्ट्रिय बाणिज्य बैंक, शाखा कार्यालय, नाम्चेका तत्कालिन प्रवन्धक वकील यादव.....

सोलुखुम्बु जि.सल्यान गा.वि.स.वडा नं. २ घर भै रा.बा.बैंक, शाखा कार्यालय, नाम्चेका सहायक ख. देवराज वास्तोला.....

सिरहा जि.विष्णुकट्टी गा.वि.स.वडा नं ६ विष्णुपुर घर भै रा.बा.बैंक, शाखा कार्यालय, नाम्चेका सुनचाँदी जाँचकी कृष्णप्रसाद आचार्य.....

सोलुखुम्बु जि.पन्चन गा.वि.स.वडा नं.१ को हाल नाम्चे १ बस्ने नरबहादुर दर्जी.....

सोलुखुम्बु जि. तिङ्गला गा.वि.स.वडा नं.१ साम्से घर भै ऐ.ऐ.बस्ने बम्बै दर्जी .....समेत रहेको अख्तियार दुरुपयोग गरी भ्रष्टाचार गरेको मुद्दा ।

फैसला मिति : *२०६१।८।१८*

फैसलाको प्रकृति

कर्जा लिएको साँवा रकम सम्मलाई विगो ठहर गरी सजाय गरेको तर भरी भराउ हुँदाको दिनसम्मको व्याज बापतको रकम भराई पाउँ भन्ने दावी र घुस तर्फ सजाय गरी पाउँ भन्ने दावी नपुग्ने ठहर गरी प्रतिवादीहरुलाई सफाइ दिई फैसला भएको ।

फैसलाका आधारहरु :

(क) प्रतिवादी वकील यादवले ऋणीबाट रकम लिएको भन्ने अभियोगमा इन्कार गरेको र घुस रिसवत लिए खाएको भरपर्दो स्वतन्त्र र तथ्ययुक्त सवूद प्रमाण वादी पक्षबाट पेश हुन नसकेको,

(ख) भ्र.नि.ऐन, २०१७ को दफा ७(२) अन्तर्गतको कसूर गरेको पुष्टि भएको भन्ने कारणले मात्र ऐजन ऐनको दफा ३ को कसूर स्वत पुष्टि हुन्छ भन्न मिल्दैन,

(ग) प्रस्तुत मुद्दा बैंकको लगानी असुल गरी पाउँ भन्ने नभै भ्रष्टाचार मुद्दा भएकोले व्याजको रकम समेत यकिन गरी विगोमा दावी लिन नसकेको अवस्थामा अदालत स्वयम्ले विगो कायम गरी भरी पाउने ठहर गर्नु कानून सम्मत नहुने ।

पुनरावेदनका आधारहरु :

(क) प्रतिवादीहरु अनुसन्धानको क्रममा बयान कागज गर्दा आफूहरुलाई बैंकबाट कर्जा मिलाई दिए बापत प्र. वकील यादवले रकम खाई दिएको हो भनी लेखाई निजहरु अदालत समक्ष उपस्थित नभै म्याद गुजारी बसेबाट आफ्नो बयान कागज र कसुर स्वीकार गरी वसेको अवस्था छ । निज प्रतिवादी वकील यादवले अनुसन्धानको सिलसिलामा ऋणीबाट रकम लिएमा सावित रही बयान गरेका छन् । अदालत समक्ष घुस रिशवत खाएमा इन्कार रहे पनि धितो स्वीकार गरेको भन्दा बढी रकम कर्जा प्रवाह गर्नुका अतिरिक्त बैंकबाट समय समयमा लागु गरेको निर्देशिका नीति नियम र परिपत्रको विपरित कर्जा लगानी गर्नुको पछाडि ऋणी प्रतिवादीहरुसँग घुस रिसवत लिए खाएको कुरा प्रमाणीत भै रहँदा पनि त्यस्तो प्रमाणको प्रमाण ऐन, २०३१ को दफा ९ बमोजिम प्रमाणमा लिन योग्य प्रमाण हुँदा हुँदै पनि प्रमाणमा नलिई गरेको फैसला त्रुटीपूर्ण छ ।

(ख) जथाभावी रुपमा आफु र ऋणीहरुलाई गैर कानुनी लाभ पुऱ्याउने बदनियत राखी पुरानो कर्जा असुली नहुदै, धितोको स्थलगत रुपमा प्राविधिकबाट मूल्यांकन नगराई आफु समेत भै वास्तविकता भन्दा बढी रकमको धितो मूल्यांकन गर्ने गराउने कसुर गरेको ठहर भएको स्थितिमा त्यस्तो गैर कानूनी लाभ लिने पुऱ्याउने प्र. वकील यादवले रिसवत लिने खाने नगरी त्यस्तो अनियमित ऋण प्रवाह गरेका होइन भनी संझन नमिलि कसुर गरेको परिस्थितिजन्य प्रमाणबाट पुष्टि भै रहेको अवस्थामा समेत प्रतिवादी इन्कार रहेको भन्ने मात्र आधारमा सफाई दिनु त्रुटीपूर्ण फैसला भएको स्पष्ट छ ।

(ग) प्रतिवादी वकील यादवले ऋणीहरुलाई कर्जा प्रवाह गर्दा कर्जाको रकम मध्ये केही रकम निजैले राख्ने गरेको भनी ऋणी प्रतिवादीहरुले स्पष्ट पोल गरेका छन् । स्वयम् प्रतिवादी वकील यादवले बैंकको निति निर्देशन विपरित ऋण प्रवाह गर्दा ऋणीहरुसँग रु. २,००,०००।- (दुई लाख) सापटी लिएको भन्ने बयान गरेको देखिँदा आफुले ऋण प्रवाह गरेका व्यक्तिहरुसँग रकम लिई खाएको कुरा एक आपसमा पुष्टयाई भै रहेको स्थिति छ । यस्तो प्रमाण हुँदा हुँदै पनि अदालतले के कस्तो भरपर्दो स्वतन्त्र र तथ्ययुक्त प्रमाण खोजेको हो, स्पष्ट हुदैन । मिसिल संलग्न प्रमाणको मूल्यांकन गरी निष्कर्षमा पुग्नु पर्नेमा सो मूल्यांकन नै नगरी स्वतन्त्र र भरपर्दो प्रमाण छैन भनी सफाई दिनु न्याय संगत हुन सक्दैन ।

(घ) यो बैंकलाई गैरकानूनी रुपले हानी पुगेको रकम असुल गरी पाउँ भन्ने समेत मागदावी भएको मुद्दा हो । बैंकले व्याज प्राप्त गर्नु पर्नेमा हानी नोक्सानी भएको भन्ने तथ्यमा प्रतिवादीहरुले विवाद नै उठाएका छैनन् भने सो तथ्यमा अदालतले अन्यथा गर्नु पर्ने अवस्था नै छैन । बदनियत साथ बैंकको नीति निर्देशन तथा आदेश विपरित ऋण कर्जा प्रवाह गरेको कारणबाट प्रतिवादीहरुले जानीजानी गैर कानूनी लाभ लिने दिने कार्य गरी बैंकलाई हानी नोक्सानी पुग्न गएको भन्ने सप्रमाण पुष्टि भै प्रतिवादीहरुको कसुर ठहर भई सकेको हुनाले दावीका सवै जिकिरहरुको यसै मुद्दाबाट न्याय निरोपण हुनु पर्नेमा व्याजको रकमलाई समावेश नगरी त्रुटीपूर्ण फैसला भएको छ ।

(ङ) बैंकले पाउनु पर्ने व्याज समेत हानी नोक्सानी भएको स्पष्ट देखिएको छ । सो हानी नोक्सानी सावा र भरी भराउ हुने दिन सम्मको व्याज समेत भराउन नमिल्ने कुनै आधार छैन । बैकलाई पुग्न गएको साँवा र व्याज समेतको हानीका सम्बन्धमा अभियोग पत्रमा स्पष्ट रुपमा मागदावी उल्लेख भएकै छ । जव हानीको रकम उल्लेख गरि भरी भराउको दावी लिइन्छ भने सो साँवाको व्याज पनि भरी भराउ हुने समय (दिन) सम्मको भराउन नसकिने अवस्था छैन । अभियोग दावीमा व्याज समेतको रकमको दावी लिए पछि सो दावी तर्फ प्रमाणको मूल्यांकन नै नगरी अधुरो फैसला गरिएको छ ।

२१. का.जि.का.म.न.पा.वडा नं.१० पुरानो बानेश्वर घर भै सस्पेन्सनबृज डिभिजनका तत्कालीन डि.ई.अम्बिकाप्रसाद उपाध्याय .....

भ.जि.क्वाठन्दो घर भई हाल का.जि.घट्टेकुलो बस्ने ऐ.का तत्कालीन स्टोर ना.सु. केदारमान मानन्धर.....

ल.जि.कुपन्डोल घर भई ऐ.का तत्कालीन स्टोर खरिदार राजकृष्ण श्रेष्ठ.....समेत रहेको अख्तियार दुरुपयोग गरी भ्रष्टाचार गरेको मुद्दा ।

फैसला मिति : *२०६१।३।२२*

फैसलाको प्रकृतिः

प्रतिवादीहरु अम्बिकाप्रसाद उपाध्याय र केदारमान मानन्धरले भ्रष्टाचारको कसूर गरेको ठहराइएको भएपनि निजहरुले नोक्सानी गरेको भनी दावी गरिएको विगो कम गरी तथा प्रतिवादी राजकृष्ण श्रेष्ठलाई सफाइ दिने गरी भएको फैसला ।

फैसलाका आधारहरु :

(क) सामान किनेको र स्टोर दाखिला गरेको अवस्थामा सामान किन्दा भएको प्रक्रियागत त्रुटीलाई र आवश्यकताभन्दा बढी किनेकोलाई भ्रष्टाचारको संज्ञा दिन मिल्दैन ।

(ख) कर्मचारीहरुलाई दिएको पेश्की, बैंकले चार्ज गरेको एल.सी. खर्च, पर्दा र विद्युत सामाग्री किनेको भुक्तानी जस्ता खर्चहरुलाई स्वीस प्राविधिक संस्था (साटा) ले मान्यता नदिई शोधभर्ना लिएको भन्नेसम्म आधारमा भ्रष्टाचारको संज्ञा दिन मिल्दैन ।

(ग) ठहर भएको विगोसंग सम्बन्धित खरिदमा प्र. राजकृष्ण श्रेष्ठको संलग्नता नदेखिएको भन्ने आधारमा यी प्रतिवादीलाई सफाई दिइएको छ ।

पुनरावेदनका आधारहरु :

(क) सस्पेन्सन बृज डिभिजनमा साटाले दिएको सहायता रकम श्री ५ को सरकार र साटा विच भएको संझौता विपरित खर्च भई दुरुपयोग गरिएको भन्ने कुरा साटाले गराएको लेखा परीक्षणले देखाए पछि रु. २४,१०,८९६।३९ नै साटालाई श्री ५ को सरकारले सोधभर्ना दिएको अवस्था प्रस्तुत मुद्दामा छ । सम्झौता विपरित रकम खर्च गर्ने काम यी प्रतिवादीहरुबाट भएकोमा विवाद छैन । प्रतिवादीहरुबाट भएको कामबाट श्री ५ को सरकारलाई उक्त रकम गैरकानूनी तरिकाले नोक्सानी भएको भन्ने स्पष्ट नै छ । साटासंग भएको सम्झौता प्रतिकूल कुनै पनि प्रकृयाबाट खर्च गरेको कारणबाट सो रकम श्री ५ को सरकारले सोधभर्ना दिनु परेपछि उल्लिखित रकम श्री ५ को सरकारलाई गैरकानूनी हानी पुगेको स्पष्ट छ । यस अवस्थामा सम्झौता विपरित खर्च गरी गैरकानूनी हानी पुऱ्याएको मध्ये कुनै रकममा गरिएको खर्चलाई उचित र कुनैमा गरिएको खर्चलाई अनुचित भनी विभेद गर्नु पर्ने अवस्था छैन । सोधभर्ना गर्नु परेको सम्पूर्ण रकमलाई नै श्री ५ को सरकारलाई गैरकानूनी हानी पुऱ्याएको ठहर गर्नु पर्नेमा सो नगरेको फैसला त्रुटीपूर्ण छ ।

(ख) उल्लिखित प्रकरण (क) मा लेखिए बाहेक प्रतिवादीहरुबाट सामान किन्दा भएका कानून विपरितका काम निम्न अनुसार देखिन्छन् :-

(अ) प्रतिवादीहरुले सामान खरिद गर्दा अवलम्बन गरेको प्रकृया केवल प्रकृयागत त्रुटी मात्र नभई कानूनको जानी जानी उल्लंघन गर्ने दुस्कार्य हो भन्ने कुरा आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०२६ को नियम १९ अनुसार रु. ५०००।- भन्दा बढीको सामान किन्दा टेन्डर गर्नुपर्नेमा त्यसो नगरी टेण्डर छल्ने बदनियतले एउटै मितिमा, एउटै प्रकृतिका सामान, एकै ठाउँमा खरिद गर्दा पनि विभिन्न कोटेशन बनाई पटक पटक खरिद गरी जानी जानी नेपाल कानून उल्लंघन गरेकाबाट प्रमाणित हुन्छ । यो तथ्यलाई यज्ञप्रसाद थपलियाको प्रतिवेदनले पनि पुष्टि गरेको छ । अमलेखगन्ज स्टोरबाटै २०३७।४।१३ मा छवटा कोटेशनबाट रु. २९,६३८।- को सामान र ०३७।४।२६ मा नौवटा विलका रु. ४४,४५०।५० भुक्तानी दिइएबाट प्रतिवादीहरुको बदनियत पुष्टी भै रहेको छ । जो मागदावी अनुसारको कसूर हो ।

(आ) सीमित अवस्थामा दरभाउ पत्रद्वारा खरिद गर्न सकिने भएपनि त्यसको औचित्य खुलाउनु पर्ने, सूचिकृत फर्मबाट खरिद गर्नुपर्ने र एक तहभन्दा माथिको अधिकृतको स्वीकृति लिएरमात्र गर्नुपर्नेमा जानी जानी सो को वर्खिलाप कार्य गरिएको छ ।

(इ) नक्कली कोटेशन र विलहरु वनाई सामान खरिद गरेको भन्ने कुरा कारोवार भएको २१ मध्ये ८ वटा नक्कली फर्म भन्ने वाणिज्य विभागको पत्रले स्पष्ट गरेबाट यस्तो गम्भीर बदनियतलाई केवल प्रकृयागत त्रुटी भनी मान्ने अवस्था देखिन्न । यी तथ्यले पनि प्रतिवादीहरुले बद्नियतपूर्ण कार्यको थप पुष्टी गरेको छ । यस्ता गलत र गैरकानूनी कार्यहरु भएको भन्ने कुरा विद्यालाल प्रधान र भरतमणी जंगमले अदालतमा उपस्थित भै गरी दिएको वकपत्रले थप पुष्टी भै रहेको छ । २०३७ सालको आषाढ महिनामा ३ वटा फर्मलाई मात्र रु. ७५५२०१।-

र २०३७।४।२३ देखि २०३७।४।२९ सम्म एक हप्तामा ७५ वटा खरिद आदेश तथा विल बनाई दुई विक्रेताबाट रु. ३७०३४८।२५ को सामान खरिद गरेको कुराले र प्रतिवादीले खरिद गरेको ठूलो परिणामको सामानहरुले कानूनलाई मनपरी ढंगले आफुखुसी खेलाँची रुपमा प्रयोग गरी कसूरजन्यकार्य गरेको भन्ने निर्विवाद रुपमा स्थापित भै रहेको छ ।

(ई) सामान माग फारम भराएर माग अनुसारको सामान खरिद गरी स्टोर दाखिला गर्नुपर्नेमा सो काम जानी जानी नगर्नु, आवश्यकता नै पहिचान नभै सामानहरु खरिद गरेको बाहानामा अनावश्यक सामानहरु अनाहकमा स्टोरमा जम्मा गर्नु, सामान मौज्दात हुँदा हुँदै पनि विनाकारण सामान कोटेशनबाट खरिद गरी प्रचलित आर्थिक प्रशासन सम्बन्धी कानूनको वर्खिलाप कार्य गर्नु, स्तरहीन र खिया लागेको सामानहरु खरिद गरी सरकारी रकमको दुरुपयोग गर्नु, एउटा उद्देश्यको लागि विदेशी सरकारले दिएको सहायतालाई उद्देश्य विपरित खर्च गर्नु, विदेशी राष्ट्रसंग भएको संझौताको कुनै ख्यालै नगरी मनमानी ढंगले कार्य गरी चरम आर्थिक दुरुपयोग र कसूरजन्य कार्य गर्नु जस्ता कार्यहरुलाई विशेष अदालतबाट फैसला गर्दा प्रकृयागत त्रुटी मात्र भनी हल्का ढंगले विश्लेषण गर्ने कार्य आफैमा त्रुटीपूर्ण भएकाले बदरभागी छ ।

(ग) उल्लेखित गैरकानूनी र त्रुटीपूर्ण कृयाकलापमा स्टोर किपर खरिदार राजकृष्ण श्रेष्ठको प्रत्यक्ष संलग्नता देखिएको छ । यस अवस्थामा केवल आर्थिक वर्ष २०३६।३७ को विगोमा निजको संलग्नता नदेखिएको भन्दै सफाई दिने गरी भएको फैसला आफैमा त्रुटीपूर्ण भएकोले कसूर मागदावी बमोजिम हुनुपर्ने स्पष्ट छ ।

२२. *गोर्खा जिल्ला बुङकोट घर भै हाल काठमाडौं जिल्ला, का.म.पा.वडा नं. ७ चावहिल बस्ने तत्कालीन मन्त्री चिरञ्जीवी वाग्ले.....*

चिरञ्जीवी वाग्लेको छोरा ऐ.ऐ. बस्ने देवेन्द्र वाग्ले ..... समेतको गैरकानूनी रुपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको मुद्दा ।

फैसला मिति : २०६१।४।७

फैसलाका आधारहरु :

(क) प्रतिवादी देवेन्द्र वाग्लेलाई सावित भ्रष्टाचार निवारण ऐन, २०१७ (यसपछि 'सावित ऐन' भनिएको) को दफा १६क तथा प्रचलित भ्रष्टाचार निवारण ऐन,२०५९ (यसपछि 'प्रचलित ऐन' भनिएको) को दफा २२ को प्रतिवन्धात्मक वाक्यांस बमोजिम मुख्य अभियुक्त प्र. चिरञ्जीवी वाग्ले सरह नै सजाय हुने मतियार कसुरदार हुनाले सोही अनुसार सजाय गरी पाऊँ भनी मागदावी भएकोमा "चिरञ्जीवी वाग्लेको अवैध सम्पत्ति आर्जन गर्ने कार्यसँग यी प्रतिवादी देवेन्द्र वाग्लेको यो यस प्रकारको सम्लग्नता रहेको वा सो कार्यमा प्रतिवादी चिरञ्जीवी वाग्लेलाई यो यस प्रकारको सघाउ पुऱ्याई मतियारको भूमिका निर्वाह गरेका हुन भनी वादी पक्षले स्पष्ट अभियोग लगाउन सकेको छैन ।" भन्ने आधारमा सफाई दिइएको ।

(ख) प्रतिवादीहरुका नाममा रहेको अचल सम्पत्ति/जग्गाको मूल्य अनुसन्धानको क्रममा कायम भएको आधारमा विगो कायम गरी दावी गरिएकोमा "जग्गा खरिद गरेको मितिभन्दा धेरैपछिको चलन चल्तीको मूल्यमा मूल्यांकन गरी विगो कायम गरेको" नमिल्ने भन्ने आधारमा खरिद गर्दाको लिखतमा उल्लेख गरिएको मूल्यलाई विगो कायम गरी सो बमोजिम मात्र सजाय गरिएको ।

पुनरावेदनका आधारहरु :

(क) पूर्व मन्त्री चिरञ्जीवी वाग्लेले सार्वजनिक पदमा रहँदा आफ्नो वैध आयस्रोतसँग अमिल्दो र अस्वभाविक सम्पत्ति आर्जन गरेको भन्ने अभियोगमा निज उपर र निज प्रतिवादी चिरञ्जीवी वाग्लेले भ्रष्टाचार गरी सम्पत्ति आर्जन गर्ने कार्यमा निजका छोरा प्रतिवादी देवेन्द्र वाग्लेले मतियारको कसूर गरेको भनी प्रतिवादी चिरञ्जीवी वाग्ले सरह नै सजाय गरी पाऊँ भनी आरोपपत्रमा माग दावी लिइएको हो ।

(ख) कसूर गर्ने अभियुक्तलाई कसूर गर्न सहयोग गर्ने वा साथ दिने वा परिबन्द मिलाई दिने व्यक्तिलाई नै कसूरको मतियार मान्नु पर्ने हुन्छ । प्रचलित ऐनको दफा २२ को उद्देश्य पनि सोही कसूर गर्न सहयोग गर्ने वा परिवन्द मिलाउनेलाई सजाय गर्ने नै हो । कसूर गरी आर्जन गरेको सम्पत्ति निजको नाममा रहेको कारणले मात्र निजलाई मतियार बनाइएको होइन ।

(ग) मतियारको भूमिका (कसूर गर्न साथ दिने वा सहयोग गर्ने वा परिबन्द मिलाउने) सबै कसूरमा एकै प्रकृतिको हुने गर्दैन । कसूरको प्रकृति अनुसार मतियारको भूमिका पनि फरक हुन सक्दछ । खास प्रकारको कार्य वा घटना गरी गरिएको कसूरमा मतियारको भूमिका पनि यो कार्य गर्न यसरी सहयोग गरेको वा परिवन्ध मिलाएको भनी किटान गर्न सकिने हुन सक्दछ तर प्रस्तुत मुद्दामा प्रतिवादी चिरञ्जीवी वाग्ले विरुद्ध लगाइएको प्रचलित ऐनको दफा २० अन्तर्गतको कसूर खास प्रकारको (Specific) घटना वा कार्यसँग सम्बन्धित नभै सार्वजनिक पदमा रहँदा निजले बैध रुपमा प्राप्त गरेको आयस्रोतसँग अमिल्दो र अस्वाभाविक सम्पत्ति (Disproportionate property) भएको हुनाले आरोपको सम्बन्ध नै खास कार्यसँग नभए पछि सोही अनुरुप मतियारको भुमिका पनि निर्दिष्ट र किटान गर्न सकिने प्रकृतिको हुन नसक्नु स्वभाविक हो । यस प्रकृतिको कसूर सम्बन्धी दाबीमा यसप्रकारले सहयोग गरेको भनी निर्दिष्ट कार्य किटान गर्नु सम्भव तथा आवश्यक पनि छैन ।

(घ) गैरकानूनी आर्जनको भनी दावी गरिएको सम्पत्ति आर्जन भएको समयमा निज देवेन्द्र वाग्ले निजका पिता चिरञ्जीवी वाग्लेसँग सगोलमा रहेका, सम्पत्ति आफुले आर्जन गरेको भनी दावी गरेका र निजले व्यवसाय गरी आर्जन गरेको भनी उल्लेख गरेको, बाबुका नाममा रहको प्राडो गाडी, आमाका नाममा रहेको जग्गा घर समेत आफ्नै आर्जनको भनी दावी गरेको समेतबाट अवैध सम्पत्ति आर्जन गर्न निजले सक्रिय सहयोग पुऱ्याएको तथा परिवन्ध मिलाएको स्वतः पुष्टि हुन्छ । निजको अवस्था अन्य प्रतिवादीहरु शान्ता देवी वाग्ले तथा अन्जु शर्मा वाग्लेको भन्दा नितान्त फरक छ । अतएव, प्रचलित ऐनको दफा २० को कसूरमा सहयोग पुऱ्याउने मतियारको भूमिका यसप्रकारको कार्य गरी सहयोग पुऱ्याएको भनी किटान हुनु जरुरी नभएको हुनाले निजलाई सफाई दिँदा विशेष अदालतले उल्लेख गरेको आधार र कारण त्रुटीपूर्ण छन् ।

लिखत मूल्यका आधारमा विगो कायम गरिएको सम्बन्धमा लिइएको पुनरावेदन जिकिर निम्नानुसार छ -

(क) प्रचलित ऐनको दफा २० को उपदफा (२) लगायत विभिन्न दफाहरुमा विगो बमोजिम जरिवाना गर्ने प्रावधान रहेका छन् । ऐनका अन्य दफाहरुमा उल्लेख भएको विगोको सम्बन्ध हानी नोक्सानी पुगेको वा रिसवत लिएको वा फायदा पुऱ्याएको विगोको रकमसँग छ र कुन कार्य गरेबाट कसुर हुन गयो सो पनि प्रष्ट हुने अवस्था छ । तर प्रस्तुत मुद्दा सार्वजनिक पदाधिकारीले पदमा रहँदा आर्जन गरेको बैध आयस्रोतसँग नमिल्दो सम्पत्तिसँग सम्बन्धित भएको तथा कुन मितिमा आर्जन गरेको कुन सम्पत्तिमा स्रोत पुष्टी भयो कुनमा पुष्टी भएन भन्ने किटान नभै सार्वजनिक पदमा रहँदाको सम्पूर्ण अवधिभर आर्जन गरेको (Accumulated property) सँग सम्बन्ध भएको हुनाले जग्गा खरिद गर्दाको लिखतमा अंकित मूल्यसँग सो को सम्बन्ध छैन । अनुसन्धान गर्दा कायम भएको मूल्य कै आधारमा निजको वर्तमान आर्थिक हैसियत तुलना गरी अस्वाभाविक आर्जन हो वा होइन भनी यकिन गर्नु पर्ने विषय भएको हुनाले चलन चल्तीको विगोलाई नै प्रचलित ऐनको दफा २०(२) को प्रयोजनको लागि विगो मान्नु कानूनसंगत र तर्कसंगत हुन्छ । प्रस्तुत मुद्दामा लिखतको मूल्यलाई नै सम्पत्तिको मूल्य मानी विगो कायम गर्नु त्रुटीपूर्ण हुन्छ ।

(ख) प्रचलित ऐनको दफा ४७ मा भ्रष्टाचार गरेको मानिने कुनै कार्य गरी आर्जन गरेको सम्पत्ति र सोबाट बढे बढाएको सम्पत्ति जफत हुने प्रावधान छ । साथै त्यस्तो सम्पत्ति अन्यत्र हस्तान्तरण गरिसकेको रहेछ र हस्तान्तरण गर्दा थैली कायम भएको रहेछ भने सो रकम कपाली सरह हुने व्यवस्था रहेको छ ।

"बढेबढाएको सम्पत्ति" भन्नाले सम्पत्तिबाट प्राप्त हुने व्याज, लाभांश, सेयर आदिको बढेको मूल्य, घर वहाल तथा समयका प्रभावले बढेको दर भाउ, मूल्य समेतलाई मान्नु पर्ने हुन्छ । साविकमा (आर्जन गर्दा) कायम भएको मूल्यलाई मात्र विगो मान्ने हो भने सोबाट बढेबढाएको वा समय वा परिस्थितिका प्रभावबाट बढेको मूल्यको लाभ वा फाइदा गैरकानूनी कार्य गर्ने व्यक्तिले पाउने अवस्था पर्दछ । गैरकानूनी कार्य गरी सम्पत्ति आर्जन गर्ने कसूरदारलाई सो सम्पत्तिबाट बढेबढाएको सम्पत्तिको लाभ वा फाइदा लिन दिनु कानूनको उद्देश्य होइन । यसर्थ, मुद्दा दायर गर्दा कायम भएको चलन चल्तीको मूल्यलाई नै प्रचलित ऐनको दफा २०(२) को प्रयोजनको लागि विगो मान्नु तर्क संगत र कानूनसंगत हुने हुनाले लिखतमा भएका मूल्यलाई विगो कायम गरेको फैसला त्रुटीपूर्ण छ ।

२३. म्याग्दी जिल्ला, दरवाङ्ग गा.वि.स.वडा नं. ३ घर भई जिल्ला विकास समितिको कार्यालय, दोलखाका तत्कालीन स्थानीय विकास अधिकारी गजेन्द्र थकाली

दोलखा जिल्ला, मेलुङ्ग गा.वि.स.वडा नं. १ घर भई जिल्ला विकास समिति दोलखाका तत्कालीन क्षेत्रीय सदस्य हरिबहादुर कार्की

ललितपुर जिल्ला, ललितपुर उप-महानगरपालिका वडा नं. ४ वस्ने अटोड्रिल केयर इण्टरप्राइजेज पट्टीपा रिङ्गरोड ललितपुरका अर्जुन सिंह श्रेष्ठ..... मर्मत नै

नगरिएको कोमात्सु डोजर मर्मत गरेको भनी अख्तियारको दुरुपयोग गरी भ्रष्टाचार गरेको मुद्दा ।

फैसला मिति : *२०६०।९।२५*

फैसलाको प्रकृति

प्रतिवादीहरुलाई सफाइ दिने गरी भएको ।

फैसलाका आधारहरु :

(क) वादी पक्ष स्वयंले विवादको डोजर मर्मत भएको छैन भनी स-प्रमाण दावी लिन नसकेको,

(ख) मिसिल कागजातबाट डोजर मर्मत कार्य हुँदै नभएको भन्न सकिने अवस्था नरहेको,

(ग) भ्रष्टाचारको कसूर हुनका लागि आर्थिक अनुशासन उल्लंघनका साथै आर्थिक लाभ हानी पुऱ्याइएको हुनुपर्ने तर प्रतिवादीहरुबाट नै आर्थिक अनुशासन उल्लंघन भएको अवस्था नरहेको,

(घ) डोजर मर्मतको वास्तविक खर्च अनुसन्धानबाट यकीन गरी दावी गर्न नसकेको ।

पुनरावेदनका आधारहरु :

(क) स्थानीय विकास मन्त्रालय मार्फत सडक विभागबाट जिल्ला विकास समिति, दोलखालाई कोमात्सु डोजर उपलव्ध गराइएको हो । उक्त डोजर मर्मत रकमको अभावमा सञ्चालनमा ल्याउन नसकिएको भन्ने कुरामा विवाद छैन । तर उक्त डोजर सडक विभागबाट जिल्ला विकास समिति, दोलखाका लागि उक्त कार्यालयका स्थानीय विकास अधिकारी गजेन्द्र थकालीले मिति २०५३।९।२८ को हस्तान्तरण फारामबाट बुझ्दा "मर्मत गर्नु पर्ने" भन्ने सम्म खुलाएको देखिन्छ । तत्काल प्रचलित आर्थिक प्रशासन सम्बन्धी नियमहरु, २०४२ को नियम ११ (३) बमोजिम मालसामान प्राप्त गर्दाको यथार्थ अवस्था देखिने गरी खुलाई प्रमाणित गराई लगत खडा गर्नुपर्नेमा सो बमोजिम गरिएको छैन । यसले गर्दा डोजरको मर्मत गर्नुपर्ने भागहरु के-के थिए ? डोजर बुझ्दा त्यसको अवस्था कस्तो थियो ? स्पष्ट देखिँदैन । डोजर बुझ्दा जे जस्तो अवस्थामा मालसामान प्राप्त भएको हो सो नखुलाई "मर्मत गर्नु पर्ने" मात्र उल्लेख गरी वास्तविक अवस्था प्रष्ट नपारिएको कुराले प्रतिवादीहरुको बद्नियतलाई पुष्टि गरेको छ ।

(ख) प्रतिवादीहरुले जिकिर लिए जस्तो रुपमा डोजर मर्मत गरिएको भए डोजर जस्तो हेभी इक्यूप्मेन्ट मर्मत गर्नका लागि आधिकारिक सूचना प्रकाशित गरिएको हुनु पर्थ्यो । सामान मर्मत गरेर फेरिए पछि त्यसका पुराना सामानहरु हुनुपर्थ्यो र त्यस्ता सामानहरु स्वाभाविकरुपमा खर्च भएर नजाने जिन्सी सामानहरु हुँदा त्यस्ता सामान स्टोर दाखिला पनि हुनु पर्थ्यो । तर प्रस्तुत मुद्दा अनुसन्धान हुँदा प्रतिवादीहरुले डोजर

मर्मतका लागि आधिकारिक सूचना प्रकाशन गरेको भन्ने दावी गर्न सकेको पाईदैन भने अनुसन्धानबाट पनि त्यो कुरा खुल्न आएको छैन । यसैगरी मर्मत भएपछि डोजरका पुराना सामान स्टोर दाखिला भएको पनि देखिँदैन । यसबाट वास्तवमा डोजर मर्मत गरेको नभै डोजर मर्मत गरेको देखाउने प्रयास गरेको स्पष्ट हुन्छ ।

उल्लिखित वस्तुस्थिति देखिइरहेको अवस्था र उजुरी प्रतिवेदनमा उल्लिखित कुराहरुलाई स्पष्टरुपमा देखाइएको अवस्था हुँदा डोजर मर्मत भएको होइन भन्ने र उक्त मर्मत कार्य हुँदै नभएको भन्ने तथ्य स्थापित भै रहेको छ । उक्त वस्तुस्थिति र उजुरी प्रतिवेदनमा उल्लेख गरिएका स्पष्ट कुराहरुलाई सोही रुपमा स्वीकार नगर्नु पर्ने कारण मिसिलबाट नदेखिएको अवस्थामा वादी पक्ष स्वयंले डोजर मर्मत भएको छैन भनी दावी लिन नसकेको र डोजर मर्मत कार्य हुँदै नभएको भन्न सकिने अवस्था नरहेको भनी गरिएको फैसला त्रुटीपूर्ण हुँदा बदरभागी छ ।

(ग) त्यसबाहेक मिसिलमा रहेका निम्न तथ्यहरुले पनि डोजर मर्मतको काम वास्तवमै नगरिएको कुरालाई स्थापित गरिरहेका छन् -

१. डोजर बुझ्नु भन्दा पहिले नै मिति २०५३।८।६ मा प्रतिवादी हरिवहादुर कार्कीले प्र. गजेन्द्र थकाली समक्ष दिएको निवेदनमा "डोजर मर्मत.....गर्न लाग्ने पार्टपूर्जाको लिष्ट यसैसाथ.....पेश गरेको छु । लिष्ट अनुसारको सामानको कोटेशन माग्ने काम भएको व्यहोरा अनुरोध गर्दछु" भन्ने उल्लेख गरिएकोबाट डोजर मर्मतका नाममा रकम निकाल्ने परिपञ्च यी प्रतिवादीहरुले पहिलेदेखि मिलाएको भन्ने देखिन्छ ।

२ कथित मर्मत गरिएको भनिएको डोजर पठाई दिन भनी प्र. अर्जुन सिंह श्रेष्ठको प्रोप्राइटरसिपमा रहेको अटोड्रिल केयर इन्टरप्राइजेजलाई मिति २०५४।४।१ मा मात्र जिल्ला विकास समिति, दोलखाले पत्र लेखेको छ । तर उक्त डोजर मर्मत भएको भन्ने रकमको भूक्तानी डोजर कार्यालयमा आउनु पूर्व नै मिति २०५४।३।२९ मा नै दिइएको छ । यसबाट डोजर मर्मत गरिएको कुरा कागजमा मात्र देखाउन खोजिएको स्पष्ट छ ।

३. डोजर जस्तो ठूलो यान्त्रिक उपकरण मर्मत गर्दा अपनाउनु पर्ने कानूनी प्रक्रिया केही पनि पूरा गरिएको छैन । कानूनी प्रकृया नपुऱ्याउनु स्वयंमा गैरकानूनी कार्य हो भने कानूनी प्रकृया पुऱ्याई सार्वजनिक जानकारीमा ल्याएर काम नगरी अनियमित काम गर्नु प्रतिवादीको बदनियतको स्पष्ट उदाहरण हो ।

४. डोजर मर्मतको काम गर्नका लागि गरिएको कथित सम्झौताको दशौं बुँदामा "मर्मत कार्य सम्पन्न भएपछि कार्यालयमा बुझाउँदा मर्मत कार्य सम्पन्न भै सकेपछि डोजरको अवस्था सन्तोषजनक भएको र स्टमेट बमोजिम मेसिनरी पार्ट गुणस्तरयुक्त भएको भन्ने मेकानिकल इन्जिनीयरबाट प्रमाणित भएको कागजात पेश गर्नु पर्ने छ" भन्ने उल्लेख भएको छ । तर, त्यसबमोजिम प्रमाणित कागजात नै नराखी र डोजर नै नबुझाइएको अवस्थामा भूक्तानी दिइएकोबाट प्रतिवादीहरुबाट काम भएको देखाउन कागजात मात्र तैयार पारिएको स्पष्ट छ ।

उल्लिखित सबै तथ्यहरुलाई प्रस्तुत मुद्दा फैसला गर्दा वेवास्ता गरिएको छ । त्यसकारण प्रस्तुत मुद्दाको फैसला उल्लिखित तथ्यको रोहमा त्रुटीपूर्ण भै बदरभागी छ ।

(घ) प्रस्तुत मुद्दा फैसला गरिँदा यस विषयको उजुरी जिल्ला विकास समिति, दोलखाले अख्तियारी दिए बमोजिम जि.वि.स.का तत्कालीन सदस्य भरत बहादुर के.सी.ले दिएको यथार्थतालाई वेवास्ता गरिएको छ । जिल्ला विकास समिति, दोलखाले आफूलाई सडक विभागले उपलव्ध गराउन लागेको यान्त्रिक उपकरण डोजर समेत मर्मत गर्न एउटा समिति गठन गरेको र उक्त समितिले गरेको काम अनियमित भएको भन्ने आधारमा उक्त कामका सम्बन्धमा उजुरी गरेको छ । यसआधारमा फैसलामा उल्लेख भए जस्तो यी प्रतिवादीहरुबाट आर्थिक अनुशासन उल्लंघन भएको अवस्था नरहेको भन्न सकिने स्थिति छैन । जिल्ला विकास समितिबाट वा त्यसका अन्य पदाधिकारीहरुबाट पहिले गरेका निर्णयहरुले प्रतिवादीहरुले पछि गरेका कामलाई स्वतः नै समर्थन गर्दैनन् । जिल्ला विकास समितिबाट जिम्मेवारी पाएपछि त्यस जिम्मेवारीलाई पालना गर्दा प्रतिवादीहरुले विश्वासघात गरेको अवस्था प्रस्तुत मुद्दामा देखिएको आधारमा नै प्रतिवादीहरु उपर मात्र उजुरी प्रतिवेदन दायर गरिएको हो । तसर्थ, आफूले गरेका कामका लागि प्रतिवादीहरुलाई जिम्मेवार ठहऱ्याउनु पर्ने तर्फ विचार नपुऱ्याइएको फैसला त्रुटीपूर्ण भै बदरभागी छ ।

(ङ) उल्लिखित सम्पूर्ण तथ्यहरुले डोजर मर्मत गरेका कागजातहरु खडा गरी भूक्तानी लिने दिने काम गरेको भन्ने स्पष्ट देखाएका छन् । यस अवस्थामा मर्मत नै नगरिएको डोजरको मर्मत गरिएको वास्तविक खर्च अनुसन्धानबाट यकीन गरी दावी गर्न नसकेको भन्ने आधारमा प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला त्रुटीपूर्ण हुँदा बदरभागी छ ।

यसर्थ, प्रतिवादीहरु तीनैजनालाई सफाई दिने गरी विशेष अदालत, काठमाडौंबाट भएको फैसला बदरगरी प्रतिवादीहरुलाई उजुरी प्रतिवेदन मागदावी बमोजिम सजाय गरिपाउन सम्मानित अदालत समक्ष सादर अनुरोध छ ।

२४. *जिल्ला सप्तरी फत्तेपुर गा.वि.स.वडा नं. ३ ठेगाना भई हाल का.जि.का.म.न.पा.वडा नं. ९ सिनामंगल कालिमाटी डोलमा बसोवास गर्ने तत्कालीन सूचना तथा संचार मन्त्री जयप्रकाश प्रसाद गुप्ता*

काठमाडौं जिल्ला धापासी -१ बस्ने सूचना तथा संचार मन्त्रालयका तत्कालीन का.मु.सचिव प्रभाकर अधिकारी .....

काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. १४ कुलेश्वर आवास क्षेत्र वस्ने तत्काल सूचना तथा संचार मन्त्रालयका डिभिजन इन्जिनियर पदमा कार्यरत सोहनबहादुर न्याछ्यो.....

भोजपुर जिल्ला पोखरे गा.वि.स.स्थायी ठेगाना भई हाल भक्तपुर कटुन्जेमा बस्ने तत्काल सूचना तथा संचार मन्त्रालयमा प्राविधिक अधिकृत पदमा कार्यरत अनुप नेपाल.....

धनुषा जिल्ला जनकपुर न.पा.वडा नं. १ ठेगाना भई कान्तिपुर टेलिभिजन नेटवर्क प्रा.लि.का निर्देशक कैलाश सिरोहिया .....समेत रहेको निजी क्षेत्रलाई टेरेष्ट्रियल

टेलिभिजन स्थापना/संचालन गर्ने इजाजत पत्रका सम्बन्धमा राखिएको सेक्यूरिटी वण्ड फिर्ता दिने सम्बन्धमा भ्रष्टाचार गरे भन्ने मुद्दा ।

फैसला मिति : २०६१।४।१५

फैसलाको प्रकृतिः

सफाइ दिने फैसला ।

फैसलाका आधारहरु :

(क) प्रस्ताव स्वीकार गर्ने अन्य प्रतिस्पर्धीहरुले ५% वण्ड राख्ने समेतको शर्त विरुद्ध आपत्ति उठाएका र उजुरवाजुर गरेका छैनन् । मूल्यांकन गलत वा पक्षपातपूर्ण छ भनी गुनासो गरेका छैनन् । त्यसले अन्य प्रतिस्पर्धीलाई हटाउन सेक्यूरिटी वण्ड (क्भअगचष्तथ द्मयलम० को रकम बढाएको भन्ने वुदासँग सहमत हुन सकिएन ।

(ख) इजाजतपत्रमा के कस्ता शर्त राख्ने भन्ने कुरा इजाजत पत्र दिने अधिकारी कै तजविजी अधिकार देखिन्छ । सूचनामा उल्लेख गरेका शर्त नराखेकोलाई भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(१) को कसूर मान्न नमिल्ने । उस्तै अर्को क्षबनभ ऋजबललभि को इजाजत पत्रमा पनि शर्त राखिएको छैन । शर्त नराखेबाट सरकारलाई गैरकानूनी हानी वा प्रतिवादीलाई गैरकानुनी लाभ पुगेको स्थिति देखिदैन । प्रस्ताव पेश गर्दा राखेको जमानत सरकारको सम्पत्ति होइन । यसैले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(३) को कसूर भन्न मिल्दैन ।

(ग) म्याद सकी कानूनी मान्यता नै शून्य भै सकेको सेक्यूरिटी वण्डबाट साहुले हक कायम गर्न नसक्ने भएको अवस्थामा फिर्ता लिने दिने कार्यबाट श्री ५ को सरकारलाई गैरकानूनी हानी भएको भन्न मिल्दैन ।

(घ) सेक्यूरिटी वण्ड पेश गर्दैमा श्री ५ को सरकारको हक श्रृजना भै हाल्ने होइन । यो श्री ५ को सरकारले प्राप्त गरी सकेको रकम पनि होइन । जुन रकम श्री ५ को सरकारको आफ्नो भै सकेको छैन, श्री ५ को सरकारको कोषमा छैन त्यसको वण्ड फिर्ता गरिनुबाट श्री ५ को सरकारलाई हानि भयो भन्नु हुदै नभएको धन गुम्यो भन्नु सरह हो । अर्कोतर्फ आफ्नो चिज आफैले फिर्ता लिनुबाट आफूलाई लाभ भएको भन्ने पनि हुदैन ।

(ङ) रु. २,५०,००,०००।- पूरै रकम राखेको भए गैरकानूनी लाभ भन्न सकिन्थ्यो तर रु. १२,५०,०००।- मात्र राखेको छ । बैंक लाई तिर्नु बुझाउनु पर्नेमा बुझाउनु पर्ने कमिशन पनि रु. ३,७५,०००।- मात्र हो । कमिशन बुझाउनु पर्नेमा बुझाउनु नपर्नेलाई पनि गैरकानूनी लाभको संज्ञा दिन मिल्दैन ।

पुनरावेदनका आधारहरु :

(१) (क) राष्ट्रिय प्रशारण ऐन, २०४९ को दफा ६ मा दूरसंचार सेवा संचालन गर्न इजाजत पत्र दिंदा शर्तहरु राख्न सकिने व्यवस्था छ । कानूनमा उल्लेख भएका शर्तको अतिरिक्त दफा ६ अन्तर्गत राखिने शर्त बन्देज पनि कानूनमा भए सरह कै मान्नु पर्ने हुन्छ । कानून सरह पालन गर्नु पर्दछ । कानूनले तोकेका सम्पूर्ण प्रकृया पुरा गरे पछि इजाजत पत्र दिने समयमा मात्र शर्त तोक्नु इजाजतपत्रको माग गर्नेका निमित्त

न्यायोचित हुन सक्दैन । इजाजत पत्रवालाले पालन गर्नु पर्ने शर्त, पुरा गर्नु पर्ने दायित्व र तिर्नु बुझाउनु पर्ने रकमहरु सूचना प्रकाशित गर्दै वा प्रस्ताव पेश गर्नु अघि नै जानकारी गराइएको हुनु पर्दछ । यो सही र न्यायोचित तरिका हो तथा कानूनी राज्यको भावना अनुकूलको कुरा हो ।

(ख) त्यस्तै इजाजतपत्र प्राप्त गर्नेले पाउने सुविधा वा छुट वा सहुलियत पनि के के हुन भन्ने कुरा निवेदक प्रस्तावकहरुलाई पूर्ण जानकारी हुनु पर्दछ । यसबाट सार्वजनिक कार्यमा पारदर्शिता हुन्छ, इजाजतपत्रको अपेक्षा गर्नेले समान अवशर पाउन सक्दछन र स्वस्थ प्रतिस्पर्धा हुन जान्छ ।

(२) (क) सूचना तथा संचार मन्त्रालयले मिति २०५८।६।२२ मा गरेको निर्णयमा प्रस्तावकले लगानी गर्न चाहेका अंकको ५% सेक्यूरिटी वण्ड राख्नु पर्ने र तोकिएको अवधिमा काम सम्पन्न नभए जफत हुने शर्त रहेको र तदनुकूल नै प्रस्तावकलाई पत्र लेखी प्रस्ताव आह्वान गरिएबाट उक्त Security Bond सम्बन्धी शर्त काम सम्पन्न गर्ने अवधि (१८ महिना) सम्म कायम हुनु पर्ने शर्तको रुपमा रहेको प्रष्ट छ ।

(ख) कान्तिपुर टेलिभिजन प्रा.लि. ले उपरोक्त शर्तलाई स्वीकार गरी प्रस्ताव पेश गरेको हुनाले ती शर्त गैरकानूनी थिए भन्न सक्ने स्थिति छैन । शर्त अनुकूल नभएका अन्य प्रतिस्पर्धीका प्रस्ताव अस्वीकृत भएबाट पनि शर्तको वैधतामा कुनै विवाद देखिदैन ।

(ग) दफा ६ बमोजिम शर्त राख्दा के कस्ता शर्त राख्ने वा के सुविधा वा छुट दिने भन्ने विषय कानूनका अधिनमा रही निर्णय गर्ने अधिकारीको तजविजले निर्धारण गरिने विषय भएता पनि ती शर्तको उल्लंघन गर्नु वा पछि आएर शर्त नै हटाउनु गैरकानूनी र बदनियतपूर्ण कार्य हो भन्ने स्पष्ट छ ।

(घ) इजाजतपत्रमा पूर्व निर्धारित शर्त वन्देज उल्लेख नगर्नु र २०५९।१।५ मा सेक्यूरिटी बण्डको म्याद समाप्त भएपछि पनि अर्को बैध सेक्यूरिटी वण्ड राख्न नलगाउनुका कार्यले पूर्व निर्धारित शर्त वन्देज पालन नगर्नु स्वयंमा गैरकानूनी कार्य हो । सम्बन्धित अधिकारीले थप अवधिको लागि बैंक ग्यारेन्टी माग गर्न सक्नेमा सो नगरेबाट कान्तिपुर टेलिभिजनलाई कानूनतः पालन गर्नु पर्ने शर्त बन्देजबाट गैरकानूनी ढंगबाट छुट वा मुक्ति दिने मनसाय रहेको र व्यांक ग्यारेण्टीको पत्र फिर्ता दिई सो गैरकानूनी कार्यलाई पूर्णता दिएको स्थिति छ । अतएवः तजविजी प्रकृतिको अधिकार देखिएको भनी त्यसलाई उल्लंघन गर्दा कानून उल्लंघन नहुने अर्थ गरी विशेष अदालतले गरेको फैसला त्रुटीपूर्ण रहेको छ ।

(ङ) त्यस्तै, अर्को आवेदक इमेज च्यानेललाई इजाजतपत्र दिँदा पनि ती शर्त नराखेको सम्बन्धमा कारवाही गरिएन भन्ने आधारमा कान्तिपुर टेलिभिजनलाई शर्त मान्नु नै नपर्ने गरी गैरकानूनी तवरबाट मुक्ति दिएको कसूरलाई बैधता प्रदान गर्न मिल्दैन । इजाजतपत्रमा उल्लेख नगर्दैमा पूर्व निर्धारित शर्त निस्कृय हुने होइन । प्रस्तुत मुद्दा इजाजतपत्रमा शर्त राखिएन भन्ने विषयमा मात्र सिमित छैन ।

(३) (क) कान्तिपुर टेलिभिजनले प्रस्ताव पेश गर्दा राखेको सेक्यूरिट वण्ड श्री ५ को सरकारको अधिनमा रहेको विशेष शर्ताधीनको सम्पत्ति हो । यो रकम कान्तिपुर टेलिभिजनले जारी गराएको सेक्यूरिटी वण्डको रकम भएता पनि शर्त अनुसार काम सम्पन्न नभए श्री ५ को सरकारले जफत गर्नु पर्ने सम्पत्ति हो । यस अर्थमा सो सेक्यूरिटी वण्डको

रकम श्री ५ को सरकारको अधिन (Custody) मा रहेको धरौटी वा धन जमानतको रकम सरह हो । यस्मा सरकारको Custodial Right रहेको हुन्छ ।

(ख) विशेष शर्ताधीन सरकारको अधिनमा रहेको रकमलाई ती शर्त पूरा नहुदै वा काम सम्पन्न नहुदै फिर्ता गर्नु वा सरकारले जफत गर्न सक्ने अवस्थाबाट वन्चित गर्नु वा जफत गर्न पाउने रकम नै राख्न नलगाउनु सरकारलाई हानी नोक्सानी पार्नु सरह हो ।

(ग) समयमा काम सम्पन्न भएकोले सरकारले जफत गर्न सक्ने अवस्था नभएको भन्ने आधारमा काम सम्पन्न हुन वाँकी नै रहेको अवधिमा तत्काल पालन गर्नु पर्ने शर्तपालन नगरेको नगराएको र उल्लंघन गरेको कार्यलाई वैधता प्रदान गर्न मिल्दैन । कसूर गरेको दिनको स्थितिलाई हेरेर कसूर भएको हो वा होइन भनी निर्णय गरिनु पर्ने हुन्छ । कुनै कसूर बापत मुद्दा परेपछि कसूर सुधार गरेमा, भ्रष्टाचार गरी खाएको रकम फिर्ता गरेमा वा चोरीको धनमाल फिर्ता गरेमा सफाई पाउने अर्थ गर्दा फौजदारी कानूनको गलत अर्थ हुनजान्छ । मुद्दा परेपछि काम सम्पन्न भएको भनी अगाडी गरेको कार्यलाई वैध ठहर गरेको विशेष अदालतको निर्णय त्रुटीपूर्ण छ ।

(४) प्रतिवादीहरुले तत्काल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(१) र दफा ८ समेतको कसूर गरेको भनी आरोप पत्रमा दावी गरिएको छ । ऐनको उल्लेखित दफा ७(१) र ८ मा आफू वा अरु कसैलाई गैरकानूनी लाभ पुऱ्याउने कार्यलाई भ्रष्टाचारको कसूर मानी सजायको प्रावधान राखिएको स्पष्ट छ । १८ महिनासम्म सो वण्ड कायम राख्नु पर्ने कान्तिपुर टेलिभिजनले रु. ३,७५,०००।- रकम बैंक कमिसन बुझाउनु पर्ने हुन्थ्यो सो बुझाउन नपर्ने स्थिति पारी दिएको कार्यबाट त्यति नै अर्थात रु. ३,७५,०००।- रकम र सेक्यूरिट वण्डको सक्कल कागज फिर्ता दिएर कान्तिपुर टेलिभिजनले बैंकमा राखेको रु. १२,५०,०००।- रकम तत्काल फिर्ता पाउने परिवन्ध मिलाइदिएर कान्तिपुर टेलिभिजनलाई लाभ पुऱ्याउने कसूरजन्य कार्य प्र. कैलास सिरोहीयाको निवेदनका आधारमा प्रतिवादीहरुबाट भएको स्पष्ट हुँदा हुँदै कान्तिपुर टेलिभिजनलाई गैरकानूनी लाभ पुगेको भन्न नमिल्ने भनी गरेको विशेष अदालतको निर्णय कानून प्रतिकूल छ ।

(५) २०५८।६।२२ को निर्णयबाट पूर्व प्रस्तावहरुलाई मात्र पुनः प्रस्ताव पेश गर्न सूचना दिने निर्णय गर्नु, सवै शर्त सुविधा उल्लेख गरी सूचना सार्वजनिक नगर्नु, आर्थिक रुपमा अन्यभन्दा बढी सक्षम कान्तिपुर टेलिभिजनलाई मात्र सहयोग पुग्ने गरी शर्त राख्नु, इजाजतपत्रमा इजाजतपत्रवालाले पालन गर्नु पर्ने सेक्यूरिट वण्ड सम्बन्धी शर्त नराख्नु तर ५ वर्षसम्म त्यस्तै इजाजत अरुलाई नदिने शर्त राखिनु र अन्त्यमा विना आधार कारण कान्तिपुर टेलिभिजनलाई सम्पूर्ण पूर्व शर्त वन्देजबाट मुक्ति दिइनु समेतका कार्यबाट अन्य इच्छुक प्रस्तावकलाई पन्छाएर कान्तिपुर टेलिभिजनलाई नै इजाजतपत्र दिने र कान्तिपुर टेलिभिजनलाई गैरकानूनी फाइदा पुऱ्याउने समेतका पक्षपातपूर्ण र कानूनी विपरितका कार्यले प्रतिवादीहरुको वदनियत र गैरकानूनी कार्य स्पष्ट पार्दछ ।

(६) कानून सरह लागू हुने शर्त तोकी प्रस्ताव माग्नु, सो शर्त अनुकूल नभएका अन्य प्रस्तावकलाई अयोग्य घोषित गर्नु र इजाजत पत्र पाउने प्रस्तावकलाई चाही पूर्व निर्धारित शर्त नै पालन गर्नु नपर्ने परिवन्ध मिलाई दिने समेतको कार्यलाई गैरकानूनी र भ्रष्टाचारजन्य कार्य नमान्ने हो भने कानूनले शर्त राख्न सकिने र पालन गर्नु पर्ने

प्रावधान राख्नु नै अर्थहिन हुन्छ । कानूनको पालन गर्नु वा नगर्नु कानून लागू गर्ने अधिकारीको इच्छामा निर्भर रहन्छ भन्नु सरह हुन्छ ।

२५. *झापा जिल्ला शान्तीनगर गा.वि.स. १ वस्ने ग्रेट सिद्धार्थ इन्टरनेशनल ट्रेड कन्सर्नका प्रो.राजेन्द्र डाँगी.*

झापा जिल्ला अर्जुनधारा गा.वि.स.वडा नं. ६ बस्ने नारायण डाँगी.....
झापा जिल्ला घैलाडुब्बा गा.वि.स.१ घर भै झापा जिल्ला भद्रपुर नगरपालिकाका नेपाल बैंक अगाडी भद्रपुर बजार बस्ने भक्ती के.सी. ...
मोरङ्ग जिल्ला विराटनगर उप-महानगरपालिका वडा नं. २ बस्ने कृष्ण गिरी
काठमाडौं महानगरपालिका वडा नं. २७ त्यौड टोल बस्ने राष्ट्रिय बाणिज्य बैंक बानेश्वर शाखाका तत्कालीन प्रवन्धक श्रीकृष्ण श्रेष्ठ.
काठमाडौं महानगरपालिका वडा नं. ३५ मा बस्ने राष्ट्रिय बाणिज्य बैंक बानेश्वर शाखाका तत्कालीन एकाउन्टेण्ट मदनकुमार सिवाकोटी
मध्यपुर ठिमी नगरपालिका वडा नं. ४ नगदेश घर भै राष्ट्रिय बाणिज्य बैंक बानेश्वर शाखाका तत्कालीन वरिष्ठ सहायक महेन्द्रभक्त प्रधानाङ्ग रहेका भ्रष्टाचार (बैंक ठगी) मुद्दा ।

फैसला मिति : २०६१।३।२९

फैसलाको प्रकृति : सफाइ दिने फैसला ।

फैसलाका आधारहरुः-

(१) बैङ्कले शत प्रतिशत मार्जिनमा अर्थात् विदेशी मुद्दाको लागि आवश्यक पर्ने सम्पूर्ण रकम (नेपाली मुद्रा) भुक्तान गरेर एल.सी. खोलेको हुँदा यसबाट बैङ्कलाई घाटा व्यहोर्नु पर्ने अवस्था भएन । यो एक प्रकारको मौद्रिक कारोवार जस्तो मात्र हो । एल.सी. खोल्ने पार्टीको क्षमता, हैसियत, ख्याति आदि तर्फ ध्यान दिनु आवश्यक छैन ।

(२) नेपाल राष्ट्र बैङ्कको २०४९।१।२८ को परिपत्रमा एल.सी. को रकम संशोधन गर्न मनासिव माफिकको कारण भएमा गर्न सकिने व्यवस्था भएको तर प्रिन्टेड फर्ममा रकम बृद्धि गर्न मनासिव लागेको वा नलागेको व्यहोरा खुलाउनु अनिवार्य गरिएको देखिँदैन । सामान र मूल्यको बृद्धि पुष्टि हुने कागजात राखी संशोधन फर्म भरेको भए पुग्ने ।

(३) सम्बन्धित पार्टिले बैङ्कमा राखेको २% धरौटी फिर्ता गर्नु पर्दा आयात गरिएको सामान नेपाल भित्रिएको र भन्सार छुटाई लगेको व्यहोरा भन्सार अधिकृतले दस्तखत गरी भन्सार कार्यालयको छाप समेत लगाई प्रमाणित गरिदिनु पर्ने प्रावधान रहेको र त्यस्तो वि.वि.नि.फा.नं. ४ मा दस्तखत गर्ने भन्सार अधिकृतको दस्तखत यकिन गरी धरौटी फिर्ता दिनु पर्ने प्रावधान रहेकोमा पहिले २०५०।१०।२० को परिपत्रमा भएको सो व्यवस्थालाई पुनः २०५३।९।८ मा समेत परिपत्र गरिएको हुँदा पछिल्लो परिपत्र जारी हुनु अघि अघिल्लो परिपत्र अनुसार नगरिएको कार्य गैरकानूनी नहुने ।

(४) विदेशी विनिमय अपचलन गर्ने कसूरमा संलग्न अन्य प्रतिवादीसँग बैङ्कका कर्मचारीको मिलोमतो रहेको वा यो यति रकम खाएको भन्ने कुरा प्रमाणित हुन सकेन ।

पुनरावेदनका आधारहरुः-

(१) (क) विदेशी विनिमय वा विदेशी मुद्रा दुर्लभ राष्ट्रिय सम्पत्ति हो । विदेशी विनिमय प्राप्त गर्न उपयोग गर्न, संचित गर्न तथा अन्य प्रकारले कारोवार गर्ने सम्बन्धी कानूनी प्रावधान छन् । यी कानूनी प्रावधानको उल्लंघन गर्नु र तोकिएको प्रकृया पूरा नगर्नुलाई कानूनले दण्डनीय कसूर मानेको छ । विदेशी विनिमयको सदुपयोगबाट देशको आर्थिक तथा मौद्रिक नीतिमा सकारात्मक प्रभाव पर्ने, उद्योग व्यवसाय फस्टाउने तथा भुक्तान सन्तुलन सुदृढ तथा प्रभावकारी हुने कुरामा कुनै विवाद छैन । यसको विपरित विदेशी विनिमयको दुरुपयोग वा अपचलन भएमा मुद्रास्फिति बढ्ने, भूक्तान असन्तुलन हुने र सम्पूर्ण अर्थ व्यवस्थामा नै नकारात्मक प्रभाव पर्ने हुन्छ । यसर्थ विदेशी विनिमय विदेश मै प्राप्त गरेको भए पनि देशभित्र ल्याएपछि निश्चित अवधि भित्रै बैङ्कमा दाखिल गर्नु पर्ने, जुन प्रयोजनको लागि प्राप्त गरिएको छ सो वाहेक अन्य प्रयोजनको लागि उपभोग गर्न वा उपभोग नै नगरी राखिरहन नहुने समेतका दण्डनीय प्रावधान कानूनमा राखिएका छन् । विदेशी विनिमय कारोवार गर्ने बैङ्क वित्तिय संस्था वा व्यक्तिले ती कानून पालन गर्नु अनिवार्य हुन्छ यो कडाईसाथ पालन गर्नु पर्ने दायित्व भित्र पर्दछ । यस्को उल्लंघन दण्डनीय हुन्छ ।

(ख) शतप्रतिशत पूरा मार्जिन राखेर अर्थात पूरै रकम भुक्तान गरेर एल.सी. खोलेको कार्यलाई सामान्य मौद्रिक कारोवार जस्तो मात्र मान्नु पर्ने भनी विशेष अदालतबाट भएको व्याख्याले विदेशी विनिमय नियमित गर्न राज्यले बनाएको कानूनको भावना र प्रावधानलाई पराजित गरेको छ । विदेशी विनिमयको खरिद विक्रिलाई सामान्य खरिद विक्रिका सामान कै स्तरमा राख्ने अर्थ गरेको छ । कानूनले व्यवस्थित गरेका प्रकृया अनुसार मात्र गर्नु पर्ने कारोवारलाई कानूनको व्यवस्था छल्न सुविधा दिने गरी गैरकानूनी कार्यलाई प्रश्रय मिल्ने व्याख्या गर्न मिल्दैन । सम्मानित सर्वोच्च अदालतको व्याख्या र सिद्धान्त प्रतिकूल व्याख्या गरेको प्रष्ट छ ।

(ग) विदेशी विनिमय सही प्रयोजनको लागि मात्र प्रयोग गर्न सकियोस् भन्ने कुरा सुनिश्चित गर्न राष्ट्रिय बाणिज्य बैङ्क जस्तो संस्थालाई दिइएको जिम्मेवारीलाई राष्ट्रिय बाणिज्य बैङ्कलाई लाभ वा हानी भएको छ छैन भन्ने कुरासँग जोडनु कानूनको उद्देश्य प्रतिकूल तथा अप्राशंगिक कुरा हो ।

(घ) आरोपत्रमै ४,४७,०६० यू.एस.डलर बरावरको विदेशी विनिमय देशलाई नोक्सान भएको भनी दावी गरेको कुरालाई वास्ता नगरी राष्ट्रिय बाणिज्य बैङ्कलाई हानी नोक्सानी नपरेको भन्ने प्रसंगसँग गाँसेर प्रतिवादीलाई सफाई दिन मिल्ने होइन । बैङ्कका कर्मचारीले सर्तकता अपनाउनु पर्ने आवश्यकता राष्ट्रिय बाणिज्य बैङ्क बानेश्वर शाखालाई हानी नोक्सानी पर्दछ कि पर्दैन भन्ने विषयसँग मात्र सम्बन्धित छैन, त्यति ठूलो परिमाणको रकम अपचलन भएमा वा दुरुपयोग भएमा राज्यलाई हानी नोक्सानी पर्न सक्ने कुरासँग सम्बन्धित छ । अतएवः ४,४७,०६० यु.एस. डलरको अपचलनबाट देशलाई परेको नोक्सानीलाई वाणिज्य बैङ्कलाई नोक्सानी परे नपरेको कुरासँग गाँसी कर्मचारीलाई जिम्मेवारीबाट मुक्ति दिन मिल्ने होइन । आरोप पत्रको दावी राष्ट्रिय बाणिज्य बैंकलाई नोक्सानी परेकोले सो नोक्सानी राष्ट्रिय बाणिज्य बैंकलाई भराई पाउँ भन्ने नभई देशलाई नोक्सान परेको भन्ने हो । आरोपपत्रमा सो स्पष्ट छ ।

(२) (क) एकपटक एल.सी. खोलेपछि संशोधन गर्न नपाईने तर संशोधन गर्नु पर्ने मनासिव माफिकको कारण भएमा संशोधन गर्न सकिने व्यवस्था नेपाल राष्ट्र बैंकले मिति २०४९।१।२८ मा गरेको परिपत्रबाट देखिन्छ । संशोधन गर्दा लाग्ने व्याज वा दस्तुर बुझाउनु वा यति रकम बढी चाहिएको भनी सामानको प्रोफर्मा ईन्भ्वाइस पेश गर्नुलाई नै मनासिव माफिकको कारण मान्न सकिन्न । रकम संशोधन गर्न मनासिव माफिकको कारण भएमा र संशोधन गर्नु मनासिव देखिएमा मात्र के कति सामानका लागि के कति रकम संशोधन गर्नु पर्ने भनी रकम निर्धारण गर्न मात्र उक्त कागजात आवश्यक पर्ने हुन् । सामानको मूल्य लेखिएको कागज नै सामान किन्नु पर्ने मनासिव माफिकको कारण हुन सक्दैन । मनसिव माफिकको कारण हुनुपर्ने पूर्व शर्तलाई नै अनिवार्य रुपले पालन गर्नु नपर्ने प्रावधान हो भन्ने अर्थ गरी विशेष अदालतले स्पष्ट कानूनी व्यवस्थाको उल्लंघन गर्न र गैरकानूनी कार्य गर्नेलाई प्रोत्साहित गर्न सुविधा हुने गरी व्याख्या गरेका छ । यो त्रुटीपूर्ण व्याख्या बदरभागी छ ।

(ख) रकम संशोधन किन गर्नु पऱ्यो, शुरु मै किन बढी रकमको एल.सी. खोलिएन, एकै मितिमा २/२ पटक पनि रकम संशोधन गर्नु पर्ने कारण के पऱ्यो भन्ने समेतका कुरामा ध्यानै नदिई संशोधन गर्नु परेको मनासिव कारण उल्लेख नगरी, वस्तुगत प्रमाण पेश नै नगरी संशोधन गर्न गरिएको मागलाई कुनै कुरा विचारै नगरी संशोधन गरीदिएबाट नेपाल राष्ट्र बैंकले जारी गरेको परिपत्र (जुन पालन गर्नु अनिवार्य छ र सो विपरित गर्नु दण्डनीय हुन्छ) विरुद्धको कसूर भएको स्पष्ट छ । यस गैरकानूनी कार्यबाट सम्बन्धित फर्मका संचालक समेतका अन्य प्रतिवादीसँग बैङ्कका कर्मचारीको मिलेमतो भएको र विदेशी विनिमय अपचलन गर्ने उद्देश्य रहेको पुष्टि हुन्छ ।

(३) (क) सम्बन्धित पार्टीले एल.सी. खोली आयात गर्न लागिएको सामान आयात गर्न खोलिएको रकम २% रकम बैङ्कमा धरौटी राखिने र आयात गरिने सामान नेपाल भित्रिएको र भन्सार महसुल तिरिसकेको प्रमाण सम्बन्धित भन्सार अधिकृतले दस्तखतबाट प्रमाणित गरी भन्सारको छाप लगाई पठाएको वि.वि.नि.फा.नं. ४ बैङ्कमा प्राप्त भएपछि सो दस्तखत यकिन गरेर मात्र उक्त धरौटी फिर्ता दिनु पर्ने प्रावधान २०५०।१०।२० को नेपाल राष्ट्र बैंकको परिपत्रले गरेको छ । तर प्रस्तुत मुद्दामा सम्बन्धित पार्टीले पेश गरेको झुट्टा किर्ते कागजातका आधारमा सो धरौटी रकम फिर्ता दिइएको छ । भन्सार अधिकृतको नमूना दस्तखत प्राप्त भै नसकेको भन्ने बैङ्कका कर्मचारीको जिकिर भए तापनि पार्टीबाट त्यस्तो वि.वि.नि.फा.नं. ४ प्राप्त भए पछि सम्बन्धित भन्सार अधिकृतको सही हो होइन भनी पत्राचार गर्ने वा नमूना दस्तखत माग गर्ने वा अन्य माध्यमबाट वा फोनबाट सोधपुछ गरी यकिन गर्नु पर्नेमा सो गर्ने कुनै प्रयास पनि गरिएको छैन । वाध्यात्मक रुपले पालन गर्नु पर्ने कर्तव्यलाई उल्लंघन गरी तुरुन्त धरौटी रकम फिर्ता दिएको देखिनाले अन्य प्रतिवादीसँग गैरकानूनी कार्य गरी विदेशी विनिमय अपचलन गर्ने गराउने र नोक्सान पर्ने कार्यमा बैङ्कका कर्मचारीको मिलेमतो रहेका समेत पुष्टि हुन्छ ।

(ख) वि.वि.नि.फा.नं ४ मा भन्सार अधिकृतले गरेको दस्तखत यकिन गरेर मात्र धरौटी रकम फिर्ता दिनु पर्ने २०५०।१०।२० को नेपाल राष्ट्र बैंकको स्पष्ट निर्देशनलाई

उल्लंघन गर्ने यी प्रतिवादीलाई सफाई दिँदा विशेष अदालतले सोही व्यहोराको परिपत्र २०५३।९।८ मा पनि गरिएको भन्ने प्रसंगसंग जोडी सो २०५०।१०।२० को परिपत्रलाई पालन गर्नु नपर्ने प्रकृतिको भन्ने अर्थ गरेको छ । साथै भन्सार अधिकृतको दस्तखत यकिन गर्न नमूना झिकाउने वा पत्राचार गरेर वा अन्य तरिकाबाट यकिन गर्नु पर्ने कर्तव्य पालन नगरेको कार्यलाई भन्सारबाट नमूना दस्तखत नपठाएको हुँदा पालन नै गर्नु नपर्ने भन्ने आशयको अर्थ गरी दोष मुक्त गरिदिएको छ । बैंकका कर्मचारीले दस्तखत यकिन गर्न अनिवार्य रुपले पालन गर्नु पर्ने कर्तव्य निजहरुले पालन नगरेको स्पष्ट छ । एक पटक जारी गरेको परिपत्रलाई खारेज वा संशोधन नभएसम्म पालन गर्नु अनिवार्य हुन्छ । पछिको मितिमा थप वा संशोधन वा खारेजी भएको भन्ने आधारमा त्यस्तो परिपत्र वैध रहेको अवस्थामा उल्लंघन गरेको कार्यलाई कानूनसम्मत कार्य भन्न मिल्दैन । बैङ्कका कर्मचारीले दस्तखत यकिन गर्न प्रयास नगरी कानूनी कर्तव्य पुरा नगरेको कार्यलाई तिनै कर्मचारीलाई दोषमुक्ति दिने आधार बनाउनु अत्यन्त गम्भीर त्रुटी हो । धरौटी फिर्ता लैजाने प्रतिवादीलाई गैरकानूनी लाभ पुऱ्याउन गरिएको यो कसूरमा बैङ्कका कर्मचारी र अन्य प्रतिवादीको परस्पर मिलोमतो नभएको भए कानून पालन गर्नु पर्ने कार्य पुरा गर्न कुनै प्रयत्न नै नगरी धरौटी रकम फिर्ता दिनु पर्ने जरुरत थिएन ।

(ग) विदेशी विनिमय अपचलन सम्बन्धी मुद्दामा प्र. राजेन्द्र डांगी समेतलाई सजाय भै सकेको भन्ने आधारमा प्रस्तुत भ्रष्टाचार मुद्दामा सफाई दिन मिल्ने होइन । विदेशबाट सामान आयात गर्ने वा आयातित सामान विक्री वितरण गर्ने कुनै प्रकारको अनुभव तथा आर्थिक क्षमता पनि नभएको केही दिन अघिमात्र दर्ता भएको फर्मका नाममा विदेशी विनिमयको एल.सी. खोल्न दिनु, नेपाल राष्ट्र बैंकको निर्देशन प्रतिकूल रकम संशोधन गरिदिनु समेतका गैरकानूनी तथा गैरजिम्मेवार कार्यबाट बैंकका कर्मचारीको अन्य प्रतिवादीसंग मिलोमतो रहेको र विदेशी विनिमय अपचलन गरी देशलाई हानी नोक्सानी पार्ने वदनियत रहेको स्पष्ट देखिएको हुँदा कर्मचारीले यति रकम खाए भनि पुष्टी नभएको समेत आधारमा सफाई दिएको निर्णय त्रुटीपुर्ण भै खारेजभागी छ ।

२६. *पर्सा जिल्ला सिर्सिया ३ घर भै का.म.न.पा.वडा नं ७, चावहिल बुलबुलेमा स्थायी वसोवास गर्ने शाही नेपाल वायुसेवा निगमको कार्यकारी अध्यक्ष रामाज्ञा चतुर्वेदी..*

ऐ.ऐ.बस्ने आशा चतुर्वेदी.....

ऐ.ऐ.बस्ने रितेश चतुर्वेदी..... .....

ऐ.ऐ.बस्ने अभिषेक चतुर्वेदी.....

ऐ.ऐ.बस्ने सुश्री अदिति चतुर्वेदी.....समेत रहेको गैरकानूनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको मुद्दा ।

फैसला मिति : *२०६१।१०।८*

फैसलाको प्रकृतिः-

केही हदसम्म अभियोग दावी ठहर गरिएको भएतापनि कृषि आय, सगोलको आम्दानी, घर भाडा, कमला कार्पेटको आय गणना तथा विगो अंक कायम गर्ने समेतका कुरामा वादी दावी प्रतिकूल ठहर गरी फैसला भएको ।

पुनरावेदनका आधारहरु

(क) विगोको अंक कायम गर्ने सम्बन्धमाः- भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० अन्तर्गतको कसूरमा गैरकानूनी आर्जनको सम्पत्तिको विगो बरावरको सजाय र कैद समेत हुने व्यवस्था छ । आयोगले प्रतिवादीको जुन र जति सम्पत्ति गैरकानूनी आर्जनको भनी दावी गरेको छ ती सम्पत्तिको हालको मूल्यलाई आधार मानी विगो कायम गरिएको हो । गैरकानूनी आर्जनको सम्पत्ति र सोबाट बढेबढाएको सम्पत्ति जफत हुने ऐनका प्रावधानको पृष्ठभूमिमा हालको मूल्यलाई आधार मानी विगो कायम गरिनु नै कानून सम्मत हुन्छ । तर सम्मानित विशेष अदालतले सम्पत्ति आर्जन गर्दाको समयको मूल्यलाई आधारमानी विगो कायम गरेको छ । गैरकानूनी सम्पत्ति आर्जनलाई सोही परिमाणबाट दण्डित गर्नु कानूनको मनसाय हो । विगतमा जति रकम गैरकानूनी रुपबाट प्राप्त गरिएको हो सो रकमबाट जोडिएको सम्पत्तिको हालको मूल्य धेरै बढी हुने हुनाले हालको मूल्यलाई आधारमानी जरिवाना नगरेमा गैरकानूनी रकमबाट बढे बढाएको सम्पत्ति वा त्यस्तो सम्पत्तिको हालको बढेको मूल्यको केही अंशले मात्र नै जरिवानाको रकम पुग्न सक्ने हुन्छ । यसबाट गैरकानूनी आर्जनको विगोको परिमाण बराबर दण्ड गर्ने कानूनको उद्देश्य पराजित हुन्छ । हालको मूल्यबाट कायम गरिएको विगोलाई गैरकानूनी रुपमा आर्जन गरेको सम्पत्तिको विगो मान्नु समेत कानून संगत हुन्छ । अतएव विशेष अदालतले गैरकानूनी आर्जनको भनी ठहर गरेको सम्पत्तिको विगो हालको मूल्यको आधारमा कायम गरी तदनुकूल कानून बमोजिम सजाय गरिपाउँन पुनरावेदन गरिएको ।

(ख) खेतिपातिबाट हुने आय गणना सम्बन्धमाः- आरोपपत्रमा प्रतिवादीले पैत्रिक सम्पत्तिको रुपमा अंश बापत प्राप्त गरेको जग्गा र बैध आय स्रोतबाट खरिद गरिएको जग्गाबाट हुने आयलाई भरपर्दो प्रमाणको अभावमा यत्ति नै हुने भनी किटान गर्न नसकिने हुँदा प्रत्येक वर्षको आय अंक किटान नगरी खेतिपातीको आय र अन्य केही आय समेत गरी प्रतिवादीका छोरा छोरीलाई भारतमा पढाउँदा लागेको खर्च रु. ९,९०,४००।- सो आय समेतबाट भएको भनी श्रोत खुलेको आय मानेको हो । २०३२ साल देखि नै सरकारको स्वामित्वमा रहेका संस्थामा नोकरी गर्ने प्रतिवादी तथा निजका परिवार खेतीयोग्य जग्गा भएको स्थानभन्दा बाहिरै रहेका र कृषि कार्यमा नरहेको आधारमा निजले दावी गरे अनुसारको कृषि आय नहुने देखिएको हुँदा छोरा छोरी पढाउन गरेको उपरोक्त खर्चसम्म कृषि आय समेतबाट हुन सक्ने मानी आरोपपत्र पेश गरिएको हो । यस अतिरिक्त ठाउँमा ससाना घडेरीका रुपमा रहेका टुक्रा जमिनबाट एकमुष्ट कृषि आय भएको मान्न सक्ने आधार पनि छैन ।

विशेष अदालतले मोही लागेको जग्गाबाट हुने आय सरकारले तोकेको कुतवालीको आय बरावर मान्नु पर्ने भनी सही आधार लिएको भएता पनि आफु र आफ्नो परिवार कृषि कार्यमा नरहेका प्रतिवादीले मोही नभएको जग्गाबाट मोहीबाट प्राप्त गर्न सक्ने आयको दोब्बर आय प्राप्त गर्न सक्ने र थप हिउँदे बाली बापत समेत आय प्राप्त गर्न सक्ने अनुमान गरी कृषि आयको अंक कायम गरेको छ । यसैगरी वगैचाको र माछा पोखरीको वार्षिक आय भनी कायम गरिएको अंक तर्कसंगत नभै अनुमानको आधारमा कायम गरिएको छ । भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० अन्तर्गतको कसूरको मुद्दामा प्रतिवादीको बैध आय र निजको सम्पूर्ण सम्पत्तिको विचमा रहेको अन्तरलाई आरोपपत्रमा स्पष्ट पारिएको अवस्थामा आरोपपत्रमा उल्लेख गर्न छुट भएको आयस्रोत थियो र सो स्रोत बैध थियो भनी पुष्टि गर्ने भार प्रतिवादी माथि रहेको हुन्छ । अदालतले स्वयं अनुमान गरी आय कायम गरी दिन मिल्दैन । अतएवं, अदालतले खेतिपातिको आय भनी कायम गरेको आय त्रुटीपूर्ण हुँदा सो बदर गरिपाउँन पुनरावेदन गरिएको ।

(ग) सगोलमा रहँदाको कृषि आय सम्बन्धमा:- प्रतिवादी रामाज्ञा चतुर्वेदी २०४६ सालमा अन्य अंशियार सहितको सगोल परिवारबाट अंशवण्डा गरी अलग भएको तथ्यमा विवाद छैन । संगोलमा रहेको अवस्थामा पनि नोकरी, व्यापार वा कुनै पेशा गरी अलगै बस्ने गरेका अंशियारले पृथक निजी आयगरी सम्पत्ति जोडन सक्दछन् । यस्तो सम्पत्ति सामान्यत: निजकै आर्जनको मानिन्छ । तर सगोलको सम्पत्ति विक्री गरी वा सो सम्पत्तिबाट प्राप्त आयबाट श्रृजना हुने थप सम्पत्ति सामान्यत: घरमुलिकै नाममा रहने र अन्य कुनै अंशियारकै नाममा रहेको भएपनि अंशवण्डा गर्दा उल्लेख गर्ने गरिन्छ र भागवण्डा लाग्दछ । अंशवण्डा गरी नसेकका अंशियारलाई वार्षिक आय पृथक पृथक भागबण्डा गरी छुट्याई दिने गरिन्न । संयुक्त परिवारको सगोलको सम्पत्तिबाट बढे बढाएको सम्पत्ति पनि सगोलकै हिस्सा बन्न पुग्दछ । यसर्थ, सगोलमा हुँदाको कृषि आय प्रतिबादीले पृथक रुपमा प्राप्त गरेको र अन्य सम्पत्ति जोडेको भन्ने प्रतिवादीको भनाईलाई आयोगले स्वीकार नगरेको हो । अंशवण्डा हुनु अघि सगोल परिवारले खर्च गरी वचाएको जे जति चल अचल सम्पत्ति रहन्छ त्यो अंशवण्डा हुँदै सो आय समेत निजको भागबण्डामा परि सकेको मान्नु कानूनसम्मत र व्यवहारसम्मत कुरा हो । तर विशेष अदालतले २०३८ सालभन्दा अघिको कृषि उव्जनीको दरभाउ समेत २०३८ कै सरह अनुमान गरी तथा सगोलमा रहँदाको आय प्रतिवादीले पृथक रुपमा प्राप्त गरेको भनी आयमा समावेश गरी सो समेतबाट पृथक सम्पत्ती आर्जन भएको ठहर गरी संयुक्त परिवारको व्यवहार तथा अंशवण्डाको कानूनी आधारलाई उल्लंघन गरी त्रुटीपूर्ण फैसला गरेको छ । सो त्रुटीपूर्ण फैसला बदर गरिपाउँन पुनरावेदन गरिएको ।

(घ) बैध आय आर्जन र सम्पत्तिको सम्बन्धमा:- प्रतिवादी २०३२ सालदेखि नोकरीमा प्रवेश गरे पश्चातका १६/१७ वर्षसम्म निजले उल्लेख्य रुपमा सम्पत्ति प्राप्त गरेको देखिन्न । प्राप्त भएको आयमध्ये वचत हुनसक्ने आयलाई निजले जग्गा जमिन खरिद गर्न प्रयोग

गरेकै देखिन्छ । प्रतिवादीले जुन समयमा चल अचल सम्पत्ति जोडेको देखिन्छ सो अवधिमा निजसँग सो सम्पत्ति जोडन पुग्ने बैध आय आर्जन थियो कि थिएन भनी हेरिनु पर्ने हुन्छ । पछि प्राप्त भएका आयलाई एकमुष्ट हिसाव गरी सो अघि नै विभिन्न समयमा जोडेको सम्पत्तिको स्रोत पुष्टी भयो भन्न मिल्दैन । आयोगले प्र. रामाज्ञा चतुर्वेदीले २०४९ सालभन्दा अघि प्राप्त गरेका आयले खरिद गर्न सक्ने जग्गा र अन्य खर्चमा निजको आय उपयोग भएको आधारमा २०४९ साल अघि खरिद गरेको सम्पत्तिमध्ये रुपन्देही, भैरहवा न. पा. ८क (आरोपत्रको तालिका नं. १३ को क्र.सं. २६) को कि.नं. १६३६ को जग्गालाई र तत्पश्चात विभिन्न अवधिमा जोडिएको सम्पत्तिलाई पनि यो यति कारणबाट बैध आय स्रोत मान्न नमिल्ने भनी विश्लेषण गरी आरोपपत्र प्रस्तुत गरेकोमा बिशेष अदालतले निजको सेवा कालका पछिल्ला वर्षहरुमा भएका आय रकमलाई सो अवधि अघि नै जोडेको सम्पत्ति आर्जन गर्ने स्रोत मानी त्यस्ता सम्पत्ति र सोबाट बढेबढाएका (घरभाडा, कृषी आय आदि) आयलाई पनि बैधस्रोत मानी मनोगत ढंगबाट आय कायम गरी त्रुटीपूर्ण फैसला गरेको छ ।

आरोपपत्रमा प्रतिबादीले सार्वजनिक पदमा विभिन्न निकायमा कामगर्दाको अवधिमा आर्जन गरेको रकम र सोही अवधिमा आर्जन गरेको सम्पत्तिसँग तुलनागरी स्रोत खुले नखुलेको यकिन गर्न विश्लेषण गरी छुटयाइएकोमा अदालतले प्रतिवादीको समग्र अवधिको आय स्रोतको अंक कायम गरी गोममटोल किसिमबाट आयस्रोत पुष्टि भएको भनी ठहर गरेको छ । अदालतको सो ठहर तथ्यगत विश्लेषणबाट पुष्टि हुन सकेको छैन । यसरी आरोपपत्रमा गरिएको स्रोत विश्लेषणलाई खण्डन गर्न सक्ने प्रमाण प्रतिवादीबाट पेश हुन नसकेको र यस्तो कुरा प्रमाणित गर्ने भार पनि निजको नै रहने कानूनी प्रावधानको आधारमा आरोपपत्रमा उल्लेख गरिए बमोजिम उल्लेखित सम्पत्तिलाई गैरकानूनी आर्जनको कायम गरिपाऊँ ।

(ङ) <u>कमला कार्पेटको आय सम्बन्धमा</u>:- कमला कार्पेटको स्थापना र संचालनमा रुपन्देहीको उल्लिखित कि.नं. १६३६ को जग्गा धितो राखी प्राप्त गरेको रकमलाई प्रतिवादीले स्रोत देखाएको हुनाले र सो कि.नं. १६३६ को जग्गा नै बैध आयस्रोतबाट खरिद गरेको पुष्टि नभएको देखिँदा कमला कार्पेटको कथित आयलाई बैध आयमा समावेश नगरेको हो । अवैध आयको स्रोतको प्रयोगबाट बैध आय आर्जन गरेको मान्न पनि मिल्दैन । फेरि अदालतमा प्रतिवादीले पेश गरेका कमला कार्पेटबाट प्र. आशा चतुर्वेदीले प्राप्त गरेको आय भनिएका प्रमाणलाई अदालत स्वयंले नै अस्वीकार गरी सकेको अवस्थामा कर तिर्नु पर्ने बाध्यता नभएको अवस्थाका र अन्य प्रमाणले समर्थन पनि नगरेका कागजातका आधारमा अदालतले कमला कार्पेटको आय भएको मानी बैध आय स्रोत कायम गरेको छ । कर कार्यालयमा पेश गरेका भनिएका कागजातको आय अंक कमला कार्पेटले घोषणा गरेको आय अंक भन्नेसम्म देखिएता पनि ती रकम कमला कार्पेटमा कहिले र कुन तरिकाबाट प्राप्त भएका थिए भन्ने कुराको प्रमाण छैन । कमला कार्पेटले आय आर्जन गरेको थियो भन्ने दावीलाई प्रमाणले समर्थन गरेको छैन । आफ्नो आयस्रोत पुष्टि गर्न प्रमाणमा लिन मिल्ने कागजात पेश गर्ने दायित्व प्रतिवादीको हो । प्रतिवादीले पुरा गर्न नसकेको दायित्व स्वयं अदालतले पूर्ति

गर्न मिल्दैन । अतएव: कमला कार्पेटले आय प्राप्त गरेकोबाट प्रतिवादीले प्राप्त गरेको भनिएको आय अंक कानूनसम्मत नहुनाले बदर गरिपाउँन पुनरावेदन गरिएको ।

(च) दाजु भाइबाट बक्सपत्रको लिखत बनाई प्राप्त गरेको जग्गा सम्बन्धमा:- प्रतिवादी रामाज्ञा चतुर्वेदी सरकारी स्वामित्व प्राप्त संस्थानको उच्च ओहदामा रही आर्थिक तथा परिवारका सदस्यको शैक्षिक स्थिति समेतबाट सम्पन्न रहेको अवस्थामा त्यस्तो किसिमको आर्थिक सम्पन्नता नभएका दाजुभाईले निजलाई दानवक्स दिनुको कारण नभएकोले सो दान बकस पाएँ भनिएको सम्पत्ति निजले खरिद गरेको हुँदा आरोपपत्रमा दाबी लिइएको हो । छुट्टै भिन्न भएको अंशियारले अर्को तथा आफु भन्दा सम्पन्न अंशियारलाई विना मूल्य सम्पत्ति दिनु स्वाभाविक मान्न मिल्दैन ।

तर विशेष अदालतले दाजुभाइ नाताका व्यक्तिले वक्सपत्र गरिदिएको भन्ने मात्र आधारमा सो सम्पत्ति (आरोपपत्रको तालिका नं. १३ को क्र.सं. १२, १३ का कि.नं. २१७ र ३५५, ३५६ का जग्गा) विनामूल्य प्राप्त भएका भनी ठहर गरेको छ । यस ठहरको तार्किक र कानूनी आधार समेत उल्लेख छैन ।

यसरी विशेष अदालतले स्वीकार गरेको आधारबाट सार्वजनिक पदमा रहँदा आर्जन गरेको सम्पत्तिबाट आफ्ना नजिकका नातेदारको नाममा सम्पत्ति खरिद गर्ने र पछि सो सम्पत्ति वक्सपत्रको माध्यमबाट आफ्नो वा आफ्नो परिवारको नाममा हस्तान्तरण गर्ने वा आफ्नो नातेदारको सम्पत्ति मूल्य तिरी खरिद गर्ने तर वकसपत्रको लिखतको माध्यमबाट प्राप्त गरेको देखाउने प्रचलनले प्रश्रय पाउँदछ । यसप्रकार वक्सपत्रको लिखतको आधारमा प्राप्त सम्पत्तिलाई बैध आर्जन मान्ने हो भने गैरकानूनी कार्यलाई कानूनी देखाउने दुषित प्रवृतिले बैधता पाउँछ । कानून छली गैरकानूनी आर्जनलाई बैध आर्जन देखाउने प्रबृत्तिमाथि नियन्त्रण गर्नु न्यायालयको पनि कर्तव्य हुनाले सो त्रुटीपूर्ण फैसला बदर गरी दाबी बमोजिम गरी गरिपाउँन पुनरावेदन गरिएको ।

(छ) जग्गाको खरिद मूल्य सम्बन्धमा:- अन्यथा प्रमाणित नभएसम्म लिखतमा लेखिएको मूल्यलाई नै वास्तविक मूल्य मान्नु पर्ने भनी विशेष अदालतले उल्लेख गरेको कुरा सिद्धान्तत: उचित हो । सामान्य व्यवहार लिखत अनुकूल हुने अवस्थामा सो कुरालाई स्वीकार गर्नु पर्ने भएता पनि गैरकानूनी आर्जनको आयबाट सम्पत्ति खरिद गर्नेले आफ्नो बैधानिक आयले पुष्टि हुन सक्नेसम्म वा न्यूनतम रकम मात्र थैली अंक राखी लिखत तयार गर्ने गर्दछ । सो गरेर लिखत पारित गर्दा लाग्ने दस्तुर बढी तिर्नु पर्ने तथा आय स्रोत पुष्टि गर्नु पर्ने दुबै दायित्वबाट बच्ने उद्देश्य राखेको हुन्छ ।

सम्पत्ति खरिद गर्दा वा खरिद गर्नुभन्दा निकट पहिले ठूलो परिमाणमा रकम बैंकबाट झिकिएको छ र सम्पत्ति खरिद गरेपछि वा अघि सो रकम अन्यत्र प्रयोग भएको पुष्टि नभएको अवस्था छ भने सो बैंकबाट झिकिएका रकम त्यस्तो सम्पत्ति खरिद गर्न प्रयोग गरिएको मान्नु पर्ने हुन्छ । बैंकबाट झिकिएको अवैध रकमबाट नै खरिद भएको अवस्था देखिँदा खरिद भएको सम्पत्तिलाई नै अभियोगमा मागदावी गरे पछि सो

रकमलाई उल्लेख गरी खरिद मूल्य कायम गर्नु आवश्यक नभएको हुँदा लिखतको अंकलाई नै अकाट्य मूल्य मान्न मिल्दैन । अतएव श्री ५ को सरकारको तर्फबाट पेश गरिएका प्रमाणका आधारमा आरोपत्रपको तालिका नं. १३ को क्र.सं. १३,२२,२३ र २७ मा उल्लेख गरिएका जग्गाको मूल्य बढी कायम हुनु पर्नेमा घटी कायम गरिएको त्रुटीपूर्ण छ ।

(ज) लकरमा पाइएका गहनाको सम्बन्धमा:- प्रतिवादीको पारिवारिक हैसियतका आधारमा केही गरगहना दाइजो पेवा आदिबाट प्राप्त हुन सक्ने अनुमान गर्नु स्वभाविक हो । तर आयोगले सम्पत्तिका सम्बन्धमा अनुसन्धान गर्दा निजका घरबाट बरामद गरेका करिव २० तोला बरावरका सुनका गहना दाइजो पेवाका हुन सक्ने भनी निजकै जिम्मा दिईसकेको अवस्था हुनाले लकरमा पाइएको रु. ३,२३,८५९।२१ मूल्यका गहना समेत दाइजो पेवाको मान्न सकिने आधार नभएकोले विना आधार ती गरगहनालाई बैध सम्पत्तिमा समावेश गर्ने गरेको फैसला त्रुटीपूर्ण भै बदरभागी छ । ती गरगहना मागदावी बमोजिम स्रोत नखुलेको गैरकानूनी आर्जनको कायम गरी बादी दाबी बमोजिम गरी गरिपाउँन पुनरावेदन गरिएको ।

(झ) प्रत्यक्ष त्रुटी गरिएको सम्बन्धमा :- आरोपपत्रमा प्रतिवादी आशा चतुर्वदीको नामको जि.काठमाडौं का.म.पा.वडा नं. ७ग कि.नं. ५० को जग्गा सम्मलाई स्रोत खुलेको मानी अन्य अचल सम्पत्ति अवैध आर्जनको ठहर गरी मागदावी लिइएको स्पष्ट हुँदा हुँदै फैसलामा काठमाडौंको उक्त जग्गाको घर र प्र.रितेश चतुर्वेदीको नामको पर्सा श्रीपूरको कि.नं. ८१४ र ८१७ को घर र जग्गा र निजकै नामको ऐ.को कि.नं. ९१० र ९११ को जग्गालाई समेत स्रोत खुलेको सम्पत्ति भनी आरोपपत्र दायर भएको भन्ने उल्लेख गरी तथ्यगत प्रत्यक्ष त्रुटी गरिएको छ । यसरी मागदावीमा समावेश गरिएको सम्पत्तिलाई मागदावीमा नपरेको भनी गरिएको फैसला आफैमा त्रुटीपूर्ण छ ।
त्यस्तै बैंकमा रहेका अन्य नगद मौज्दात समेतको स्रोत पुष्टि नभएको अवस्थामा अनुमानका आधारमा बैध स्रोत मानिएको हुँदा सो त्रुटीपूर्ण भै बदरभागी छ ।

२७ **काठमाडौं जिल्ला का.म.न.पा.वडा नं. २० मरुटोल ब्लक नं. ७८२३ बस्ने हर्षरत्न एण्ड सन्स फर्मका प्रोप्राइटर प्रत्येकरत्न ताम्राकार.....**

ऐ.ऐ.को नाती ऐ.ऐ.को छोरा ऐ.बस्ने प्रदिपरत्न ताम्राकार.....
झापा जिल्ला, भद्रपुर नगरपालिका वडा नं.८ हाल -२ मा बस्ने सुरेसचन्द टायल.
ललितपुर जिल्ला, इमाडोल गा.वि.स.वडा नं. ५ बस्ने कृष्णबहादुर सुवेदी
ऐ.ऐ.को नाती ऐ.ऐ.को छोरा ऐ.ऐ.बस्ने शिवहरि सुवेदी .....
काठमाडौं जिल्ला, काठमाडौं महा नगरपालिका अन्तर्गत वडा नं. २० मरुटोल ब्लक नं. ७८२३ मा बस्ने हर्षरत्न ताम्राकार.....
ऐ.बस्ने विजयरत्न ताम्राकार.....
जिल्ला, काठमाडौं महा नगरपालिका अन्तर्गत नकसाल नारायणचौर घर भै हाल नक्साल भगवती वहाल बस्ने मुकुन्दवीर पाण्डे.....

काठामाडौं जिल्ला, का.म.न.पा.अन्तर्गत कमलपोखरी कृष्णभवन डेरागरी वस्ने देवकीनन्दन सुरेखा.....
धादिङ जिल्ला भिरकोट गा.वि.स. वडा नं. ४ रातमाटे घर भै काठमाडौं नक्साल डेरागरी बस्ने राम शाह.....
काठमाडौं जिल्ला, का.म.न.पा.अन्तर्गत वडा नं. १ नक्साल भगवती वहाल ब्लक नं.२०।२९५ बस्ने दुर्गा के.सी.....
का. जिल्ला, का.म.पा. अन्तर्गत ब्लक नं. ७८२३ बस्ने उद्धबरत्न ताम्राकार....
ल.पु.न.पा.३ घ पुल्चोक वस्ने सोहनसुन्दर श्रेष्ठ
का.जि. काठमाडौं जिल्ला का.म.न.पा. अन्तर्गत साविक ब्लक नं. ८।४४२ इन्द्रचोक वस्ने भवानदास.
ऐ.ऐ.साविक ब्लक नं. ६।१२ न्यूरोड (हाल वडा नं. २२ न्यूरोड) काठमाडौं बस्ने कृष्ण अग्रवाल.
ऐ.ऐ.साविक झोछेठोल वार्ड नं. ८ हाल वडा नं. २३ झोछेटोल बस्ने माधवप्रसाद.
ऐ.ऐ. साविक ब्लक नं. ६।११ न्यूरोड (वडा नं. २२) काठमाडौं बस्ने शंकरलाल..
ऐ.ऐ.साविक झोछे वार्ड नं. ८ हाल वडा नं. २३ झोछे, काठमाडौं बस्ने रामप्रसाद.
ऐ.ऐ.साविक ब्लक नं. ६।४४ हाल वडा नं. २२ धर्मपथ, काठमाडौं बस्ने श्री कुमार भन्ने पवन कुमार.....
झापा जिल्ला भद्रपुर न.पा.वडा नं.९ मा स्थायी ठेगाना भै काठमाडौं जिल्ला का.म.न.पा. अन्तर्गत साविक ब्लक नं. ६।१४ न्यूरोड (वडा नं. २२) बस्ने कन्हैयालाल गोयल.....
का.न.पा. अन्तर्गत साविक ब्लक नं. ७८२३ (वडा नं. २० मरुटोल) बस्ने श्रवणकुमार ताम्राकार.....
ऐ.ऐ.का.न.पा.अन्तर्गत ब्लक नं. ७३६५ भीमसेन स्थान बस्ने तथा ७८२३ मरुटोल वडा नं. २० मा समेत वस्ने सरोजकुमार ताम्राकार.....
काठमाडौं जिल्ला, साविक का.म.न.पा. वडा नं. २० ब्लक नं. ७३६५ भीमसेनस्थान तथा ऐ.ब्लक नं. ७८२३ मरुटोल समेत बस्ने बिनादेवी ताम्राकार.....
काठमाडौं जिल्ला, साविक का.म.न.पा.वडा नं. २० भीमसेनस्थान ब्लक नं. ७३६५ बस्ने प्रकाशरत्न ताम्राकार.....
काठमाडौं जिल्ला, का.म.न.पा. अन्तर्गत वडा नं.२० साविक ब्लक नं. ७३६५ भीमसेन स्थान तथा ब्लक नं. ७८२३ मरुटोल समेत वस्ने बाबुकाजी महर्जन.....
काठमाडौं जिल्ला, का.म.न.पा.अन्तर्गत साविक ब्लक नं. ७३६५ भीमसेन स्थान र ब्लक नं. ७८२३ मरुटोल घरमा बस्ने रामबहादुर.....
काठमाडौं जिल्ला, का.म.न.पा. अन्तर्गत साविक ब्लक नं. ७८२३ मरुटोल तथा ७३६५ भीमसेनस्थान बस्ने मन्दिरा ताम्राकार.....
ऐ.ब्लक नं. ७८२३ मरुटोल तथा ७३६५ भीमसेनस्थान वस्ने शारदादेवी ताम्राकार
काठमाडौं जिल्ला, का.म.न.पा.अन्तर्गत साविक ब्लक नं. ७८२३ मरुटोल वस्ने प्रदीपरत्न ताम्राकारकी श्रीमती ताराकमल ताम्राकार.....
का.म.न.पा. अन्तर्गत साविक ब्लक नं. ७३६५ भीसेनस्थान तथा ७८२३ मरुटोल बस्ने चन्द्रमान.....

काठमाडौं जिल्ला, का.म.न.पा.अन्तर्गत साविक ब्लक नं. ७३६५ भीमसेनस्थान तथा ७८२३ मरुटोल वस्ने शुशीला.....
काठमाडौं जिल्ला, का.म.न.पा. अन्तर्गत साविक ब्लक नं. ७३६५ भीमसेन स्थान तथा ७८२३ मरुटोल बस्ने यसोदा ताम्राकार.....
काठमाडौं जिल्ला, का.म.न.पा. अन्तर्गत साविक ब्लक नं. ७३६५ भीमसेनस्थान तथा ७८२३ मरुटोल वस्ने टी.रत्न भन्ने तीर्थरत्न ताम्राकार.....
काठमाडौं जिल्ला, का.म.न.पा. अन्तर्गत साविक ब्लक नं. ७३६५ भीमसेनस्थान तथा ७८२३ मरुटोल बस्ने पद्मादेवी ताम्राकार.....
काठमाडौं जिल्ला, का.म.न.पा.अन्तर्गत साविक ब्लक नं. ७३६५ भीमसेनस्थान तथा ७८२३ मरुटोल बस्ने सरोजरत्न ताम्राकार.....
काठमाडौं जिल्ला, का.म.न.पा. अन्तर्गत साविक ब्लक नं. ७३६५ भीमसेनस्थान तथा ७८२३ मरुटोल बस्ने एम.आ.तुलाधर.....
काठमाडौं जिल्ला, का.म.न.पा. अन्तर्गत साविक ब्लक नं. ७८२३ मरुटोल बस्ने श्रवणरत्न ताम्राकार.....
काठमाडौं जिल्ला, का.म.न.पा.अन्तर्गत साविक ब्लक नं. ७३६५ भीमसेनस्थान तथा ७८२३ मरुटोल बस्ने शान्तिदेवी.....
काठमाडौं जिल्ला, का.म.न.पा. अन्तर्गत साविक ब्लक नं. ७३६५ भीमसेनस्थान तथा ७८२३ मरुटोल बस्ने प्रतिमा.....
काठमाडौं जिल्ला, का.म.न.पा. अन्तर्गत साविक ब्लक नं. ७३६५ भीमसेनस्थान तथा ७८२३ मरुटोल बस्ने पदमादेवी ताम्राकार.....
ऐ.ऐ.बस्ने पदम शोभा.....
काठमाडौं जिल्ला, का.म.न.पा. अन्तर्गत साविक ब्लक नं. ७३६५ भीमसेनस्थान तथा ७८२३ मरुटोल बस्ने ताराशोभा.....
काठमाडौं जिल्ला, का.म.न.पा. अन्तर्गत साविक झोले ब्लक नं. ८।२५५ बस्ने वाग्देन लामा.....
काठमाडौं जिल्ला, का.म.न.पा. अन्तर्गत साविक वडा नं. ८ झोछे बस्ने जी शाह.
काठमाडौं जिल्ला, का.म.न.पा.अन्तर्गत साविक ब्लक नं. ८।४४२ वडा नं. २५ इन्द्रचोक बस्ने फजुलदिन मुसलीन.....
काठमाडौं जिल्ला, का.म.न.पा. अन्तर्गत साविक ब्लक नं. ६।११० वडा नं. २२ न्यूरोड बस्ने डि.वि.हमाल (दिनेश हमाल).....
काठमाडौं जिल्ला, का.म.न.पा.अन्तर्गत साविक ब्लक नं.६।१७७ पाको न्यूरोड बस्ने रामगोपाल जोधानी.....
सुनसरी जिल्ला इनरुवा गा.वि.स.अन्तर्गत साविक वडा नं. ६ बस्ने ओमनाथ भट्टराई भण्डारी.....
काठमाडौं जिल्ला, का.म.न.पा.अन्तर्गत साविक ब्लक नं. ६।६०८, वडा नं. २५ शुक्रपथ बस्ने एन.तुलाधर भन्ने निरुला तुलाधर.....
काठमाडौं जिल्ला, का.म.न.पा.अन्तर्गत साविक ब्लक नं. ८।४४ वडा नं. २३ झोछे बस्ने आर.वि.विष्ट.....

काठमाडौं जिल्ला, का.म.न.पा. अन्तर्गत साविक ब्लक नं. ८।४४२ वटुटोल बस्ने आर.डिन भन्ने रफिक उद्दीन मुस्लिन.....
काठमाडौं जिल्ला का.म.न.पा.अन्तर्गत साविक ब्लक नं. ६।१८, वडा नं. २२ न्यूरोड बस्ने एस प्रसाद ओझा.....
काठमाडौं जिल्ला, का.म.न.पा.अन्तर्गत साविक ब्लक नं. ६।१२ वडा नं. २२ न्यूरोड बस्ने अनुप.....
काठमाडौं जिल्ला का.म.न.पा. अन्तर्गत साविक ब्लक नं. २०।२११ नक्साल भगवती वहाल घर भै मिकटोरी ट्रेडर्स नामक फर्मको प्रोप्राइटर कृष्णनिधी तिवारी.
ए.जी.आर.ओभरसिज इण्टर प्राइजेज (पो. ब.नं. ६८८), वडा नं. ७ चावहिल, काठमाडौंका प्रोप्राइटर भै काम गरेका शिशिरप्रसाद आचार्य..
काठमाडौं जिल्ला का.म.न.पा. अन्तर्गत साविक नक्साल भगवती वहाल (वडा नं. १ का.न.पा.) बस्ने किरण पाण्डे.....
रातैटहट जिल्ला विश्रामपुर गा.वि.स.वडा नं. १ बस्ने जयकान्तलाल दास.....
काठमाडौं जिल्ला, का.म.न.पा. अन्तर्गत पुतलीसडक बस्ने दिनकाजी शाक्य
काठमाडौं जिल्ला, मच्छेगाउँ गा.वि.स.वडा नं. १ बस्ने किरणहरि विष्ट.....
धनुषा जिल्ला, बेगाडावर गा.वि.स.वडा नं. ७ बस्ने नवराजसिंह बुढाथोकी.....
भक्तपुर जिल्ला, पिखेल छालिंग गा.वि.स.वडा नं. १ पिखेल बस्ने रामबहादुर खड्का.....
रामेछाप जिल्ला, बेताली गा.वि.स.वडा नं. ७ बस्ने केशवकुमार कार्की.....
भक्तपुर जिल्ला, बागेश्वरी गा.वि.स.वडा नं. २ बासटारी बस्ने विष्णुप्रसाद लामिछाने
काठमाडौं जिल्ला, खिम्टोर गा.वि.स.वडा नं. ८ किम्सी बस्ने भीमप्रसाद गौतम ...समेत रहेको भ्रष्टाचार मुद्दा ।

फैसला मितिः २०६१।९।१९

फैसलाको आधार :

काठमाडौं जिल्ला अदालतबाट केही प्रतिवादीहरुको हकमा सम्म अभियोग दावी लिइएको विगोभन्दा घटी विगो कायम गरी कसूर ठहर गरी मिति २०५७३।१९ मा फैसला भएको उक्त फैसला उपर चित्त नबुझेकाले सवै प्रतिवादीहरुलाई सजाय गरिपाउन बादी पक्षबाट पुनरावेदन गरिएकोमा पुनराबेदन अदालतबाट हदम्यादभित्र आरोपपत्र दायर नभएको भन्दै आरोपपत्र नै खारेज हुने ठहरी फैसला भएको आरोपपत्रको मूल केन्द्रविन्दु श्री ५ को सरकारले पाउने राजस्व नलिई पार्सल छोडेको भन्ने देखिन आउँछ । दाखिल भै सकेको राजस्वलाई प्रतिवादीहरुले हिनामिना तथा हानी नोक्सानी वा दुरुपयोग गरेको भन्ने कुरा तथा दाखिला हुन सक्ने राजस्व असूल नगरेको भन्ने कुरा बेग्ला बेग्लै कुरा देखिन्छ । दाखिला हुन सक्ने राजश्व श्री ५ को सरकारको सम्पत्ति भै सकेको हुँदैन । यस्तो श्री ५ को सरकारको सम्पत्ति भै नसकेको अरु भ्रष्टाचारको कसूरमा भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा २४क ले व्यवस्था गरेको ६ महिना अथवा २ वर्षभित्र नालिस गर्न सक्नु पर्नेमा जहिलेसुकै पनि नालेस लाग्ने भन्ने आधार ग्रहण गरि दायर भएको अभियोग पत्र कानून सम्मत देखिन आएन भन्दै पुनरावेदन अदालतबाट आरोपपत्र खारेज गर्ने फैसला भएको छ ।

पुनरावेदनका आधारहरु :

(क) २०३८।९।१२ गतेका दिन प्रतिवादी शिवहरि सुवेदीबाट बरामद भएका र राजस्व नतिरिकन लग्न लागिएका घडिका व्याट्रिहरु भन्सार समेत नतिरि सम्बन्धित व्यक्तिले लिएर जाने बस्तु होइनन् । त्यस्तो बस्तुमा लाग्ने राजस्व नतिरेर लिएर जानु र लिएर जान दिनुबाट श्री ५ को सरकारलाई गैरकानूनी हानी र लिएर जानेलाई गैरकानुनी लाभ हुने कुरामा शंका नै छैन । प्रतिबादीहरुबाट यो काम पटक-पटक भएको भन्ने कुरा १७३ थान पार्सल बेपत्ता पारिएकोबाट स्पष्ट देखिएको छ ।

(ख) भ्रष्टाचार निवारण ऐन, २०१७ दफा ७, ८ र १३ ले श्री ५ को सरकारलाई गैरकानूनी हानी पुऱ्याउने कामलाई भ्रष्टाचारको कसूर मानेको छ । प्रस्तुत विवादमा प्रतिवादीहरुको कामबाट श्री ५ को सरकारलाई राजस्व बापत प्राप्त हुनु पर्ने रकम हानी भएको स्पष्ट देखिएको छ ।

(ग) सोही ऐनको दफा २४क ले सरकारी सम्पत्ति हिनामिना गरी भ्रष्टाचार गरेकोमा हदम्याद नलाग्ने व्यवस्था गरेको छ । प्रस्तुत विवादमा प्रतिवादीहरुको कामबाट सरकारलाई अनिवार्य रुपमा प्राप्त हुनु पर्ने राजस्व हिनामिना भएको छ । श्री ५ को सरकारलाई राजश्व नोक्सानी परेको कुरा तथ्यबाट देखिएको छ । प्रतिवादीहरुले कानुन बमोजिम असूल गर्नु पर्ने राजश्व नलिई पार्सलहरु छोडेको कारण श्री ५ को सरकारको राजश्व हिनामिना भएको हुँदा नै प्रस्तुत मुद्दाका प्रतिवादीहरु उपर भ्रष्टाचारको अभियोग दायर गरिएको हो । यसरी सरकारलाई प्राप्त हुने राजश्व हिनामिना भएको कुरा स्पष्ट देखिएको अवस्थामा पनि दाखिल हुन सक्ने राजश्व श्री ५ को सरकारको सम्पत्ति भै सकेको हुँदैन भन्ने व्याख्या गरी प्रस्तुत मुद्दामा सरकारी सम्पत्ति हिनामिना नभएको भनी यस्तो प्रकृतिको बिषयलाई हदम्याद लाग्ने भनी व्याख्या गरी आरोपपत्र खारेज हुने ठहऱ्याएको पुनरावेदन अदालतबाट भएको फैसला त्रुटीपूर्ण हुँदा बदरभागी छ ।

२८. का.जि.का.म.न.पा.वडा नं. १३ घर भई हाल दाङ जि. तुल्सीपुर न.पा. वडा नं. २ बस्ने नेपाल खाद्य संस्थानका तत्कालिन उप शाखा प्रमुख सागरमान श्रेष्ठ.....

दार्चुला जि. धाप गा.वि.स.वडा नं. ७ घर भई ने. खा.सं.पारिवगर डिपो दार्चुलाका तत्कालिन डिपो ल्कर्क दिलेन्द्रबहादुर पाल.....

अछाम जिल्ला गागरा गा.वि.स.वडा नं. ५ घर भई ऐ.ऐ. का तत्कालिन डिपो प्रमुख भरतबहादुर खडका.....

दार्चुला जि. गुल्जर गा.वि.स.वडा नं. ३ बस्ने ठे. डवलबहादुर सिंह.....

बैतडी जि. वासुलिङ्ग गा.वि.स.वडा नं. ७ बस्ने ठे.लोकबहादुर चन्द... समेत रहेको भ्रष्टाचार मुद्दा ।

फैसला मिति : *२०६१।३।१४*

फैसलाको प्रकृति : सफाई दिने फैसला ।

फैसलाका आधारहरु :

(क) प्र. सागरमान श्रेष्ठको मृत्यु भै सकेको देखिएकोले निजको हकमा केही वोली रहनु परेन ।

(ख) अन्य प्रतिवादीहरु दिलेन्द्रबहादुर पाल, भरतबहादुर खडका, ठेकेदार डवलबहादुर सिंह र ठे.लोकबहादुर चन्दको सम्बन्धमा यी प्रतिवादीहरुले अधिकार प्राप्त अनुसन्धान अधिकारी र अदालतमा बयान गर्दा अभियोग दावी बमोजिम कसूर गरेको होइन छैन भनी इन्कारी बयान गरेको ।

(ग) प्र. डवलबहादुर सिंह र प्र. दिलेन्द्रबहादुर पालका साक्षीहरुले यी प्रतिवादीहरु निर्दोष हुन भनी सफाई पाउने गरी वकपत्र गरी दिएको ।

(घ) ने.खा.स.,अंचल कार्यालय, धनगढीका खाद्य सहायक मोहनप्रकाश चन्दले मिति २०४७।५।३० मा दिएको प्रतिवेदन विक्रि डिपो कार्यालय, पारिवगरमा कारोवार भएको कुल जम्मा १८२९.५० क्वी खाद्यान्न मध्ये गत वर्ष अ.ल्या. ३९३ क्वी, भै ढुवानी ठेकेदार मार्फत १३३८.४२ क्वी खाद्यान्न उप शाखा कार्यालय, बैतडीबाट प्राप्त भएको उल्लेख भएको रेकर्ड अनुसार प्राप्ती र खर्चको रेकर्ड दुरुस्त भएको र खाद्यान्न हिनामिना भएको देखिदैन भन्ने समेत उल्लेख भएको ।

(ङ) वादी पक्षबाट उल्लेख भएका प्रतिवादीहरुले अभियोग दावी बमोजिमको भ्रष्टाचारको कसूर गरे भन्ने सम्बन्धमा ठोस प्रमाण दिन नसकेको ।

पुनरावेदनका आधारहरु :

(क) प्रस्तुत मुद्दामा आ.ब. २०४६।०४७ मा ने.खा.सं. उपशाखा कार्यालय, दार्चुलाका उपशाखा प्रमुख सागरमान श्रेष्ठ र ठेकेदार लोकबहादुर चन्दले मिलोमतो गरी १४८.९६ क्वी खाद्यान्न भेडापाठावालले बाटो मै खाएको प्रामाणीत भै रहेको हुँदा हुँदै उक्त खाद्यान्न उप शाखा कार्यालय, दार्चुलामा प्राप्ती जनाई बैतडीबाट ढुवानी हुँदै नभएको खाद्यान्नको प्रति क्वी ५९५।- को दरले रु. ८८,६३१।२० ढुवानी भाडा ठेकेदारलाई भुक्तानी गराई संस्थानलाई गैरकानूनी हानी र आफूहरुलाई गैरकानूनी फाईदा पुऱ्याएको प्रष्ट देखिएको छ । उपशाखा प्रमुख सागरमानको अनुसन्धान अधिकारी समक्ष मौकामा गरेको बयानको स.ज.११ र १२ बाट पनि अपुग खाद्यान्न उप शाखा कार्यालय, दार्चुलामा प्राप्त नै नभएको खाद्यान्नको प्राप्त जनाई वील काटी विक्रि वितरण गरेको जनाइएको स्पष्ट देखिन्छ । जहाँसम्म प्र. सागरमानले आदेशको आधारमा आफुले उक्त प्राप्त नभएको खाद्यान्नको रुपैया लिई नपुग भएजति चामल ल्याएको समर्थन गरी दिएको भनी बयानमा उल्लेख गरेका छन् सो कार्यबाट ल्याउदै नल्याएको परिणामको खाद्यान्नको ढुवानी भाडा ठेकेदारलाई संस्थानले भुक्तानी गर्नु

परेको रकम ठेकेदार लोकबहादुर चन्द र दार्चुला उपशाखा कार्यालयका उ.शा.प्र. सागरमानले आफूहरुलाई फाईदा र संस्थानलाई नोक्सानी पुऱ्याएको स्पष्ट छ । त्यसै आदेशको आधारमा आफूले त्यसो गरेको भनी सागरमानले आफ्नो बयानमा उल्लेख गरे पनि त्यस्तो आदेश मिसिल संलग्न रहेको देखिदैन भने ठेकेदार र संस्थान वीच भएको संझौतामा त्यसरी खाद्यान्नको रकम लिई चलानी समर्थन गर्ने कुनै प्रावधान पनि छैन । अतः ने. खा.सं.उप शाखा कार्यालयमा उप शाखा प्रमुख सागरमान श्रेष्ठ र ढुवानी ठेकेदार लोकबहादुर चन्दबाट ढुवानी नै नभएको १४८.९६ क्वी खाद्यान्न ढुवानी भएको प्राप्ती जनाई ढुवानी वापत ठे. लोकबहादुर चन्दलाई ढुवानी भाडा रु. ८८,६३१।२० भुक्तानी दिई ने.खा.सं.लाई नोक्सानी र आफूहरुलाई फाईदा पुऱ्याएको प्रष्ट देखिएको अवस्था हुँदा हुँदै प्रतिवादीहरुलाई सफाई दिएको फैसला त्रुटीपूर्ण छ ।

त्यस्तै मौकामा र अदालतको म्यादमा समेत उपस्थित नभएका ठेकेदार लोकबहादुर चन्दका सम्बन्धमा अधिकार प्राप्त अधिकारी तथा अदालतमा समेत बयान गर्दा अभियोग दावी बमोजिमको कसूर गरेको होईन छैन भनी इन्कारी बयान गरेको भनी फैसलामा उल्लेख गरी सोही आधारमा सफाई दिने गरी गरेको फैसलामा न्यायिक मनको पूर्णतः अभाव छ । अर्को तर्फ बैतडीबाट उपशाखा कार्यालय, दार्चुलासम्मको ढुवानीमा मात्र ठे. लोकबाहादर चन्दको संलग्नता रहेको कुरामा ध्यानै नदिई विक्रि डिपो पारीवगरका सम्बन्धमा खाद्य सहायक मोहन प्रकाश चन्दले मिति २०४७।५।३० मा दिइएको प्रतिवेदनलाई आधार बनाई ठेकेदार लोकबहादुर चन्दलाई समेत सफाई दिने गरी पु.बे.अ., महेन्द्रनगरबाट भएको फैसलामा प्रमाण नै लगाउन नमिल्ने कुरालाई प्रमाण लगाई सफाई दिएको समेत हुँदा प्रमाण ऐन, २०३१ को दफा ५४ को आधारमा समेत त्रुटीपूर्ण हुँदा वदर योग्य छ ।

(ख) उपशाखा कार्यालय, बैतडीबाट चलानी भएको खाद्यान्न पारिवगर डिपोमा पुग्दै नपुगी विचमै भेडापाठावालाहरुले खाएको भनी ढुवानी नै नभएको खाद्यान्न ३६० क्वी. को प्राप्ती जनाई फर्जिविलबाट विक्री समेत देखाई प्रति क्वी. ५२५।- का दरले हुने ढुवानी रकम रु. १,८९,०००।- ठेकेदार र पारीवगर डिपोका डिपो इन्चार्ज भरतबहादुर खड्का तथा क्लर्क दिलेन्द्रबहादुर पाल समेतले आफूहरुलाई फाईदा र खाद्य संस्थानलाई नोक्सानी पुऱ्याई भ्रष्टाचार गरेको प्रष्ट छ । ठे.डवलबहादुर सिंहले २०४७ साल आषाढ महिनामा ३६० क्वी. खाद्यान्न भेडापाठाहरुले खाई हिनामिना गरी दिएकोले उक्त परिमाणको कुपन उपलब्ध गराई पाउ वा नगदै दाखिला गर्ने व्यवस्था गरी पाउ भनी निवेदन दिएको र तत्कालीन प्र.जि.अ. बाट खाद्य व्यवस्था समितिमा पेश गर्ने तोक आदेश लागेको तर निवेदन फेला नपरेकाले पछि पेश गर्ने भन्ने जवाफ दिएको भनी नेपाल खाद्य संस्थान अंचल कार्यालय, धनगढीका अंचल प्रमुखको मिति

२०४७।१०।९ को पत्रबाट खुल्दछ । खाद्य सहायक मोहनप्रकाश चन्दले आषाढको महिनामा त्यति ठूलो परिणामको खाद्यान्नको कुपन पाउ वा रकम जम्मा गर्न पाउँ भनी निवेदन दिएका ढुवानी ठेकेदारले खाद्यान्नको अभाव हुने ठाउँबाट स्थानीय खाद्यान्न खरिद गरी आषाढमै बुझाइएको होला भन्ने सम्भव देखिदैन भनि प्रतिवेदन दिएको, पारीवगर डिपोका क्लर्क दिलेन्द्रबहादुरले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयानको स.ज. १० मा विक्री गरेकाहरुको नाममा वील नकाटी एकमुष्ट खाद्यान्नको परिणाम जनाई विक्रेताको नाम उल्लेख नगरी वील काट्ने गरेको भनी फर्जी वील बनाएको स्वीकार गरी बयान गरेका छन् । त्यसै गरी उप शाखा प्रमुख.सागरमानले अदालतमा बयान गर्दा पारीवगर डिपोमा भएको अनियमितताका सम्बन्धमा विद्यार्थी र पार्टीका व्यक्तिहरुले आफू समक्ष निवेदन दिएको र डिपो प्रमुख भरतवहादुर खड्कासँग स्पष्टीकरण पनि लिएको कुरा खुलाइएको स.७ को जवाफबाट देखिन्छ । यस प्रकार प्राप्ती नै नभएको खाद्यान्न प्राप्ती जनाई फर्जी वील काटी खाद्यान्न विक्रि भएको देखाई ३६० क्वी खाद्यान्नको ढुवानी भाडा ठेकेदारलाई भुक्तानी दिएको अवस्थामा उप शाखा कार्यालय, बैतडीबाट प्राप्त हुनु पर्ने खाद्यान्न प्राप्त भएको र विक्रिको रकम बैक जम्मा (दाखिला) समेत भई रेकर्ड दुरुस्त भएकोले खाद्यान्न हिनामिना भएको देखिदैन भनी फैसलामा उल्लेख गरी प्रतिवादीहरुलाई सफाई दिएको तथ्य कानून सम्मत छैन । ढुवानी नै हुन नआएको खाद्यान्न ढुवानी प्राप्ती देखाई फर्जी वील काटी विक्रि गरी ढुवानी रकम ठेकेदारलाई भुक्तानी दिएको भन्ने अभियोग दावी किन प्रमाणित हुन सकेन र ढुवानी नै नभएको खाद्यान्नको ढुवानी बापतको रकम ठेकेदारलाई भुक्तानी गरेकोमा सफाई दिनु पर्ने आधार कारण नखुलाइएको फैसला त्रुटीपूर्ण भै बदरभागी छ ।

(ग) त्यस्तै १३८.५० क्वी खाद्यान्न ढुवानी नै नगरी प्राप्ती जनाई प्रति क्वी. ५२५।- का दरले ढुवानी भाडा जम्मा ७२,७१२।५० ठेकेदार डवलबहादुरलाई भुक्तानी दिई डिपो प्रमुख र क्लर्क समेत भै भ्रष्टाचार गरेको सम्बन्धमा उप शाखा कार्यालय, बैतडीबाट २०४६।८।१४ मा चलान भएको ६३ क्वी गहुँ २०४६।८।१६ मा प्राप्ती देखाएको, त्यस्तै २०४६।८।१९, २०४६।८।२० र २०४६।८।२४ गते चलानी भएको ७५ क्वी. खाद्यान्नलाई २०४६।८।२० गते नै प्राप्ती जनाएको देखिनु र सो कुरालाई स्वीकार गरी प्र. भरतवहादुर खडकाले अदालतमा बयान गरेको समेतबाट पुष्टि हुन्छ । यसरी बैतडीबाट मिति २०४६।८।२४ गते चलानी भएको खाद्यान्न २०४६।८।२० मा प्राप्ती जनाउने कार्य र अन्य विभिन्न मितिमा चलान भएको खाद्यान्न पनि भोली पल्टै प्राप्त हुन सक्ने अवस्था छैन । बैतडी देखि पारीवगर डिपोसम्मको लामो दूरीमा धेरै दिन प्राप्त हुन समय लाग्ने अवस्था हुँदा हुँदै खाद्यान्न प्राप्त भएको मिति स्वयममा अमिल्दो र संदेहास्पद छ । सो सम्बन्धमा मौकामा अदालतमा बयान गर्दा क्लर्क दिलेन्द्रबहादुर पालले स.ज.१२ मा सो सम्बन्धी प्राप्त गर्ने जिम्मा लिने, आम्दानी वाँध्ने सो अवधिको डिपो इन्चार्ज भरतबहादुर खडकाले नै गरेका थिए भनी आफू उम्कने प्रयास गरेको देखिन्छ । अतः यसरी खाद्यान्न प्राप्त हुन नसक्ने अवस्था र स्थितिलाई विचारै नगरी प्रतिवादीले बनाएको झुट्ठा रेकर्डलाई नै आधार मानि प्राप्त र खर्च तथा विक्रिको रकम बैक दाखिला समेत भै रेकर्ड दुरुस्त भएको र प्रतिवादीहरुले दावी

बमोजिम कसूर गरेको छैन भनी इन्कारी बयान गरेको आधार देखाई सफाई दिइएको तथ्य कानून सम्मत छैन ।

(घ) बैतडी देखि पारीवगर बिक्री डिपो भन्दा कम दूरीका लटिनाथ साझा संस्था भवानी साझा संस्था र बेतालेश्वर साझा संस्थालाई क्रमशः ४९.९८,१४८.४० र २९.५८ क्वी खाद्यान्न अनलोड गरी पारीवगरसम्मको पुरै भाडा ठेकेदार डवल बहादुरलाई भुक्तानी दिई डिपोका प्रमुख क्लर्क र ठेकेदार समेतले आफूहरुलाई फाईदा र संस्थानलाई नोक्सानी गरेको प्रति क्वी. ५०।- का दरले भुक्तानी दिएको जम्मा रु. ८०८०।५० स्पष्ट रहेको छ । कम दूरीका विभिन्न साझा संस्थाहरुमा खाद्यान्न अनलोड भएको पारीवगरसम्म खाद्यान्न नपुगेको कुरालाई ठे.डवलबहादुरले अदालतमा बयान गर्दा समेत स्वीकार गरेको देखिन्छ । त्यसैगरी लटीनाथ साझा संस्थाका व्यवस्थापक माधवराज जोशीले समेत मौकामा गरेको बयानको स.ज.७ मा बैतडीबाट चलान भएको खाद्यान्न लटिनाथ तथा अन्य साझा संस्थामा नै ढुवानी भएको र सो खाद्यान्न विक्रि भए पछि विक्रि भएको रकम लगि खाद्य डिपो पारीवगरमा बुझाई हिसाव मिलान गर्ने गरेको भनि खुलाइ दिएका छन । त्यस्तै गरी ठे.डवलबहादुरले मौकाको बयानको स.ज. ६ मा जुन जुन साझा संस्थाहरुलाई जे जति खाद्यान्न ढुवानी गरेको हो ती खाद्यान्न बैतडी देखि सोझै साझा संस्थाहरुसम्म ढुवानी गरी त्यही अनलोड गरेको भनी खुलाएको देखिन्छ । त्यसै गरी स.ज. ९ मा निज ठेकेदारले कम दुरीमा ढुवानी गरे बापतको बढी रकम डिपोमा फिर्ता बुझाई बढी भुक्तानी पाएको रकम फिर्ता बुझाएको भनी ठेकेदारले भनेको भए पनि सो रसिद समेत पेश गर्न नसकेको अवस्था समेतलाई हेर्दा यी ठेकेदार तथा अन्य डिपो प्रमुख र क्लर्क समेतको मिलोमतोबाट ठेकेदारलाई बढी भुक्तानी दिएको रकम आफूहरुले लिई खाई सो संस्थानलाई नोक्सानी पुऱ्याएको स्पष्ट हुँदा यी प्रतिवादीहरुले अनुसन्धान अधिकारी र अदालतमा बयान गर्दा कसूर गरेकोमा इन्कार गरेको र रेकर्ड दुरुस्त भएको भन्ने आधार बनाई तथ्य र कानून विपरित फैसला भएको हुदाँ उक्त फैसला त्रुटीपुर्ण छ ।

(ङ) प्रतिवादीहरुले बैतडीबाट खाद्यान्न ढुवानी गर्दा गराउँदाको अवस्थामा दार्चुला र पारीवगरसम्म ढुवानी गर्नु पर्ने गरी संझौता भए गरेको भन्ने सम्बन्धमा कसैले पनि विवाद नउठाइ सो तथ्यलाई स्वीकार गरेको देखिन्छ । जव बैतडीबाट दार्चुला र पारीवगरसम्म सवै खाद्यान्न पुऱ्याइदैन र केही खाद्यान्न ढुवानी गर्ने भेडापाठाहरुले खाएकाले सो बापत कुपन अनुसार रकम दाखिल गर्ने कार्य र बैतडी देखि पारीवगरसम्म ढुवानी गर्ने खाद्यान्न मध्ये केही खाद्यान्न लटीनाथ, भवानी र बेतालेश्वर साझा संस्थालाई सोझै बैतडीबाट बुझ्न लगाई सो बापतको रकम पारीबगर डिपोबाटै खाद्यान्न प्राप्त र चलानी समर्थनको कार्य गरी रकम दाखिला गरी फर्जी वील समेतबाट विक्रि गरेको भन्ने स्पष्ट भई रहेको अवस्थामा ढुवानीकर्ता ठेकेदार लोकबहादुर र ठे.डवलबहादुर समेतले बुझीलिएको पुरै ढुवानी भाडा बापतको रकमबाट आफूले ढुवानी गर्न नपरेको स्थानको खाद्यान्न ढुवानी भाडा कुनै प्रतिवादीहरुले पेश दाखिल गरी फिर्ता गरी सकेको छ, सो रकम यो यस ठाउँमा बुझाई आम्दानी बाँधियो अथवा हामीले खाद्यान्न ढुवानी नगरेको परिमाणको ढुवानी

भाडा बुझीलिएकै छैनौ भनी मौका तथा अदालतको बयान समेत कतै उल्लेख गर्न सक्दैनन भने सो अवस्थामा यी सबै प्रतिवादीहरुको मिलोमतोमा बदनियत साथ संस्थालाई हानी नोक्सानी र आफूहरुलाई फाइदा हुने गरी भ्रष्टाचार गरेको स-प्रमाण पुष्टि हुँदा हुँदै आरोपबाट सफाई दिने कार्य गम्भिर त्रुटीपूर्ण छ ।

(च) त्यसैगरी केताको दस्तखत नै नभएका मिसिल साथ संलग्न फर्जी विल खडा गरी विक्रि गरेको २३१.९४ क्वी. खाद्यान्नको प्रति क्वी. ५२५।- का दरले हुने रु. १,२१,७६८।२० समेत भ्रष्टाचार गरेको स्पष्ट छ ।

२९. ***श्री पुनराबेदन अदालत बीरेन्द्रनगर सुर्खेतमा पुनरावेदन पत्र दर्ता गर्न पुनराबेदनको मस्यौदा बनाइ पुनरावेदन सरकारी वकील कार्यालय सुर्खेतमा पठाएको सुर्खेत जिल्ला***

लेखगाउँ गा.वि.स.वडा नं. १ को हाल विरेन्द्रनगर नगरपालिका वडा नं २० वस्ने बेदपुरण सलामी.....

ऐ.ऐ.वडा नं. ६ स्थित कोशी छापाखानाका मेनेजर भिम शाही रहेको भ्रष्टाचार मुद्दा ।

फैसला मितिः २०६१।८।१५।३

फैसलाको प्रकृति : खारेजी फैसला गरेको

फैसलाका आधारहरु :

(क) भ्र.नि.ऐन, २०१७ खारेज भई मिति २०५९।३।५ मा नयाँ भ्रष्टाचार निवारण ऐन, २०५९ लागु भई सकेको हुनाले खारेज भै सकेको प्र.नि.ऐन, २०१७ बमोजिम सजाय गरीपाऊँ भन्ने अभियोग दावी नमिलेको,

(ख) अ.बं. १८० नं. बमोजिम अभियोग दावी खारेज हुने ठहर्छ ।

पुनरावेदनका आधारहरु :

(क) यी प्रतिवादीहरुले गरेको भ्रष्टाचारजन्य कसुर साविक भ्रष्टाचार ऐन, २०१७ को दफा ८ र २९(१) अन्तर्गतको कसुर हो भन्ने कुरा जतिखेर कसुर अपराध भयो त्यसबेला भ्रष्टाचार ऐन, २०१७ प्रचलनमा छ । यी प्रतिवादीको सम्बन्धमा अनुसन्धान तहकिकात समेतका कारवाही साविक ऐन बहाल रहेकै अवस्थामा शुरु गरिएका छन । अभियोग पत्रमात्र नयाँ भ्र.नि.ऐन, २०५९ जारी भएपछि दायर भएको हो । कसूर गर्दाको अवस्थामा प्रचलनमा रहेको कानून बमोजिम नै सजाय हुन सक्ने हुँनाले कसूर गर्दाको अवस्थामा प्रचलनमा रहेको कानून बमोजिमको मागदावी खारेज गर्ने फैसला गर्नु प्रत्यक्षरुपमा त्रुटीपूर्ण छ । त्यस्तो तथ्यमा प्रवेश नगर्नु कानूनको प्रत्यक्ष त्रुटी हो । तथ्यभित्र प्रवेश गरी मिसिल संलग्न प्रमाणको उचित मूल्यांकन गर्नु पर्ने अ.बं. १८४ र १८५ नंले वाध्यात्मकरुपमा पालना गर्नुपर्ने कानूनी व्यवस्थाको समेत प्रत्यक्ष त्रुटी देखिन्छ ।

(ख) तत्कालिन भ्रष्टाचार निवारण ऐन, २०१७ बमोजिम भए गरेको काम कारवाई प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ बमोजिम नै भए गरेको मानिने ऐजन ऐनको दफा ६५ को उपदफा (३) मा व्यवस्था भएबाट प्रस्तुत अभियोगका सम्बन्धमा तथ्यभित्र प्रवेश नगरी इन्साफ गर्न नमिल्ने भनी न्यायदिन इन्कार गर्न कानूनतः विलकुलै मिल्दैन । शुरु गरेको कारवाही नेपाल कानून व्याख्या सम्बन्धी ऐन, २०१० को दफा (४) को देहाय (ख)(ग)(घ) र (ङ) बमोजिम भए गरेको देखिन्छ । तत्काल प्रचलित कानून बमोजिमको कसुरजन्य कार्य गरे पनि अभियोग दायर भई सकेपछि अदालतद्धारा पुरा गर्नुपर्ने कार्यविधिका सम्बन्धमा मात्र नयाँ लागु भएको ऐन प्रयोग हुन्छ भन्ने सर्वमान्य कानूनी सिद्धान्त छ ।

(ग) पुरानो ऐन जसलाई नयाँ प्रचलित ऐनले समेत समेटेको (Carry over) स्थितिमा प्रस्तुत अभियोग दावी नमिलेको भन्नु स्वयममा त्रुटीपूर्ण छ ।

पुनरावलोकनको निवेदन

विषयः- **रि.नं.२९६८/२०५९ को फैसलाको पुनरावलोकन गरिपाऊँ ।**

निवेदक : काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. २८ बस्ने नारायण भट्टराई

फैसला भएको मिति :- २०६१।८।१५

फैसलाको प्रकृति

अख्तियार दुरुपयोग अनुसन्धान आयोग समेतलाई विपक्षी बनाई काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. २८ बस्ने तत्कालीन भूमिसुधार तथा व्यवस्था मन्त्रालय अन्तर्गत योजना समन्वय तथा अनुगमन महाशाखाको प्रमुख नारायण भट्टराई दायर गर्नु भएको २०५९ सालको रि.नं. २९३२ को निवेदन उपर सम्मानित अदालतको संयुक्त इजलासबाट मिति २०६१।८।१५ मा भएको

फैसलाका आधारहरु

क. विपक्षी नापी महाशाखाको निमित्त उप महानिर्देशक पदमा रहँदा आर्थिक वर्ष २०५६।५७ मा नापी विभाग अन्तर्गत कित्ता नापी महाशाखाको लागि आवश्यक उपकरण खरिद गर्ने क्रममा परेका वोलपत्रहरु आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०५६ अनुसार बोलपत्र मूल्यांकन समितिबाट मूल्यांकन गराई प्रतिवेदन लिनु पर्नेमा सो कानूनी व्यवस्था पालन नगरेको कार्य सम्बन्धमा आयोगले निजसँग स्पष्टीकरण माग गरी मिति २०५९।८।४ को निर्णयबाट निजले अनुचित कार्य गरेको ठहर गरी निजलाई ५ वर्षसम्म बढुवा रोक्का गर्ने गरी सम्बन्धित मंत्रालयले विभागीय कारवाही गर्ने प्रकृया अघि बढाएको सन्दर्भलाई लिएर विपक्षीले सम्मानित अदालतमा दायर गरेको उपरोक्त रिट निवेदनको फैसला गर्दा सम्मानित अदालतबाट मूलतः निम्न कुरालाई आधार बनाइएको पाइन्छ ।

(अ). नेपाल अधिराज्यको संविधान, २०४७ (यसपछि 'संविधान' भनिएको) को धारा ९८(२) तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ (यसपछि 'ऐन' भनिएको) को दफा १२(२) अनुसार अनुचित कार्य गर्ने सार्वजनिक पद धारण गरेको व्यक्तिलाई के कस्तो सजायको प्रस्ताव गर्ने भन्ने अन्तिम अधिकार अख्तियारवालालाई मात्र रहेकोमा आयोगले निश्चित सजाय नै किटान गरी अख्तियारवालालाई लेखी पठाउन सक्ने अधिकार रहे भएको देखिएन । यसर्थ आयोगको निर्णय उपरोक्त संवैधानिक र कानूनी व्यवस्था विपरित देखियो ।

(आ) २०५८ सालको रिट नं २८०४ निवेदक निशितकुमार पौडेलले दायर गरेको मुद्दामा आफुलाई अधिकार नै नभएको विभागीय सजायको प्रकृति किटान गरी अख्तियारवाला समक्ष लेखी पठाउने आयोगको निर्णय कानून बमोजिम नभएको भनी सर्वोच्च अदालतको संयुक्त इजलासले २०५८।१०।२८ मा प्रतिपादन गरेको सिद्धान्त समेतको परिप्रेक्षमा आयोगले गरेको निर्णय सहितका सम्पूर्ण काम कारवाही वदर हुने ।

पुनरावलोकनका आधारहरु :

क.उक्त फैसला सम्मानित अदालतबाट भएका अन्य फैसलामा भएको व्याख्या र प्रतिपादित सिद्धान्तसँग वाझेको छ । विपक्षीलाई आयोगको निर्णयबाट मर्का परेको स्थिति छैन । विपक्षीलाई उपयुक्त सजाय प्रस्ताव गरी सजायको आदेश दिने अख्तियारवाला भूमिसुधार तथा व्यवस्था मन्त्रालय नै हो । विभागीय सजायको कारवाही शुरुमात्र भएको छ । विपक्षीलाई कुन सजाय गर्ने आदेश हुन्छ वा हुदैन सो टुंगो लागेको छैन । विपक्षीलाई मर्का पर्ने निर्णय नै अख्तियारवालाले गरी नसकेको अवस्थामा विपक्षी सम्मानित अदालतमा प्रवेश गरेको हुँदा विपक्षीको रिट निवेदन अपरिपक्व अवस्थाको छ । विपक्षीलाई मर्का पर्ने गरी विभागीय सजाय भै सकेको अवस्थामा मात्र सम्बन्धित अधिकारीको निर्णयलाई चुनौति दिने हक प्राप्त हुनेमा कारवाही कै क्रममा परेको उक्त रिट अपरिपक्व अवस्थाको भै खारेजभागी छ ।

सम्मानित अदालतबाट मिति २०५३।१२।२७ मा रिट निवेदक डा. श्रवणकुमार चौधरी विपक्षी लोकसेवा आयोग समेत भएको रि.नं. २१७३/०५३ को मुद्दामा भएको फैसला, मिति २०५३।२।२३ मा रिट निवेदक टेकचन्द्र पोखरेल विपक्षी कर विभाग समेत भएको रिट नं. २२२९।०४८ को मुद्दामा भएको फैसला र मिति २०६०।३।१० मा रिट निवेदक राजाराम पोखरेल विपक्षी अ.दु.अ.आ. समेत भएको रिट नं. ३९०३।०५६ को मुद्दामा भएका फैसलामा निर्णय नै भै नसकेको कारवाही कै अवस्थामा रहेको विषयको रिट निवेदनलाई अपरिपक्व अवस्थाको रिट निवेदन खारेज हुने भनी सिद्धान्त प्रतिपादन भै फैसला भएका हुनाले उक्त फैसलाहरुबाट स्थापित नजिरसँग प्रस्तुत मुद्दाबाट स्थापित नजिर बाझिन गएको स्पष्ट छ ।

ख.संविधान तथा कानूनले आयोगलाई अख्तियारवालासमक्ष विभागीय सजाय गर्न लेखिपठाउने अधिकार प्रदान गरेको छ । यसरी लेखी पठाएपछि विभागीय कारवाही गर्दा पुऱ्याउनु पर्ने आवश्यक प्रकृया पुऱ्याई सजायको प्रस्ताव गर्ने र उपयुक्त सजाय गर्ने अधिकार अख्तियारवालाको भएको स्थितिमा आयोगले '५ वर्षसम्म बढुवा रोक्का गर्ने' भनी सजायको प्रकृया उल्लेख भएको मात्र कारणले आयोगले विभागीय सजायको लागि अख्तियारवाला समक्ष लेखी पठाउने भनी गरेको निर्णय समेतलाई कानून विपरित मान्न मिल्दैन । आयोगले

सजायको प्रकृति किटान गरी अख्तियारवालासमक्ष पठाएको यस्तै प्रकृतिको निर्णय समेतलाई बदर गरी पाऊँ भनी रिट निवेदक तीर्थनाथ ठाकुरले दायर गर्नु भएको २०६१ सालको रिट नं. ३०५२ को मुद्दामा सम्मानित अदालतबाट मिति २०६१।७।२४ गते फैसला हुँदा आयोगबाट विभागीय सजायको लागि लेखी पठाउने गरेको सम्म कार्यलाई कानून सम्मत मानी आयोगको निर्णयलाई बदर नगरिएको हुँदा सो फैसलाबाट स्थापित हुन आएको नजिरसँग पनि प्रस्तुत मुद्दाको नजीर बाझेको स्पष्ट छ ।

ग. प्रस्तुत मुद्दाको फैसलाले स्थापित गरेका नजीर र सोभन्दा पहिले सम्मानित अदालतबाट भएका फैसलाले स्थापित गरेका नजिर बाझ्न गएका हुनाले प्रस्तुत मुद्दाको फैसला पुनरावलोकन गरिपाऊँ भन्ने माथि (क) र (ख) मा लिइएका आधारमा प्रतिकुल असर नपारी फैसला पुनरावलोकन हुनु पर्ने अन्य आधार निम्नानुसार छन् -

अ. कुनै संवैधानिक वा कानूनी निकाय वा अधिकारीले आफ्नो क्षेत्राधिकारभित्रका विषयमा गरेको कुनै निर्णयमा क्षेत्राधिकारभित्र नपर्ने विषय पनि परेको रहेछ भने त्यति मात्र कारणले त्यस्ता निकायले गरेको सम्पूर्ण निर्णय नै गैरकानूनी हुने वा बदरभागी हुने होइन । क्षेत्राधिकारभन्दा वाहिरको विषयमा गरेको निर्णयसम्म कार्यान्वयन गर्नु नपर्ने वा आवश्यक परे बदर हुन सक्ने हुन्छ तर क्षेत्राधिकारभित्रको विषयमा गरेको निर्णय यथावत नै रहन्छ । क्षेत्राधिकारभित्र पर्ने विषय र क्षेत्राधिकारभित्र नपर्ने विषय छुटयाउन सकिने स्थिति भएसम्म क्षेत्राधिकारभित्र नपर्ने कानून असम्मत अंशसम्म निरस्त गर्न सकिन्छ । Doctrine of severability को सिद्धान्तको आधारमा पनि आयोगले '५ वर्षसम्म बढुवा रोक्कागर्नु' भनी उल्लेख गरेको अंश कानूनसम्मत नठहरेको अवस्थामा पनि विभागीय सजायको लागि अख्तियारवालासमक्ष लेखी पठाउने निर्णय कानूनसम्मत छ र बदर हुनु पर्ने होइन ।

आ. फैसलामा आधार लिइएको निवेदक निशितकुमार पौडेलले दायर गरेको २०५८ सालको रिट नं. २८०४ को मिति २०५८।१०।२८ मा भएको फैसलाको नजीर प्रस्तुत मुद्दामा लगाउन मिल्दैन । किनकि उक्त मुद्दामा दोस्रो संशोधन हुनुभन्दा अगाडी कायम रहेको ऐनको दफा ११ को प्रावधानको परिप्रेक्षमा आयोगले गरेको निर्णय सम्बन्धमा फैसला गरिएको हो भने प्रस्तुत मुद्दा ऐनको दोश्रो संशोधन भए पश्चात स्पष्टीकरण मागेपछि गरिएको निर्णय हुनाले संशोधित कानूनी प्रावधानका सन्दर्भमा गरेको निर्णयलाई संशोधन पूर्वको कानूनी प्रावधानअन्तर्गत भएको निर्णय सम्बन्धमा भएको फैसलामा स्थापित नजिर लागु नहुने स्पष्ट छ ।

इ. आयोगले अख्तियारवालासमक्ष विभागीय कारवाहीको लागि लेखी पठाउने निर्णय गरेकोमा अख्तियारवालाले ऐनको दफा १२(२) अनुसार उपयुक्त सजायको प्रस्ताव गर्न र कानूनी प्रकृया पुरा गरी उपयुक्त सजायको आदेश गर्न सक्ने निजको अधिकारमा आयोगको निर्णयले आँच पुऱ्याएको वा वाधा व्यवधान खडा गरेको छैन । विभागीय सजाय गर्न अधिकारप्राप्त अख्तियारवाला भूमिसुधार तथा व्यवस्था मन्त्रालयले सम्मानित अदालतमा पेश गरेको लिखितजवाफमा पनि मन्त्रालयको अधिकार आयोगको निर्णयका कारणले कुण्ठित भएको वा मंत्रालयले उपयुक्त सजाय प्रस्ताव गरी सजायको आदेश गर्न सक्ने अधिकार आयोगको निर्णयका कारणले सिमित भएको भन्ने जिकिर लिएको पनि देखिदैन ।

परिच्छेद - ५
पुनरावेदन नगरिएका मुद्दाहरुको संक्षिप्त विवरण

आ.व. २०६१/६२ मा बिभिन्न अदालतबाट भएका फैसला उपर आयोगको चित्त बुझी पुनरावेदन नगरिएका मुद्दाहरुको संक्षिप्त विवरण देहायमा उल्लेख गरिएको छ :

१. वादी श्री ५ को सरकार प्रतिवादी दोलखा जिल्लाका तत्कालिन स्थानीय विकास अधिकारी गजेन्द्र थकाली समेत भएको मुद्धामा निज थकालीले जिल्ला विकास समिति, दोलखालाई सडक विभागवाट उपलव्ध गराइएको स.अ.५६ नं को टिप्पर मर्मत नगराई मर्मत गरेको भनी अख्तियारको दुरुपयोग गरी आफू समेतलाई गैरकानूनी लाभ तथा जिल्ला विकास समिति, दोलखालाई गैर कानूनी हानी पुऱ्याएको भन्ने बिषयमा विशेष अदालत, काठमाडौंवाट मिति २०६०।९।२५ गते भएको फैसलामा टिप्पर मर्मत गर्नका लागि कोटेशन नदिएको र मर्मत गर्ने काम समेत नगरेको जी.के.मोटर्स, बुटवललाई भुक्तानी दिएको रु १,४९,०००।०० र हिमाली अटो इन्जिनियरिङ्ग वर्क्स, बुटवललाई भुक्तानी दिएको रु ४०,५००।०० गरी जम्मा रु १,८९,५००।०० प्रतिवादीहरुवाट भ्रष्टाचार गरेको ठहर भएको देखियो । टिप्पर मर्मत भएको भन्ने देखिन आएको आधारमा मर्मत वापत समेतको रकम रु १,२८,६००।०० भुक्तानी दिएको कुराको हकमा अभियोग दावी पुग्न नसक्ने ठहऱ्याएको उक्त फैसला उपर पुनरावेदन गरिरहनु पर्ने अवस्था नहुँदा आयोगको मिति २०६१।४।५ को निर्णयानुसार पुनरावेदन नगरिएको ।

२. जिल्ला वन कार्यालय, बाँके अन्तर्गत रोहिणी रेञ्जपोष्टका तत्कालीन रेञ्जर ज्ञानबहादुर चौधरी समेत प्रतिवादी भएको सरकारी वन जङ्गलको काठ तस्करी गरी भ्रष्टाचार गरे भन्ने मुद्दामा विशेष अदालत, काठमाडौंवाट मिति २०६१।१।२ गते भएको फैसलामा निज रेञ्जर चौधरी लगायतका कर्मचारीहरुले रिसवत लिइ मुनवर अली शेख समेत १८ जना भन्दा बढी व्यक्तिहरुलाई काठ काट्न दिए र तत्काल पक्राउ परेका व्यक्तिलाई भाग्ने मौका दिए भन्ने दावी अदालतमा पुष्टि गर्न नसकिएको र यसै वारदात सम्बन्धमा काठ सहित पक्राउ परेका व्यक्तिहरु उपर चलाइएको वन सम्बन्धी मुद्दामा वनका कर्मचारी बाहेक अन्य सवै प्रतिवादीहरुले कसुर गरेको ठहर गरी बाँके जिल्ला अदालतबाट भएको फैसला समेतका आधारमा प्रस्तुत मुद्दाका प्रतिवादीहरु उपरको भ्रष्टाचारको मागदावी पुग्न नसक्ने गरी विशेष अदालतबाट भएको फैसला उपर पुनरावेदन गरिरहनु पर्ने अवस्था नदेखिँदा आयोगको मिति २०६१।४।१९ को निर्णयानुसार पुनरावेदन नगरिएको ।

३. वादी श्री ५ को सरकार प्रतिवादी संखुवासभा जिल्लाका तत्कालीन प्रमुख जिल्ला अधिकारी यादवप्रसाद ढुंगाना समेत भएको मुद्दामा आ.व. २०५७।५८ मा संखुवासभा जिल्लाका लागि तोकिएको आयोडिनयुक्त नून मध्ये ५९६.४७ क्वीन्टल नून ढुवानी गरी हिनामिना गरी ढुवानी वापतको रकम भ्रष्टाचार गरे भन्ने मुद्दामा विशेष अदालत, काठमाडौंवाट मिति २०६१।२।१८ गते भएको फैसलामा प्रस्तुत मुद्दाका सवै

प्रतिवादीहरुले भ्रष्टाचार गरेको ठहर गरी ढुवानी वापतको विगो रु. ७,२२,३२५।१७ प्रतिवादीहरुवाट दामासाहीका दरले भराउने तर नूनको बिक्री मूल्य रु. २,२६,६५८।६० तर्फको दावी नपुग्ने भन्ने फैसला भएको देखियो । नूनको बिक्री मूल्य ठेकेदारवाट साल्ट ट्रेडिङ कर्पोरेशनले प्राप्त गरेको देखिएको आधारमा विक्री मूल्य तर्फको दावी नपुग्ने ठहऱ्याएको फैसला उपर आयोगको मिति २०६१।४।२१ को निर्णयानुसार पुनरावेदन नगरिएको ।

४. वादी श्री ५ को सरकार प्रतिवादी सर्लाही जिल्ला खुटौना गा.वि.स.वडा नं. ५ घर भै सोही गा.वि.स.का तत्कालीन अध्यक्ष सियाराम यादव समेत भएको सरकारी सार्वजनिक गाउ ब्लकको जग्गामा घर नभएकोमा घर छ भन्ने मुचुल्का गरी गराई सरकारी सम्पत्ति दर्ता गराई भ्रष्टाचार गरे भन्ने मुद्दामा विशेष अदालत, काठमाडौंवाट मिति २०६१।१।३१ गते फैसला हुंदा प्रतिबादीहरु सियाराम यादव, हुसैनी दुसाध र सत्यनारायण रायले भ्रष्टाचार गरेको ठहर भै निजहरु तीनै जनालाई जनही रु. पाँच हजारका दरले जरिवाना भएको देखिएकोले यी प्रतिबादीहरुका सम्बन्धमा बिचार गरिरहनु पर्ने अवस्था देखिएन । प्रस्तुत मुद्दाका अन्य प्रतिबादीहरुलाई आरोपपत्र माग दाबी बमोजिम सजाय नभएको तर्फ हेर्दा गाउँ ब्लक एरियाको नापी नभएको जग्गामा रहेको घर स्थानीय गा.वि.स.को सिफारिशमा पारित गरिदिनु पर्ने भनी मालपोत विभागबाट मिति २०५६।२।२ मा भएको परिपत्रका आधारमा मालपोत कार्यालयका कर्मचारीहरु ना.सु. चन्द्रबहादुर भण्डारी र खरिदार शेखरबहादुर कार्कीहरु उपरको दावी नपुग्ने ठहऱ्याएको तथा गा.वि.स. अध्यक्ष आफैले गराएको मुचुल्कामा राखेका निरक्षर व्यक्तिहरुले सवै वास्तविकता बुझी दुषित मनसायबाट नै त्यस मुचुल्कामा सही गरेका हुन् भन्न न्यायोचित नहुने भनी सर्जमिनका व्यक्तिहरु चन्द्रमण्डल खत्वे, राजगीर ठाकुर र नथुनी राय उपरको दावी नपुग्ने ठहऱ्याएको उक्त फैसला उपर पुनरावेदन गरिरहनु पर्ने अबस्था नदेखि आयोगको मिति २०६१।४।२८ को निर्णयानुसार पुनरावेदन नगरिएको ।

५. वादी श्री ५ को सरकार प्रतिवादी अभयकुमार श्रीवास्तव भएको राष्ट्रसेवक उपर मोलाहिजा गर्ने उद्देश्यले रिसवत लिएको भन्ने भ्रष्टाचार मुद्दामा विशेष अदालत, काठमाडौंवाट मिति २०६१।२।४ गते भएको फैसलामा कक्षा ११ र १२ का अनुत्तीर्ण परीक्षार्थीहरुलाई उत्तीर्ण गराउन भनी रु. ३०,०००।- लिँदैका अवस्थामा पक्राउ गरिएका प्रतिवादी उपर उच्च माध्यमिक शिक्षा परिषद्का कर्मचारीहरुलाई अनुत्तीर्ण परीक्षार्थीहरुलाई उत्तीर्ण गराउन प्रभावमा पार्ने नियतले उक्त रकम लिएको भन्ने आधारमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(२) को कसूरमा दफा २१ बमोजिम सजाय गरि पाउन मागदावी गरिएकोमा प्रतिवादी उपरको सो मागदावी पुष्टि हुन नसकेको भनि प्रतिवादीलाई सफाई दिने गरी भएको उपर्यक्त फैसला उपर पुनरावेदन गरिरहनु पर्ने अवस्था नहुँदा आयोगको मिति २०६१।५।७ को निर्णयानुसार पुनरावेदन नगरिएको ।

६. वादी श्री ५ को सरकार प्रतिवादी जिल्ला सिंचाई कार्यालय, सल्यानका तत्कालीन निमित्त कार्यालय प्रमुख थलेश पुर्वे भएको भुम्केज्यूला सिंचाई आयोजनाबाट कमिसन बापत भनि रु. १,७७,०००।- रिसवत लिई भ्रष्टाचार गरेको भन्ने मुद्दामा विशेष अदालत, काठमाडौंवाट मिति २०६१।२।३२ मा फैसला हुंदा प्रतिवादी उपर दायर

गरिएको प्रस्तुत मुद्दामा प्रतिवादीले भ्रष्टाचार गरेको ठहर गरी फैसला भएको हुँदा कसूर तर्फ पुनरावेदन गर्नु पर्ने भएन । प्रतिवादीले कमिसन बापत भनी रु. १,७७,०००।- रिसवत लिएकोमा प्रतिवादीलाई विगो बमोजिम रु. १,००,०००।- जरिवाना गर्ने फैसला भएको देखियो । प्रतिवादीले रु. १,७७,०००।- कमिसन बापत लिएको भए पनि पछि निजले रु. ७७,०००।- उक्त सिंचाई आयोजनाको खातामा जम्मा गरेको भन्ने आधारमा निज उपर रु. १,००,०००।- विगो दावी गरी अभियोग दायर भएको रहेछ । यसै आधारमा सो बिगो भराई सोही बिगो बमोजिम नै निजलाई जरिवाना हुने गरी भएको फैसला उचित नै देखिँदा आयोगको मिति २०६१।५।२४ को निर्णयानुसार प्रस्तुत मुद्दाको फैसला उपर पुनरावेदन गरिएन ।

७. वादी श्री ५ को सरकार प्रतिवादी कोहलपुर नगर विकास समितिका तत्कालीन अध्यक्ष चेतबहादुर थापा समेत भएको कोहलपुर नगर विकास समितिमा टेण्डरबाट गराउनु पर्ने काम कोटेशनबाट गराई भ्रष्टाचार गरेको भन्ने मुद्दामा सो समितिका तत्कालीन अध्यक्ष चेतबहादुर थापा र ठेकेदार सतिसकुमार अग्रवाल समेत उपर जरिवाना र कैद सजायको माग दावी गरी अभियोग पत्र दायर भएको थियो । प्रतिवादीहरुको कामबाट नगर विकास समितिलाई कति रकम गैर कानूनी हानी भयो र प्रतिवादीहरुलाई कति रकम गैर कानूनी लाभ भयो भनी स्पष्ट र एकिन विगो दावी नगरिएको भन्ने आधारमा प्रतिवादीहरुलाई सफाइ दिने गरी भएको विशेष अदालत, काठमाडौंको मिति २०६१।२।२८ को फैसला उपर पुनरावेदन गरिरहनुको औचित्य नदेखि आयोगको मिति २०६१।५।२८ को निर्णयानुसार पुनरावेदन नगरिएको ।

८. वादी श्री ५ को सरकार प्रतिवादी कोहलपुर नगर विकास समितिका तत्कालिन इन्जिनियर आङनिमा शेर्पा समेत भएको कोहलपुर नगरविकास समितिबाट A_1 - A_{10} मा साइट क्लियरेन्स र सब-ग्रेड तयारीको काम नभएकोमा त्यस बापत भनी रु. १,४३,६६८।८० भुक्तानी दिइ लिई नगर विकास समितिलाई गैर कानूनी हानी पुऱ्याएको भन्ने मुद्दामा प्रतिवादीहरु इन्जिनियर आङनिमा शेर्पा, ओभरसियर मंगलबहादुर बम र ठेकेदार प्रतिनिधि गजानन्द अग्रवाल समेत उपर उक्त विगो भराई विगो बमोजिम जरिवाना समेत हुन माग दावी गरी मुद्दा दायर गरेकोमा प्रतिवादीहरु उपरको माग दावी अदालतमा पुष्टी गर्न नसकिएको आधारमा प्रतिवादीहरुलाई सफाई दिने गरी विशेष अदालत, काठमाडौंवाट मिति २०६१।२।२८ गते भएको फैसला उपर पुनरावेदन गरिरहनु पर्ने अवस्था नदेखिँदा आयोगको मिति २०६१।५।२८ को निर्णयानुसार पुनरावेदन नगरिएको ।

९. वादी श्री ५ को सरकार प्रतिवादी खोमबहादुर के.सी. समेत भएको प्यूठान, बिजुवार र देवीस्थान सेवा केन्द्रमा भवनहरु वनाउँदा गुणस्तर अनुरुपको सामाग्री प्रयोग नगरी भ्रष्टाचार गरे भन्ने मुद्दामा विजुवार सेवा केन्द्रमा इष्टिमेट भन्दा कम र गुणस्तर हिन सामान प्रयोग गरी वास्तविक काम भन्दा रु. ८८,७३२।२२ बढी भुक्तानी लिए दिएको भनी ठेकेदार विष्णुबहादुर डि.सी., का.मु.अ.ई. जगदीश साह र ओ.सी.बुद्धीराज पाण्डे समेत उपर तथा देवीस्थान सेवा केन्द्रमा काम गरेको भन्दा रु. ४०,१७४।८२ बढी भुक्तानी लिए दिएको भनी ठेकेदार खुमबहादुर के.सी., ओ.सी.प्रमोदकुमार सिंह र मनोजबहादुर बस्नेत समेत उपर विगो भराई विगो बमोजिम जरिवाना समेत हुन माग

दावी गरी अभियोग दायर भएको थियो । सेवा केन्द्रमा बनाइएका विभिन्न भवनहरुको सम्बन्धमा प्राविधिकले दिएको प्रतिवेदनको आधारमा प्रतिवादीहरु उपर मुद्दा दायर भएको रहेछ । प्राविधिकको प्रतिवेदनमा उल्लेख भएको Assumed भन्ने शव्दले अनुमानको आधारमा प्रतिवेदन दिएको देखिएको र प्राविधिक मूल्यांकनको अन्त्यमा समष्टिमा भवनहरुको निर्माणको गुणस्तर ठीकै रहेको भन्ने उल्लेख भएको हुँदा उक्त मूल्यांकनलाई आधारमानी प्रतिवादीहरुलाई सजाय गर्नु न्यायोचित भएन भनी प्रतिवादीहरुलाई सफाई दिने गरी विशेष अदालत, काठमाडौंवाट मिति २०६१।२।१३ मा भएको फैसला उपर पुनरावेदन गरिरहनु पर्ने अवस्था नदेखिँदा आयोगको मिति २०६१।५।२८ को निर्णयानुसार पुनरावेदन नगरिएको ।

१०. वादी श्री ५ को सरकार प्रतिवादी महोत्तरी, ने.रा.ज.प्रा.वि. एकहरिया गमरियाको प्र.अ. लालबाबु पाण्डे समेत भएको बिद्यालयको रकम हिनामिना गरी भ्रष्टाचार गरे भन्ने मुद्दामा प्रतिवादी लालबाबु पाण्डे र रामबिबेचन ठाकुर समेत उपर विद्यालयको रकम रु. १,०४,१८६।- हिनामिना गरेको भनी उक्त बिगो विद्यालयलाई भराई प्रतिवादीहरुलाई सजाय समेत गरी पाउन दावी गरी अभियोग दायर गरेको देखियो । विशेष अदालत, काठमाडौंको मिति २०६१।२।११ को फैसलामा प्रतिवादीहरुले विद्यालयको रकम हिनामिना गरेको ठहर गरी प्रतिवादी लालबाबु पाण्डेबाट रु. ७१,३३६।- र रामबिबेचन ठाकुरबाट रु. २४,२००।- बिद्यालयलाई भराई सोही विगो बमोजिम निजहरुलाई जनही जरिवाना गर्ने फैसला भएको रहेछ । दावी बिगोमा रु ७,९९२।- कम गरी ठहर भएको हदसम्म पुनरावेदन गर्ने कि भन्ने तर्फ विचार गर्दा उक्त रकम दोहोरो जोडिएको भन्ने आधारमा एका तर्फ जोडिएको रकम घटाइ अदालतबाट विगो कायम गरिएको देखिँदा आयोगको मिति २०६१।५।२८ को निर्णयानुसार पुनरावेदन नगरिएको ।

११. कमल गुरुङले लक्ष्मीप्रसाद कोइरालासंग संयुक्त वचत खाता खोलेकोमा निज गुरुङले रा. वा. बैंक, महाराजगंजका कर्मचारी ब.स. हरिहर सिंह वस्नेतसँग मिलेमतो गरी संयुक्त खातावाल कोइरालाको दस्तखत कीर्ते गरी रु. २,२३,०००।- निकाली भ्रष्टाचार गरे भन्ने कमल गुरुङ समेत प्रतिवादी भएको मुद्दामा संयुक्त खातावालाहरु कै नाउमा काटिएको चेकमा खातावालाहरु मध्ये एक जनाले अर्कोको दस्तखत कीर्ते गरेको भन्ने उजूरीका सम्बन्धमा उजूरी कर्ताले स्वयं छुट्टै प्रचलित कानून बमोजिम उपचार पाउन सक्ने विषय देखिएको, बैक कर्मचारीसंग यो यस किसिमको मिलेमतो र संलग्नता थियो भनी स्पष्ट प्रमाणित हुन नसकेको र व्यक्ति विशेषको खाताबाट खातावाल मध्ये कै व्यक्तिले चेक भजाई रकम निकालेको कामबाट वाणिज्य बैंकलाई गैरकानूनी हानी पुऱ्याइएको भन्ने संझन नमिल्ने भएकोले प्रतिवादीहरु उपरको दावी पुग्न सक्दैन भनी विशेष अदालत, काठमाडौंबाट मिति २०६१।४।२० मा भएको फैसला उपर पुनरावेदन गर्नु पर्ने अवस्था नदेखिँदा आयोगको मिति २०६१।६।६ को निर्णयानुसार पुनरावेदन नगरिएको ।

१२. इन्जिनियर तीर्थप्रसाद श्रेष्ठ, ओ.सी. रामप्रसाद पाण्डे र ठेकेदार प्रतिनिधि किस्मत सिंह उपर ऋ्ण (ऋ्णघ सडक र ढल निर्माण काम गर्दा साइट क्लियरेन्स, सवग्रेड तयारी, नरम माटो काटेकोलाई कडा माटो काटेको भनी र कम काम गरेकोलाई बढी देखाइ नगरेको काम गरेको भनी रु. ४,१९,८३२।१२ लिनु दिनु गरी भ्रष्टाचार गरे भन्ने इन्जिनियर तीर्थप्रसाद श्रेष्ठ समेत प्रतिवादी भएको मुद्दामा साइड क्लियरेन्स र सवग्रेड

तयारीको काम नभएको भनी २०५४ सालमा गरिएको मुचुल्कामा लेखिएकोमा ती कामपछि सडक निर्माण समेत भई सकेको र उक्त मुचुल्कामा बस्ने व्यक्तिहरुले वकपत्र नगरेको एवं मुचुल्काको काम तामेल गर्ने व्यक्तिले वकपत्र गर्दा जाँच परीक्षण गरिएका प्राविधिक आधार खुलाउन नसकेको भन्ने समेत आधारमा प्रतिवादीहरु उपरको मागदावी पुग्न नसक्ने ठहर गरी विशेष अदालत, काठमाडौंवाट मिति २०६१।२।२८ गते भएको फैसला उपर पुनरावेदन गर्नु पर्ने अवस्था नदेखिँदा आयोगको मिति २०६१।६।६ को निर्णयानुसार पुनरावेदन नगरिएको ।

१३. राष्ट्रसेवकको ओहदा पाउन शिक्षा सम्बन्धी योग्यता ढाँटेको बिषयक प्रतिवादी रञ्जु तिवारी भएको भ्रष्टाचार मुद्दामा प्रतिवादीले नेपाल खानेपानी संस्थानमा सहायक लेखापाल चौथो तहमा नियुक्ति पाउनका लागि सन् १९९० मा क्रमांक ३७४/४०२ बाट मध्यमा परीक्षा उत्तीर्ण गरेको भनी बिहार संस्कृत शिक्षा बोर्ड, पटना, भारतबाट प्राप्त प्रमाणपत्र पेश गरेकोमा उक्त प्रमाणपत्र प्रमाणीकरण गर्न पठाउँदा सम्बन्धित निकायबाट उक्त प्रमाणपत्रका सम्बन्धमा कैफियत महलमा "इस रोल मे रञ्जु तिवारी सम्मिलित नही है" भनी लेखिआएको आधारमा मुद्दा दायर गरिएको रहेछ । अदालतबाट उक्त प्रमाणपत्र पुनः प्रमाणीकरण गर्न पठाउने भन्ने आदेश भए अनुसार उच्च माध्यमिक शिक्षा परिषद्, सानोठिमी, भक्तपुरबाट पुनः प्रमाणीकरणका लागि लेखिएकोमा उक्त प्रमाणपत्रका सम्बन्धमा "नाम रञ्जु तिवारी, कोड ३७४ क्रमाङ्क ४०२ प्राप्ताङ्क ४०० तथा श्रेणी तृतीय" भनी लेखी आएको आधारमा प्रतिवादीको विवादको प्रमाणपत्र सक्कली नै देखिएको भनी त्यसैलाई आधार बनाई अदालतबाट प्रतिवादीलाई आरोपित कसूरबाट सफाई दिने गरी विशेष अदालत, काठमाडौंबाट मिति २०६१।५।११ मा फैसला भएको देखियो । अदालतबाट उच्च माध्यमिक शिक्षा परिषद्, सानोठिमी, भक्तपुर मार्फत पुनः प्रमाणीकरण गर्न पठाउँदा प्रतिवादीलाई आरोप लगाइँदा प्राप्त भएको प्रमाणीकरणलाई खण्डन गर्ने तथ्य प्राप्त भएको भन्ने जानकारी सम्बद्ध जिम्मेवार निकायबाट प्राप्त भएको आधारमा प्रतिवादीलाई सफाई दिइएको देखिँदा प्रस्तुत मुद्दाको फैसला उपर पुनरावेदन गर्नु पर्ने अवस्था नदेखिँदा आयोगको मिति २०६१।६।२१ को निर्णयानुसार पुनरावेदन नगरिएको ।

१४. वादी श्री ५ को सरकार प्रतिवादी शैलेन्द्रकुमार कर्ण भएको भ्रष्टाचार (किर्ते दस्तखत गरी विद्यालयको रकम निकाली हिनामिना गरेको) मुद्दामा विशेष अदालत, काठमाडौंबाट प्रतिवादीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम कसूर गरेको ठहऱ्याई रु. ८०,४२३।९४ पैसा मात्र विगो कायम गरी ऐजन ऐनको दफा १७ तथा ३(१)(ग) बमोजिम रु. ८०,४२३।९४ पैसा जरिवाना र ५ (पाँच) महिना कैद समेत हुने ठहऱ्याए पनि पौष्टिक आहार तर्फको रु. २८,२१५।३९ पैसा हिनामिना गरे भन्ने मागदावी रहेकोमा रु. ३,६८८।७४ पैसा मात्र हिनामिना गरेको ठहऱ्याई विगो कायम गरेको हुँदा उक्त पुरा विगो कायम नगरे तर्फ पुनरावेदन गर्ने नगर्ने सम्बन्धमा निर्णय हुनका लागि पेश हुँदा प्रस्तुत मुद्दामा प्रतिवादी शैलेन्द्रकुमार कर्णका सम्बन्धमा अभियोग मागदावी गरिए बमोजिम नै कसूर ठहर भै विगोको सम्बन्धमा पनि रु. ८०,४२३।९४ पैसा ठहर भएको पाइएता पनि पौष्टिक आहार तर्फको सम्पूर्ण मागदावी विगो रु. २८,२१५।३९ पैसा ठहर हुन नसकी विगो रु. ३,६८८।७४ पैसा सम्म मात्र विगो ठहर

भएको अवस्थामा अदालतबाट तीन दिन बिद्यार्थीलाई खुवाएको र मौज्दात कटाउँदा बाँकी जम्मा पिठो र घ्यूसम्म प्रतिवादीले हिनामिना गरेको भन्ने फैसलामा उल्लेख हुँदा सो हदसम्म आयोगको मुख्य मागदावी ठहर भै आंशिक सफलता प्राप्त भएको हुनाले प्रस्तुत मुद्दाको फैसला उपर आयोगको मिति २०६१।९।१३ को निर्णयानुसार पुनरावेदन नगरिएको ।

१५. रामजीप्रसाद रौनियार समेत प्रतिवादी भएको भ्रष्टाचार मुद्दामा विशेष अदालत, काठमाडौंबाट प्रतिवादीलाई भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(२) बमोजिम कसूर गरेकोले ऐजन ऐनको दफा २९(२) अनुसार विगो बमोजिम जरिवाना समेत हुने ठहऱ्याई मिति २०६०।५।२४ गते भएको फैसलामा केही विगो कम कायम गरेको र प्र. टिका राना समेत उपर लिएको भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६(क) को कसूरमा सफाई दिए तर्फ पुनरावेदन गर्ने नगर्ने सम्बन्धमा प्रतिवादी रामजीप्रसाद रौनियारले रु. १,३२,१५६।२८ पैसा, प्र. अवधकिशोर प्रसाद सिंहले रु. १,६७,९६५।७६ पैसा, प्र. विश्वनाथ सिंहले रु. १,०९,३४७।५८ पैसा र डा. रविन्द्र सिंहले रु. ३४,६४३।- को रकम भ्रष्टाचार गरेको ठहरी विगोको हकमा दावि लिँदा प्रतिवादीहरुले केही बास्तविक भुक्तानी गरेको रकम तथा दावीको जोडमा फरक परेको रकम समेत दावी भित्र परेको भनी अदालतको फैसलाले सो रकम कट्टा गरी बाँकी विगो कायम गरे पनि मुख्य कसूर ठहर भएकोले त्यस तर्फ सो हदसम्म आयोगलाई पूर्ण सफलता प्राप्त भएको देखिन्छ । सफाई पाउने टिका राना समेतका प्रतिवादीहरुका सम्बन्धमा यी प्रतिवादीहरु सार्वजनिक पद धारण गरेका व्यक्ति नहुनुका साथै राष्ट्रसेवकको परिभाषा भित्र पनि नपरी निजी होटलका मालिक, व्यवस्थापक (मेनेजर) र कामदारहरु भएको र बढी रकमको बील बनाई दिए बापत यी प्रतिवादीहरुले कुनै लाभ नगदी जिन्सी वा सुविधा लिए दिएको भन्ने प्रमाणित हुन नआएबाट निजहरुले आफुलाई फाइदा र नेशनल ट्रेडिङ लिमिटेडलाई गैरकानूनी हानी पुऱ्याएको नदेखिदा आयोगको मिति २०६१।९।२६ को निर्णयानुसार पुनरावेदन नगरिएको ।

१६. मध्य पश्चिमाञ्चल सडक कार्यालय नं. ४, छिञ्चु, सुर्खेतको धरौटी खातामा रहेको रकम रु. १,६९,४९४।७७ ठेकेदारहरुको इच्छापत्र र जिल्ला विकास समितिको सभापतिको सिफारिस समेत किर्ते बनाई दलवीर कार्कीको नामबाट निकाली लगेको भनी प्रतिवादी ऐनबहादुर शाही उपर भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ को कसूरमा सोही दफा बमोजिम सजाय भै विगो भरी पाउन मागदावी गरी सुर्खेतका प्रमुख जिल्ला अधिकारीबाट सुर्खेत जिल्ला अदालतमा भ्रष्टाचार मुद्दा दायर भएको देखियो । उल्लिखित सडक कार्यालयमा पेश भएको इच्छापत्रमा भएको सहिछाप आफ्नो होइन भनी अनुसन्धानको समयमा बयान गर्ने साग्मु मल्ल, रायक लामा समेतले अदालतमा वकपत्र गर्दा दलवीर कार्कीलाई आफूले इच्छापत्र दिएको भनेको र प्रस्तुत मुद्दाको जाहेरवाला दलवीर कार्कीले वकपत्र गर्दा राजनैतिक रिस इवीको कारण जाहेरी दिएको हो, प्रतिवादीले भ्रष्टाचार गरेका होइनन् भनेको तथा प्रतिवादीले अनुसन्धानको समयमा बयान गर्दा समेत कसूर गरेको कुरा इन्कार गरेको समेत तथ्यलाई आधार बनाई प्रतिवादीलाई सफाई दिने गरी सुर्खेत जिल्ला अदालतबाट भएको फैसला उपर

पुनरावेदन गरिरहनु पर्ने अवस्था देखिएन । तसर्थ आयोगको मिति २०६१।९।२६ को निर्णयानुसार पुनरावेदन नगरिएको ।

१७. वादी श्री ५ को सरकार प्रतिवादी तुलसीराम पाण्डे समेत भएको भ्रष्टाचार मुद्दामा विशेष अदालत, काठमाडौंबाट मिति २०६१।११।४ मा भएको फैसलामा प्रतिवादी तुल्सी राम पाण्डे, गोपालप्रसाद ढुंगेल, श्रीनारायणलाल कर्ण र केदारप्रसाद पलान्चोकेको हकमा मागदावी बमोजिम विगो रु. १,१७,७९,६८४।६८ को दामासाहीले जनही रु. २९,४४,९२१।१७ र विगो बमोजिम जरिवाना गरी कैद सजाँय समेत भएकाले सफलता प्राप्त भएको, प्रतिवादी लाल पत्थरकटको हकमा मागदावी बमोजिम मतियारमा ठहर भै मूल प्रतिवादी तुल्सीराम पाण्डेलाई भएको सजायको आधा सजाय भै सकेको, प्रतिवादी भरत चौधरीको हकमा मुल सजाँयको मागदावी भएकोमा मतियारमा सजाँय भएकोले आँशिक सफलता प्राप्त भए तर्फ हेर्दा निज प्रतिवादीको पदीय जिम्मेवारी खरिदार तहको भै निर्णायक पनि नभएको, निजले उक्त गैह्रकानूनी कार्यमा दर्ताको लागि टिप्पणीमा सहीसम्म गरेको अवस्थामा अन्य कार्यमा निजको भूमिका मूल अभियुक्त सरहको स्थिति पुष्टि नभएको समेतको आधारमा आयोगको मिति २०६२।३।५ को निर्णयानुसार पुनरावेदन नगरिएको ।

१८. वादी श्री ५ को सरकार विरुद्ध प्रतिवादी तुलसीराम पाण्डे समेत भएको भ्रष्टाचार मुद्दामा विशेष अदालत, काठमाडौंबाट मिति २०६१।११।४ मा फैसला हुँदा प्रतिवादी तुल्सीराम पाण्डे, गोपालप्रसाद ढुंगेल, श्रीनारायणलाल कर्ण र केदारप्रसाद पलान्चोकेको हकमा मागदावी बमोजिम विगो रु. २७,१९,२२५।५२ को दामासाहीले जनही रु. ६,७९,८१३।८८ र विगो बमोजिम जरिवाना गरी कैद सजाँय समेत भएको, लाल पत्थरकटको हकमा मागदावी बमोजिम मतियारमा ठहर भै मूल प्रतिवादी तुल्सीराम पाण्डेलाई भएको सजायको आधा सजाय भै सकेको, प्रतिवादी राजकुमार दाहालको हकमा मुल प्रतिवादीहरु सरह सजाँयको मागदावी भएकोमा मतियारमा सजाँय भएकोले आँशिक सफलता प्राप्त भए तर्फ हेर्दा निज प्रतिवादीको पदीय जिम्मेवारी खरिदार तहको भै निर्णायक पनि नभएको, निजले उक्त गैह्रकानूनी कार्यमा निजले बुझेको सवारी धनी प्रमाणपत्र (व्लु वुक) मध्ये केही प्रतिवादी मध्येका तुल्सीराम पाण्डेलाई केही व्लु वुक गैरकानूनी कार्य प्रयोजनको लागि दुरुपयोग गरे गराएकोसम्म देखिई चार महिना कैद गर्ने फैसला भै सफलता प्राप्त भएको आधारमा आयोगको मिति २०६२।३।५ को निर्णयानुसार पुनरावेदन नगरिएको ।

१९. प्रतिवादी शिवबहादुर स्वाँर समेत भएको भ्रष्टाचार मुद्दामा विशेष अदालत, काठमाडौबाट मिति २०६१।१०।१८ मा भएको फैसलाबाट शिवबहादुर स्वाँरलाई अभियोग मागदावी बमोजिम कसुर गरेको ठहर्‍याई २ महिना कैद र रु. १८,०००।- जरिवाना समेत हुने ठहरिएको, प्रतिवादी मध्येका लिलाप्रसाद पोखरेल र दुर्गाप्रसाद बास्कोटालाई मतियार ठहर गरी जनही १ महिना कैद तथा रु. ९०००।- जरिवाना हुने ठहरिएको तथा घटना हुँदाको अवस्थामा आयोगबाट उपलब्ध गराइएका नम्बर टिपिएको नोट बाहेक प्रतिवादीहरुबाट बरामद भएका अन्य रकमका सम्बन्धमा दावी

पुष्टयाई हुने आधार प्रमाण नदेखिएकोले आयोगको मिति २०६२।३।१३ को निर्णयानुसार पुनरावेदन नगरिएको ।

२०. वादी श्री ५ को सरकार र प्रतिवादी राजनकुमार कर्माचार्य भएको राष्ट्रसेवकको ओहदा पाउन शिक्षा सम्बन्धी योग्यता ढांटे भन्ने भ्रष्टाचार मुद्दामा विशेष अदालत, काठमाडौंबाट मिति २०६२।१।९ मा प्रतिवादीलाई सफाई दिने गरी भएको फैसला उपर पुनरावेदन गर्नु पर्ने अवस्था नदेखिएकोले आयोगको मिति २०६२।३।३० को निर्णयानुसार पुनरावेदन नगरिएको ।

२१. वादी श्री ५ को सरकार र प्रतिवादी कुलप्रसाद उपाध्याय भएको राष्ट्रसेवकको ओहदा पाउन शिक्षा सम्बन्धी योग्यता ढांटे भन्ने भ्रष्टाचार मुद्दामा विशेष अदालत, काठमाडौंबाट मिति २०६२।१।२ मा प्रतिवादीलाई सफाई दिने गरी भएको फैसलाका सम्वन्धमा प्रतिवादीको सम्बन्धमा पुनरावेदन गर्नु पर्ने अवस्था नदेखिँदा आयोगको मिति २०६२।३।३० को निर्णयानुसार पुनरावेदन नगरिएको ।

२२. वादी श्री ५ को सरकार र प्रतिवादी आशा श्रेष्ठ भएको राष्ट्रसेवकको ओहदा पाउन शिक्षा सम्बन्धी योग्यता ढांटे भन्ने भ्रष्टाचार मुद्दामा विशेष अदालत, काठमाडौंबाट मिति २०६२।१।२८ मा प्रतिवादीलाई सफाई दिने गरी भएको फैसला उपर पुनरावेदन गर्नु पर्ने अवस्था नदेखिँदा आयोगको मिति २०६२।३।३० को निर्णयानुसार पुनरावेदन नगरिएको ।

परिच्छेद - ६
विभागीय कारवाही

अख्तियार दुरुपयोग अनुसन्धान ऐन, २०४८ को दफा १२ अनुसार सार्वजनिक पद धारण गरेको व्यक्तिले पेश गरेको स्पष्टिकरण आयोगलाई सन्तोषजनक नलागेमा आयोगले निजलाई सचेत गराउने वा कसूरको मात्रा अनुसार कारण र आधार खुलाई विभागीय सजाय गर्न अख्तियारवालालाई लेखी पठाउन सक्ने व्यवस्था छ। सोही अनुरुप आर्थिक वर्ष २०६१/६२ विभागीय कारवाहीका लागि बिभिन्न निकायमा लेखी पठाइएका मन्त्रालयगत बिबरण देहाय बमोजिम उल्लेख गरिएको छ।

(क) <u>अर्थ मन्त्रालय अन्तर्गत</u>

१. राष्ट्रिय वाणिज्य बैंक, वानेश्वर शाखाका तत्कालीन प्रवन्धक लक्ष्मण कृष्ण ताम्राकारले कमिशन खाएर नियम विपरित भाजुरत्न फाइनान्स एण्ड सेभिङ्ग कम्पनीलाई चालीस लाख रुपैयाँ भुक्तानी दिई बैंकलाई घाटा पुऱ्याई ऋणीलाई फाइदा पुऱ्याएको उजुरी सम्बन्धमा अनुसन्धान गर्दा पाल्पाली लेवल इण्डष्ट्रिजको पक्षमा कच्चा माल आपूर्ति गर्ने शर्त राखी भाजुरत्न सेभिङ्ग एण्ड फाइनान्स कम्पनीको नाममा रु. ४० लाख बैंक जमानत जारी गरेकोमा उक्त फाइनान्स कम्पनीले औद्योगिक कर्जा वापत पाल्पाली लेवल इण्डष्ट्रिजलाई दिएको ऋण नतिरेको हुँदा जारी भएको बैंक जमानतबाट रकम उपलब्ध गराई दिन उक्त फाइनान्स कम्पनीले अनुरोध गरेकोमा रा.वा. बैंक बानेश्वर शाखाका तत्कालीन प्रवन्धक लक्ष्मणकृष्ण ताम्राकार, सहप्रवन्धक रिता ढुङ्गेल र कर्जा इन्चार्ज धिरण वहादुर श्रेष्ठले २०५५।१२।१० मा रु. ३८,६३,५७५।१९ उक्त फाइनान्स कम्पनीलाई बैंक जमानतको शर्त विपरीत भुक्तानी पठाई अनियमित कार्य गर्ने निज प्रवन्धक लक्ष्मण कृष्ण ताम्राकार र सहप्रवन्धक रिता ढुङ्गेललाई रा.बा. बैंक केन्द्रिय कार्यालयले क्रमशः ५ ग्रेड र ४ ग्रेड घटुवा गरी सकेको र यसरी शर्त विपरीत भुक्तानी दिए पनि घर जग्गा धितो जमानत लिएको र निजहरुलाई क्रमशः ५ ग्रेड र ४ ग्रेड घटुवा गरी सकेकोले आयोगबाट थप कारवाही गर्न परेन तर कर्जा इन्चार्ज धिरण वहादुर श्रेष्ठलाई कुनै किसिमको कारवाही भए गरेको नदेखिंदा निजलाई पनि ३ महिना भित्र प्रचलित ऐन नियम अनुसार विभागीय कारवाही गरी आयोगलाई जानकारी दिन आयोगको मिति २०६१।९।१३ को निर्णयानुसार लेखी पठाईयो।

२. सूर्य कन्सर्न प्रा.लि.बाट गैर कानूनी तरीकाले मोवाईल फोन सेट आयात हुंदा सूचना तथा संचार मन्त्रालय र भन्सार कार्यालय समेतबाट जानाजान यस्ता अनियमित काम कारवाहीलाई सुधार्नुको सट्टा सम्बद्ध पार्टीलाई हित हुने गरी काम गरेको भन्ने विषयको उजूरी सम्वन्धमा अनुसन्धान गर्दा सूचना तथा संचार मन्त्रालयका तत्कालीन कानून अधिकृत कोष कुमार नेम्बाङ्गले आयात इजाजत पत्र लिनु पर्ने मालवस्तु (मोवाईल फोन

सेट) को हकमा निकाशी पैठारी (नियन्त्रण) ऐन २०१३ बमोजिम इजाजत पत्र जारी गर्ने कार्य वाणिज्य विभागको भएकोमा सो कुरा लुकाई उक्त मोवाईल फोन सेटको विक्री वितरण गर्न लाईसेन्स दिनु भन्दा अघि वा लिए पछि कुन समयमा मोवाईल फोन पैठारी गर्न ल्याउन पाउने भन्ने विषयमा ऐन र नियममा कुनै व्यवस्था नभएको भनि राय दिएको, त्यस्तै गरी सो मोवाईल फोन सेटवारेको कारवाही सम्वन्धमा पटक पटक भिन्न राय दिई प्रचलित ऐन कानून बाझिने गरी राय दिई निजले आफ्नो पदीय आचरण विपरीतको कार्य गरी अनुचित कार्य गरेको देंखिदा निजलाई र आफु मातहतको अधिकृतले उक्त मोवाईल फोन सेट अवैध किसिमले आयात भएको हुन सक्ने हुंदा सम्वन्धित निकायमा बुझ्नु पर्ने भनी राय दिई पटक पटक शंका उठाएकोमा सो बमोजिम बुझ्दै नबुझी सो सामानहरु लिलाम, जफत वा अन्य त्यस्तै किसिमको अवस्था नरहेको भनी हचुवाको भरमा राय दिई आफ्नो पदीय आचरण विपरीतको कार्य गर्ने सूचना तथा संचार मन्त्रालयका प्राविधिक अधिकृत राजीव प्रसाद गुप्ता रौनियारलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ बमोजिम निजामती सेवा ऐन, २०४९ को दफा ५९ (क) (२) बमोजिम निजहरु (कोष कुमार नेम्बाङ्ग र राजीव प्रसाद गुप्ता रौनियार) को दुई तलव बृद्धि रोक्का गर्न आयोगको मिति २०६१।९।१५ को निर्णयानुसार अख्तियारवाला समक्ष लेखी पठाईयो । त्यस्तै आयात इजाजत पत्र नभएको र प्रतीत पत्र नै नखोली भित्रिएको उक्त मोवाइल फोन सेट सुराकीको आधारमा अनुसन्धानको सिलसिलामा राजस्व अनुसन्धान विभागले छापा मारी त्रि.अ.वि.भन्सार कार्यालयको रोहवरमा मुचुल्का गरी लगी अनुसन्धान कारवाही भइ रहेको कुरालाई जानी जानी ढाकछोप गरी सो विषयको संकेतसम्म पनि नगरी उक्त मोवाइल सेट भन्सार गोदाममा रहेको मात्र भनि नेपाल राष्ट्र बैंकलाई जानकारी गराई सो अवैध काम कारवाहीलाई बढावा दिई आफ्नो पदीय आचरण विपरीतको कार्य गर्ने तत्कालीन भन्सार अधिकृतहरु उपसचिव पुष्पमान कायस्थ र शाखा अधिकृत केदार प्रसाद पनेरुलाई निजामती सेवा ऐन २०४९ को दफा ५९ (क) (२) बमोजिम निजहरुको एक तलव बृद्धि रोक्का गर्न आयोगको मिति २०६१।९।१५ को निर्णयानुसार अख्तियारवाला समक्ष लेखी पठाइयो ।

३. "कृषि विकास बैंक, बैंकिङ्ग कार्यालय नयाँ बानेश्वर शाखाबाट चौधरी इन्टरप्राइजेज (प्रो. गोविन्द चौधरी) को धितो खोला र जग्गाको नक्सा पनि काल्पनीक (सच्याइएको) लाई कर्जा प्रदान गर्दा अनियमित तवरले कर्जा लगानी गरी बैंकलाई डुबाउने गरी धितो नै नहेरी आयोजना नै नभएकोलाई आयोजना छ भनी काल्पनिक धितो लिई बैंक डुबाउने कर्मचारीहरुलाई बैंक व्यवस्थापनले कुनै कारवाही नगरेकोले अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट छानबिन गरी दोषी कर्मचारीहरुलाई कडा कारवाही गरियोस" भन्ने उजूरीको

सम्बन्धमा अनुसन्धान हुँदा उक्त खराव कर्जा प्रवाहमा संलग्न कृषि विकास बैंक बैंकिङ्ग कार्यालय नयाँ वानेश्वर शाखाका प्रबन्धक धमान सिंह खड्का, लेखा सहायक शैलेन्द्रराज गिरी, कार्यालय सहायक सिद्धराज भट्ट र ले.स. गुणरत्न शाक्य ले खाईपाई आएको ग्रेड मध्येबाट १ (एक) ग्रेड घटुवा गर्न तथा अमिन छविन्द्र प्रसाद आचार्यको खाईपाई आएको ग्रेड मध्येबाट १ (एक) ग्रेड रोक्का गर्न अख्तियारवालालाई लेखिएको र लेखनदास काशीराज बोहरालाई प्रचलित कानून वमोजिम आवश्यक कारवाही गर्न आयोगको मिति २०६१।१२।१० को निर्णयानुसार नेपाल कानून व्यवसायी परिषद्मा लेखी पठाइएको ।

४. कृषि विकास बैंक शाखा कार्यालय, भक्तपुरबाट कुखुरापालन व्यवसायीले ऋण लिई राम्रोसँग चलेको व्यवसायलाई मन्दी भयो र कुखुरामा रोग लागी मरेको भनी व्याज मिनाहा गरी लाखौं घोटला गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा ४ जना कर्मचारीहरु क्रमश गोपालबहादुर थापा, शशीप्रसाद जोशी, जगदीशप्रसाद पोखरेल र शिव अधिकारीले ऋण कर्जा प्रवाह गर्दा र सो ऋणको व्याज मिन्हा गर्न सिफारिस गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३(ख) र (छ) बमोजिम अनुचित कार्य गरेको देखिएकोले निजहरुलाई कृषि विकास बैंक कर्मचारी सेवा शर्त नियमावली, २०२४ को पच्छिेद ७ को नियम ५(क) को आरोपमा सोही नियमावलीको परिच्छेद ७ को १(ख) बमोजिम विभागीय सजाय गर्न आयोगको मिति २०६१।२।३ को निर्णयानुसार अख्तियारवालालाई लेखी पठाइएको ।

(ख) उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गत

१. उदयपुर सिमेन्ट उद्योग लिमिटेडका दशौं तहका प्रवन्धक विष्णुराज कोइरालाले पद अनुकूलको आचरणको पालना नगरेको बिषयमा आयोगबाट निजसंग अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ११ बमोजिम स्पष्टिकरण सोधिएकोमा निजले पेश गरेको स्पष्टिकरणमा “दुविधाको कारण माग गरिएको विवरणमा फरक पर्न गएको, वीमा संस्थानबाट भुक्तानी नलिई चिया विकास निगमबाट भुक्तानी लिएको .... अन्जानमा नलिएको लेखिन गएको” व्यहोरा उल्लेख भएबाट निजले पेश गरेको स्पष्टिकरण सन्तोषजनक नभएकोले अख्तियार दुरुपयेाग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ को खण्ड (छ) एवं उदयपुर सिमेन्ट उद्योग लिमिटेड कर्मचारी सेवा, शर्त नियमावली २०५६ को नियम ९२ (५) वमोजिम आफ्नो पदको प्रकृति अनुसार पालन गर्नुपर्ने पदीय कर्तव्य पालना नभई अनुचित कार्य गरेकोले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८ को दफा १२ (१) बमोजिम अख्तियारवाला कहाँ उदयपुर सिमेन्ट उद्योग लिमिटेड कर्मचारी सेवा,

शर्त, नियमावली २०५६ को नियम १०१ (२) बमोजिम त्यही तलवमानको तल्लो स्केलमा ओराल्न आयोगको मिति २०६१।५।२४ को निर्णयानुसार लेखी पठाईयो ।

(ग) गृह मन्त्रालय अन्तर्गत

१. ब्लेसिङ्ग इन्टरनेशनलका प्रोप्राइटर विष्णु कुमार मित्तलले आयात प्रतीत पत्र नम्बर ३५।८६ बाट ६ जुन २००० (२०५७ जेष्ठ २४) मा भा.रु. ९०,००,०००।- (नब्बे लाख), आयात प्रतीत पत्र नम्बर ३५।८७ मिति ७ जुन २०००(२०५७ जेष्ठ २५) मा भा.रु. ७८,७५,०००।- (अठहत्तर लाख पचहत्तर हजार) गरी जम्मा भा.रु. १,६८,७५,०००।- को सुकेको खोर्सानी आयात गर्न र आयात प्रतीत पत्र नम्बर ३५।९३ मिति २० जुन २०००(२०५७ आषाढ ९) मा भा.रु. २५,९२,९६०।- को किटनाशक औषधि (केमिकल) हरु भारतबाट आयात गर्न राष्ट्रिय बाणिज्य बैंक पर्साबाट उक्त फर्मको नाममा तिनवटा प्रतीतपत्रबाट भा.रु. १,९४,६७,९६०।- को हुने रु. ३,११,४८,७३६।- रकम बराबरको आयात प्रतीतपत्र खोलेकोमा निज मित्तलले ट्रान्सपोर्ट कम्पनीसंग सौझै सम्पर्क राखी ट्रान्सपोर्ट कम्पनीले बैंकमा बुझाउनु पर्ने कागजात आफै बुझी लिई भन्सारबाट सामान छुटाई लगेको तर बैंकलाई प्रतीतपत्रको रु. ३,११,४८,७३६।- हालसम्म भुक्तानी नगरेको भन्ने सम्बन्धमा छलफल अनुसन्धान गर्दा राष्ट्रिय बाणिज्य बैंक, बीरगंज शाखाले ब्लेसिङ्ग इन्टरनेशनलका प्रोप्राइटर विष्णु कुमार मित्तल विरुद्ध २०५७।१२।८ मा ठगी सम्बन्धमा जिल्ला प्रहरी कार्यालय पर्सामा जाहेरी दर्खास्त दिएकोमा जिल्ला प्रहरी कार्यालय पर्साले प्रहरी निरीक्षक रण बहादुर खड्कालाई अनुसन्धान अधिकृत तोकेकोमा निज खड्का अवकाश भएकोले ०५८।९।१२ मा प्र.ना.नि. मदन ठाकुरलाई अनुसन्धान अधिकृत तोकेकोमा निजले २०५८।१२।१५ गते अनुसन्धान प्रतिवेदन पेश गरेको देखिन्छ । तर मुलुकी ऐनको ठगी सम्बन्धी महल ३ (८) नं. मा श्री ५ को सरकार वादी हुने ठगी सम्बन्धी मुद्दा श्री ५ को सरकारलाई थाहा भएको मितिले एक वर्षभित्र नालेस नदिए लाग्न सक्दैन भन्ने उल्लेख हुँदा हुँदै निजले १ वर्ष ८ दिनमा मात्र अनुसन्धान प्रतिवेदन पेश गरेको देखिंदा हदम्याद नघाएर अनुसन्धान प्रतिवेदन पेश गर्ने कर्मचारी उपर विभागीय कारवाही गर्न आयोगको मिति २०६१।९।८ को निर्णयानुसार गृह मन्त्रालय मार्फत प्रहरी प्रधान कार्यालयलाई लेखी पठाईयो ।

२. राजनीतिमा महिला सहभागिताको अभिबृद्धि नामक गैरसरकारी संस्थामा कार्यरत अनामिका राई, सुस्मिता सुब्बा, जितेन्द्र तामाङ र दिपेन्द्र तामाङ नामक ब्यक्तिहरु भारत दार्जिलिङ्ग निवासी भारतीय नागरिकहरु भएको र निजहरुले रुपैयाँ धनको दुरुपयोग गरी जिल्ला प्रशासन कार्यालय काठमाण्डौंबाट नेपाली नागरिकताको प्रमाणपत्र लिएको सम्बन्धमा अनुसन्धान हुँदा नेपाली नागरिकता जारी गर्ने कार्यमा संलग्न कर्मचारीहरुले अख्तियार

दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८ को दफा ३ (छ) तथा निजामती सेवा ऐन, २०४९ को दफा ६० (ज) विपरितको कार्य गरेको देखिएकोले निजामती सेवा ऐन, २०४९ को दफा ५९ क (३) बमोजिम विभागीय कारवाहीको रुपमा कृष्णप्रसाद घिमिरेलाई ५ बर्षसम्म बढुवा रोक्का गर्न, राजन राईलाई ४ बर्ष सम्म बढुवा रोक्का गर्न, विश्वकुमार शर्मालाई २ बर्षसम्म बढुवा रोक्का गर्न, बालकृष्ण पन्थीलाई १ बर्षसम्म बढुवा रोक्का गर्न र कृष्णश्याम बुढाथोकीलाई २ बर्षसम्म बढुवा रोक्का गर्न आयोगको मिति २०६१।१२।१० को निर्णयानुसार अख्तियारवालालाई लेखी पठाइएको ।

३. जिल्ला प्रशासन कार्यालय, काठमाडौंबाट वितरण भएका नेपाली राहदानीको विषयको उजूरी छानवीन कार्यदलबाट आयोगमा पेश भएको प्रतिवेदनलाई आधार मानी विस्तृत अनुसन्धान गर्दा तत्कालिन प्रशासकीय अधिकृत लीला बहादुर के.सी. र खरिदार छत्रमणी ओझाले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ को देहाय (छ) अनुसार आफ्नो पदको प्रकृति अनुसार पालन गर्नु पर्ने पदीय कर्तव्य पालना नगरेको एवं निजामती सेवा ऐन, २०४९ को दफा ६० को देहाय (ज) अनुसार प्रचलित कानूनले तोकेको पदीय दायित्व जिम्मेवारी पूर्वक पुरा नगरेको देखिएकोले निजामती सेवा ऐन, २०४९ को दफा ५९ को देहाय (क) (२) बमोजिम दुई तलब बृद्धि रोक्का गर्न आयोगको मिति २०६२।२।१० को निर्णयानुसार अख्तियारवाला समक्ष लेखी पठाएको ।

(घ) <u>जलश्रोत मन्त्रालय अन्तर्गत</u>

१. नेपाल विद्युत प्राधिकरणबाट आ.व. ०५८।५९ मा खुल्ला प्रतियोगिताबाट लिईएको फोरमेन इलेक्ट्रिकल तह -४, फोरमेन मेकानिकल तह-४, ड्राईभर तह -३ को नतिजा प्रकाशनमा व्यापक अनियमितता भएको भन्ने विषयको उजुरी सम्बन्धमा अनुसन्धान गर्दा उक्त परीक्षाको केन्द्राध्यक्ष, संयोजक र टेवुलेशनकर्ताको रुपमा काम गर्ने क्रमशः लेखरत्न शाक्य, शैयद समिम साह, सन्तोषानन्द मिश्र, विष्णु वहादुर सिंह, ठाकुर राज पाण्डे, विनोदचन्द्र कर्माचार्य र परीक्षाको सदस्य सचिव तथा टेवुलेशन गर्दा रोहवरमा बस्ने राम प्रसाद अधिकारी समेत ७ (सात) जना निलम्बनमा रहेका हुँदा निजहरुको निलम्बन फुकुवा गरी दिने तथा उक्त परीक्षाको मूल्याङ्कनकर्ताको रुपमा काम गर्ने इन्द्र कुमार महर्जन, रुपराज ताम्राकार, उमा श्रेष्ठ, कपिल राज तिवारी, प्रेमचन्द्र पोखरेल, प्रेम प्रसाद मैनाली, पुष्पराज खड्का, सुरेन्द्र राजभण्डारी, मनोज बराल, तीर्थनाथ ठाकुर ,इश्वरी प्रसाद तिवारी, सन्तोष कुमार झा , शंकर मान श्रेष्ठ, कृष्ण प्रसाद देवकोटा, अजय कुमार सिंह, सीताराम पलाञ्चोके , बैकुण्ठ श्रेष्ठ, इन्द्रमान शाक्य, राम वहादुर खड्का, दिनेश जङ्ग राणा, दिगम्बर भक्त श्रेष्ठ, दिपेन्द्रराज द्विवेदी, अशोक कुमार मानन्धर, खेम कुमार बसेल, इन्दिवर घिमिरे र जीवन प्रकाश कसजु समेत २६ जना मूल्याङ्कन कर्ता र निलम्बन फुकुवामा परेका उक्त ७

जना कर्मचारीहरु समेत जम्मा ३३ (तेत्तीस) जना कर्मचारीहरु (शैयद समिम साह र सन्तोषानन्द मिश्र, उमेरको कारणले अवकाश प्राप्त गरी सकेका) समेतले अनुचित कार्य गरेको देखिएको हुँदा नेपाल विद्युत प्राधिकरणको रिक्त दरवन्दी पूर्तिका लागी हुने परीक्षामा निजहरुलाई आगामी २ वर्ष सम्म सहभागी नगराउन आयोगको मिति २०६१।४।२१ को निर्णयानुसार नेपाल विद्युत प्राधिकरणलाई लेखी पठाईयो ।

२. नेपाल विद्युत प्राधिकरण, साना जलविद्युत विभाग तथा ग्रामीण विद्युतीकरण विभागले गमगढी सौर्यशक्ती केन्द्र मुगुका लागि खरीद गरिएको सोलार प्यानल र सो का स्पेयर पार्टहरुमा अनियमितता गरी भ्रष्टाचार गरे भन्ने विषयको उजुरी उपर अनुसन्धान गर्दा गमगढी सौर्यशक्ति केन्द्र मुगुका केन्द्र प्रमुख धनन्जय फडेरा, ई. मनोज सिलवाल, प्रबन्धक प्रदिपलाल श्रेष्ठ र निर्देशक तिर्थनाथ ठाकुरले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३(घ) मा उल्लेख भए बमोजिमको अनुचित कार्य गरेको देखिँदा निजहरु मध्ये निर्देशक तिर्थनाथ ठाकुर र केन्द्र प्रमुख धनन्जय फडेरालाई नेपाल विद्युत प्राधिकरण कर्मचारी सेवा विनियमावली, २०५० (संशोधन सहित) को परिच्छेद १२ को विनियम ११७(ग) बमोजिम ५ (पाँच) वर्ष तथा खरीद गरिएका सोलार प्यानलहरुको खरीद प्रक्रियामा संलग्न रहेका प्रबन्धक प्रदिपलाल श्रेष्ठ र इन्जिनीयर मनोज सिलवाललाई सोही विनियमावलीको विनियम ११७(ग) बमोजिम ३ (तीन) वर्ष बढुवा रोक्का गर्ने गरी विभागीय कारवाही गर्न आयोगको मिति २०६१।४।२९ को निर्णयानुसार अख्तियारवालालाई लेखी पठाईएको ।

३. नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक समेतले भ्रष्टाचार गरे भन्ने विषयमा अनुसन्धान तहकिकात हुँदा प्राधिकरणका जियोलोजिष्ट (अधिकृत सातौं तह) का शैलेशकुमार कर्माचार्यले परीक्षणकालमा रहेको बखत १ वर्षभन्दा लामो समयसम्म बिदा स्वीकृत नगराई कार्यालयमा अनुपस्थित रही विदेशमा अध्ययनरत रहेको अवस्थामा अस्वस्थ भएको भनि ढाँटी चिकित्सकको नक्कली प्रमाणपत्र समेत पेश गरी ने.वि.प्रा. विनियमावलीको आचरण सम्बन्धी दफा १०४ उल्लंघन गरेको र त्यसपछि सञ्चालक समितिले निजको परीक्षणकाल सार्ने गरि मिति २०५९।५।२६ मा गरेको निर्णय समेत त्रुटिपूर्ण देखिएकोले निज उपर नेपाल विद्युत प्राधिकरण कर्मचारी सेवा विनियमावलीको विनियम ११७ (घ) बमोजिम भविष्यमा प्राधिकरणको सेवाको निमित्त अयोग्य नठहर्ने गरी सेवाबाट हटाउने विभागीय कारवाही गर्न र उक्त अवधिको नोकरी वापत बाँकी कुनै सुविधा नदिन नेपाल विद्युत प्राधिकरणमा लेखी पठाइएको तथा सोही निर्णय अन्तर्गत जियोलोजिष्ट शैलेशकुमार कर्माचार्य विदेशमा अध्ययन रहेको व्यहोरा अवगत हुँदाहुँदै विनियमावलीमा व्यवस्था नै नभएको परीक्षणकाल सार्ने सिफारिश गरि आफ्नो पद अनुसारको आचरण

नगरेकोमा कार्यकारी निर्देशक जनकलाल कर्माचार्यलाई समेत आवश्यक कारवाही गर्न आयोगको मिति २०६२।३।१३ को निर्णयानुसार अख्तियारवाला समक्ष लेखी पठाइएको ।

४. बाग्मती सिंचाई आयोजना, कर्मैया, सर्लाहीले कम गुणस्तरका सामान प्रयोग गरी निर्माण कार्य गराएको भन्ने समेत विषयका उजुरीका सम्वन्धमा अनुसन्धान हुँदा उक्त कार्यमा संलग्न देहायमा उल्लेखित कर्मचारीलाई देहाय वमोजिम विभागीय कारवाही गर्न आयोगको मिति २०६२।३।३१ को निर्णयानुसार अख्तियारवालालाई लेखी पठाइएको :

(क) तत्कालीन आयोजना प्रमुख (हाल जल तथा शक्ति आयोग) उमाकान्त झाले निर्माण कार्यमा पर्याप्त गुणस्तर परीक्षण नगराएको, कार्य सम्पन्न नहुँदै कार्य सम्पन्न मिति राखी नापी किताव समेत तयार गरेको, आवश्यकता विश्लेषण नै नगरी सामान खरीद गरेको, लागत अनुमानमा समावेश नभएका कार्यहरुको विभागीय प्रमुख / सचिवको स्वीकृति विना भुक्तानी दिएको, ठेक्काको सम्झौताको शर्त अनुसार मोविलाइजेशन पेश्की कट्टी नगरेको समेत अवस्था हुंदा निजले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ को देहाय (छ) अनुसार आफ्नो पदको प्रकृति अनुसार पालन गर्नु पर्ने पदीय दायित्व पालना नगरेको एवं निजामती सेवा ऐन, २०४९ को दफा ६० को देहाय (ज) अनुसार प्रचलित कानूनले तोकेको पदीय दायित्व जिम्मेवारी पूर्वक पूरा नगरेको देखिएकोले निजलाई निजामती सेवा ऐन, २०४९ को दफा ५९ बमोजिम विभागीय कारवाही गर्न अख्तियारवाला समक्ष लेखी पठाइएको ।

(ख) तत्कालीन लेखा अधिकृत सुशील पाण्डेले कार्य सम्पन्न नहुंदै कार्य सम्पन्न मिति राखिएको अघिल्लो आ.व.को ठेक्का बिलको बिना हर्जाना भुक्तानी दिएको, गुणस्तर सम्बन्धी प्रमाणपत्रहरु गोश्वारा भौचरसंग संलग्न नराखेको, आयोजनाको मर्मत कार्यको लागि विभागीय प्रमुखको सहमती विना टुक्राटुक्रा लागत अनुमान तयार गरि सोझै दरभाउपत्र लिई भुक्तानी दिएको, कार्यालय सरसामानहरु (कम्प्युटर, फोटोकपी मेशिन, प्रिन्टर, डिजिटाइजर आदि) को खर्च शिर्षक नं. ६.०५ (सा.नि.पू.सु.) वाट खर्च लेखेको, ठेक्काको सम्झौताको शर्त अनुसार मोविलाइजेशन पेश्की कट्टी नगरेको समेत अवस्था हुंदा निजले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ को देहाय (छ) अनुसार आफ्नो पदको प्रकृति अनुसार पालन गर्नु पर्ने पदीय दायित्व पालना नगरेको एवं निजामती सेवा ऐन, २०४९ को दफा ६० को देहाय (ज) अनुसार प्रचलित कानूनले तोकेको पदीय दायित्व जिम्मेवारी पूर्वक पूरा नगरेको देखिएकोले निजलाई निजामती सेवा ऐन, २०४९ को दफा ५९ बमोजिम विभागीय कारवाही गर्न अख्तियारवाला समक्ष लेखी पठाइएको ।

(ग) तत्कालीन आयोजना प्रमुख मथुरा डंगोलले बाग्मती सिंचाई आयोजनाको कार्यहरुमा कार्य सम्पन्न नहुंदै कार्य सम्पन्न मिति राखी नापी किताव समेत तयार गरेको, आयोजनाको मर्मत

कार्यको लागि विभागीय प्रमुखको सहमती विना वरहथवा प्रशाखा नहरको मात्र ७ (सात) टुक्राटुक्रा लागत अनुमान तयार गरि सोझै दरभाउपत्र लिई भुक्तानी दिएको, गुणस्तर नियन्त्रणको लागि पर्याप्त Insitu/laboratory Tests नगराएको, पुल तथा स्ट्रक्चरहरुको Typical Design Drawings को आधारमा डिटेल लागत अनुमान तयार गरेको, आयोजनालाई सरसामानको आवश्यकता बारे विश्लेषण नगरिकन ठेक्का प्याकेजमा समावेश गरेको समेत अवस्था हुँदा निजले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ को देहाय (छ) अनुसार आफ्नो पदको प्रकृति अनुसार पालन गर्नु पर्ने पदीय दायित्व पालना नगरेको एवं निजामती सेवा ऐन, २०४९ को दफा ६० को देहाय (ज) अनुसार प्रचलित कानूनले तोकेको पदीय दायित्व जिम्मेवारी पूर्वक पूरा नगरेको देखिएकोले निजलाई निजामती सेवा ऐन, २०४९ को दफा ५९ बमोजिम विभागीय कारवाही गर्न अख्तियारवाला समक्ष लेखी पठाइएको ।

(घ) तत्कालीन सि.डि.ई. दिलीप बहादुर कार्कीले बाग्मती सिंचाई आयोजनाको कार्यहरुमा गुणस्तर नियन्त्रणको लागि पर्याप्त Insitu/laboratory Tests नगराएको, पुल तथा स्ट्रक्चरहरुको Typical Design Drawings को आधारमा डिटेल लागत अनुमान तयार गरेको, लागत अनुमानमा समावेश नभएका कार्यहरु पनि नापी किताबमा माथिल्लो अधिकारीको स्विकृति विना चढाएको, स्ट्रक्चरको लागि पि.सि.सि.१:३:६ को कार्यमा पनि फलामे छडको प्रयोग गरेको, आयोजनाको मर्मत कार्यको लागि विभागीय प्रमुखको सहमती विना वरहथवा प्रशाखा नहरको मात्र ७ (सात) टुक्राटुक्रा लागत अनुमान तयार गरि सोझै दरभाउपत्र लिई कार्य गराएको समेत अवस्था हुँदा निजले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ को देहाय (छ) अनुसार आफ्नो पदको प्रकृति अनुसार पालन गर्नु पर्ने पदीय दायित्व पालना नगरेको एवं निजामती सेवा ऐन, २०४९ को दफा ६० को देहाय (ज) अनुसार प्रचलित कानूनले तोकेको पदीय दायित्व जिम्मेवारी पूर्वक पूरा नगरेको देखिएकोले निजलाई निजामती सेवा ऐन, २०४९ को दफा ५९ बमोजिम विभागीय कारवाही गर्न अख्तियारवाला समक्ष लेखी पठाइएको ।

(ङ) तत्कालीन इन्जिनियरहरु टेक बहादुर कार्की र दिलीप कुमार साहले बाग्मती सिंचाई आयोजनाको कार्यहरुमा कार्य सम्पन्न नहुँदै कार्य सम्पन्न मिति राखी नापी किताव समेत तयार गरेको, गुणस्तर नियन्त्रणको लागि पर्याप्त Insitu/laboratory Tests नगराएको, लागत अनुमानमा समावेश नभएका कार्यहरु पनि नापी किताबमा माथिल्लो अधिकारीको स्वीकृति विना चढाएको, स्ट्रक्चरको लागि पि.सि.सि.१:३:६ को कार्यमा पनि फलामे छडको प्रयोग गरेको समेत अवस्था हूंदा निजले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ को देहाय (छ) अनुसार आफ्नो पदको प्रकृति अनुसार पालन गर्नु पर्ने पदीय दायित्व पालना नगरेको एवं निजामती सेवा ऐन, २०४९ को दफा ६० को देहाय (ज) अनुसार

प्रचलित कानूनले तोकेको पदीय दायित्व जिम्मेवारी पूर्वक पूरा नगरेको देखिएकोले निजलाई निजामती सेवा ऐन, २०४९ को दफा ५९ बमोजिम विभागीय कारवाही गर्न अख्तियारवाला समक्ष लेखी पठाइएको ।

(च) तत्कालीन इन्जिनियर महेश प्रसाद थारुले गुणस्तर नियन्त्रणको लागि पर्याप्त Insitu/laboratory Tests नगराएको, लागत अनुमानमा समावेश नभएका कार्यहरु पनि नापी किताबमा माथिल्लो अधिकारीको स्विकृति विना चढाएको, स्ट्रक्चरको लागि पि.सि.सि.१:३:६ को कार्यमा पनि फलामे छडको प्रयोग गरेको, आफ्नै जिम्मामा जिन्सी खाता हुंदाहुंदै जिन्सी खातामा दाखिला नगरि As per Store Entry No. लेखी रनिंग बिलमा चढाएको समेत अवस्था हूंदा निजले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ को देहाय (छ) अनुसार आफ्नो पदको प्रकृति अनुसार पालन गर्नु पर्ने पदीय दायित्व पालना नगरेको एवं निजामती सेवा ऐन, २०४९ को दफा ६० को देहाय (ज) अनुसार प्रचलित कानूनले तोकेको पदीय दायित्व जिम्मेवारी पूर्वक पूरा गरेको नदेखिएकोले आवश्यक विभागीय कारवाही गर्न अख्तियारवाला समक्ष लेखी पठाइएको ।

(छ) तत्कालीन इन्जिनियर आशिषभद्र खनालले कार्य सम्पन्न नहुंदै कार्य सम्पन्न मिति राखी नापी किताव समेत तयार गरेको, गुणस्तर नियन्त्रणको लागि पर्याप्त Insitu/laboratory Tests नगराएको, लागत अनुमानमा समावेश नभएका कार्यहरु पनि नापी किताबमा माथिल्लो अधिकारीको स्विकृति विना चढाएको तथा तत्कालीन इन्जिनियर भूप बहादुर अधिकारीले गुणस्तर नियन्त्रणको लागि पर्याप्त Insitu/laboratory Tests नगराएको, लागत अनुमानमा समावेश नभएका कार्यहरु पनि नापी किताबमा माथिल्लो अधिकारीको स्विकृति विना चढाएको, स्ट्रक्चरको लागि पि.सि.सि.१:३:६ को कार्यमा पनि फलामे छडको प्रयोग गरेको समेत अवस्था भएको, तर ई. आशिषभद्र खनाल अध्ययन विदामा विदेशमा रहेको र ई. भूप बहादुर अधिकारी असाधारण विदा लिई अमेरिका गएकोले निजहरुवाट स्पष्टीकरण प्राप्त नहुंदा निजहरु संग कानून वमोजिम स्पष्टीकरण लिने लगायत आवश्यक विभागीय कारवाही अख्तियारवालाले नै गर्ने गरी लेखी पठाइएको ।

(ङ) भूमि सुधार तथा व्यवस्था मन्त्रालय अन्तर्गत

१. सुकुम्वासी समस्या समाधान आयोग जिल्ला समिति मोरङको ०५८।३।६ को निर्णयले जि. मोरङ वखरी गा.वि.स. वडा नं. ९ (च) कि.नं. ५५० को जग्गा हाल ९ नं. नापी गोश्वरामा कार्यरत नापी निरीक्षक (टोली प्रमुख) शैलेन्द्र कुमार कर्णकी श्रीमती मञ्जुदेवी कर्णका नाउँमा दर्ता भई जग्गाधनी प्रमाणपूर्जा समेत प्रदान गरेकोमा आफ्नी श्रीमतीको नाउँमा सुकुम्वासीको रुपमा जग्गा लिन हुंदैन भन्ने जानकारी हुंदा हुंदै चुपचाप वसी निज शैलेन्द्र कुमार कर्णले पदीय कर्तव्य विपरीत काम गरेको देखिंदा निज नापी निरीक्षक (टोली प्रमुख) शैलेन्द्र कुमार कर्णलाई

विभागीय सजाय स्वरुप निजामती सेवा ऐन, २०४९ को दफा ५९ (क) (२) अनुसार दुई तलव वृद्धि रोक्का गर्न आयोगको मिति २०६१।४।२८ को निर्णयानुसार भूमिसुधार तथा व्यवस्था मन्त्रालयलाई लेखी पठाईयो ।

२. भक्तपुर तलेजु गुठीको जग्गा लक्ष्मी वहादुर राजचलको नाउँमा मोही कायम गरे भन्ने विषयको उजूरी उपर अनुसन्धान गर्दा गुठी संस्थान, शाखा कार्यालय (तत्कालिन गुठी तहसील तथा खर्च कार्यालय) भक्तपुरका तत्कालीन कार्यालय प्रमुख दीपक वहादुर पाण्डेले लक्ष्मी वहादुर राजचललाई मोही कायम गर्दा छुट गुठी तर्फको फाँटवाट कारवाही अगाडी बढाउनु पर्नेमा अमानती फाँटतर्फ तोक लगाएको, निवेदक स्वयंले पेश गरेको फिल्डबुकको व्यहोरा अनुसार यस विषयमा थप छानवीन गरी मात्र निर्णय गर्नु पर्नेमा थप छानवीन नै नगरी निर्णय गरेको, उक्त जग्गाको कुत वाली कहीं कतै कसैले पनि बुझाई आएको नदेखिएको अवस्थामा पनि गुठी संस्थान (कार्य व्यवस्था) विनियम, २०४९ को विनियम १२ बमोजिमको प्रकृया (हाल साविक भिडाउने) पूरा नगरी सिधै निर्णय गरेको देखिएको, आफैले निर्णय गरेको जग्गामध्येवाट केही जग्गा आफ्नो सहायक कर्मचारीको बुहारीको नाउँमा खरीद गरी गराई पछि सोही जग्गा आफ्नो दिदी बहिनीको नाउँमा खरीद गरे गराएको देखिंदा निजले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ (ख) अनुसारको अनुचित कार्य तथा गुठी संस्थान कर्मचारी सेवा शर्त सुविधा सम्वन्धी विनियम, २०५१ को विनियम ९७ (ख) अनुसारको अनुशासन प्रतिकूल आचरण गरेको देखिंदा गुठी संस्थान कर्मचारी सेवा शर्त सुविधा सम्वन्धी विनियम, २०५१ को विनियम ९६ (क) (२) बमोजिम निज दीपक वहादुर पाण्डेको दुई तलव बृद्धि रोक्का गरी आयोगलाई तीन महिनाभित्र जानकारी दिन आयोगको मिति २०६१।५।२४ को निर्णयानुसार गुठी संस्थान, संचालक समितिलाई लेखी पठाईयो ।

३. साविक काठमाडौं जिल्ला, भिमसेनगोला वडा नं. ४(क) कि.नं. १७० को जग्गा हालको नापीमा नाप नक्सा हुँदा ऐ का.जि. का.म.न.पा. वडा नं.१० कि.नं. ३०२ को क्षे.फ. १-६-१-२ कायम भएको घर जग्गा कसैलाई हक हस्तान्तरण नगरेको अवस्थामा पूर्जा हराएको किर्ते व्यहोरा पारी मालपोतमा निवेदन दिई जग्गाधनी प्रमाणपूर्जा को प्रतिलिपी लिएको (नक्कली चैत्यमाया शाक्यले) र सो जग्गा मालपोत कार्यालयकै मिलेमतोमा हाल साविक गरी शरण आचार्यको घरमा डोर खटिई गई पूर्णमाया शाक्य समेतलाई मेरो घर जग्गा बिक्री वितरण गरेकोले दोषि उपर कारवाही गरि पाउं भनि पाटन नकबहिल बस्ने चैत्यमाया शाक्यले दिएको उजुरी उपर अनुसन्धान हुँदा यसरी मालपोत कार्यालयमा दर्ता नभएको मिति नखुलेको शंकास्पद निवेदनका भरमा एकाको जग्गा अर्कै व्यक्तिको नाउमा हाल साविक भिडाई फोटो टाँस गरी श्रेस्ता उपलब्ध गराउन पेश हुन आएको टिप्पणीलाई हालसाविक भिडाउन आवश्यक पर्ने कागजातहरु ठिक बेठिक नछुट्याई वाध्यात्मक रुपले पालना गर्नु पर्ने कार्यविधि पालना नगरी बदनियत एवं

गैर जिम्मेवारी र गैर कानूनी कार्य गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ को देहाय खण्ड (ख), (घ) र (छ) र निजामती सेवा ऐन, २०४९ को दफा ६० को देहायको खण्ड (क) र (ज) बमोजिमको कसूर गरी आफ्नो पदीय दायित्व पुरा गरेको नदेखिएकोले मालपोत अधिकृत गुरुप्रसाद रेग्मी, (हाल मालपोत कार्यालय, नुवाकोट), ना.सु. टिकाबहादुर वि.सी., (हाल भूमिसुधार तथा व्यवस्था मन्त्रालय, सिंहदरवार) र खरिदार कुलबहादुर गिरी, (हाल मालपोत कार्यालय, नुवाकोट) लाई निजामती सेवा ऐन, २०४९ को दफा ५९ को खण्ड (क) को देहाय (३) बमोजिम ५ वर्ष बढुवा रोक्का गरी विभागीय कारवाही गर्न र ना.सु. अरुणोदय रन्जित (रजिष्ट्रेशन फाँट, मालपोत कार्यालय डिल्लीबजार) र खरिदार मानप्रसाद श्रेष्ठ, (हाल भूमिसुधार तथा व्यवस्था विभाग, बवरमहल) का हक्मा निजामती सेवा ऐन, २०४९ को दफा ५९ को खण्ड (क) को देहाय (२) बमोजिम २ तलव बृद्धि रोक्का गरी विभागीय कारवाही गर्न आयोगको मिति २०६१।५।२९ को निर्णयानुसार अख्तियारवाला समक्ष लेखी पठाईयो ।

४. विघटित सुकुम्वासी समस्या समाधान आयोग, जिल्ला समिति सुर्खेतका कर्मचारीहरुले सो समितिमा खटिएको अवधिमा सुकुम्वासी भनी गैरकानूनी किसिमले जग्गा प्राप्त गरेको देखिएको सम्बन्धमा अनुसन्धान गर्दा गा.वि.स. सचिव भिम प्रसाद शर्माले गैर सुकुम्वासी आफ्नी पत्नी रीता देवी शर्मालाई सुकुम्वासी भनी गा.वि.स. सचिवको हैसियतले शिफारीस समेत गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८ को दफा ३ (छ) बमोजिम आफ्नो पदको प्रकृति अनुसार पालन गर्नु पर्ने पदीय कर्तव्य पालन नगरेको देंखिंदा निज गा.वि.स.सचिव भिम प्रसाद शर्मालाई निजामती सेवा ऐन २०४९ को दफा ५९ (क) २. बमोजिम दुई तलव बृद्धि रोक्का गर्न आयोगको मिति २०६१।५।३१ को निर्णयानुसार अख्तियारवाला समक्ष लेखी पठाईयो ।

५. युनियन फिनान्सका प्रवन्ध संचालक सुरेन्द्र हमालले त्रिभुवन विश्वविद्यालयका लागि अधिग्रहण गरिएको जग्गा धितो राखी अनियमित तरीकाले ऋण लिन सफल भएकाले कारवाही गरी पाउँ भनी दिएको द.नं. ३१४ मिति ०५६।५।१५ को निवेदनका आधारमा अनुसन्धान गर्दा नापी शाखा कलंकीले नक्सा प्रिन्टको प्रतिलिपी दिंदा साविक कि.नं. ३१७ र सो को कित्ताकाट भै कायम भएको कि.नं. ६४४, ६४५ लाई धमिलो पारी अधिग्रहणमा नपरेको अर्कै व्यक्तिको मूल्यवान जग्गा कि.नं. ३९५ लाई कित्ताकाट गरी ६४४ र ६४५ कि.नं. राखी त्यसका वरिपरिका कि.नं. ३९७, ३९३ र ५८१ लाई प्रष्ट्याई प्रमाणित गर्ने गैरकानूनी र गलत कार्य गर्नेमा नापी शाखाका कर्मचारी संलग्न भएको कुरा पुष्टि हुन आयो । यस कार्यमा तत्कालीन नापी निरीक्षक युवराज आचार्यले नक्सा प्रष्ट्याउने र प्रमाणित गर्ने कार्य गरे पनि कि.नं. ३९५ लाई कित्ताकाट गरी कि.नं. ६४४, ६४५ गराउने कार्य निजैवाट भएको पुष्टि हुन नसके पनि मूल नक्सा हेरी प्रमाणित गर्नु पर्नेमा मूल नक्सा विपरित तयार भएको नक्सा प्रिन्ट प्रमाणित गरेवाट निज

कसूरदार होइन भन्न सकिएन । सो समयमा नापी शाखा कलंकीमा कार्यरत अन्य सम्बन्धित कर्मचारीमा अमिन राजेश गौतम र किरण वस्नेत भएकोमा निजहरुले नै कि.नं. ३९५ लाई कित्ताकाट गरी कि.नं. ६४४, ६४५ गराएको भन्ने कुरा प्रमाणबाट पुष्टि हुन नसकेको र किरण वस्नेतको मृत्यु समेत भैसकेको कुरा संकलित तथ्यबाट देखिन आयो । त्रिभुवन विश्वविद्यालयले ०५५।९।१२ मा जग्गा धनी प्रमाण पूर्जा पाउँ भनी सो कि.नं. ३१७ समेत उल्लेख गरी पत्राचार गरेकोमा मालपोत कार्यालय कलंकीका मालपोत अधिकृत सुनिल प्रताप सिंहले तोक लगाएको पत्र फांटमा हुँदाहुँदै सो भन्दा पछिको नक्कली जग्गा धनीको नामबाट धितो पारित गरिदिने गैरकानूनी कार्य गरेको कुरा पुष्टि हुन आयो । मालपोत अधिकृत सुनिल प्रताप सिंह समेतले गैरकानूनी र गैर जिम्मेवार तरीकाबाट कार्य गरेकै कारणले नक्कली जग्गा धनी किरण महर्जनले न्हुछे वहादुरको नामबाट जग्गा धनी प्रमाण पूर्जा प्राप्त गर्न सफल भएको देखिन्छ । त्रिभुवन विश्व विद्यालयबाट ०५५।९।१२ मा मुआव्जा गएको कि.नं. ३१७ समेत कित्ताहरुको विवरण पठाई जग्गा धनि प्रमाण पूर्जा पठाई दिन लेखेको पत्र द.नं. ५९१५ मिति ०५५।१०।५ मा मालपोत कार्यालय कलंकीमा दर्ता भै दा.खा. आ.का. भनि मालपोत अधिकृत सुनिल प्रताप सिंहले तोक लगाएको पत्र, ०५५।१०।५ मा दा.खा. फाँटमा लेखी आइसकेपछि मालपोत कार्यालय कलंकीबाट ०५५।१०।११ र.नं. ३०२० मालपोत अधिकृत सुनिल प्रताप सिं, ना.सु. मोतिकुमार श्रेष्ठ, खरिदार देवि वहादुर थापा समेतबाट दस्तखत गरी यूनियन फिनान्सबाट प्रदान हुने ऋणको लागि कि.नं. ३१७ बाट कित्ताकाट भै कायम कि.नं. ६४४ लाई रु. ८,५०,०००।- को धितो जमानतमा पारित गरी दिएको देखिन्छ । शुरुमा कि.नं. ३१७ मा फोटो टास्ने कार्य मालपोत अधिकृत रेवति प्रसाद ढकाल र वालप्रसाद पौडेलले दस्तखत गरेको खुल्न आएको । भूमि सुधार कार्यालय काठमाण्डौका तत्कालीन भूमि सुधार अधिकारी उमानाथ ज्ञवाली, शाखा अधिकृत कृष्ण प्रसाद निरौला र अन्य कर्मचारी चक्रप्रसाद रेग्मी, मुकुन्द पाण्डे, देवी खतिवडा, नारायण प्रसाद खतिवडा समेतले मोही नामसारी र जग्गा वाँडफाँडका लागि एकै दिन परेको निवेदनमा सोही दिन मोही वाँडफाँड मोही लगत कट्टाको निर्णय गरी दा.खा. र अद्यावधिक गराएको देखिन्छ । निवेदनसाथ पेश भएका नागरिकताको प्रमाणपत्रमा भएको फोटो र पूर्जामा भएको फोटो अलग अलग देखिएको र जग्गा धनीको ठेगाना तथा तीनपुस्ते फरक फरक देखिंदा देखिदै पनि हतार हतारमा कानूनी प्रकृया समेत पूरा नगरी गैरकानूनी र वदनियतपूर्ण कार्यमा भूमि सुधार कार्यालय काठमाण्डौका माथि उल्लेखित तत्कालीन कर्मचारीहरु संलग्न भएको पुष्टि हुन आयो ।

तसर्थ तत्कालीन नापी निरीक्षक युवराज आचार्य, नापी शाखा कलंकी, भूमि सुधार अधिकारी, उमानाथ ज्ञवाली, चक्र प्रसाद रेग्मी, भूमि सुधार कार्यालय काठमाडौ, खरिदार मुकुन्दराज पाण्डे, खरिदार नारायण प्रसाद खतिवडा, शा.अ. कृष्णप्रसाद निरौला भूमि सुधार कार्यालय काठमाण्डौ,

मालपोत अधिकृत सुनिल प्रताप सिंह, मालपोत अधिकृत रेवति प्रसाद ढकाल ना.सु. मोतिकुमार श्रेष्ठ, खरिदार देविवहादुर थापा, र खरिदार वालप्रसाद पौडेल मालपोत कार्यालय कलंकी समेत उपर प्रचलित निजामती सेवा ऐन नियम अनुसार आवश्यक विभागिय कारवाही गरी जानकारी पठाई दिन सम्बन्धित मिसिल कागजातहरु संलग्न गरी आयोगको मिति २०६१।६।५ को निर्णयानुसार भूमि सुधार तथा व्यवस्था मन्त्रालयमा लेखी पठाईयो ।

त्यस्तै कानून व्यवसायी अधिवक्ता रविन्द्र वज्राचार्यले आयोगमा गरेको वयानमा कमला थापाको नाम समेतमा मोही नामसारी जग्गा वाँडफाँड, रविन्द्र श्रेष्ठको दृष्टिवन्धकी तथा सुवास के.सी. र कमला थापा समेतका लागि निवेदन लेखिदिने तथा कमला थापाको नाममा वनेको ६४४ को पूर्जाको विवरण समेत आफैले भरेको, न्हुछे भन्ने किरण महर्जनको तर्फबाट समेत काम गरि आएको र वयानमा किरण भन्ने मान्छे न्हुछे वनेर आएको तथा उक्त कार्यहरुमा आफू संलग्न भै लेखापढी समेतका कार्य, नक्कल कागजका पिठमा सक्कल वमोजिम नक्कल ठिक छ भनि लेखिदिएको, कित्ताकाट गर्न नापी शाखामा, भूमि सुधार कार्यालयमा आफै गएको भन्ने कुरा नापी शाखा र भूमि सुधार कार्यालयका कर्मचारीहरु समेतले खुलाएको, किरण महर्जनलाई आफूले चिनेको कुरा उल्लेख गरेबाट किरण महर्जन नै न्हुछे वहादुर महर्जन हो भन्ने नक्कली कागजात तयार गर्ने लगायतका कार्य गरी मोही समेतको तर्फबाट आफैले कार्य गरेको स्वीकारेबाट निजले नेपाल कानून व्यवसायी परिषद ऐन, नियम र आचार संहिता विपरित कार्यगरेको देखिन आएकाले निजलाई प्रचलित कानून बमोजिम कारवाही गर्न समेत आयोगको मिति २०६१।६।५ को निर्णयानुसार नेपाल कानून व्यवसायी परिषद्मा लेखी पठाईयो ।

६. गुठी संस्थानका अधिकृत प्रेमहरि ढकालले रत्नसागर मठ जनकपुरको वडा नं. ८ स्थित आठ कठ्ठा तैनाथी जग्गामा अंगद प्रसाद साहलाई मोही कायम गरेको, जोरपाटी पंचायत ७ (ग) कि.नं. २५,३८,३९ र ६५ को नापीमा पर्ति जनिएको जग्गामा शंकराचार्य मठको नाममा जोत खाली राखी दर्ता गर्न संस्थानले दिएको निर्देशन विपरीत अधिनस्थ जग्गा भनी शुशिल समशेर राणालाई उक्त जग्गा बिक्री गर्ने सहमति दिएको भन्ने समेत व्यहोराको यस आयोगमा परेको उजूरी उपर अनुसन्धान हुँदा मटिहानी गुठीका मान महन्थ तथा सो कार्यालयका कार्यालय प्रमुख जगन्नाथ दास वैष्णवले पूर्व निर्देशन बमोजिम रैतान परिणत गर्ने भनी मिति २०५६।३।२८ मा निर्णय गरी आफ्नै कार्यालयबाट तैनाथी भनी पटक पटक लेखी गएको जग्गा समेतलाई रै.प.गर्ने निर्णय गरी गुठी संस्थान ऐन, २०२९ को दफा २६(ग) को प्रतिवन्धात्मक वाक्यांश समेतले मोही कायम हुनै नसक्ने आफ्नो कार्यालय तालुकको गुठी तैनाथी जग्गामा भू.सु.का.जनकपुरले मोही कायम गरेको कार्यलाई वदर गराउनेतर्फ कुनै कारवाही नगरी निवेदक अंगद प्रसाद साह सुडीसंग प्रत्यक्ष मिलेमतो गरी तैनाथी प्रकृतिको गुठी जग्गालाई वदनियतपूर्ण एवं गैरकानूनी तवरले रैतान परिणत गर्ने निर्णय गरी निजले अख्तियार दुरुपयोग

अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३(ख), (ग) र (छ) बमोजिमको कसूर गरेको देखिन आएकोले निजलाई उक्त कार्यालय प्रमुखको जिम्मेवारीवाट मुक्त गर्न तथा गुठी संस्थानमा हाल मुख्य अधिकृतको रुपमा कार्यरत कर्मचारी प्रेमहरि ढकालले एउटै जग्गालाई कहिले तैनाथी र कहिले अधिनस्थ सरह व्यवहार गरी गुठी जग्गा हानी नोक्सानी हुने कार्य गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३(ख), (ग) र (छ) बमोजिमको कसूर गरेको देखिन आएकोले निजलाई गुठी संस्थान कर्मचारी सेवा शर्त सम्बन्धी विनियम, २०५१ को विनियम ९६ को देहाय (क) (३) बमोजिम दुई वर्षसम्म बढुवा रोक्का गर्ने विभागीय कारवाही गर्न आयोगको मिति २०६१।१२।८ को निर्णयानुसार अख्तियारवालालाई लेखी पठाइएको ।

७. सुकुम्वासी समस्या समाधान आयोग, चितवनका अध्यक्ष, कर्मचारी समेतले नाँप जाँच गरी केही जग्गा दर्ता गरी दिई हाल वछौली वा.नं. १ ख कि.नं. ३६, ३७ र ३८ कायम भएको जग्गा विगाहा ०-४-० का दरले सुकुम्वासी नभएका आफ्ना मानिस गगन केसरी अधिकारी समेत तीन जनाको नाममा दर्ता गरी दिएको हुंदा अन्यायीहरु उपर कानून बमोजिम सजाय गरी पाउँ भन्ने बिषयको उजुरी उपर अनुसन्धान गर्दा गैरकानूनी तरिकाले जग्गा वितरण गर्ने गरी भएको निर्णय वदर गरी उक्त जग्गा श्री ५ को सरकारका नाममा दर्ता गर्ने निर्णय भै सकेकाले जग्गा वितरणको निर्णय गर्ने कार्यमा सहभागी भएका र मुख्य रुपमा जिम्मेवार देखिएका मालपोत कार्यालयका निमित्त प्रमुख मालपोत अधिकृत, अमल किरण ढकाल (हाल उप-सचिव, स्थानीय विकास मन्त्रालय), नापी शाखाका नापी अधिकृत, रामविनोद महासेठ (हाल नापी शाखा वारा), अमिन हरिप्रसाद भट्ट (हाल नापी शाखा कावासोती), टोली प्रमुख रमाकान्त आचार्य (हाल नापी शाखा कावासोती), भूमिसुधार कार्यालय चितवनका भूमिसुधार अधिकारी कृष्णराज अधिकारी समेतका कर्मचारीहरुले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ ख. को विपरीत अनुचित कार्य गरेको पुष्टि हुन आएकाले मालपोत कार्यालयका निमित्त प्रमुख मालपोत अधिकृत, अमल किरण ढकाल, नापी शाखाका नापी अधिकृत, रामविनोद महासेठ, अमिन हरिप्रसाद भट्ट, टोली प्रमुख रमाकान्त आचार्य समेतका कर्मचारीहरुलाई निजामती सेवा ऐन, २०४९ को दफा ६० को (क) र (ज) को कसुरमा सोही ऐनको दफा ५९ क को उपदफा २ बमोजिम एक तलव वृद्धि रोक्का गर्न र उक्त समितिमा सदस्य सचिवको रुपमा कार्यरत रहेको, निर्धारित कार्यविधि समेत अनुसार वढि दायित्व र जिम्मेवारी भएका भूमिसुधार कार्यालय चितवनका भूमिसुधार अधिकारी कृष्णराज अधिकारी उपर सोही ऐनको दफा ५९ (क) को उपदफा २ बमोजिम दुई तलव वृद्धि रोक्का गर्ने बिभागीय सजाय गर्न आयोगको मिति २०६१।८।१४ को निर्णयानुसार अख्तियारवाला समक्ष लेखी पठाईयो ।

८. सुकुम्वासी समस्या समाधान आयोग, जिल्ला समिति, सिराहाले जि. सिराहा, मभ्औलिया गा.वि.स., वा नं. ७ कि.नं. २५१ को सार्वजनिक जग्गा सुकुम्वासी तथा अव्यवस्थित प्रयोजनका

लागि वितरण गरे भन्ने बिषयमा अनुसन्धान गर्दा जि. सिराहा मभ्कौलिया गा.वि.स. वडा नं. ७ कि.नं. २५१ को सार्वजानिक जग्गा तत्कालीन सुकुम्वासी समस्या समाधान आयोग जिल्ला समिति सिराहावाट अनियमित तवरले वितरण गरेको देखियो । उक्त जग्गा वितरण सम्बन्धमा बसेको सुकुम्वासी समस्या समाधान आयोग जिल्ला समिति, सिराहाको ०५८।३।४ को वैठकमा मालपोत कार्यालय सिराहाका तत्कालीन प्रमुख मालपोत अधिकृत शिवराज सापकोटा र नापी शाखा, सिराहाका नापी निरीक्षक नवल ठाकुर पदेन सदस्यको रुपमा उपस्थित भई उक्त निर्णयमा सहभागी भई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८ को दफा ३ ख. र छ. बमोजिमको अनुचित कार्य गरेको देखियो । अतः प्रमुख मालपोत अधिकृत शिवराज सापकोटालाई निजामती सेवा ऐन, २०४९ को दफा ५९ क. २ अनुसार विभागीय कारवाही स्वरुप दुई तलव वृद्धि रोक्का गर्न र नापी निरीक्षक नवल ठाकुरलाई एक तलव वृद्धि रोक्का गर्न आयोगको मिति २०६१।८।२१ को निर्णयानुसार अख्तियारवालालाई लेखी पठाईयो ।

(च) भौतिक योजना तथा निर्माण मन्त्रालय अन्तर्गत

१. नयाँ बजार जग्गा एकीकरण आयोजना अन्तर्गत खानेपानी योजना निर्माण कार्यको बोलपत्र मूल्याङ्कनको आधार स्वीकृत गर्दा अनियमितता गरे भन्ने सम्बन्धमा अनुसन्धान गर्दा नयाँबजार जग्गा एकीकरण आयोजना अन्तर्गत खानेपानी योजना निर्माण कार्यको प्राविधिक प्रस्ताव मूल्याङ्कन आधार स्वीकृतिको लागि नयाँबजार जग्गा व्यवस्थापन उप-समितिका तत्कालीन अध्यक्ष शिवभक्त शर्मा समक्ष पेश हुँदा मिति ०५९।७।१२ मा टिप्पणी आदेशमा दस्तखत गरिदिएको । आयोग समक्ष बयान गर्दा आफूले दस्तखत मात्र गरेको, मूल्याङ्कन आधार स्वीकृत नगरेको भनी इन्कारी बयान दिए तापनि स्वीकृतिको लागि निज शिवभक्त शर्मा समक्ष पेश भएको मूल्याङ्कन आधारलाई अस्वीकृत नगरेको र अन्य कुनै निर्देशन पनि नदिई दस्तखत गरेको र पछि सोही टिप्पणी आदेशमा आयोजना प्रमुखले स्वीकृत मूल्याङ्कन क्राइटेरिया बमोजिम बोलपत्र मूल्याङ्कनको लागि मूल्याङ्कन समिति गठन गर्ने सम्बन्धमा मिति ०५९।८।१० मा निज शिवभक्त शर्मा समक्ष टिप्पणी पेश गरेकोमा एक जना विशेषज्ञ समेत समावेश गर्ने गरी उक्त टिप्पणी सदर गरेको देखिएबाट मिति ०५९।७।१२ मा निजले दस्तखत मात्र गरेको हो क्राइटेरिया स्वीकृत गरेको होइन भनी मान्न सकिएन । आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०५६ को नियम ६२ बमोजिम बनेको सार्वजनिक निर्माण निर्देशिका मिति ०५९।४।१ देखि लागु भएको र सो निर्देशिकाको Part III, Annex B, Part 1 को 1. Qualification Criteria को 1.1 बमोजिम General construction experience, particular experience, Financial Capabilities, Personnel Capabilities / Equipment availability लाई आधार मानि उत्तीर्ण/अनुत्तीर्ण प्रकृयाद्वारा मूल्याङ्कनका आधार तैयार/स्वीकृति गर्नु/गराउनु पर्नेमा खानेपानी योजना निर्माणसँग सम्बन्ध नै नरहेको जग्गा एकीकरणमा काम गरेको अनुभवलाई १५ अंक सम्म दिने र मूल्याङ्कन

समितिको तजविजले ५ अंकसम्म दिन पाउने गरी उक्त निर्देशिका प्रतिकूल हुने गरी बोलपत्र मूल्याङ्कन आधार तैयार गराई मिति ०५९।७।१२ मा निज शिवभक्त शर्माले स्वीकृत गरेको बोलपत्र मूल्याङ्कन आधार गैर कानूनी भएको देखियो । १३ वटा योग्य फर्महरुको बोलपत्र खोलिएकोमा जम्मा ४ वटा फर्मले मात्र जग्गा एकीकरणमा काम गरेको देखिएको र मूल्याङ्कन समितिको तजविजले दिन पाउने भनिएको अङ्क इच्छित फर्मलाई उत्तीर्ण गर्न र अन्यलाई अनुत्तीर्ण गर्ने कार्यमा प्रयोग गरी स्वच्छ प्रतिस्पर्धा नहुने गरी मूल्याङ्कन गरेबाट निजले स्वीकृत गरेको मूल्याङ्कनका आधारबाट ठेकेदारहरुवीच स्वच्छ प्रतिस्पर्धा हुन नपाएको समेत देखिएकोले निजले प्रचलित कानुनले तोकेको पदिय दायित्व पूरा नगरी निजले अनुचित कार्य गरेको हुँदा निजामती सेवा ऐन, २०४९ को दफा ६० (ज) को कसुरमा नयाँ बजार जग्गा व्यवस्थापन उप-समितिका तत्कालीन अध्यक्ष हाल विज्ञान तथा प्रविधि मन्त्रालयका सह-सचिव शिवभक्त शर्मालाई निजामति सेवा ऐन २०४९ को दफा ५९ (क) वमोजिम कानूनी प्रक्रिया पुऱ्याई बढीमा २ (दुई) बर्ष बढुवा रोक्का गर्ने विभागीय सजायं गर्न आयोगको मिति २०६१।१०।२७ को निर्णयानुसार अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ (१) बमोजिम सम्बन्धित मन्त्रालयमा लेखी पठाईयो ।

२. डिभिजन सडक कार्यालय लहानका तत्कालिन डिभिजन प्रमुख योगेन्द्र कुमार राई समेतले आर्थिक वर्ष २०५७।०५८ मा विभिन्न सडकहरुमा ग्राभलिङ्ग, प्याच मर्मत, रंगरोगन र गाडी मर्मत आदि कार्यमा अनियमितता तथा भ्रष्टाचार जन्य कार्य गरेको भन्ने यस आयोगमा परेको उजूरीउपर अनुसन्धान हुँदा डिभिजन सडक कार्यालय लहानका तत्कालिन ओभरसियर तथा हाल डिभिजन सडक कार्यालय, इलाममा कार्यरत कमलप्रसाद यादवले आफू कार्यरत रहेको सडक खण्डमा आफ्नै श्रीमति अनिता कुमारी यादवको नाममा भएको विनय आश्रित निर्माण सेवा नामको फर्मका तर्फबाट मित्र निर्माण सेवाका प्रो.जुगेश्वर यादवलाई आर्थिक कारोवार समेत गर्ने गरी मन्जुरीनामा दिई कार्यालयलाई जानकारी नदिई अर्को ओभरसियर समेत भई नापजाँच गरी बील पेश गर्ने कार्यमा संलग्न भई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ (छ) बमोजिमको अनुचित कार्य गरेकोले निज ओभरसियर कमलप्रसाद यादवलाई निजामती सेवा ऐन, २०४९ को दफा ५९(क) (१) अनुसारको विभागीय सजाय गर्न आयोगको मिति २०६२।२।१२ को निर्णयानुसार अख्तियारवालालाई लेखी पठाइएको ।

३. जिल्ला प्रशासन कार्यालय, काठमाडौंबाट वितरण भएका नेपाली राहदानीको विषयको उजूरी छानवीन कार्यदलबाट आयोगमा पेश भएको प्रतिवेदनलाई आधार मानी विस्तृत अनुसन्धान गर्दा वन पैदावार विकास समिति, केन्द्रीय कार्यालय, काठमाडौंका लेखा अधिकृत कुमार घिमिरेले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ को देहाय (छ) बमोजिम आफ्नो पदको प्रकृति अनुसार पालन गर्नु पर्ने पदीय कर्तव्य पालना नगरेको एवं वन पैदावार विकास

समिति, कर्मचारी सेवा शर्त सम्बन्धी (पहिलो संशोधन) विनियमहरु, २०५४ को विनियम ९३ को बर्खिलाप गरेकोले निजलाई वन पैदावार विकास समिति, कर्मचारी सेवा शर्त सम्बन्धी (पहिलो संशोधन) विनियमहरु, २०५४ बमोजिम दुई तलब बृद्धि रोक्काको विभागीय सजायं गर्न आयोगको मिति २०६२।२।१० को निर्णयानुसार अख्तियारवाला कहां लेखी पठाइएको ।

(छ) शिक्षा तथा खेलकूद मन्त्रालय अन्तर्गत

१. त्रिभुवन विश्वविद्यालय, आयुर्वेद क्याम्पस नरदेवीका स्थायी प्राध्यापक डा. रामवृक्ष साहूले आफ्नो क्याम्पसका साथै महेन्द्र संस्कृत विश्वविद्यालय र शिक्षक सेवा आयोगबाट समेत पारिश्रमिक लिई भ्रष्टाचार गरे भन्ने विषयको उजुरी उपर अनुसन्धान हुँदा ऐनद्वारा गठित शिक्षक सेवा आयोगको पदाधिकारीले आफूलाई नियुक्ति दिने निकाय श्री ५ को सरकार वा आफू कार्यरत संस्थालाई पनि आफू अन्य निकायमा परामर्शदाताको रुपमा नियुक्ति भै काम गरेको तथ्य वारे जानकारी दिनु पर्ने त्यस्ता पदाधिकारीको सामान्य कर्तव्य नै हुनेमा पनि नदिई अन्यत्रबाट समेत पारिश्रमिक सुविधा लिएकोलाई उचित मान्न सकिएन । तसर्थ यस विषयमा आवश्यक कारवाही गर्न आयोगको मिति २०६१।५।८ को निर्णयानुसार शिक्षक सेवा आयोगमा लेखी पठाईएको ।

२. शिक्षा तथा खेलकूद मंत्रालयका सह-सचिव लव प्रसाद त्रिपाठी र जिल्ला शिक्षा कार्यालय, ललितपुरका जिल्ला शिक्षा अधिकारी वलिराम प्रसाद सिंहले एस. एल. सी. परीक्षाको पूर्व सन्ध्यामा रजिष्ट्रेशन फाराम भराई २२९ जना विद्यार्थीहरुलाई परीक्षा दिन लगाई रु. ५० लाख भन्दा बढी भ्रष्टाचार गरे भन्ने बिषयमा अनुसन्धान गर्दा शिक्षा नियमावली, २०५९ को नियम ८४ (१) बमोजिम विद्यालयको शैक्षिक सत्र बैशाख एक गते देखि प्रारम्भ भई चैत्र मसान्त सम्म कायम रहने र ऐ. नियमावलीको नियम ८० (१) बमोजिम कुनै विद्यार्थीले स्थानान्तरण प्रमाण पत्र लिनु परेमा अभिभावकको सिफारीस सहित विद्यालय छाड्नु परेको यथार्थ विवरण खुलाई प्रधानाध्यापक समक्ष निवेदन दिनु पर्ने कानूनी प्रावधान रहेको देखिन्छ । ऐ. नियमावलीको नियम ८० (२) को देहायको (क) (ख) र (ग) को अवस्थामा शैक्षिक सत्र शुरु भएको दुई महिना भित्र स्थानान्तरण प्रमाण पत्र दिने र स्थानान्तरण भई आउने विद्यालयको सिफारीसमा जिल्ला शिक्षा कार्यालयको सहमति लिई स्थानान्तरण प्रमाणपत्र दिन सकिनेछ भन्ने व्यवस्था भएकोमा शिक्षा तथा खेलकूद मन्त्रालय, शैक्षिक प्रशासन महाशाखाका सह-सचिव लव प्रसाद त्रिपाठीले ऐन, नियमको पालना गर्नु गराउनु पर्नेमा ऐन, नियमको राम्रो जानकारी हुंदा हुंदै केण्ट माध्यमिक विद्यालय ग्वार्को, ललितपुरले जिल्ला शिक्षा कार्यालय ललितपुरमा समयमा सहमति लिन ढिलाई भएको कारण यस विद्यालयको कक्षा १० मा पढ्दै आएका विद्यार्थीहरुको सहमति जिल्ला शिक्षा कार्यालय ललितपुरले नदिएको हुनाले सो कार्यालयलाई सहमतिको लागि व्यवस्था

मिलाई दिनु हुन भनी निज समक्ष निवेदन पेश हुंदा निजले "उक्त विषयमा २२९ जना विद्यार्थी भन्ने बुझिएकोले सहानुभूतिपूर्वक विचार गरी नियमानुसार कारवाही गर्ने" भनी मिति २०६०।९।२५ मा जिल्ला शिक्षा अधिकारी, ललितपुरलाई तोकादेश गरेको देखिन्छ । प्रथम दृष्टिमै नियम विपरितका माग गरेको भन्ने स्पष्ट हुँदा हुँदै सो काम आफु मातहतको कर्मचारीवाट गराउने मनसायले उपर्युक्त वमोजिमको तोक आदेश लगाएको देखिन्छ । शैक्षिक सत्र शुरु भएको दुई महिना भित्र सो कार्य गर्नु पर्नेमा निजको तोकका कारण त्यसलाई आधार मानी जिल्ला शिक्षा अधिकारी ललितपुरले नेपाल अधिराज्यका विभिन्न विद्यालयमा अध्ययन गरी काठमाडौं उपत्यका भित्रका विभिन्न कोचिङ्ग इन्स्टिच्यूटहरु मार्फत केण्ट माध्यमिक बिद्यालय तथा अल्मा म्याटर होममा भर्ना गरी गराई सो विद्यालयहरुका विद्यार्थीहरु हुन् भनी अनियमित तरीकाले ३३२ विद्यार्थीहरुलाई सहमति प्रदान गरी एस.एल.सी. परीक्षामा संलग्न गराएको देखिदा निज लव प्रसाद त्रिपाठीको स्पष्टीकरणमा उल्लेखित तथ्यसंग सहमत हुन सकिएन । अतः निजद्वारा भएको उक्त कार्य अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ को देहायको खण्ड (छ) र (ज) को कानूनी प्रावधान विपरीत भई निजामति सेवा ऐन, २०४९ को दफा ६० को देहायको (ज) समेतको कसूरमा निजलाई निजामती सेवा ऐन, २०४९ को दफा ५९ (क) १ को सजाय (नसिहत) दिन, र ,, ..."नियमानुसार कारवाही गर्ने" भन्ने तोक आदेशलाई आधार मानी नियममा उल्लिखित वाध्यात्मक कानूनी व्यवस्थालाई पालन नगरी स्थानान्तरण गर्न सहमति दिने जिल्ला शिक्षा कार्यालय, ललितपुरका जिल्ला शिक्षा अधिकारी वलिराम प्रसाद सिंहले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ को देहायको खण्ड (क) (ख) (छ) र (ज) को कानूनी प्रावधान उल्लंघन गरी निजामति सेवा ऐन, २०४९ को दफा ६० को देहायको (क) र (ज) को कसूर गरेको देखिन आएकोले निजलाई निजामती सेवा ऐन, २०४९ को दफा ५९ (क) ३ बमोजिम ५ (पाँच) बर्षसम्म बढुवा रोक्का गर्ने सजायं गर्न आयोगको मिति २०६१।६।२५ को निर्णयानुसार अख्तियारवाला समक्ष लेखी पठाईयो ।

३. जिल्ला शिक्षा कार्यालय, ताप्लेजुङ्गका तत्कालीन शाखा अधिकृत लय प्रसाद निरौला र शिक्षक मान बहादुर गौतम समेतले किर्ते लिखत तयार गरी/गराई सञ्चित भएको भन्दा वढी अवधिको विदाको रकम दिए लिएको, निवेदन दिनुभन्दा अगावैको मितिमा बसाई सरेको प्रमाणित गरी दुर्गम भत्ता दिए लिएको र वास्तविक मिति भन्दा अगावैको किर्ते नियुक्ति पत्र तयार गरी/गराई वढी रकम निवृत्तभरण दिए, लिए भन्ने सम्बन्धमा अनुसन्धान गर्दा शाखा अधिकृत (हाल जिल्ला शिक्षा कार्यालय, इलाम) लय प्रसाद निरौलाले शिक्षक अनन्तराम खतिवडाले पेश गरेको नक्कली कागजातको आधारमा सञ्चित अवधिभन्दा बढी अवधिको विदाको रकम उपलब्ध गराएको र वास्तविक नियुक्ति मितिभन्दा अगावै नियुक्ति पाएको देखाई बढी रकम निवृत्तभरण उपलब्ध

गराउनका साथै शिक्षक मान बहादुर गौतमलाई निर्णय मिति भन्दा अगाडि देखि लागू हुने गरी दुर्गम भत्ता वापतको रकम उपलब्ध गराई अनुचित कार्य गरेको कसुरमा निजामती सेवा ऐन, २०४९ को दफा ५९ (२) बमोजिम निजको दुई वर्षसम्मको तलब बृद्धि रोक्का गर्न र हाल कञ्चनजङ्गा नि.मा.वि., याम्फुदिन, ताप्लेजुङ्गका शिक्षक मान बहादुर गौतमले बसाई सराईको प्रमाण सहित निवेदन पेश गर्नुभन्दा अगाडी देखि नै दुर्गम भत्ता वापतको रकम अनुचित रुपमा लिएको कसूरमा निजलाई शिक्षा नियमावली २०५९ को नियम १३७ बमोजिम निजको पनि दुई वर्षसम्म तलब बृद्धि रोक्काको विभागीय कार्वाही गर्न आयोगको मिति २०६१।९।२ को निर्णयानुसार अख्तियारवालालाई लेखी पठाईयो ।

४. उच्च माध्यमिक शिक्षा परिषद्का का.मु. सह-नियन्त्रक बालकृष्ण मिश्रले परिषदद्वारा २०५७ बैशाख जेष्ठमा संचालन भएको कक्षा ११ र १२ को परीक्षाको लागि पर्यवेक्षक नियुक्ति गर्दा अनियमितता गरे भन्ने उजुरी उपर अनुसन्धान गर्दा पर्यवेक्षकको रुपमा खटी गएका मनोज कुमार चौधरी र रामकुमार श्रेष्ठले पर्यवेक्षक नियुक्तिका लागि पेश गरेका त्रिभुवन विश्वविद्यालय, व्यवस्थापन विभागको ०५७।२।९ को पत्र सही या गलत के हुन भनि एकिन साथ हेरी जाँची बुझी नियुक्ति दिनु पर्नेमा प.सं. च.नं. केही उल्लेख नभएको पत्रको सम्बोधन र विषय बीच तालमेल नभएको कागजलाई हेर्दै नहेरी उचित ठहऱ्याई सोही पत्रको आधारमा सिफारिश गरी नियुक्ति दिने जस्ता कार्यहरु गरेको देखिंदा तत्कालिन परीक्षा नियन्त्रक उपप्राध्यापक दुर्गाप्रसाद पाण्डे अनुगमन समिति, त्रिभुवन विश्वविद्यालयलाई उच्च माध्यमिक शिक्षा परिषद् कर्मचारी सेवा शर्त सम्बन्धी विनियमहरु, २०५३ को विनियम ४६(च) र त्रिभुवन विश्वविद्यालय शिक्षक कर्मचारी सेवा सम्बन्धी नियम २०५० को ८३(क) को कसुरमा ऐ.८२ (३) बमोजिम २ वर्ष बढुवा रोक्का गर्न र तत्कालिन का.मु. सहनियन्त्रक शाखा अधिकृत बालकृष्ण मिश्र, उच्च माध्यमिक शिक्षा परिषद्लाई उच्च माध्यमिक शिक्षा परिषद् कर्मचारी सेवा शर्त सम्बन्धी विनियमहरु, २०५३ को विनियम ४६(च) को कसुरमा ऐ.४५(ग) बमोजिम १ वर्ष बढुवा रोक्का गर्ने गरी विभागीय कारवाही गर्न आयोगको मिति २०६१।९।९ को निर्णयानुसार अख्तियारवालालाई लेखी पठाईयो ।

५. पाँचौ राष्ट्रिय खेलकूद प्रतियोगिताका लागि आवश्यक नपर्ने ग्लोव र हेडगार्ड खेल सामाग्रीहरु राष्ट्रिय खेलकूद परिषदका मुख्य बक्सिङ्ग प्रशिक्षक विद्या मर्सानीको सिफारिसमा पाँचौ राष्ट्रिय खेलकूद प्रतियोगिताका लागि भनि सलिना इण्टर प्राइजेजबाट प्रचलित बजार दरभाउ भन्दा ५००% सम्म बढी मूल्यमा खरिद गरि आर्थिक भ्रष्टाचार गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा परिषदका लेखा प्रमुख टेकबहादुर बम तथा टेवुलटेनिस सहायक प्रशिक्षक तथा सलिना इण्टरप्राईजेज त्रिपुरेश्वरका प्रोप्राइटर धर्ममान बज्राचार्यले क्रमशः परिषदको आर्थिक प्रशासन सम्बन्धि नियमावली, २०५० को नियम ३२ विपरीत प्राप्त भएका खेलकुद

सामग्रीहरुको भूक्तानी दिने कार्यगरी राष्ट्रिय खेलकूद परिषदको कर्मचारी सेवा शर्त सम्बन्धि नियम, २०४९ को परिच्छेद ८ को नियम ८.२ (ख) को देहाय (४) र देहाय (ङ) को १ र ९ तथा राष्ट्रिय खेलकुद परिषद कर्मचारी सेवाशर्त नियमावली, २०४९ को नियम ७.७ को कसूर गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ बमोजिम अनुचित कार्य गरेको देखिन आएकोले टेकवहादुर वमलाई प्रचलित कानून वमोजिम विभागीय कारवाही गर्न तथा धर्ममान वज्राचार्यलाई परिषदको नोकरीबाट हटाउने विभागीय कारवाही गर्न आयोगको मिति २०६२।१।१५ को निर्णयानुसार सदस्य सचिव, राष्ट्रिय खेलकुद परिषदलाई लेखि पठाइएको ।

६. जिल्ला प्रशासन कार्यालय, काठमाडौंबाट वितरण भएका नेपाली राहदानीको विषयको उजूरी छानवीन कार्यदलबाट आयोगमा पेश भएको प्रतिवेदनलाई आधार मानी विस्तृत अनुसन्धान गर्दा राष्ट्रिय खेलकुद परिषदका सह-लेखापाल शुभराम बस्नेतले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ को देहाय (क) बमोजिम जानी जानी लापरवाही साथ आफ्नो अधिकार नभएको काम गरेको अनुचित कार्य भएको एवं निजले गरेको कार्य राष्ट्रिय खेलकुद परिषद कर्मचारी सेवा शर्त सम्बन्धी नियम, २०४९ को नियम ८.२ को देहाय (२) र (३) विपरित भएकोले निजलाई राष्ट्रिय खेलकुद परिषद कर्मचारी सेवा शर्त सम्बन्धी नियम, २०४९ को नियम ८.१ को (ख) बमोजिम दुई तलब बृद्धि रोक्का गर्ने विभागीय सजायं गर्न आयोगको मिति २०६२।२।१० को निर्णयानुसार अख्तियारवाला कहां लेखी पठाइएको ।

७. पाँचौ राष्ट्रिय खेलकूद प्रतियोगिताका लागि आवश्यक नपर्ने ग्लोव र हेडगार्ड खेल सामाग्रीहरु राष्ट्रिय खेलकूद परिषदका मुख्य बक्सिङ्ग प्रशिक्षक विद्या मर्सानीको सिफारिसमा पाँचौ राष्ट्रिय खेलकूद प्रतियोगिताका लागि भनि सलिना इण्टर प्राइजेजबाट प्रचलित बजार दरभाउ भन्दा ५००% सम्म बढी मूल्यमा खरिद गरि आर्थिक भ्रष्टाचार गरेकोले कारवाही गरिपाँउ भनि हरि नारायण ढकालको नामबाट यस आयोगमा दर्ता हुन आएको उजुरी उपर विस्तृत अनुसन्धान हुँदा पाँचौ राष्ट्रिय खेलकुद प्रतियोगिताका लागि प्राप्त गर्ने खेलकुद सामाग्रीका सम्बन्धमा राष्ट्रिय खेलकूद परिषदबाट मिति २०५८।२।९ मा भएको निर्णयमा उल्लेखित कार्यादेश विपरित, खेलकूद सामाग्री गुणस्तर निर्धारण उप समितिका संयोजक लाल बहादुर विष्टले प्रतियोगिताका लागि लिइएका सामानको स्याम्पल चेकिङ्ग नगरी सामान प्राप्त गरेको र भण्डार दाखिला गर्ने आदेश समेत स्वंयले गरी उक्त समितिलाई सामाग्री खरिद तथा गुणस्तर निर्धारण समितिका रुपमा स्थापित गराएको कार्य परिषदको उक्त मिति ०५८।२।९ को निर्णय विपरित भएको देखिन आयो । रा.खे.प.का तत्कालिन सदस्य सचिव विनोद शंकर पालिखे स्वयं उक्त मितिको निर्णयमा आफु संलग्न रहँदा रहँदै निर्णयमा नपरेको " खेलकुद सामाग्री खरिद तथा गुणस्तर निर्धारण उप समिति" कायम गराई सो उप समितिलाई खेलकूद सामाग्री खरिद समेतमा संलग्न गराईएको निजको कार्य नियम सम्मत मान्न मिल्ने देखिएन । त्यसै गरी मिति २०५८।२।१९ मा नै स्टोर

दाखिला भैसकेका बक्सीङ्ग हेडगार्ड र बक्सीङ्ग ग्लोव सम्बन्धी खेल सामाग्रीहरु हेर्दै नहेरी, परिक्षण नै नगरी मिति २०५८।३।४ मा गुणस्तर ठीक भनि दस्तखत गर्ने खेलकूद परिषदका तत्कालिन मुख्य प्रशिक्षक विद्या मर्सानीको उक्त कार्य नियम सम्मत देखिएन । यसबाट तत्कालीन सदस्य सचिव विनोद शंकर पालिखेबाट अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ को देहाय (क) तथा (ग) बमोजिम अनुचित कार्य भएको देखियो भने संयोजक लाल बहादुर विस्टबाट अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ को देहाय (क) बमोजिम र मुख्य बक्सिङ्ग प्रशिक्षक विद्या मर्सानीबाटअख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ को देहाय (छ) बमोजिम अनुचित कार्य भएको देखिन आयो । निजहरु मध्ये संयोजक लाल बहादुर विष्ट र मुख्य बक्सिङ्ग प्रशिक्षक विद्या मर्सानीलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम २५ को (ग) बमोजिम बढीमा २ वर्षसम्म त्यस्तो जिम्मेवारी नदिन सदस्य सचिव राष्ट्रिय खेलकुद परिषदलाई आयोगको मिति २०६१/१२/१७ को निर्णयानुसार लेखी पठाइएको । साथै तत्कालिन सदस्य सचिव विनोद शंकर पालिखे पदनिवृत्त भईसकेको देखिँदा निजको हकमा अभिलेख राख्नु भनि प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयलाई लेखि शिक्षा तथा खेलकूद मन्त्रालयलाई जानकारी दिइएको ।

८. उच्च माध्यमिक शिक्षा परिषद्वाट लिइएको लेखा सहायक पदको परीक्षामा अनियमितता भएको सम्वन्धमा आयोगको मिति ०६२।२।३ को निर्णयानुसार खेलकूद मन्त्रालयका उप-सचिव तेजराज पाण्डेसंग स्पष्टीकरण माग गरिएकोमा उक्त वि.नं. ११।०६०।६१ लेखा सहायक पदको लिखित परीक्षाको प्रथम पत्रमा कोड नं. ६६६०७ को उत्तर पुस्तिकामा आफुले पहिले दिएको अंकमा केरमेट गरी गलत उत्तरलाई समेत ठीक चिन्ह दिई अंक थप गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ (घ) र (छ) अन्तर्गतको अनुचित कार्य गर्ने शिक्षा तथा खेलकूद मन्त्रालयका उप-सचिव तेजराज पाण्डेलाई निजामती सेवा ऐन, २०४९ को दफा ५९ (क) (२) अनुसार दुई तलव वृद्धि रोक्का गर्न आयोगको मिति २०६२।३।५ को निर्णयानुसार शिक्षा तथा खेलकूद मन्त्रालयलाई लेखि पठाइएको ।

९. जिल्ला शिक्षा कार्यालय, काठमाडौंका तत्कालीन जिल्ला शिक्षा अधिकारी वलराम के.सी. ले विद्यालय संचालकहरुको मिलोमतोमा ११ विद्यालयवाट ७४८ विद्यार्थीलाई अवैध रुपमा एस.एल.सी. दिलाई भ्रष्टाचार गरेको भन्ने सम्वन्धमा अनुसन्धान गर्दै जाँदा जिल्ला शिक्षा कार्यालय काठमाडौंका तत्कालीन र हाल रसुवाका जिल्ला शिक्षा अधिकारी वलराम के.सी. ले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३१ क. को उपदफा (१) बमोजिम तोकिएको निकायमा सम्पत्ति विवरण बुझाएको नपाइएकोले निजलाई अख्तियार दुरुपयोग

अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३१ क. को उपदफा (२) बमोजिम पाँच हजार रुपैया जरिवाना गरी ३० दिन भित्र सम्पत्ति विवरण पेश गर्न लगाउन आयोगको मिति २०६२।३।१३ को निर्णयानुसार अख्तियारवाला समक्ष लेखी पठाईएको ।

(ज) संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय अन्तर्गत

१. नक्कली भीषामा यात्रुहरु उडाई शाही नेपाल वायुसेवा निगमलाई नोक्सान पारेको भन्ने विषयको उजुरी उपर अनुसन्धान हुँदा शाही नेपाल वायुसेवा निगमको लण्डन उडानबाट ७ डिसेम्वर १९९७ देखि १० अगष्ट २००१ को वीचमा ५६ जना यात्रुहरु नक्कली पासपोर्ट भीषामा लण्डन गएको भन्ने बेलायतको होम अफिसको पत्रबाट देखिन्छ । यसरी नक्कली कागजातबाट यात्रुहरु उडान गरे वापत शा.ने.वा.नि. ले बेलायतको होम अफिसलाई ब्रिटिस पौंड ५८०००।- जरिवाना बुझाएको देखियो । शाही नेपाल वायु सेवा निगमले बेलायतका होम अफिसलाई जरिवाना वापतको रकम भुक्तानी गर्ने सम्बन्धमा भएको निर्णय फाइल आयोगमा उपलब्ध हुन नसकेको देखिएकोले उक्त निर्णय फाइल कसको जिम्मामा रहेको छ ? क-कसको लापरवाहीले फाइल उपलब्ध हुन नसकेको हो ? सम्वद्ध जिम्मेवार पदाधिकारीलाई विभागीय कारवाही समेत गरी सो को जानकारी ३ (तीन) महिना भित्र आयोगमा पठाउन आयोगको मिति २०६१।७।११ को निर्णयानुसार कार्यकारी निर्देशक, शा.ने.वा.नि. लाई लेखी पठाईयो ।

२. दोश्रो पर्यटन पूर्वाधार विकास आयोजना अन्तर्गत पोखरा वातावरण सुधार आयोजनामा अनियमितता भएको भन्ने विषयमा परेको उजूरी उपर अनुसन्धान गर्दा उक्त आयोजनामा आयोजना व्यवस्थापन कार्यालय प्रमुख तथा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सि.डि.ई. विनोद चन्द्र गिरीले आफूलाई तोकिएको जिम्मेवारी ठीकसंग पूरा नगरेको एबम् आफूलाई प्राप्त अख्तियारी नाघेर काम गरेको देखिएको र निज गिरीले बाजुराको बडी मालिका मन्दिर र अछामको बैद्यनाथ मन्दिर मर्मत तथा जिर्णोद्धारको काममा आफ्नो पदीय दायित्व अनुरुपको कर्तव्य पालना नगरी अनुचित कार्य गरेकोमा आयोगको मिति २०६०।११।२१ को निर्णय अनुसार यस अघि पनि निजलाई विभागीय कारवाही गर्न लेखी पठाएको देखिएको हुँदा प्रस्तुत सन्दर्भमा अ.दु.अ.आयोग ऐन, २०४८ को दफा ३ (क), (ख) र (छ) अनुसारको अनुचित कार्य गरेको हुंदा निजामती सेवा ऐन, २०४९ को दफा ५९ (क) ३ अनुसार बिभागिय सजाय गर्न आयोगको मिति २०६१।९।१४ को निर्णयानुसार अख्तियारवाला लाई लेखी पठाईयो ।

३. यति एयरलाएन्सको संचालनमा रहेको दुघर्टनाग्रस्त DHC 6-300, S.No. 729 9N-AEV Aircraft खरीद, मर्मत र बिक्री गर्दा र लिजमा ल्याउँदा अनियमितता एवं भ्रष्ट्राचार भएको भन्ने विषयमा अनुसन्धान गर्दा उक्त विमानको अवशेषलाई खरिद गरी सो अवशेष पनि विदेशमा लगी बिक्री गरिसकेको अवस्थामा सो वायुयानको साविकको दर्ता नम्बर तथा संचालन अधिकार

यति एयरलाइन्स मै कायम रहेको भनी Wreckage/Salvage लाई मर्मत गरिएको जहाज भनी NR Holding Inc. जहाजको मालिक तथा यति एयरलाइन्स संचालक हुने गरी १८ अक्टुबर २००२ मिति हालि ठेक्का संझौता गरेको देखाई सो संझौता पेश गरी गराइ उपर्युक्त Wreckage/salvage कै नाममा वायुयान नेपाल भित्रयाई नेपाल नागरिक उड्डयन प्राधिकरणका पदाधिकारीहरुसँगको मिलेमतोमा यति एयरलाइन्सले गैर कानूनी रुपमा सो वायुयान संचालन गरिरहेको पाईयो । वायुसेवा संचालन गर्न सिफारिस नभएको सामान्यत: २० वर्षभन्दा पुरानो विमानलाई नेपालमा दर्ता नगर्ने श्री ५ को सरकारको हवाई नीति, (संशोधन सहितको) २०५० को दफा ३.३ (ख) र NCAR 2002 को chapter B.5 issue 3। को clause 9 विपरित सन् १९८० मा बनेका तथा Wreckage/Salvage मा परिणत भइसकेको DCH 6-300 S.No. 729 को NR Holding Inc. को स्वामित्वमा भएको हवाइजहाज भनी कुनै आधार, कारण, प्रमाण र औचित्य विना गैरकानूनी रुपमा नेपाल भित्र्याई संचालन गर्न दिएर कानूनी प्रावधानको उल्लंघन गरेको प्रष्ट देखियो । उक्त DCH 6-300 S.No. 729 को वायुयान दुघर्टना भए पश्चात यति एयरलाइन्सले Wreckage खरिद गरी सो Wreckage लाई वायुयान (Aircraft) को रुपमा कायम रहेको देखाई सुरक्षित हवाई सेवा कायम गर्न लागू गरिएको हवाई नीति र NCAR का प्रावधान बमोजिम संचालन गर्न अनुमति दिनै नमिल्ने जहाजलाई कानूनी प्रावधान छली संचालन गरे गराएको र हवाइ यात्रीहरुको जीउ धनलाइ उच्च जोखिममा पारेको पाईयो । अत: दर्ता खारेज गर्नुपर्ने बाध्यात्मक कानूनी प्रावधान उल्लंघन गरी दर्ता कायम राख्ने, दर्ता गर्न नमिल्ने कानूनी प्रावधान उल्लंघन गरी NR Holding Inc. का नाममा दर्ता कायम गर्ने र उडान संचालन गर्न अनुमति दिने लगायतका काममा मुख्य रुपमा संलग्न रहेको देखिएका नेपाल नागरिक उड्डयन प्राधिकरणका उपनिर्देशक विनोद गिरीको दुई वर्ष वढुवा रोक्का गर्न, हवाई उड्डयन सुरक्षा प्रमुखको कार्यालयका तत्कालीन प्रमुख विनोद कुमार गौतमको तीन तलव वृद्धि रोक्का गर्न, सहसचिव (प्रा.) मेदिनी प्रसाद शर्मा, वरिष्ठ अधिकृत भेषराज सुवेदी र वरिष्ठ अधिकृत टेकराज पोखरेललाई नसिहत दिन, वरिष्ठ अधिकृत राजु श्रेष्ठ र ने.ना.उ.प्राधिकरण हवाई उड्डयन सुरक्षा प्रमुखको कार्यालयका प्रमुख रतिशचन्द्र लाल सुमनलाई नेपाल नागरिक उड्डयन प्राधिकरण कर्मचारीहरुको सेवाका शर्त र सुविधा सम्बन्धी नियमावली, २०५६ को नियम १३.१ को खण्ड (क) बमोजिम सजाय गर्न र तत्कालीन उप-महानिर्देशक शम्भु प्रसाद अधिकारी र तत्कालिन महानिर्देशक उपेन्द्र प्रसाद धिताल दुबै जना हाल अवकाश भैसकेकाले निजहरुलाई दुई वर्षसम्म सार्वजनिक जवाफदेहीको पदमा नियुक्त नगर्न आयोगको मिति २०६१।११।२८ को निर्णयानुसार अख्तियारवाला समक्ष लेखी पठाईयो ।

४. त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको आन्तरिक र अन्तर्राष्ट्रिय टर्मिनल भवनबाट आवतजावत गर्ने यात्रुहरुको सुविधाको लागि पसल संचालन गर्न टर्मिनल भवनको केही भाग भाडामा दिदां

भ्रष्टाचार गरेको भन्ने उजूरीका सम्बन्धमा कारवाही हुँदा आवश्यक प्रक्रिया नपुऱ्याई ३ महीनाको भाडा रकम नेपाल नागरिक उड्डयन प्राधिकरणलाई नोक्सान पारेको देखिदा यस कार्यमा संलग्न अवकास प्राप्त तत्कालिन महाप्रबन्धक लिविन्द्रमान शाक्यलाई अ.दु.अ.आयोग नियमावली, २०५९ को नियम २५ को (ख) को आधारमा दुई वर्षसम्म सार्वजनिक जवाफदेहीको पदमा नियुक्ति नगर्न, नेपाल नागरिक उड्डयन प्राधिकरणमा कार्यरत सहायक अधिकृत योगराज ढकाल, प्रबन्धक शालिग्राम पौडेल, तालीम प्रमुख उमेश प्रसाद ढुङ्गाना र निर्देशक संजिव गौतमलाई नेपाल नागरिक उड्डयन प्राधिकरणका कर्मचारीहरुको सेवाका शर्त र सुविधा सम्बन्धी नियम बमोजिम विभागीय कारवाही गरी आयोगमा जानकारी पठाउन अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२(१) बमोजिम नेपाल नागरिक उड्डयन प्राधिकरणका महानिर्देशकलाइ लेखी पठाइएको । साथै सिभिल मर्मत महाशाखाका तत्कालिन महाशाखा प्रमुख ओम शंकरलाल श्रेष्ठ हाल सेवाबाट अवकाश भैसकेको भन्ने उल्लेख हुँदा निजलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम २५ को देहाय (ख) बमोजिम प्राधिकरणको सेवामा नियुक्ति नगर्ने व्यवस्थाको लागि आयोगको मिति २०६१।१२।८ को निर्णयानुसार नेपाल नागरिक उड्डयन प्राधिकरणका महानिर्देशकलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ क बमोजिम लेखि पठाइएको ।

(झ) स्थानीय विकास मन्त्रालय अन्तर्गत

१. जिल्ला विकास समिति, तेह्रथुमको नं.३/०५४/०५५ को विज्ञापन अनुसार माग गरिएको कार्यक्रम अधिकृत पदमा योग्यता नै नभएको व्यक्तिलाई अनियमित किसिमले नियुक्ति दिएको भन्ने उजूरी उपर अनुसन्धान गर्दा सो विज्ञापनमा सो पदकालागि मान्यता प्राप्त शिक्षणसंस्थाबाट तथ्याङ्क शास्त्र वा अर्थ शास्त्र विषयमा स्नातक वा सो सरह उतीर्ण भएको शैक्षिक योग्यता तोकिएको देखियो । सो पदमा सफल भएका भनिएका टिकाराम पराजुलीले शिक्षा (वी.एड.) विषयमा स्नातक गरेको र शिक्षा अन्तर्गत पनि निजले अर्थ शास्त्र वा तथ्याङ्क शास्त्र अध्ययन गरेको सम्म पनि लब्धाङ्क पत्रबाट देखिन आएन । यसरी खास पदकोलागि खास किसिमको शैक्षिक योग्यता हुनु पर्ने भनी विज्ञापन गरेकोमा पछि सो विज्ञापनमा तोकिएको योग्यता नै नपुगेको तथा स्वत: अयोग्य व्यक्तिलाई परीक्षामासमेत समावेश गराई विज्ञापनमा तोकिएको योग्यता पुगेको व्यक्तिलाई पन्छाई उक्त अयोग्य व्यक्तिलाई नियुक्ति समेत दिई काम र सुविधा प्रदान गरेको कार्य कानून विपरित देखियो । यस कार्यले विषयगत शैक्षिक योग्यता भएका व्यक्तिलाई उपेक्षा गरी खास व्यक्तिलाई नै अनियमित किसिमले भर्ना गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८ को दफा ३ (छ) बमोजिमको अनुचित कार्य गरेको पुष्टि हुन आएकोले अनियमित तथा अनुचित कार्यबाट भएको नियुक्ति वदर गरी आयोगलाई जानकारी दिन अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८ को दफा १२क. बमोजिम

जिल्ला विकास समिति तेह्रथुमलाई लेखी पठाउनुका साथै सो अनुचित कार्य गर्नमा मूल जिम्मेवार जिल्ला विकास समिति तेह्रथुमका तत्कालीन स्थानीय विकास अधिकारी तथा पदपूर्ति तथा बढुवा समितिका सदस्य सचिव दिलीप कुमार चापागाई भएकोले निजलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८ को दफा १२ बमोजिम निजामती सेवा ऐन २०४९ को दफा ५९ (क)(३) बमोजिम ५ वर्षसम्म बढुवा रोक्का गर्ने गरी विभागिय कारवाही गर्न आयोगको मिति २०६१।५।२३ को निर्णयानुसार अख्तियारवाला समक्ष लेखी पठाईयो ।

२. दोश्रो पर्यटन पूर्वाधार विकास आयोजना अन्तर्गत पोखरा वातावरण सुधार आयोजनामा अनियमितता भएको भन्ने विषयमा परेको उजूरी उपर अनुसन्धान गर्दा पोखरा उप-महानगरपालिकाका कार्यकारी अधिकृत शिवदत्त भट्टराईले नगरपालिका वोर्डमा नियम संगत नभएका प्रस्ताव पेश गर्ने र सम्झौता र ऐन कानून विपरीत भुक्तानी गरी आफ्नो पदीय दायित्व ठीकसंग निर्वाह नगरेको देखिएकोले अ.दु.अ.आयोग ऐन, २०४८ को दफा ३ (क), (ख) र (छ) अनुसारको अनुचित कार्य गरेकोमा निजलाई निजामती सेवा ऐन, २०४९ को दफा ५९ (क) २ अनुसारको बिभागिय सजाय गर्न आयोगको मिति २०६०।११।२१ को निर्णय अनुसार अख्तियारवाला लाई लेखी पठाईयो । पोखरा उप-महानगरपालिकाका कार्यकारी अधिकृत केदारबहादुर वोगटीलाई आफूलाई तोकिएको जिम्मेवारी पूरा नगरेको र आफू वोर्ड प्रमुख हुँदा समेत अनावश्यक परिवर्तन आदेश स्वीकृत र जारी गरी नियम कानून विपरीत र नगरपालिकाको हित विरुद्ध काम गरी निजले अ.दु.अ.आयोग ऐन, २०४८ को दफा ३ (ख), (ग) र (छ) अनुसारको अनुचित कार्य गरेकोले निजलाई निजामती सेवा ऐन, २०४९ को दफा ५९ (क) १ अनुसारको बिभागिय सजाय गर्न आयोगको मिति २०६१।९।१४ को निर्णयानुसार अख्तियारवाला लाई लेखी पठाईयो । पोखरा उप-महानगरपालिकाका इन्जिनीयर तथा उक्त आयोजनाका प्रोजेक्ट ईञ्चार्ज ज्योतिन्द्र गुरुङ्गलाई आयोजनाको प्राविधिक पक्ष ठीकसंग नहेरी निजले अ.दु.अ.आयोग ऐन, २०४८ को दफा ३ (क), (ख) र (छ) अनुसारको अनुचित कार्य गरेबाट निज उपर स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २२७ (क) ३ अनुसारको बिभागीय सजाय गर्न आयोगको उपर्युक्त निर्णयानुसार अख्तियारवाला लाई लेखी पठाईयो । उक्त आयोजनाको ल्याण्डफिल्ड साईट, एक्सेस सडक तथा शहरी सडक निर्माणको परामर्शदाता ईष्ट कन्सल्ट प्रा.लि.ले मितव्ययी डिजाईन तयार नगरेको, अत्यधिक परिवर्तन आदेश सिफारिश गरेको, नियम कानून विपरीत गलत सिफारिश गरी नगरपालिकालाई थप दायित्व पार्ने लगायतका सम्झौता विपरीतका काम कारवाही गरी तोकिएको दायित्व पूरा गरेको नदेखिएकोले यस बिषयमा त्यस फर्म संग सोधिएको स्पस्टीकरणको जवाफ सन्तोषजनक नभएको हुंदा अब आयन्दा यस प्रकारको सम्झौता बिपरितका काम कारबाही नगर्न त्यस फर्म लाई सचेत गराउने, साथै उक्त फर्मका तर्फ बाट प्रोजेक्ट डाईरेक्टरको रुपमा खटिएका ईन्जिनियर अनन्त

बहादुर गुरुंगले आफुलाई तोकिएको पेशागत जिम्मेवारी ठीक संग पुरा नगर्दा उक्त अनुसार नियम बिपरित काम कारबाही भएको देखिएकोले प्रचलित ऐन नियम अनुसार निजलाई पनि कारवाही गर्न आयोगको उपर्युक्त मिति २०६१।९।१४ को निर्णयानुसार नेपाल ईन्जिनियरिंग परिषदलाई लेखी पठाईयो ।

३. कामका लागि खाद्यान्न अन्तर्गत जुम्ला जिल्लाको नाग्म-जुम्ला हरित सडक निर्माणको चामल हिनामिना गरी भ्रष्टाचार गरे भन्ने विषयमा क्षेत्रीय प्रशासन कार्यालय, सूर्खेतबाट अनुसन्धान भै यस आयोगमा दर्ता हुन आएको मिसिल उपर २०६१।९।९ को वैठकको निर्णयानुसार कार्य सम्पन्न गरी आयोगको वैठकमा पेश हुँदा प्रतिभा राइस मिलबाट दैलेख पठाउन भनी चामल विक्रेता प्रतिभा राइस मिलले पठाएको चामल दैलेखसम्म पुग्दै नपुगेको र हवाई मार्गबाट (सूर्खेतबाट) जुम्ला लगि जिल्ला विकास समिति जुम्लालाई जिम्मा दिएको ४२६ क्वी. चामल वाहेक बाँकी १०७४ क्वी. चामल वापत प्रति क्वी. २१४ अमेरिकन डलरको सटही दर रु.७५।- प्रति डलरले हुने रु. १७,२३,७७०।- आफूले गैरकानूनी लाभ गर्ने र जिल्ला विकास समिति जुम्ला समेतलाई गैरकानूनी हानी पार्ने कागजात तयार पारी पार्न लगाई आफ्नो पदीय जिम्मेवारी र कर्तव्य बमोजिम काम नगरी अनुचित कार्य गरेको पुष्टि हुन आएकोले तत्कालीन स्थानीय विकास अधिकारी हरि वाशिष्ठलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ को उप-दफा (ग) र (छ) को अनुचित कार्य गरेकोमा निजामती सेवा ऐन, २०४९ को दफा ६१ को उप-दफा १ खण्ड (क) र (च) बमोजिमको कसुरमा सोही ऐनको दफा ५९ को (ख) को (१) बमोजिम, सव ओभरसियर राजेन्द्र महतारालाई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ को (क) र (छ) बमोजिमको अनुचित कार्य गरेकोमा स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम २२९ को (क) र (च) बमोजिमको कसुरमा सोही नियमावलीको नियम २२७ को (ख) को (१) बमोजिम र विजयमणी दाहाललाई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ को उप-दफा (ग) र (छ) बमोजिमको कसुरमा नेपाल खाद्य संस्थान कर्मचारी विनियमावली, २०५४ को परिच्छेद १२ को नियम १२.२ को उप-नियम (२) को (क) र (ङ) को कसुरमा सोही ऐनको दफा १२.१ को (२) बमोजिम विभागीय सजाय गर्न आयोगको मिति २०६१।१०।२७ को निर्णयानुसार अख्तियारवाला समक्ष लेखी पठाईयो ।

४. जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौबाट आ.व.०६०/०६१ मा वालुवा ठेक्का दिएकोमा स्थानीय विकास अधिकारी केदार न्यौपानेसमेतको मिलेमतोमा भ्रष्टाचार भएकोले कारवाही गरी पाउं भनी यस आयोगमा परेको निवेदनका सम्बन्धमा अनुसन्धान हुँदा वालुवाको लिलाम वढावढ गरी बिक्री गर्ने ठेक्का दिदां अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ मा उल्लिखित अनुचित कार्य भएकोले निज केदार न्यौपानेलाई निजामती सेवा ऐन,

२०४९ को दफा ५९ को खण्ड (क) को देहाय (१) बमोजिम सजाय गर्न आयोगको मिति २०६१।१२।८ को निर्णयानुसार अख्तियारवाला समक्ष लेखी पठाइएको ।

(ञ) स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत

१. वि.पि. कोइराला लायन्स नेत्र अध्ययन केन्द्र भवन निर्माणमा अनियमितता भएको भन्ने सम्वन्धमा उक्त निर्माण कार्यमा प्रचलित त्रि.वि. आर्थिक व्यवस्थापन तथा संचय कोष नियम, २०५० मा व्यवस्था भए विपरित आफूलाई प्राप्त नभएको र त्रि.वि. कार्यकारी परिषद्लाई मात्र प्राप्त अधिकार प्रयोग गरि थप काम स्वीकृति र भुक्तानी गरेको तथा निर्माण कमिटीमा राख्नु पर्ने प्राविधिक सदस्यमा निर्माणमा कार्यरत परामर्शदातालाई नै राखी आवश्यक जाँच र सन्तुलन हुन नसक्ने अवस्था सृजना गरेकोले केन्द्रका कार्यकारी निर्देशक डा. शशांक कोइराला, केन्द्रका लेखा प्रमुख निर्मल कुमार दवाडी तथा भवन निर्माण कमिटीका सदस्य शम्भु कार्की र चन्द्रकुमार राईलाइ त्रि.वि. शिक्षक कर्मचारी सेवा सम्बन्धी नियम २०५० को नियम ८२(क)३ अनुसारको सजाय गर्न अख्तियारवाला समक्ष लेखी पठाइएको । साथै उक्त निर्माण कार्यमा गलत लागत तयार गरेको र नयाँ दररेट स्वीकृत गर्दा त्रिभूवन विश्वविद्यालयलाई नोक्सान पुग्ने गरि सिफारिश गर्ने एपेक्स कन्सल्टिङ्ग कम्पनी प्रा.लि. का म्यानेजिङ्ग डाइरेक्टर शंकर शाहको इन्जिनीयरिङ्ग परिषद् सदस्यता खारेज गर्न आयोगको मिति २०६१।१२।२३ को निर्णयानुसार अख्तियारवाला समक्ष लेखी पठाइएको ।

(ट) सूचना तथा संचार मन्त्रालय अन्तर्गत

१. जिल्ला प्रशासन कार्यालय, काठमाडौंबाट वितरण भएका नेपाली राहदानीको विषयको उजूरी छानवीन कार्यदलबाट आयोगमा पेश भएको प्रतिवेदनलाई आधार मानी विस्तृत अनुसन्धान गर्दा केन्द्रिय धनादेश कार्यालयका तत्कालिन शाखा अधिकृत रोहिणी लम्सालले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ को देहाय (छ) अनुसार आफ्नो पदको प्रकृति अनुसार पालन गर्नु पर्ने पदीय कर्तव्य पालना नगरेको एवं निजामती सेवा ऐन, २०४९ को दफा ६० को देहाय (ज) अनुसार प्रचलित कानूनले तोकेको पदीय दायित्व जिम्मेवारीपूर्वक पूरा नगरेको देखिएकोले निजामती सेवा ऐन, २०४९ को दफा ५९ को देहाय (क) (२) बमोजिम निजको दुई तलब बृद्धि रोक्का गर्न आयोगको मिति २०६२।२।१० को निर्णयानुसार अख्तियारवाला कहां लेखी पठाइएको ।

परिच्छेद - ७
सचेत

सार्वजनिक पद धारण गरेको व्यक्तिले पेश गरेको स्पष्टिकरण आयोगलाई सन्तोषजनक नलागेमा आयोगले निजलाई सचेत वा सजग गराउन सक्ने व्यवस्था अख्तियार दुरुपयोग अनुसन्धान ऐन, २०४८ को दफा १२ मा गरिएको छ । आयोगबाट आर्थिक वर्ष २०६१/६२ मा सचेत गराइएका राष्ट्र सेवकहरुको विवरण देहायमा उल्लेख गरिएको छ ।

(क) अर्थ मन्त्रालय अन्तर्गत

१. प्रतीतपत्र खोली भ्रष्टाचार गरे भन्ने उजूरी सम्बन्धमा अनुसन्धान गर्दा ब्लेसिङ्ग इन्टर-नेशनलका प्रोप्राइटर विष्णु कुमार मित्तलले ट्रान्सपोर्ट कम्पनीसंग सौझै सम्पर्क राखी ट्रान्सपोर्ट कम्पनीले बैंकमा बुझाउनु पर्ने कागजात आफै बुझी लिई भन्सारबाट सामान छुटाई लगेको तर बैंकलाई बुझाउनु पर्ने प्रतीतपत्रको रु. ३,११,४८,७३६।- हालसम्म भुक्तानी नगरेको सम्बन्धमा छलफल हुँदा प्रज्ञापन पत्रमा प्रतीतपत्र नम्बर उल्लेख हुँदा हुँदै पनि प्रचलन नभएको भनी बैंकको इन्डोर्स नगराई सामान जाँच पास गर्ने भन्सार अधिकृतहरु मध्ये भन्सार अधिकृत श्याम बहादुर खड्का उमेरको हदले अवकाश भएको, अर्का अधिकृत सुरेश रेग्मी अवैध सम्पत्ति आर्जन गरेको सम्बन्धी मुद्दामा निलम्बन रहेकोले केही गर्न परेन । हाल राजस्व प्रशासन तालिम केन्द्रमा रहेका भन्सार अधिकृत श्याम प्रसाद दाहाललाई नेपाल अधिराज्यको संविधान २०४७ को धारा ९८(२) अनुसार आयोगबाटै सचेत गराउने गरी आयोगको मिति २०६१।९।८ को निर्णयानुसार लेखी पठाइएको ।

२. कृषि विकास बैंक मुख्य कार्यालय काठमाडौंमा कार्यरत इन्जिनीयर संजिव रेग्मीले बैंकबाट बिदा नै नलिई इन्जिनीयरिङ्ग अध्ययन संस्थान पुल्चोक क्याम्पसको दिवा कक्षामा अध्यापन गराइने मास्टर्स ईन ईन्जिनियरिङ्ग विषयमा अध्ययन गरी अनियमित काम गरेको हुँदा कारवाही गरिपाउँ भन्ने विषयको उजूरी उपर अनुसन्धान गर्दा निज संजिव रेग्मीले कार्यालयको समयभित्र कार्यालयमा हाजिर गरी त्रिभुवन विश्वविद्यालय इन्जिनीयरिङ्ग अध्ययन संस्थानमा एम. एस्सी. स्ट्रक्चरल ईन्जिनियरिङ्ग विषयको विहान १० बजे देखि दिउँसो २.३० बजे सम्म संचालन हुने कक्षामा अध्ययन गरेको पाइएकोले आइन्दा यस्तो हुन नदिने व्यवस्था गर्न र यसरी कार्यालय समयमा पढ्ने र निजको सो कार्यलाई वढावा दिने सुपरिवेक्षक समेत दुवै जनालाई सचेत गराउन आयोगको मिति २०६१।९।१५ को वैठकबाट अख्तियारवाला समक्ष लेखी पठाइएको ।

३. आ.व. ०५८।०५९ मा पश्चिम तराई गरिबी निवारण परियोजना बर्दिया अन्तर्गतको मुक्त कमैयाका लागि धारा (हेड पम्प) वितरण कार्यक्रममा भ्रष्टाचार भयो भन्ने विषयको प्राप्त उजुरी उपर अनुसन्धान हुँदा बर्दिया जिल्लाका विभिन्न १७ गा.वि.स. र १ न.पा. मा जम्मा ६ सय थान हेड पम्प जडान गर्ने कार्यक्रम अन्तर्गत काम सम्पन्न नहुँदै निर्माण व्यवसायीहरुलाई रकम भुक्तानी गर्ने कार्य मा संलग्न देखिएकोले राष्ट्रिय वाणिज्य बैंक गुलरिया शाखाका तत्कालीन सहायक प्रबन्धक (हाल प्रबन्धक राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय बझाङ) राधेश्याम योगीलाई निजले गरेको उक्त काम कारबाहीका लागि नेपाल

अधिराज्यको संविधान २०४७ को धारा ९८ को उपधारा (२) अनुसार सचेत गराउन अख्तियारवालालाई लेखी पठाइएको ।

(ख) <u>कृषि तथा सहकारी मन्त्रालय अन्तर्गत</u>

१. दुग्ध विकास संस्थान लैनचौरवाट चीज उत्पादन केन्द्र पशुपतिनगरका लागि खरीद गर्न निर्णय भएको 33 KVA, 440 Volt क्षमताको ट्रान्सफर्मर जाँच गरी हेरी बुझि लिनु पर्नेमा सप्लायर्स सुन्दर कन्स्ट्रक्सन सर्भिसले बुझाउन ल्याएको 11 KVA को ट्रान्सफरमरलाई संस्थानको स्पेसिफिकेशन बमोजिम ठीक छ भनी प्रमाणित गर्ने उक्त संस्थानका सुपरभाईजर अधिकृत प्रेमकृष्ण निडरले नेपाल विद्युत प्राधिकरणले जाँच गरी प्रमाणित गरेकोले सम्झौता बमोजिम 33 KVA को ट्रान्सफर्मर बुझाएको होला भन्ने विश्वासले प्रमाणित गरी दिएको र चीज उत्पादन केन्द्रमा पठाउन लाग्दा 11 KVA को ट्रान्सफर्मर देखेकोले तुरुन्तै सप्लायर्सलाई जानकारी दिंदा भूलवश त्यस्तो भएको भनी सम्झौता बमोजिम 33 KVA कै ट्रान्सफरमर बुझाउन ल्याएको भनि निजले स्पष्टीकरण पेश गरेको । अव आईन्दा यस्तो गैर जिम्मेवारी कार्य नदोहोऱ्याउन नेपाल अधिराज्यको संविधान २०४७ को धारा ९८ (२) बमोजिम निज सुपरभाईजर अधिकृत प्रेमकृष्ण निडरलाई सचेत गराउन आयोगको मिति २०६१।४।२८ को निर्णयानुसार अख्तियारवाला समक्ष लेखी पठाइएको ।

(ग) <u>गृह मन्त्रालय अन्तर्गत</u>

१. नापी शाखा सप्तरीका अमिन शिव नारायण यादवले रु.२००।- (दुई सय) रिसवत लिई भ्रष्टाचार गरेको कसूरमा निज उपर मुद्दा चलाउने राय सहित जिल्ला प्रशासन कार्यालय सप्तरीबाट प्राप्त प्रतिवेदन उपर छलफल हुँदा रिसवत रकम के कस्तो प्रकृति र अवस्थामा वरामद गरिएको हो भन्ने कुरासम्म पनि स्पष्टसँग उल्लेख नगरी वरामदी मुचुल्का तयार गरेको कारणले यस विषयको अनुसन्धानमा नै असर पुग्न गएको हुँदा त्यस्तो वेरीतको अस्पष्ट मुचुल्का तयार गरी पेश गर्ने जिल्ला प्रशासन कार्यालयका ना.सु. विश्वनाथ ओझालाई आयोगको २०६१/१२/१७ को निर्णयानुसार सचेत गराइएको ।

(घ) <u>जलश्रोत मन्त्रालय अन्तर्गत</u>

१. कोशी पम्प चन्द्रनहर सिंचाई योजनामा व्यापक अनियमितता भयो भन्ने विषयमा अनुसन्धान गर्दा कोशी पम्प चन्द्रनहर सिंचाई व्यवस्थापन डिभिजन नं. २ का कार्यालय प्रमुख विद्यासागर मल्लिकले आर्थिक वर्ष २०५९/०६० मा विभागीय स्वीकृती नलिई पम्प र नहर मर्मतको कामलाई टुक्रा-टुक्रा गरी कोटेशनमा काम गराई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ (क) र (ख) अनुसारको अनुचित कार्य गरेको, लेखापाल गुरु प्रसाद दाहालले आ.प्र.सम्बन्धी नियम विपरित टुक्रा-टुक्रा गरी पम्प र नहर मर्मत गराइएको विषयमा कार्यालय प्रमुखलाई उचित राय सल्लाह नदिएको र सो कार्यको भुक्तानी समेत गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ (ख) र (छ) अनुसारको अनुचित कार्य गरेको र ईलेक्ट्रीकल ओ.सी. रफिद रहमानले पम्प मर्मत सम्बन्धी कार्यलाई टुक्रा-टुक्रा गरी लागत अनुमान तयार गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ (छ) अनुसारको अनुचित कार्य गरेकोले

निजहरुलाई अव आइन्दा यस प्रकारको कार्य नगर्न सचेत गराउन आयोगको मिति २०६१।१०।८ को निर्णयानुसार अख्तियारवाला समक्ष लेखी पठाईयो ।

२. नेपाल विद्युत प्राधिकरण पूर्वान्चल क्षेत्रीय कार्यालय, विराटनगरका इन्जिनीयर ओमप्रकाश राठीले प्राधिकरणको तलव भत्ता खाई वर्षौ देखि इन्सुरेन्स सर्भेयरको कार्य गर्दै आएको, स्टोरको कर्मचारीसंग मिली प्राविधिक सामान बाहिर बिक्री गरेको हुँदा कारवाही गरिपाउँ भन्ने उजुरी उपर अनुसन्धान गर्दा निज ओमप्रकाश राठीले नेपाल विद्युत प्राधिकरण पूर्वान्चल क्षेत्रीय कार्यालय, विराटनगरको कार्यालय प्रमुख भई कार्य गरेको नदेखिंदा स्टोरको कर्मचारीसंग मिली कार्यालयको सामान बाहिर लगी बिक्री गरेको भन्ने कुरा सत्य तथ्यमा आधारित नभएको तर नेपाल विद्युत प्राधिकरण कर्मचारी सेवा विनियमावली, २०५० (संशोधन सहित) को परिच्छेद ११ को विनियम १०१ बमोजिम विभागीय स्वीकृती नलिई बिमा सर्भेयर सम्बन्धी कार्य गर्ने गरी ए.आर. इन्स्योरेन्स सर्भेयर भन्ने फर्म स्थापना गरी कार्य गरेको पाइएको र सो कार्य अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३(छ) बमोजिमको अनुचित कार्य भएको देखिएकोले अब उप्रान्त विभागीय स्वीकृती नलिई सर्भेयरको कार्य नगर्न नेपाल विद्युत प्राधिकरण केन्द्रीय कार्यालयमा लेखी पठाइएको र निज ओमप्रकाश राठीलाई विभागीय स्वीकृती नलिई सर्भेयरको कार्य गरेकोमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ बमोजिम सचेत गराउन आयोगको मिति २०६१।११।२७ को निर्णयानुसार लेखि पठाईयो ।

(ङ) परराष्ट्र मन्त्रालय अन्तर्गत

१. परराष्ट्र मंत्रालयका तत्कालीन नायव शिष्टाचार महापाल हाल शाही नेपाली राजदूतावास ढाकाका मिनिष्टर काउन्सेलर युगनाथ शर्मा पौडेलले पद्मा चौधरीको नाममा राहदानी वनाई दिनु भनी तोक आदेश गरेको तर पद्मा चौधरी भनेकी महिला वास्तवमा पद्मा चौधरी नभई एलिजा थापा भएको र निजले पेश गरेको नागरिकता समेत कीर्ते भएको देखिएकोले निज युगनाथ शर्मा पौडेलले पेश भएका कागजको वैधता उपर विचारै नपुऱ्याइ कीर्ते नागरिकताको आधारमा नेपाली राहदानी जारी गरेको देखिएवाट अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ दफा ३ बमोजिमको अनुचित कार्य गरेको देखिएकोले आयोगको मिति २०६१।८।२ को निर्णयबाट निजलाई सचेत गराइयो ।

(च) प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय

१. सूर्य कन्सर्न प्रा.लि.बाट गैर कानूनी तरीकाले मोवाईल फोन सेट आयात हुंदा सूचना तथा संचार मन्त्रालय र भन्सार कार्यालय समेतबाट जानाजान यस्ता अनियमित काम कारवाहीलाई सुधार्नुको सट्टा सम्बद्ध पार्टीलाई हित हुने गरी काम गरेको भन्ने विषयको उजूरी सम्वन्धमा अनुसन्धान गर्दा मोवाईल फोन सेट आयात गर्न निकाशी पैठारी (नियन्त्रण) ऐन २०१३ बमोजिम वाणिज्य विभागबाट आयात इजाजत पत्र जारी गर्ने प्रकृयालाई निस्तेज पार्न एल.सी.खोल्न सिफारीस गरेको र त्यसमा पनि वाणिज्य

मन्त्रालयको मिति ०४९।८।१५ को सूचना अनुसारको आयात इजाजत प्राप्त गर्नु पर्ने अवस्था र वस्तुका हकमा वाणिज्य विभागसंग सामान्य समन्वय सम्म नगरी उक्त अवैध किसिमले आयात गरिएको मोवाइल फोन सम्बन्धमा आफु माताहतका कर्मचारीले पटक पटक शंका उठाएको कुरामा पनि बुझ्दै नबुझी मोवाईल फोन छाडिदिने गरी त्रि.अ.वि.भन्सार कार्यालयलाई सिफारिश गरेको कार्य अनुचित देखिदा सो कार्य गर्ने सूचना तथा संचार मन्त्रालयका तत्कालिन सचिव मुकुन्द शर्मा पौड्याललाई अव आइन्दा यस्तो कार्य नदोहोऱ्याउन सचेत गराई सो को अभिलेख राख्न आयोगको २०६१।९।१५ को निर्णयानुसार प्रधान मन्त्री तथा मन्त्रीपरिषद् कार्यालयमा लेखी पठाइयो ।

२. लुम्बिनी अंचल अस्पतालको स्वामित्वमा रहेको वुटवल न.पा. वडा नं. ७ हाट वजार स्थित श्री ५ को सरकारको सडक डिभिजनको नाममा रहेको ८ कट्ठा जमिन क्याविनेटको निर्णयले लुम्बिनी अंचल अस्पतालले उपभोग गर्दै आएको ५ करोड पर्ने सरकारी जग्गा नितान्त व्यक्तिगत र व्यापारिक उद्देश्यले खोलिएको निजि क्याम्पसलाई हस्तान्तरण गरिएको, अस्पतालको सटरहरु खुला प्रतिस्पर्धा नगराई निर्माण गरी भाडामा दिने गरेको मिलेमतोमा निर्माण भएका कच्ची टहरा हटाइयोस्, औषधि खरीद गर्दा विना टेण्डर खरीद गरेको, गरीव असाहायका नाममा खोलिएका खाताको रकम हिना मिना गरेको, कर्मचारी भर्ना गर्दा घूस लिने गरे भनी पर्न आएका उजुरीहरुका सम्बन्धमा अनुसन्धान गर्दा कुनै सरकारी निकायको नाममा दर्ता नै नरहेको भनी लेखि आएकोमा उक्त जग्गा कुन निकायको नाममा के कति क्षेत्रफल जग्गा दर्ता छ भन्ने समेत बुझ्दै नबुझी श्री ५ को सरकारको लुम्बिनी अंचल अस्पतालका कर्मचारीहरुलाई आवासको व्यवस्था गरी सिद्धार्थ गौतम बुद्ध क्याम्पसलाई अस्थायी उपयोग गर्न दिने भनी आफुलाई अधिकार हुँदै नभएको विषयमा मिति ०५८।८।१२ मा सचिव स्तरीय उक्त निर्णय गर्ने भौतिक योजना तथा निर्माण मन्त्रालयका तत्कालिन सचिव दीनेशचन्द्र प्याकुरेललाई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ अनुसार सचेत गराउन श्री ५ को सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयलाई लेखी पठाउने आयोगको मिति २०६१।१०।२७ को निर्णयानुसार लेखी पठाईएको ।

(छ) भूमि सुधार तथा व्यवस्था मन्त्रालय अन्तर्गत

१. साविक काठमाडौं जिल्ला, भिमसेनगोला वडा नं. ४(क) कि.नं. १७० को जग्गा हालको नापीमा नाप नक्सा हुँदा ऐ का.जि. का.म.न.पा. वडा नं.१० कि.नं. ३०२ को क्षे.फ. १-६-१-२ कायम भएको घर जग्गा कसैलाई हक हस्तान्तरण नगरेको अवस्थामो पूर्जा हराएको कीर्ते व्यहोरा पारी मालपोतमा निवेदन दिई जग्गाधनी प्रमाणपूर्जा को प्रतिलिपी लिएको (नक्कली चैत्यमाया शाक्यले) र सो जग्गा मालपोत कार्यालयकै मिलेमतोमा हाल साविक गरी शरण

आचार्यको घरमा डोर खटिई गई पूर्णमाया शाक्य समेतलाई मेरो घर जग्गा बिक्री वितरण गरेकोले दोषि उपर कारवाही गरि पाउं भनि पाटन नकबहिल बस्ने चैत्यमाया शाक्यले दिएको उजुरी उपर अनुसन्धान हुँदा मालपोत अधिकृत हुपेन्द्रमणी के.सी.(मालपोत कार्यालय, डिल्लीबजार) को हकमा उक्त जग्गाको डोर लिखत पारित गराउँदा सामान्य रुपमा शरण आचार्यको घरमा डोर पास भइरहेको छ भनी जान्न सकिने अवस्था रहँदा रहँदै र जग्गा रजिष्ट्रेशन पारित गर्नु पूर्व सामान्यतः जग्गा धनीलाई सोध्नु पर्ने र त्यसमा पनि एक बृद्धा महिलाले आफ्नो नाममा रहेको सम्पूर्ण अचल सम्पत्ति बिक्री गर्दा कानून बमोजिम संरक्षक साक्षी राख्नु पर्नेमा सो नराखी हचुवाका भरमा एकै जना साक्षी राखी हुँदै नभएको चैत्यमाया शाक्यको नामबाट डोर मार्फत रजिष्ट्रेशन गराउने कार्यमा संलग्न भई बदनियतपूर्ण तरिकाले पेस हुन आएका कागजातलाई नहेरी गैर जिम्मेवारीवारी पूर्ण कार्य गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ को देहाय खण्ड (ख) र (छ) तथा निजामती सेवा ऐन, २०४९ को दफा ६० को खण्ड (क) बमोजिम कसूर गरी आफनो पदीय दायित्व पुरा गरेको नदेखिएकोले निजलाई निजामती सेवा ऐन, २०४९ को दफा ५९ को (क) को देहाय (१) बमोजिम आयन्दा यस्तो कार्य नदोहोऱ्याउन एक पटकलाई सचेत गराउन आयोगको मिति २०६१।५।२९ को निर्णयानुसार अख्तियारवालालाई लेखी पठाईएको ।

२. २०१२ सालमा मालपोत बुझाउन पाउने गरी चलन पूर्जामा उल्लेख भएको राप्तीदून जग्गा वितरण व्यवस्था मिसनवाट ज.वि.५-३-७ लक्ष्मीपुर वदहनीको जग्गा प्राप्त गरी भोग चलन गरी आएको । ०२१ सालमा प्रति विगाहा रु. ४०।- मूल्य कायम भएको जग्गालाई सुकुम्वासी समस्या समाधान आयोग चितवनका अध्यक्ष, कर्मचारी समेतले नाँप जाँच गरी केही जग्गा दर्ता गरी दिई हाल वछौली वा.नं. १ ख कि.नं. ३६, ३७ र ३८ कायम भएको जग्गा विगाहा ०-४-० का दरले सुकुम्वासी नभएका आफ्ना मानिस गगन केसरी अधिकारी समेत तीन जनाको नाममा दर्ता गरी दिएको हुंदा अन्यायीहरु उपर कानून बमोजिम सजाय गरी पाउँ भन्ने विषयमा अनुसन्धान गर्दा सुकुम्वासी समस्या समाधान आयोग, चितवनले ०५५ सालमा आधार प्रमाण विना आफ्ना मानिसहरुलाई चितवन वछौली १ ख कि.नं. ३६, ३७, ३८ कायम गरी क्षे.फ. ०-४-० चार कट्ठाका दरले सुकुम्वासी नभएका व्यक्तिका नाममा जग्गा दर्ता गरी दिएको र जग्गा पाउनेहरु सुकुम्वासी र अव्यवस्थित वसोवासीमा नपर्ने व्यक्ति भएको तथा उक्त कि.नं. हरुमा वसोवास पनि नगरेको व्यक्तिहरुको नाममा जग्गा दर्ता गरी गराई अख्तियार दुरुपयोग गरेको पुष्टि हुन आयो । यसरी सुकुम्वासी समस्या समाधान आयोग जिल्ला समिति, चितवनले सुकुम्वासी तथा अव्यवस्थित वसोवासी नै नभएका आफन्त व्यक्तिहरु समेतलाई जग्गा दिने निर्णय गर्दा आमन्त्रित तथा अन्य पदेन सदस्यहरुको रुपमा उपस्थित हुने सबैलाई सचेत गराउन आयोगको मिति २०६१।५।३१ को निर्णयानुसार सम्बन्धित निकायमा लेखी पठाईयो ।

३. काठमाडौं जिल्ला जोरपाटी गा.वि.स. वडा नं. ८(क) को साविक नक्शामा रहेका कित्ता नम्बर हेरफेर गरी कीर्ते नक्शाको आधारमा जग्गा बेचविखन भएको भन्ने उजुरी उपर अनुसन्धान गर्दा घर बाटो चेक गर्न खटिएका नापी शाखा चावहिलका नापी निरीक्षक रत्नदास श्रेष्ठले कित्ता नम्बर ११८ मा नक्सा अनुसार बाटो नभए पनि बाटो छ भनि लेखेको देखिंदा नक्सा केरमेट सम्बन्धमा निजको संलग्नता हुन सक्ने अवस्था देखिन्छ । तर राष्ट्रिय विधि विज्ञान प्रयोगशालाबाट निज समेतको हस्तलिखित प्रमाणित हुन नसकेको हुँदा किर्ते गरेको भन्ने पर्याप्त प्रमाण नभएको तथा निजले मिति २०५७।११।१६ मा अवकाश समेत पाई सकेको देखिंदा अनुचित कार्य गरेको भनी निज उपर कारवाई गर्न सकिने अवस्था पनि देखिएन । नापी शाखा चावहिलका तत्कालिन कार्यालय प्रमुख सुमन्त झाले नक्सा केरमेट गर्ने उपर तत्काल कारवाई प्रारम्भ गर्नु पर्नेमा नगरेको र सर्भेक्षक सूर्यबहादुर थापाले समेत घरबाटो प्रमाणित गर्दा पर्याप्त ध्यान नपुऱ्याएको देखिंदा निजहरुलाई सचेत गराउन आयोगको मिति २०६१।११।६ को निर्णयानुसार भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा लेखी पठाईयो ।

४. नापी शाखा सप्तरीका अमिन शिव नारायण यादवले रु.२००।- (दुई सय) रिसवत लिई भ्रष्टाचार गरेको कसूरमा निज उपर मुद्दा चलाउने राय सहित जिल्ला प्रशासन कार्यालय सप्तरीबाट प्राप्त प्रतिवेदन उपर छलफल हुँदा अमिन शिव नारायण यादव स्वंयको वयान अनुसार पनि एक घण्टा भन्दा बढी समय नलाग्ने कित्ता काट श्रेस्ता उतारको कामलाई २(दुई) दिन लगाएको कार्य उचित नदेखिएकोले आइन्दा समयमै काम सम्पन्न गर्न आयोगको २०६१/१२/१७ को निर्णयानुसार निजलाई सचेत गराइएको ।

५. आ.व. ०५८।०५९ मा पश्चिम तराई गरिबी निवारण परियोजना बर्दिया अन्तर्गतको मुक्त कमैयाका लागि धारा (हेड पम्प) वितरण कार्यक्रममा भ्रष्टाचार भयो भन्ने विषयको प्राप्त उजुरी उपर अनुसन्धान हुँदा बर्दिया जिल्लाका विभिन्न १७ गा.वि.स. र १ न.पा. मा जम्मा ६ सय थान हेड पम्प जडान गर्ने कार्यक्रम अन्तर्गत काम सम्पन्न नहुँदै सम्पन्न भइसकेको भनी प्रतिवेदन तयार गरिएको प्रतिवेदनको आधारमा निर्माण व्यवसायीहरुलाई रकम भुक्तानी गर्ने कार्य नियमसंगत नभएकोले उक्त कार्यमा संलग्न पश्चिम तराई गरिबी निवारण परियोजनाका तत्कालिन लेखापाल विष्णुबहादुर बस्नेत (हाल लेखापाल मालपोत कार्यालय बर्दिया) निजले गरेको उक्त काम कारबाहीका लागि सचेत गराउन आयोगको मिति २०६२।३।६ को निर्णयानुसार सम्बन्धित अख्तियारवालालाई पठाइएको ।

६. गुठी संस्थानका तत्कालिन प्रशासक सेमन्तराज चापागाई समेतले गुठी संस्थानको रकम निजी बैंकमा राखी अनियमितता गरेको भन्ने सम्बन्धमा आयोगबाट अनुसन्धान हुंदा गुठी

संस्थान ऐन, २०३३ को दफा १२(२) मा गुठीको रकम नेपाल राष्ट्र बैंक वा संचालक समितिले तोकि दिएको बैंकमा राख्नु पर्ने स्पष्ट प्रावधान रहेको र संचालक समितिले त्यसरी बैंक नतोकेको अवस्थामा निजहरुले निजी बैंकहरुमा गुठीको रकम जम्मा गरेको कार्य अनियमित देखिएकोले समितिद्वारा तोकिए वेगर नै निजी बैंकहरुमा रकम जम्मा गरे वापत सेमन्तराज चापागाई र मुख्य लेखा अधिकृत दीपक बहादुर पाण्डेलाई सचेत गराउन मिति २०६२।३।१४ को निर्णयानुसार अख्तियारवालालाई लेखी पठाइएको ।

(ज) भौतिक योजना तथा निर्माण मन्त्रालय अन्तर्गत

१. जिल्ला विकास समिति, सल्यानका निमित्त स्थानिय विकास अधिकारी दण्डपाणि वरालले आ.व. २०५९।०६० को अन्त्यतिर विभिन्न खरीद निर्माण, मर्मत आदि कार्यमा आर्थिक अनियमितता गरी भ्रष्टाचार गरेको भन्ने विषयको उजुरी उपर अनुसन्धान हुँदा जिल्ला खानेपानी तथा सर सफाई सव डिभिजन कार्यालय, सल्यानका तत्कालिन नि. जिल्ला इन्जिनियर तेज वहादुर रावतले खलंगा खानेपानी योजनाको निरीक्षण नगरी बिल प्रमाणित गरेको देखिएको तथा सोही कार्यालयका तत्कालिन ओभरसियर दिलुराम श्रेष्ठले खलंगा खानेपानी योजनामा कार्य सम्पन्न प्रतिवेदन तयार गर्दा यथार्थ विवरण नदिएकोले उक्त दुवै कार्य अ.दु.अ.आयोग ऐन, २०४८ को दफा ३ (ख), (छ)अनुसार अनुचित कार्य भएको देखिदा निजहरुलाई सोही ऐनको दफा १२ अनुसार सचेत गर्न मिति २०६२।३।२७ को निर्णयानुसार भौतिक योजना तथा निर्माण मन्त्रालयमा लेखी पठाइएको ।

(झ) महालेखा नियन्त्रकको कार्यालय अन्तर्गत

१. ग्रामीण पूर्वाधार विकास कार्यक्रम अन्तर्गत वाग्लुङ्ग-वुर्तिवाङ्ग सडक निर्माणमा भ्रष्टाचार भएको भन्ने विषयमा अनुसन्धान गर्दा उक्त योजनाका लेखापाल मित्रलाल शर्माले आफूलाई तोकिएको जिम्मेवारी प्रभावकारी ढंगले निर्वाह गर्न नसकेको देखिएकोले निजलाई आइन्दा त्यसो नगर्न सचेत गराउन आयोगको मिति २०६१।२।२२ को निर्णयानुसार महालेखा नियन्त्रकको कार्यालयमा लेखी पठाइएको ।

(ञ) राष्ट्रिय योजना आयोगको सचिवालय अन्तर्गत

१. केन्द्रीय तथ्यांक विभागबाट छपाई कार्य गर्दा विभिन्न निजी प्रेसहरुमा बढी मूल्यमा छपाई गरी भ्रष्टाचार गरे भन्ने विषयमा अनुसन्धान गर्दा आ.व. ०५९।६० र ०६०।६१ मा विभागको सर्भेक्षण फारामहरू निजी प्रेसहरूमा छपाई गर्दा आर्थिक प्रशासन सम्बन्धी नियमावली २०५६ को परिच्छेद ७ को सरकारी खरिद तथा सार्वजनिक कार्य सम्बन्धी नियमहरुको पालना नगरेको र माग फाराम, खरिद आदेश पनि नियमानुसार गरेको

नदेखिएकोले उक्त कार्यमा संलग्न कर्मचारीहरु महानिर्देशक तुङ्ग शिरोमणि बास्तोला, ले.अ. शंकरलाल श्रेष्ठ, ना.सु. लक्ष्मी प्रसाद खकुरेल र ना.सु. किरण राउत क्षेत्री समेतलाई आयोगको मिति २०६१।९।१ को निर्णयानुसार सचेत गराइएको ।

(ट) वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत

१. शाखा अधिकृत कलानिधि पौडेलले विज्ञान तथा प्रविधि मन्त्रालयमा कानून अधिकृत पदमा कार्यरत रहँदा मन्त्रालयमा रुजु हाजिर रही विदा स्वीकृत नगराई कानून स्नातकोत्तर कोर्षको दिवा कक्षामा अध्ययन गरी अनियमित काम गरे भन्ने विषयको उजुरी सम्बन्धमा अनुसन्धान गर्दा निज कलानिधि पौडेलले निजामती सेवा नियमावली, २०५० अनुसार विदा स्वीकृत नगराई शैक्षिक सत्र २०५५-२०५७ मा नेपाल ल क्याम्पसमा दिवा समूहमा अध्यापन गराइने कानून विषयको स्नातकोत्तर कोर्षमा अध्ययन गरेको पाईयो । अव आइन्दा यस प्रकारको अनुचित कार्य नगर्न आयोगको मिति २०६१।९।१५ को निर्णयानुसार सचेत गराउन अख्तियारवाला समक्ष लेखिपठाइएको ।

(ठ) शिक्षा तथा खेलकूद मन्त्रालय अन्तर्गत :

१. पाँचौ राष्ट्रिय खेलकूद प्रतियोगिताका लागि आवश्यक नपर्ने ग्लोव र हेडगार्ड खेल सामाग्रीहरु राष्ट्रिय खेलकूद परिषदका मुख्य बक्सिङ्ग प्रशिक्षक विद्या मर्सानीको सिफारिसमा पाँचौ राष्ट्रिय खेलकूद प्रतियोगिताका लागि भनी सलिना इण्टर प्राइजेजबाट प्रचलित बजार दरभाउ भन्दा ५००% सम्म बढी मूल्यमा खरिद गरि आर्थिक भ्रष्टाचार गरेको भन्ने उजुरीका सम्वन्धमा अनुसन्धान हुँदा तत्कालिन स्टोर प्रमुख केशरी चित्रकारले राष्ट्रिय खेलकूद परिषदको कर्मचारी सेवा शर्त सम्बन्धि नियम, २०४९ को परिच्छेद ८ को नियम ८.२ (ख) को देहाय (४) र अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ को देहाय (घ) बमोजिम अनुचित कार्य गरेको देखिन आएकोले निजलाई सचेत गराउन आयोगको २०६२/१/१० को निर्णयानुसार सदस्य सचिव राष्ट्रिय खेलकुद परिषदलाई लेखी पठाइएको ।

२. उच्च माध्यमिक शिक्षा परिषद्वाट लिइएको विज्ञापन नं. ११।०६०।६१ लेखा सहायक पदको परीक्षामा अनियमितता भयो भन्ने सम्वन्धमा अनुसन्धान हुँदा उच्च माध्यमिक शिक्षा परिषदका सह-सचिव तथा पदपूर्ति समितिका सदस्य सचिव रामवहादुर खड्काले लिखित परीक्षा तथा अन्तरवार्तामा नियमितता कायम गर्न ध्यान दिएको नपाइएको र परिषद्का उप-सचिव जंगवहादुर अर्याल तथा प्रशासन सहायक संजयकुमार पाण्डेले प्राप्तांक रुजु गर्ने

क्रममा उत्तरपुस्तिका हेरी रुजु गर्नुपर्नेमा सो नगरेको देखिएकोले निजहरुलाई मिति २०६२/२/३ को निर्णयानुसार आयोगवाटै सचेत गराइएको ।

३. उच्च माध्यमिक शिक्षा परिषद्वाट लिइएका लेखा सहायक पदको परीक्षामा अनियमितता भएको सम्वन्धमा आयोगको मिति ०६२।२।३ को निर्णयानुसार उच्च माध्यमिक शिक्षा परिषद्का सदस्य सचिव कमल प्रसाद लालकर्ण र शिक्षा तथा खेलकूद मन्त्रालयका उप-सचिव तेजराज पाण्डेसंग स्पष्टीकरण माग गरी निजहरुवाट प्राप्त स्पष्टीकरण उपर छलफल हुंदा विज्ञापन नं. ११।०६०।६१ लेखा सहायक पदको लिखित परीक्षाको परिणाममा अनियमितता देखिएको, साथै उक्त परीक्षाको अन्तरवार्तामा शैक्षिक योग्यता वापत प्रदान गर्नुपर्ने अंक नियमसंगत रुपमा प्रदान गरेको नपाइएकोले पदपूर्ति समितिको अध्यक्षको हैसियतले परिषद्का सदस्य सचिव कमल प्रसाद लालकर्णले नियमितता कायम गर्न पर्याप्त ध्यान दिएको नदेखिदा निजलाई मिति २०६२/३/५ को निर्णयानुसार आयन्दा सजगता अपनाउन अ.दु.अ.आ. ऐन, २०४८ को दफा १२ अनुसार आयोगवाटै सचेत गराइएको ।

४. जिल्ला शिक्षा कार्यालय, काठमाडौंका तत्कालीन जिल्ला शिक्षा अधिकारी वलराम के.सी. ले विद्यालय संचालकहरुको मिलोमतोमा ११ विद्यालयवाट ७४८ विद्यार्थीलाई अवैध रुपमा एस.एल.सी. दिलाई भ्रष्टाचार गरेको भन्ने सम्वन्धमा अनुसन्धान हुँदा निज वलराम के.सी. ले शिक्षा नियमावली, २०५९ को नियम ८० को उप-नियम (२) विपरित शैक्षिक सत्र शुरु भएको दुई महिना पछाडि समेत कक्षा १० मा अध्ययनरत विद्यार्थीलाई स्थानान्तरणको सहमति दिएको पाइएकोले आयोगको मिति २०६१।३।१३ को निर्णयानुसार निजलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ को उपदफा (१) बमोजिम सचेत गराइएको ।

(ङ) सूचना तथा संचार मन्त्रालय अन्तर्गत

१. नेपाल टेलिभिजनका तत्कालीन महाप्रवन्धक समेतले विश्वकप फुटवल, २००२ को प्रत्यक्ष प्रसारण गर्दा विज्ञापन एजेन्सीसंग मिलेमतो गरी संस्थालाई नोक्सानी पारे भन्ने उजुरी निवेदनहरुका सम्बन्धमा अनुसन्धान गर्दा त्यस कार्यसित प्रत्यक्षत: सम्बन्धित पदाधिकारीहरु तत्कालीन संचालक समितिका अध्यक्ष सुरेशकुमार पुडासैनी र मुकुन्दप्रसाद आचार्य, महाप्रवन्धक दुर्गानाथ शर्मा, तत्कालीन खेल व्यवस्थापन समितिका संयोजक तथा महाप्रवन्धक तपानाथ शुक्ल, संचालक समितिका सदस्यहरु प्रल्हाद पोखरेल, धनेश्वर नेपाल एवं तत्कालीन व्यापार निर्देशक विश्वप्रकाश मास्के समेतले प्रत्यक्ष प्रसारण देखाउनको लागि प्रतिलिपि अधिकार लिने प्रयास गरेको देखिए पनि त्यसलाई टुंगोमा नपुऱ्याई पत्राचार समेत विचैमा वन्द गरेको, आफूसंग प्रसारण अधिकार नै प्राप्त नभएको विषयमा प्रसारणको

लागि प्रस्ताव आव्हान गरेपनि उक्त टेण्डर उपर कारवाही चलिरहेको अवस्थामा सोही वोलपत्रमा भाग लिने अर्को पक्षसँग पुनः अर्को संझौता गरेको, पहिलो टेण्डर रद्द गर्दाको अवस्था न्यूनतम अंकसम्म पनि वोलपत्र दाताहरु पुग्न सकेनन् भनी उल्लेख गरिए पनि प्रस्तावित न्यूनतम अंक वस्तुनिष्ठ आधारमा उल्लेख गरेको नभै केवल हचुवाको भरमा तयार गरेको, समय विक्रीको संझौता गर्दा आय व्ययको लेखाजोखा नै नगरेको, कार्यक्रमको महत्वलाई ध्यानै नदिई न्यूनतम मूल्य कायम गरी समय विक्री गरेको र अधुरो संझौता गरेको (जस्तैः- संझौतामा उल्लेख भएको समय भन्दा बढी समय विज्ञापन गर्नलाई कुनै रोकटोक नलगाएको) जस्को फलस्वरुप संझौतामा उल्लेख भएको समय भन्दा बढी उपभोग गरिएको विज्ञापन समयलाई आपसी छलफलबाट समाधान गर्ने भन्ने आधारमा न्यून शुल्कमा हिसाव मिलान गरिएको देखिए पनि उक्त वढि समयको रकम असूल गर्नका लागि पनि अत्यधिक ढिलो निर्णय गरी असूल गरेको पाईएकोले अव आइन्दा यस्तो कार्य नगर्न तत्कालीन संचालक समितिका अध्यक्ष सुरेशकुमार पुडासैनी र मुकुन्दप्रसाद आचार्य, तत्कालीन र हाल महाप्रवन्धक दुर्गानाथ शर्मा, तत्कालीन खेल व्यवस्थापन समितिका संयोजक तथा महाप्रवन्धक तपानाथ शुक्ल, संचालक समितिका सदस्यहरु प्रल्हाद पोखरेल, धनेश्वर नेपाल एवं तत्कालीन व्यापार निर्देशक विश्वप्रकाश मास्के समेतलाई सचेत गराउन आयोगको मिति २०६१।७१३ को निर्णयानुसार लेखी पठाइएको ।

२. नेपाल टेलिकम दूर संचार कार्यालय चितवनको नगद असूली काउण्टरमा कार्यरत सहायक कर्मचारी मुक्तिनाथ शर्मा न्यौपानेले आफू र असूली कार्यमा आफूलाई सहयोग पुऱ्याउने अन्य ४ जना कर्मचारीहरुले काटेको फुटकर तथा धरौटीका रसीद बमोजिमको करीव रु. ९ लाख राजस्व रकम लिई फरार भएको भन्ने सम्बन्धी उजूरीउपर अनुसन्धान हुँदा सो कार्यालयका कर्मचारीहरुले राजस्व संकलन जिम्मेवारी पूरा नगरेको, तोकिएको पदीय कर्तव्य पालनामा उदासिनता देखाएको तथा रकम कलम बुझ्ने कार्यमा सजगता नदेखाएको समेत आधारमा तत्कालीन कार्यालय प्रमुख अमलेन्दु नारायण सिंह, स.ले.अ. ऋषीराम आचार्य, क्यासियर नोमे दरै, अप्रेटर प्रकाश भट्टराई, अप्रेटर मीना लोहनी, अप्रेटर तारा लामिछाने र सहायक शर्मीला खनाल समेतलाई आयोगको मिति २०६२/३/२८ को निर्णयानुसार सचेत गराउन अख्तियारवालालाई लेखिएको ।

(ढ) <u>स्थानीय बिकास मन्त्रालय अन्तर्गत</u>

१. ग्रामीण पूर्वाधार विकास कार्यक्रम अन्तर्गत वाग्लुङ्ग-वुर्तिवाङ्ग सडक निर्माणमा भ्रष्टाचार भएको भन्ने विषयमा अनुसन्धान गर्दा उक्त योजनाका आयोजना व्यवस्थापन ईकाई प्रमुख भूपेन्द्र बहादुर वस्नेतले आफूलाई तोकिएको जिम्मेवारी प्रभावकारी ढंगले निर्वाह गर्न

नसकेको देखिएकोले निजलाई आइन्दा त्यसो नगर्न सचेत गराउन आयोगको मिति २०६१।४।२८ को निर्णयानुसार स्थानीय विकास मन्त्रालयमा लेखी पठाईयो ।

२. नयाँवजार जग्गा एकीकरण आयोजना अन्तर्गत खानेपानी योजना निर्माण कार्यको बोलपत्र मूल्यांकन गर्दा भ्रष्टाचार गरे भन्ने उजूरी उपर अनुसन्धान गर्दा काठमाण्डौ महानगरपालिकाका तत्कालीन प्रमुख केशव स्थापितले प्रचलित कानून विपरीत हुने गरी नयाँवजार जग्गा एकिकरण आयोजना प्रमुखको नियुक्ति गरेको भए ता पनि सो व्यक्तिले भविष्यमा गैरकानूनी काम गर्ला भन्ने पूर्वानुमान गर्न नसकिने र नयाँबजार जग्गा व्यवस्थापन उप समितिको अध्यक्षको हैसियतले जम्मा ४, ५ महिना मात्र ठेक्का सम्झौताको म्याद थप गर्न पाउनेमा निज तत्कालीन नगर प्रमुखले ७ महिनाको म्याद थप गर्न भनी पेश भएको टिप्पणी सिफारिसलाई प्रचलित आर्थिक प्रशासन सम्बन्धी नियमावली २०५६ को नियम ८९ (२) (क) विपरीत सदर गरी अनुचित कार्य गर्ने निज केशव स्थापित लाई आयोगको मिति २०६१।८।२१ को बैठकबाट सचेत गराउन निर्णय गरिनुका साथै बायोडाटा पेश गर्ने ईन्जिनीयर निर्मलराज शर्माले २०५६ जेष्ठ र असार २ महिना मात्र ठेकेदार सन्तोषी निर्माण सेवा प्रा.लि.मा काम गरेकोमा निज शर्माले सन् १९९५ देखि हालसम्म सोही निर्माण सेवामा काम गरेको झुठो विवरण उल्लेख भएको बायोडाटाको दोश्रो पृष्ठमा दस्तखत गरी दिएको कार्य कानून सम्मत नभएकोले अव आइन्दा यस्तो कार्य नगर्न निज निर्मलराज शर्मालाई सचेत गर्न समेत आयोगको उपर्युक्त निर्णयानुसार अख्तियारवाला समक्ष लेखी पठाईयो ।

३. दोश्रो पर्यटन पूर्वाधार विकास आयोजना अन्तर्गत पोखरा वातावरण सुधार आयोजनामा अनियमितता भएको भन्ने विषयमा परेको उजूरी उपर अनुसन्धान गर्दा पोखरा बातावरण सुधार आयोजनामा ल्याण्डफिल साईट, एक्सेस रोड तथा शहरी सडक निर्माण गर्दा अत्यधिक मात्रामा परिवर्तन आदेश जारी गरिएको, नगरपालिकाको दायित्व भन्दा बाहिरको रकम भुक्तानी गरिएको र यसबाट योजनाको लागत बढन गएको, परामर्शदाता तथा सम्बन्धित कर्मचारीहरुले आफूलाई तोकिएको दायित्व राम्रोसंग पुरा नगरेको, नियमानुसार ठेक्का फाईनल नगरे नगराएको एवं हालसम्म पनि ल्याण्डफिल साईट सन्चालनमा नआएको देखिएकोले पोखरा उप-महानगरपालिकाका मेयर, उप-मेयर लगायत २३ जना बोर्ड सदस्यहरुले अनावश्यक र अत्यधिक परिवर्तन आदेश स्वीकृत गर्ने, नगरपालिकालाई थप दायित्व श्रृजना हुने र अहित हुने निर्णय गर्ने, आयोजनाको अनुगमन ठीकसंग नगर्ने जस्ता कार्य गरी तोकिएको दायित्व पूरा नगरेको देखिएकोले प्रमुख कृष्ण थापा, उप-प्रमुख मानबहादुर गुरुङ्ग, सदस्यहरु मनबहादुर गुरुङ्ग, नारायण उदास, कृष्णप्रसाद पराजुली, चुडामणि पहारी, लेखबहादुर के.सी., दिपमणि वराल, वीरेन्द्र नारायण विजुक्क्षे, विष्णुप्रसाद वास्तोला, फत्तेबहादुर गुरुङ्ग, माधवप्रसाद वास्तोला, आनन्दप्रसाद गुरुङ्ग, भिमसेन थापा,

शिवबहादुर वानिया, दानबहादुर वानिया, विष्णुचन्द्र कोइराला, आनन्द प्रसाद गुरुङ्ग भरतबहादुर गुरुङ्ग, क्षेत्रबहादुर के.सी., मोतिमान शाक्य, श्रीमती शारदा पौडेल र श्रीमती विजया रेग्मीलाई सचेत गराउन आयोगको मिति २०६१।९।१४ को निर्णयानुसार स्थानीय बिकास मन्त्रालयमा लेखि पठाईयो ।

४. नयाँ बजार जग्गा एकीकरण आयोजना अन्तर्गत खानेपानी योजना निर्माण कार्यको बोलपत्र मूल्याङ्कनको आधार स्वीकृत गर्दा अनियमितता गरे भन्ने सम्बन्धमा अनुसन्धान गर्दा सहायक टाउन प्लानर नरेन्द्रराज श्रेष्ठले कार्यालयमा वुझाउनु पर्ने कागजात नवुझाई उक्त उप समितिको निर्णय कागज गायव पारेको देखिएको र कार्यालयमा वुझाउनुपर्ने कागजात वरवुझारथ नगरेकाले गैर जिम्मेवारीपूर्ण कार्य नगर्न नयाँ बजार जग्गा एकिकरण आयोजनाका तत्कालीन सहायक टाउन प्लानर एवं हाल काठमाडौं महानगरपालिका, सम्पदा विभागका का.मु. विभागीय प्रमुख निज नरेन्द्रराज श्रेष्ठलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ (१) बमोजिम सचेत गर्न आयोगको मिति २०६१।१०।२७ को निर्णयानुसार काठमाडौं महानगरपालिकामा लेखी पठाईयो ।

५. ललितपुर उपमहानगरपालिकाबाट बेरुजु रकम असूल उपरको कारवाही हुँदा लेखा अधिकृत सूर्यमाया ताम्राकारले पत्र नबुझि आलटाल गरेको संबन्धमा अनुसन्धान गर्दा ले.अ.सूर्यमाया ताम्राकारको कुनै वदनियत नभई निज मातहतका कर्मचारीले टिप्पणी उठाउदा अंक लेखाईमा भएको मानवीय भूलको कारण लेखा परीक्षकको प्रतिवेदनमा गलत अंक उल्लेख हुन गएको देखिएको र सो कुरालाई सम्बन्धित लेखा परीक्षकले समेत स्वीकार गरेको पाईयो । लेखा परीक्षण प्रतिवेदनमा उल्लेख भएको ५०० वटा घर नक्सा फारमको हिसाव नदेखिंदा थप छानविन गरी उपयुक्त निर्णय गर्नुपर्ने भन्नेसम्मको व्यहोरालाई मूल आधार बनाई यति ठूलो मुद्दाको रुपमा छानविन अगाडि बढाउनु पर्ने अवस्था देखिएन । त्यसमा पनि सो प्रतिवेदनका आधारमा गठित छानविन समितिले समेत मिति २०६०।३।१८ मा सो सम्बन्धमा हिसाव फरक परेको नदेखिएकोले काम कारवाही ठीक दुरुस्त छ भन्ने समेत व्यहोराको प्रतिवेदन दिएको अवस्थामा यथार्थ स्थिति वारे कुनै अध्ययन नै नगरी तथा सम्बन्धित व्यक्तिले वयान एवं स्पष्टिकरणमा औंल्याएका कुराहरु उपर ध्यान नै नदिई प्रवृत्त भावना राखी सम्पूर्ण कारवाहीको श्रृङ्खला शुरु गरेको देखिन आएकोले ललितपुर उपमहानगरपालिकाका कार्यकारी अधिकृत कोमल प्रसाद काफ्ले, वरिष्ठ अधिकृत अशोक श्रेष्ठ र शाखा अधिकृत, वावुराजा महर्जनलाई अव उप्रान्त तथ्यपरक र पूर्ण अनुसन्धान विना मनोगत र प्रवृत्त भावना राखी कसै उपर कुनैपनि प्रकारको कारवाही नगर्नु नगराउनु भनी सचेत गराउन भनी आयोगको मिति २०६१।११।५ को निर्णयानुसार स्थानीय विकास मन्त्रालयमा लेखि पठाईयो ।

६. यस आयोगमा परेको नि.द.नं. ११७७ मिति ०६०।११।१८ को सर्लाही, नोकैल्वा गा.वि.सका सचिव राम प्रकाश साहले उक्त गा.वि.स. अन्तर्गतको सिसौका रुखहरु काटी लगी भ्रष्टाचार गरे भन्ने विषयको उजूरी उपर जिल्ला प्रशासन कार्यालय सर्लाहीका प्र.जि.अ. एवं अनुसन्धान अधिकृतबाट प्राप्त प्रतिवेदन का आधारमा नोकैल्वा गा.वि.स.का सचिव रामप्रकाश साहले गा.वि.स.को सचिवका साथै अध्यक्ष समेतको जिम्मेवारी पाई गा.वि.स.को चल अचल सम्पत्तिको हेर विचार गर्ने थप दायित्व समेत भएको समयमा गा.वि.स.को सम्पत्तिको रुपमा रहेका सिसौका रुखहरु काटिने क्रम जारी रहेको थाहा भएर पनि सोको नियन्त्रणको लागि सम्बन्धित निकायमा अनुरोध गर्ने सम्मको पनि कुनै उपाय अवलम्बन नगरी आफ्नो पदको प्रकृति अनुसार पालन गर्नुपर्ने कर्तव्य पालन नगरी अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३(छ) को अनुचित कार्य गरेको देखिएकोले अब आइन्दा आफ्नो पदीय कर्तव्य जिम्मेवारीसाथ पालन गर्न निजलाई सचेत गराउन आयोगको मिति २०६१/१२/१ को निर्णयानुसार जिल्ला विकास समिति सर्लाहीका स्थानीय विकास अधिकारीलाई लेखी सोको जानकारी स्थानीय विकास मन्त्रालय र जिल्ला प्रशासन कार्यालय, सर्लाहीलाई दिइएको ।

७. जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौबाट आ .व.०६०/०६१ मा वालुवा ठेक्का दिएकोमा स्थानीय विकास अधिकारी केदार न्यौपानेसमेतको मिलोमतोमा भ्रष्टाचार भएकोले कारवाही गरी पाउं भनी यस आयोगमा परेको निवेदनका सम्बन्धमा अनुसन्धान हुँदा वालुवाको लिलाम वढावढ गरी बिक्री गर्ने ठेक्का दिदां अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ मा उल्लिखित अनुचित कार्य भएकोले लेखा अधिकृत रुद्रमानसिंह बस्नेतलाई अब उपरान्त यसप्रकारको कार्य नगर्नु भनी सचेत गराउन आयोगको मिति २०६१/१२/८ को निर्णयानुसार लेखी पठाइएको ।

८. "कृषि विकास बैंक, बैंकिङ्ग कार्यालय नयाँ बानेश्वर शाखाबाट चौधरी इन्टरप्राइजेज (प्रो. गोविन्द चौधरी) को धितो खोला र जग्गाको नक्सा पनि काल्पनीक (सच्याइएको) लाई कर्जा प्रदान गर्दा अनियमित तवरले कर्जा लगानी गरी बैंकलाई डुबाउने गरी धितो नै नहेरी आयोजना नै नभएकोलाई आयोजना छ भनी काल्पनिक धितो लिई बैंक डुबाउने कर्मचारीहरुलाई बैंक व्यवस्थापनले कुनै कारवाही नगरेकोले अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट छानबिन गरी दोषी कर्मचारीहरुलाई कडा कारवाही गरियोस भन्ने उजूरीको सम्बन्धमा वडा सचिव सत्यदेव पण्डितले २०५६।१०।११ च.नं. ७७६।५७ को पत्रमा चार किल्ला खुलाई साविक का.म.न.पा. वडा नं. २९(क) हाल वडा नं. ३२ कि.नं. १२७९ क्षेत्रफल ०-४-०-० जग्गाको चार किल्ला खुलाई गोविन्द चौधरीलाई सिफारिस नदिएको तर कार्यालयको छाप तथा लेटरप्याड सचिवको जिम्मामा राख्नु पर्नेमा निम्नस्तरका कर्मचारीको छाप तथा लेटरप्याड र दर्ता, चलानी रजिष्टर लगायतका महत्वपूर्ण

कागजातहरु रहन दिएको कुरा स्वीकार गरेबाट निजलाई अब आइन्दा उक्त कार्य नदोहोऱ्याउने गरी सचेत गराउन आयोगको मिति २०६१/१२/१० को निर्णयानुसार स्थानीय विकास मन्त्रालयमा लेखी पठाइएको ।

९. आ.व. ०५८।०५९ मा पश्चिम तराई गरिबी निवारण परियोजना बर्दिया अन्तर्गतको मुक्त कमैयाका लागि धारा (हेड पम्प) वितरण कार्यक्रममा भ्रष्टाचार भयो भन्ने विषयको प्राप्त उजुरी उपर अनुसन्धान हुँदा बर्दिया जिल्लाका विभिन्न १७ गा.वि.स. र १ न.पा. मा जम्मा ६ सय थान हेड पम्प जडान गर्ने कार्यक्रम अन्तर्गत काम सम्पन्न नहुँदै सम्पन्न भइसकेको भनी प्रतिवेदन तयार गर्ने, पेश गर्ने, सदर गर्ने कार्य नियमसंगत नभएकोले उक्त कार्यमा संलग्न पश्चिम तराई गरिबी निवारण परियोजनाका परियोजना अधिकृत सुदीप कुमार भट्ट र अस्थायी ओभरसियर मानबहादुर शाहीलाई नेपाल अधिराज्यको संविधान २०४७ को धारा ९८ को उपधारा (२) अनुसार सचेत गराउन आयोगको मिति २०६१/१२/१० को निर्णयानुसार अख्तियारवालालाई लेखी पठाइएको ।

१०. जिल्ला विकास समिति, सल्यानका निमित्त स्थानिय विकास अधिकारी दण्डपाणि वरालले आ.व. २०५९।०६० को अन्त्यतिर विभिन्न खरीद निर्माण, मर्मत आदि कार्यमा आर्थिक अनियमितता गरी भ्रष्टाचार गरेको भन्ने विषयको उजुरी उपर विस्तृत अनुसन्धान हुँदा जि.वि.स.को कार्यालय, सल्यानका तत्कालिन ओभरसियर मिन प्रसाद वस्नेतले स्था.वि.को सचिवालय भवनको तल्ला थप गर्ने कार्यमा केही आइटम ननापेको, मूरार खोला धामी सिंचाई योजनाको साइटमा नगईकन नै कार्य सम्पन्न प्रतिवेदन बनाएको, जिल्ला प्राविधिक कार्यालय सल्यानका तत्कालिन निमित्त इन्जिनियर विरलाल मिस्त्रीले नापजाँच नगरीकनै विभिन्न योजनाको कार्यसम्पन्न प्रतिवेदन दस्तखत गरेको, सोही कार्यालयका तत्कालिन ओभरसियर जीवराज गिरीले कोटमौला गा.वि.स. वडा नं. ७ को खानेपानी योजनाको निरीक्षण गर्न जाँदा योजना सम्पन्न नभएतापनि कार्य सम्पन्न प्रतिवेदन तयार पारेको देखिएको, जिल्ला विकास समितिको कार्यालय, सल्यानका तत्कालिन स.ओ.सि. उत्तम कुमार राजभण्डारीले कोटमौला गा.वि.स. वडा नं. ४ को खानेपानी योजनाको निरीक्षण नगरी कार्य सम्पन्न विलमा दस्तखत गरेको र कोटमौला गा.वि.स. का तत्कालिन सचिव टोपजंग चन्दले कोटमौला गा.वि.स. वडा नं.७ को खानेपानी योजनाको निरीक्षण नगरी गा.वि.स. को तर्फवाट योजना सम्पन्न भई सक्यो भनी सिफारीश गरेको देखिएकोले ती कार्यहरु अ.दु.अ.आयोग ऐन, २०४८ को दफा ३ (ख), (छ) अनुसार अनुचित कार्य भएकोले निजहरुलाई सोही ऐनको दफा १२ अनुसार सचेत गर्न मिति २०६२।३।२७ को निर्णयानुसार स्थानीय विकास मन्त्रालयमा लेखी पठाइएको ।

११. जिल्ला विकास समिति पर्साको आ.व. २०६०।६१ को कवाडी माल सामानको कर उठाउने ठेकेदारलाई ठेक्का रकम मिन्हाको सुविधा दिने शर्त राखी ठेक्का स्वीकृत भएको र ठेक्का कवोल अनुसार ठेकेदारबाट नियमानुसारको धरौटी रकम नलिई ठेक्का स्वीकृत भएको कारण जिल्ला विकास समिति थप दवावमा परी ठेकेदारले कवोल गरेको ठेक रकम असुल हुन नसकेको भन्ने उजूरीउपर अनुसन्धान हुँदा ठेक्का स्वीकृत गर्दा गराउँदा ठेकेदारले कवोल गरेको रकम सम्झौता बमोजिम तोकिएको म्याद भित्र असुल उपर गर्न गराउन सहज हुने किसिमबाट ठेक्का स्वीकृत गर्ने तर्फ स्थानीय विकास अधिकारी नरेन्द्रराज बरालले समयमै ध्यान पुऱ्याएको नदेखिँदा निजलाई आयोगको मिति २०६२/३/२८ को निर्णयानुसार सचेत गराइएको ।

(ण) स्वास्थ्य मन्त्रालय अन्तर्गत

१. वि.पि. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा विभिन्न अनियमितता र भ्रष्टाचार भयो भन्ने विषयको उजुरी उपर अनुसन्धान हुँदा आ.व. ०६०।६१ मा वोलपत्र आह्वान भै मिति ०६१।५।१० को कार्यकारिणी समितिको निर्णयले डेन्टल चेयर र सोसंग सम्वन्धित सामानहरु दोश्रो घटिवाला टेण्डरदाता गर्ग डेन्टल सप्लायरको रु.२,३८,८१,९१०।- को टेण्डर स्वीकृत गरेको पाइयो । प्रतिष्ठानले स्वीकृत गरेको स्पेशिफिकेशन अनुसार कै सम्पूर्ण सामान भएको हस्पिटेक इन्टरप्राइजेजको रु. २,१५,०१,१५०।- को टेण्डर स्वीकृत नगरी लागत विश्लेषण सहितको उपयुक्त र ठोस कारण विना रु. २३,८०,७६०।- बढीको टेण्डर स्वीकृत गरी कार्यकारिणी समितिका पदाधिकारीहरुले आफ्नो तजविजी अधिकार स्वेच्छाचारी रुपमा प्रयोग गरी प्रतिष्ठानलाई रु. २३,८०,७६०।- नोक्सान पुऱ्याई अनुचित कार्य गरेको देखिएकोले प्रतिष्ठानका उपकुलपति प्रा.डा. लोकविक्रम थापा, शिक्षाध्यक्ष प्रा.डा. सुधांशु शर्मा खनाल, रजिष्ट्रार प्रा.डा. गोपालप्रसाद श्रेष्ठ र तत्कालिन का.मु. अस्पताल निर्देशक प्रा.डा. रुपा सिंहलाई आइन्दा यस प्रकारको त्रुटि नदोहोऱ्याउन आयोगको मिति २०६१।१०।२५ को बैठकबाट सजग गराउने निर्णय भयो । त्यसै गरी शाखा अधिकृत (सोसल वर्क) पद-१ को लागि दरखास्त आह्वान गर्दा नेपाली नागरिकवाट दरखास्त नपरेको भनी भारत सिक्कीम निवासी यसोदा शर्मा (सापकोटा) लाई निजको विदेशी विश्वविद्यालयबाट प्राप्त प्रमाणपत्रको समकक्षता निर्धारण समेत नगरी उपकुलपतिको मिति ०६१।१।८ को निर्णयले करारमा नियुक्त गरेको देखियो । प्रतिष्ठानको प्रशासनिक प्रकृतिको उक्त पदमा जानाजान गैर नेपाली नागरिकलाई नियुक्त गरी प्रतिष्ठानका उपकुलपति प्रा.डा. लोकविक्रम थापाले आफ्नो तजविजी अधिकार स्वेच्छाचारी रुपमा प्रयोग गरी अनुचित कार्य गरेको देखिएकोले आइन्दा आयोगको सोही मितिको बैठकबाट उपकुलपति प्रा.डा. लोकविक्रम थापालाई अख्तियार

दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ बमोजिम सचेत गराउन लेखी पठाईएको ।

२. स्वास्थ्य मन्त्रालयका डा. चेतराज पन्तले मन्त्रालय र I.C.H बाट दोहोरो तलव खाएको भन्ने विषयको उजुरी निवेदन उपर अनुसन्धान हुँदा डा. चेतराज पन्त स्वास्थ्य मन्त्रालय अन्तर्गत नेपाल स्वास्थ्य सेवाको दशौं तहको अधिकृत कर्मचारी भएर सामुदायिक स्वास्थ्य इन्स्टिच्यूट सहकारी संस्था लि.को स्थापना गर्ने कार्यमा संलग्न भै सो संस्थाको अध्यक्ष/निर्देशक/सल्लाहकारको को हैसियतमा कार्यरत रहनुको साथै विभिन्न कार्यक्रममा काम गरे वापत भनी संस्थाबाट रु. ९,३९,०००।- समेत लिएको देखिदा निजले तत्काल प्रचलित निजामती सेवा ऐन, २०४९ को दफा ४८ र स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ५९ को व्यवस्था विपरित श्री ५ को सरकारको स्वीकृति विना संस्थाको स्थापना एवं सञ्चालनमा संलग्न भै लगातार दश वर्षसम्म संस्थाको अध्यक्ष, निर्देशक र सल्लाहकारको रुपमा काम गरी पारिश्रमिक समेत लिई आफ्नो पदको प्रकृति अनुसार पालन गर्नु पर्ने कर्तव्य पालन नगरी अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३(छ) मा उल्लेखित अनुचित कार्य गरेको देखिएकोले अब आइन्दा यसप्रकारको गल्ती दोहोरिन नदिन निजलाई सचेत गराउन आयोगको मिति २०६१/१२/१ को निर्णयानुसार सोही ऐनको दफा १२ बमोजिम स्वास्थ्य मन्त्रालयका सचिवलाई लेखी सोको जानकारी स्वास्थ्य सेवा विभाग र निजामती किताबखानालाई समेत दिइएको ।

३. पश्चिमान्चल क्षेत्रीय स्वास्थ्य सेवा निर्देशनालय, कास्कीका भेक्टर कन्ट्रोल सुपरभाइजर अधिकृत छैठौं तहमा कार्यरत श्यामबहादुर कोइरालाले निजामती किताबखानामा रहेको निजको नोकरी विवरण रहेको सिटरोल निजामती किताबखानाका कर्मचारीहरुसंगको मिलोमतोबाट गायव गरी वा गर्न लगाई अवकाश पाइसक्नु पर्ने समयभन्दा पछि (हालसम्म) सम्म पनि कार्यरत रहेको भन्ने समेतको उजुरीका सम्बन्धमा अनुसन्धान भई सो कार्यमा संलग्न स्वास्थ्य मन्त्रालयका जनस्वास्थ्य प्रशासक ऋषिप्रसाद लामिछाने, यातायात व्यवस्था कार्यालय, कैलालीका शा.अ. गोकुल खड्का, र कारागार शाखा सोलुखुम्बुका ना.सु. रामप्रसाद ढुंगानालाई सचेत गराउन आयोगको २०६२/१/२६ को निर्णयानुसार लेखी पठाइएको ।

४. नरदेवी आयुर्वेद चिकित्सालयको निर्देशक कृष्णराज पराजुलीले चिकित्सालय हाताभित्रको धन्वन्तरी मन्दिरको उत्तरतर्फ चेप्टो ढुङ्गा छाप्ने, चिकित्सालयको रशायनशालातर्फको बग्ने पानीलाई मूल ढलमा मिसाई सो ठाउँमा ढुङ्गा छाप्ने र गाडी ग्यारेजको उत्तर तर्फको जमिन मिलाई ढल मर्मत गर्ने एकै प्रकृतिका तीनवटा अलग-अलग कामको लागत इष्टिमेट तयार

गराई सम्पन्न गराएको काम आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०५६ को नियम ६३ को उपनियम (५) विपरित भएकोले अब आईन्दा त्यस तर्फ सजग रहनको लागि निर्देशक कृष्णराज पराजुलीलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ को उपदफा (१) बमोजिम सचेत गराउनको लागि आयोगको मिति २०६२/३/२२ को निर्णयानुसार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा लेखी पठाइएको ।

(त) श्रम तथा यातायात मन्त्रालय अन्तर्गत

१. गैरकानूनी किसिमबाट आयात गरिएका सवारी साधनहरु गैरकानूनी किसिमबाट सवारी दर्ता प्रमाणपत्र बनाई भ्रष्टाचारजन्य कार्य भएको भनी यातायात व्यवस्था कार्यालय, बागमती अंचलबाट च.नं. १६९८ मिति ०६१/१२/२२ को पत्रसाथ आवश्यक कारवाहीको लागि प्राप्त उजुरी फाईलउपर अनुसन्धान हुँदा स्टिकरमा भएको सही आफ्नो हो भनी बयान गरेका प्राविधिक दामोदर श्रेष्ठले प्राविधिक जाँच गर्दा दर्ता नै नभएको गाडीको स्टिकरमा सही गरिदिएको देखिएकोले आयोगको मिति २०६२/३/५ को निर्णयानुसार निजलाई सचेत गराउन लेखी पठाइएको ।

परिच्छेद – ८
ध्यानाकर्षण

विद्यमान ऐन, नियम वा प्रचलनमा त्रुटी भए अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट सुधार गर्न सुझाव दिने वा ध्यानाकर्षण गराउने कानूनी व्यवस्था भए अनुरुप आ. व. ०६१/६२ मा विभिन्न निकायहरु र त्यहाँका पदाधिकारीहरुबाट जानाजान वा अन्जानवश भएका काम कारवाहीहरु उपर उनीहरुको ध्यानाकर्षण गराइएको थियो जस्को विवरण निम्न बमोजिम छ ।

(क) अर्थ मन्त्रालय अन्तर्गत

१. सूर्य कन्सर्न प्रा.लि.बाट गैर कानूनी तरीकाले मोवाईल फोन सेट आयात हुंदा सूचना तथा संचार मन्त्रालय र भन्सार कार्यालय समेतबाट जानाजान यस्ता अनियमित काम कारवाहीलाई सुधार्नुको सट्टा सम्बद्ध पार्टीलाई हित हुने गरी काम गरेको भन्ने विषयको उजूरी सम्वन्धमा अनुसन्धान गर्दा प्रतीत पत्र खोली आयात गर्नु पर्ने मालवस्तुको हकमा सो कार्य नै नगरी भित्रिएको मालवस्तुमा पनि नेपाल राष्ट्र बैंकले माल बस्तु चलान भै सकेको आधारमा पहिले खोलेको प्रतितपत्र संशोधन हुन सक्ने नियमको दुरुपयोग गरी प्रतितपत्र नै नखोलेको प्रस्तुत सन्दर्भमा पनि संशोधनको माध्यमबाट प्रतीत पत्र खोल्न दिंदा राजस्व छल्न सक्ने सभावना देखिएकोले कानून विपरीत चलान भै सकेको भनि प्रतीत पत्र खोल्न नदिन र सो गर्नु पर्ने अवस्था परे राजस्व छल्न नसक्ने पर्याप्त संयन्त्र र प्रकृया विकसित गरेरमात्र त्यस्तो कारवाही गर्न आयोगको मिति २०६१।९।१५ को निर्णयानुसार नेपाल राष्ट्र बैंकको ध्यानाकर्षण गराईएको ।

(ख) जल श्रोत मन्त्रालय अन्तर्गत

१. कोशी पम्प चन्द्रनहर सिंचाई योजनामा व्यापक अनियमितता भएको भन्ने विषयमा अनुसन्धान गर्दा आकस्मिक मर्मत कार्य, नहर संचालनको लागि ज्यालादारी कर्मचारी राख्ने आधार निर्माण, मातहतको कार्यालयको निरीक्षण र निर्देशन गर्ने विषयमा सिंचाई बिभागले पर्याप्त ध्यान पुऱ्याउन नसकेको देखिँदा आयोगको मिति २०६१।१०।८ को निर्णयानुसार यस तर्फ जलश्रोत मन्त्रालयको ध्यानाकर्षण गराईएको ।

२. कार्यकारी निर्देशक सहित नेपाल विद्युत प्राधिकरणका भ्रष्टहरुले प्राधिकरण सिध्याए भन्ने उजुरी उपर विस्तृत अनुसन्धान भै आयोगसमक्ष पेश हुँदा विदेशी ऋणद्वारा प्राप्त रकमबाट परामर्शदाता मार्फत् सञ्चालन गरिने आयोजनाहरुमा कार्यरत प्राधिकरणका कर्मचारीहरुलाई ५०% प्रोत्साहन भत्ता, १२५% कठिन कार्य भत्ता, १२५% सम्म थप पारितोषिक भत्ता लगायत अन्य थप सुविधा दिने गरेको देखिएको, यसरी भत्ता दिंदा एकातिर कर्मचारीलाई आफैले प्रयोग गर्न सक्नेमा स्थापित नियम कानूनलाई छलेर परामर्शदातालाई त्यसबाट ओभरहेड रकम समेत दिई प्राधिकरणको वित्तीय क्षमताभित्र पर्न नसक्ने गरी थप आर्थिक बोझ पर्न जाने अर्को तिर यसबाट अस्वस्थ परिस्थिति सिर्जना पनि हुने हुँदा यस्तो व्यवस्था तर्फ नेपाल विद्युत प्राधिकरण संचालक समितिको ध्यानाकर्षण गर्न आयोगको मिति २०६२/१/१२ को निर्णयानुसार लेखी पठाइएको ।

३. बाग्मती सिंचाई आयोजना, कर्मैया सर्लाहीले कम गुणस्तरका सामान प्रयोग गरी निर्माण कार्य गराएको भन्ने समेत विषयका उजुरीका सम्वन्धमा बाग्मती सिंचाई आयोजनाको कार्यहरुमा typical design drawings को आधारमा डिटेल लागत अनुमान तयार गर्ने गरेको, ठेक्का पट्टा भई सकेपछि working drawings र as built drawing सि.डि.ई. स्तरबाटै बनी त्यसैको आधारमा काम गराउने गरेको, गुणस्तर नियन्त्रणको लागि पर्याप्त insitu/laboratory tests नगराएको,

कार्य सम्पन्न नहुँदै कार्य सम्पन्न मिति राखि नापी किताव समेत तयार गरेको, आयोजनालाई सरसामानको आवश्यकताको विश्लेषण नगरिकनै खरीद गरेको, विभागीय प्रमुखको स्वीकृति विना टुक्रा टुक्रा लागत अनुमान तयार गरी सोझै दरभाउ पत्र लिई मर्मत कार्य गराएको, अनियन्त्रित ठेक्का प्याकेजहरु वनाएको, एउटै प्याकेजमा ठूलो संख्यामा प्राविधिकहरु सुपरीवेक्षणको लागि खटाएको, ज्यालादारी कर्मचारीहरु राख्न खास नर्म्स वा स्टान्डर्ड प्रयोग नगरेको, स्टोरमा सर्भे सामान पर्याप्त मौज्दात हुंदा हुदैं प्रत्येक ठेक्कामा थप सर्भे सामान खरीद गर्ने गरेको, स्ट्रक्चरको जगको लागि माटो खन्ने कार्यमा अनावश्यकरुपमा थप नाप लिएको, विगतका विभागीय छानविन समितिहरुले औंल्याएका कमी कमिजोरीहरुमा हाल सम्म सुधार हुन नसकेको तथा सिचाई विभागवाट आवश्यक मात्रामा नीतिगत, निर्देशन र अनुगमन भएको देखिन नआएकोले यी विषयहरुमा ४ (चार) महिना भित्र प्रत्येक विषयमा वस्तुगतरुपमा नै सुधार गर्न र कमी कमजोरीहरु पुनःदोहोरिन आएको देखिएमा त्यसको उत्तरदायित्व वहन गर्ने पदाधिकारी उपर कारवाही गरिने समेत जानकारी दिने गरि अयोगको मिति २०६२/३/३१ को निर्णयानुसार महानिर्देशकलाई लेखिएको ।

(ग) भूमिसुधार मन्त्रालय अन्तर्गत

१. श्री ५ को सरकारले त्रिभुवन विश्व विद्यालय, शिक्षण अस्पताललाई भोगाधिकार उपलब्ध गराएको काठमाडौं जिल्ला चण्डेश्वरी (टोखा) गा.वि.स. वार्ड नं. ६ (ख) कित्ता नं. ११५ को ६०-४-०-० क्षेत्रफलको जग्गामा रहेको रुख का.जि. टोखा चण्डेश्वरी गा.वि.स.का अध्यक्ष काशी नारायण श्रेष्ठले अनियमित तवरले काटी वेच विखन गरेको भन्ने विषयमा अनुसन्धान भई पेश हुँदा अयोगको मिति २०६२/१/१८ को निर्णयानुसार देहाय वमोजिमको विषयमा भूमिसुधार तथा व्यवस्था मन्त्रालयको ध्यानाकर्षण गराइएको :

(क) सरकारी जग्गाको भोगाधिकार उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०५७ को नीतिगत अवधारणा अनुसार त्रिभुवन विश्व विद्यालय शिक्षण अस्पतालको सेवालाई अझ प्रभावकारी रुपमा सञ्चालन गर्न तथा अस्पतालको सेवालाई विस्तार गर्न श्री ५ को सरकारले मिति २०५८।११।२७ को निर्णय अनुसार त्रिभुवन विश्व विद्यालय, शिक्षण अस्पताललाई काठमाडौं जिल्ला चण्डेश्वरी (टोखा) गा.वि.स. वार्ड नं. ६ (ख) कित्ता नं. ११५ को ६०-४-०-० क्षेत्रफलको जग्गाको भोगाधिकार उपलब्ध गराएको तर सेवाको प्रभावकारिता तथा विस्तारको सम्बन्धमा कुनै योजना तथा कार्यक्रम उल्लेख नहुनुको साथै हालसम्म पनि त्यस वारेमा कुनै योजना तथा कार्यक्रम समेत नबनेकोले भोगाधिकार हस्तान्तरण भएको जग्गाको संरक्षण हुन सकेको नदेखिएकोले भोगाधिकार प्रदान गरिएको जग्गा जुन कामको लागि प्रदान गरिएको हो सो काममा प्रयोग भए नभएको तथा त्यस्तो जग्गाको संरक्षण भए नभएको तर्फ अनुगमन गर्ने व्यवस्था मिलाउने ।

(ख) उपरोक्त वमोजिम जग्गाको भोगाधिकार हस्तान्तरण गर्दा त्यस्ता जग्गामा वन पैदावर लगायत बेच विखन हुन सक्ने वस्तु रहे नरहेको र रहेको भए त्यस्तो वस्तुको परिमाण एकीन गरी त्यसको विक्री वितरण गरी प्राप्त हुन आउने आम्दानी राजश्वमा जम्मा गर्न सम्बद्ध निकायसँग आवश्यक समन्वयको व्यवस्था मिलाउने ।

(घ) स्थानिय बिकास मन्त्रालय अन्तर्गत

१. ग्रामीण पूर्वाधार विकास कार्यक्रम अन्तर्गत वाग्लुङ्ग-वुर्तिवाङ्ग सडक निर्माणमा भ्रष्टाचार भएको भन्ने विषयमा अनुसन्धान गर्दा एशियाली विकास बैंकको ऋण सहयोगमा वाग्लुङ्ग जिल्लामा निर्माणाधिन १२६ कि.मी. ग्रामीण मोटर बाटो, ३० वटा सामूदायिक भवन र जनचेतना अभिवृद्धि समेतको कार्यमा आवश्यक अध्ययन, विस्तृत सर्वेक्षण, डिजाइन र पर्याप्त पूर्व तयारी वेगर निर्माण शुरु गरिएको कारणबाट र केन्द्रमा स्टियरिङ्ग कमिटी र आयोजना व्यवस्थापन ईकाई तथा जिल्ला स्तरमा जिल्ला कार्यान्वयन ईकाई र उपभोक्ता समूहबाट समेत सम्झौता अनुसारका नीति नियम र कार्यान्वयन निर्देशिकामा उल्लिखित कार्यविधी पालन नगरेकोले योजना अधुरो रहन गई लक्ष्य प्राप्ती नभएको देखिन्छ । यस्तो परिस्थिति एकातिर छ भने अर्कोतिर यस्तो किसिमको कार्यविधि बमोजिम नै अन्य सडकहरु बनाउन विदेशी ऋण लिने र सडक निर्माणका लागी रकम उपलव्ध गराउने काम भै रहेको देखिएवाट यस सम्बन्धमा गम्भिरतापूर्वक विचार भै प्रभावकारी अनुगमन हुन आयोगको मिति २०६१।४।१८ को निर्णयानुसार स्थानीय विकास मन्त्रीज्यूको ध्यानाकर्षण गराईएको ।

(ङ) स्वास्थ्य मन्त्रालय अन्तर्गत

१. सगरमाथा अञ्चल अस्पताल, राजविराजका मे.सु.डा. अशोकानन्द मिश्रले रकम हिनामिना लगायत विभिन्न अनियमित कार्य गरेको भन्ने उजूरी विषय उपर अनुसन्धान हुँदा कर्मचारी भर्ना गर्दा कतिपयको दरवन्दी स्वीकृत नगरी विना सूचना, विना प्रतिस्पर्धा छनौट गरेको देखिदा अव आइन्दा अस्पताल विकास समितिको निर्णयबाट स्वीकृत भए वाहेक अस्पताल विकास समितिको आम्दानीबाट तलव भत्ता दिने गरी कुनैपनि व्यक्तिलाई भर्ना नगर्न आयोगको मिति २०६१/१२/९ को निर्णयानुसार सगरमाथा अञ्चल अस्पतालको ध्यानाकर्षण गराई सोको जानकारी स्वास्थ्य मन्त्रालयलाई र जिल्ला प्रशासन कार्यालय सप्तरीलाई दिइएको ।

परिच्छेद - ९
सुझाव

अख्तियार दुरुपयोग अनुसन्धान ऐन, २०४८ को दफा २८ मा आयोगले आफ्नो काम कारवाहीको सिलसिलामा जानकारीमा आएका तथ्यहरुको आधारमा सम्बन्धित कार्यालय, पदाधिकारी वा सार्वजनिक संस्थालाई सुझाव दिन सक्ने व्यबस्था भए अनुरुप आर्थिक वर्ष २०६१/६२ मा दिइएको सुझावको विवरण निम्नानुसार छ ।

(क) अर्थ मन्त्रालय अन्तर्गत

१. नेपाल राष्ट्र बैंकका गर्भनर तिलक रावलले नेपाल बैंक अफ सिलोनको शेयर खरीद गरी उक्त बैंकले गरेको ठूलो आर्थिक हिनामिनामा र उक्त बैंकको नियम विपरीत कार्यलाई स्वीकृत दिई करोडौं रकम हात पारे भन्ने उजुरी उपर अनुसन्धान गर्दा नेपाल राष्ट्र बैंक स्वयमले दिएको इजाजत पत्रको शर्त, नेपाल बैंक अफ सिलोन लि.को नियमावली विपरित संस्थापक शेयर विक्री गर्न स्वीकृती दिएको कार्य सम्बन्धित कानून, निर्देशिका र निर्णय सँग मिलेको देखिएन । तर पनि यस सम्बन्धमा गरिएको सो निर्णयको प्रकृति एवं निर्णय गर्दाको अवस्था र ने.रा. बैंकबाट प्राप्त कागजातबाट देखिएको स्थिति र पेश भएको प्रतिक्रिया समेतका आधारमा विचार गर्दा प्रस्तुत विषयमा भ्रष्टाचार भएको भनी यकिन हुन सक्ने अवस्था नदेखिएकोले भविष्यमा यस किसिमको काम कारवाही गर्दा प्रचलित कानून, निर्णय एवम् निर्देशिकाको अधिनमा रही उच्च सतर्कताका साथ कार्य गर्न गभर्नर, नेपाल राष्ट्र बैंकलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २८ को उपदफा (१) को खण्ड (ख) बमोजिम लेखी पठाउन आयोगको मिति २०६१।७।१३ को निर्णय अनुसार लेखी पठाईएको ।

२. कृषि विकास बैंक, बैंकिग कार्यालय, पुतलसीसडक र लगनखेलबाट कर्जा प्रवाह गर्दा बैंकका कर्मचारीहरुले ऋणीहरुसँग मिलेमतो गरी कमजोर धितो स्वीकार गरी गैरकानूनी रुपमा कर्जा दिई बैंक डुवाउने कार्य गरेको हुँदा कारवाही गरी पाउँ भनी आयोग समक्ष दिएका उजूरीहरु उपर अनुसन्धान गर्दा सूर्य ट्रेडर्स, शिवशक्ति ट्रेडर्स, र बालकुमारी ट्रेडर्स नामक तीनवटा फर्महरुलाई कर्जा प्रवाह गर्ने सिलसिलामा भ्रष्टाचारजन्य कार्य भए गरेको कुरा स्थापित हुन नआए ता पनि बैंकको अधिकतम हित हुने गरी ऋणीहरुबाट कर्जा असूल उपर गर्नेतर्फ आवश्यक र उपयुक्त व्यवस्था गर्न गराउन आयोगको मिति ०६१।७।२४ को निर्णयानुसार कृषि विकास बैंकका महाप्रवन्धकलाई निर्देशन दिईयो ।

(ख) उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गत

१. नयाँवजार जग्गा एकीकरण आयोजना अन्तर्गत खानेपानी योजना निर्माण कार्यको बोलपत्र मूल्यांकन गर्दा भ्रष्टाचार गरे भन्ने उजूरी उपर अनुसन्धान गर्दा नेपाल गुणस्तर तथा नापतौल विभागबाट नेपाल गुणस्तर चिन्ह प्रयोग गर्न पाउने इजाजत प्राप्त गरेको मैनावति स्टील इण्डष्ट्रिज प्रा.लि.ले उत्पादन र विक्री गरी नयाँवजार खानेपानी आयोजनामा प्रयोग भएका सम्पूर्ण जि.आई. पाइपहरु गुणस्तरहीन देखिएकोले शुरुमा इजाजत लिई पछि उत्पादकले गुणस्तर घटाउने अवस्था देखापरेबाट त्यस्ता गुणस्तर चिन्ह प्राप्त गरेका उद्योगहरुले उत्पादन गरेका वस्तुहरु नेपाल गुणस्तर बमोजिम भए नभएको एकिन गर्न निरन्तर रुपमा अनुगमन गरिरहनु पर्ने सुझाव नेपाल गुणस्तर तथा नापतौल विभागमा लेखिपठाउने र निर्धारीत गुणस्तर विपरीतका उत्पादनमा गुणस्तर प्रमाण चिन्ह प्रयोग गर्ने उल्लेखित कम्पनी लगायत इजाजत प्राप्त उत्पादकका हकमा नेपाल गुणस्तर प्रमाण चिन्ह ऐन, २०३७ को दफा ४(१)(क) र ८ (२) का व्यवस्थालाई दृष्टिगत गरी के कसो गर्न पर्ने हो सो गर्न आयोगको मिति २०६१।८।२१ को निर्णयानुसार सम्बन्धित निकायमा लेखी पठाईयो ।

२. बोटलर्स नेपालको उत्पादन 'किन्ले प्यूरिफाइड वाटर' उत्पादनस्थलबाटै नमूना लिई प्रयोगशाला परीक्षण गराउंदा खानै नहुने व्याक्टेरियाहरु पाइएकोले त्यस्तो दूषित पानी प्रयोग नगर्ने चेतावनी दिंदा दिंदै उक्त कम्पनीमाथि मुद्दा हाल्ने हौवा पिटाएर उक्त कम्पनीका महाप्रवन्धक एन.एन. सिंहबाट दुई करोड रुपैंया असूल गरी वाणिज्य विभागकी महानिर्देशक विन्द्रा हाडा तथा गुणस्तर तथा नापतौल कार्यालयका निरीक्षण अधिकृत पद्मवहादुर शाक्य समेतले वाँडीचुडी खाएका छन्, तसर्थ निजहरु उपर भ्रष्टाचार निवारण ऐन र अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन वमोजिम कारवाही होस् भन्ने समेत व्यहोराको रामप्रसाद समेत तीन जनाले आयोग समक्ष दिएको उजूरी निवेदन उपर अनुसन्धान तहकिकात हुँदा अव आइन्दा उपभोग्य वस्तुहरुको बजार अनुगमन र गुणस्तर नियन्त्रण लगायतका कार्यहरु गरी आम उपभोक्ताहरुको हित संरक्षण गर्ने सिलसिलामा सम्बद्ध निकायहरुबीच आपसी समन्वय कायम गरी प्रचलित नियम कानूनको पालना गर्ने गराउनेतर्फ उपयुक्त व्यवस्था मिलाउने सम्वन्धमा आयोगको मिति २०६१/१२/१० को निर्णयानुसार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा लेखी पठाइएको ।

(ग) कृषि तथा सहकारी मन्त्रालय अन्तर्गत

१. झापा जिल्ला स्थित नाज टी स्टेटले श्री ५ को सरकारवाट हदवन्दीमा छुट पाएको ५१-०-० (एकाउन्न) विघा जग्गा भूमिसुधार मन्त्रालय र अन्तरगतका पदाधिकारी समेतलाई अनुचित प्रभावमा पारी विक्री गर्न लागेको भन्ने उजुरीका सम्वन्धमा छानवीन हुंदा अव उप्रान्त हदवन्दीमा छुट दिएका जग्गाहरुको विक्री वा सट्टा पट्टा सम्वन्धमा जग्गाहरुको मूल्याङ्कन, त्यसवाट हुने आर्थिक लाभ र श्री ५ को सरकारको हित समेतको विषयमा छुटै कानून निर्माण गर्न र सो नवनिसक्दाको अवस्थामा श्री ५

को सरकारवाट छुट्टै नीति र प्रकृयागत विषयहरु व्यवस्थित गरि सोही अनुरुप मात्र गर्न गराउन आयोगको मिति ०६१।८।२१ को निर्णयानुसार श्री ५ को सरकार (मन्त्रिपरिषद्) लाई लेखी पठाईयो ।

(घ) <u>परराष्ट्र मन्त्रालय अन्तर्गत</u>

१. राष्ट्रिय सभाका मा. सांसद रामजीवन सिंह, तत्कालीन मन्त्री हरिनारायण चौधरी र पूर्व सांसद शुक्रराज संयोकले एलिजा थापालाई विभिन्न नामबाट आफ्नी पत्नी भनी गलत नागरिकता र पासपोर्टका आधारमा भिसाको लागि कूटनीतिक नियोगमा निवेदन दिई अख्तियारको दुरुपयोग गरेको बिषयमा अनुसन्धान गर्दा गैरकानूनीरुपबाट जारी गरिएका राहदानी नं. १५७०४३६, श्रीमती पद्मा चौधरी, १५८२१०७, श्रीमती सुनिता सिंह र १५३६२९५, १५९१०४१ श्रीमती धनकुमारी संयोकका नाममा जारी भएका राहदानीहरुको सम्बन्धमा उक्त राहदानीहरु रद्ध गर्न परराष्ट्र मन्त्रालयमा लेखि पठाउने र परराष्ट्र मन्त्रालयबाट राहदानी जारी गर्ने अख्तियारी जिल्ला प्रशासन कार्यालयहरुलाई प्रत्यायोजन भैसकेको अवस्थामा समेत परराष्ट्र मन्त्रालयबाट साधारण नेपाली राहदानी जारी भएको देखिंदा अब आयन्दा यसरी राहदानी जारी गर्दा पेश भएको नागरिकता समेतका कागजातहरुको बिषयमा आधिकारीकता यकिन गरेर मात्र राहदानी जारी गर्न, राहदानी जारी गर्दा आदेश दिने र जारी गर्ने सबै कर्मचारीले गरेको निर्णय लेखबद्ध गर्न आयोगको २०६१।६।५ को निर्णयानुसार श्री ५ को सरकार परराष्ट्र मन्त्रालयमा सुझाव लेखी पठाईयो ।

(ङ) <u>प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय</u>

१. स्थानीय विकास निर्माण आयोजना अन्तरगत थानकोट चित्लाङ्ग सडकमा आ.व. ०५५।५६ को निर्माण कार्यमा हचुवा किसिमको डिजाइन इष्टिमेट गरी गुणस्तरहीन काम गराई भ्रष्टाचार गरे भन्ने विषयमा अनुसन्धान गर्दा प्रस्तुत ठेक्का फाइलबाट स्वीकृत ल.ई. भन्दा ६०% भन्दा बढी घटेर काम गरेको देखिन्छ । वास्तविक स्थितिसँग धेरै ठूलो मात्रामा फरक पर्न गएको देखिएकोले श्री ५ को सरकारद्वारा स्वीकृत निर्माण कार्यको दररेट विश्लेषण नर्मस, २०४१ लाई संशोधन गर्नुपर्ने देखिएको हुँदा सोका लागि आयोगको २०६१।११।१७ को निर्णयानुसार प्रधानमन्त्री तथा मन्त्रीपरिषद् सचिवालयमा लेखी पठाईयो ।

२. श्री ५ को सरकारका विभिन्न निकायमा रहेको असुल उपर गर्नु पर्ने बेरुजु फछ्यौंटका सम्वन्धमा श्री ५ को सरकारका मुख्य सचिव तथा सचिवहरु र सम्वद्ध पदाधिकारीहरुसंग ०६१।११।२८ मा आयोगमा भएको छलफल समेतका आधारमा महालेखा परीक्षकको विभागवाट अन्तिम लेखा परिक्षण भई असूल उपर गर्नुपर्ने भनी कायम भएका वेरुजुहरु एकवर्ष भित्र असुल उपर गरि सक्ने, उक्त अवधिभित्र असूल उपर हुन नसकेमा सोही नियम अनुसार लेखा उत्तरदायी अधिकृतले केन्द्रिय तहसिल कार्यालयमा लगत कस्न पठाउने कर्तव्य लेखा उत्तरदायी अधिकृतको हैसियतले सम्वन्धित सचिवको हुने व्यहोरा आर्थिक प्रशासन सम्वन्धी नियमावली, २०५६ को नियम १५२ मा व्यवस्था भएकोले लेखा उत्तरदायी अधिकृतले असूल उपर गर्नुपर्ने वेरुजु फछ्यौंट समयमै नगरेमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ को खण्ड (ख) र (छ)

अनुसार अनुचित कार्य गरेको आधारमा कारवाई हुन सक्ने हुंदा असूल उपर गर्नुपर्ने वेरुजु समयमा नै असुल उपर गर्न आयोगको मिति २०६१/१२/१ को निर्णयानुसार श्री ५ को सरकारलाई सुझाव दिइएको ।

३. राजनीतिमा महिला सहभागिताको अभिबृद्धि नामक गैरसरकारी संस्थामा कार्यरत अनामिका राई, सुस्मिता सुब्बा, जितेन्द्र तामाङ र दिपेन्द्र तामाङ नामक ब्यक्तिहरु भारत दार्जिलिङ्ग निवासी भारतीय नागरिकहरु भएको र निजहरुले रुपैयाँ धनको दुरुपयोग गरी जिल्ला प्रशासन कार्यालय काठमाण्डौंबाट नेपाली नागरिकताको प्रमाणपत्र लिएको सम्बन्धमा अनुसन्धान हुँदा नागरिकता प्रदान गर्ने प्रक्रियामा विविध कमी कमजोरीहरु देखिएकोले देहायका सुधार गर्न आयोगको मिति २०६१/१२/१० को निर्णयानुसार श्री ५ को सरकारलाइ सुझाव लेखी पठाइएको :

(क) नेपाली नागरिकताको प्रमाण पत्र प्राप्त गर्न पेश गर्नु पर्ने नेपाल नागरिकता नियमावली, २०४९ को नियम ३ को उपनियम १ ले तोकेको (अनुसूची १ बमोजिमको) फारम सम्बन्धित प्रमुख जिल्ला अधिकारी समक्ष पेश गर्नु पूर्व सम्बन्धित जिल्ला विकास समितिको सभापति वा उप सभापति, नगरपालिकाको प्रमुख वा उप प्रमुख, गाउँ विकास समितिको अध्यक्ष वा उपाध्यक्ष वा श्री ५ को सरकारको बहाल वाला राजपत्राङ्कित अधिकृतको सिफारिश साथ पेश गर्नु पर्ने भन्ने ब्यवस्थाले निर्वाचित जनप्रतिनिधि वा राष्ट्र सेवक कर्मचारी दुवैको सिफारिशलाई मान्यता दिएको देखिदा एकद्वार प्रणाली र एकरुपता कायम हुन नसकेको कारणले सो सिफारिशको आवश्यकता, औचित्यता र ब्यवहारिकता समेत विचार गरी एकरुपता र एकद्वार कायम हुने गरी आवश्यक संशोधन गर्न, र

(ख) सक्कल बमोजिम नक्कल ठिक छ भनी प्रतिलिपी प्रमाणित गर्ने लगायतका कार्य गर्न नोटरी पब्लिकको ब्यवस्था गर्ने कानून तर्जुमा गरी कार्यान्वयन गर्नु र सो सम्बन्धी कार्य नभए सम्मका लागि सम्बन्धित कागजातहरु सम्बन्धित कार्यालयले नै अनिवार्य रुपमा प्रतिलिपी प्रमाणित गरिदिने परिपाटी बसाल्ने सम्बन्धी श्री ५ को सरकारको निर्णय कडाईका साथ लागु गर्न सम्बन्धित निकायमा आवश्यक निर्देशन दिन ।

४. जिल्ला प्रशासन कार्यालय, काठमाडौंबाट वितरण भएका नेपाली राहदानीहरुको विषयमा आयोगको नागरिकता, राहदानी र सवारी साधन सम्बन्धी उजूरी छानवीन कार्यदलबाट आयोगमा मिति २०६१।४।२९ मा प्रतिवेदन प्रस्तुत भएको र सोही प्रतिवेदनलाई आधार मानि आयोगको मिति २०६१।६।२१ को निर्णयानुसार विस्तृत अनुसन्धान तहकिकात सम्पन्न भै आयोगमा पेश भएकोमा ठूलो संख्यामा गैर नेपाली व्यक्तिहरु नेपाली राहदानी लिई विदेश जाने परिपाटी रहेको देखिन आएको र यसबाट नेपालको आर्थिक, सामाजिक एवं राजनैतिक पक्ष लगायत निज गैर नेपालीहरुले विदेशमा गर्ने क्रियाकलापबाट नेपालको

छवी र नेपालप्रतिको विश्वसनीयता समेतमा आँच आउने अवस्था देखिदा नेपालको शरणार्थी नीति र राहदानी नीतिमा आवश्यक पुनरावलोकन गरी सो बमोजिम गैर नेपालीले नेपाली राहदानी लिई विदेश जाने सम्भावना नै समाप्त गर्ने तर्फ आवश्यक कदम चाल्न आयोगको मिति २०६१।१२।२९ को निर्णयानुसार श्री ५ को सरकारलाई सुझाव लेखी पठाइएको ।

(च) वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत

१. शाखा अधिकृत कलानिधि पौडेलले विज्ञान तथा प्रविधि मन्त्रालयमा कानून अधिकृत पदमा कार्यरत रहँदा मन्त्रालयमा रुजु हाजिर रही विदा स्वीकृत नगराई कानून स्नातकोत्तर कोर्षको दिवा कक्षामा अध्ययन गरी अनियमित काम गरे भन्ने विषयको उजुरी सम्बन्धमा अनुसन्धान गर्दा निज कलानिधि पौडेल लगायत केही निजामती कर्मचारीले विदा स्वीकृत नगराई कार्यालय समयमा अध्ययन गर्ने गरेको पाईएको, यस विषयमा २०६१ कार्तिक १८ गते यस आयोगमा सम्बन्धित उच्च अधिकृतहरुको सहभागितामा छलफल भई यस समस्यालाई शीघ्र व्यवस्थित गर्ने प्रतिवद्धता व्यक्त भएको सम्बन्धमा नियमानुसार विदा व्यवस्था नमिलाई कार्यालय समयमा अध्ययन गर्ने विकृति रोक्ने तर्फ आवश्यक र उचित व्यवस्था गर्न आयोगको मिति २०६१।९।१५ को निर्णयानुसार श्री ५ को सरकार कानून, न्याय तथा संसदीय व्यवस्था र सामान्य प्रशासन मन्त्रालयलाई लेखी पठाईयो ।

(छ) शिक्षा तथा खेलकूद मन्त्रालय अन्तर्गत

१. त्रिभुवन विश्वविद्यालय आयुर्वेद क्याम्पस नरदेवीका स्थायी प्राध्यापक डा. रामवृक्ष साहूले आफ्नो क्याम्पसका साथै महेन्द्र संस्कृत विश्वविद्यालय र शिक्षक सेवा आयोगबाट समेत पारिश्रमिक लिई भ्रष्टाचार गरे भन्ने विषयको उजुरी उपर अनुसन्धान हुँदा शिक्षा ऐन, २०२८ को दफा ११ख (६) ले सदस्यहरुको सेवाका अन्य शर्तहरु तोकिए बमोजिम हुनेछन् भन्ने व्यवस्था गरेको, तर शिक्षक सेवा आयोग नियमावली, २०५९ ले सेवा शर्त सम्बन्धी व्यवस्था नगरेको हुँदा सो व्यवस्था हुने गरी नियमावलीमा संशोधन गर्न र शिक्षक सेवा आयोगका अध्यक्ष र सदस्यहरुले के कस्तो काम गर्न हुने र के कस्तो काम गर्न नहुने भन्ने वारेमा आयोग आफैले आचार संहिता बनाई लागू गर्न उपयुक्त हुने देखिएकोले त्यस्तो आचार संहिता निर्माण गरी यथाशीघ्र लागू गर्न आयोगको २०६१।५।८ को बैठकको निर्णयानुसार शिक्षक सेवा आयोगलाई सुझाव दिईयो ।

२. भ.पु.जिल्लाको सानोठिमी स्थित प्राविधिक शिक्षा तथा व्यवसायिक तालीम परिषद्को वि.नं. २१०।०५५ चीफ माष्टर ट्रेनर अधिकृत स्तर प्रथम श्रेणी प्रा. पदमा हरि कुमार प्रधानलाई गरेको नियुक्ति र सोही वि.नं.का अर्का उम्मेदवार विष्णु कोइरालाले पेश

गरेको प्रमाण पत्रको बिषयमा परेको उजुरीका सम्बन्धमा २०६१।७।११ को आयोगको निर्णयानुसार देहाय अनुसार सुझाव पठाइयो :-

(क) खुला प्रतियोगितात्मक परीक्षाको विज्ञापन गर्दा अधिराज्यभरका उमेदवारहरुलाई अवगत हुने गरी ख्याति प्राप्त राष्ट्रिय दैनिक पत्रिकामा विज्ञापन गर्ने व्यवस्था मिलाउन अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २८ उपदफा १ (ग) बमोजिम प्राविधिक शिक्षा तथा व्यवसायिक तालीम परिषद्लाई सुझाव दिईयो ।

(ख) विष्णु कोइरालाका हकमा ललित नारायण मिथिला विश्वविद्यालय, कामेश्वर नगर, दरभंगाबाट जारी भएको क्रम संख्या A११४९८ को एम.ए. (द्वितिय श्रेणीको) प्रमाणपत्र प्राईभेट/रेगुलर र सद्दे कीर्ते के हो ? परिषद्बाटै बुझी कारवाही गर्नुपर्ने देखिएमा तीन महीना भित्र आयोगमा लेखी पठाउन प्राविधिक शिक्षा तथा व्यवसायीक तालिम परिषद्लाई लेखी पठाईयो ।

(ज) <u>संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय अन्तर्गत</u>

१. यती एयरलाइन्सको संचालनमा रहेको दुर्घटनाग्रस्त DHC 6-300, S.NO. 729 दर्ता नं.9N-AEV विमान खरिद, मर्मत तथा बिक्री गर्दा र लिजमा ल्याउँदा अनियमितता एवं भ्रष्टाचार भएको भन्ने विषयमा अनुसन्धान गर्दा Lease Agreement मा वायुयान आयात गर्दा संझौतामा उल्लेख भएको मूल्य र भन्सार कार्यालयमा भन्सार महशुल धरौटी वा असुल उपरको लागि कायम गरेको मूल्यमा साऱ्है थोरै रकम देखाई ठूलो अन्तर देखिएको हुँदा वायुयानको निर्माताबाट प्राप्त हुने Certificate of Origin या Goods वा त्यस्तै प्रकारको भरपर्दो प्रमाणको आधारमा मूल्य कायम गरी भन्सारमा मूल्यांकन गर्ने व्यवस्था गर्न आयोगको मिति २०६१।११।१८ को निर्णयानुसार भन्सार विभाग एवं त्रिभुवन विमानस्थल भन्सार कार्यालयमा लेखी पठाईयो । त्यस्तै यती एयरलाइन्सको संचालनमा रहेको DHC 6-300, S.NO. 729 दर्ता नं.9N-AEV को वायुयान ५ अप्रिल २००१ मा दुर्घटना भएपछि Third Party Damage Claim अन्तरगत नेपाल नागरिक उड्डयन प्राधिकरण को तुम्लिङटार कार्यालयले दावी गरेको रकम भन्दा धेरै बढी रकम एभरेष्ट इन्सुरेन्स कम्पनीबाट यती एयरलाइन्सलाई भुक्तानी भएको र वायुयानको बीमा क्षतिपूर्ति वापत सम्पूर्ण क्षतिपूर्ति रकम भुक्तान गरी Wreckage/Salvage बीमा कम्पनीले आफ्नो Ownership लिंदा एवं त्यस्तो Wreckage/Salvage बिक्री गर्दा समेत वायुयानको दर्ता यथावत राखेको, खारेज गरेको नदेखिंदा वास्तविक कारोवार एवं दावीको आधारमा बीमा क्षतिपूर्तिको भुक्तानी गर्ने व्यवस्था गरी स्वस्थ व्यावसायिक बीमा कारोवारको विकास गर्न एवं वायुयानको बीमा क्षतिपूर्तिको सम्पूर्ण रकम भुक्तानी गर्दा त्यस्तो Wreckage को सम्बन्धमा वायुयानको दर्ता खारेज लगायतका अन्य कानूनी दायित्व पुरा गर्ने व्यवस्था गर्न आयोगको उक्त मिति २०६१।११।१८ को निर्णयानुसार बीमा समितिलाई लेखी पठाईयो । त्यसै गरी यती एयरलाइन्सका प्रबन्ध निर्देशक आङ छिरिङ शेर्पा मिति २०५७।१२३ देखि २०५९।६।४ सम्म नेपाल नागरिक उड्डयन प्राधिकरण संचालक समितिको सदस्यमा रहेको र सोही अवधिमा यती एयरलाइन्सको संचालनमा रहेको DHC 6-300, S.NO. 729 दर्ता नं. 9N-AEV को विमान खरिद, मर्मत तथा बिक्री गर्दा र लिजमा ल्याउँदा

अनियमितताको अवस्था देखिएको, यसैगरी नेकोन एयरको व्यवस्थापनसँग सम्बन्धित व्यक्ति दिपमणि राजभण्डारी प्राधिकरणको संचालक रहेकै अवधिमा नेकोन एयरले Aircraft Landing, Parking लगायतको करिव ३ करोड ५० लाख सेवा दस्तुर प्राधिकरणलाई बुझाउन बाँकी रहेको बुझिन आएको हुँदा प्राधिकरणको काम कारवाहीको नीति नियम तयार गर्ने, निर्देशन दिने र नियन्त्रण गर्ने कर्तव्य एवं दायित्व भएका प्राधिकरणको संचालक समितिको सदस्यमा प्राधिकरणकै नियन्त्रण र संचालनमा रहनु पर्ने व्यवसायिक कारोवारमा संलग्न व्यक्तिहरु रहने व्यवस्था रहेको र त्यस्ता व्यक्तिहरुबाट आफू संचालक रहेको समयमा प्राधिकरणको नियम कानूनको अवज्ञा गरी एवं अनियमित तरिकाले आफ्नो व्यवसायबाट नाजायज फाइदा लिएको देखिएको छ । यस्तै किसिमले श्री ५ को सरकारका विभिन्न निकायहरुमा संस्थागत वा व्यक्तिगत रुपमा निजी क्षेत्रबाट मनोनयन भै संचालक समिति वा त्यस्तो संस्थासित सम्बन्धित विषयहरुमा निर्णयात्मक तहका समिति, उपसमितिहरुमा रहने व्यक्तिहरुको नेकी वदी र काम कारवाहीहरु सम्बन्धित संस्थाको हीत अनुकूल हुन नसक्ने स्थिति रहेको देखियो । अतः सम्बन्धित संस्थासित व्यवसायिक स्वार्थ निहित रहेका, इमान्दारीताका वारेमा निश्चित नगरिएका व्यक्तिहरुलाई संचालकमा नराख्ने व्यवस्था गर्न समेत आयोगको उल्लेखित मिति २०६१।११।१८ को निर्णयानुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र नेपाल नागरिक उड्डयन प्राधिकरण संचालक समितिलाई लेखी पठाईयो ।

(झ) स्थानीय बिकास मन्त्रालय अन्तर्गत

१. काठमाण्डौ महानगरपालिकामा कार्यरत अधिकृतस्तर छैटौं तहका देव कुमार राई र शान्ताराम पोखरेलले स्नातक तहको नक्कली शैक्षिक प्रमाणपत्र पेश गरी अधिकृतस्तर सातौं तहको विभागीय प्रमुख पदमा कायम मुकायम पाएको र पछि कारवाही हुने डरले सो प्रमाणपत्र लोप गरेको तथा प्रमाणपत्र तहमात्र शैक्षिक योग्यता भएका उक्त दुवै जनाको सातौं तहमा बढुवा हुनका लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता नभएपनि पदपूर्ति समितिले धांधली गरी स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को प्रतिकूल गरेको बढुवा रद्द गरी पदपूर्ति समितिका पदाधिकारीहरुलाई कारबाहीको माग गर्नका साथै महानगरपालिकाका कर्मचारीहरुको कार्यसम्पादन मूल्याङ्कन गर्ने परिपाटी समेत अव्यवस्थित छ भनी आयोगमा परेको उजूरी सम्बन्धमा छानवीन गर्दा आयोगको २०६१।४।२९ को बैठकको निर्णयानुसार निम्न बमोजिम स्थानिय बिकास मन्त्रालयमा सुझाव लेखी पठाईयो :-

(क) स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को भाग ५ स्थानीय निकायको कर्मचारी व्यवस्था परिच्छेद २ नियमावली २२५ को ५ (क) मा हाल वहाल रहेको पदलाई आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता वापतको अंक र ५ (ख) मा आवश्यक न्यूनतम योग्यता भन्दा माथिल्लो सम्बन्धित एउटा उपाधिलाई समेत बढुवामा अंक गणना हुने व्यवस्था भएको देखियो । तर स्थानीय निकायका कर्मचारीहरुका लागि माथिल्लो पदमा बढुवा गर्दा सम्भाव्य उम्मेदवार हुन हाल वहाल रहेको पदलाई आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता आवश्यक पर्ने वा नपर्ने भन्ने सम्बन्धमा नियमावलीमा स्पष्ट व्यवस्था भएको नदेखिंदा सो स्पष्ट गर्न

स्थानीय विकास मन्त्रालयलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २८ को उपदफा १ (क) अनुसार सुझाव दिईयो ।

(ख) स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को भाग ५ स्थानीय निकायको कर्मचारीसम्बन्धी व्यवस्था परिच्छेद ५ को नियम २६२ मा स्थानीय निकायका कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनको सुपरिवेक्षण सचिवले तोकेको कर्मचारीले गर्नेछ र त्यस्तो सुपरिवेक्षण उपरको पुनरावलोकन सचिवले गर्नेछ भन्नेसम्म व्यवस्था भएको देखियो । स्थानीय निकायका कर्मचारीहरुको कार्यसम्पादन मूल्याङ्कन फाराम प्रत्येक वर्ष कर्मचारीहरुबाट भराई पेश गर्ने, सुपरिवेक्षण र पुनरावलोकन गर्ने तथा पुनरावलोकन समितिबाट मूल्याङ्कन गर्ने समय अवधि बारे नियमावलीमा कहीं उल्लेख भएको नदेखिएको साथै कुन तहका कर्मचारीले कति प्रति का.स.मू. फारम भरी पेश गर्ने र मूल्याङ्कन भएपछि कुन-कुन निकायमा पठाउने भन्ने समेतको व्यवस्था भएको नदेखिएको हुँदा कर्मचारीहरुको कार्यसम्पादन मूल्याङ्कन फाराम व्यवस्थित गर्न गराउन स्थानीय विकास मन्त्रालयलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २८ को उपदाफा १ (क) अनुसार सुझाव दिईयो ।

२. वीरगञ्ज उप-महानगरपालिकाबाट भएका आर्थिक हिनामिना लगायतका भ्रष्टाचार विषयमा आर्थिक नियम कानूनको पालन गर्नेतर्फ नगरपालिकाका प्रमुख लगायतका पदाधिकारीलाई सचेत गराउन जानकारीमुलक कार्यक्रम संचालन गर्न आयोगको मिति २०६१।५।१५ को बैठकको निर्णयानुसार स्थानिय विकास मन्त्रालयलाई सुझाव लेखी पठाईयो ।

३. झापा, मोरङ, सुनसरी, सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहत, वारा, पर्सा, मकवानपुर, चितवन, नवलपरासी, रुपन्देही, कपिलवस्तु, दाङ्ग, बाँके, बर्दिया, कैलाली, धादिङ्ग, तनहुँ, कास्की, पर्वत, बाग्लुङ्ग जि.वि.स. हरु एवं ती जि.वि.स. हरुका लागि कर उठाउने ठेकेदारहरुले अनुचित कार्य गरे भन्ने उजुरीहरु उपर अनुसन्धान हुँदा आयोगको मिति २०६१।८।१७ को बैठकबाट निम्न बमोजिम गर्ने निर्णय भयो :-

- स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २१५(२) ले जिल्ला विकास समितिलाई जिल्ला विकास क्षेत्रमा तोकिएको दरमा नबढ्ने गरी जिल्ला परिषद्बाट पारित दरमा विभिन्न वस्तुहरुमा कर लगाउन सक्ने तथा ऐ ऐनको दफा २१८ अनुसार आफ्नो क्षेत्रभित्रको नदीनालाको बालुवा, गिट्टी, ढुंगा, स्लेट, माटो, दहत्तर वहत्तर आदि तोकिए बमोजिम बिक्री गर्न सक्ने अधिकार पनि प्रदान गरेको देखिन्छ ।
- स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २०७(१) ले करको दर अनुसूची-२३ मा उल्लेख भए बमोजिम हुने भनी किटानी व्यवस्था गरेको छ ।
- उल्लिखित ऐन तथा नियम कै परिधिभित्र रही जिल्ला विकास समितिहरुले कर उठाउने प्रयोजनार्थ बोलपत्र मार्फत् ठेकेदार चयन गरी सम्झौता गरेर बिक्री कर,

कर, दस्तुर तथा सेवा शुल्क उठाउने प्रचलन देखिन आएको छ । आयोगको अनुसन्धानबाट उजुरीमा उल्लिखित विभिन्न जिल्लाका ठेकेदारहरुले कर लिन नहुने सामानमा कर लिएको देखिन आयो । यसमा कुखुराको दाना मुख्य रुपमा देखिन्छ । एउटै सामानमा एउटा स्थानीय निकायले कर लिएपछि सोही सामानमा बढीमा ११ जिल्ला विकास समितिका ठेकेदार समेतले कर असुल गरेको पनि देखिन आएकोछ ।

- जि.वि.स. र ठेकेदार बीच भएको सम्झौता अध्ययन गर्दा कर लिन पाउने सूची संलग्न गरेकै देखिन्छ । एउटै सामानमा एउटा स्थानीय निकायले कर लिए पश्चात् अर्को स्थानीय निकायले कर लिन नहुने सम्बन्धमा पनि जानकारी गराएकै देखिन्छ । स्थानीय विकास अधिकारी र ठेकेदार बीचको मिलोमतो भएको र मिलोमतो गरी अनियमित कर लिने गरेको भनिएको सम्बन्धमा ठोस प्रमाण र आधार देखिन आएन ।

- अनियमित कर नलिने सम्बन्धमा स्थानीय विकास मन्त्रालयले सम्बन्धित सबै स्थानीय निकायहरुलाई मिति २०६१।१।२ च.नं. ७२१ बाट परिपत्र गरेको तथा पुनः जि.वि.स. वारा, पर्सा, मकवानपुर, चितवन समेतलाई मिति २०६१।४।२९ मा परिपत्र गरेको देखिन्छ । जि.वि.स. वारा, पर्साले पनि सम्बन्धित ठेकेदारहरुलाई अनियमित कर नलिन पत्र लेखेको देखिन्छ । तथापि लिन नहुने कर लिने क्रम रोकिएको देखिदैन । यसो हुनुमा ढाँटमा बस्ने, रसिद काट्ने व्यक्तिसम्म सूचना प्रवाह नहुनु, सुसूचित नगराउनु तथा जि.वि.सहरुले निरीक्षण र अनुगमन नगर्नु नै कारक तत्व हो । अनियमित कर लिन जि.वि.स. वा स्थानीय विकास अधिकारीहरुको प्रत्यक्ष संलग्नता देखिदैन । जि.वि.स.का ठेकेदारहरु अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २ को देहायको खण्ड (घ) को "सार्वजनिक पद धारण गरेको व्यक्ति" को परिभाषा भित्र नपर्ने भए पनि कर लिने, उठाउने काम जिल्ला विकास समितिहरु स्वयंकै भएको र उसैको जिम्मेवारी हुँदा उक्त दायित्वबाट पन्छिन मिल्दैन । यसका लागि विभिन्न आवश्यक कदम चाल्न र जि.वि.स.हरुका ठेकेदारहरुले कर लिने प्रयोजनार्थ राखेको ढाँट वा स्थानमा कर लिन पाउने सामानको सूची र करको दर सहितको सूचना सार्वजनिक रुपमा टाँस गर्ने तथा स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को अनुसूची -२३ को द्रष्टव्य बमोजिम दोहोरो कर लिन नमिल्ने सूचना पनि टाँस गर्ने र यसको नियमित निरीक्षण र अनुगमन गर्ने गराउने । साथै करको प्रयोजनकोलागि सामानहरुको सूची प्रष्ट नभएकोमा सोलाई प्रष्ट पार्न पर्ने भए सो समेत गर्न ऐन नियममा आवश्यक संशोधन गर्नु गराउनु भनी अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २८ बमोजिम स्थानीय विकास मन्त्रालयलाई र उक्त काममा आवश्यक सहयोग गर्न गृह मन्त्रालयलाई लेखी पठाईयो ।

४. जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौबाट आ .व.०६०/०६१ मा वालुवा ठेक्का दिएकोमा स्थानीय विकास अधिकारी केदार न्यौपानेसमेतको मिलोमतोमा भ्रष्टाचार भएकोले कारवाही गरी पाउं भनी यस आयोगमा परेको निवेदनका सम्बन्धमा अनुसन्धान हुँदा जिल्ला विकास समिति, काठमाडौंले काठमाडौं जिल्लाभित्रका खोला नालाबाट विभिन्न समयमा झिकी डम्पिङ्ग गरिएको वालुवा जफत गरी वर्षेपिच्छे लिलाम गर्ने गरेको, नदी सतहबाट दैनिक ५० घनमिटर भन्दा बढी वालुवा झिक्दा वातावरण संरक्षण नियमावली, २०५४ को नियम ३ र सोही नियमावलीको अनुसूची २ को खण्ड (इ) को (घ) (१) बमोजिम अनिवार्य रुपमा वातावरणीय प्रभाव मूल्यांकन गर्नुपर्नेमा सो प्रक्रिया पूरा नगरी विभिन्न व्यक्तिहरुले विभिन्न समयमा वालुवा डम्पिङ्ग गर्ने अवैध कार्यलाई जि.वि.स.काठमाडौंको उपर्युक्त लिलामी प्रक्रियाले निरन्तरता र प्रोत्साहन गर्दै आएको कारणबाट वातावरण संरक्षण, भू-क्षय रोकथाम, सडक तथा पुल पुलेसाहरुको सुरक्षा जस्ता आम सरोकारका विषयमा जिल्ला विकास समिति जस्तो जिम्मेवार निकायको ध्यान पुग्न नसकेको बरु उल्टै श्री ५ को सरकारको नीति तथा जिल्ला विकास समिति, काठमाडौंले स्वयं पटक पटक वालुवा चोरी नियन्त्रण गर्न सार्वजनिक रुपमा प्रकाशित गरेका सूचना विपरीत कार्य गरेको देखिन आएकोले प्रचलित ऐन नियम तथा नीतिगत व्यवस्था समेतको पूर्ण परिपालन गरी गराई अधिराज्यव्यापी रुपमा वालुवा चोरी कार्यलाई प्रभावकारी रुपमा नियन्त्रण गर्न जिल्ला विकास समिति, नगरपालिका, गाउँ विकास समिति र स्थानीय प्रशासन समेतलाई विशेष रुपमा निर्देशन दिने व्यवस्था मिलाउन आयोगको मिति २०६१/१२/८ को निर्णयानुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा लेखी पठाइएको ।

५. "कृषि विकास बैंक, बैंकिङ्ग कार्यालय नयाँ बानेश्वर शाखाबाट चौधरी इन्टरप्राइजेज (प्रो. गोविन्द चौधरी) को धितो खोला र जग्गाको नक्सा पनि काल्पनीक (सच्याइएको) लाई कर्जा प्रदान गर्दा अनियमित तवरले कर्जा लगानी गरी बैंकलाई डुबाउने गरी धितो नै नहेरी आयोजना नै नभएकोलाई आयोजना छ भनी काल्पनिक धितो लिई बैंक डुबाउने कर्मचारीहरुलाई बैंक व्यवस्थापनले कुनै कारवाही नगरेकोले अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट छानबिन गरी दोषी कर्मचारीहरुलाई कडा कारवाही गरियोस भन्ने उजूरीको सम्बन्धमा स्थानीय विकास मन्त्रालय मार्फत स्थानीय गा.वि.स./न.पा. तथा म.न.पा. का वडाहरुमा समेत आफ्नो (एरिया) क्षेत्रको सम्पूर्ण नापी नक्साको सम्बन्धित नापी शाखाबाट प्रमाणित ट्रेस नक्साको रेकर्ड राखी सिफारिस मागकर्ता निवेदकबाट प्रयोजन खुलाई घर/जग्गाको कि.नं., बाटो र चार किल्ला समेत प्रष्ट खुल्ने गरी निवेदन लिई आफ्नो रेकर्डमा रहेको नक्सासंग भिडाई चेकजाँच पश्चात मात्र वडा कार्यालयबाट सिफारिस उपलब्ध गराउने व्यवस्था हुन सकेमा आफू अनुकुलको नापीनक्सा लगायत गलत सिफारिस तयार गरी बैंक ठग्ने कार्यलाई नियन्त्रण गरी गैरकानूनी कार्य रोक्न सघाउ पुग्ने सुझाव आयोगको मिति २०६१/१२/१ को निर्णयानुसार स्थानीय विकास मन्त्रालयलाई लेखी पठाइएको ।

(ञ) <u>स्वास्थ्य मन्त्रालय अन्तर्गत</u>

१. वि.पि. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा विभिन्न अनियमितता र भ्रष्टाचार भयो भन्ने विषयको उजुरी निवेदन उपर अनुसन्धान हुँदा आयोगको मिति २०६१।१०।२५ को बैठकबाट बि.पि. कोइराला, स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई निम्न बमोजिम सुझाव दिने निर्णय भयो :-

(क) वि.पि. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान नियमावली, २०५५ (संशोधन सहित) को परिच्छेद १० मा 'शिक्षक तथा कर्मचारीको नियुक्ती तथा सेवाका शर्तहरु' को व्यवस्था भएको र सो अनुसार शिक्षक तथा कर्मचारीको आवश्यक न्यूनतम योग्यता क्रमशः प्राज्ञिक समिति र छनौट समितिले निर्णय गरे बमोजिम हुनेछ भन्ने उल्लेख भएको देखिन्छ । हरेक पदमा भर्ना गर्दा ती समितिहरुवाट वेग्ला वेग्लै निर्णय हुने गरेको देखिएबाट योग्यतामा एकरुपता कायम भएको देखिएन । शिक्षक तथा कर्मचारी नियुक्त हुन वा वहाल रहन आवश्यक पर्ने नागरिकता, उमेर जस्ता सामान्य योग्यता, अयोग्यता र सेवा, समूह सम्वन्धमा नियमावलीमै व्यवस्था हुनु पर्ने हो तापनि सो भएको देखिदैन । शिक्षक तथा कर्मचारीको सम्पूर्ण योग्यता निर्धारण गर्ने जिम्मा समितिहरुलाई दिइनाले पारदर्शिता कायम नरहने, अनियमितताको संभावना रहने र प्रशासनको मान्यता विपरित हुने समेत भएकोले शिक्षक तथा कर्मचारीको आवश्यक न्यूनतम योग्यता, अयोग्यता र सेवा समूह वारे नियमावलीमै व्यवस्था गर्ने ।

(ख) प्रतिष्ठानलाई आवश्यक पर्ने सामान अल्ट्रासाउण्ड मेशिन एक थान रु. १४,८०,०५०।- मा तोसिवा कम्पनीवाट, अल्ट्रासाउण्ड कलर डप्लर मेशिन १ थान अमेरीकी डलर ५७,२५०।-मा जर्मनीस्थित SIEMENS कम्पनिवाट, हस्पिटल फर्निचरहरु रु. २५,३२,६३८।४० मा मेटल बेडस इण्डिया प्रा.लि.बाट विना प्रतिष्पर्धा सोझै खरीद गरेको देखिन्छ । प्रतिष्ठानको नियमावली, २०५५ को परिच्छेद १७ मा 'खरीद, सेवा, निर्माण तथा मर्मत संभार' सम्वन्धि व्यवस्था भएको, नियम १७.१(३) (ग) ले रु. १ लाख भन्दा बढीको काममा सिलवन्दी दरभाउ पत्र वा बोलपत्रको माध्यम प्रयोग गर्नुपर्ने व्यवस्था गरेको समेत देखिंदा आइन्दा कुनै पनि खरीद, सेवा, निर्माण, मर्मत संभारको काम गर्दा प्रचलित कानून बमोजिम पारदर्शी तरिका अपनाई प्रतिस्पर्धाको माध्यमवाट गर्ने ।

(ग) प्रतिष्ठानको विभिन्न स्थान भाडामा दिने क्रममा स्टाफ क्यान्टिन र पोष्टल सर्भिस पनि वार्ताद्वारा भाडामा दिएको देखियो । कुरुवा घर, किराना पसलहरु टेण्डरबाट भाडामा दिएको भए तापनि ५-६ वर्ष अघिको ठेक्का दरमा केही बृद्धि गरी संझौता नविकरण गर्ने गरेको, GOPD क्षेत्रको लागि औषधि पसल राख्न वार्षिक रुपमा भाडामा दिन भनि सूचना प्रकाशित गरी टेण्डर स्वीकृत गरि सकेपछि अन्य क्षेत्रमा पनि औषधी पसल राख्न दिएको र ५ वर्षको लागि उही वार्षिक भांडा दरमा संझौता गरेको देखिएकोले यसरी प्रतिस्पर्धा वेगर भाडामा दिइने, एक पटक प्रतिस्पर्धा गराएर बार्षिक म्याद थप गर्दै जाने, सूचनामा कुनै एक निश्चित स्थान र अवधि तोकेर संझौता गर्दा अरु पनि स्थान क्षेत्र थप्ने, अवधि बढाउने जस्तो परिपाटी त्रुटीपूर्ण देखिएकोले, आइन्दा पारदर्शी तरिकाले प्रतिस्पर्धाको माध्यमवाट मात्र यस्तो कार्य गर्ने ।

(घ) प्रतिष्ठानलाई एक आर्थिक वर्ष भरिको लागि चाहिने एक्स-रे फिल्म, डेण्टल उपभोग्य सामान र प्रयोगशालाको किट्स केमिकलहरुको अनुमानित परिमाण/संख्या र लागत समेत निकालीएको वा निकाल्न सकिने अवस्थामा

आवश्यक परिमाण नखुलाई केवल आ-आफ्नो मूल्य दर उपलव्ध गराउनु भनि आधिकारिक कम्पनि वा एजेन्टलाई आह्वान गरेको सूचनाको आधारमा सम्वन्धित उत्पादक वा त्यसको अधिकृत एजेन्टले दिएको प्रस्ताव (एउटै मात्र प्रस्ताव परेपनि) मा खुलाइएको दर अनुसार प्रतिष्ठानले उपरोक्त अनुसारका सामान आवश्यक परिमाणमा खरीद गर्ने गरी सम्झौता गरी आ.व. ०६०।६१ मा रु. १,९६,४३,३१४।९८ को सामान खरीद गरेको र चालु आ.व. ०६१।६२ मा रु. १,६५,०८,००३।८५ को सामान खरीद गर्ने लागत अनुमान भएको पाइयो । कुनै सामान यति आवश्यक पर्ने हो भनि अनुमान गर्न नसकिने अथवा त्यस्ता सामान आवश्यक हुन पनि सक्ने नहुन पनि सक्ने परिस्थिति रहेको अवस्थामा परिमाण नखुलाई मूल्य दरको मात्र संझौता गर्नु उपयुक्त नै देखिन्छ । तर परिमाण, संख्या, लागत खुलाउन सकिने अवस्थामा पनि वोलपत्रको माध्यमवाट खरीद नगरी केवल दर मात्र माग गर्दा अपारदर्शी भै मूल्य दर बढी पनि पर्न सक्ने हुंदा यसरी रेट कन्ट्राक्टको आधारमा खरीद गर्ने परिपाटी त्रुटीपूर्ण देखिएकोले अव आइन्दा खरीद गरिने परिमाण/संख्या समेत खुलाई पारदर्शी एवं प्रतिष्पर्धाको माध्यमवाट खरीद गर्ने परिपाटी बसाल्ने ।

(ट) सूचना तथा संचार मन्त्रालय अन्तर्गत

१. सूर्य कन्सर्न प्रा.लि.बाट गैर कानूनी तरीकाले मोवाईल फोन सेट आयात हुंदा सूचना तथा संचार मन्त्रालय र भन्सार कार्यालय समेतबाट जानाजान यस्ता अनियमित काम कारवाहीलाई सुधार्नुको सट्टा सम्बद्ध पार्टीलाई हित हुने गरी काम गरेको भन्ने विषयको उजूरी सम्वन्धमा अनुसन्धान गर्दा अवैध किसिमले आयात भएको उक्त मोवाईल फोन सेट बारेको पटक पटकको कारवाहीमा सूचना तथा संचार मन्त्रालयका शाखा अधिकृत धनन्जय सिवाकोटीले समसामयिक विषय उपर शंका गरी यथार्थतालाई औल्याई राय पेश गरेको कार्य प्रशंसनिय देखिंदा निजलाई उचित पुरस्कार/ प्रोत्साहन गर्न आयोगको मिति २०६१।९।१५ को निर्णयानुसार सूचना तथा संचार मन्त्रालयलाई सुझाव लेखि पठाईयो ।

(ठ) श्रम तथा यातायात व्यवस्था मंत्रालय अन्तर्गत

१. गैरकानूनी किसिमबाट आयात गरिएका सवारी साधनहरु गैरकानूनी किसिमबाट सवारी दर्ता प्रमाणपत्र बनाई भ्रष्टाचारजन्य कार्य भएको भनी यातायात व्यवस्था कार्यालय, बागमती अंचलबाट च.नं. १६९८ मिति ०६१/१२/२२ को पत्रसाथ आवश्यक कारवाहीको लागि प्राप्त उजुरी फाईल सम्बन्धमा अनुसन्धान गर्दा सवारी दर्ता प्रमाणपत्र, कार्यालयको छाप, प्रदूषण प्रमाणपत्र आदि कागजात सुरक्षित राख्न, सो को खर्च बिवरण रेकर्ड राख्न, प्रदूषण स्टिकरमा सिरियल नम्वर राख्न, स्टिकर दिंदा सवारीको इन्जिन नम्वर च्यासीस नम्वर हेरी खुलाई लेख्न, सवारी दर्ता रजिष्ट्रर संग सवारीको बिवरण रुजु गर्न, यो नम्वरको सवारी दर्ता प्रमाणपत्र यो व्यक्तिको यो सवारी साधनलाई दिइएको भन्ने स्पष्ट रेकर्ड राख्न तथा लेख्दा लेख्दै रद्ध भएका स्टिकर तथा

सवारी दर्ता प्रमाणपत्र समेतको नम्वर नोट गरी कैफियत जनाई रेकर्ड राख्न र सो कागजात व्यवस्थित गर्न तथा अनावश्यक व्यक्तिहरुलाई कार्यालयको रेकर्ड हेर्न नदिन र सवारी दर्ता प्रमाणपत्र सवारी साधन भिकाउने कम्पनीका प्रतिनिधिलाई नदिई कार्यालयका कर्मचारीहरुबाटै सवारी साधनको बिवरण लेखी भरी बितरण हुनुपर्ने देखिंदा र यातायात व्यवस्था कार्यालयले लगत कट्टा गरेका खाली नम्वरहरु र कुनै सो कार्यालयमा दर्ता रहेका गाडीका नै नम्वर प्रयोग गरी भंसार छली गैरकानूनी तरिकाबाट आयात गरेका गाडीहरुमा नम्वर प्लेट राखी संचालन भएको अनुसन्धानवाट देखिन आएकोले यस सम्बन्धमा समेत आवश्यक सतर्कता अपनाउन र के कति सवारी नम्वरहरु लगत कट्टा भएको छ सो बिवरण तैयार पारी यस बिषय सवारी साधनको नम्वर समेत चेकजाँच गर्न प्रहरी प्रधान कार्यालय, ट्राफिक प्रहरी निर्देशनालयलाई लगत उपलब्ध गराउन समेत आयोगको मिति २०६२/३/५ को निर्णयानुसार श्रम तथा यातायात व्यवस्था मंत्रालयका सचिवलाई सुझाव दिइएको ।

परिच्छेद - १०
आयोगबाट भएका अन्य कारवाहीहरु

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२क. मा सार्वजनिक पद धारण गरेको व्यक्तिले अनुचित कार्य गरी श्री ५, श्री ५ को सरकार वा सार्वजनिक संस्थालाई हानी, नोक्सानी पुऱ्याएकोमा त्यस्तो हानी नोक्सानी सम्बन्धित व्यक्तिबाट भरिभराउ गर्न वा आयोगले उपयुक्त ठानेको अन्य आवश्यक कारवाही गर्नका लागि सम्बन्धित निकाय वा अधिकारीलाई लेखी पठाउने र ऐनको दफा १२ख. मा सार्वजनिक पद धारण गरेको व्यक्तिले गरेको अनुचित कार्यबाट उत्पन्न दुष्परिणाम सच्याउनका लागि आयोगले सम्बन्धित अधिकारी वा निकायलाई लेखी पठाउन सक्ने व्यवस्था भए अनुरुप आर्थिक वर्ष २०६०/६१ मा आयोगबाट निम्न बमोजिम गर्ने गरी अख्तियारवालालाई लेखी पठाइएको छ:

१. नेपाल विद्युत प्राधिकरण, इन्जिनियरिङ्ग सेवा, केन्द्रीय वर्कशप हेटौडाले लिलाम गरेको बा. १ च ५१७६ नं. को कार तथा बा. १ ञ ८१२ नं. को जिप लिलाम सकार गरी यातायात व्यवस्था कार्यालय वाग्मती अञ्चल, काठमाण्डौका कर्मचारीहरु समेतको मिलेमतोमा कागज पत्र मिलाई भंसार छली ल्याइएको नयाँ कार गैरकानूनी रुपमा दर्ता गरी श्री ५ को सरकारलाई हानी नोक्सानी पुऱ्याउने र आफु समेतलाई गैरकानूनी लाभ लिने वद्नियतले भ्रष्टाचार जन्य कार्य गरे भन्ने बिषमा ग. १ ज २३४४ नं. को जिप चोरी पैठारी भएको अनुसन्धानबाट प्रमाणित भएकोले प्रचलित भंसार ऐन वमोजिम जो गर्नु पर्ने गर्नु भनी अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मिति २०६१।४।४ को बैठकको निर्णयानुसार त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भंसार कार्यालयमा लेखी पठाइएको ।

२. न्यू महाकाली श्री इन्टरप्राइजेजका प्रोप्राइटर सरजुग मण्डलले यु.एस. डलर ३,४९,३५० र सो फर्मका तर्फबाट अधिकार प्राप्त लक्ष्मी किशोर सुवेदीले यु.एस. डलर २,४८,४०० को नेपाल वंगलादेश बैंक लिमिटेडमा खोलेको प्रतितपत्र कारोवारमा विदेशी विनिमय अपचलन सम्बन्धी मुद्दामा सो सँग सम्बन्धित बैंकका कर्मचारीहरुले अख्तियारको दुरुपयोग गरी भ्रष्टाचार गरे भन्ने सम्बन्धी राजश्व अनुसन्धान विभागका महानिर्देशकबाट प्राप्त प्रारम्भिक अनुसन्धान प्रतिवेदन आयोगमा पेश हुँदा श्री ५ को सरकारको स्वामित्वमा नरहेका वाणिज्य बैंकहरुको नियामक संस्थाको रुपमा नेपाल राष्ट्र बैंकले आवश्यक कारवाही गर्न सक्ने नै देखियो । त्यस्ता बैंकका कर्मचारी विदेशी मुद्रा अपचलनमा संलग्न देखिएमा आयोगको कार्य क्षेत्रभित्र नपर्ने हुँदा निजहरु विरुद्ध कुनै कारवाही गर्नुपर्ने भएमा सम्बन्धित कानुन अनुसार गर्नु गराउनु भनी आयोगको मिति २०६१।४।४ को निर्णयानुसार राजश्व अनुसन्धान विभागलाई फाईल समेत लेखी पठाइयो ।

३. यस आयोगमा पर्न आएको उजुरी निवेदन अनुसार गैर नेपाली नागरिक योगेन्द्र शर्मा दाहाल निजको श्रीमती अमिता शर्मा दाहाल र सुरेन्द्र शर्मा दाहालले नेपाली नागरिकता लिए भन्ने बिषयमा अनुसन्धान गर्दा भारतमा घरवास गरी बसेका कुलप्रसाद शर्माले नेपाली नागरिकता पनि नलिएको अवस्थामा भारतमा जन्म भएका भनिएका निजका छोरा योगेन्द्र शर्मा दाहाल र सुरेन्द्र शर्मा दाहाललाई बाबुको सनाखत वेगर कास्की जिल्लाको ठेगाना देखाएको तथा जन्मस्थान झापा भनी झुठो विवरण दिएको आधारमा नागरिकता जारी

भएको र निज योगेन्द्र शर्माका बाबु कुलप्रसाद शर्मालाई निजको घरबास भारतमा भएकोमा समेत वास्तविकता नबुझी नागरिकता दिएको देखिंदा यस विषय र योगेन्द्र शर्मा दाहालकी श्रीमती अमिता शर्मा दाहाललाई समेत वंशजको आधारबाट नेपाली नागरिकता दिएको देखिएको सम्बन्धमा समेत आवश्यक कारवाही गर्न आयोगको मिति २०६१।४।५ को निर्णयानुसार यस सम्बन्धी कारवाही फायल गृह मन्त्रालयमा पठाइएको ।

४. सुकुम्वासी समस्या समाधान आयोग, जिल्ला समिति मोरङको २०५८।३।६ को निर्णयले जि. मोरङ वखरी गा.वि.स. वडा नं. ९ (च) कि.नं. ५५० क्षेत्रफल ०-१-१० जग्गा जि. मोरङ, विराटनगर १३ वस्ने मञ्जुदेवी कर्णको नाउँमा दर्ता गरेको र ०५८।३।१० मा निजलाई सुकुम्वासीको रुपमा ज.ध. प्रमाणपूर्जा समेत प्रदान गरेको पाइयो । निज मञ्जुदेवी कर्ण ९ नं. नापी गोश्वरामा कार्यरत नापी निरीक्षक शैलेन्द्र कुमार कर्णको श्रीमती हुन भन्ने देखिएको र शैलेन्द्र कुमार कर्णको विराटनगरमा घर जग्गा रहेको वुझिन आयो । अतः निज मञ्जुदेवी कर्णलाई सुकुम्वासीको रुपमा जग्गा प्रदान गर्ने गरी भएको उपर्युक्त निर्णय सुकुम्वासी समस्या समाधान आयोगको गठन, काम कर्तव्य र अधिकार सम्वन्धी कार्यविधि २०५६ प्रतिकूल रहेको देखिंदा मालपोत ऐन, २०३४ को दफा २४ अनुसार सो जग्गाको दर्ता वदर गर्न आयोगको मिति २०६१।४।६ को निर्णयानुसार भूमिसुधार तथा व्यवस्था मन्त्रालयलाई लेखी पठाईयो ।

५. सरकारी तथा सार्वजनिक जग्गा छानवीन एवं संरक्षण सम्वन्धी उच्चस्तरीय आयोगको प्रतिवेदन र सो लाई स्वीकृती प्रदान गर्ने श्री ५ को सरकारको ०५२।९।१० को निर्णय हालसम्म पनि कार्यान्वित हुन नसकेको परिप्रेक्ष्यमा सम्वन्धित बिभागीय प्रमुख तथा कार्यालय प्रमुखहरु समेतले तयार पारेको कार्यान्वयन तालिका आयोग समक्ष पेश भई छलफल हुंदा सरकारी तथा सार्वजनिक जग्गा छानवीन एवं संरक्षण सम्वन्धी उच्चस्तरीय आयोगले श्री ५ को सरकार समक्ष २०५२ वैशाखमा प्रस्तुत गरेको प्रतिवेदनमा उल्लेख भएका राय सुझाव कार्यान्वयन गर्न भूमिसुधार तथा व्यवस्था मन्त्रालयवाट तयार भएको कार्यनीति श्री ५ को सरकार (मन्त्रिपरिषद्) वाट २०५२।९।१० मा स्वीकृत भएको देखियो । सरकारी तथा सार्वजनिक जग्गाको प्रचलित कानून अनुसार दर्ता, श्रेस्ता, पूर्जा तयार गर्ने कार्य २०६१ साल कार्तिक मसान्त भित्र सम्पन्न गरी आयोगलाई जानकारी गराउन र सरकारी तथा सार्वजानिक जग्गामा कुनै पनि प्रकारको संरचना निर्माण हुन नदिन त्यस्ता जग्गा रहेको स्थान, कित्ता नम्वर र क्षेत्रफल समेत खुल्ने विवरण तयार पारी सम्वन्धित स्थानीय निकायलाई उपलव्ध गराउन आयोगको मिति २०६१।४।१३ को निर्णयानुसार भूमिसुधार तथा व्यवस्था मन्त्रालयलाई लेखी पठाइयो ।

६. भंसार छली चोरी पैठारी भई संचालनमा रहेका र चोरी पैठारीको आसंकामा पक्राउ परी विभिन्न भंसार कार्यालयमा रहेका सवारी साधनहरु गैर कानूनी रुपमा दर्ता भएको भन्ने विषयमा आयोगको बैठकमा छलफल हुँदा सवारी तथा ढुवानी साधनहरुको विषयमा सत्य तथ्य विवरण र कानूनी रुपमा तत्काल तथा दीर्घकालीन रुपमा गर्नुपर्ने सुझाव पेश गर्न राजस्व अनुसन्धान विभागका निर्देशक सुरेन्द्रनाथ अर्याल समेत भएको समितिले श्री ५ को सरकार अर्थ मन्त्रालयमा मिति २०५८/९/५ मा पेश गरेको प्रतिवेदनमा उल्लिखित विभिन्न सवारी साधनहरुको भौतिक अवस्था सम्बन्धी विवरण र अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट सवारी साधनको भौतिक परीक्षणको लागि खटिएको प्राविधिकहरु

समेत सम्मिलित टोलीले पेश गरेको प्रतिवेदनका आधारमा ३२ वटा सवारी साधनहरुको इन्जिन वा च्यासीस वा पुरै सवारी साधन नै चोरी पैठारी भई यसरी चोरी पैठारी भएको इन्जिन र च्यासिसमा नम्वर पंच गरिएको (रि-पंच भएको) देखिएको तर उक्त गैरकानूनी कार्यमा कुन कार्यालयका कर्मचारीहरु के कुन रुपमा संलग्न छन् भन्ने एकिन गर्न नसकिएको हुँदा ती ३२ सवारी साधनहरुका सम्बन्धमा श्री ५ को सरकारको मिति २०६०/११/१४ को निर्णयानुसार प्रचलित कानून बमोजिम जफत गरी लिलाम लगायत जो जे गर्नु पर्ने हो गर्न सम्बन्धित भंसार कार्यालयमा पठाउन र उक्त ३२ थान सवारी साधनहरु पक्राउ गरेको भनी दावी गरिएको सुराकी कमिशनको सम्बन्धमा आयोगको मिति २०६१/३/१५ को निर्णयानुसार गर्न समेत आयोगको मिति २०६१।४।१९ को निर्णयानुसार भंसार बिभागमा लेखी पठाईयो । त्यसै गरी चोरी पैठारीको आशंकामा पक्राउ परेका ३ थान सवारी साधनहरु चोरी पैठारी भई दर्ता भएको अनुसन्धानबाट नदेखिएकोले उक्त सवारी साधनहरु श्री ५ को सरकार मन्त्रिपरिषदको मिति २०६०/११/१४ को निर्णय बमोजिम सम्बन्धित सवारी धनीलाई फिर्ता दिन आयोगको मिति २०६१।४।१९ को निर्णयानुसार भंसार विभागलाई लेखी पठाईयो ।

७. नेपाल विद्युत प्राधिकरणबाट आ.व. ०५८।५९ मा खुल्ला प्रतियोगिताबाट लिईएको फोरमेन इलेक्ट्रिकल तह -४, फोरमेन मेकानिकल तह-४, ड्राईभर तह -३ को नतिजा प्रकाशनमा व्यापक अनियमितता भएको भन्ने विषयको उजुरी सम्बन्धमा अनुसन्धान गर्दा नेपाल विद्युत प्राधिकरणमा रिक्त रहेका पदहरु प्राधिकरणको विनियमावली र पद पूर्ति निर्देशिका वमोजिम पद पूर्ति गर्दा संचालन गर्ने परीक्षा सुव्यवस्थित, मर्यादित र नियमित ढङ्गले संचालन गरी सुदृढ परीक्षा प्रणाली कायम गर्न कार्यविधि वनाई लागु गरी सो को जानकारी आयोगलाई दिन आयोगको मिति २०६१।४।२१ को निर्णयानुसार नेपाल विद्युत प्राधिकरणलाई लेखी पठाईयो । त्यसै गरी नेपाल विद्युत प्राधिकरण ऐन २०४१ को दफा १७ को उपदफा (१) अनुसार प्राधिकरणका मुख्य प्रशासकको रुपमा कार्यकारी निर्देशक रहने व्यवस्था गरेको देखिएको र सोही दफाको उप दफा (२) अनुसार निजको पारिश्रमिक र सेवा शर्त तोकिए बमोजिम हुने भन्ने उल्लेख भएको तर नेपाल विद्युत प्राधिकरणको कर्मचारी सेवा विनियमावली २०५० (संशोधन सहित) मा कार्यकारी निर्देशकको सेवा शर्त वारे उल्लेख भएको देखिएन । मुख्य प्रशासकको रुपमा काम गर्ने कर्मचारीले अनुचित कार्य गर्दा के सजाय हुने भन्ने व्यवस्था नभएकोले सो सम्बन्धी विनियम यथाशिघ्र तयार गरी लागू गर्न र आयोगलाई जानकारी दिन आयोगको सोही मिति २०६१।४।२१ को निर्णयानुसार श्री ५ को सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा लेखी पठाईयो ।

८. राष्ट्रिय सभागृहबाट साझा भण्डार लिमिटेडको महाप्रवन्धकमा नियुक्ति पाई जानु भएका सो सभागृहका वरिष्ठ प्रशासकीय अधिकृत सनत कुमार थापाले साझा भण्डारबाट सभागृहमा फर्के पछि साझा भण्डारमा रंहदाको अवधिको पनि सभागृहबाट दोहोरो तलवभत्ता खाई भ्रष्टाचार गरे भन्ने विषयको उजूरीउपर छानविन गरी पेश भएको प्रारम्भिक प्रतिवेदन उपर आयोगको बैठकमा छलफल हुँदा सनत कुमार थापाको नाउमा साझा भण्डार लिमिटेडको मिति ०५९।९।३० को गोश्वारा भौचरबाट उल्लेखित रकम रु ५४,५५८।– निज सनत कुमार थापाले बुझेको भनिएतापनि निजको सही परेको नदेखिएबाट जसको कारणबाट सो रकम हिनामिना भएको हो सो जिम्मेवार कर्मचारीबाट उक्त रकम

असुल उपर गरी गराई आयोगलाई जानकारी दिन आयोगको मिति २०६१।४।२५ को निर्णयानुसार साझा भण्डार लिमिटेडलाई लेखी पठाईयो ।

९. पूर्वाञ्चल विश्वविद्यालयले विज्ञापन नगरी अस्थायी शिक्षक तथा कर्मचारी भर्ना गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान गर्दा अस्थायी रुपमा तथा करारमा शिक्षक कर्मचारी भर्ना गर्दा पूर्वाञ्चल विश्वविद्यालयका शिक्षक तथा कर्मचारी छनौट तथा पदोन्नति प्रक्रिया एवं कार्य प्रणाली, २०५६ को ६.५ बमोजिमको प्रक्रिया पुऱ्याई गर्नु पर्नेमा सो बमोजिम नगरी विज्ञापन नै नगरी,नगराई शिक्षक तथा कर्मचारीलाई अस्थायी र करारमा नियुक्त गरेको कार्यलाई उचित मान्न नसकिएतापनि उल्लिखित पदहरुमा स्थायी पदपूर्तिको लागि पूर्वाञ्चल विश्वविद्यालय सेवा आयोगसँग अनुरोध गरेको भन्ने खुल्न आएको हुँदा आगामि ६ महिनाभित्र अस्थायी, करार वा ज्यालादारीमा रहेका सबै पदमा स्थायी तवरले पदपूर्तिको व्यवस्था मिलाउन र उल्लिखित अवधिभित्र पनि उक्त बमोजिम स्थायी पदपूर्तिको व्यवस्था नमिलाएमा प्रक्रिया नपुऱ्याई नियुक्त भएका अस्थायी, करार वा ज्यालादारी पदमा कार्यरत सम्पूर्ण शिक्षक तथा कर्मचारीलाई उपलब्ध गराईएको तलब भत्ता नियुक्ति स्वीकृत गर्ने पूर्वाञ्चल विश्वविद्यालयका उपकूलपति तोरण बहादुर कार्कीबाट असूल गर्न आयोगको मिति २०६१।५।७ को निर्णयानुसार पूर्वाञ्चल विश्वविद्यालय र पूर्वाञ्चल विश्वविद्यालय सेवा आयोगलाई लेखी पठाईयो ।

१०. निजामती सेवाको रा.प.तृ.प्रा. पदमा नियुक्ति भई स्वास्थ्य मन्त्रालय अन्तर्गत फर्मासिष्ट पदमा कार्यरत बालकृष्ण खकुरेलको काठमाण्डौं उपत्यका बाहिर एक वर्ष कार्य पूरा नगरी आठौं तहमा स्तरवृद्धि गरिएको र स्वास्थ्य मन्त्रालयको विज्ञापन अनुसार विश्व स्वास्थ्य संगठन, नेपाल कार्यालयको नेशनल अपरेसन अफिसर पदमा छनौट भई त्यहींबाट तलब, भत्ता खाने गरी श्री ५ को सरकारबाट लामो अवधि सम्म बेतलबी काज स्वीकृत भएको भन्ने विषयमा अनुसन्धान गर्दा निज बालकृष्ण खकुरेल र त्यसै गरी काजमा रहेका अन्य कर्मचारीहरुलाई १ महिना भित्र श्री ५ को सरकार तर्फ मात्र काम काज गर्न लगाउने वा सम्बन्धित ऐनमा भएको व्यवस्था बमोजिम विदा लिन लगाउने वा श्री ५ को सरकार तर्फको पदबाट राजीनामा दिन लगाई सो को जानकारी आयोगमा पठाउन र नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ (संसोधन सहित) को दफा २१ को उपदफा (५) मा राष्ट्रिय कार्यक्रमको लागि कति अवधि सम्म काजमा खटाउन सकिने हो भन्ने कुराको स्पष्ट अवधि निर्धारण गरेको नदेखिदा बढीमा कति समय काजमा खटाउन सकिने हो, अवधि किटान गर्न र स्वदेशी तथा विदेशी संघ संस्थाबाट प्राप्त हुने सुविधा र अवसरहरुमा कर्मचारीहरु खटाउँदा, मनोनयन गर्दा वा प्रतिष्पर्धामा समावेश हुन अनुमति दिंदा सम्बन्धित सेवा समूह, उपसमूहका जेष्ठ, दक्ष, योग्यता पुगेका, भौगोलिक क्षेत्रको हिसाबले दुर्गम क्षेत्रमा समेत काम गरी सकेकालाई पारदर्शी रुपमा मनोनयन हुने किसिमको नीति तर्जुमा गरी कार्यान्वयनमा ल्याउन आयोगको मिति २०६१।५।७ को निर्णयानुसार स्वास्थ्य मन्त्रालयका सचिबलाई लेखी पठाईयो ।

११. त्रिभुवन विश्वविद्यालय आयुर्वेद क्याम्पस नरदेवीका स्थायी प्राध्यापक डा. रामवृक्ष साहूले आफ्नो क्याम्पसका साथै महेन्द्र संस्कृत विश्वविद्यालय र शिक्षक सेवा आयोगबाट समेत पारिश्रमिक लिई भ्रष्टाचार गरे भन्ने विषयको उजुरी उपर अनुसन्धान हुँदा निज रामवृक्ष साहूले त्रि.वि.वि. आयुर्वेद क्याम्पसबाट ०५९ बैशाख भरिको पारिश्रमिक लिएको र शिक्षक

सेवा आयोगबाट पनि ०५९।१।२६ देखि पारिश्रमिक लिएको हुँदा, यसरी ०५९।१।२६ देखि ०५९ बैशाख मसान्तसम्मको पारिश्रमिक दोहोरो लिएको देखिएकोले त्रि.वि.वि. बाट ०५९।१।२६ देखि ऐ वैशाख मसान्त सम्म लिएको पारिश्रमिक निज साहूबाट असुल उपर गरी एक महिना भित्र त्रिभुवन विश्वविद्यालयमा पठाउन आयोगको मिति २०६१।५।८ को निर्णयानुसार शिक्षक सेवा आयोगलाई लेखी सोको जानकारी त्रिभुवन विश्वविद्यालयका रजिष्ट्रार र महेन्द्र संस्कृत विश्वविद्यालयलाई समेत दिइएको ।

१२. जिल्ला शिक्षक छनौट समिति मुगुले प्राथमिक शिक्षक पदपूर्तिको लागि प्रकाशित गरेको वि.नं. १।०५२।०५३ को पदपूर्तिमा अनियमितता भयो भन्ने सम्बन्धमा अनुसन्धान गर्दा लिखित परीक्षामा अनुत्तीर्ण भएका नन्दलाल बुढा, जनक बहादुर मल्ल, धीर बहादुर हितान, मणिचन्द्र कार्की, शक्क बहादुर शाही, हरिश्चन्द्र ऐडी, मान बहादुर खड्का, कर्ण प्रसाद आचार्य जैसी, कूल बहादुर शाही, प्रेम बहादुर कार्की, तीलक बहादुर मल्ल, टेक बहादुर शाही र ताराचन्द्र जोशी समेतका १३ जना परीक्षार्थीहरुलाई पुनर्योगका नाममा साविक परीक्षकले दिएको अंकलाई केरमेट गरी विना आधार अंक थप गरेको पाइयो । जसबाट शिक्षक सेवा आयोगको मिति २०६०।१०।२१ को योग्यताक्रम प्रकाशनमा माथि उल्लेखित मध्ये क्रमशः शक्क बहादुर शाही, मणिचन्द्र कार्की, तीलक बहादुर मल्ल र धीर बहादुर हितान समेतका ४ जनाको नियुक्तिको लागि सिफारिस भएको देखियो । शुरु परीक्षकले प्रदान गरेको अंकलाई पुनर्योग समितिबाट आफूहरुले थपेको भन्ने कुरा महाकाली मा.वि. मुगुका प्र.अ. कृष्ण प्रसाद शर्मा, आनन्द उच्च मा.वि. सुर्खेतका शिक्षक माधव प्रसाद पौडयाल र जिल्ला शिक्षा कार्याक्रम सुर्खेतका तत्कालीन शाखा अधिकृत (हाल निमित्त जिल्ला शिक्षा अधिकारी जुम्ला) राम प्रसाद उपाध्याय समेतले स्वीकार गरेको देखिएबाट निजहरुबाट सम्पादित उक्त कार्य अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३(क) को अनुचित कार्य भएको देखिन आयो । यसरी अनुचित कार्यमा संलग्न निजहरु मध्ये प्र.अ. कृष्ण प्रसाद शर्मा र जिल्ला शिक्षा कार्यालय सुर्खेतका तत्कालीन शाखा अधिकृत रामप्रसाद उपाध्यायलाई सेवा समूह सँग सम्बन्धित प्रचलित ऐन नियम मुताविक नियमानुसार विभागीय कारवाही गर्न श्री सचिव, शिक्षा तथा खेलकुद मन्त्रालयमा लेखि पठाउनुका साथै शिक्षक सेवा आयोगको मिति २०६०।१०।२१ को निर्णयले प्रकाशित भएको उक्त वि.नं. १।०५२।०५३ को योग्यताक्रम प्रकाशन पुनर्योग समितिबाट अनुचित तवरमा प्रदान गरेको थप अंकबाट प्रभावित भएको हुनाले विषयगत उत्तर पुस्तिकामा शुरु परीक्षकले प्रदान गरेको अंकलाई मात्र कायम गरी नियमानुसारको नतिजा १५ दिन भित्र प्रकाशन गरी नियुक्ति दिने व्यवस्था गर्नु गराउनु भनि अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ ख बमोजिम दुष्परिणाम सच्याउन आयोगको मिति २०६१।५।११ को निर्णयानुसार शिक्षक सेवा आयोगलाई निर्देशन दिई सो निर्णयको जानकारी शिक्षा तथा खेलकुद मन्त्रालयलाई दिइएको ।

१३. कान्तिपुर दैनिकमा मिति २०६१ जेष्ठ २७ गते प्रकाशित समाचार तथा सुदर्शन राज पाण्डेको यस कार्यालयमा दर्ता भएको उजुरी तथा आयोगमा गोप्य रुपमा फोनबाट विभिन्न व्यक्तिले उपलब्ध गराएको जानकारी समेतको आधारमा अनुसन्धान गर्दा वीरगञ्ज उप-महागनरपालिकाको घर जग्गा करको लगत तयार पार्ने कार्य गर्नका लागि रु. १३,८९,०००।- मा काम गराउने गरी स्थानीय युवा सामुदायिक केन्द्रलाई अमानतमा काम

गराउने निर्णय भएकोमा सो निर्णयलाई उल्ट्याई पुनः नगरपालिका वोर्डको बैठकको मिति २०६१।१।२८ को निर्णयबाट रु. ९,५१,०००।- मा अमानतबाट काम गराउने निर्णय गरी रु. २,२५,०००।- पेश्की दिएको पाइयो । स्थानिय निकायको कुनै कार्य गर्नुपर्दा स्थानिय निकाय (आ.प्र.) नियमावली परिच्छेद ५ अनुसारको नियम ५२ अनुसार वोलपत्र गर्नुपर्ने । कानूनको रित पुऱ्याई गर्नुपर्ने कार्य नगरी गैरकानूनी रुपले अमानतबाट गर्ने गराउने निर्णय गरी केही रकम समेत पेश्की दिने अनुचित कार्य गरेको देखिनाले पेश्की दिएको रकम नियमानुसार फरफारक गरी अन्य कार्य कानून अनुसार गर्नु गराउनु र अमानतमा काम लगाउने भनी गरेको मिति २०६१।१।२८ को गैर कानूनी निर्णय सच्याउन आयोगको मिति २०६१।५।१५ को बैठकको निर्णयानुसार वीरगञ्ज उप-महानगरपालिकालाई लेखी पठाईयो ।

१४. उदयपुर सिमेन्ट उद्योग लिमिटेडका दशौं तहका प्रवन्धक विष्णुराज कोइरालाले पद अनुकूलको आचरण पालना नगरेको बिषयमा अनुसन्धान गर्दा उदयपुर सिमेन्ट उद्योग लिमिटेड कर्मचारी सेवा शर्त नियमावली २०५६ को नियम ६८ (१) अनुसार उद्योगका स्थायी कर्मचारीको जीवन वीमा गरिने, यस्तो वीमाको वीमाङ्क रकम कर्मचारी कार्यरत तहको शुरु तलव स्केलको ५ वर्ष वरावरको हुने, वीमाको प्रिमियम रकम उद्योगबाट व्यहोरिने र त्यस्तो वीमा तमाम नोकरी अवधिभर एक पटक मात्र गरिने व्यवस्था भएको साथै सोही नियमावलीको नियम ११० (५) अनुसार अन्तर संस्थान सरुवा भै आउने कर्मचारीले जीवन वीमा तथा औषधि खर्चको फांटवारी ल्याउनु पर्ने व्यवस्था रहेकोमा प्रवन्धक विष्णुराज कोइरालाले नेपाल चिया विकास कम्पनी लिमिटेडवाट समर्पण मूल्य रु. ३५,२४७।०५ लिई अन्तर संस्थान सरुवा भै फांटवारी नलिई आएको हुँदा निजको जीवन वीमा वापतको प्रिमियम अव उप्रान्त उद्योगबाट नतिर्ने साथै निजको जीवन वीमा वापत उद्योगले जम्मा गराएको सम्पूर्ण रकम उद्योगले नै आम्दानी वाध्ने व्यवस्था मिलाई यस आयोगलाई ३ महीना भित्र जानकारी दिन आयोगको मिति २०६१।५।२४ को निर्णयानुसार उद्योगको संचालक समितिलाई लेखी पठाईयो ।

१५. भंसार छली चोरी पैठारी भई संचालनमा रहेका र चोरी पैठारीको आशंकामा पक्राउ परी विभिन्न भंसार कार्यालयमा रहेका सवारी साधनहरु गैरकानूनी रुपमा दर्ता भएको भन्ने बिषयमा अनुसन्धान गर्दा सवारी तथा ढुवानी साधनहरुको बिषयमा सत्य तथ्य बिवरण र कानूनी रुपमा तत्काल तथा दीर्घकालीन रुपमा गर्नुपर्ने सुझाव पेश गर्न राजस्व अनुसन्धान विभागका निर्देशक सुरेन्द्रनाथ अर्याल समेत भएको समितिले श्री ५ को सरकार अर्थ मन्त्रालयमा मिति २०५८/९/५ मा पेश गरेको प्रतिवेदनमा उल्लिखित विभिन्न सवारी साधनहरुको भौतिक अवस्था सम्बन्धी बिवरण र अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट सवारी साधनको भौतिक परीक्षणको लागि खटिएको प्राविधिकहरु समेत सम्मिलित टोलीले पेश गरेको प्रतिवेदनका आधारमा सवारी साधनमा गलत बिवरण भएको/रि-पंच भएको देखिएको, तर कुन कार्यालयका कर्मचारीहरु के कुन रुपमा संलग्न छन् भन्ने एकिन गर्न नसकिएका २१ थान सवारी साधनहरु सम्बन्धमा श्री ५ को सरकारको मिति २०६०/११/१४ को निर्णयानुसार आवश्यक कारवाही गर्न सम्बन्धित भंसार कार्यालयमा पठाउन र उक्त २१ थान सवारी साधनहरु पक्राउ गर्न सुराकी दिएको भनी दावी गरिएको कमिशनका सम्बन्धमा आयोगको मिति २०६१/३/१५ को निर्णयानुसार गर्न आयोगको मिति २०६१।५।३१ को निर्णयानुसार भंसार विभागमा लेखी पठाईयो ।

१६. २०१२ सालमा मालपोत बुझाउन पाउने गरी चलन पूर्जामा उल्लेख भएको राप्तीदून जग्गा वितरण व्यवस्था मिसनवाट ज.वि.५-३-७ लक्ष्मीपुर वदहनीको जग्गा प्राप्त गरी भोग चलन गरी आएको । ०२१ सालमा प्रति विगाहा रु. ४०।- मूल्य कायम भएको जग्गालाई सुकुम्वासी समस्या समाधान आयोग चितवनका अध्यक्ष, कर्मचारी समेतले नाँप जाँच गरी केही जग्गा दर्ता गरी दिई हाल वछौली वा.नं. १ ख कि.नं. ३६, ३७ र ३८ कायम भएको जग्गा विगाहा ०-४-० कट्ठाका दरले सुकुम्वासी नभएका आफ्ना मानिस गगन केसरी अधिकारी समेत तीन जनाको नाममा दर्ता गरी दिएको हुंदा अन्यायीहरु उपर कानून बमोजिम सजाय गरी पाउँ भनी शोभन महतोको निवेदनका विषयमा अनुसन्धान गर्दा सुकुम्वासी समस्या समाधान आयोग, चितवनले ०५५ सालमा आधार प्रमाण विना आफ्ना मानिसहरुलाई चितवन वछौली १ ख कि.नं. ३६, ३७, ३८ कायम गरी क्षे.फ. ०-४-० चार कट्ठाका दरले सुकुम्वासी नभएका व्यक्तिका नाममा जग्गा दर्ता गरी दिएको र जग्गा पाउनेहरु सुकुम्वासी र अव्यवस्थित वसोवासीमा नपर्ने व्यक्ति भएको तथा उक्त कि.नं. हरुमा वसोवास पनि नगरेको व्यक्तिहरुको नाममा जग्गा दर्ता गरी गराई अख्तियार दुरुपयोग गरेको पुष्टि हुन आयो । यसरी सुकुम्वासी समस्या समाधान आयोग जिल्ला समिति, चितवनले सुकुम्वासी तथा अव्यवस्थित वसोवासी नै नभएका आफन्त व्यक्तिहरु समेतलाई जग्गा दिने गरी गरेको निर्णय वदर गरी श्री ५ को सरकारको नाउंमा दर्ता गर्ने गरी त्रुटी सच्याउन आयोगको मिति २०६१।५।३१ को निर्णयानुसार श्री ५ को सरकार,भूमिसुधार तथा व्यवस्था मन्त्रालयलाई लेखि पठाईयो । त्यसै गरी सुकुम्वासी समस्या समाधान आयोगका लागि तोकिएका र पदेन सदस्यहरु मध्ये मुख्य रुपमा मालपोत कार्यालय, नापी शाखा र भूमि सुधार कार्यालयका प्रमुख (वा प्रतिनिधि) हरुको भूमिका र जिम्मेवारी रहने । नापीका प्रतिनिधिले पहिचान भएको जग्गा नापनक्सा गरी निवेदन कागजात, सिफारिस र भोगका आधार समेतमा जग्गा तथा भोगवालाको विवरण तयार गरी सूचना प्रकाशित गर्नुपर्नेमा विना आधार कुनै माग निवेदन समेतका प्रमाण नभएका व्यक्तिहरुको नाममा निर्णय गर्न गराउन विवरण तयार गरी आएको र विवरणमा भएका नाम र कित्ता नं. अनुसार नक्सामा समेत सो अनुसार कित्ताकाट गरी तयार गरी सुकुम्वासी समस्या समाधान आयोग चितवनको कार्य संचालनका लागि नियुक्त पदाधिकारीका अतिरिक्त प्रशासनिक र अन्य कार्यका लागि तत्कालिन भूमिसुधार अधिकारीलाई पदेन सदस्य सचिवमा तोकी आयोगको कार्य नीति र कार्य विधिमा उल्लेख भए अनुसार काम कर्तव्य र अधिकार तोकिएको पाइन्छ । ०५५।९।१५ को निर्णय गर्दा विवादमा परेको वछौली गा.वि.स. १ को कि.नं. ३६, ३७, ३८ का जग्गाहरु गा.वि.स. को सिफारिस र प्रमाण विना प्रकाशित सूचनामा समेत नाम नपरेको सुकुम्वासी तथा अव्यवस्थित वसोवासी नभएका व्यक्तिहरुको नाममा विना प्रमाण जग्गा उपलव्ध गराउने गरी निर्णय गरी गराई प्रति किस्ता मूल्य समेत लिई जग्गाधनी प्रमाण पूर्जा उपलव्ध गराएको । २०५९।९।१५ मा सोही अनुसार निर्णय भै जग्गाको पूर्जा वितरण समेत भएको देखिन आएको हुंदा निजहरु उपर र सोही कार्यलाई समर्थन गरी निर्णयमा दस्तखत गर्ने आयोगका प्रमुख पदाधिकारीहरु अध्यक्ष, इश्वरी आचार्य, उपाध्यक्ष, भीम प्रसाद थपलिया, सदस्य, रघुनाथ अधिकारी, केशवनारायण श्रेष्ठ, सिताराम भट्ट, लक्ष्मीप्रसाद पौडेल र हरिप्रसाद पौडेल समेतको रेकर्ड राख्न समेत आयोगको मिति २०६१।५।३१ को निर्णयानुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषद् सचिवालयमा लेखी पठाईयो ।

१७. सनातन देखि इन्द्र जात्रा लिङ्गो गुठीको नाममा रहेको साविक वालाजु हाल का.म.न.पा.वडा नं १६ कि.नं. ६ क्षे.फ.ज.रो.१–१–३–० जग्गा गैर कानूनी किसिमले व्यक्तिको नाममा रैकर तर्फ दर्ता गरे भन्ने बिषयमा अनुसन्धान गर्दा मोही हिरामान श्रेष्ठ भै गुठी संस्थानको नाममा रहेको उक्त गुठी जग्गालाई हुदै नभएको निर्णयलाई आधारमानी श्रेस्ताहरु खडा गरी गराई विभिन्न व्यक्तिहरुका नाममा हक हस्तान्तरण गराएको कृयाकलाप स्वतः निष्कृय हुने हुंदा यसरी गुठी जग्गालाई गैर कानूनी किसिमले रैकरमा परिणत गरी गराई विभिन्न व्यक्तिका नाउमा श्रेस्ता कायम गरे गराएका सम्पूर्ण कार्य गुठी संस्थान ऐन २०३३ को दफा ३९ बमोजिम बदर गरी संस्थानको नाउको सो जग्गाको लगत बमोजिमको साविक अवस्थामा कायम राखी जग्गा धनी प्रमाण पूर्जा प्राप्त गरी आयोगलाई जानकारी दिन गुठी संस्थानका प्रशासकलाई लेखि पठाउने र उक्त गलत निर्णय पर्चाको आधारमा भएका निर्णयको परिणाम स्वरुप मालपोत कार्यालय, डिल्ली बजार र भूमि सुधार कार्यालय काठमाण्डौमा खडा भएका श्रेस्ताहरुलाई बदर गर्न गराउन भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा लेखि पठाउनुका साथै सो गुठी जग्गा व्यक्तिका नाममा गैर कानूनी किसिमले हक हस्तान्तरण भएको थाहा पाउंदा पनि संस्थानको सम्पति पूर्व स्थितिमा राख्न कुनै कानूनी उपचार तर्फ पहल नगर्ने गुठी संस्थानका तत्कालीन प्रशासक विष्णु प्रसाद सिग्देललाई आगामी २ बर्षसम्म कुनै राजनीतिक र प्रशासनिक पदमा नियुक्ति नगर्न अभिलेख राख्न आयोगको मिति २०६१।५।३१ को निर्णयानुसार प्रधान मन्त्री तथा मन्त्रिपरिषद कार्यालयमा लेखी पठाईयो ।

१८. विघटित सुकुम्वासी समस्या समाधान आयोग, जिल्ला समिति सुर्खेतका कर्मचारीहरुले सो समितिमा खटिएको अवधिमा सुकुम्वासी भनी गैरकानूनी किसिमले जग्गा प्राप्त गरेको देखिएको सम्बन्धमा अनुसन्धान गर्दा सो समितिको मिति ०५८।२।२ र २०५८।३।२९ को निर्णयानुसार गा.वि.स. सचिव भिम प्रसाद शर्माकी पत्नी रीता देवी शर्माको नाममा सुर्खेत जिल्ला वीरेन्द्र नगर नगरपालिका वडा नं. ५ को कि.नं. ३२१७ को २५९ वर्गमीटर, फिल्ड अफिसर लिला वहादुर पहाडिको पत्नी शान्ति पहाडिको नाउमा ऐ.ऐ.वडा नं.६ को कि.नं. ३४१६ को क्षे.फ. २४ व.मि. तथा वडा नं. ७ कि.नं. २१० को ५९२.५ व.मि., अमिन गंगा वहादुर रुचालको दाजु विर वहादुर रुचालको नाउमा ऐ.ऐ. को कि.नं. ३४०४ को क्षे.फ. १४४ व.मि., निजकै भाई टेक वहादुर रुचालको नाउमा, ऐ.ऐ.वडा नं.८ को कि.नं. १३९ को क्षे.फ. ३०४ व.मि. वितरण गरेको देखियो । सो जग्गा प्राप्त गर्नेहरु मध्येका टेक वहादुर रुचाल, वीर वहादुर रुचाल र शान्ति पहाडिलाई सो जग्गाहरु प्रदान गर्दा निजहरुबाट निवेदन नै नपरेको भन्ने भूमि सुधार कार्यालय सुर्खेतले जानकारी दिएको । साथै निजहरुको हकमा सुकुम्वासी समस्या समाधान आयोग कार्यविधि २०५७ बमोजिमको रीत नै नपुऱ्याई तथा जग्गा दर्ता गर्ने कामकारवाही नै त्रुटीपूर्ण गरी उक्त जग्गा प्रदान गर्ने निर्णय गरेको समेत देखियो । सो मध्येका रीता देवी शर्माको नाममा जग्गा प्रदान गर्दा सो कार्यविधि बमोजिम गरेको भए पनि निजका पति भिम प्रसाद शर्माले आफ्नो नाममा वर्दिया जिल्लामा जग्गा भएकोले निजको परिवारका सदस्यलाई सुकुम्वासी भन्न नमिल्ने व्यहोरा जनाई वयान दिएको पनि देखियो । सुकुम्वासी समस्या समाधान आयोग कार्यविधि २०५७ विपरीत गई वीर वहादुर रुचाल, टेक वहादुर रुचाल र शान्ति पहाडीका नाममा प्रदान गरेको उल्लेखित जग्गाहरु गैर सुकुम्वासी रीता देवी शर्मालाई सुकुम्वासी भनी प्रदान गरेको माथि उल्लेखित जग्गा समेत सुकुम्वासी समस्या समाधान आयोगको गठन, काम कर्तव्य र अधिकार

सम्बन्धी कार्यनीति २०५६ (संशोधन सहित) को दफा ५ र सोही आयोगको कार्यविधि २०५७ को दफा २१ बमोजिम व्यक्तिको नामको दर्ता वदर गरी श्री ५ को सरकारको नाममा श्रेस्ता कायम गरी आयोगलाई जानकारी गराउन आयोगको मिति २०६१।५।३१ को निर्णयानुसार भूमि सुधार तथा व्यवस्था मन्त्रालयमा लेखी पठाईयो ।

१९. राष्ट्रिय सभाका मा. सांसद रामजीवन सिंह, तत्कालीन मन्त्री हरिनारायण चौधरी र पूर्व सांसद शुक्रराज संयोकले एलिजा थापा समेतलाई विभिन्न नामबाट आफ्नी पत्नी भनी गलत नागरिकता र पासपोर्टका आधारमा भिसाको लागि कूटनीतिक नियोगमा निवेदन दिई अख्तियारको दुरुपयोग गरेको बिषयमा अनुसन्धान गर्दा जिल्ला प्रहरी कार्यालय, काठमाण्डौंबाट एलिजा थापा समेतका विरुद्धमा चलाइएको कीर्ते नागरिकता तथा राहदानी मुद्दामा राष्ट्रिय सभाका सांसदहरु रामजीवन सिंह, शुक्रराज संयोक र तत्कालीन राज्यमन्त्री हरीनारायण चौधरी समेत उल्लिखित गैरकानूनी कार्यमा संलग्न रहेको देखियो । भ्रष्टाचारमा कारवाही गर्न निजहरुले एलिजा थापा (सुनिता सिंह) बाट रकम लिए खाएको अनुसन्धानबाट खुल्न आएको नदेखिंदा केही गरिरहन परेन तर निजहरुको उक्त गैर कानूनी कृयाकलापको बिषयमा जानकारी राख्न आयोगको मिति २०६१।६।५ को निर्णयानुसार संसद सचिवालयमा लेखी पठाईयो । अर्का प्रतिवादी रत्नप्रसाद पराजुलीले विभिन्न कार्यालयहरुमा कार्यरत भनी शाखा अधिकृत रत्नवहादुर थापाको नामबाट कीर्ते सही गर्ने गरेको देखिएको साथै निजको साथबाट प्रस्तुत केशमा असम्बन्धित सरकारी छाप दस्तखत कीर्ते गरिएको कागजात बरामद भएको कारण सो सम्बन्धमा आवश्यक कारवाही गर्न आयोगको उक्त मिति २०६१।६।५ को निर्णयानुसार सम्बन्धित कागजातहरु जिल्ला प्रहरी कार्यालय, ललितपुर पठाईयो । साथै गैरकानूनीरुपबाट जारी गरिएका राहदानी नं. १५७०४३६, श्रीमती पद्मा चौधरी, १५८२१०७, श्रीमती सुनिता सिंह र १५३६२९५, १५९१०४१ श्रीमती धनकुमारी संयोकका नाममा जारी भएका राहदानीहरुको सम्बन्धमा उक्त राहदानीहरु रद्ध गर्न परराष्ट्र मन्त्रालयमा लेखी पठाइयो । प्रस्तुत अनुसन्धानबाट मानव तस्करीको संजालमा संसदका माननीय सदस्यहरु जानेर वा नजानेर संलग्न भएको पाइएको छ । मानव तस्करीमा संलग्न गिरोहहरुले विभिन्न सामाजिक कार्यहरु गर्ने, सामाजिक न्यायको प्राप्तिमा बिविध क्रियाकलाप गर्ने भनी गैर सरकारी संस्थाहरुको स्थापना गराउने, राज्यका उपल्लो तहका व्यक्तिहरुलाई विभिन्न बहानामा उक्त संस्थाको पदाधिकारी बनाउने, तिनै व्यक्तिहरुको नाम र प्रतिष्ठालाई उपयोग गरेर विभिन्न अन्तर्राष्ट्रिय मंचहरुमा नेपालीहरुको सहभागिताको लागि निमन्त्रणा लगायतका कागजपत्रहरु माग गर्ने, यस्ता कार्यक्रमहरुमा राज्यका तिनै जिम्मेवार व्यक्तिहरु सहभागी हुन जाने, यसरी जाने खर्च उक्त बमोजिमका गैर सरकारी संस्थाहरुले बेहोर्ने भएता पनि अदृश्यरुपमा यस्ता बिशिष्ट व्यक्तिहरु संग संगै जाने भनिएका व्यक्तिहरुले त्यस्तो खर्च तिर्ने र फर्कने क्रममा विशिष्ट व्यक्ति संगै गएका व्यक्तिहरु (सहयोगी, श्रीमती, कर्मचारी आदि) विदेशमै लुकी मानव तस्करीको एउटा चरण पूरा हुने गरेको समेत देखियो ।

२०. गैरनेपाली नागरिक सुरेशशरण जैसवाल र शंकरशरण जैसवाल समेतले जिल्ला प्रशासन कार्यालय, बाराबाट वंशजको आधारमा नेपाली नागरिकता लिए भन्ने बिषयमा अनुसन्धान गर्दा गैर नेपाली नागरिक हाल चितवन रत्ननगर न.पा. वडा नं. २ बस्ने सुरेशशरण जैसवालले झुट्ठा बिवरण तयार गरी गराई जिल्ला प्रशासन कार्यालय बाराबाट वंशजको

नेपाली नागरिकता लिएको र यसै नागरिकताको आधारबाट निजका छोरा शंकरशरण जैसवालले पनि वंशजको नेपाली नागरिकता लिएको र निज सुरेशशरण जैसवाल तथा शंकरशरण जैसवालले अंगीकृत नेपाली नागरिकताको लागि पनि जिल्ला प्रशासन कार्यालय, चितवन मार्फत निवेदन गरेको देखिंदा निजहरु गैर नेपाली नागरिक भएको भन्ने स्पष्ट देखिन आयो । तसर्थ निजहरुको नागरिकता सम्बन्धमा नेपाल नागरिकता ऐन बमोजिम कारवाही गरी सो को जानकारी यस आयोगमा पठाउन आयोगको मिति २०६१।६।५ को निर्णयानुसार सक्कल कागजात फाईल गृह मन्त्रालयमा पठाईयो ।

२१. युनियन फिनान्सका प्रवन्ध संचालक सुरेन्द्र हमालले त्रिभुवन विश्वविद्यालयका लागि अधिग्रहण गरिएको जग्गा धितो राखी अनियमित तरीकाले ऋण लिन सफल भएकाले कारवाही गरी पाउँ भनी दिएको द.नं. ३१४ मिति ०५६।५।१५ को निवेदनका आधारमा अनुसन्धान गर्दा २०१३।८।१८ मा चार किल्ला खोली नेपाल गजेटमा सूचना प्रकाशित भै त्रिभुवन विश्वविद्यालय स्थापना गर्न रोक्का राखिएको जग्गाहरु नै २०३३।१।७ मा राजपत्रमा जग्गा प्राप्त गर्ने सूचना प्रकाशित भएको विभिन्न कित्ता मध्ये कि.नं. ३१७ को मुआव्जा ०३४।९।२५ मा रु. ६६२५।- वुझिसकेको जग्गाको समयमा नै त्रिभुवन विश्वविद्यालयले रोक्का राख्ने र मुआव्जा दिइसकेको जग्गाको पूर्जा प्राप्त गर्ने कार्य नगरेको २०५५ सालमा मात्र सो विषयमा कारवाही शुरु गरेको कारणले यस प्रकारको कार्य भएको देखिंदा त्रिभुवन विश्वविद्यालयका नेपाल अधिराज्यभरका अचल संपत्तिको (घर जग्गाहरुको) दा.खा. दर्ता गराई ६ महिनाभित्र जग्गा धनि प्रमाण पूर्जा प्राप्त गरी सो को जानकारी आयोगमा पठाइदिन आयोगको मिति २०६१।६।५ को निर्णयानुसार त्रिभुवन विश्व विद्यालयमा लेखी पठाईयो ।

२२. सरस्वती प्रस्तावित निम्न माध्यमिक विद्यालय डुंगी खोला लेखपराजुल, सुर्खेतका तत्कालीन निमित्त प्रधानाध्यापक मनोज कुमार चौधरीले विद्यालय व्यवस्थापन समितिका अध्यक्षको कीर्ते हस्ताक्षर गरी विद्यालयको रकम झिकी हिनामिना गरेको कसूरमा भ्रष्टाचार निवारण ऐन बमोजिम मुद्दा चलाउने गरी जिल्ला प्रशासन कार्यालय, सुर्खेतबाट प्राप्त अभियोग पत्रको मस्यौदा समेत उपर छलफल हुंदा आरोपित शिक्षकलाई सेवाबाट अवकाश दिई सकेको भन्ने खुल्न आएको, नियमानुसार असूल उपर गर्नु पर्ने भनिएको रकम रु.२१,०००।- विगो मागदावी लिएको देखिएको र अनुसन्धानको सिलसिलामा उक्त रकम असूल हुन सक्ने गरी नगद धरौट समेत लिएको देखिदां निज मनोज कुमार चौधरीले पदीय कर्तव्य पालन नगरी अनुचित कार्य गरेको कार्यबाट विद्यालयलाई नोक्सान हुन पुगेको उल्लेखित रकम रु.२१,०००।- अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ क. बमोजिम निजले राखेको नगद धरौटबाट असूल गर्न आयोगको मिति २०६१।६।६ को निर्णयानुसार सम्बन्धित कार्यालयलाई लेखी पठाईयो ।

२३. शाही नेपाल वायुसेवा निगमका संचालक र कर्मचारीको मिलेमतोमा फ्रान्स र लण्डनका सेल्स एजेण्टलाई अनियमित तरिकाले इन्सेन्टीभ दिएको भन्ने उजूरीका सम्बन्धमा छानविन गर्दा शाही नेपाल वायुसेवा निगम र लण्डनस्थित सेल्स एजेण्ट ब्राइटसन ट्राभल्स र पेरिसस्थित सेल्स एजेण्ट टेरेस डि एडभेन्चर बीच भएको सम्झौतामा टिकट बिक्री वापत इन्सेन्टीभ दिने प्रावधान रहेको र सोही प्रावधान बमोजिम निगमको मार्केटिङ्ग कमिटिले नीतिगत निर्णयको सीमाभित्र नै रहि टिकट बिक्रीमा ५% इन्सेन्टीभ दिने निर्णय गरेको

देखिन आयो । तर टिकट बिक्री वापत सेल्स एजेण्टलाई प्रोत्साहन स्वरुप दिइने यस्तो सुविधा रकम के कस्तो एजेण्टलाई के कति परिमाणको टिकट बिक्री वापत के कति दरमा दिने भन्ने सम्बन्धमा निश्चित मापदण्ड निर्धारण नगरी एक मुष्ट ५% (पाँच प्रतिशत) दिने भनी तोकेको कार्य मनासिव मान्न नसकिने हुँदा यस सम्वन्धी उचित मापदण्ड शिघ्र निर्धारण गर्न र त्यस्तो मापदण्ड निर्धारण गरिसकेको भए सो को जानकारी आयोगलाई गराउन मिति २०६१।६।८ को निर्णयानुसार सम्बन्धित कार्यालयलाई लेखी पठाईयो ।

२४. वादी श्री ५ को सरकार प्रतिवादी गोवर्धन गुरुङ समेत भएको गैरकानूनी कार्य गरी जग्गा दर्ता गरे भन्ने भ्रष्टाचार मुद्दामा विशेष अदालत, काठमाडौंवाट मिति २०६१।२।५ गते भएको फैसला उपर पुनरावेदन गर्ने नगर्ने भन्ने सम्वन्धमा निर्णयका लागि पेश भै छलफल हुँदा उक्त मुद्दामा पुनरावेदन नगर्ने । तर मालपोत कार्यालय, डिल्लीबजार, काठमाडौं र नापी शाखा, काठमाडौंको मिति २०६१।५।२२ को पत्रबाट उक्त जग्गा हाल विभिन्न व्यक्तिहरुका नाममा रहेको र ३ कित्तामा बाडिएको भन्ने देखिएकोले उक्त जग्गाको व्यक्ति विशेषका नामको श्रेस्ता हालसम्म कायम भै रहेको देखिएको छ । श्री ५ को सरकारले प्राप्त गरी मुआब्जा समेत दिइ सकेको जग्गाको व्यक्तिका नाममा कायम भएको श्रेस्ता यथास्थितिमा रहिरहनु उचित नभएकोले सो श्रेस्ता बदर गर्न सम्बन्धित कार्यालयलाई लेख्ने । साथै उक्त जग्गामा पार्क बनी उक्त पार्क काठमाडौं महानगरपालिकाले रेखदेख गरिरहेको भन्ने उक्त महानगरपालिकाको च.नं. ११०८ मिति २०६१।५।३१ को पत्रबाट देखिँदा उक्त पार्क बनेको जग्गाको श्रेस्ता पूर्जा बनाउने तर्फ आवश्यक कारवाही गर्न आयोगको मिति २०६१।६।१८ को निर्णयानुसार काठमाडौं महानगरपालिकालाई लेखी पठाईयो ।

२५. वि.पि.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानका कम्प्युटर अपरेटर यदुकुमार ढकालले अख्तियार दुरुपयोग अनुसन्धान आयोगको नाउँको नक्कली लेटरप्याड, छाप र पत्र तयार गरी अनियमित कार्य गरेको भन्ने उजूरीका सम्बन्धमा छानविन गर्दा निज ढकालले अख्तियार दुरुपयोग अनुसन्धान आयोगको नाउँको नक्कली लेटरप्याड, हाल अस्तित्वमा नै नरहेको अख्तियार दुरुपयोग निवारण आयोगको नामको नक्कली छाप र अनुसन्धान अधिकृतको दस्तखत समेत नक्कली गरी सोही प्रतिष्ठानका कर्मचारी कम्प्युटर क्लर्क नारायण प्रसाद दाहाललाई पत्र बुझाई सो पत्रको आधारमा निज दाहाललाई दु:ख दिई आफ्नो कावुमा राख्ने गलत मनशायले काम गरेको भनी निज आफैले वयान गरेको देखिंदा निजले प्रतिष्ठानको करार सेवाका कर्मचारीहरुले पालना गर्नु पर्ने सेवा सम्बन्धी शर्त बन्देजहरु पालना गरेको नदेखिएको हुँदा प्रतिष्ठान र निजका बीचमा भएको करार बमोजिमको सेवा अन्त्य गरी आयोगलाई जानकारी गराउन आयोगको मिति २०६१।६।१८ को निर्णयानुसार वि.पि.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपतिलाई लेखी पठाईयो ।

२६. डिभिजन सडक कार्यालय महेन्द्रनगर अन्तर्गतको काँडा पुलको निर्माण कार्यमा संलग्न ठेकदार श्री प्यासिफिक बिल्डर्स (प्रा.) लि. का ठेकदारले निर्माण कार्य गर्न भनी लिएको मोबिलाइजेसन पेश्कीबाट काम नगरी किर्ते कागज बनाई धरौटी स्वरुप राखेको धितोहरु फुकुवा गरी लिएको साथै डिभिजन प्रमुखलाई रु. १५ लाख घूस खुवाई ईस्टिमेट भन्दा १० प्रतिशत बढीमा टेन्डर स्वीकार गरेको समेत विषयमा अनुसन्धान गर्दा ठेकदारले बैंक ग्यारेन्टीहरु नवीकरण गर्दै पेश गरिरहेको र मुलुकको शान्ति सुरक्षा र बजेट व्यवस्था समेत

हुन नसकेको कारणबाट निर्माण काम हुन नसकिरहेको देखिएको हुँदा यस काममा भ्रष्टाचार वा अनुचित कार्य भएको देखिएन । प्रचलित आर्थिक प्रशासन सम्बन्धी नियमहरु २०५६ को नियम १२३ को उपनियम २ ले व्यवस्था गरे अनुसार 'पेश्की दिनुपर्ने ठेक्का कबुलियतनामा गर्दा काम पूरा हुनुपर्ने भनी तोकिएको म्याद भित्र काम पूरा नभई पेश्की बाँकी रहन गएमा त्यस्तो पेश्की रकमको म्याद नाघेका मिति देखि वार्षिक १० प्रतिशतका दरले सावा र ब्याज समेत बुझाउनुपर्ने कुरा कबुलियतनामा शर्तमा उल्लेख गर्नुपर्नेछ' भनिएको देखिन्छ । तर आर्थिक प्रशासन सम्बन्धी नियमवलीको नियम ६२ ले व्यवस्था गरे अनुसार बनेको सार्वजनिक निर्माण निर्देशिकामा 'मोबिलाइजेसन पेश्कीमा ब्याज लाग्ने छैन' भन्ने व्यवस्था भएको देखिन्छ । यस परिस्थितिमा प्रस्तुत योजनाको ठेक्का सम्झौता उपर्युक्त निर्देशिका बमोजिम नै भएको देखिएकोले सम्बन्धित कर्मचारीको बदनियत देखिएन । अतः आर्थिक प्रशासन सम्बन्धी नियमहरु २०५६ को नियम १२३ को उपनियम २ तथा नियम ७७ को उपनियम ५ का व्यवस्थाहरुसित उपर्युक्त निर्देशिका बमोजिम तयार गरिएको सम्झौताको नमुना बाझिएकोले यसमा आवश्यक संशोधन/परिमार्जन गर्नका लागि आयोगको मिति २०६१।६।१८ को निर्णयानुसार महालेखा नियन्त्रक कार्यालयमा लेखी पठाईयो ।

२७. लुम्बिनी ओभरसिजले कामदार पठाउंदा स्विकृति दिए भन्दा बढी कामदार दक्षिण कोरियामा पठाई राजस्व छलेको भन्ने उजुरी उपर अनुसन्धान हुंदा आयोगको मिति २०६१।६।२२ को बैठकबाट देहायानुसार गर्ने निर्णय भयो :-

(१) राजस्व चुहावटको विषयमा राजस्व अनुसन्धान विभागबाट छानविन गरी प्रचलित कानून बमोजिम अविलम्ब आवश्यक कारवाही गरी सोको जानकारी आयोगमा पठाउन उक्त विभागलाई लेखी पठाउने ।

(२) श्रम तथा रोजगार सम्बन्धी कानूनी व्यवस्था प्रतिकूल काम कारवाही गरेको देखिएको विषयमा लुम्बिनी ओभरसिजलाई प्रचलित ऐन, कानून बमोजिम अविलम्ब आवश्यक कारवाही गरी सोको जानकारी आयोगमा पठाउन श्रम तथा यातायात व्यवस्था मन्त्रालयलाई लेखी पठाउने ।

२८. दोश्रो पर्यटन पूर्वाधार विकास आयोजना अन्तर्गत पोखरा वातावरण सुधार आयोजनामा अनियमितता भएको भन्ने विषयमा अनुसन्धान गर्दा सो आयोजनाको ल्याण्डफिल साईट, एक्सेस रोड तथा शहरी सडक निर्माण गर्दा अत्यधिक मात्रामा परिवर्तन आदेश जारी गरिएको, नगरपालिकाको दायित्व भन्दा बाहिरको रकम भुक्तानि गरिएको र यसबाट योजनाको लागत बढन गएको, परामर्शदाता तथा सम्बन्धित कर्मचारीहरुले आफूलाई तोकिएको दायित्व राम्रो संग पुरा नगरेको एबम् हाल सम्म ल्याण्डफिल साईट सन्चालनमा नआएको सो योजनाको एक्सेस रोड निर्माण कार्यका ठेकेदार कालिका कन्स्ट्रक्सनले २५ लाखमा विमा गरेको रोलर मेशिन जलेर विग्रे वापत २८,८९,७४८।२० भुक्तानी लिएकोमा निजले बढी भुक्तानी लिएको रकम रु. ३,८९,७४८।८० निजबाट असुल उपर गरी आयोगमा जानकारी पठाउन आयोगको मिति २०६१।७।१० को निर्णयानुसार पोखरा उप-महानगरपालिकालाई लेखि पठाईयो । त्यसैगरी योजनाको ल्याण्डफिल्ड साइट निर्माण कार्यका ठेकेदार अनक कन्स्ट्रक्सनले आइडिल रिसोर्स वापत भुक्तानि लिंदा दाबी नभएको

मोटर र मोटर साईकल भाडा एबम् अथोराईज्ड रिप्रेजेन्टेटिभको ९ महीनाको पारिश्रमिक बढी भुक्तानी लिएको देखिएकोले बढी भुक्तानी लिएको रकम रु. १५,२८,८००।- निज ठेकेदारले भुक्तानी लिन बाँकी रकमबाट असूल उपर गरी आयोगमा जानकारी पठाउन आयोगको उपर्युक्त मिति २०६१।७।१० को निर्णयानुसार पोखरा उप-महानगरपालिकालाई लेखि पठाईयो । त्यस्तै योजनाको ल्याण्डफिल्ड साइट निर्माण कार्यका ठेकेदार श्री सन्तोषी-टि.एस.जि.जे.भी.ले आइडिल रिसोर्स वापत भुक्तानी लिंदा दाबी नभएको मोटर र मोटर साईकल भाडा एवं अथोराईज्ड रिप्रेजेन्टेटिभको ९ महिनाको पारिश्रमिक बढी भुक्तानी लिएको देखिएकोले बढी भुक्तानि लिएको रकम रु. १७,४२,००१।९२ निज ठेकेदारले भुक्तानी लिन बाँकी रकमबाट असूल उपर गरी आयोगलाई जानकारी गराउन समेत आयोगको सोही मिति २०६१।७।१० को निर्णयानुसार पोखरा उप-महानगरपालिकालाई लेखी पठाईयो ।

२९. नक्कली भीसामा यात्रुहरु उडाई शाही नेपाल वायुसेवा निगमलाई नोक्सान पारेको भन्ने विषयको उजुरी उपर अनुसन्धान हुँदा शाही नेपाल वायुसेवा निगमको लण्डन उडानबाट ७ डिसेम्वर १९९७ देखि १० अगष्ट २००१ को वीचमा ५६ जना यात्रुहरु नक्कली पासपोर्ट एवं भीसामा लण्डन गएको भन्ने बेलायतको होम अफिसको पत्रबाट देखिन्छ । यसरी नक्कली कागजातबाट यात्रुहरु उडान गरे वापत शा.ने.वा.नि.ले बेलायतको होम अफिसलाई ब्रिटिस पौंड ५८,०००। जरिवाना बुझाएको देखियो । नेपाली नागरिक समेतको आगमन तथा प्रस्थानलाई नियमित गर्ने दायित्व प्रचलित कानून अनुसार अध्यागमन विभागको हुने देखिन्छ । अतः नक्कली पासपोर्ट एवं भीसामा यात्रु उड्न नदिन अध्यागमन विभागबाट हाल के कस्ता उपायहरु अवलम्वन गरिएका छन् ? यात्रुहरुको प्रस्थान नियमित गर्ने सम्बन्धमा भएका प्रक्रियागत सुधारहरुको जानकारी ७ (सात) दिन भित्र पठाउन आयोगको मिति २०६१।७।११ को निर्णयानुसार अध्यागमन विभागलाई लेखी पठाईयो ।

३०. पुण्यप्रसाद भण्डारीले नाम ढाँटी अरुको शैक्षिक योग्यताको प्रमाण-पत्र चोरी गणेशप्रसाद भण्डारीको नामबाट नोकरी गरी मोरङ्ग सुनसरी वनक्षेत्र सुदृढीकरण उच्चस्तरिय आयोगको रकम हिनामिना समेत गरेको भन्ने उजूरी उपर अनुसन्धान गर्दा मोरङ्ग सुनसरी वनक्षेत्र सुदृढीकरण उच्चस्तरीय आयोगका तत्कालीन लेखापाल गणेशप्रसाद भण्डारी भनिएका पुण्यप्रसाद भण्डारीले राजश्व हिनामिना गरी भ्रष्टाचार गरेको भन्ने विषयको सक्कल कारवाही फाइल तत्कालीन विशेष प्रहरी विभागको संकेत नं. २०५२/०५३ शा. ३(१४) च.नं. ४३ मिति २०५२।५।२८ को पत्रसाथ महालेखा नियन्त्रक कार्यालयमा आवश्यक कारवाहीको लागि फिर्ता पठाएको र सो पत्र त्यस कार्यालयको मूल दर्ता नं. १९१२ मा मिति २०५२।५।२९ मा दर्ता भएको देखिएकोले सो सक्कल मिसिल उक्त कार्यालयमा प्राप्त भएको देखियो । तर उक्त कार्यालयको च.नं. १३८ मिति २०६१।६।२२ को पत्रबाट उक्त मिसिल सो कार्यालयको मूल दर्ता कितावमा दर्ता भएको देखिए ता पनि निजको फाइल नभेटिएको भनी लेखि आएकोले सो फायल कागजात जो जस्को गैर जिम्मेवारीवाट पत्ता लाग्न नसकेको हो निजहरुलाई कानून बमोजिम कारवाही गरी सो को जानकारी यस आयोगमा उपलव्ध गराई दिन आयोगको मिति २०६१।७।११ को निर्णयानुसार श्री महालेखानियन्त्रकलाई लेखी पठाईयो ।

३१. यति एयरलाएन्सको संचालनमा रहेको दुघर्टनाग्रस्त DHC 6-300, S.No. 729 9N-AEV Aircraft खरीद, मर्मत र बिक्री गर्दा र लिजमा ल्याउँदा अनियमितता एवं भ्रष्टाचार भएको

भन्ने विषयमा अनुसन्धान गर्दा Wreckage/Salvage को रुपमा वीमा कम्पनीसँग यति एयरलाइन्सले खरिद गरेको अवशेष NR Holding Inc. ले खरिद गरी मर्मत गरेको भनिएको १९८० मा बनेको र नेपालमा दर्ता नै हुन नसक्ने जहाजलाई गैर कानूनी रुपमा संचालन गर्ने उद्देश्यले तत्कालको अवस्थामा प्राधिकरणको संचालक समितिको सदस्य समेत रहेका यति एयरलाइन्स कम्पनीका संचालक आङ छिरिङ शेर्पाले प्राधिकरणका कर्मचारीसँग मिलेमतो गरी गैरकानूनी रुपमा दर्ता कायम राख्ने तथा संचालन गर्ने कार्य गरी आफूलाई फाइदा पुऱ्याउने उद्देश्यले कानून उल्लंघन गरी पुरानै दर्ता 9N-AEV कायम गरी गराइ संचालन गरिरहेको कार्य कानूनी प्रावधान विपरित भएकोले त्यस्तो गैरकानूनी कार्यले निरन्तरता पाउन नसक्ने हुंदा गैरकानूनी रुपमा दर्ता कायम राखिएको सो 9N-AEV वायुयानको संचालन अविलम्ब रोक्का गरी सो को जानकारी आयोगमा पठाउन आयोगको मिति २०६१।७।१९ को निर्णयानुसार नेपाल नागरिक उड्डयन प्राधिकरणका महानिर्देशकलाई लेखी पठाईयो ।

३२. कृषि विकास बैंक, बैंकिग कार्यालय, पुतलसीसडक र लगनखेलबाट सगरमाथा ट्रेडर्स समेतका फर्महरुलाई कर्जा प्रवाह गर्दा बैंकका कर्मचारीहरुले ऋणीहरुसँग मिलेमतो गरी कमजोर धितो स्वीकार गरी गैरकानूनी रुपमा कर्जा दिई बैंक डुवाउने कार्य गरे भन्ने सम्बन्धमा अनुसन्धान हुँदा सगरमाथा ट्रेडर्स नामक फर्मलाइ गलत ढंगबाट धितो मूल्यांकन गरेको देखिएबाट प्रवाह भएको कुल कर्जा साँवा रु. ६,००,०००।- र असूल उपर हुँदाका मितिसम्म कायम हुन आउने व्याज समेत गरी कायम हुन आउने रकम प्रतिवादीहरु कोमलवहादुर खत्री र तेजराज ढकालबाट दामासाहीले असूल उपर गराउने तथा भ्रष्टाचार गरेको कसूरमा कानून बमोजिम हदैसम्मको सजायं समेतको रीतपूर्वकको मागदावी लिई मुद्दा दायर भै सकेको छ । सूर्य ट्रेडर्स, शिवशक्ति ट्रेडर्स र बालकुमारी खाद्यान्न स्टोर्स नामक तीनवटा फर्महरुलाई कर्जा प्रवाह गर्ने सिलसिलामा भ्रष्टाचारजन्य कार्य भए गरेको कुरा स्थापित हुन नआएको हुँदा बैंकको अधिकतम हित हुने गरी ऋणीहरुबाट कर्जा असूल उपर गर्नेतर्फ आवश्यक र उपयुक्त व्यवस्था गर्न गराउन आयोगको मिति २०६१।७।२४ को निर्णयानुसार कृषि विकास बैंकका महाप्रवन्धकलाई निर्देशन दिईयो ।

३३. कृषि विकास बैंक, मुख्य कार्यालय, काठमाण्डौमा कार्यरत इन्जिनियर संजिव रेग्मीलेले बैंकबाट विदा नै नलिई इन्जिनियरीङ्ग अध्ययन संस्थान पुल्चोक क्याम्पसको दिवा कक्षामा अध्यापन गराईने मास्टर्स ईन ईन्जिनियरिङ्ग विषयमा अध्ययन गरी अनियमित काम गरेको हुंदा कारवाही गरी पाउं भन्ने विषयको उजूरीको सम्वन्धमा अनुसन्धान गर्दा निज संजिव रेग्मीले शैक्षिक सत्र ०५८।०५९मा इन्जिनियरीङ्ग अध्ययन संस्थान अन्तर्गतको पुल्चोक क्याम्पसमा दिवा समुहमा अध्यापन गराइने मास्टर्स ईन ईन्जिनियरिङ्ग विषयमा कृषि विकास बैंक कर्मचारी सेवा शर्त नियमावली २०२४ बमोजिम विदा नै स्विकृती नगरी अध्ययन गरेको, दिवा समयमा अध्यापन गराइने सो कार्यक्रममा अध्ययन गर्दा कार्यालय खुलेको दिन निज संजिव रेग्मीले आफ्नो कार्यालयमा समेत हाजिर गरी बैंकलाई हानी नोक्सानी पुर्‌याएको देखिदा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८ को दफा १२क. बमोजिम मिति ०५८।९।१ देखि ०५९।८।३० (अध्ययनको पहिलो वर्ष) सम्मको निज संजिव रेग्मीले कार्यालय खुलेको दिनमा क्याम्पसमा अध्ययन गरेको अवधिको हिसाव गरी सो

बमोजिमको रकम निजसंग भरी भराउ गरी आयोगलाई जानकारी दिन आयोगको मिति २०६१।७।२४ को निर्णयानुसार कृषि विकास बैंकमा लेखी पठाईयो ।

३४. भंसार छली चोरी पैठारी भई संचालनमा रहेका र चोरी पैठारीको आशंकामा पक्राउ परी भैरहवा, कृष्णनगर र नेपालगंज भंसार कार्यालयमा रहेका सवारी साधनहरु गैर कानूनी रुपमा दर्ता भएको भन्ने बिषयमा अनुसन्धान गर्दा अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट सवारी साधनको भौतिक अवस्थाको परीक्षणको लागि खटिएको प्राविधिकहरु समेत सम्मिलित टोलीले पेश गरेको प्रतिवेदनका आधारमा सवारी साधनमा गलत बिवरण भएको/रि-पंच भएको देखिएका तर कुन कार्यालयका कर्मचारीहरु के कुन रुपमा संलग्न छन् भन्ने एकिन गर्न नसकिएका ३४ थान सवारी साधनहरुका सम्बन्धमा श्री ५ को सरकारको मिति २०६०/११/१४ को निर्णयानुसार आवश्यक कारवाही गर्न सम्बन्धित भंसार कार्यालयमा पठाउनु भनी भंसार बिभागमा लेखी पठाउने र ती ३४ थान सवारी साधनहरु पक्राउ गर्न सुराकी दिएको भनी दावी गरिएको कमिशनका सम्बन्धमा आयोगको मिति २०६१/३/१५ को निर्णयानुसार गर्न आयोगको मिति २०६१।७।२५ को निर्णयानुसार लेखी पठाईयो ।

३५. राष्ट्रिय दलित आयोगलाई श्री ५ को सरकारबाट विनियोजित भएको करोडौंको रकम सो दलित आयोगका पदाधिकारी तथा कर्मचारीहरुले मिली बाँडी चुँडी खाई भ्रष्टाचार गरेकाले कारवाही गरी पाउँ भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुंदा महालेखा परिक्षकको आ.व. २०५९।६० को लेखापरीक्षण सम्बन्धी वार्षिक प्रतिवेदनमा असूल गर्ने भनी उल्लिखित वेरुजु रकम सम्बन्धित व्यक्तिहरुबाट ३ महिना भित्रमा असूल उपर गरी सो को जानकारी दिन राष्ट्रिय दलित आयोगलाई र उक्त रकम असूल उपरको अनुगमन गर्न स्थानीय विकास मन्त्रालयका सचिवलाई आयोगको मिति २०६१।८।१ को निर्णयानुसार लेखी पठाईयो ।

३६. जिल्ला विकास समिति, सप्तरीका तत्कालिन सभापति दिनेशकुमार यादव समेतले विभिन्न व्यक्तिहरुलाई जिल्ला परिषद्ले निर्णय गरि छुट्याए भन्दा बढी हुने गरि आर्थिक सहायता रकम वितरण गरी अनुचित कार्य गरे भन्ने विषयको उजुरीमा अनुसन्धान गर्दा जिल्ला विकास समिति, सप्तरीले आ.व. ०५८।५९ मा स्थानिय निकाय (आ.प्र.) नियमावली, २०५६ को नियम ४४ बमोजिम उठेको रकम रु. ६८,६९,५००।-को अधिकतम १ प्रतिशतले हुने रु.६८,६९५।- सम्म मात्र आर्थिक सहायता वितरण गर्न सक्नेमा रु. ३,००,२०१।- वितरण गरि सीमा भन्दा रु. २,३१,५०६।- बढी आर्थिक सहायता वितरण गर्नुका साथै दैवि प्रकोप पिडित, गरिब र असहाय जनताको हित र कल्याणको लागि आर्थिक सहायता सम्बन्धी व्यवस्था गरिएको कुरालाई वेवास्ता गरि आफै अध्यक्ष र सदस्य रहेको वोर्ड बैठकबाट निर्णय गरि गराई आफैले आर्थिक सहायता लिई अनुचित कार्य गरि जि.वि.स. सप्तरीलाई हानी नोक्सानी पुऱ्याएको देखिएकोले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ क. बमोजिम तत्कालीन सप्तरी जि.वि.स. सभापति दिनेशकुमार यादव, सदस्यहरु देवकिसुन यादव, श्री रामप्रसाद मण्डल, भिमराज यादव, ईब्राहिम मिया र विश्वेश्वरप्रसाद विमल यादवले कानून विपरित लिए खाएको रकम रु. १,९५,०००।- निजहरुवाट ३ महिना भित्र भरि भराउ गर्न र उक्त म्याद भित्र भरि भराउ असुल उपर हुन नसकेमा सरकारी वाँकी सरह सो रकम कानून बमोजिम असूल उपर गर्ने निकाय केन्द्रीय

तहसिल कार्यालयमा लगत कस्न लगाई आयोगलाई जानकारी पठाउन आयोगको मिति २०६१।८।१ को निर्णयानुसार स्थानीय विकास मन्त्रालयमा लेखी पठाईयो ।

३७. शाखा अधिकृत कलानिधि पौडेलले विज्ञान तथा प्रविधि मन्त्रालयमा कानून अधिकृत पदमा कार्यरत रहँदा मन्त्रालयमा रुजु हाजिर रही विदा स्वीकृत नगराई कानून स्नातकोत्तर कोर्षको दिवा कक्षामा अध्यापन गराइने एल. एल. एम. विषयमा अध्ययन गरी अनियमित काम गरेको भन्ने विषयको उजूरी सम्बन्धमा अनुसन्धान गर्दा निज कलानिधि पौडेलले शैक्षिक सत्र २०५५-२०५७ मा नेपाल ल क्याम्पसमा दिवा समुहमा अध्यापन गराइने कानून विषयको स्नातकोत्तर कोर्षमा निजामती सेवा नियमावली, २०५० को नियम ६१/६२ बमोजिमको बिदा नै स्वीकृत नगराई अध्ययन गरेको, दिवा समयमा अध्यापन गराइने उक्त कार्यक्रममा अध्ययन गर्दा कार्यालय खुलेको दिन निज पौडेलले आफ्नो कार्यालयमा समेत हाजिर गरी श्री ५ को सरकारलाई हानी नोक्सानी पुऱ्याएको देखिँदा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ बमोजिम निजले अध्ययन गरेको अवधिको कार्यालय खुलेको दिनमा क्याम्पसमा अध्ययन गरेको अवधिको हिसाव गरी सो बमोजिमको रकम निजसंग भरी भराउ गरी आयोगलाई जानकारी दिन आयोगको मिति २०६१।८।२ को निर्णयानुसार विज्ञान तथा प्रविधि मन्त्रालयमा लेखी पठाईयो ।

३८. जनकपुर अञ्चल अस्पतालको मेडिकल सुपरिण्टेण्डेण्टको जिम्मेवारीबाट डा. हुक्मदेव शाहलाई नियम विपरीत हटाएको भन्ने विषयको उजूरी सम्बन्धमा अनुसन्धान गर्दा जनकपुर अञ्चल अस्पतालको मेडिकल सुपरिण्टेण्डेण्टको पद विगत लामो अवधिसम्म रिक्त राखी त्यस्तो रिक्त पदमा सोही ठाउँमा कार्यरत विभिन्न डाक्टरहरुलाई पटक पटक फेर्दै मेडिकल सुपरिण्टेण्डेण्टको काम तोक्ने गरी आएको पाइयो । २०६१।६।१४ मा स्वास्थ्य मन्त्रालयबाट भएको निर्णय पनि त्यसै क्रममा भएको देखिन्छ । त्यहाँ कार्यरत डाक्टरहरुको जेष्ठताको ख्यालै नगरी निमित्त तोक्ने गरेको लगायत उक्त मन्त्रालयबाट आयोगमा पेश गरेको जवाफ पनि सन्तोषजनक नदेखिंदा उक्त अस्पताल लगायत अन्य अस्पतालहरुमा समेत समुचित व्यवस्थापनको दृष्टिले स्थायी पदपूर्ति गर्ने समेतको आवश्यक व्यवस्था मिलाउन आयोगको मिति २०६१।८।३ को निर्णयानुसार स्वास्थ्य मन्त्रालयमा लेखी पठाईयो ।

३९. महेन्द्र संस्कृत विश्वविद्यालय दाङका उपकुलपति आचार्य पूर्ण चन्द्र ढुंगेलले विभिन्न आर्थिक तथा प्रशासनिक अनियमितता गरेको भन्ने उजूरीका सम्बन्धमा अनुसन्धान गर्दा निज ढुंगेलले अनुचित रुपमा आदेश गरी सहायक प्रशासक पदमा अस्थायी नियुक्ति दिईएकी सावित्री रिमाललाई भुक्तानी भएको भनिएको रु.२,१८,८०९।६५; टाइपिष्ट 'ग' पदमा कार्यरत निमा डि.सी.लाई टाइपिष्ट 'ख' मा र टाइपिष्ट 'ख' मा कार्यरत प्रेम बहादुर चित्रकार तथा कृष्ण प्रसाद लामिछानेलाई दरवन्दी नभएको टाइपिष्ट 'क' मा का.मु. मुकरर गर्ने आदेश गरी पछि सहायक प्रशासक पदमा का.मु. मुकरर गर्ने निर्णय भएबाट बढी भुक्तानी गर्नु परेको रकम रु.१,९४,२४२।- तथा निज उपकुलपति आचार्य पूर्ण चन्द्र ढुंगेलले २०५७ साल पौषदेखि ऐ. चैत्र मसान्तसम्म ९४ दिन काठमाडौं काज, २०५८ बैसाख देखि ऐ. चैत्र मसान्तसम्म २६६ दिन काठमाडौं काज, ५ दिन भारत भ्रमण, २०५९ बैसाख देखि ऐ. चैत्र मसान्तसम्म ३१० दिन काठमाडौं काज, २०६० बैसाख देखि ऐ. चैत्र मसान्तसम्म ५२ दिन महेन्द्र संस्कृत विश्वविद्यालय, दाङमा हाजिरी बाहेक अरु सबै अबधी काज बसी दैनिक भम्रण भत्ता लिए मध्ये उक्त विश्वविद्यालयको मिति २०६१।६।२५ को पत्रानुसार विशेष

कारण नभई एक पटकमा १० (दस) दिन भन्दा बढी अवधिको भ्रमण भत्ता लिएबाट विश्वविद्यालयलाई थप नोक्सान भएको रकम रु.२,७२,०२५।- अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ क. बमोजिम निज उपकुलपति आचार्य पूर्ण चन्द्र ढुंगेलबाट असूल गर्न आयोगको मिति २०६१।८।३ को निर्णयानुसार महेन्द्र संस्कृत विश्वविद्यालयलाई लेखी पठाईयो । आयोगको उक्त मिति २०६१।८।३ को निर्णयानुसार नै उपकुलपति आचार्य पूर्ण चन्द्र ढुंगेल र निजका पत्नीहरुको नाममा रहेको घर जग्गा माथि उल्लेखित रकम असुल भएको जानकारी नआएसम्म रोक्का राख्नका लागि भूमिसुधार तथा व्यवस्था मन्त्रालय र निजहरुका नाममा रहेको बैंक खाता एवं लकर रोक्का राख्न नेपाल राष्ट्र बैंकलाई समेत लेखी पठाईयो । त्यस्तै नियम विपरित सहायक प्रशासक पदमा नियुक्त गरिएका सावित्री रिमाललाई नोकरीबाट हटाउने र कार्यालय प्रमुख र शाखा प्रमुख पदमा बाहेक टाइपिष्ट लगायत अन्य पदमा कायम मुकायम मुकरर गरिएका प्रेम बहादुर चित्रकार, कृष्ण प्रसाद लामिछाने र निमा डि.सी. समेतका पदाधिकारीहरुलाई साविक पदमा फिर्ता गर्ने समेतका नियम सम्मत प्रक्रिया पुरा गरी दुष्परिणाम सच्याउन समेत आयोगको उपर्युक्त मिति २०६१।८।३ को निर्णयानुसार महेन्द्र संस्कृत विश्वविद्यालयलाई लेखी पठाईयो । साथै उपकुलपति आचार्य पूर्ण चन्द्र ढुंगेलले महेन्द्र संस्कृत विश्वविद्यालयलाई हानी र आफु तथा आफन्तहरुलाई फाइदा पुऱ्याउने उद्देश्यले उपरोक्त बमोजिम गैर कानूनी कार्य गरेको पुष्टि हुन आएकोले श्री ५ महाराजाधिराज सरकारका हजुरमा सम्माननीय प्रधानमन्त्री मार्फत उल्लेखित निर्णयको व्यहोरा जाहेर गर्ने प्रयोजनका लागि निर्णयको जानकारी प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा समेत आयोगको उपर्युक्त मिति २०६१।८।३ को निर्णयानुसार पठाइयो ।

४०. बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्को ऐन नियम विपरित योग्यता नपुगेका व्यक्तिलाई सो परिषद्को कार्यकारी निर्देशक पदमा नियुक्ति दिएको भन्ने उजूरीहरुका सम्बन्धमा अनुसन्धान गर्दा बृहत्तर जनकपुर क्षेत्र विकास परिषद् नियमावली, २०५८ को नियम ११.१ (ग) अनुसार सो परिषद्को कार्यकारी निर्देशकको नियुक्तिको लागि कुनै सरकारी वा श्री ५ को सरकारको स्वामित्व भएको संगठित संस्थामा व्यवस्थापन सम्बन्धी काम गरेको १० (दश) वर्षको अनुभव हुनु पर्ने प्रावधान रहेको र बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्को ऐन, २०५५ को दफा १७ (२) अनुसार कम्तिमा रात्रपत्रांकित द्वितीय श्रेणीको कुनै अधिकृतलाई बढीमा ३ (तीन) महिनाको लागि श्री ५ को सरकारले काजमा खटाउन सक्ने व्यवस्था रहेको र निजामती सेवा ऐन, २०४९ को दफा १८ क. को उपदफा (२) बमोजिम सामान्यत: एक आर्थिक वर्षको लागि काजमा खटाउने सहमति दिने प्रचलन अनुरुप २०६१ साल असार मसान्तसम्मको लागि काज खटाउन सहमति दिने गरी मिति २०६०।१२।२७ मा सामान्य प्रशासन मन्त्रालयले पहिलो पटक निर्णय गरेपछि पुन: संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयवाट फोन मार्फत विशेष आग्रह गरिएको भन्ने आधारमा ४ (चार) वर्षको लागि काज सहमति दिने गरी मिति २०६०।१२।३१ मा दोस्रो पटक निर्णय गरी निजामती सेवा रा.प.तृतीय श्रेणीको शाखा अधिकृत पदमा कार्यरत अम्बिका प्रसाद अधिकारीलाई काजमा खटाउन सहमति दिएको देखियो । यसरी भएको काम कारवाही प्रचलित ऐन नियम अनुसार नदेखिएकोले यस सम्बन्धमा उपयुक्त व्यवस्था गर्न आयोगको मिति २०६१।८।९ को निर्णयानुसार सम्बन्धित मन्त्रालयमा लेखी पठाइयो ।

४१. कर कार्यालय धरान अन्तर्गतका करदाता सुन्दर उदासले लवकुस स्टील फर्निचर र रश्मी गिफ्ट हाउसको नामबाट कारोवार गरी ७/८ वर्ष देखि राजश्व दाखिला नगरी धरान न.पा.-४ मा भएको आफ्नो र श्रीमतीको नामको डेढ करोड मूल्य पर्ने घर जाल साज गरी मालपोत कार्यालय चावहिलबाट मिति २०५१।१०।१२ मा कृष्ण अग्रवाललाई वकसपत्र पास गरी निजहरु फरार रहेकाले निजहरुबाट राजश्व असूल गर्ने तर्फ कारवाही होस् भनि आयोगमा परेको उजूरी उपर अनुसन्धान गर्दा उजूरीमा उल्लेखित व्यक्ति सुन्दर उदासले आफुले चुक्ता गर्नुपर्ने आयकर छल्ने उद्देश्यले नजिकको मालपोत कार्यालय इनरुवा, सुनसरीको सट्टा मालपोत कार्यालय, काठमाडौं चावहिलमा वकसपत्र लिखत पास गरेको देखियो । निजले बुझाउनु पर्ने निर्धारित आयकर रु. ६१,०६,९२२।०८ वक्यौता रहेकै अवस्थामा मालपोत कार्यालय, चावहिलबाट लिखत पास भएतापनि सो जग्गा दा.खा. नहुँदै कर कार्यालय धरानको मिति २०५१।१०।१३ को पत्रले उक्त घर जग्गा रहेको कि.नं.२० र २१ का जग्गा र घर रोक्का रहेको भनी मालपोत कार्यालय सुनसरीको मिति २०६०।१०।२० को पत्रमा उल्लेख भएको देखिन्छ । मालपोत कार्यालय चावहिल काठमाडौंमा पारित लिखत बमोजिम सम्बन्धित मालपोत कार्यालयमा दा.खा. हुनु अगावै घर जग्गा रोक्का भैसकेको देखिएको हुँदा सो सम्पत्तिबाट कानून बमोजिम सरकारी बाँकी कर रकम असूल उपर गर्न कानूनले वाधा नपुऱ्याउने हुँदा प्रचलित कानून बमोजिम रोक्का रहेको सम्पत्ति लिलाम विक्री गरी आय कर रकम असूल उपर गर्न आयोगको मिति २०६१।९।१ को निर्णयानुसार सम्बन्धित कार्यालयमा लेखी पठाईयो ।

४२. गैर नेपाली नागरिक जम्पाबहादुर लामा र ग्याल्छन तामाङलाई जिल्ला प्रशासन कार्यालय, काठमाण्डौका कर्मचारीहरु समेतको मिलेमतोमा नेपाली नागरिकता र राहदानी बनाई भ्रष्टाचार जन्य कसूर गरेको भन्ने उजूरी उपर अनुसन्धान गर्दा जम्पाबहादुर लामा र ग्याल्छन तामाङले झुठो विवरणको आधारमा नेपाली नागरिकताको प्रमाण पत्र प्राप्त गरी सोही नागरिकताको प्रमाण पत्रको आधारमा नेपाली राहदानी समेत लिएको देखिएको प्रस्तुत केशमा निजहरुले आफू नेपाली नागरिक भएको भनी नेपाली नागरिकताको प्रमाण पत्र प्राप्त गरेको आधारभूत नाता सम्बन्ध सो बमोजिमको नभई खण्डन भएको देखिएको र निजहरुले अन्य कुनै ब्यहोराले आफू नेपाली नागरिक भएको दावी लिन नसकेको समेत आधारमा जम्पाबहादुर लामा र ग्याल्छन तामाङ गैर नेपाली नागरिक भएको प्रमाणित भएको छ । जम्पाबहादुर लामा र ग्याल्छन तामाङ लगायत निजहरुलाई नेपाली नागरिकताको प्रमाण पत्र दिलाउन सहयोग गर्ने शंकर लामा, सानु तामाङ र सूर्यबहादुर तामाङ साथै सिफारिश गर्ने बोधनाथ कैनी र तेजनारायण पञ्जियार (मृत्यू भै सकेको) समेतका विरुद्ध 'सरकारी छाप दस्तखत कीर्ते' र 'झुट्टा विवरण पेश गरी नेपाली नागरिकता र राहदानी लिएको' भन्ने विषयमा जिल्ला अदालत काठमाण्डौमा मुद्दा दर्ता भै सकेको देखिएकोले निजहरुको हकमा थप केही गरिरहनु परेन । नेपाली नागरिकता नं. १०४४९ जारी मिति २०५६।११।२७ बमोजिमको जम्पाबहादुर लामाको नामको सक्कल नागरिकता र नेपाली नागरिकता नं. ३०२९ जारी मिति २०५८।५।२५ बमोजिमको ग्याल्छन तामाङको नामको सक्कल नागरिकता प्रचलित कानून बमोजिम बदर गर्ने तर्फ आवश्यक कार्यवाही गर्न आयोगको मिति २०६१।९।१ को निर्णयानुसार गृह मंत्रालयमा लेखी पठाईयो । त्यसै गरी नेपाली राहदानी नं. ११६५६६६ जारी मिति १४।०३।२००० बमोजिमको जम्पाबहादुर लामाको नामको सक्कल राहदानी र नेपाली राहदानी नं. १४५४३०१ जारी मिति १०।०९।२००१ बमोजिमको ग्याल्छन

तामाङको नामको सक्कल राहदानी प्रचलित कानून बमोजिम बदर गर्न आयोगको सोही मिति २०६१।९।१ को निर्णयानुसार पररा‍ष्ट्र मंत्रालयमा लेखी पठाईयो । जम्पाबहादुर लामा र ग्याल्छन तामाङको नामको सक्कल नागरिकताहरु बदर गर्न गृह मंत्रालयमा पठाइएको र सक्कल राहदानीहरु बदर गर्न पररा‍ष्ट्र मंत्रालयमा पठाइएको ब्यहोराको जानकारी जिल्ला सरकारी वकिलको कार्यालय, काठमाण्डौ मार्फत काठमाण्डौ जिल्ला अदालतलाई समेत दिईयो ।

४३. राजनीतिमा महिला सहभागिताको अभिबृद्धि नामक गैरसरकारी संस्थामा कार्यरत अनामिका राई, सुस्मिता सुब्बा, जितेन्द्र तामाङ र दिपेन्द्र तामाङ नामक ब्यक्तिहरु भारत दार्जिलिङ्ग निवासी भारतीय नागरिकहरु भएको र निजहरुले रुपैयाँ धनको दुरुपयोग गरी जिल्ला प्रशासन कार्यालय, काठमाण्डौंबाट नेपाली नागरिकताको प्रमाणपत्र लिएको सम्बन्धमा परेको उजुरी उपर अनुसन्धान गर्दा गैर नेपाली नागरिक दिपेन्द्र तामाङको नाममा नेपाली नागरिकताको प्रमाण पत्र जारी गर्न सिफारिश गर्ने बन पैदावार विकास समितिका प्रशासकीय अधिकृत ओमराज पुरी, निज दिपेन्द्र तामाङ र गैर नेपाली नागरिक जितेन्द्र तामाङको नाममा नेपाली नागरिकताको प्रमाण पत्र जारी गर्न मिल्ने भनी टिप्पणी उठाउने जिल्ला प्रशासन कार्यालय, काठमाण्डौकी तत्कालिन ना.सु. कमला रेग्मी, गैर नेपाली नागरिक दिपेन्द्र तामाङको हकमा सोही टिप्पणी निर्णयार्थ पेश गर्ने सोही कार्यालयका तत्कालिन सहायक प्रमुख जिल्ला अधिकारी गोविन्द खनाल र गैर नेपाली नागरिक जितेन्द्र तामाङको हकमा सोही टिप्पणी निर्णयार्थ पेश गर्ने सोही कार्यालयका तत्कालिन प्रशासकीय अधिकृत प्रदिपराज कंडेलको हकमा आयोगबाट गैरनेपाली ब्यक्तिहरुलाई घुस रिसवत लिई नेपाली राहदानी जारी गरेको अभियोगमा विशेष अदालत काठमाण्डौमा मिति २०६१/१/१४ मा भ्रष्टाचार मुद्दा दायर भै निलम्बनमा रहेको देखिएकोले प्रस्तुत अनुसन्धानको निजहरु संग सम्बन्धित अंश हाललाई मुल्तबीमा राखी सुस्मिता सुब्बा, दिपेन्द्र तामाङ र जितेन्द्र तामाङ अनुसन्धानबाट गैरनेपाली नागरिक भएको प्रमाणित भएको, यसै गरी सुस्मिता सुब्बासंगै एका मितिमा वंशजको आधारमा एकै प्रकारका कागज पेश गरी नेपाली नागरिकता लिने निजकी वहिनी बिन्नी सुब्बा समेत स्वत गैरनेपाली नागरिक भएको देखिएकोले निजहरु सुस्मिता सुब्बा, बिन्नी सुब्बा, दिपेन्द्र तामाङ र जितेन्द्र तामाङको नेपाली नागरिकताको प्रमाणपत्र प्रचलित कानून बमोजिम रद्ध गर्न आयोगको मिति २०६१।९।१ को निर्णयानुसार सुस्मिता सुब्बाको सक्कल नागरिकता सहित आवश्यक कागजात संलग्न राखी गृह मन्त्रालयमा लेखी पठाईयो । त्यसै गरी सुस्मिता सुब्बा र दिपेन्द्र तामाङ गैर नेपाली नागरिक भएको प्रमाणित भएकोले सुस्मिता सुब्बाको नामको नं. १४५४३९६ जारी मिति ११।०९।२००१ को सक्कल राहदानी र दिपेन्द्र तामाङको नं. १५१७५६२ जारी मिति ०५।०२।२००२ को राहदानी प्रचलित कानून बमोजिम रद्द गर्न समेत आयोगको मिति २०६१।९।१ को निर्णयानुसार पररा‍ष्ट्र मन्त्रालयमा लेखी पठाईयो ।

४४. जिल्ला शिक्षा कार्यालय, ताप्लेजुङ्गका तत्कालीन शाखा अधिकृत लय प्रसाद निरौला र शिक्षक मान बहादुर गौतम समेतले किर्ते लिखत तयार गरी/गराई सञ्चित भएको भन्दा वढी अवधिको विदाको रकम दिए लिएको, निवेदन दिनुभन्दा अगावैको मितिमा बसाई सरेको प्रमाणित गरी दुर्गम भत्ता दिए लिएको र वास्तविक मिति भन्दा अगावैको किर्ते नियुक्ति पत्र तयार गरी/गराई वढी रकम निवृत्तीभरण दिए, लिए भन्ने सम्बन्धमा

अनुसन्धान गर्दा हाल कञ्चनजङ्गा नि.मा.वि., याम्फुदिन, ताप्लेजुङ्गका शिक्षक मान बहादुर गौतमले बसाई सराईको प्रमाण सहित निवेदन पेश गर्नु भन्दा अगाडी देखि नै दुर्गम भत्ता वापतको रकम अनुचित रुपमा लिएबाट श्री ५ को सरकारलाई नोक्सान हुन गएको रु.४५,९१३।- निज गौतमबाट असूल गर्न र अवकाश प्राप्त शिक्षक अनन्तराम खतिवडाले शाखा अधिकृत लय प्रसाद निरौला समेतको अनुचित मिलेमतोमा वास्तविक नियुक्ति मिति भन्दा अगाडीको नक्कली नियुक्ति पत्र बनाई वढी रकम निवृत्तीभरण भुक्तानी लिएको र पाउने भन्दा वढी विरामी विदा सञ्चित भएको गलत लिखत तयार पार्दा श्री ५ को सरकारलाई नोक्सानी हुन गएको रु.१७,९४८।७० निज खतिवडाबाट असूल गर्न र निजले वास्तविक नियुक्ति मिति (२०३५ साल) भन्दा अगावै (२०३० साल) को नियुक्ति पत्र आफैले किर्ते तयार गरी निवृत्तिभरण बढी लिए खाएको देखिंदा नियुक्ति मिति तदनुरुप कायम गरी सो दुस्परिणाम समेत सच्याउन आयोगको मिति २०६१।९।२ को निर्णयानुसार अख्तियारवालालाई लेखी पठाईयो ।

४५. सुकुलढोका अन्तर्गत केदारेश्वर महादेव गुठीको तैनाथी जग्गामा अनधिकृत व्यक्तिहरुलाई गुठी संस्थानका कर्मचारीहरुको मिलोमतोबाट मोहियानी हक कायम गराउने प्रपञ्च गरेको र अदालतको म्याद समेत गायव गराएको भन्ने सम्बन्धमा अनुसन्धान गर्दा गुठी संस्थान अन्तर्गत केदारेश्वर महादेव गुठीका जग्गाहरु महन्त क्षेत्र वहादुर पुरीले विभिन्न व्यक्तिका नाममा वाली वुझेको भपाई दिई मोही भएको प्रमाण सृजना गरिदिएको र गुठी संस्थानले ती व्यक्तिका नाममा मोही कायम गर्न नमिल्ने भनी निर्णय गरेपछि सो निर्णय विरुद्ध मोहीयानी कायम गराई पाउँ भनी गेहेन्द्र मल्ल, किरण शाह, बल ब. मल्ल समेतले का.जि.अ. मा दायर गरेको मुद्दामा अदालतबाट फेरादी वादीहरुलाई सहयोग पुग्ने प्रकृतिका झुट्टा व्यहोराका कागजात पठाईएको समेतका प्रमाणका आधारमा गुठी संस्थानको निर्णय वदर भै निवेदक फेराद पत्रवालाको नाममा मोहीयानी कायम गरी दिने गरी फैसला भएको देखिन्छ । का.जि.अ. बाट भएको मिति २०५५।१०।११ को फैसलाको आधारमा मोहीयानी हक कायम भैसकेको नदेखिएको र गुठी संस्थानलाई तत्काल हानी नोक्सानी परीसकेको स्थिति देखिंदैन । अतः गेहेन्द्र बहादुर मल्ल, बल बहादुर मल्ल र श्रीमती किरण शाह समेतले मोही पूर्जा पाउँ भनी गुठी संस्थानमा दिएको निवेदनका सम्बन्धमा निर्णय हुन बाँकी नै रहेको देखिएको र दावी गरेका जग्गाको वर्तमान स्थिति वारे बुझ्दा कतिपय जग्गा नदीमा, वाटोमा र कतिपय जग्गा मार्जिन ग्यापमा परी दर्ता हुन नसक्ने अवस्थामा रहेका भन्ने समेत मालपोत कार्यालयको पत्रबाट देखिन आएको र कतिपय जग्गा गुठीका नाममा दर्ता हुन बाँकी नै रहेको समेत देखिनाले गुठी संस्थान ऐन, २०३३ को दफा ३९ बमोजिम जे जस्तो गर्नुपर्ने निर्णय गरी यस आयोगमा ३ (तीन) महिना भित्र जानकारी गराउन आयोगको मिति २०६१।९।२ को निर्णयानुसार गुठी संस्थान, केन्द्रीय कार्यालयलाई लेखी पठाईयो ।

४६. काठमाडौं जिल्ला साविक बानेश्वर महादेवस्थान वडा नं. ५ कि.नं.१४३ क्षेत्रफल २३-०-० (तेइस रोपनी) मध्ये सर्वोच्च अदालतको फैसला अनुसार ०-४-०-० (चार आना) जग्गा गौरीशंकर गुठीको नाउँमा दर्ता हुने भएकोले आयोगवाट रहेको रोक्का फुकुवा हुने नहुने खुलाई पठाई दिन भनि मालपोत कार्यालय, काठमाडौंवाट ०६०।७।१९ मा लेखि आएको सम्वन्धमा आयोगवाट २०५९।५।११ मा रोक्का रहेको उक्त कि.नं. १४३ को २३-०-० (तेइस

रोपनी) जग्गा मध्येवाट सर्वोच्च अदालतको ०५७।२।३२ को फैसला र ०६०।५।१६ को संसोधित फैसला अनुसारको ०-४-०-० जग्गा फुकुवा हुनुपर्ने देखिंदा सो जग्गा फुकुवा गरिदिन आयोगको मिति २०६१।९।५ को बैठकको निर्णयानुसार मालपोत कार्यालय, काठमाडौंलाई लेखी पठाईयो ।

४७. ब्लेसिङ्ग इन्टरनेशनलका प्रोप्राइटर विष्णु कुमार मित्तलले आयात प्रतीत पत्र नम्बर ३५।८६ बाट ६ जुन २००० (२०५७ जेष्ठ २४) मा भा.रु. ९०,००,०००।- (नब्बे लाख), आयात प्रतीत पत्र नम्बर ३५।८७ मिति ७ जुन २०००(२०५७ जेष्ठ २५) मा भा.रु. ७८,७५,०००।- (अठहत्तर लाख पचहत्तर हजार) गरी जम्मा भा.रु. १,६८,७५,०००।- को सुकेको खोर्सानी आयात गर्न र आयात प्रतीत पत्र नम्बर ३५।९३ मिति २० जुन २०००(२०५७ आषाढ ९) मा भा.रु. २५,९२,९६०।- को किटनाशक औषधि (केमिकल) हरु भारतबाट आयात गर्न राष्ट्रिय बाणिज्य बैंक पर्साबाट उक्त फर्मको नाममा तिनवटा प्रतीतपत्रबाट भा.रु. १,९४,६७,९६०।- को हुने रु. ३,११,४८,७३६।- रकम बराबरको आयात प्रतीतपत्र खोलेकोमा निज मित्तलले ट्रान्सपोर्ट कम्पनीसंग सौझै सम्पर्क राखी ट्रान्सपोर्ट कम्पनीले बैंकमा बुझाउनु पर्ने कागजात आफै बुझी लिई भन्सारबाट सामान छुटाई लगेको तर बैंकलाई प्रतीतपत्रको रु. ३,११,४८,७३६।- हालसम्म भुक्तानी नगरेको भन्ने सम्बन्धमा छलफल अनुसन्धान गर्दा जुनसुकै मुद्रामा भुक्तानी हुने गरी प्रतीतपत्रको माध्यमबाट भारतबाट आयात गरेका जुनसुकै सामानको सम्बन्धित बैंकबाट इन्डोर्स गराई मात्र जाँच पास गर्ने व्यवस्था कडाईका साथ लागु गर्न, भन्सार विभागका महानिर्देशकलाई लेखि पठाईयो भने बैंकलाई दिनुपर्ने कन्साइनमेन्टको कागजात आयात कर्तालाई दिने ट्रान्सपोर्ट कम्पनी माथि कानूनी कारवाही शुरु गरी आयोगलाई जानकारी दिन र ब्लेसिङ्ग इन्टरनेशनलका प्रोप्राइटर विष्णु कुमार मित्तलबाट असूल गर्नुपर्ने रकम प्रचलित कानून बमोजिम असूल उपर गर्न आयोगको २०६१।९।८ को निर्णयानुसार राष्ट्रिय बाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृतलाई लेखी पठाईयो ।

४८. नेपाल बैंक लिमिटेडमा ४३ वटा जेनेरेटर र ४३ वटा एअर कन्डिसनर प्रतिस्पर्धा गराई खरीद गर्दा वढी मूल्यको टेण्डर स्वीकृत गरी भ्रष्टाचार गरेकोले कारवाही गरी पाउँ भन्ने उजूरी उपर अनुसन्धान गर्दा जेनेरेटर खरीद गर्दा नेपाल बैंक लिमिटेडको आफैले प्रकाशित गरेको सिल्ड टेण्डरमा उल्लेख गरेको स्पेसिफिकेशन भन्दा भिन्नै किसिमको सामान खरीद गरेको देखियो । त्यस्तै एअर कन्डिसन खरीद गर्ने सम्झौता गरेको फर्मको विभिन्न ५ प्रकारका क्षमता उल्लेख गरिएको एअर कन्डिसनहरु मध्ये १.० मे. टन क्षमताको एअर कन्डिसनरको मूल्य दर कम देखिएको र अन्य ४ प्रकारका क्षमताका एअर कन्डिसनरहरुको हकमा अमूक मुलुकमा वनेको, अमूक ब्राण्डको र ग्राहक संख्या वढी भएको भन्ने जस्ता टेण्डर स्पेसिफिकेशन इतरका विषयगत आधारहरु लिई एउटा निश्चित ब्राण्ड र टेण्डरदाताको अनुकूल हुने गरी वढी मूल्य दर भएको फर्मसँग सामान आपूर्ति गर्न सम्झौता गरेकोबाट आफैले प्रकाशित गरेको सूचनाको प्रतिकूल समेत देखिएबाट उल्लेखित त्रुटीहरुलाई सच्याई आफैले प्रकाशित गरेको सूचनामा उल्लेखित स्पेसिफिकेशनका आधारमा र बैंक सम्बन्धी प्रचलित कानूनको रित पुऱ्याई सामान खरीद गर्न आयोगको २०६१।९।९ को निर्णयानुसार नेपाल बैंक लिमिटेडलाई लेखी पठाईयो ।

४९. सूर्य कन्सर्न प्रा.लि.बाट गैर कानूनी तरीकाले मोवाईल फोन सेट आयात हुंदा सूचना तथा संचार मन्त्रालय र भन्सार कार्यालय समेतबाट जानाजान यस्ता अनियमित काम कारवाहीलाई सुधार्नुको सट्टा सम्बद्ध पार्टीलाई हित हुने गरी काम गरेको भन्ने विषयको उजूरी सम्वन्धमा अनुसन्धान गर्दा सूर्य कन्सर्न प्रा.लि. काठमाण्डौको नाउमा थाई एयरलाइन्सको मिति २०६०।४।७ तदनुसार सन् २३ जुलाई २००३ को एयर वे विल नं. २१७–५२७३–२३२६ बाट मिति २०६०।४।८ मा त्रिभुवन विमानस्थल भन्सार कार्यालय, काठमाण्डौमा दाखिला भएको स्यामसुङ्ग मोवाइल थान ११९६ र नोकिया मोवाइल थान ३७० गरी जम्मा १५६६ एडप्टर सहितको मोवाईल फोन सेट निकाशी पैठारी (नियन्त्रण) ऐन २०१३ को दफा ३ को वर्खिलाप गरी आयात भएको देखिंदा अवैध किसिमले आयातित उक्त मोवाईल फोन कानून बमोजिम जफत गरी आयोगलाई जानकारी दिन आयोगको २०६१।९।१५ को निर्णयानुसार वाणिज्य विभागलाई लेखी पठाईयो ।

५०. शाखा अधिकृत कलानिधि पौडेलले विज्ञान तथा प्रविधि मन्त्रालयमा कानून अधिकृत पदमा कार्यरत रहँदा मन्त्रालयमा रुजु हाजिर रही विदा स्वीकृत नगराई कानून स्नातकोत्तर कोर्षको दिवा कक्षामा अध्यापन गराइने विषयमा अध्ययन गरी अनियमित काम गरेको सम्बन्धमा अनुसन्धान हुँदा केही निजामती कर्मचारीले विदा स्वीकृत नगराई कार्यालय समयमा अध्ययन गर्ने गरेको पाईएको, यस विषयमा २०६१ कार्तिक १८ गते यस आयोगमा सम्बन्धित उच्च अधिकृतहरुको सहभागितामा छलफल भई यस समस्यालाई शीघ्र व्यवस्थित गर्ने प्रतिवद्धता व्यक्त भएको सम्बन्धमा नियमानुसार विदा व्यवस्था नमिलाई कार्यालय समयमा अध्ययन गर्ने विकृति रोक्ने तर्फ आवश्यक र उचित व्यवस्था गर्न श्री ५ को सरकार कानून न्याय तथा संसदीय व्यवस्था र सामान्य प्रशासन मन्त्रालयलाई आयोगको मिति २०६१/९/१५ अनुसार लेखी पठाइएको ।

५१. राष्ट्रिय खेलकुद परिषद्का भलिबल प्रशिक्षक डा. प्रकाश प्रधानलाई अध्ययन विदाको अवधिको भनी अनियमित रुपमा पकेट खर्च उपलब्ध गराएको भन्ने उजूरीका सम्बन्धमा अनुसन्धान गर्दा निज प्रधान अध्ययन विदामा रहंदा पकेट खर्च उपलब्ध गराउन सकिने कुनै नियम नभएको अवस्थामा अध्ययन विदा स्वीकृत गरिएको र २०५० सालमा बनेको आर्थिक नियमले पनि त्यस किसिमको पकेट खर्च दिन सकिने व्यवस्था नगरेको भन्ने राष्ट्रिय खेलकुद परिषद्बाटै खुल्न आएको हुँदा यसरी नियमले दिनै नमिल्ने पकेट खर्च उपलब्ध गराएको देखिदां डा.प्रकाश प्रधानलाई अध्ययन विदाको पकेट खर्च भनी उपलब्ध गराएको र महालेखा परीक्षकको प्रतिवेदनले असूल हुनु पर्ने भनी औंल्याएको उक्त रकम रु.३,३३,८३०।- अविलम्ब असूल उपर गरी गराई आयोगलाई जानकारी गराउन आयोगको २०६१।९।१६ को निर्णयानुसार राष्ट्रिय खेलकुद परिषद्लाई लेखी पठाईयो ।

५२. भंसार चोरी पैठारी गरी आयात गरिएका र विभिन्न भंसार कार्यालयमा रहेका २०४ वटा सवारी साधनहरु मध्ये २४ थान सवारी साधनहरु शुरुमा यातायात व्यवस्था कार्यालय, सेतीमा गैरकानूनी रुपमा दर्ता गरी भ्रष्टाचारजन्य कसूर गरे भन्ने सम्बन्धमा अनुसन्धान गर्दा रा. १ ज १५६ नं समेतका २४ थान महेन्द्रा जीपहरु भवानीप्रसाद भुषाल, ऋषिराम खरेल र दयाराम यादव समेतले सडक विभाग, हेभी इक्यूप्मेन्ट डिभिजन, बुटवल र यातायात व्यवस्था कार्यालय, बागमती अंचलका पत्रहरु सरकारी छाप दस्तखत कीर्ते गरी तैयार गरेको देखिएकोले निजहरुका विरुद्ध सरकारी छाप दस्तखत कीर्ते गरेको सम्बन्धमा

कानून बमोजिम कारवाही गर्न मिसिलको प्रमाणित प्रतिलिपि सम्बन्धित निकायमा पठाउने, उक्त २४ थान जिपहरु चोरी पैठारी भई, कीर्ते लिलामी देखाई दर्ता गरेको देखिएकोले ती जिपहरु र जिप चोरी पैठारी गर्ने भवानीप्रसाद भुषाल, ऋषिराम खरेल र दयाराम यादव समेतका बिरुद्ध प्रचलित भंसार ऐन बमोजिम आवश्यक कारवाही गर्न हाल उक्त जिपहरु रहेका भैरहवा, कृष्णनगर र नेपालगंज भन्सार कार्यालयलाई लेखी पठाउनका साथै उक्त जिपहरु चोरी पैठारी भई कीर्ते लिलामीको आधारमा दर्ता भएको देखिएकोले प्रचलित भंसार ऐन बमोजिम आवश्यक कारवाही गर्न सम्बन्धित भंसार कार्यालयहरुमा लेखी पठाएको जानकारी उक्त जिपका हाल कायम भएका अन्तिम सवारी धनीहरुलाई दिनका लागि समेत भंसार विभागमा लेखी पठाउन आयोगको मिति २०६१।९।२० को बैठकबाट निर्णय भयो ।

५३. जिल्ला शिक्षा कार्यालय, वाराले स्वीकृत दरवन्दीभन्दा बढी संख्यामा शिक्षक नियुक्ति/सरुवा गरेको भन्ने सम्बन्धमा छानविन गर्दा शिक्षा ऐन, नियमावली तथा निजामती सेवा ऐन, नियमावलीको वर्खिलाप गरी नियम विपरीत दरवन्दीभन्दा बढी ७६ जना शिक्षकहरु नियुक्त गरेको, १० जनालाई दरवन्दी नभएको ठाउँमा जिल्लान्तर सरुवा गरेको र यसबाट रु.२८,१६,७००।- सरकारी रकम असूल उपर गर्न म.ले. प.बाट वेरुजु समेत भएको भन्दै यस विषयमा जिल्ला शिक्षा कार्यालय, वाराका जि.शि.अ.बल बहादुर परियार, प्रा.स.राजेश्वर प्रसाद चौरासिया र लेखापाल रिट्ठे दर्जीको संलग्नता रहेको समेत ठहर गरी निजहरुसँग स्पष्टिकरण माग भए बमोजिम स्पष्टिकरण समेत प्राप्त भए पछि ऐन, नियम बमोजिम उक्त कारवाहीको टुंगो अख्तियारवाला आफैले लगाउनु पर्नेमा कारवाहीको लागी सिफारीस साथ भनि आयोगमा पठाएको उचित भएन । कानून वमोजिम कारवाही गर्न/गराउन कुनै वाधा अड्चन परेको कुरा पनि कहीं कतैबाट खुल्न आएन । तसर्थ यस विषयमा रकम कलम असुल उपर लगायत सम्पूर्ण आवश्यक कारवाही अख्तियारवालाबाटै गरि त्यसको जानकारी ३ (तीन) महिना भित्र आयोगलाई समेत दिन आयोगको मिति २०६१।९।२० को निर्णयानुसार सम्बन्धित सचिवलाई लेखी पठाईयो ।

५४. बा. १ ज २३८८ नम्वरको भाडा कार गैर कानूनी रुपमा यातायात व्यवस्था कार्यालय, बागमतीमा दर्ता गरी भ्रष्टाचार गरे भन्ने सम्बन्धमा अनुसन्धान गर्दा बा. ३ च ३३८५ नम्बरको निजी कारलाई नियम विपरित पुरानो मिति राखी बा. १ ज. २३८८ नम्बरमा दर्ता गरेको विषयलाई कानून वमोजिम सच्याउने तर्फ आवश्यक कार्यवाही गर्न र उक्त भाडा कार दर्ता गर्न प्रयोग भएको नगदी रसिदसंगैका सि.नं. ३९०२७० देखी ३९०२९० सम्मका रसिदहरु समेत सवारी साधनको नम्बर र प्रयोजन नलेखिकनै काटिएकोले उक्त रसिदहरु समेत यस्तै प्रकृतिका सवारी साधनहरु दर्ता गर्नमा प्रयोग भएको हुन सक्ने सम्बन्धमा छानविन गरी आवश्यक कारवाही गर्न र नतिजा यस आयोगमा पठाउन आयोगको मिति २०६१।९।२० को निर्णयानुसार सम्बन्धित कागजातहरु श्रम तथा यातायात व्यवस्था मंत्रालयमा पठाईयो ।

५५. बा. १ ज ५१३६ नम्वरको भाडा कार गैरकानूनी रुपमा यातायात व्यवस्था कार्यालय, बागमतीमा दर्ता गरी भ्रष्टाचार गरे भन्ने सम्बन्धमा अनुसन्धान गर्दा उक्त बा. १ ज ५१३६ नम्वरको भाडा कार पैठारी भएको भनि उल्लेख गरिएको बीरगंज भंसार कार्यालयको प्रज्ञापन पत्र नम्वरबाट सो बमोजिमको सवारी साधन पैठारी नभई अन्य सामान पैठारी भएको देखिएबाट उक्त सवारी साधन गैरकानूनी रुपमा पैठारी भएको स्थापित हुन आयो ।

उक्त सवारी साधन दर्ता गराउने कार्यमा संलग्न मुख्य व्यक्ति इस्लाम मुद्धिनले उक्त सवारी साधन दर्ता गर्न अजित कुमार लामा भन्ने व्यक्ति खडा गरी निजको नाममा शुरु दर्ता गराई निज अजित कुमार लामाको नामबाट बिक्रि गरी गराई जयन्द्रकुमार श्रेष्ठको नाममा नामसारी दर्ता गरेको र नामसारी गर्न आफ्नो सहयोगी भिमप्रसाद झाले कागजात तैयार गरेको भन्ने कुरा निजहरु इस्लाम मुद्धिन र भिमप्रसाद झाको वयान समेतबाट देखिएकोले सो बा. १ ज ५१३६ नं. को भाडा कार अवैध पैठारी भएको भन्ने कुरा देखिन आयो । अतः यस सम्बन्धमा प्रचलित भंसार ऐन अनुसार आवश्यक कारवाही गरी २ महिना भित्र आयोगमा नतिजा पठाउन सम्बन्धित कागजात, पक्राउ परी आयोगमा दाखिल भएको उक्त भाडा कार र आयोगको तारिखमा रहेका इस्लाम मुद्धिन तथा भिमप्रसाद झालाई त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल भंसार कार्यालय, सिनामंगलमा पठाउने र सोही ब्यहोराको जानकारी उक्त सवारी साधनको वर्तमान अवस्थामा सवारी दर्ताको कागजातमा जनाई राखेको सवारी धनीलाई दिन आयोगको मिति २०६१।९।२० को बैठकबाट निर्णय गरियो ।

५६. लुम्बिनी अंचल अस्पतालको स्वामित्वमा रहेको वुटवल न.पा. वडा नं. ७ हाट वजार स्थित श्री ५ को सरकारको सडक डिभिजनको नाममा रहेको ८ कट्ठा जमिन क्याविनेटको निर्णयले लुम्बिनी अंचल अस्पतालले उपभोग गर्दै आएको ५ करोड पर्ने सरकारी जग्गा नितान्त व्यक्तिगत र व्यापारिक उद्देश्यले खोलिएको निजि क्याम्पसलाई हस्तान्तरण गरिएको, अस्पतालको सटरहरु खुला प्रतिस्पर्धा नगराई निर्माण गरी भाडामा दिने गरेको मिले मतोमा निर्माण भएका कच्ची टहरा हटाइयोस्, औषधि खरीद गर्दा विना टेण्डर खरीद गरेको, गरीव असहायका नाममा खोलिएका खाताको रकम हिना मिना गरेको, कर्मचारी भर्ना गर्दा घूस लिने गरे भनी पर्न आएका उजुरीहरुका सम्बन्धमा अनुसन्धान गर्दा आयोगको मिति २०६१।१०।२७ को बैठकबाट देहाय बमोजिम सम्बन्धित निकायहरुमा लेखी पठाउने निर्णय भयो :-

(अ) श्री ५ को सरकारको २०५०।३।३ को निर्णयले साविक श्री ५ को सरकार, सडक डिभिजन कार्यालय, वुटवलले उपयोग गरेको जग्गा लुम्बिनी अंचल अस्पताललाई उपलब्ध गराइएकोमा श्री ५ को सरकार, भौतिक योजना तथा निर्माण मन्त्रलायको सचिव स्तरको मिति २०५८।८।१२ को निर्णय अनुसार निजि स्तरको सिद्धार्थ गौतम वुद्ध क्याम्पसलाई अस्थाइ उपयोग गर्न दिने निर्णय भै उक्त सरकारी जग्गामा उक्त क्यापसले आफ्नै लगानीमा १२ कोठाको दुई तले भवन समेत निर्माण कार्य गरी क्याम्पस संचालन गर्दै आएको देखियो । उक्त क्याम्पस निजिस्तरको रहेता पनि सो क्याम्पसको विधिवत रुपमा आफ्नै संचालक समितिको गठन गरेको, क्याम्पस भवन निर्माणमा सर्वसाधारणको समेत सहभागितामा आर्थिक तथा भौतिक सहयोग समेत जुटाएको देखिएको, उच्च माध्यमिक शिक्षा परिषदबाट प्राइभेट क्याम्पसको रुपबाट अध्यापन गर्न पाउने गरी अस्थायी सम्वन्धन प्राप्त गरी त्रिभुवन विश्व विद्यालयबाट समेत निजी क्षेत्रमा क्याम्पस संचालन गर्न अनुमति प्रदान गरेको र विश्व विद्यालय अनुदान आयोगबाट अनुदान समेत प्राप्त गरेको देखिएबाट उक्त क्याम्पस निजिस्तरको भए तापनि सार्वजनिक

चरित्रको हो भन्ने कुरा पुष्टी हुन आएको । उक्त क्याम्पस सार्वजनिक गैर नाफा मूलक तथा विना शेयरको संस्थाको रुपमा रहेको भन्ने कुरा जिल्ला प्रशासन कार्यालय रुपन्देहीको च.नं. २७४० मिति २०६१।१०।६ को पत्रबाट समेत देखिन आएकोले यस सम्बन्धमा वस्तुस्थितिलाई विचार गरी आवश्यक कारवाही गर्न सम्बन्धित मन्त्रालयमा लेखी पठाईयो ।

(आ) वुटवल नगरपालिका वडा नं. ७ हाटवजारस्थित साविक सडक डिभिजन कार्यालयको नाममा रही श्री ५ को सरकारको मन्त्रीस्तरको २०५०।३।३ को निर्णयबाट लुम्बिनी अंचल अस्पताललाई उपलब्ध गराइएको भनिएको जग्गा मालपोत कार्यालय रुपन्देहीको च.नं. ६३२२ मिति २०६१।१०।२६ को पत्रमा सो जग्गा हाल कुनै निकायको नाममा दर्ता नदेखिएको भनी जवाफ प्राप्त हुन आएकोले सरकारी जग्गा भनी लेखापढी हुँदै आएको जग्गा हालसम्म विना दर्ता भोग चलन हुँदै आएको देखिएकोले मालपोत ऐन, २०३४ को दफा २४ (३) अनुसार श्री ५ को सरकारको नाममा उक्त जग्गा दर्ता गरी ३ महिना भित्र आयोगमा जानकारी पठाउन मालपोत कार्यालय रुपन्देहीमा लेखी पठाईयो ।

(इ) लुम्बिनी अंचल अस्पताल हाताभित्र संचालित विभिन्न ७२ वटा सटरहरु र खाली रहेको जग्गामा विभिन्न टहराहरु निर्माण गरी भाडामा लगाउँदा विना प्रतिस्पर्धा भाडामा लगाई व्यापक अनियमितता भएको, अस्पतालको लागि औषधि खरीद गर्दा विना टेण्डर खरीद गर्ने गरेको, गरिव असहायका नाममा खोलिएको खाताको रकम तजविजिरुपमा अर्कै शिर्षकमा खर्च गर्ने गरेको, कर्मचारी भर्ना गर्दा रकम अशुल गरी भर्ना गरेको, इन्डोस्कोपी मेसिन खरीद गर्दा भ्रष्टाचार गरेको, अस्पतालको जग्गा नापी गरेको भनी टिप्पणीको आधारमा मात्र खर्च गर्ने गरेको भनी परेको उजूरीका विषयमा छानविन हुँदा उल्लेखित विषयहरुमा अस्पताल प्रशासनबाट गरिएका कामहरु चुस्त दुरुस्त किसिमबाट भए गरेको नदेखिएकोले आइन्दा निम्न प्रकृतिका गल्ती, त्रुटीहरुलाई सच्याई ऐन, नियम र लुम्बिनी अंचल अस्पताल (गठन) आदेश २०४५ ले निर्दिष्ट गरेका मापदण्डहरुलाई अनिवार्य रुपमा अवलम्वन गर्नु, गराउनु भनी श्री ५ को सरकार, स्वास्थ्य मन्त्रालयका सचिवलाई लेखी पठाउने ।

(क) लुम्बिनी अंचल अस्पताल परिसरमा निर्माण भएका साना ठूला गरी विभिन्न ७२ वटा सटरहरुको अधिकांश सटरहरुको सम्झौता म्याद सकिएको देखिंदा ती सटरहरु अब आइन्दा सम्झौता म्याद थप गर्दा न्यूनतम भाडादर तोकी खुल्ला प्रतिस्पर्धाको आधारमा मात्र सटर भाडामा लगाउने व्यवस्था गर्ने ।

(ख) गरिब र असहाय विरामीहरुको लागि सरकारी तवरबाट उपलब्ध गराइने निःशुल्क उपचार तथा औषधि वितरण, एक्सरे ल्याब, भर्ना बेड तथा अप्रेशन आदिमा हुने

खर्चहरुको रेकर्ड नराखी तजविजी खर्च गर्ने गरेको देखिएकोले त्यस्ता खर्चको व्यवस्थित रुपले रेकर्ड राखी खर्च गर्न लगाउने ।

(ग) ओषधी खरीद, मेशिनहरु खरीद तथा निर्माणको क्षेत्रमा समेत खर्च गर्दा हचुवा टिप्पणीका भरमा खर्च गर्ने गरेको पाइएको ले आइदा त्यस्तो नगरी आर्थिक ऐन, नियमले निर्दिष्ट गरेको मापदण्ड अनुसार खर्च गर्न लगाउने ।

५७. कृषि विकास बैंक, बैंकिङ्ग कार्यालय नयाँ बानेश्वर शाखाबाट मनकामना ज्वेलरी (धितो नै नभएको) लाई कर्जा प्रदान गर्दा अनियमितता भएकोले दोषी कर्मचारीहरुलाई कडा कार्यवाही गरियोस भनी प्रेषित उजूरीका सम्बन्धमा अनुसन्धान गर्दा कृषि विकास बैंक, बैंकिङ्ग कार्यालय नयाँ बानेश्वर शाखाबाट मनकामना ज्वेलरी उद्योग (प्रो. महेन्द्र विश्वकर्मा) लाई रु. ५ लाख कर्जा प्रवाह गर्दा मासिक ब्याज बुझाउने कबुलियतनामा नगराएको, सदुपयोगिता निरीक्षण नभएको, ऋणी महेन्द्र विश्वकर्मा पसल छाडि भागेकोले सम्पर्कमा नआएको, परियोजना नभएको लगायतका अनियमितता औल्याई कृषि विकास बैंक, मुख्य कार्यालय आन्तरिक लेखा परीक्षण विभागले ०६१।७।२० मा पेश गरेको प्रतिवेदन अनुसार अनुसन्धानमा बैंकले ऋण प्रवाह गर्दा का.म.न.पा. वडा नं. ४ कित्ता नं. १४६ को ७ आना २ पैसा ३ दाम जग्गा धितो राखेको देखियो । उक्त जग्गा मुल्यांकन गर्दा जिल्ला प्रशासन कार्यालय काठमाडौंको च.नं. १६०६ मिति ०६१।८।१७ को पत्र अनुसार वर्तमान मूल्य रु. ७,६८,७५०।- भएको जानकारी प्राप्त भएको छ । उक्त उद्योगको साँवा ब्याज उक्त जग्गा लिलाम गर्दा उठ्ने देखिएकोले कृषि विकास बैंक ऐन, २०२४ (हालसम्मको संशोधन सहित) र बैंक तथा वित्तीय संस्था अध्यादेश, २०६१ अनुसार कारवाही गरी निजलाई प्रदान भएको ऋणको हालसम्मको साँवा ब्याज धितो लिलामबाट असूल उपर गरी ६ महिना भित्र आयोगलाई जानकारी दिन र ऋण प्रवाह गर्दा भएका त्रुटीहरुबारे कृषि विकास बैंक, आन्तरिक लेखा परीक्षण तथा निरीक्षण विभागको मिति ०६१।७।२० मा प्रतिवेदनमा उल्लेख भएको विषयमा बैंकको नियमानुसार कारवाही गर्न समेत आयोगको मिति २०६१।१०।२९ को निर्णयानुसार कृषि विकास बैंकका महाप्रबन्धकलाई निर्देशन दिईयो ।

५८. काठमाडौ जिल्ला त्रिपुरेश्वर घरेलु अफिसकी टाईपिष्ट सुनिता श्रेष्ठलाई कन्याकुमारी इन्टरप्राइजेज नामक हार्डवेयर पसल खोल्न लगाई गोरेटो बाटो मात्र भएको जग्गालाई नापी नक्साको फोटोकपीमा मोटर बाटो जनाई किर्ते गरी घर जग्गाको बढी मूल्यांकन गराई ऋण उपलब्ध गराउने र बैंकको साँवा ब्याज नबुझाई कोपण्डोलको पसल बन्द गरी सामाखुसीमा घर पसल खोली बसेकालाई वेपत्ता भएको भनी धितो दिने व्यक्ति राधेश्याम श्रेष्ठले ब्याज मिनाहाको लागि पहिले पेश भएको नाप नक्सामा मोटर बाटो नभएको भनी ब्याज मिनाहा गराई राष्ट्रिय बाणिज्य बैंकलाई नोक्सान पुऱ्याउने कार्य गरेको भन्ने सम्बन्धमा अनुसन्धान गर्दा राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय, पुल्चोकका ऋणी कन्याकुमारी इन्टरप्राइजेजका प्रोप्राइटर सुनिता श्रेष्ठलाई दिएको ऋणको ब्याज मिनाहा सम्बन्धमा राष्ट्रिय वाणिज्य बैंकको संचालक समितिको बैठकबाटै साँवा ब्याज गरी रु. २५,००,०००।- असुल उपर गर्ने र बाँकी ब्याज मिनाहा गर्न निर्णय भै सकेको देखिएबाट यसमा केही गरिरहनु परेन । सो अनुसार गर्न गराउन आयोगको मिति २०६१।११।१३ को निर्णयानुसार राष्ट्रिय वाणिज्य बैंक, केन्द्रीय कार्यालयमा लेखी पठाईयो ।

५९. नेपाल रेडक्रस सोसाइटी रक्त सञ्चार केन्द्रको लागि ब्लड व्याग तथा किट्स केमिकल्स खरीद गर्दा भ्रष्टाचार भयो भन्ने विषयको उजुरी उपर अनुसन्धान गर्दा आ.व.०५९।६० र ०६०।६१ मा HIV Spot, HBsAG Spot, HCV Spot, HCV Elisa र VDRL टेष्टहरु खरीद गर्दा कम मूल्यमा गुणस्तरीय सामान उपलब्ध हुँदा हुँदै कानून सम्मत उपयुक्त कारण विना महंगोमा खरीद गर्न नेपाल रेडक्रस सोसाइटीका (आ.व. ०५९।६० का) तत्कालिन कोषाध्यक्ष देवेन्द्र बहादुर प्रधान र आ.व. ०६०।६१ मा कार्य गर्ने हालका कोषाध्यक्ष संजीव थापाले सहमति दिई उल्लेखित दुवै आ.व. मा कार्यरत महामन्त्री देवरत्न धाख्वाले सिफारिश गरी अध्यक्ष रमेश कुमार शर्माले स्वीकृती दिई उल्लेखित प्रत्येक पदाधिकारीले आफ्नो पदको प्रकृति अनुसार पालन गर्नु पर्ने कर्तव्य पालन नगरेको कारणले नेपाल रेडक्रस सोसाइटीलाई आ.व. ०५९।६० मा रु. ५,५२,८४०।- र आ.व. ०६०।६१ मा रु. १३,६४,६६०।- गरी जम्मा रु. १९,१७,५००।- नोक्सान पर्न गएको देखियो । उपरोक्त सम्पूर्ण व्यहोरा नेपाल रेडक्रस सोसाईटी केन्द्रीय कार्य समितिको बैठकमा पेश गरि केन्द्रीय कार्य समितिबाट भएको कारवाहीको जानकारी ३ महीना भित्र यस आयोगमा पठाउन आयोगको मिति २०६१।११।१४ को निर्णयानुसार नेपाल रेडक्रस सोसाईटीका अध्यक्षलाई लेखी सोको जानकारी नेपाल रेडक्रस सोसाईटी केन्द्रीय कार्य समितिलाई समेत दिईयो ।

६०. स्थानीय विकास निर्माण आयोजना अन्तरगत थानकोट चित्लाङ्ग सडकमा आ.व. ०५५।५६ को निर्माण कार्यमा हचुवा किसिमको डिजाइन इष्टिमेट गरी गुणस्तरहीन काम गराई भ्रष्टाचार गरे भन्ने विषयमा अनुसन्धान गर्दा ठेकेदार सिद्धकाली निर्माण सेवाले आ.व. २०५५/०५६ मा थानकोट-चित्लाङ्ग सडक योजनामा रु.२८,३६,६२७।२७ को विल भुक्तानी बुझी लिएको तर रु. २०,३५,२२३।- मात्रको मूल्य अभिवृद्धि कर दाखिला गरेको देखिएकोले सो सम्बन्धमा आवश्यक कारवाही गर्न आयोगको २०६१।११।१७ को निर्णयानुसार आन्तरिक राजश्व विभागमा लेखी पठाईयो ।

६१. सम्पत्ति न्यायिक जाँचबुझ आयोग २०५८ को प्रतिवेदन श्री ५ को सरकारबाट आवश्यक कारवाहीको लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा प्राप्त भएकोमा सो प्रतिवेदनमा शाही नेपाल बायु सेवा निगमको उपनिर्देशक श्रीमती उमा भट्टको चल अचल सम्पत्ति समेतको कूल रु.१,०९,६०,४५०।-बराबरको सम्पत्ति मध्ये रु.९५,०३,६४३।- बराबरको सम्पत्तिको आयस्रोत पुष्टि नभएको भन्ने उल्लेख भएकोमा निजको स्रोत नखुलेको सम्पत्तिको सम्बन्धमा अनुसन्धान गर्दा उमा भट्ट तथा निजका पति ध्रुवदेव भट्ट समेतले विभिन्न कार्यालयबाट प्राप्त गरेको पारिश्रमिक, विदेश भ्रमण बचत, घर भाडा र निजले तारागाउँ विकास समितिबाट अवकाश हुदाँ प्राप्त गरेको रकम, बचतपत्रको व्याज, बचतपत्र विक्रीको रकम, त्रिपुरा इम्प्लाइमेन्ट कम्पनीबाट मानिस विदेश पठाए वापत प्राप्त आय, कृषि आय तथा उमा भट्टको माइतीबाट दिएको जग्गाको कृषि आय, ध्रुवदेव भट्टको कैलाली जिल्लाको पैत्रिक जग्गा विक्री वापत दामासाहीले प्राप्त आय एवं बैंक व्याज समेतबाट गरी निजहरुले कूल रु.१,३४,३३,०७२।६० (अक्षरेपी एक करोड चौतिस लाख तेत्तिस हजार बहत्तर रुपैया पैसा साठ्ठी) आम्दानी गर्नु भएको देखियो । निजहरुको आम्दानीमा कार्पेट उद्योगको भाडा, विदेशी वसेको सम्झौता बमोजिमको आय, सम्झौता फेला नपरेको र सम्झौता नभएको भनी निजले उल्लेख गरेको घर भाडाको रकमलाई आयमा गणना गरिएकोमा सो घर भाडा वापतको आयमा प्रचलित नेपाल कानून बमोजिम लाग्ने घर बहाल आय वापतको कर

असूल भए नभएको बुझि नभएको भए असूल हुन पर्ने देखियो । निज उमा भट्ट समेतले सार्वजनिक पदमा बहाल भएपछि हालसम्ममा विभिन्न शीर्षकबाट गरी कूल रु.१,३४,३३,०७२।६० प्राप्त गर्नुभएकोमा सो अवधिमा निजले जम्मा रु.१,३४,१६,८०९।९६ बराबरको खर्च (लगानी) गर्नुभएको देखिन्छ । तसर्थ निजको खर्च (लगानी) भन्दा आम्दानी बढी देखिएको र आर्थिक जीवनस्तर अस्वाभाविक र अमिल्दो रहे भएको समेत नदेखिंदा निजको हकमा हाललाई बिस्तृत अनुसन्धान गरिरहनु परेन । तर निजहरुको विशालनगर (धुम्वाराही) को घर भाडा र डिल्ली बजारको घर भाडा वापत तिर्नु पर्ने घर बहाल कर असूल उपर भए नभएको तर्फ बुझि आवश्यक कारवाही अघि वढाउन आयोगको २०६१।११।१७ को निर्णयानुसार आन्तरिक राजस्व विभाग लाजिम्पाटमा लेखी पठाईयो ।

६२. कृषि सामाग्री कम्पनीका प्रबन्ध संचालक चतुर्भूज भट्टले अस्तित्वनै नभएको क्लानपोर्ट इन्टरनेशनल कम्पनी नामक फर्जि कम्पनी रची भ्रष्टाचार गरे भन्ने सम्बन्धमा अनुसन्धान गर्दा मल खरिदका लागि हिमालयन बैंक लिमिटेडमा प्रतितपत्र खोलेकोमा विदेशी मुद्रा अपचलन भए नभएको सम्बन्धमा प्रचलित कानून अनुसार छानविन गरी अपचलन भएको देखिए कारवाही समेत गरी दुई महिना भित्र आयोगमा जानकारी दिन आयोगको मिति २०६१।११।२६ को निर्णयानुसार राजश्व अनुसन्धान विभागका महानिर्देशकलाई लेखी पठाईयो

६३. श्री सर्वोच्च अदालतबाट अख्तियार दुरुपयोग ऐन २०४८ को दफा ३५ ग बामोजिम आयोगले यस ऐन अन्तर्गत कारवाही गरी कसैलाई जरिवाना वा कुनै रकम असूल उपर गर्न दिएको आदेश वा अन्य कुनै आदेश उपर सम्बन्धित अदालतमा पुनरावेदन लाग्ने व्यवस्था गरेको तर हाल सम्म सम्बन्धित अदालत कुन हो भनी एकीन नभएकोले उक्त ऐनको दफा ३४ बमोजिम श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको अदालत नै सम्बन्धित अदालत हुने हुँदा अविलम्ब सो अदालत तोक्नका लागि प्रमुख आयुक्त, अख्तियार दुरुपयोग अनुसन्धान आयोग र सचिव, कानून न्याय तथा संसदीय व्यवस्था मन्त्रालयलाई लेखी अविलम्व पठाउनु होला भन्ने मिति ०६१।११।२१ मा आदेश भएकाले शीघ्रातिशीघ्र अदालत तोकी सो तोकेको सूचना राजपत्रमा प्रकाशित गराउने व्यवस्था हुन अनुरोध गर्दछु भनी लेखी आएको ब्यहोरा आयोगको बैठकमा छलफल हुँदा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३५ग बमोजिम आयोगको आदेश उपर सम्बन्धित अदालतमा पुनरावेदन गर्न सकिने व्यवस्था भएको हुँदा उपरोक्त बमोजिमको अदालत सर्वोच्च अदालतलाई तोकी तत्सम्बन्धी अन्य व्यवस्था मिलाउन उचित हुने व्यहोरा आयोगको मिति २०६२/२/१० को निर्णयानुसार प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयलाई सिफारिस गरिएको ।

६४. जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौबाट आ .व.०६०/०६१ मा वालुवा ठेक्का दिएकोमा स्थानीय विकास अधिकारी केदार न्यौपानेसमेतको मिलोमतोमा भ्रष्टाचार भएकोले कारवाही गरी पाउं भनी यस आयोगमा परेको निवेदनका सम्बन्धमा अनुसन्धान हुँदा प्रस्तुत ठेक्का कारोवारमा सम्बन्धित ठेकेदारले तिर्नु बुझाउनु पर्ने राजश्व (मूल्य अभिवृद्धि कर) प्रचलित कानून बमोजिम बुझाएको छ, छैन भन्ने सम्बन्धमा आवश्यक छानविन गरी तिर्नु बुझाउनु पर्ने राजश्व बाँकी रहेको भए अविलम्व असूल उपर गर्ने व्यवस्था मिलाउनु भनी आयोगको मिति २०६१/१२/८ को निर्णयानुसार आन्तरिक राजश्व विभागमा लेखी पठाइएको ।

६५. नापी शाखाको फिल्ड बुकमा पर्ति जंगल क्षेत्र भनी देखाएको बाँके जिल्लाको हिरमिनिया गा.वि.स. स्थित हजरात सामुदायिक वनको ११-१०-०-० जग्गा मुनाफा पठानीनका नाउमा जग्गा दर्ता गरेको भन्ने हिमालय टाईम्सको मिति ०६०।७।२६ गतेको अंकमा प्रकाशित समाचारका सम्बन्धमा विस्तृत अनुसन्धान हुँदा उक्त जग्गा सरकारी वन जंगल देखिन आएको तथा उक्त दर्ता गर्ने कार्य वन ऐन, २०४९ को दफा १६(१) र (२) को प्रतिकूल देखिएको हुँदा ऐ ऐनको दफा १६(२) अनुसार मुनाफा पठानीनका नाउमा दर्ता रहेको राष्ट्रिय वन व्यक्तिको नाउबाट बदर गरि श्री ५ को सरकारको सम्बन्धित वन कार्यालयका नाउमा श्रेस्ता तयार गर्ने गरि वन कार्यालयलाई निर्देशन दिने भनि आयोगबाट मिति २०६१/१२/८ मा भएको निर्णयानुसार जिल्ला प्रशासन कार्यालय बाँकेले मिति ०६१।१।२१ मा निर्णय सहित गरेको पत्राचार सदर गर्दै निर्णयको जानकारी वन तथा भूसंरक्षण मन्त्रालयलाई पठाइएको ।

६६. विमानस्थलका Space हरु विभिन्न व्यक्तिहरुलाई पसल संचालन गर्न भाडामा दिंदा एकै स्थानका उस्तै कारोवार गर्ने पसलहरुले तिर्ने भाडा रकम बीच ठूलो रकमको अन्तर रहेको देखिएको, पहिला संचालनमा रहेका पसलहरु पुनः भाडामा दिंदा समेत पहिला प्राप्त गरेको रकमलाई आधार लिएको नदेखिएको एवं प्राधिकरणलाई प्राप्त हुन सक्ने भाडा रकम प्राप्त गर्ने तर्फ सामान्य सुझबुझको आधारमा समेत काम गरेको नदेखिएको हुँदा विमानस्थलका Space हरु भाडामा दिंदा प्राधिकरणको हित अनुकुल हुने गरी व्यापक रुपमा प्रतिस्पर्धा गरेर पारदर्शी ढंगले दिने व्यवस्था मिलाउन र सो अनुरुप भए/नभएको सम्बन्धमा आवधिक रुपमा अनुगमन गर्ने व्यवस्था गर्न आयोगको मिति २०६१/१२/८ को निर्णयानुसार नेपाल नागरिक उड्डयन प्राधिकरणको संचालक समितिलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगऐन, २०४८ को दफा २८ को उपदफा (१) को खण्ड (ग) बमोजिम लेखी पठाइयो ।

६७. सगरमाथा अञ्चल अस्पताल, राजविराजका मे.सु.डा. अशोकानन्द मिश्रले रकम हिनामिना लगायत विभिन्न अनियमित कार्य गरेको भन्ने उजूरी उपर अनुसन्धान हुँदा आफ्नो कर्मचारी, सेवा, शर्त सुविधा र सजाय सम्बन्धी विनियम बनाएको नदेखिएको, आफ्नो विनियम नहुञ्जेल प्रचलित नेपाल स्वास्थ्य सेवा ऐन र नियमावली बमोजिम गर्नु पर्नेमा सो बमोजिम भए गरेको नपाइएको, अस्पताल विकास समितिको आम्दानी खर्च गर्दा आफ्नो आर्थिक विनियम अनुसार गर्नु पर्नेमा आफ्नो आर्थिक विनियम नवनाएको र सो नहुन्जेल श्री ५ को सरकारको प्रचलित आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०५६ अनुसार गर्नु पर्नेमा सो अनुसार रीत पुऱ्याएको नपाइएकोले अव आइन्दा आफ्नो आम्दानी श्रोत हुने सगरमाथा अञ्चल अस्पताल विकास समिति लगायत अधिराज्यका प्रत्येक अस्पताल विकास समितिको आफ्नै कर्मचारी सेवा, शर्त सम्बन्धी र आर्थिक कार्यविधि सम्बन्धी विनियमावली बनाई लागू गराउने र त्यसरी आफ्नो विनियमावली नहुञ्जेल प्रचलित नेपाल स्वास्थ्य सेवा ऐन र नियमावली तथा आर्थिक प्रशासन सम्बन्धी नियमावली अनुसार काम गराउन भनी आयोगको मिति २०६१/१२/९ को निर्णयानुसार स्वास्थ्य मन्त्रालयलाई निर्देशन दिई सोको जानकारी सगरमाथा अञ्चल अस्पताल र जिल्ला प्रशासन कार्यालय, सप्तरीलाई दिइएको ।

६८. कैलाश श्रेष्ठ, नरेन्द्रमान बज्राचार्य, नरेन्द्र विलास बज्राचार्य, किरण दर्नाल र सुजिव श्रेष्ठले यस आयोग तथा सावित्र विशेष प्रहरी विभाग समक्ष राखेको जेथा जमानत फुकुवा गरी पाउँ भनी निवेदन दिएकोले सम्बन्धित मिसिल कागजहरु तथा पेश भएका प्रमाणीत कागजातहरु समेत अध्ययन गरी हेर्दा यी सवै प्रतिवादीहरु उपर भ्रष्टाचार मुद्दाको

अनुसन्धान हुंदा यस आयोग र साविक विशेष प्रहरी विभागबाट मागिएको धरौट बापत जेथा जमानत राखेकोमा अनुसन्धान पछि सम्बन्धित अदालतहरुमा भ्रष्टाचार मुद्दा दायर भै निज प्रतिवादीहरुले बयान गरी थुनछेकको आदेश हुँदा निज प्रतिवादीहरुसँग मागेको नगदै धरौट बुझाएको निवेदन साथ रहेको प्रतिलिपि रसिदहरुबाट देखिएमा र मुलुकी ऐन अ.बं. १२४ (ख) नं बमोजिम "तहकिकातको सिलसिलामा लिएको धरौट वा जमानत तहकिकात सकिएपछि फिर्ता वा फुकुवा गरिदिनु पर्छ" भन्ने व्यवस्था भएको हुँदा आयोगको मिति २०६१/१२/१० को निर्णयानुसार निवेदकहरुको निवेदनमा उल्लेख भएका धरौट वा जेथाजमानतका सम्पत्तीहरुको रोक्का फुकुवा गरिएको ।

६९. नेपाल बैंक लिमिटेड सिटी अफिस विराटनगरमा आ.व.०५३/०५४ देखि तत्कालीन शाखा प्रवन्धक चिरन्जीवी प्रसाद घिमिरे लगायतका कर्मचारीहरुको संलग्नतामा १० करोडभन्दा बढी रकम जिम्मेवार विहिन भई नियम र कानूनको समेत मर्यादा नराखी हचुवाको भरमा धितोको अधिक मूल्यांकन गरी संस्थालाई डुवाउने र व्यक्तिगत लाभलाई ध्यानमा राखी अख्तियारको दुरुपयोग गरी नग्न रुपमा भ्रष्टाचार भएको निरीक्षणबाट प्राप्त तथ्यको आधारमा कानूनी कारवाही नगरी भ्रष्टहरुलाई बचाउने उद्देश्यले राजिनामा दिन लगाई स्वीकृत गर्ने, का.मु. मुकरर गर्ने, थप महत्वपूर्ण जिम्मेवारी दिने, भ्रष्टहरुको मनोबल बढाउने जस्ता कार्यहरु गरेकोले भ्रष्ट व्यक्तिहरु उपर कडाभन्दा कडा कानूनी कारवाही होस भनि परेको उजूरीका सम्बन्धमा अनुसन्धान हुँदा बाबा अम्रेला इण्डष्ट्रिज र सोसंग सम्बन्धित फर्महरुलाई प्रदान भएको कूल बाँकी ऋणको हालसम्मको साँवा व्याज सम्बन्धमा बाणिज्य बैंक ऐन, २०३१, बैंक तथा वित्तीय संस्था अध्यादेश २०६१ र नेपाल बैंक लिमिटेड कर्मचारी नियमावली, २०४८ बमोजिम असुल उपर गरी गराई आयोगलाई जानकारी दिन आयोगको मिति २०६१।१२।१० को निर्णयानुसार नेपाल बैंक लिमिटेड प्रधान कार्यालयलाई लेखी पठाइएको ।

७०. प्रेमप्रसाद ओझाको जाहेरीले वादी श्री ५ को सरकार प्रतिवादी राजु श्रेष्ठ समेत भएको दस्तखत किर्ते मुद्दा चलिरहेकोमा जिल्ला सरकारी वकील कार्यालय पाँचथरको जानकारीले जिल्ला प्रशासन कार्यालय, पाँचथरको द.नं. १९२० मिति ०५७।१०।८ को फिदिम गा.वि.स. को चेकमा अध्यक्ष र सचिवको किर्ते दस्तखत गरी सोही गा.वि.स.का मुखिया राजु श्रेष्ठले रु. ४० हजार निकाली खाई मासी भ्रष्टाचार गरेको भन्ने विषयमा जिल्ला प्रशासन कार्यालय पाँचथरका प्रमुख जिल्ला अधिकारीबाट अनुसन्धान तहकिकात भई प्राप्त हुन आएको प्रतिवेदन मिसिल कागजात उपर समेत छलफल हुँदा गा.वि.स. फिदिमका मुखिया राजु श्रेष्ठ विरुद्ध फौजदारी अभियोग अदालतबाट प्रमाणित भएको हुँदा नियमानुसार निजलाई बर्खास्त गर्न र सोको अभिलेख राख्न भनि आयोगको मिति २०६१।१२।११ को निर्णयानुसार सम्बन्धित निकायमा लेखी पठाइएको ।

७१. सम्पत्ति न्यायीक जाँचबुझ आयोग २०५८ को प्रतिवेदन श्री ५ को सरकारबाट आवश्यक कारवाहीको लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा प्राप्त भएको र सो मा उल्लेखित प्र.ना.उ.(प्रा.) गणेश राईको चल अचल सम्पत्तिका सम्वन्धमा छानविन हुँदा निज कार्यरत संगठनका यसै प्रकारका अन्य पदाधिकारीले पनि स्वास्थ्य क्लिनिक संचालन लगायतका पेशा व्यवसाय गरेको देखिएकोले स्वास्थ्य सेवा प्रदान गर्ने प्याथोलोजी क्लिनीक लगायतका व्यवसाय प्रचलित कानून बमोजिम दर्ता गरेर मात्र सन्चालन गर्ने व्यवस्था गरी

गराई सो को जानकारी तिन महिना भित्र यस आयोगमा पठाउन आयोगको मिति २०६१।१२।१७ को निर्णयानुसार स्वास्थ्य मन्त्रालयमा लेखि पठाइयो । त्यस्तै निज कार्यरत संगठनका त्यस प्रकारका अन्य पदाधिकारीले पनि स्वास्थ्य क्लिनिक संचालन लगायतका पेशा व्यवसाय गरेको देखिएकोले सार्वजनिक पद धारण गरेका जिम्मेवार प्रहरी कर्मचारीहरुले क्लिनीक स्थापना एवं सन्चालन गर्दा प्रहरी कर्मचारीको सेवा सम्वन्धि कानून बमोजिम मात्र प्रहरी सेवा वाहेक अन्यत्र पेशा व्यवसाय गर्न सक्ने व्यवस्था गर्न समेत आयोगका सोही मिति २०६१।१२।१७ को निर्णयानुसार गृह मन्त्रालय एवं प्रहरी महानिरिक्षक, प्रहरी प्रधान कार्यालयलाई समेत लेखी पठाइयो । त्यसै गरी निज गणेश राई समेतको साझेदारीमा सन्चालीत सि-गन प्याथोलोजी क्लिनीक पुतलीसडक तथा बौद्ध शाखाबाट निजले २०४६ साल देखि २०६१ साल माघ महिना सम्ममा रु. ११,३७,०००।- खुद आय गरेको देखिएको र सो आयमा निजले कर बुझाएको नदेखिएकोले उक्त अवधिमा क्लिनीकबाट प्राप्त उपरोक्त आयको कर निर्धारण गरी निज गणेश राईबाट असुल उपर गरी यस आयोगलाई जानकारी गराउनु भनी सोही मिति २०६१।१२।१७ को निर्णयानुसार आन्तरिक राजश्व विभागलाई लेखी पठाइएको ।

७२. पाँचौ राष्ट्रिय खेलकूद प्रतियोगिताका लागि आवश्यक नपर्ने ग्लोव र हेडगार्ड खेल सामाग्रीहरु राष्ट्रिय खेलकूद परिषदका मुख्य बक्सिङ्ग प्रशिक्षक विद्या मर्सानीको सिफारिसमा पाँचौ राष्ट्रिय खेलकूद प्रतियोगिताका लागि भनि सलिना इण्टर प्राइजेजबाट प्रचलित बजार दरभाउ भन्दा ५००% सम्म बढी मूल्यमा खरिद गरि आर्थिक भ्रष्टाचार गरेकोले कारवाही गरिपाँउ भनि हरि नारायण ढकालको नामबाट यस आयोगमा दर्ता हुन आएको उजुरी उपर विस्तृत अनुसन्धान भै आयोगसमक्ष पेश हुँदा राष्ट्रिय खेलकुद परिषद अन्तर्गत कार्यरत टेवुलटेनिस सहायक प्रशिक्षक तथा सलिना इण्टरप्राईजेज त्रिपुरेश्वरका प्रोप्राइटर धर्ममान बज्राचार्यले प्रचलित बजार मूल्यमा सामान बेच विखन गर्नुपर्ने कानूनी प्रावधान विपरित स्वयं आफैं कार्यरत रहेको संस्थाको लागि सामान बिक्रि गर्दा परल मूल्य भन्दा धेरै बढीको मूल्य लिई सामान दिने कार्य गरेको भन्ने कुरा मिति २०५८।३।२२ मा बक्सिङ्ग ग्लोव प्रतिजोर रु.९,०००।- बक्सिङ्ग हेडगार्ड प्रति थान रु.८,०००।- का दरले खेलकूद परिषदबाट भूक्तानी लिएको देखियो भने त्यत्तिकै परिमाणका सामानको मूल्य क्रमशः प्रतिजोर रु. ४,९७५।- प्रतिथान रु. २,२००।- पर्ने भनि आफैंले दस्तखत गरी परिषदमा मिति २०६१।२।११ र २०६१।२।१३ मा पेश गरेको यस.थ्रि.डि.स्पोर्ट इण्टर प्राईजेजको वीलबाट देखिन आएकोले निजले परलमूल्य भन्दा बढी भुक्तानी लिएको रु. १,७२,३००। र मिति २०५८।३।२२ देखि आज निर्णय भएका मितिसम्म उक्त रकमको १०% ले हुने व्याज रु. ६४,३७३।- समेत गरी जम्मा रु. २,३६,६७३।- (अक्षेरेपी दुईलाख छत्तीस हजार छसय त्रिहत्तर) निजसँग असुल उपर गर्न आयोगको मिति २०६१।१२।१७ को निर्णयानुसार अख्तियारवालालाई लेखी पठाइएको ।

७३. बाँके जिल्ला स्थित श्री सहस्त्र फुड प्रोडक्ट्स प्रा.लि. का श्यामसुन्दर खेतान समेतले राष्ट्रिय वाणिज्य बैंक नेपालगन्ज शाखाबाट ऋण लिई बैंकलाई हानी नोक्सानी पुऱ्याएको विषयको उजुरी सम्बन्धमा अनुसन्धान हुँदा उक्त प्रा.लि. लाई गएको ऋण मध्ये बाँकी ऋणको हालसम्मको साँवा व्याज वाणिज्य बैंक ऐन २०३१, बैंक तथा वित्तीय संस्था अध्यादेश २०६१ बमोजिम समेत कानूनी कारवाई गरी असुल उपर गरी गराई ६ महिना भित्र आयोगलाई

जानकारी दिन आयोगको मिति २०६१।१२।२३ को निर्णयानुसार राष्ट्रिय वाणिज्य बैंक, केन्द्रीय कार्यालयमा लेखी पठाइएको ।

७४. बोटलर्स नेपालको उत्पादन 'किन्ले प्यूरिफाइड वाटर' उत्पादनस्थलबाटै नमूना लिई प्रयोगशाला परीक्षण गराउंदा खानै नहुने व्याक्टेरियाहरु पाइएकोले त्यस्तो दूषित पानी प्रयोग नगर्ने चेतावनी दिंदा दिंदै उक्त कम्पनीमाथि मुद्दा हाल्ने हौवा पिटाएर उक्त कम्पनीका महाप्रवन्धक एन.एन. सिंहबाट दुई करोड रुपैंया असूल गरी वाणिज्य विभागकी महानिर्देशक विन्द्रा हाडा तथा गुणस्तर तथा नापतौल कार्यालयका निरीक्षण अधिकृत पद्मवहादुर शाक्य समेतले वाँडीचुडी खाएका छन्, तसर्थ निजहरु उपर भ्रष्टाचार निवारण ऐन र अख्तियार दुरुपयेाग अनुसन्धान आयोग ऐन वमोजिम कारवाही होस् भन्ने समेत व्यहोराको रामप्रसाद समेत तीन जनाले आयोग समक्ष दिएको उजूरी निवेदन उपर अनुसन्धान हुँदा अव आइन्दा उपभोग्य वस्तुहरुको बजार अनुगमन र गुणस्तर नियन्त्रण लगायतका कार्यहरु गरी आम उपभोक्ताहरुको हित संरक्षण गर्ने सिलसिलामा सम्बद्ध निकायहरुबीच आपसी समन्वय कायम गरी प्रचलित नियम कानूनको पालना गर्ने गराउनेतर्फ उपयुक्त व्यवस्था मिलाउने भनी आयोगको मिति २०६१/१२/१० को निर्णयानुसार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिवलाई लेखी पठाइएको ।

७५. राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय खाँदवारीबाट कर्जा कारोवार गर्ने तपसीलमा उल्लेखित ऋणी र बैंकका कर्मचारीहरु परस्परमा मिलोमतो गरी वदनियतपुर्वक कर्जा लिनुदिनु गरी भ्रष्टाचारपूर्ण कसुर गरेको सम्वन्धमा ऋण नं. ३८/१४ का ऋणी तुलसी ओझाको सम्बन्धमा नियमानुसार ऋण प्रवाह भए तापनि उद्योग संचालनको लागि लिएकोमा हाल उद्योग बन्द भैसकेको देखिन आएकोले नियमानुसार साँवा ब्याज निजबाट असुल उपर गर्न राष्ट्रिय वाणिज्य बैंकलाई लेखी पठाइएको ।

७६. जिल्ला प्रशासन कार्यालय, काठमाडौंबाट वितरण भएका नेपाली राहदानीहरुको विषयमा आयोगको नागरिकता, राहदानी र सवारी साधन सम्बन्धी उजूरी छानवीन कार्यदलबाट आयोगमा मिति २०६१।४।२९ मा प्रतिवेदन प्रस्तुत भएको र सोही प्रतिवेदनलाई आधार मानि आयोगको मिति २०६१।६।२१ को निर्णयानुसार विस्तृत अनुसन्धान तहकिकात सम्पन्न भै आयोगमा पेश भएकोमा आयोगको मिति २०६१।१२।२९ को निर्णयानुसार पार्वती शर्मा समेतका २४ जना व्यक्तिहरुले कीर्ते नेपाली नागरिकताको प्रमाणपत्र पेश गरी नेपाली राहदानी लिएको देखिएकोले निजहरुले लिएको नेपाली राहदानी प्रचलित कानून वमोजिम बदर गर्ने तर्फ आवश्यक कारवाही गर्न आवेदन फारामको फोटोकपी तथा जिल्ला प्रशासन कार्यालय, काठमाडौंबाट आयोगमा प्राप्त सक्कल आवेदन फाराम संलग्न राखी श्री ५ को सरकार, पररा्ष्ट्र मन्त्रालयमा लेखी पठाइएको ।

७७. पश्चिमान्चल क्षेत्रीय स्वास्थ्य सेवा निर्देशनालय, कास्कीका भेक्टर कन्ट्रोल सुपरभाइजर अधिकृत छैठौं तहमा कार्यरत श्यामबहादुर कोइरालाले निजामती किताखानामा रहेको निजको नोकरी विवरण रहेको सिटरोल निजामती किताखानाका कर्मचारीहरुसंगको मिलोमतोबाट गायव गरि वा गर्न लगाई अवकाश पाइसक्नु पर्ने समयभन्दा पछिसम्म पनि कार्यरत रहेको भन्ने समेतको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा स्वास्थ्य मन्त्रालयका डा. विश्वमोहन भट्टराईले अनिवार्य अवकाश पश्चात् पनि श्यामबहादुर कोइरालालाई नोकरीमा बहाल रहिरहन स्वीकृत नभएको तथा अस्थायी कर्मचारीले लिन नपाउने असाधारण

बिदालाई (मिति ०४१।१।१ देखि मिति ०४१।१२।२९ सम्म) स्वीकृत भएको देखिएको भनि सिफारिश गरी पुनः नोकरीमा बहाल गराउने काम गरी दोहोरो रुपमा तलव भत्ता तथा पेन्सन खाने वातावरण तयार गरेको देखिएको अवस्था भएकोले हाल निज पदमा वहाल नभएको भएतापनि भविष्यमा कुनै पदमा नियुक्ति नगर्ने प्रयोजनको लागि अभिलेख राख्न आयोगको मिति २०६१।१२।३१ को निर्णयानुसार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई लेखी पठाइएको ।

७८. डिभिजन सडक कार्यालय लाहानका तत्कालिन डिभिजन प्रमुख योगेन्द्र कुमार राई समेतले आर्थिक वर्ष २०५७।०५८ मा विभिन्न सडकहरुमा ग्राभलिङ्ग, प्याच मर्मत, रंगरोगन र गाडी मर्मत आदि कार्यमा अनियमितता तथा भ्रष्टाचार जन्य कार्य गरेको भन्ने यस आयोगमा परेको उजूरी निवेदन सम्बन्धमा विस्तृत अनुसन्धान भई आयोग समक्ष पेश हुँदा डिभिजन सडक कार्यालय, लहानका तत्कालिन डिभिजन प्रमुख योगेन्द्रकुमार राई र निमित्त डिभिजन प्रमुख रामनाथ मिश्र समेतले रु.२,०१,२५,७७५।६३ बराबरको कामलाई २८८ टुक्रा पारी सम्पन्न गरेको देखियो । उक्त कार्य इमर्जेन्सी रुपमा मर्मत गर्नुपर्ने र एक काम देखी अर्को कामसम्मको दूरी समेतको दृष्टिबाट SMD सिद्धान्त अनुसार भनी माथिल्लो तहबाट पूर्व स्वीकृति लिएको देखिंदा यो विषय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०५६ को नियम ६४(२) र ८२ अनुसार नै भए गरेको देखिएको भएतापनि यसरी एकमुष्ठ स्वीकृति दिंदा टुक्रा टुक्रा गरी गराउनु पर्ने काम यकिन गरी सिमा समेत तोकिनु पर्ने हुँदा के कति इष्टिमेटको लागि स्वीकृति दिएको हो सो स्पष्ट खुलाई मात्र स्वीकृति दिने व्यवस्था र कर विजक नलिई १०% मूल्य अभिवृद्धि कर समेत थप गरी विभिन्न डिभिजन सडक कार्यालयहरुबाट बीलको भुक्तानी गर्ने गरेको अवस्थामा थप गरेको मूल्य अभिवृद्धि कर रकम सम्बन्धित कामको Item मा आवश्यक पर्ने निर्माण सामग्रीमा खर्च नदेखाई अन्य सामग्रीको खर्च देखाई राजश्व छल्न सक्ने अवस्था सृजना गरेको अनुसन्धानबाट देखिन आएकोले यी विषयमा उचित व्यवस्था गरी सो को जानकारी आयोगलाई पठाउन आयोगको मिति २०६२।१।८ को निर्णयानुसार भौतिक योजना तथा निर्माण मन्त्रालयका सचिवलाई लेखी पठाइयो । त्यसै गरी विभिन्न १९ जना ठेकेदारहरुबाट मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ अनुसार कार्यालयलाई कर विजक दिनुपर्ने दायित्व आफ्नो हुँदा हुँदै कर विजक नदिई ठेक्का बील भुक्तानीको विवरण लुकाई दाखिला गर्नु पर्ने रु.३,००,०४५।५५ दाखिला गरेको नदेखिएकोले यसमा प्रचलित कानून बमोजिम गर्न आन्तरिक राजश्व कार्यालय, लहानलाई र बाँकी ५५ ठेकेदारहरुको विवरण प्राप्त हुन सकेको नदेखिंदा आयोगले माग गरेको विवरण उपलब्ध गराउन नसक्नुको औंचित्य स्पष्ट गरी बाँकी कर सम्बन्धमा कानून बमोजिम गर्न र सो को जानकारी समेत आयोगमा पठाउन आयोगको सोही मिति २०६२।१।८ को निर्णयानुसार आन्तरिक राजश्व विभागलाई लेखी पठाइएको ।

७९. कार्यकारी निर्देशक सहित नेपाल विद्युत प्राधिकरणका भ्रष्टहरुले प्राधिकरण सिध्याए भन्ने उजुरी उपर विस्तृत अनुसन्धान भै आयोगसमक्ष पेश हुँदा प्राधिकरणका कार्यकारी निर्देशक जनकलाल कर्माचार्यका कृयाकलापहरुवाट आफ्नो मातहतका विभागहरुको सुपरिवेक्षण गर्नमा निजको समुचित ध्यान पुगेको नदेखिएको, निज प्रायः जसो देश वाहिरका गोष्ठी वैठकहरुमा नै संलग्न रहने गरेको र प्राधिकरणको काम कारवाहीहरु बढी चुस्त हुन नसकेको तथा यस भन्दा पहिले पनि यस आयोगको मिति ०६१।४।२१ मा भएको निर्णयवाट

प्राधिकरणको पदपूर्ति समितिको बैठकको निर्णयहरुमा भएका अनुचित कार्यहरुमा निजको समुचित ध्यान पुगेको नदेखिएको र कार्यकारी निर्देशकको अनुचित कामको हकमा कारवाही गर्न नियम विनियमको अभाव रहेकोले सो सम्वन्धी नियम विनियम वनाउन मं.प. मा लेखि पठाईएको समेत देखिएबाट निजको समग्र कार्य सम्पादनको मुल्यांकन गरी आवश्यक कारवाही गर्न आयोगको मिति २०६२।१।१२ को निर्णयानुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा लेखी पठाइयो । त्यसै गरी विज्ञापन दिने सम्बन्धमा स्पष्ट नीति बनाई बजेटमा समावेश गर्न २०६१।४।२२ मा आयोगले लेखी पठाएकोमा हालसम्म कार्यान्यन नभएको सम्बन्धमा तुरुन्त कार्यान्वयन गरि १ महिनाभित्र आयोगमा जानकारी पठाउन आयोगको सोही मिति २०६२।१।१२ को निर्णयानुसार नेपाल विद्युत प्राधिकरणलाई लेखी पठाइयो । साथै विदेशी ऋणद्वारा प्राप्त रकमबाट परामर्शदाता मार्फत् सञ्चालन गरिने आयोजनाहरुमा कार्यरत प्राधिकरणका कर्मचारीहरुलाई ५०% प्रोत्साहन भत्ता, १२५% कठिन कार्य भत्ता, १२५% सम्म थप पारितोषिक भत्ता लगायत अन्य थप सुविधा दिने गरेको देखिएको, यसरी भत्ता दिंदा एकातिर कर्मचारीलाई आफैले प्रयोग गर्न सक्नेमा स्थापित नियम कानूनलाई छलेर परामर्शदातालाई त्यसबाट ओभरहेड रकम समेत दिंदा प्राधिकरणलाई आर्थिक बोझ पर्न गई अस्वस्थ परिस्थिति सिर्जना हुने हुँदा यस्तो व्यवस्था सम्बन्धमा श्री ५ को सरकारको दृष्टिकोण आयोगलाई जनकारी गराउन अर्थ मन्त्रालयलाई लेखी पठाइएको ।

८०. श्री ५ को सरकारले त्रिभुवन विश्व विद्यालय, शिक्षण अस्पताललाई भोगाधिकार उपलब्ध गराएको काठमाडौं जिल्ला चण्डेश्वरी (टोखा) गा.वि.स. वार्ड नं. ६ (ख) कित्ता नं. ११५ को ६०-४-०-० क्षेत्रफलको जग्गामा रहेको रुख का.जि. टोखा चण्डेश्वरी गा.वि.स.का अध्यक्ष काशी नारायण श्रेष्ठले अनियमित तवरले काटी वेच विखन गरेको भन्ने विषयमा अनुसन्धान हुँदा त्रिभुवन विश्व विद्यालय शिक्षण अस्पतालको सेवालाई अझ प्रभावकारी रुपमा सञ्चालन गर्न तथा अस्पतालको सेवालाई विस्तार गर्ने उद्देश्यले भोगाधिकार उपलब्ध गराएको काठमाडौं जिल्ला चण्डेश्वरी (टोखा) गा.वि.स. वार्ड नं. ६ (ख) कित्ता नं. ११५ को ६०-४-०-० क्षेत्रफलको जग्गा जुन उद्देश्यको लागि प्रदान गरेको हो सोही प्रयोजनको लागि उपयोग गरी उक्त जग्गाको संरक्षण गर्ने तर्फ आवश्यक योजना तथा कार्यक्रम बनाई कार्यान्वयन गरी सोको जानकारी आयोगलाई दिनु भनी आयोगको मिति २०६२।१।१८ को निर्णयानुसार तर्फ त्रिभुवन विश्व विद्यालय शिक्षण अस्पताललाई लेखी पठाइएको ।

८१. काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. ९ बत्तीसपुतली स्थित रामचन्द्र गुठीको नाउमा रहेको जग्गा अक्षयकोष सट्टापट्टा गर्दा अनियमितता गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुँदा उक्त रामचन्द्र गुठीको नाउमा नेपाल बैंक लिमिटेड, काठमाडौं शाखामा अक्षयकोष राखिएको रकम रु. २८,७६,०००।- रामचन्द्र गुठीको सम्पत्ति रहेको देखिंदा व्यक्ति विशेषले उपयोग गर्न नपाउने, उक्त रकमको व्याज संस्थागत रुपबाट रामचन्द्र मन्दिरको प्रयोजनार्थ मात्र खर्च गर्न पाउने गरी व्यवस्था गर्न र सोको जानकारी आयोगलाइ गराउन आयोगको मिति २०६२।१।१८ को निर्णयानुसार भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा लेखी पठाइएको ।

८२. बार्षिक २ करोड रोयल्टी तिर्ने, ६५० कामदारलाई रोजगारी दिने, बार्षिक २० करोड विदेशी मुद्रा आर्जन गर्ने, आठ करोडभन्दा बढी मूल्यको रोजिन एण्ड टर्पेन्टाइन कारखाना श्री इण्टरनेशनलसँग मन्त्रालयका केही अधिकारीहरुले मिलेमतो गरी रु.२५ लाख कमिसन खाई रु.१,५५,००,०००।- मा बिक्री गर्न लागियो ; त्यस्तै करिव ६ करोड बरावरको खोटो

बोलपत्र आह्वान नै नगरी विक्री गर्न लागिएको छ, जसको मूल्य कम्पनीको बासलात अनुसार प्रति किलो २७।२५ पैसा छ भने रु.२०।- मा खोटो विक्री गर्न लागिएको छ । खोटो सहितको एकमुष्ट प्याकेज बनाई पुनः टेण्डर गरिएमा राष्ट्रलाई ठूलो फाइदा हुने हुँदा तत्काल उक्त निर्णय हुन रोकी पाउँ भन्ने कम्पनीका पीडित कर्मचारी बलराम ढकाल समेत २५ जना व्यक्तिको निवेदन सम्बन्धमा अनुसन्धान हुँदा निजीकरण प्रकृया र बोलपत्रका सम्वन्धमा आर्थिक प्रशासन नियमावलीमा भएका सामान्य सिद्धान्त समेतलाई पालना गरिएको नदेखिएकोले सो समेतलाई ध्यानमा राखी आवश्यक कारवाही अघि बढाउन भनी आयोगको मिति २०६२।१।१८ को निर्णयानुसार अख्तियारवालालाई लेखी पठाइएको ।

८३. स्वास्थ्य सेवा विभागका निर्देशक डा. महेन्द्र बहादुर बिष्टको मिलेमतोमा ग्लोवल फन्डबाट औलो नियन्त्रण कार्यक्रमकोलागि प्राप्त भएको रकमबाट कर्मचारीहरु भर्ना गर्दा अनियमितता गरे भन्ने आयोगमा परेको उजुरी निवेदनको सम्बन्धमा छानविन हुँदा कार्यक्रमलाई आवश्यक पदहरुमा विज्ञापन गर्दा संस्थालाई आवश्यक हुने विषय र अनुभवको पहिचान नै नगरी हचुवाको भरमा विज्ञापनमा योग्यता र अनुभव तोकी मूल्यांकन गरी अस्पष्टता श्रृजना गरेको पाइएकोले यस्ता कार्यहरुले स्विकृत कार्यक्रम अनुसार आबश्यक हुने पदहरुमा यथेष्ठ प्रतिस्पर्धा नभई संस्थालाई हानी नोक्सानी हुन सक्ने अवस्था विद्यमान देंखिदा अव आइन्दा यस्तो अवस्था हुन नदिन आवश्यक व्यवस्था मिलाउन आयोगको मिति २०६२।१।२६ को निर्णयानुसार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा लेखी पठाइएको ।

८४. भंसार चोरी पैठारी गरी आयात गरिएका र विभिन्न भंसार कार्यालयमा रहेका सवारी साधनहरु यातायात व्यवस्था कार्यालय, कोशीमा गैर कानूनी रुपमा ऋषिराम खरेलको नाममा दर्ता गरी भ्रष्टाचारजन्य कसूर गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुँदा ऋषिराम खरेल, दयाराम यादव र नाम थर एकीन नभएका ठेकेदार भन्ने व्यक्ति समेतले सडक विभाग, हेभी इक्यूप्मेन्ट डिभिजन, बुटवलको सिफारिश, सडक विभाग, यान्त्रिक महाशाखा, बवरमहलको सिफारिश, यातायात व्यवस्था कार्यालय, भेरीको प्राविधिक प्रतिवेदन समेतका कागजातहरु सरकारी छाप दस्तखत कीर्ते गरी तैयार गरेको देखिएकोले निजहरुका विरुद्ध सरकारी छाप दस्तखत कीर्ते गरेको सम्बन्धमा कानून बमोजिम कारवाही गर्न आयोगको मिति २०६२।१।३० को निर्णयानुसार सम्बन्धित निकायमा लेखी पठाइयो । त्यसरी चोरी पैठारीको आशंकामा पक्राउ परी हाल भंसार कार्यालयहरुमा रहेका ५ थान जिपहरु अनुसन्धानबाट चोरी पैठारी भै कीर्ते लिलामी देखाई दर्ता गरेको देखिएकोले उक्त जिपहरु र जिप चोरी पैठारी गर्ने ऋषिराम खरेल, दयाराम यादव र नाम थर खुल्न नसकेका ठेकेदार भन्ने व्यक्ति समेतका बिरुद्ध श्री ५ को सरकार (मं.प.) को मिति ०६०/११/१४ को निर्णय बमोजिम आवश्यक कारवाही गर्न उक्त ५ थान जिपहरु र १ थान ट्रक कीर्ते लिलामीको आधारमा दर्ता भएको देखिएकोले चोरी पैठारी भै दर्ता भएको भनी प्रचलित भंसार ऐन बमोजिम आवश्यक कारवाही गर्न सम्बन्धित भंसार कार्यालयहरुमा पठाएको जानकारी उक्त जिप तथा ट्रकका हाल कायम भएको देखिएका सवारी धनीहरुलाई दिन तथा अनुसन्धानको क्रममा पक्राउ परी वीरगंज भंसार कार्यालयमा रहेको लु १ ज २३३३ नम्वरको ट्रक र सरकारी ट्रक लिलाम भएको भन्ने कीर्ते कागजातको आधारमा शुरुमा मिति २०५५/२/२७ मा यातायात व्यवस्था कार्यालय, कोशीमा साविक नं. को. अ ८७७ बाट को. अ ख ११९३

नं. मा ऋषिराम खरेलको नाममा गैरकानूनी रुपमा नामसारी दर्ता भएको देखिएकोले श्री ५ को सरकार (मं.प.) को मिति २०६०/११/१४ को निर्णयानुसार आवश्यक कारवाही गर्न आयोगको सोही मिति २०६२।१।३० को बैठकको निर्णयबाट सम्बन्धित कागजात सहित वीरगंज भंसार कार्यालयमा पठाउन भंसार विभागमा लेखी पठाइयो । त्यसै गरी गैरकानूनी रुपमा दर्ता भै संचालनमा रहेका र हालसम्म पक्राउ पर्न नसकेका १० वटा महेन्द्रा जिप र १६ वटा ट्रकहरु खोजतलास गरी पक्राउ गरी श्री ५ को सरकारको मिति २०६०/११/१४ को निर्णयानुसार जे जो गर्नुपर्ने हो गर्नु भनी आयोगले उक्त जिप तथा ट्रक सम्बन्धमा हालसम्म संकलन गरेको जानकारी र प्रतिवादी ऋषिराम खरेलको वयान समेतका सम्बन्धित कागजात संलग्न राखी आयोगको माथी उल्लेखित मिति २०६२।१।३० को निर्णयबाट राजश्व अनुसन्धान विभागमा पठाइयो । त्यसरी गैर कानूनी रुपमा दर्ता भै संचालनमा रहेका र हालसम्म पक्राउ पर्न नसकेका उल्लेखित १० वटा महेन्द्रा जिप र १६ वटा ट्रकहरु खोजतलास गरी पक्राउ गरी दाखिला गर्न सहयोग गर्न आयोगको सोही मिति २०६२।१।३० को निर्णयानुसार प्रहरी महानिरीक्षक, प्रहरी प्रधान कार्यालयलाई समेत लेखी पठाइएको ।

८५. कृषि विकास बैंक शाखा कार्यालय, भक्तपुरबाट कुखुरापालन व्यवसायीले ऋण लिई राम्रोसँग चलेको व्यवसायलाई मन्दी भयो र कुखुरामा रोग लागी मरेको भनी व्याज मिनाहा गरी लाखौं घोटला गरे भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा २०४६ देखि २०५१ सालसम्म शेरबहादुर सुवालले ऋण लिंदा धितो राखेको ६ कित्ता घर जग्गा मध्ये निजको छोरा गंगाप्रसाद सुवालको नामको कि.नं. ११ को क्षेत्रफल ३-१२-०-० जग्गा मिति २०५२।१२।२५ मा नै बावु शेरबहादुर सुवालको धितोबाट फुकुवा गरी छोरा गंगाप्रसाद सुवालको नाममा छुट्टै ऋण लगानी गरी बाँकी ५ कित्ता जग्गा (मञ्जुरीनामा वाला हरिभक्त सुवालको कि.नं. २९९ को क्षेत्रफल ४-०-०-० जग्गा समेत) मिति २०५६।९।१५ मा कृषि विकास बैंक भक्तपुर शाखाले लिलाम बढावढ गर्दा कसैले पनि सकार्न नआएकोले स्वयं बैंकले रु. २८,५५,३६०।- (अक्षेरुपी अठाइस लाख पचपन्न हजार तिनसय साठी) मा सकारेको लिलाम विक्री कानून सम्मत नदेखिएकोले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ख. अनुसार उक्त लिलाम बदर गरी गंगाप्रसाद सुवाल र निजको पिता शेरबहादुर सुवालसँग बैंकले असूल उपर गर्नुपर्ने बाँकी ऋण र हालसम्मको व्याज समेत निजहरुले ऋण लिंदा धितो राखिएको गंगाप्रसाद सुवालको नामको कि.नं. ११ समेतको धितोबाट असूल उपर गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२क. को आधारमा कृषि विकास बैंक मुख्य कार्यालय, रामशाहपथ, काठमाडौंलाई आयोगको मिति २०६२।२।३ को निर्णयानुसार लेखी पठाइएको ।

८६. उच्च माध्यमिक शिक्षा परिषद्वाट लिइएको विज्ञापन नं. ११।०६०।६१ लेखा सहायक पदको परीक्षामा अनियमितता भयो भन्ने सम्वन्धमा अनुसन्धान तहकीकात भै आयोगको वैठकमा पेश हुँदा उच्च माध्यमिक शिक्षा परिषद्वाट लिइएको विज्ञापन नं. ११।०६०।६१ लेखा सहायक पदको लिखित परीक्षामा प्रथम पत्रको कोड नं. ६६६०७, नन्दकिशोर यादवको उत्तरपुस्तिकामा उत्तरपुस्तिका परीक्षकले एक पटक अंक प्रदान गरिसकेपछि गलत उत्तरलाई समेत ठीक (√) चिन्ह दिई अंक थप गरेका र पहिले दिएको प्राप्तांकमा केरमेट गरी अंक थप गरेको समेत देखिन आएको, उक्त पदको अन्तरवार्तामा परिषद्वाट प्रकाशित पाठ्यक्रम

अनुसार शैक्षिक योग्यता वापतको अंक प्रदान गर्नु पर्नेमा सो नगरी अनियमित ढंगले अंक प्रदान गरेको समेतका आधारमा लिखित परीक्षामा नै अनुत्तीर्ण रोल नं. ११०००४ का उम्मेदवार नन्दकिशोर यादवलाई अंक थप गरी उत्तीर्ण गराईएको देखिएकोले निजको नाम सफल उम्मेदवारको सूचीवाट हटाउने र लिखित परीक्षावाट अन्तरवार्तामा छनौट भएका अन्य उम्मेदवारको हकमा शैक्षिक योग्यता वापत प्रदान गरिने अंक उच्च माध्यमिक शिक्षा परिषद्वाट प्रकाशित पाठ्यक्रम अनुसार प्रदान गरी योग्यताक्रम अनुसार नियुक्ति दिन अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ (ख) अनुसार उच्च माध्यमिक शिक्षा परिषद्मा आयोगको मिति २०६२।२।३ को निर्णयानुसार लेखी पठाइएको ।

८७. गुठी संस्थान केन्द्रीय कार्यालय, डिल्लिबजारका कानून अधिकृत हेमराज सुवेदी समेतले गुठीको तैनाथी जग्गालाई नियमानुसार लिलाम बढाबढ गरी विक्री गरी २००% रजिष्ट्रेशन मूल्य लिनु पर्नेमा सो अनुसार नगरी का.जि. सितापाइला गा.वि.स. वडा नं.९(ग) रिङ्गरोडसंग जोडिएको कि.नं. २२९ को ५-१४-०-० क्षे. फ. को प्रचलित मूल्य रु.३ करोड ६० लाख हुनुपर्नेमा रु.९० लाखको निर्णय गराई १५% मात्र रजिष्ट्रेशन लिइ मिलेमतोमा रकम खाए भन्ने समेतको यस आयोगमा पर्न आएको उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा घर भएको व्यक्तिलाई घर र घरले चर्चेको जग्गा सम्म उक्त दफा २५ अनुसार दिन सकिनेमा पुरै ५-१४-० (पाँच रोपनि चौध आना) जग्गा दिने निर्णय कानून विपरित हुँदा नक्सामा देखिए अनुसार घर र घरले चर्चेको ०-१०-० (दश आना) जग्गासम्म गुठी संस्थान कार्य व्यवस्था बिनियम, २०४९ को विनियम ११(३) बमोजिमको मूल्य लिई सम्बन्धित घरवाला गोपिलाल श्रेष्ठको नाममा रैतान नम्वरीमा दर्ता गर्नु र बाँकी जग्गालाई गुठी संस्थानको नाममा श्रेस्ता कायम गरी आयोगलाई जानकारी दिनु भनी अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८ दफा १२क र १२ख बमोजिम गुठी संस्थान केन्द्रीय कार्यालयलाई आयोगको मिति २०६२।२।६ को निर्णयानुसार लेखी पठाइएको ।

८८. कोष तथा लेखा नियन्त्रक कार्यालय समेतको पत्रले श्री ५ को सरकार वादी र मालपोत कार्यालय, सल्यानमा तत्काल कार्यरत स.ले.पा. षडानन्द काफ्ले प्रतिवादी भएको भ्रष्टाचार मुद्दामा पुनरावेदन अदालत, तुलसीपुर, दाङबाट मिति २०६१।१०।५ गते भएको फैसला उपर पुनरावेदन गर्ने नगर्ने निर्णय सम्बन्धमा आवश्यक कारवाहीका लागि भनी महान्यायाधिवक्ताको कार्यालय, रामशाह पथ, काठमाडौंको मिति २०६२।१।२९ को पत्रसाथ प्राप्त हुन आएको नक्कल मिसिल आयोगको बैठकमा पेश हुँदा उक्त मुद्दामा पुनरावेदन अदालत, तुलसीपुर, दाङबाट भएको उल्लिखित फैसलाको पुनरावेदनको म्याद दिइएको पत्र पुनरावेदन सरकारी वकील कार्यालय, तुलसीपुर, दाङमा मिति २०६१।११।२६ मा प्राप्त भएको र त्यस मितिले ३५ दिन भित्र पुनरावेदन गर्न नसके मुलुकी ऐन, अदालती बन्दोवस्तको ५९ नं. ले पाउने थाम्ने थमाउने म्याद ३० दिनसमेत गरी ६५ दिनभित्र पुनरावेदन गरिसक्नु पर्नेमा उक्त फैसला सहितको नक्कल मिसिल ६५ औं दिनमा मिति २०६२।१।२९ गते यस आयोगमा प्राप्त भएकोले पुनरावेदन गर्ने नगर्ने कारवाही सम्बन्धी निर्णय गर्ने समयावधी नै नरहेको देखिएकोले पुनरावेदन गर्ने नगर्ने विषयमा निर्णय गरिरहनु परेन । साथै यसरी पुनरावेदन गर्ने नगर्ने सम्बन्धमा निर्णय गरिनु पर्ने नक्कल मिसिलहरु अन्तिम मितिमा प्राप्त भै निर्णय नै गर्न नसकिने वाध्यात्मक परिस्थितिको सृजना हुनुलाई स्वाभाविक रुपमा लिन सकिने अवस्थामा नभएकोले यस्ता मिसिलहरु यथासमयमा नै आयोगमा पठाउने सम्बन्धमा

मातहत सरकारी वकील तथा सरकारी वकील कार्यालयलाई आवश्यक निर्देशन हुन आयोगको मिति २०६२/२/१० को निर्णयानुसार सम्माननीय महान्यायाधिवक्तालाई लेखी पठाइएको ।

८९. जिल्ला प्रशासन कार्यालय, काठमाडौंबाट वितरण भएका नेपाली राहदानीको विषयको उजूरी छानवीन कार्यदलबाट आयोगमा पेश भएको प्रतिवेदनलाई आधार मानी विस्तृत अनुसन्धान गर्दा जिल्ला प्रशासन कार्यालय, काठमाण्डौंका तत्कालिन सहायक प्रजिअ गणेशवहादुर कुँवरले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ को देहाय (छ) अनुसार आफ्नो पदको प्रकृति अनुसार पालन गर्नु पर्ने पदीय कर्तव्य पालना नगरेको एवं निजामती सेवा ऐन, २०४९ को दफा ६० को देहाय (ज) अनुसार प्रचलित कानूनले तोकेको पदीय दायित्व जिम्मेवारी पूर्वक पुरा नगरेको देखिएको र हाल निज सेवा निवृत्त भईसकेको देखिएकोले निजको उल्लेखित अनुचित कार्यको अभिलेख राख्न आयोगको मिति २०६२।२।१० को निर्णयानुसार मन्त्रिपरिषद तथा प्रधानमन्त्रिको कार्यालयमा लेखी पठाएको ।

९०. सुकुम्बासी समस्या समाधान आयोग झापामा कार्यरत छदा ७ नं. नापी गोश्वारा झापाका नापी निरीक्षक मान कुमार प्रधानले सुकुम्वासीलाई वितरण हुने जग्गा आफ्ना नाममा दर्ता गरेको भन्ने विषयमा छानविन भै आयोगको वैठकमा पेश हुँदा आयोगको मिति २०६२/२/१७ को निर्णयानुसार नापी निरिक्षक मानकुमार प्रधान तथा नापी गोश्वराका प्रमुख हृदय नारायण मिश्र दुवैलाई तत्काल निलम्वन गर्न सम्बन्धित अख्तियारवालालाई लेखिएको तथा निज मान कुमार प्रधानको नाममा अव्यवस्थित बसोबासी भनी प्रदान गरेको उल्लेखित झापा जिल्ला मेची नगरपालिका वडा नं १० को कि.नं.११६४ को ०-१-० र कि.नं.१८९२ को ०-०-१५, सतासीधाम गा.वि.स. वडा नं. ५ को कि.नं.७२९६ को ०-०-३ र कि.नं.७२९८ को ०-१-०, उक्त गा.वि.स. कै वडा नं ३ को कि.नं.५११ को ०-२-० जग्गा सुकुम्वासी समस्या समाधान आयोगको गठन, कर्तव्य र अधिकार सम्बन्धी कार्यनीति, २०५६ (संसोधन सहित) को दफा ५ र सोही आयोगको कार्यविधि, २०५७ को दफा २१ बमोजिम व्यक्तिको नामको दर्ता वदर गरी, श्री ५ को सरकारको नाममा दर्ता श्रेस्ता कायम गरी यस आयोगलाई जानकारी गराउनु भनी आयोगको मिति २०६२।२।१७ को निर्णयानुसार भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा लेखी पठाइएको ।

९१. राष्ट्रिय बाणिज्य बैंक, रानी शाखा, बिराटनगरबाट कर्जा सुविधा प्राप्त गर्ने मंगतुराम समूहका फर्म तथा कम्पनीका संचालकहरु र बैंकका कर्मचारीहरु परस्परमा मिलेमतो गरी वदनियतपूर्वक कर्जा लिनुदिनु गरी भ्रष्टाचारपूर्ण कसूर गरेको भन्ने उजुरीउपर अनुसन्धान हुँदा धितो सुरक्षण बिना केन्द्रको स्वीकृत सीमा नाघेर कर्जा प्रवाह गरी राखेको स्थितिमा बैंकको केन्द्रीय कार्यालयबाट आ.व. २०५६।५७, २०५७।५८ र २०५८।५९ समेतमा निरीक्षण अनुगमन गरी सीमा भन्दा बढी कर्जा प्रवाह नगर्न, सीमा स्वीकृत गराएर मात्र कर्जा प्रवाह गर्न, पर्याप्त धितो सुरक्षण लिएर मात्रै कर्जा प्रवाह गर्न गराउन कुनै ठोस सुझाव सल्लाह निर्देशन दिई शाखा कार्यालयबाट हुने गलत कार्यहरुको समयमै रोकथाम गर्नु पर्नेमा सो गराएको नदेखिएकोले आगामी दिनहरुमा बैंकको केन्द्रीय कार्यालयबाट आफ्ना मातहतका शाखा कार्यालयहरुको निरन्तर रुपमा अनुगमन, सुपरिवेक्षण गरी आफू मातहतका शाखाहरुबाट कुन पार्टीलाई के कति कर्जा गएको छ,, कति सीमा छ,, धितो कति लिएको छ,, सीमाको उल्लंघन भएको छ छैन, शाखाले अख्तियार भन्दा बढी कर्जा प्रवाह गरेको छ

छैन, कानून सम्मत प्रक्रियाहरु अवलम्बन भएको छ छैन भन्ने लगायतका विषयहरुमा समयमै रोकथाम गर्ने, निर्देशन दिने र गलत हुन गएका काम कारवाही समयमै रोक्न लगाउनेतर्फ अविलम्ब यथोचित व्यवस्था गर्न गराउन र सो सम्बन्धमा के कस्तो व्यवस्था तथा उपाय अपनाइन्छ सो समेत यस आयोगलाई जानकारी दिन आयोगको मिति २०६२।२।१९ को निर्णयानुसार राष्ट्रिय वाणिज्य वैंक, केन्द्रीय कार्यालयलाई लेखी पठाइयो । त्यसै गरी ऋणी समूहलाई कर्जा दिंदा धितो लिईएको सम्पत्ति कानून बमोजिम कारवाही गरी असूल उपर गर्न राष्ट्रिय बाणिज्य बैंकको केन्द्रीय कार्यालयलाई लेखी पठाइएको तथा ऋणी समूहका नारायण भेजिटेबल ई.प्रा.लि. को नाममा विदेशबाट कच्चा पदार्थ आयात गर्न अमेरिकी डलर १,९४,५९१।५९ को प्रतीतपत्र खोली भुक्तानी समेत भएकोमा अमेरिकी डलर १,७४,००३।१६ बराबरको मात्र सामान नेपाल भित्रिएको देखिएकोले अमेरिकी डलर १७,६२१।८४ बराबरको विदेशी मुद्रा अपचलन गरेको देखिंदा विदेशी विनिमय नियमित गर्ने ऐन, २०१९ बमोजिम कारवाही गर्न आयोगको सोही मिति २०६२।२।१९ को निर्णयानुसार सम्बन्धित निकायमा लेखी पठाइएको ।

९२. जिल्ला शिक्षा कार्यालय पर्साका तत्कालीन जिल्ला शिक्षा अधिकारी योगेन्द्र वहादुर वस्नेत समेतले नियम विपरित अस्थायी शिक्षक नियुक्ति गरेको भन्ने विषयमा छानवीन गरी तत्कालीन जिल्ला शिक्षा अधिकारी योगेन्द्र वहादुर वस्नेत समेतवाट श्री ५ को सरकारलाई हानि नोक्सानी पुगेको भए हानि नोक्सानी पुगेको रकम समेत असूल उपर गरी तीन महिना भित्र आयोगलाई जानकारी गराउन आयोगको मिति २०६२।२।२५ को निर्णयानुसार शिक्षा तथा खेलकूद मन्त्रालयलाई लेखी पठाइएको ।

९३. नेपाल बैंक लिमिटेड सिटी अफिस नेपागलगन्जले जय भवानी राईस मिल र सरला ट्रेडर्समा माल सामान धितो कर्जा र हाइपोथिकेशन कर्जा लगानी गरेकोमा बैंक कर्मचारीको मिलोमतोमा जय भवानी राईस मिलको बैंक कारोवार गर्ने अख्तियारी प्राप्त भारतिय नागरिक राम निवास रकावत, प्रो. जीवन रत्न गौतम र प्रो. प्रमोद पौडेलले गोदाममा रहेको मालसामान हिनामिना गरि भ्रष्टाचार गरे भन्ने विषयमा जिल्ला प्रशासन कार्यालय बाँकेबाट छानविन गरी प्राप्त प्रतिवेदनमा अनुसन्धान गरी आयोगको बैठकमा पेश हुँदा आयोगको मिति २०६२/२/६ को बैठकबाट जय भवानी राईस मिल र सरला ट्रेडर्सलाई बैंकले गरेको लगानी नियमानुसार उठाउन नेपाल बैंक लिमिटेड केन्द्रिय कार्यालयलाई लेखी पठाउने भनि मिति २०६२/२/२६ मा निर्णय भएकोले सोही वमोजिम लेखी पठाइएको ।

९४. गैरकानूनी किसिमबाट आयात गरिएका सवारी साधनहरु गैरकानूनी किसिमबाट सवारी दर्ता प्रमाणपत्र बनाई भ्रष्टाचारजन्य कार्य भएको भनी यातायात व्यवस्था कार्यालय, बागमती अंचलबाट च.नं. १६९८ मिति ०६१/१२/२२ को पत्रसाथ आवश्यक कारवाहीको लागि प्राप्त उजुरीउपर अनुसन्धान हुँदा भंसार छली गैरकानूनी आयात गरेको २ थान सवारी साधनहरु, सो कार्यमा संलग्न राजेन्द्र शाही, अरुण सेढाईं, रघुराज वन्त, संजीव तुलाधर र अशोकमान शाक्य र आवश्यक कागजात सहित भंसार ऐन अन्तर्गत कारवाही हुन आयोगको मिति २०६२।३।५ को निर्णयानुसार त्रिभुवन विमानस्थल भंसार कार्यालयमा पठाइएको । सोही सन्दर्भमा बरामदी बा. ४ च ४५०७ नम्वरको सवारी दर्ता प्रमाणपत्र कीर्ते तयार गरेकोमा सरकारी कागाजत कीर्ते सम्बन्धमा कारवाही गर्न सो सवारी दर्ता प्रमाणपत्र र सम्बन्धित व्यक्तिहरुको बयान लगायत आवश्यक कागजातहरु जिल्ला प्रहरी

कार्यालय, काठमाण्डौंमा पठाइएको । साथै साविक एलो क्यावले भंसार सुविधामा ल्याइएका गाडीहरु मध्ये सगुन सहकारी संस्थाले १० वटा सवारी साधनमा ऋण लगानी गरेको र ती गाडीहरु विभिन्न व्यक्तिको नाममा रही केही व्यक्तिहरुले प्राइभेट नम्वर गराएको र सो प्राइभेट बनाएको बा. ३ च ६२८६ गाडीको नम्वर प्लेट गैरकानूनी तरिकाबाट आयात गरिएको बरामद भएको गाडीमा प्रयोग गरिएको देखिंदा हाल उक्त पक्राउ परेका सवारी साधनहरु झै अन्य सवारी साधनहरु पनि यस्तै गैरकानूनी तरिकाबाट आयात गरी ल्याई त्यसमा अन्य गाडीको नम्वर प्लेट लगाई संचालन गरेको हुनसक्ने हुँदा यस बिषय र बा. ३ च २६५२ नम्वरको गाडी यातायात व्यवस्था कार्यालय, बागमतीमा दर्ता हुनु अघि यातायात व्यवस्था कार्यालय, गण्डकी अंञ्चलमा ग. १ च ५२९ नम्वरमा दर्ता रहेको र सो ग. १ च ५२९ नम्वरमा दर्ता हुनु अगाडी यातायात व्यवस्था कार्यालय, बागमती अंञ्चलमा बा. अ ञ ३२०३ नम्वरमा दर्ता रहेको भन्ने देखिएको र बा. ३ च २६५२ नम्वरको यातायात व्यवस्था कार्यालय, बागमतीमा रहेको इन्जिन नम्वर च्यासीस नम्वर र यातायात व्यवस्था कार्यालय, गण्डकीमा रहेको इन्जिन नम्वर र च्यासीस नम्वर मिलान भएको तर साविक बा. अ ञ ३२०३ नं. को फाइलमा गाडीको बिवरण फरक देखिएकोले बा. ३ च २६५२ नम्वरको गाडीको सम्बन्धमा समेत अनुसन्धान गरी आवश्यक कारवाही गर्न र कर्मचारीहरुको समेत संलग्नता देखिन आएमा यस आयोगमा पठाउन यातायात व्यवस्था कार्यालयबाट प्राप्त बा. अ ज २१६७, २१६९, २१७२, २१७३, २१७४, २१७९, २१८० (हाल बा. ३ च ६२८६) २१८१ (हाल बा. ३ च ३४७९), २१८३, २१८९ (हाल बा. ३ च ६२९५) र बा. ३ च २६५२ नम्वरका सम्बन्धित सक्कल फाइलहरु र आवश्यक अन्य कागजातहरु राजश्व अनुसन्धान विभागमा पठाइएको ।

९५. आ.व. ०५८।०५९ मा पश्चिम तराई गरिबी निवारण परियोजना बर्दिया अन्तर्गतको मुक्त कमैयाका लागि धारा (हेन्ड पम्प) वितरण कार्यक्रममा भ्रष्टाचार भयो भन्ने विषयको प्राप्त उजुरी उपर अनुसन्धान हुँदा रकम फ्रिज हुन्छ भनी धारा (हेन्ड पम्प) जडान गर्न बाँकी रहँदा रहँदै काम सम्पन्न भयो भनी भुक्तानी लिए दिएको देखिदा सो कार्यमा संलग्न व्यवसायीहरुमध्ये शैलेश्वरी निर्माण सेवा (अनिलकुमार के.सी.) बाट रु. ४०५४।२८ कञ्चन निर्माण सेवा (सोमबहादुर पाण्डे) बाट रु.७०९४।९९ र जय बगलामुखी निर्माण सेवा (श्यामशरण आत्रेय) बाट रु. ४०५४।२८ असुल उपर गर्न र असुल हुन नसकेमा दामकाम गर्ने तत्कालीन निमित्त स्था.वि.अ. छायादत्त पाण्डे र लेखापाल विष्णुबहादुर बस्नेतबाट दामासाहीले असुल उपर गर्नु भनी जिल्ला विकास समिति बर्दियालाई लेखी स्थानीय विकास मन्त्रालय र जिल्ला प्रशासन कार्यालय बर्दियालाई रकम असुल उपरको अनुगमन गर्न आयोगको मिति २०६२।३।६ को निर्णयानुसार लेखी पठाइएको ।

९६. त्रिभुवन विश्वविद्यालय सेवा आयोगवाट लिइएको विभिन्न विज्ञापन र पदका परीक्षाहरुमा अनियमितता भएको भन्ने संवन्धमा अनुसन्धान हुँदा विज्ञापन नं. ३।०६०।६१ स्टाफनर्स पदको लिखित परीक्षाको सि.नं. १४२ कोड नं. ३०७ को टेवुलेशन गर्दा उत्तरपुस्तिकामा उल्लेख गरिएको अंक १४ नभरी १५ अंक भरिएको पाईएपनि यसले नतिजामा तात्विक असर नपारेको देखिएकोले उत्तर पुस्तिकामा दिईएको अंक नै राखी सोमा सुधार गर्न अ.दु.अ.आ. ऐन, २०४८ को दफा १२ख. अनुसार त्रि.वि. सेवा आयोगलाई निर्देशन दिइएको । साथै त्रि.वि. सेवा आयोगवाट प्रकाशित सह-प्राध्यापक पदको अन्तरवार्ता संवन्धी

सूचनामा आवश्यक योग्यता र अनुभव पुगेका उम्मेदवारको नाम छुटेको भन्ने संवन्धमा नियमानुसार पुनरावलोकन गर्न आयोगको मिति २०६२।३।१३ को निर्णयानुसार त्रि.वि. सेवा आयोगमा लेखी पठाइएको ।

९७. पी.पी. फेशन नामक फर्मलाई कृषि विकास बैंक, बैकिङ्ग कार्यालय पुतलीसडकबाट मिति २०५३।१२।४ को कर्जा समितिको निर्णयानुसार रु. १० लाख कर्जा प्रवाह गरिएकोमा ऋणीले तोकिएको म्यादभित्र कर्जाको सांवा व्याज चुक्ता नगरेको अवस्थामा बैंकको लेना असूल गर्नेतर्फ प्रचलित नियमानुसार अग्रसरता नदेखाई बैंकलाई हानि नोक्सानी हुनसक्ने अवस्था सिर्जना गरी आफ्नो पदको प्रकृति अनुसार पालना गर्नुपर्ने पदीय कर्तव्य पालना नगर्ने तत्कालीन प्रवन्धकहरु र कर्जा असूली शाखाका प्रमुखहरुले आ-आफ्नो पदीय दायित्व जिम्मेवारीपूर्वक वहन नगरेको कसूरमा निजहरुउपर कुनै विभागीय कारवाही गरिरहनुपर्ने अवस्था नदेखिएको तथा बैंकको साँवा व्याज असूल उपर गर्ने कार्य प्रचलित कानून वमोजिम बैंककै जिम्मेवारी हुँदा आवश्यक कार्यार्थ सम्वन्धित फायलहरु बैंकलाई फिर्ता पठाइएको ।

९८. समाज कल्याण परिषद्ले केही समय अघि खारेज गरेको दरबन्दीको विशिष्ट श्रेणीको पदमा सर्वराज खड्कालाई विभिन्न सुविधा लगायत मासिक रु. १५,०००।- तथा भत्ता रु. २०००।- दिने गरी नियुक्ति दिई अख्तियारको दुरुपयोग गरेको हुँदा छानविन गरी कारवाही होस भनी यस आयोगमा परेको उजुरी निवेदनका सम्वन्धमा अनुसन्धान हुँदा कार्य समितिको निर्णय बमोजिम कानूनी प्रक्रिया पूरा गर्ने कर्तव्य भएका परिषद्का सदस्य सचिव डा. प्रभा बस्नेतबाट सम्बन्धित ऐन, नियम अनुरुप कार्यकारी निर्देशक पदको दरबन्दी सृजना गरी मात्र नियुक्ति दिने प्रक्रिया अपनाउनु पर्नेमा सो नगरी मिति ०६१।५।११ मा कार्यकारी निर्देशक पदमा सर्वराज खड्कालाई विशिष्ट श्रेणी सरहको सुविधा दिने गरी नियुक्ति दिने कार्य उपरोक्त ऐन नियमको ठाडो उल्लंघन हुनुका साथै अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ख. बमोजिम कार्य समेत भएकोले निज कार्यकारी निर्देशक सर्वराज खड्काले मिति २०६१।५।११ देखि ऐ. फागुनसम्म पारिश्रमिक वापत लिएको रु. १,२५,७२९।०३ समाज कल्याण परिषद्का सदस्य सचिव डा. प्रभा बस्नेतबाट असुल उपर गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२क. बमोजिम मिति २०६२।३।२१ को निर्णयानुसार अख्तियारवालालाई लेखी पठाइएको ।

९९. जिल्ला विकास समिति, सल्यानका निमित्त स्थानिय विकास अधिकारी श्री दण्डपाणि वरालले आ.व. २०५९।०६० को अन्त्यतिर विभिन्न खरीद, निर्माण, मर्मत आदि कार्यमा आर्थिक अनियमितता गरी भ्रष्टाचार गरेको भन्ने विषयमा अनुसन्धान हुँदा जिल्ला विकास समितिको कार्यालय (स्थानिय विकास कोष) का तत्कालिन ना.सु. श्री राजेन्द्र डाँगीले रु. ९०।- पर्ने ३ नं. र ४ नं. को रजिष्टर ल्याई रु. ३००।- पर्ने राम्रो खालको रजिष्टर ल्याएको भनी स्टोर दाखिला रिपोर्ट तयार पारि जम्मा रु.४२,०००।- अन्तर परेको र सो रकम स्थानीय विकास अधिकारीलाई बुझाएकोमा निजले आफूलाई रु. ३,०००।- दिएको तर्फ सहमत रहे भएको देखिदा निजको उक्त कार्य अ.दु.अ.आयोग ऐन, २०४८ को दफा ३ (ख),(छ)अनुसार अनुचित कार्य भएको देखिदा निजलाई स्थानीय स्वायत्त शासन नियमावली, २०५६ अनुसार (एक) तलव वृद्धि रोक्का गर्न र निजले लिए खाएको रु.३,०००।- निजवाट भरि भराउ गर्न, त्यस्तै

कोष तथा लेखा नियन्त्रक कार्यालयका तत्कालिन लेखापाल विमल कुमार श्रेष्ठले सप्लायरसंग सानोखाले रजिष्टर लिई राम्रो रजिष्टर किनेको देखाई, अन्तरमूल्यबाट रु.४२,०००।- प्राप्त गरी उक्त रकम स्था.वि.अ.लाई दिएको र पछि स्था.वि.अ. वाट आफूले रु. ४,०००।-प्राप्त गरी लिएको तर्फ निज विमल कुमार श्रेष्ठ सहमत रहे भएको देखिदा निजको उक्त कार्य अ.दु.अ.आयोग ऐन, २०४८ को दफा ३ (ख), (छ) अनुसार अनुचित कार्य भएको देखिदा निजलाई निजामती सेवा ऐन, २०४९ अनुसार १ (एक) तलव बृद्धि रोक्का गर्न र स्थानिय विकास अधिकारीबाट निजले पाएको रु.४,०००।- निजबाट भरि भराउ गर्न र जिल्ला विकास समितिको कार्यालय, सल्यानका तत्कालिन निमित्त.स्थानीय विकास अधिकारी दण्डपाणी बरालले रु. ९० पर्ने रजिष्टरलाई रु. ३०० मा खरिद गरेको देखाई बढी भुक्तानी गरेको रु. ४२,०००।- लेखापाल विमल कुमार श्रेष्ठ र स्टोर किपर राजेन्द्र डाँगीले स्था.वि.अ.लाई दिई आफूहरुलाई क्रमश रु. ३,०००।- र रु. ४,०००।- प्राप्त भएको कुरा स्वीकार गरेको समेत सन्दर्भमा खरिद वापतको भूक्तानी रकम स्वीकृत गर्ने अन्तिम अधिकारी निजै भएको र आफूलाई निज कर्मचारीबाट अनुचित तवरमा प्राप्त भएको रकममा रु ३०००।- र रु. ४०००।- निज कर्मचारीहरुलाई दिई पदिय दायित्व विपरित अ.दु.अ.आयोग ऐन, २०४८ को दफा ३ (ख),(ङ), (छ) अनुसार अनुचित कार्यगरे वापत श्री ५ को सरकारलाई हानि नोक्सानी पारेको रकम रु.४२,०००।- मध्ये लेखापाल तथा स्टोर किपरबाट असुल गर्ने रु.७०००।- कटाई बाँकी रु ३५,०००।- निज स्थानिय विकास अधिकारीबाट भरी भराउ गर्न आयोगको मिति २०६२।३।२७ को निर्णयानुसार सामान्य प्रशासन मन्त्रालयलाई लेखी पठाइएको ।

१००. बाग्मती सिंचाई आयोजना, कर्मैया सर्लाहीले कम गुणस्तरका सामान प्रयोग गरी निर्माण कार्य गराएको भन्ने समेत विषयका उजुरीहरु उपर आयोगको सु.ई. श्री तुलसी प्रसाद सिटौलाको संयोजकत्वमा गठित टोलीले दिएको प्रतिवेदनको आधारमा अनुसन्धान गर्दा बाग्मती सिंचाई आयोजनाको कार्यहरुमा Typical Design Drawings को आधारमा डिटेल लागत अनुमान तयार गर्ने गरेको, ठेक्का पट्टा भई सकेपछि Working Drawings र As Built Drawing सि.डि.ई. स्तरबाटै बनी त्यसैको आधारमा काम गराउने गरेको, गुणस्तर नियन्त्रणको लागि पर्याप्त Insitu/laboratory Tests नगराएको, कार्य सम्पन्न नहुदै कार्य सम्पन्न मिति राखी नापी किताव समेत तयार गरेको, आयोजनालाई सरसामानको आवश्यकताको विश्लेषण नगरिकनै खरीद गरेको, विभागीय प्रमुखको स्वीकृति विना टुक्रा टुक्रा लागत अनुमान तयार गरी सोझै दरभाउ पत्र लिई मर्मत कार्य गराएको, अनियन्त्रित ठेक्का प्याकेजहरु वनाएको, एउटै प्याकेजमा ठूलो संख्यामा प्राविधिकहरु सुपरीवेक्षणको लागि खटाएको, ज्यालादारी कर्मचारीहरु राख्न खास नर्म्स वा स्टान्डर्ड प्रयोग नगरेको, स्टोरमा सर्भे सामान पर्याप्त मौज्दात हुंदा हुदैं प्रत्येक ठेक्कामा थप सर्भे सामान खरीद गर्ने गरेको, स्ट्रक्चरको जगको लागि माटो खन्ने कार्यमा अनावश्यकरुपमा थप नापी लिएको, विगतका विभागीय छानविन समितिहरुले औंल्याएका कमी कमजोरीहरुमा हाल सम्म सुधार हुन नसकेको तथा सिचाई विभागवाट आवश्यक मात्रामा नीतिगत, निर्देशन र अनुगमन भएको देखिन नआएकोले यी विषयहरुमा ४ (चार) महिना भित्र प्रत्येक विषयमा वस्तुगतरुपमा नै सुधार गर्न र कमी कमिजोरीहरु पुनः दोहोरिन आएको देखिएमा यसको उतरदायित्व वहन गर्ने पदाधिकारी उपर कार्यवाही गरिने समेत जानकारी दिने गरी आयोगको मिति २०६२।३।३१ को निर्णयानुसार महानिर्देशकलाई लेखी पठाइएको ।

परिच्छेद - ११
विभागीय वा अन्य कारवाही गर्न लेखिएका विषयको कार्यान्वयन भई आएको विवरण (आ.ब. २०६१/६२ सम्मको)

भ्रष्टाचार तथा अनुचित कार्यको अनुसन्धानको सिलसिलामा विभागीय कारवाही लगायत अन्य कारवाही गर्ने गरी आयोगले गरेका निर्णयहरुको कार्यान्वयनका लागि विभिन्न सरकारी मन्त्रालय, विभाग तथा अन्तर्गत कार्यालयहरुलाई लेखी पठाउने गरेको छ । ती निर्णयहरुको कार्यान्वयन स्थितिबारे लेखाजोखा गर्न आयोगबाट मिति २०६० असोज १४ गतेदेखि सबै मन्त्रालयका प्रतिनिधिहरु राखी बैठक बसी छलफल गर्ने पद्धतिको विकास गरिएको छ । यसरी प्रत्येक महिनाको कार्यालय खुल्ने अन्तिम दिनमा हुने बैठकमा प्रत्येक मन्त्रालयबाट फोकल प्वाइन्टको रुपमा प्रतिनिधित्व गराई छलफल गराउँदा आयोगका निर्णयहरुको कार्यान्वयन स्थितिमा सुधार आएको देखिएको छ । यस प्रकार आयोगका अघिल्ला बैठकहरुले विभागीय कारवाही लगायत विविध कारवाही गर्ने गरी भएका निर्णयहरु मध्ये आ.व. २०६१।६२ को अवधिमा कार्यान्वयन भई आयोगको जानकारीमा आएका निर्णयहरुको विवरण निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ ।

(क) विभागीय कारबाही :

क्र.सं.	आयोगको निर्णय मिति	उजुरीको विषय र निर्णयको व्यहोरा	कार्यान्वयनको व्यहोरा
१.	२०६१/२/१४	नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठानको भवन निर्माणमा अनियमितता गरे भन्ने सम्बन्धमा विभागीय कारवाही गर्न लेखि पठाइएको ।	नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठानको मिति २०६१।४।७ को पत्रानुसार तालिम केन्द्रका प्रमुख जयन्द्र रिमाललाई तल्लो तहको पदमा घटुवा गरिएको जानकारी प्राप्त भएको ।
२.	२०६०/११/२१	बाजुराको वडिमालिका मन्दिर र अछ्यामको वैद्यनाथ मन्दिर मर्मत तथा जिर्णोद्धार गर्दा भ्रष्टाचार गरेको सम्वन्धमा विभागीय कारवाही तथा रकम असूल उपर गर्न लेखी पठाइएको ।	संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको मिति २०६१/४/११ को पत्रानुसार इन्जिनियर विनोदचन्द्र गिरीलाई दुई तलव वृद्धि रोक्का गरिएको जानकारी प्राप्त ।
३.	२०६०/११/१४	यातायात व्यवस्था कार्यालय बागमतीमा कार्यरत रहदा गाडी दर्ता गर्दा अनियमित कार्य गरेको सम्वन्धमा विभागीय कारवाही गर्न लेखी पठाइएको ।	यातायात व्यवस्था विभागको मिति २०६१/४/१३ को पत्रानुसार तत्कालिन नायव सुब्बा अनोज घिमिरेको दुई तलव वृद्धि रोक्का गरिएको जानकारी प्राप्त ।
४.	२०६१/३/३	पूर्वाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालयका निर्देशक सहितले अनियमित गरे भन्ने सम्वन्धमा संलग्न कर्मचारीलाई विभागीय कारवाही गर्न लेखी पठाइएको ।	श्रम तथा यातायात मन्त्रालयको मिति ०६१/४/२२ को पत्रानुसार शाखा अधिकृत कृष्णप्रसाद चापागाईको २ ग्रेड रोक्का गरिएको जानकारी प्राप्त भएको ।
५.	२०६०/३/५	त्रिभुवन विश्व विद्यालय परीक्षा नियन्त्रण कार्यालयको पत्रसमेतले वादी श्री ५ को सरकार प्रतिवादी निराजन विष्ट समेत भएको नक्कली ट्रान्सक्रिप्ट वनाई भ्रष्टाचार गरेको सम्वन्धमा संलग्न कर्मचारीहरुलाई आवश्यक कारवाही गर्न त्रि.वि.वि. लाई लेखी पठाइएको ।	त्रिभुवन विश्व विद्यालय रजिष्ट्रारको कार्यालयको २०६१/४/२५ को पत्रानुसार शम्भुराज रेग्मीलाई २ ग्रेड रोक्का, श्रीतम पोखरेललाई १ ग्रेड रोक्का तथा पद्मिनी वज्राचार्य, सुशिल वज्राचार्य, लक्ष्मण के.सी., सपना श्रेष्ठ, शान्ति प्रधान र लक्ष्मी नारायणलाई नसिहत दिइएको जानकारी प्राप्त भएको ।

६.	२०५८/११/१७	निर्माण तथा यातायात मन्त्रालयले लेखा समूह र इन्जिनियरिङ्ग सेवाका प्राविधिक कर्मचारीलाई प्रशासन सेवामा परिवर्तन गरी वढुवा समेत गरेको भन्ने उजुरीको सम्वन्धमा विभागीय कारवाही गर्न लेखी पठाइएको ।	भौतिक योजना तथा निर्माण मन्त्रालयको मिति २०६१/४/२९ को पत्रानुसार शा.अ. दामोदर भण्डारीलाई नसिहत दिइएको जानकारी प्राप्त भएको ।
७.	२०६०/११/२९	यातायात व्यवस्था कार्यालयले भन्सार छली ल्याइएको गाडि दर्ता गरेको सम्वन्धमा संलग्न कर्मचारीलाई विभागीय कारवाही गर्न लेखी पठाइएको ।	यातायात व्यवस्था विभागको मिति २०६१/४/३२ को पत्रानुसार पाँच वर्ष वढुवा रोक्का गरिएको जानकारी प्राप्त भएको ।
८.	२०६१।४।२९	नेपाल विद्युत प्राधिकरणको कोदारी, तातोपानी र गमगढी केन्द्रको लागि सोलार प्यानल खरिदमा भ्रष्टाचार भएको भन्ने सम्वन्धमा सम्लग्न कर्मचारीलाई विभागीय कारवाही गर्न लेखि पठाइएको ।	नेपाल विद्युत प्राधिकरणको मिति २०६१।५।१५ को पत्रानुसार निर्देशक तिर्थनाथ ठाकुर र केन्द्र प्रमुख धनन्जय फडेराको ५ वर्ष र प्रवन्धक प्रदीपलाल श्रेष्ठ र ईन्जिनियर मनोज सिलवाललाई ३ वर्ष वढुवा रोक्का गरिएको जानकारी प्राप्त भएको ।
९.	२०६१/३/११	दुरसंचार तालीम केन्द्रको रकम हिनामिना सम्वन्धमा विभागीय कारवाही गर्न लेखी पठाइएको ।	नेपाल टेलिकमको मिति ०६१/६/१५ को निर्णयले प्रवन्धक रमेशकुमार श्रेष्ठ र स.लेअ. सुजनकुमार पोखरेललाई नसिहत दिएको जानकारी प्राप्त । साथै नेपाल नेपाल टेलिकमको मिति ०६१/९/२ को पत्रानुसार सहायक धिरेन्द्रप्रसाद दत्त, मे.अ. विजय चित्रकारलाई नसिहत दिइएको जानकारी प्राप्त भएको ।
१०.	२०६०/१२/३	वीर अस्पताल विकास समितिले म्याद भुक्तान भएको औषधी उपयोग गरी अनियमितता गरेको सम्वन्धमा विभागीय कारवाही तथा रकम असूल उपर गर्न लेखी पठाइएको ।	स्वास्थ्य मन्त्रालयको मिति २०६१/५/८ का पत्रानुसार खरिदार जगन्नाथ के.सी. लाई दुई तलव वृद्धि रोक्का, मिति २०६१/८/२९ को पत्रानुसार मेडिकल टेक्निसियन ज्योत्साना श्रेष्ठको दुई वर्ष वढुवा रोक्का गरिएको जानकारी प्राप्त ।
११.	२०६१/४/१४	वृहत्तर जनकपुर क्षेत्र विकास परिषदका शम्भुनाथ प्रसाद साहले विभिन्न निर्माण कार्यमा अनियमितता गरेको भन्ने सम्वन्धमा निज लगायत सम्लग्न कर्मचारीहरुलाई विभागीय कारवाही गर्न लेखी पठाइएको ।	वृहत्तर जनकपुर क्षेत्र विकास परिषदको मिति २०६१।५।२८ को पत्रानुसार निज शम्भुप्रसाद साहलाई अवकास दिइएको साथै सोही परिषदको मिति २०६१।८।२५ को पत्रानुसार सह लेखापाल सावित्री गिरीलाई अवकाश दिइएको जानकारी प्राप्त भएको ।
१२.	२०६१/१/१०	राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र टेकूले शैक्षिक सामाग्री ढुवानी तथा छपाईमा अनियमितता गरेको सम्वन्धमा नोकरीबाट हटाउने विभागीय कारवाही गर्न र रकम असूलउपर गर्न लेखी पठाइएको ।	स्वास्थ्य मन्त्रालयको मिति २०६१/५/२८ को पत्रानुसार रमेशचन्द्र न्यौपाने र महालेखा नियन्त्रकको कार्यालयको मिति २०६१/६/२७ का पत्रानुसार लेखापाल तारांराज कोइरालालाई अवकास दिइएको भन्ने जानकारी प्राप्त ।

१३.	२०५१/३/२३	जिल्ला विकास समितिको कार्यालय सोलुखुम्बुको सडक कार्यक्रम अन्तर्गत आ.व. २०५०/०५१ मा संचालन भएको झोलुङ्गे पुलहरुको ठेक्का स्वीकृति गर्दा अनियमितता गरेको सम्वन्धमा का.मु. स्थानीय विकास अधिकारी यज्ञबहादुर खत्रीलाई विभागीय कारवाही गर्न स्थानीय विकास मन्त्रालयलाई लेखी पठाइएको ।	संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको मिति २०६१/६/५ को पत्रानुसार नसिहत दिइएको जानकारी प्राप्त भएको ।
१४.	२०५८/४/२४	शाही नेपाल वायु सेवा निगमका का.मु. निर्देशक सुधिर राईले विदेशमा जाने विमान चालकको लागि होटल भाडामा लिँदा अनियमितता गरेको सम्वन्धमा शा.ने.वा.नि. का तत्कालिन का.मु. निर्देशक सुधिर राईलाई ५ ग्रेड घटाउने विभागीय कारवाही गर्न लेखी पठाइएको ।	शाही नेपाल वायु सेवा निगमको मिति ०६१/६/१४ को पत्रबाट निज सुधिर राईलाई ५ ग्रेड घटाइएको जानकारी प्राप्त भएको ।
१५.	२०५७/३/१६	राष्ट्रिय वाणिज्य वैंक शाखा कार्यालय भरतपुरबाट नहरमा परेको जग्गालाई धितो मूल्यांकन गरी ऋण प्रवाह गरेको सम्वन्धमा विभागीय कारवाही गर्न लेखि पठाइएको ।	राष्ट्रिय वाणिज्य वैंकको मिति २०६१/६/१८ को पत्रानुसार दुई ग्रेड घटाइएको जानकारी प्राप्त भएको ।
१६.	२०५८/५/२७ र २०६०/५/१०	कृषि अनुसन्धान परिषदमा पदपूर्ति गर्दा अनियमितता भयो भन्ने सम्वन्धमा संलग्न कर्मचारीलाई विभागीय कारवाही गर्न तथा परिषदका तत्कालिन निर्देशक ध्रुव जोशीको अभिलेख राख्न लेखी पठाइएको ।	कृषि तथा सहकारी मन्त्रालयको मिति २०६१/६/२१ को पत्रबाट सहसचिव सुरेशकुमार वर्मालाई नसिहत दिइएको जानकारी प्राप्त भएको । *(यसअघि नै डा. माधव जोशी, दुलारचन साहु र कुमालवहादुर थापालाई नसिहत दिइएको जानकारी प्राप्त भएको ।)*
१७.	२०६०/११/१९	सर्लाही वरहथवा गाविसका सचिव जगन्नाथ शाह समेतले गोरुवजारको ठेक्का दिँदा अनियमितता गरेको सम्वन्धमा विभागीय कारवाही गर्न लेखी पठाइएको ।	जि.वि.स. को कार्यालय सर्लाहीको मिति २०६१/६/२४ को पत्र र कृषि विभागको मिति २०६१/९/२० को पत्रानुसार क्रमशः गाविस सचिव जगन्नाथ शाह र कृषि सेवा केन्द्रका प्राविधिक सहायक रामविनय मिश्रको दुई तलव वृद्धि रोक्का गरिएको जानकारी प्राप्त भएको ।
१८.	२०६०/३/१८	नेपाल आयल निगमको अमलेखगंजबाट बिक्रेताहरुलाई पेट्रोलियम पदार्थ बिक्री बितरण गर्दा कर्मचारीहरुको मिलेमतोमा सरोज आयल ट्रेडिङ बरहथवासंग मिलि भ्रष्टाचार गरेकोमा सो कार्यमा संलग्न कर्मचारीहरुलाई विभागीय कारवाही गर्न लेखी पठाइएको ।	नेपाल आयल निगमको मिति २०६१/७/१७ को पत्रानुसार डिपो प्रमुख मुकुन्दप्रसाद ढुंगेलको २०६३ अषाढ मसान्त सम्म बढुवा रोक्का, मिति २०६१/९/१९ को पत्रानुसार विश्वेश्वर यादव र माधव ढुंगानाको एक एक ग्रेड रोक्का र विष्णुप्रसाद दाहाललाई नोकरीबाट अवकाश दिइएको जानकारी प्राप्त भएको ।

१९.	२०६१/२/२१	अन्य संस्थानमा कार्यरत रहँदाको समयमा बीमा समर्पणको रकम भुक्तानी लिई सकेपछि पनि उक्त रकम उदयपुर सिमेण्ट उद्योगबाट समेत विष्णुराज कोइराला समेतका कर्मचारीहरुले पुन: भुक्तानी लिई भ्रष्टाचार गरे भन्ने सम्वन्धमा दशौं तहका विष्णुराज कोइरालालाई तल्लो तलवमा स्केलमा ओराल्ने विभागीय कारवाही गर्न लेखी पठाइएको ।	उदयपुर सिमेण्ट उद्योग लिमिटेडको ०६१/७/१७ को पत्रानुसार तल्लो तहमा घटुवा गरिएको जानकारी प्राप्त भएको ।
२०.	२०५८/४/५	वुडर-जोगवुढा-दैजी सडकको रेखांकनभित्र परेका रुखहरु कटान सम्वन्धमा विभागीय कारवाही गर्न लेखी पठाइएको ।	वन तथा भूसंरक्षण मन्त्रालयको मिति २०६१/७/२० को पत्रानुसार तीन वर्ष वढुवा रोक्का भएको जानकारी प्राप्त भएको ।
२१.	२०६१/६/१९	वि.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानका कम्प्यूटर अपरेटर यदुकुमार ढकालले अ.दु.अ.आयोगको नक्कली लेटरप्याड, छाप र पत्र तयार गरी अनियमित कार्य गरेको सम्बन्धमा निजलाई सेवाबाट हटाउन लेखि पठाइएको ।	वि.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको मिति २०६१/७/२४ को पत्रानुसार निज यदुकुमार ढकाललाई प्रतिष्ठानको सेवामा भविष्यको निमित्त अयोग्य नठहरिने गरी करार सेवाबाट हटाइएको जानकारी प्राप्त भएको ।
२२.	२०५८/१२/१३	नाम्गेल डोल्कर लामा र निजको पूर्व पति जर्मन नागरिक कास्टेन डाइकसंगको आफ्नो सम्पत्तिको विवादमा काठमाण्डौं जिल्ला अदालतमा कारवाही चलिरहेको मुद्दामा जिल्ला प्रशासन कार्यालयको आदेश विपरीत वडा प्रहरी कार्यालय बौद्धका प्रहरी निरीक्षक तुलसीप्रसाद अधिकारीले अनुचित कार्य गरेको सम्बन्धमा विभागीय कारवाही गर्न लेखी पठाइएको ।	गृह मन्त्रालयको मिति २०६१/८/३ को पत्रानुसार विभागीय कारवाही स्वरुप २ ग्रेड घटाइएको जानकारी प्राप्त भएको ।
२३.	२०६१/१/४	डोल्पा जिल्लाको इला हेल्थपोष्ट भवन निर्माणमा भ्रष्टाचार गरेको सम्वन्धमा विभागीय कारवाही गर्न लेखी पठाइएको ।	स्वास्थ्य मन्त्रालयको मिति ०६१/८/३ को पत्रानुसार का.मु. निर्देशक पुष्कल भारतीलाई २ वर्षसम्म वढुवा रोक्का गरिएको जानकारी प्राप्त भएको ।
२४.	२०६०/४/६	भक्तपुर जिल्ला वागेश्वरी गा.वि.स. का तत्कालिन सचिव रामेश्वर गेलालले रकम हिनामिना गरी भ्रष्टाचार गरेकोमा विभागीय कारवाही गर्न लेखी पठाइएको ।	जिल्ला विकास समिति भक्तपुरको मिति २०६१/८/८ को पत्रानुसार भविष्यमा अयोग्य नठहरिने गरी सेवाबाट अवकाश दिइएको जानकारी प्राप्त भएको ।
२५.	२०६१/१/९	नवलपरासीस्थित रामग्राम न.पा. १३ को कित्ता नं २६४, ३८२ र २८३ को जग्गा मालपोत कार्यालय र नापी शाखाको मिलेमतोमा न्यूनतम मूल्यांकन राखी राजस्व छलेको सम्बन्धमा संलग्न अमिनलाई विभागीय कारवाही गर्न र नपुग राजस्व सम्बन्धित व्यक्तिसंग असूल उपर गर्न लेखि पठाइएको ।	मालपोत कार्यालय नवलपरासीको मिति २०६१/८/१० को पत्रानुसार जग्गाधनीहरु पार्वती के.सी. र महेन्द्रप्रसादको जग्गा रोक्का राखिएको र नापी विभागको मिति २०६१/८/२१ को पत्रानुसार अमिन एकनाथ गौतमको २ तलब वृद्धि रोक्का गरिएको जानकारी प्राप्त भएको ।
२६.	२०६१/३/१५	यातायात व्यवस्था कार्यालय वागमतीका तत्कालिन खरिदार ध्रुवराज रेग्मीले अनियमित तरिकाबाट सवारी साधन दर्ता गरे भन्ने सम्वन्धमा विभागीय कारवाही गर्न लेखी पठाइएको ।	मध्य पश्चिमाञ्चल सिंचाई विकास डिभिजन नं ४ को मिति २०६१/८/१३ को पत्रानुसार ५ वर्ष वढुवा रोक्का गरिएको जानकारी प्राप्त भएको ।

२७.	२०६१/५/२४	भक्तपुर तलेजु गुठीको जग्गा लक्ष्मीबहादुर राजचलको नाममा गुठी संस्थानका दिपक बहादुर पाण्डेले अनियिमत किसिमले दर्ता गरेको भन्ने सम्बनधमा विभागीय कारवाही गर्न लेखी पठाइएको ।	गुठी संस्थानको मिति २०६१/८/२३ को पत्रानुसार दिपक बहादुर पाण्डेलाई २ तलब बृद्धि रोक्का गरिएको जानकारी प्राप्त भएको ।
२८.	२०६०/६/१	आधारभूत तथा प्राथमिक शिक्षा परियोजनालाई जापान सरकारबाट प्राप्त हुने अनुदान रकम अनियमितता गरेको सम्वन्धमा छानविन गरी पठाउन शिक्षा तथा खेलकूद मन्त्रालयलाई लेखी पठाइएको ।	शिक्षा विभागको मिति २०६१/८/१४ को पत्रबाट इन्जिनियरहरु नातिवावु खड्का, नवराज कार्की, राजकुमार चौधरी, टिकावहादुर चौधरी र अरुणकुमार गौतमलाई नसिहत दिइएको भन्ने जानकारी प्राप्त भएको ।
२९.	२०६१/३/८	परीक्षणकालमै वेल्जियम अध्ययनमा रहेका पदमकुमार मैनालीका सम्बन्धमा निजामती सेवा ऐन, नियम वमोजिम कारवाही गर्न लेखी पठाइएको ।	भौतिक योजना तथा निर्माण मन्त्रालयको मिति २०६१/८/३० को पत्रानुसार मिति ०६१/८/२८ देखि लागू हुने गरी निज पदमकुमार मैनालीलाई अवकास दिएको जानकारी प्राप्त भएको ।
३०.	२०६१/२/८ र २०६१/३/१४	जिल्ला प्रशासन कार्यालय, काठमाण्डौका सहायक प्रमुख जिल्ला अधिकारी एकमणि नेपाल समेतले गैर कानुनी तवरमा नागरिकता वितरण गरे भन्ने सम्वन्धमा संलग्न कर्मचारीउपर ५ वर्ष वढुवा रोक्काको विभागीय कारवाही गर्न लेखी पठाइएको ।	गृह मन्त्रालयको क्रमशः ०६१/७/१२ र ०६१/९/६ को पत्रानुसार एकमणि नेपाल र खरिदार अर्जुन घिमिरेको ५ वर्ष वढुवा रोक्का गरिएको तथा नगरविकास योजनाको मिति ०६१/८/१ को पत्रानुसार ना.सु. हरिबहादुर कार्की र रक्षा मन्त्रालयको मिति ०६१/५/२४ को पत्रानुसार शा.अ. रामप्रसाद पन्तको समेत ५ वर्ष वढुवा रोक्का गरिएको जानकारी प्राप्त भएको ।
३१.	२०६०/३/१९	पर्सा जिल्लाको सखुवा पर्सौनी, महादेवपट्टि र चोर्नी गा.वि.स.का विभिन्न जग्गाहरु अधिकार नै नभएको कुरामा निर्णय गराई लालपूर्जा समेत वितरण गरेको सम्वन्धमा सो कार्यमा संलग्न विभिन्न कर्मचारीहरुलाई विभागीय कारवाही गर्न लेखी पठाइएको ।	नापी विभागको मिति २०६१/८/२१ को पत्रानुसार टोली प्रमुख सत्यलाल राय यादवको ५ वर्षको बढुवा रोक्का गरिएको जानकारी प्राप्त भएको ।
३२.	०६१/३/१४	जिल्ला प्रशासन कार्यालय काठमाण्डौका तत्कालिन प्रशासकीय अधिकृत चन्द्रमणि पोखरेलले नियम विपरित नागरिकताको प्रमाणपत्र जारी गरे भन्ने सम्वन्धमा विभागीय कारवाही गर्न लेखी पठाइएको ।	सामान्य प्रशासन मन्त्रालयको मिति ०६१/८/२८ को पत्रानुसार निज पोखरेलको ५ वर्ष वढुवा रोक्का गरिएको जानकारी प्राप्त भएको ।
३३.	२०६०/६/७	साविक भगवानस्थान गा.प. वाड नं २, हाल चावहिलमा पर्ने जग्गा नापी नक्शा गर्ने अमिनले अनियमितता गरेको सम्वन्धमा निज अमिनलाई विभागीय कारवाही गर्न लेखी पठाइएको ।	नापी विभागको मिति २०६१/९/८ को पत्रानुसार अमिन गोपालप्रसाद पराजुलीलाई सेवावाट हटाइ सकिएको जानकारी प्राप्त भएको ।
३४.	२०६१/१/९	काभ्रेपलाञ्चोक जिल्ला नाल्दुम बालुवापाटी गा.वि.स. वडा नं. २ कि.नं. ६९७ को जग्गाको बढी मूल्यांकन गरी अनियमितता गरेको सम्बन्धमा संलग्न अमिनलाई विभागीय कारवाही गर्न लेखी पठाइएको ।	नापी विभागको मिति २०६१/९/८ को पत्रानुसार अमिन विदुरराज गिरीलाई २ तलब बृद्धि रोक्का गरिएको जानकारी प्राप्त भएको ।

३५.	२०६१/१/१५	ओखलढुंगा जिल्ला अन्तर्गतका गाविस सचिव रामकाजी श्रेष्ठले असहाय भत्ता वितरणमा भ्रष्टाचार गरे भन्ने सम्बन्धमा निज श्रेष्ठलाई विभागीय कारवाही गर्न पमुख जिल्ला अधिकारी, ओखलढुंगालाई लेखी पठाइएको ।	जिल्ला विकास समितिको कार्यालय ओखलढुंगाको मिति ०६१/९/१६ को पत्रले निज रामकाजी श्रेष्ठको २ ग्रेड रोक्का गरिएको जानकारी प्राप्त भएको ।
३६.	२०६०/३/१९	वीरगंजको बस स्टेण्डको जग्गा रुक्मिणीदेवी केडियाको नाममा बदनियतपूर्वक अस्थायी दर्ता गरे भन्ने सम्बन्धमा १ नं. नापी गोश्वाराका तत्कालिन प्रमुख ह्रदयनरायण मिश्रलाई हदै सम्मको विभागीय कारवाही गर्न लेखी पठाइएको ।	भूमिसुधार तथा व्यवस्था मन्त्रालयको मिति २०६१/९/२३ को पत्रानुसार निजको ५ वर्ष सम्म बढुवा रोक्का गरिएको जानकारी प्राप्त भएको ।
३७.	२०५९/१०/२	जिल्ला शिक्षा कार्यालय काभ्रेका जिल्ला शिक्षा अधिकारी महाकान्त झाले नियम विपरित शिक्षक नियुक्ति गरेको सम्वन्धमा निजलाई आवश्यक कारवाही गर्न शिक्षा तथा खेलकूद मन्त्रालयलाई लेखी पठाइएको ।	शिक्षा तथा खेलकूद मन्त्रालयको मिति २०६१/९/२६ को पत्रानुसार ३ वर्ष वढुवा रोक्का गरिएको भन्ने जानकारी प्राप्त भएको ।
३८.	२०६१/९/८	ब्लेसिङ इन्टरनेसनलका प्रो.विष्णुकुमार मित्तलले प्रहरी कर्मचारीको मिलेमतोमा विभिन्न सामान आयातमा बैंकलाई रकम नबुझाई अनियमितता भएको सम्वन्धमा विभागीय कारवाही गर्न लेखी पठाइएको ।	गृह मन्त्रालयको मिति २०६१/१०/११ को पत्रानुसार प्र.ना.निरीक्षक मदन ठाकुरलाई नोकरीबाट अवकाश दिइएको जानकारी प्राप्त भएको ।
३९.	२०५८/१०/९	राष्ट्रिय वाणिज्य बैंक महेन्द्रपुल शाखाबाट निलम ह्याचरी प्रा.लि.लाई कर्जा प्रवाह गरेकोमा असूलउपर हुन नसक्ने अवस्थामा पुगेको भन्ने सम्वन्धमा विभागीय कारवाही गर्न लेखी पठाइएको ।	राष्ट्रिय वाणिज्य बैंकको मिति २०६१/१०/१३ को पत्रानुसार एकाउन्टेन्ट प्रविण श्रेष्ठलाई एक ग्रेड घटुवा गरिएको भन्ने जानकारी प्राप्त भएको ।
४०.	२०६०/१२/१३	जिल्ला शिक्षा कार्यालय सुनसरीका जिल्ला शिक्षा अधिकारी विजयकुमार गुप्ताले मुद्धति खातामा रहेको रकम हिनामिना गरेको सम्वन्धमा दुई महिनाभित्र कारवाही गर्न शिक्षा तथा खेलकूद मन्त्रालयलाई लेखी पठाइएको ।	शिक्षा तथा खेलकूद मन्त्रालयको मिति २०६१/१०/१५ को पत्रानुसार निजलाई अवकाश दिइएको भन्ने जानकारी प्राप्त भएको ।
४१.	२०६१/४/६	मन्जुदेवी कर्णको नाउँमा अनियमितरुपमा सुकुम्वासी समस्या समाधान आयोग मोरङ्गले जग्गा दर्ता गरेको सम्वन्धमा संलग्न नापी निरीक्षकलाई विभागीय कारवाही गर्न लेखी पठाइएको ।	नापी विभागको मिति ०६१/११/११ को पत्रानुसार नापी निरीक्षक शैलेन्द्रकुमार कर्णको २ तलव वृद्धि रोक्का गरिएको जानकारी प्राप्त भएको ।
४२.	२०६१/९/९	उच्च माध्यमिक शिक्षा परिषद्का का.मु. सहनियन्त्रक बालकृष्ण मिश्रले परिषद्द्वारा २०५७ सालमा संचालित कक्षा ११, १२ को परीक्षामा अनियमितता गरेको सम्बन्धमा विभागीय कारवाही गर्न लेखी पठाइएको ।	त्रि.वि.वि. रजिष्ट्रारको कार्यालयको मिति २०६१/११/११ को पत्रानुसार तत्कालिन परीक्षा नियन्त्रक उप प्रा. दुर्गाप्रसाद पाण्डेको २ वर्ष बढुवा रोक्का र उच्च माध्यमिक शिक्षा परिषद्को मिति २०६२/२/२३ को पत्रानुसार का.मु. सहनियन्त्रक बालकृष्ण मिश्रको १ वर्ष बढुवा रोक्का गरिएको जानकारी प्राप्त भएको ।

४३.	२०६१/८/३	महेन्द्र संस्कृत विश्व विद्यालयका तत्कालिन उपकूलपति आचार्य पूर्णचन्द्र ढुंगेलले विभिन्न आर्थिक तथा प्रशासनिक अनियमितता गरेको सम्बन्धमा नियम विपरीत नियुक्त भएका सहायक प्रशासक शावित्री रिमाललाई नोकरीबाट हटाउने र का.मु मुकरर गरिएका प्रेमबहादुर चित्रकार, कृष्णप्रसाद लामिछाने र निमा डि.सी. समेतका कर्मचारीहरुलाई फिर्ता गर्न लेखी पठाइएको ।	महेन्द्र संस्कृत वि.वि.को मिति २०६१/११/१८ को पत्रानुसार शावित्री रिमाललाई नोकरीबाट अवकाश दिइएको र अन्य कर्मचारीहरुलाई साविक पदमा फिर्ता गरिएको जानकारी प्राप्त भएको ।
४४.	२०५४/४/१४	राष्ट्रिय निकुञ्जहरुमा कार्यरत ८७९ कर्मचारीहरुलाई आ.व. २०५३/५४ मा वितरण गरिने युनिफर्म खरीदमा भ्रष्टाचार गरे भन्ने सम्वन्धमा संलग्न कर्मचारीहरुलाई विभागीय कारवाही गर्न वन तथा भूसंरक्षण मन्त्रालयलाई लेखी पठाइएको ।	राष्ट्रिय निकुञ्ज तथा वन्य जन्तु संरक्षण विभागको मिति २०६१/८/२९ को पत्रानुसार तत्कालिन प्रमुख इकोलोजिष्ट नारायणप्रसाद पौडेल, योजना प्रमुख लक्ष्मी प्रसाद मानन्धर, प्रशासन प्रमुख नरेन्द्रबाबु प्रधान र प्रशासन प्रतिनिधि रघुनाथ फुँयाल लाई नसिहत, महालेखा नियन्त्रक कार्यालयको मिति २०६१/९/१९ को पत्रानुसार लेखा प्रमुख गोपालनाथ शर्मालाई नसिहत र रक्षा मन्त्रालयको मिति २०६१/१२/२ को पत्रानुसार नायब सुब्बा भरतप्रसाद सापकोटालाई नसिहत दिइएको जानकारी प्राप्त भएको ।
४५.	२०६०।९।२१	९ नं. नापी गोश्वाराका प्रमुख नापी अधिकृत समेतले सार्वजनिक मसानघाटको जग्गा गैह्र सुकुम्वासीको नाममा दर्ता गरे भन्ने सम्वन्धमा सम्लग्न कर्मचारीहरुलाई हदै सम्मको विभागीय कारवाही गर्न लेखि पठाइएको ।	भूमिसुधार तथा व्यवस्था मन्त्रालयको मिति २०६१।१०।५ को पत्रानुसार प्रमुख नापी अधिकृत नारायण चौधरीलाई ५ वर्ष वढुवा रोक्का गरिएको जानकारी प्राप्त । साथै जिल्ला विकास समिति मोरंगको मिति २०६१।११।२१ को पत्रानुसार लेखापाल दुर्गावहादुर वस्नेतलाई नसिहत दिइएको जानकारी प्राप्त भएको ।
४६.	२०६१/१०/८ र २०६१/११/१८	यति एयरलाइन्सको दर्ता नं 9N-AEV विमान खरिद, मर्मत तथा विक्री गर्दा र लिजमा ल्याउँदा अनियमितता भएको सम्वन्धमा विभिन्न कर्मचारीलाई विभागीय कारवाही गर्न लेखी पठाइएको ।	विभिन्न मितिमा निम्न व्यक्तिहरुलाई निम्नप्रकारको विभागीय कारवाही भएको जानकारी प्राप्त भएको : उप निर्देशक विनोद गिरी-२ तलववृद्धि रोक्का सुरक्षा प्रमुख विनोद गिरी- ३ ,, वरिष्ठ अधिकृत भेषराज सुवेदी - नसिहत सहसचिव मेदनी प्रसाद शर्मा - नसिहत वरिष्ठ अधिकृत टेकराज पोखरेल- नसिहत वरिष्ठ अधिकृत राजु श्रेष्ठ- नसिहत प्रमुख रतिशचन्द्रलाल सुमन- नसिहत *(महाप्रवन्धक उपेन्द्रप्रसाद धितालको सम्बन्धमा अभिलेख राखिएको जानकारी प्राप्त भएको)*

४७.	२०६१/९/१५	सूर्य कन्सर्न प्रा.लि.ले विना इजाजत आयात गरेको मोवाइल फोनलाई इजाजत प्रदान गर्ने गैरकानुनी काममा संलग्न विभिन्न कर्मचारीहरुलाई विभागीय कारवाही गर्न लेखी पठाइएको ।	सूचना तथा सञ्चार मन्त्रालयको मिति ०६१/१२/२६ को पत्रबाट प्राविधिक अधिकृत राजिवप्रसाद गुप्ता रौनियारको २ तलव वृद्धि रोक्का र अर्थ मन्त्रालयको मिति २०६२/१/२९ को पत्रानुसार शाखा अधिकृत केदारप्रसाद पनेरुको १ तलब बृद्धि रोक्काको जानकारी प्राप्त भएको । साथै वाणिज्य विभागको मिति २०६१/१२/३ को पत्रबाट मोबाइल फोन थान १५६६ जफत गरिएको जानकारी प्राप्त भएको ।
४८.	२०६०/११/२०	लुम्वीनी विकास कोषका कर्मचारीको छनौटमा अख्तियारको दुरुपयोग गरे भन्ने सम्वन्धमा कृषि विकास कार्यालय रुपन्देहीका तत्कालिन सहायक योजना अधिकृत मकबूल अलीलाई विभागीय कारबाही गर्ने ।	कृषि विभागको ०६१/१२/१ को पत्रबाट निजलाई नसिहत दिइएको जानकारी प्राप्त भएको ।
४९.	२०६१/६/२५	शिक्षा मन्त्रालयका सहसचिव लव प्रसाद त्रिपाठी समेतका कर्मचारीहरुले परीक्षाको पूर्वसन्ध्यामा रजिष्ट्रेशन फाराम भराई परीक्षामा समावेश गराई रु. ५० लाख भन्दा बढी रकम लिई भ्रष्टाचार गरे भन्ने सम्वन्धमा संलग्न कर्मचारीहरुलाई विभागीय कारवाही स्वरुप नसिहत र वढुवा रोक्का गर्ने लेखी पठाइएको ।	शिक्षा मन्त्रालयको मिति २०६१/१२/१ को पत्रबाट सहसचिव लवप्रसाद त्रिपाठीलाई नसिहत तथा जिल्ला शिक्षा अधिकारी बलीराम प्रसाद सिंहलाई ५ वर्षको बढुवा रोक्का गरेको जानकारी प्राप्त भएको ।
५०.	२०५८/३/१४	धनगढी नगरपालिका वाड नं ३ का वंशिधर शर्माको घर भएको जग्गालाई घर नभएको भनी लिखत पारित गरी राजस्व छली भ्रष्टाचार गरको भन्ने सम्वन्धमा अमिन गंगाप्रसाद मालीलाई विभागीय कारवाही गर्न लेखी पठाइएको ।	नापि विभागको २०६१/१२/४ को पत्रबाट निज अमिन गंगाप्रसाद मालीको दुई वर्ष वढुवा रोक्का राखिएको जानकारी प्राप्त भएको ।
५१.	२०६०/२/१९ र २०६०/१०/१	सरकारी जग्गा व्यक्तिको नाममा दर्ता गरी भ्रष्टाचार गरेको भन्ने सम्वन्धमा सम्वन्धीत कर्मचारीलाई विभागीय कारवाही गर्न लेखी पठाइएको ।	भुमिसुधार तथा व्यवस्था मन्त्रालयको मिति २०६१/६/४ को पत्रानुसार तत्कालिन मालपोत अधिकृत लोकदर्शन पण्डितलाई ५ वर्ष वढुवा रोक्का राखिएको र मिति २०६१/१२/८ को पत्रबाट खरिदार लक्ष्मण बस्नेतको दुई तलव वृद्धि रोक्का भएको तथा महालेखा नियन्त्रकको कार्यालयको ०६१/६/२९ को निर्णयानुसार सह लेखापाल तोमप्रसाद भट्टराईलाई भविष्यमा सरकारी सेवाका निमित्त अयोग्य ठहरिनेगरी सेवावाट वर्खास्त गरिएको जानकारी प्राप्त भएको ।

५२.	२०६१/५/३१	सुकुम्वासी समस्या समाधान समिति सुर्खेतका कर्मचारीहरुले गैरकानुनी रुपमा जग्गा वाँडे भन्ने सम्वन्धमा वीर बहादुर रुचाल, टेकबहादुर रुचाल र शान्ति पहाडिको नाममा दर्ता रहेको जग्गा बदर गरी श्री ५ को सरकारको नाममा स्रेस्ता कायम गर्न भुमिसुधार तथा व्यवस्था मन्त्रालयमा लेखि पठाइएको ।	भुमिसुधार तथा व्यवस्था मन्त्रालयको मिति २०६१/१२/८ को पत्रबाट निज ३ जनाको नाममा रहेको जग्गा दर्ता वदर गरी श्री ५ को सरकारको नाममा स्रेस्ता कायम गरिएको जानकारी प्राप्त भएको ।
५३.	२०६१/२/७	रेडियो विकास समिति बर्दिवासको क्वार्टर निर्माणमा अनुचित काम भयो भन्ने सम्वन्धमा हाल स्थानीय विकास मन्त्रालय अन्तर्गत कार्यरत तारावहादुर कार्कीको १ ग्रेड रोक्का राख्ने ।	स्थानीय विकास मन्त्रालयको मिति २०६१/१२/९ को पत्रबाट निजको १ ग्रेड रोक्का राखिएको जानकारी प्राप्त भएको ।
५४.	२०५७/१/१४	सार्वजनिक उद्यान तथा सभागृह विकास समितिमा पसल भाडा, सामान खरीद आदि कार्यहरुमा भ्रष्टाचार भयो भन्ने विषयमा पुष्पलाल श्रेष्ठ र सहदेव श्रेष्ठलाई विभागीय कारवाही गर्न लेखिएको ।	स्थानीय विकास मन्त्रालयको मिति २०६१/१२/४ को पत्रानुसार पुष्पलाल श्रेष्ठ र सहदेव श्रेष्ठ दुवैजनालाई नसिहत दिएको भन्ने जानकारी प्राप्त भएको ।
५५.	२०५९/४/२२	उदयपुर सिमेण्ट उद्योग लि.को लागि Post Transmitter single bar-graph indicator र Moving Coil Indicator खरीदमा भ्रष्टाचार भएको सम्बन्धमा विभागीय कारवाही गर्न सो उद्योगलाई लेखी पठाइएको ।	उदयपुर सिमेण्ट उद्योगको मिति २०६१/१२/१५ को पत्रानुसार ईन्जिनियर महेश शाह र वरिष्ठ अधिकृत ध्रुवबहादुर देवकोटाको एक एक ग्रेड घुटवा गरिएको जानकारी प्राप्त भएको ।
५६.	२०५०/५/२४	स्वास्थ्य मन्त्रालय चिकित्सा महाशाखा टेकुबाट एक्स रे मेशिन खरिद गर्दा अनियमितता भएकोले डा. हरिनाथ आचार्यलाई विभागीय कारवाही गर्न लेखी पठाइएको ।	स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०६१/१२/२९ को पत्रानुसार डा. हरिनाथ आचार्यलाई नसिहित दिएको जानकारी प्राप्त भएको ।
५७.	२०५७/९/५	क्षेत्रीय पशु तालीम केन्द्र विराटनगरका तत्कालिन तालीम अधिकृत डा. योगेन्द्रप्रसाद यादवले गैरसरकारी तालीम संचालन गरेकोमा विभागीय कारबाही गर्न लेखिएको ।	पशु सेवा विभागको मिति २०६२/१/७ को पत्रानुसार तत्कालिन तालीम अधिकृत डा. योगेन्द्रप्रसाद यादवको ५ वर्ष बढुवा रोक्का गरिएको जानकारी प्राप्त भएको ।
५८.	२०६०/९/२१	विघटित सुकुम्वासी समस्या समाधान आयोग जिल्ला समिति झापाका अमिन खडानन्द शाहले आफ्नी श्रीमतिका नाममा गैरकानुनीरुपमा जग्गा प्राप्त गरेकोले निजलाई विभागीय कारवाही गर्न लेखी पठाइएको ।	नापी विभागको मिति २०६२/१/१२ को पत्रानुसार दुई तलव वृद्धि रोक्का गरिएको जानकारी प्राप्त भएको ।
५९.	२०६०/९/२१	विघटित सुकुम्वासी समस्या समाधान आयोग जिल्ला समिति झापाका मुखिया कुलप्रसाद न्यौपानेले आफ्नी श्रीमतिका नाममा गैरकानुनी रुपमा जग्गा प्राप्त गरेकोले निजलाई विभागीय कारवाही गरी दर्ता भएका विभिन्न जग्गा वदर गरी श्री ५ को सरकारको नाममा श्रेस्ता कायम गर्न लेखी पठाइएको ।	नापी विभागको मिति २०६२/१/१२ को पत्रानुसार दुई तलव वृद्धि रोक्का गरिएको र मालपोत कार्यालय झापाको मिति २०६१/१२/२९ को पत्रानुसार दर्ता वदर गरी श्री ५ को सरकारको नाममा श्रेस्ता कायम गरिएको जानकारी प्राप्त भएको ।

६०.	२०६१/११/१९ र २०६१/१२/१०	कृषि विकास बैंक बैंकिङ कार्यालय बानेश्वरबाट मनोकामना ज्वलेरी र चौधरी इन्टरप्राइजेजलाई अनियमित तवरले ऋण प्रवाह गरेको सम्बन्धमा संलग्न कर्मचारीलाई विभागीय कारवाही गर्न लेखी पठाइएको ।	कृषि विकास बैंकको मिति २०६२/१/१३ को पत्रानुसार प्रबन्धक धमानसिंह खड्का, लेखा सहायक शैलेन्द्रराज गिरी, का.स. सिद्धराज भट्ट र लेखा सहायक गुणरत्न शाक्यलाई एक एक ग्रेड घटुवा गरिएको जानकारी प्राप्त भएको ।
६१.	२०६१/९/२	किर्ते लिखत तयार गरी गराई संचित भन्दा बढी अवधिको विदाको रकम लिनेदिने कार्यमा संलग्न शाखा अधिकृत लयप्रसाद निरौलालाई विभागीय कारवाही गर्न लेखी पठाइएको ।	शिक्षा तथा खेदकूद मन्त्रालयको मिति २०६२/१/१४ को पत्रानुसार दुई तलव वृद्धि रोक्का गरिएको जानकारी प्राप्त भएको ।
६२.	२०६१/१०/२७	विश्व खाद्य कार्यक्रम अन्तर्गत जुम्ला-नाग्म हरित सडक निर्माणको चामल हिनामिना गरेको सम्बन्धमा संलग्न कर्मचारीहरुलाई विभागीय कारवाही गर्न लेखी पठाइएको ।	नेपाल खाद्य संस्थानको मिति २०६२/१/१४ को पत्रानुसार विजयमणी दाहालको १ वर्ष बढुवा रोक्का र जिल्ला विकास समितिको कार्यालय जुम्लाको मिति २०६२/१/२२ को पत्रानुसार सब ओभर सियर राजेन्द्र महतारालाई भविष्यमा सेवाको लागि अयोग्य नठहरिने गरी अवकाश गरिएको जानकारी प्राप्त भएको ।
६३.	२०६१/१२/२३	वि.पी.कोइराला लायन्स नेत्र अध्ययन केन्द्रको भवन निर्माणमा केन्द्रका निर्देशक डा. शंशाक कोइराला समेतको मिलेमतोमा अनियमितता भएको सम्बन्धमा संलग्न कर्मचारीहरुलाई विभागीय कारवाही गर्न लेखी पठाइएको ।	त्रिभुवन वि.वि. रजिष्ट्रारको कार्यालयको मिति २०६२/१/१५ को पत्रानुसार डा. शंशाक कोइराला, शम्भु कार्की, चन्द्रकुमार राई र निर्मलकुमार दवाडीको दुई दुई वर्ष बढुवा रोक्का गरिएको जानकारी प्राप्त भएको ।
६४.	२०६१/५/३१	सुकुम्वासी समस्या समाधान समिति सुर्खेतका कर्मचारीहरुले गैरकानुनीरुपमा सुकुम्वासी भनी जग्गा लिएका सम्वन्धमा गा.वि.स. सचिव भिमप्रसाद शर्मालाई विभागीय कारवाही गरी व्यक्तिका नाममा दर्ता गरको जग्गा बदर गरी श्री ५ को सरकारको नाममा श्रैस्ता कायम गर्न लेखी पठाइएको ।	स्थानीय विकास मन्त्रालयको २०६२/१/२९ को पत्रानुसार २ ग्रेड रोक्का गरिएको जानकारी प्राप्त भएको ।
६५.	२०६१/५/११	मुगु जिल्लाको शिक्षक छनौटमा अनियमितता गरेको सम्वन्धमा संलग्न कर्मचारीलाई विभागीय कारवाही गर्न शिक्षा तथा खेलकूद मन्त्रालयमा तथा शिक्षक सेवा आयोगलाई नतिजा प्रकाशन सम्वन्धमा निर्देशन दिई पठाइएको ।	जिल्ला शिक्षा कार्यालय मुगुको मिति ०६२/२/१ को पत्रानुसार महाकाली मा.वि. मुगुका प्र.अ. कृष्णप्रसाद शर्मालाई २ वर्ष वढुवा रोक्का गरिएको जानकारी प्राप्त भएको । *(यसअघि नै शा.अ. रामप्रसाद उपाध्यायलाई २ तलव वृद्धि रोक्का गरिएको तथा शिक्षक सेवा आयोगलाई दिइएको निर्देशन कार्यान्वयन भैरहेको समेत जानकारी प्राप्त भैसकेको)*
६६.	२०६१/८/१४	सुकुम्वासी समस्या समाधान आयोग जिल्ला समिति चितवनका अध्यक्ष लगायतका पदाधिकारीहरुले गैर सुकुम्मवासीलाई जग्गा वितरण गरकेामा नापी अधिकृत रामविनोद महासेठ, निमित्त प्रमुख मालपोत अधिकृत अमलकिरण ढकाल र भुमिसुधार अधिकृत कृष्णराज अधिकारीलाई विभागीय कारवाही गर्न लेखी पठाइएको ।	भूमि सुधार तथा व्यवस्था मन्त्रालयको मिति २०६२/२/८ को पत्रानुसार रामविनोद महासेठको १ तलब बृद्धि रोक्का र कृष्णराज अधिकारीको २ तलब बृद्धि रोक्का गरिएको जानकारी प्राप्त भएको । *(स्थानीय विकास मनत्रालयको मिति २०६२/४/२५ को पत्रानुसार अमलकिरण ढकालको १ ग्रेड रोक्का गरिएको जानकारी पनि प्राप्त भएको ।)*

६७.	२०६१/५/२३	जिल्ला विकास समिति तेह्रथुमको कार्यक्रम अधिकृतको पदमा नियुक्ती गर्दा अनियमितता भएकोमा तत्कालिन स्थानीय विकास अधिकृत दिलिपकुमार चापागाईलाई ५ वर्ष सम्म बढुवा रोक्का गर्न लेखी पठाइएको र अनियमित नियुक्ती बदर गरी जानकारी गराउन लेखी पठाइएको ।	स्थानीय विकास मन्त्रालयको मिति २०६२/२/१९ को पत्रानुसार ५ वर्ष बढुवा रोक्का गरिएको । जिल्ला विकास समिति तेह्रथुमको मिति २०६१/६/२७ को पत्रानुसार नियुक्ती पाएका कार्यक्रम अधिकृत टिकाराम पराजुलीको नियुक्ती बदर गरी अवकाश गरिएको जानकारी प्राप्त भएको ।
६८.	२०६१।९।१४	दोश्रो पर्यटन विकास आयोजना अन्तर्गत पोखरा वातावरण सुधार आयोजनामा अनियमितता भएको भन्नेमा संलग्न कर्मचारीहरुलाई विभागीय कारवाही गर्न लेखी पठाइएको ।	संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको मिति २०६१/१२/३१ को पत्रबाट सिनियर डिभिजनल ईन्जिनियर विनोदचन्द्र गिरीको ५ वर्ष बढुवा रोक्का, स्थानीय विकास मंत्रालयको मिति २०६२।२।२५ को पत्रानुसार पोखरा उपमहानगर पालिकाका कार्यकारी अधिकृत शिवदत्त भट्टराइको २ तलब बृद्धि रोक्का र कार्यकारी अधिकृत केदार बहादुर बोगटीलाई नसिहत तथा पोखरा उपमहानगर पालिकाको मिति २०६१।११।२८ को पत्रानुसार प्रोजेक्ट इन्चार्ज ज्योतेन्द्र गुरुङको ५ वर्ष बढुवा रोक्काको जानकारी प्राप्त भएको ।
६९.	२०६२/१/१५	पांचौ राष्ट्रिय खेलकूद प्रतियोगिताको लागि २०५८ सालमा गरिएको खरीद कार्यमा अनियमितता भएको सम्बन्धमा विभागीय कारवाहीको लागि लेखी पठाइएको ।	राष्ट्रिय खेलकूद परिषद्को मिति २०६२/१/३० को पत्रानुसार प्रशिक्षक धर्ममान बज्राचार्यलाई नोकरीबाट हटाइएको, परिषद्कै मिति २०६२/२/१८ को पत्रानुसार लेखा शाखा प्रमुख टेकबहादुर बमलाई १ वर्ष पदोन्नतति रोक्का गरिएको जानकारी प्राप्त भएको । *(साथै मिति २०६२/४/१० को पत्रानुसार सदस्य तथा संयोजक लालबहादुर विष्ट, मुख्य बक्सिङ प्रशिक्षक विद्या मरासेनी र संयोजक लालबहादुर विष्टलाई सेवाबाट हटाइएको भन्ने जानकारी समेत प्राप्त भएको ।)*
७०.	२०६१/९/९	उच्च माध्यमिक शिक्षा परिषद्का सह नियन्त्रक बालकृष्ण मिश्रले परिषद्द्वारा ०५७ सालमा संचालित कक्षा ११, १२ को परीक्षामा पर्वेक्षक नियुक्ती गर्दा अनियमितता गरेको भन्ने सम्वन्धमा संलग्न कर्मचारीहरुलाई विभागीय कारवाही गर्न लेखी पठाइएको ।	त्रिभुवन विश्व विद्यालय कार्यकारी परिषद्को मिति २०६१/११/११ को पत्रानुसार तत्कालिन परीक्षा नियन्त्रक उप प्रा. दुर्गाप्रसाद पाण्डेलाई २ वर्ष र उच्च माध्यमिक शिक्षा परिषद्को मिति २०६२।२।२३ को पत्रानुसार बालकृष्ण मिश्रलाई १ वर्ष बढुवा रोक्का गरिएको जानकारी प्राप्त भएको ।
७१.	२०६१।३।१०	जिल्ला पशुसेवा कार्यालय पाल्पाका प्रमुख डा. तीर्थराज रेग्मीले घर विदा लिई हेफर प्रोजेक्ट नामक अन्तर्राष्ट्रिय गैर सरकारी संस्थामा काम गरेको भन्नेमा निजलाई आवश्यक कारवाही गर्न पशुसेवा विभागमा लेखिएको ।	कृषि तथा सहकारी मन्त्रालयको मिति २०६२।२।२३ को पत्रानुसार निजको राजीनामा स्वीकृत गरिएको जानकारी प्राप्त भएको ।
७२.	२०६१/२/४	जनकपुर नगर पालिकामा विविध विषयमा भ्रष्टाचारजन्य कामकारवाही भएको भन्ने सम्वन्धमा नगरपालिकाका लेखा अधिकृत जटाधर रायलाई विभागीय कारवाही गर्न लेखी पठाइएको ।	जनकपुर नगर पालिका कार्यालयको मिति २०६२/३/१ को पत्रानुसार लेखा अधिकृत जटाधर रायलाई मिति २०६२/४/२६ बाट लागू हुने गरी अवकास दिइएको जानकारी प्राप्त भएको ।

७३.	२०६१/१२/८	त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलको टर्मिनल भवनमा रहेको पसल संचालन गर्न भाडामा दिने कार्यमा संलग्न विभिन्न कर्मचारीहरुले अनियमितता गरेको भन्ने सम्बन्धमा विभागीय कारवाही गर्न लेखी पठाइएको ।	नेपाल नागरिक उड्डयन प्राधिकरणको मिति २०६२/३/१४ र मिति २०६२/३/३१ को पत्रानुसार तालीम प्रमुख उमेशप्रसाद ढुंगाना र निर्देशक संजिव गौतमलाई तथा सहायक अधिकृत योगराज ढकाल र प्रबन्धक शालिग्राम पौडेललाई विभागीय कारवाही गरिएको भन्ने जानकारी प्राप्त भएको ।
७४.	२०६१/१२/१९	सहायक प्रमुख जिल्ला अधिकारी गणेशबहादुर कुंवर समेत संलग्न भै गैर नेपाली नागरिकहरुलाई नेपाली राहदानी जारी गरेको भन्ने सम्बन्धमा संलग्न कर्मचारीहरुलाई दुई तलब बृद्धि रोक्का गर्ने विभागीय कारवाही गर्न लेखी पठाइएको ।	राष्ट्रिय खेलकूद परिषद्को मिति २०६२/२/३१ को पत्रानुसार सह लेखापाल शुभराम बस्नेत, वन पैदावार विकास समितिको मिति २०६२/३/१९ पत्रानुसार लेखा अधिकृत कुमार घिमिरे र हुलाक सेवा विभागको मिति २०६२/३/२२ को पत्रबाट हुलाक अधिकृत रोहिणी लम्सालको दुई दुई तलब बृद्धि रोक्का गरिएको जानकारी प्राप्त भएको ।

(ख) सचेत :

क्र.सं.	आयोगको निर्णय मिति	उजुरीको विषय र निर्णयको व्यहोरा	कार्यान्वयनको व्यहोरा
१.	२०५९/१०/२१	उदयपुर सिमेण्ट उद्योगका महाप्रवन्धकले विभिन्न किसिमका भ्रष्टाचार गरे भन्ने सम्वन्धमा संलग्न महाप्रवन्धक र कर्मचारीहरुलाई सचेत गर्न उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयमा लेखी पठाइएको ।	उदयपुर सिमेण्ट उद्योग लिमिटेडको मिति २०६१/४/१ को पत्रानुसार महाप्रवन्धक तेजकान्त झा र कृष्णवहादुर न्यौपानेलाई सचेत गराइएको जानकारी प्राप्त भएको ।
२.	२०६१/२/१८	रेशम खेती विकास शाखा खोपासी काभ्रेका कीट विज्ञ सोमनाथ घिमिरे समेतले विभिन्न विषयमा अनियमितता गरेको सम्बन्धमा संलग्न कर्मचारीहरुलाई सचेत गराउन लेखी पठाइएको ।	कृषि विभागको मिति २०६१/४/४ का पत्रहरुबाट कीट विज्ञ एअर्ले वजिर सिंह, कीट विज्ञ केशवराज काफ्ले, बाली संरक्षण अधिकृत पुरुषेत्तम दवाडी र लेखापाल केदारनाथ भेटवाललाई सचेत गराईएको जानकारी प्राप्त भएको ।
३.	२०६१/२/१४	नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठानको भवन निर्माणमा अनियमितता गरे भन्ने सम्बन्धमा सचेत गराउन लेखि पठाइएको ।	नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठानको मिति २०६१।४।७ को पत्रबाट सचेत गराइएको जानकारी प्राप्त भएको ।
४.	२०६१/३/१५	यातायात व्यवस्था कार्यालय वागमतीका तत्कालिन खरिदार ध्रुवराज रेग्मीले अनियमित तरिकाबाट सवारी साधन दर्ता गरे भन्ने सम्वन्धमा सचेत गराउन लेखी पठाइएको ।	यातायात व्यवस्था विभागको मिति ०६१/४/१४ को पत्रानुसार मेकानिकल सुपरभाइजर नरेशकुमार कार्कीलाई सचेत गराइएको जानकारी प्राप्त भएको ।
५.	२०६१/३/३	पूर्वाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालयका निर्देशक सहितले अनियमित गरे भन्ने सम्वन्धमा सचेत गराउन लेखिएको ।	स्वास्थ्य मन्त्रालयको मिति ०६१/४/१८ को पत्रानुसार तत्कालिन निर्देशक पदमवहादुर चन्दलाई सचेत गराइएको जानकारी प्राप्त भएको ।

६.	२०६१/२/११	विरगंज भन्सार कार्यालयमा घोषणा गरी ल्याएको सामान भन्दा वढी सामान आयात गरी राजस्व छलेको सम्वन्धमा संलग्न कर्मचारीलाई सचेत गराउन लेखी पठाइएको ।	भंसार विभागको मिति ०६१/४/२९ को पत्रानुसार भन्सार अधिकृत जनकवहादुर चन्द, खरिदार राजेन्द्रकुमार कार्की खरिदार नारायणप्रसाद भण्डारीलाई सचेत गराइएको जानकारी प्राप्त भएको ।
७.	२०६१/४/२८	एशियाली विकास वैंकको सहयोगमा संचालित ग्रामीण सडक र सामुदायिक भवन लगायतका कार्यमा भ्रष्टाचार भयो भन्ने सम्वन्धमा संलग्न कर्मचारीलाई सचेत गराउन लेखी पठाइएको ।	महा लेखा नियन्त्रक कार्यालयको मिति ०६१/५/११ को पत्रानुसार लेखापाल मित्रलाल शर्मालाई सचेत गराइएको जानकारी प्राप्त भएको । *(आयोजना प्रमुख भूपेन्द्रवहादुर वस्नेतलाई यसअधि नै सचेत गराइएको जानकारी प्राप्त)*
८.	२०६१।४।२८	दुग्ध विकास संस्थान चिज उत्पादन केन्द्र पशुपतिनगरमा ट्रान्सफरमर खरिदमा अनियमितता भएको सम्वन्धमा सुपरभाइजर अधिकृत प्रेमकृष्ण निडरलाई सचेत गराउन लेखि पठाइएको ।	दुग्ध विकास संस्थानको मिति २०६१।५।११ को पत्रानुसार सुपरभाइजर अधिकृत प्रेमकृष्ण निडरलाई सचेत गराएको जानकारी प्राप्त भएको ।
९.	२०६०/३/१२	निजामती सेवा ऐन विपरित ज्यालादारी कर्मचारी भर्ना गरी अख्तियारको दुरुपयोग गर्ने यान्त्रिक डिभिजन नं २ विरगंजका कार्यालय प्रमुख असिमकुमार भट्टाचार्यलाई सचेत गराउन लेखी पठाइएको ।	सिंचाई विभागको मिति ०६१/६/२० को पत्रानुसार निजलाई सचेत गराइएको जानकारी प्राप्त भएको ।
१०.	२०५९/४/२२	उदयपुर सिमेण्ट उद्योग लि.को लागि Post Transmitter single bar-graph indicator र Moving Coil Indicator खरीदमा भ्रष्टाचार भएको सम्बन्धमा विभागीय कारवाही गर्न सो उद्योगलाई लेखी पठाइएको ।	उदयपुर सिमेण्ट उद्योगको मिति २०६१/७/१५ को पत्रानुसार उप प्रबन्धक विदुर ढुंगाना, वरिष्ठ अधिकृत विपिन उपाध्याय र स्टोर इन्चार्ज विजयप्रसाद लुईटेललाई सचेत गराएको जानकारी प्राप्त भएको ।
११.	२०५८/३/२७	साझा यातायातले ३२ वर्षदेखि साधरण सभा नै नगरी एकतन्त्रीय ढंगले संस्था संचालन भएको तथा भ्रष्टाचारको जालोले संस्था नाफामा चल्न नसकेको, लेखा परीक्षण सही ढंगले नगरेको भन्ने सम्वन्धमा लामो समयसम्म साधारण सभा नवोलाउने पदाधिकारीहरुलाई सचेत गराउन सुझाव दिइएको ।	श्रम तथा यातायात व्यवस्था मन्त्रालयको पत्रानुसार मिति ०६१/७/१९ मा साधारण सभा सम्पन्न भएको भन्ने जानकारी प्राप्त भएको ।
१२.	२०६१/७/१३	नेपाल टेलिभिजनका तत्कालिन महाप्रबन्धक समेतले विश्वकप फुटवल २००२ को प्रत्यक्ष प्रसारणमा एजेन्सीसंग मिलेमतो गरी संस्थालाई नोक्सानी पारे भन्ने सम्बन्धमा आयोगबाट सचेत गराउने निर्णय भएको ।	आयोगको मिति २०६१/७/२५ को पत्रले तत्कालिन संचालक समितिका अध्यक्ष सुरेशकुमार पुडासैनी, मुकुन्दप्रसाद आचार्य र महाप्रबन्धक दुर्गानाथ शर्मा, तपानाथ शुक्ला, प्रल्हाद पोखेल, धनेश्वर नेपाल र विश्वप्रकाश मास्केलाई सचेत गराइएको ।
१३.	२०६१/८/१४	सुकुम्वासी समस्या समाधान आयोग जिल्ला समिति चितवनका अध्यक्ष लगायतका पदाधिकारीहरुले गैरसुकुम्मवासीलाई जग्गा वितरण गरकोमा भुमिसुधार कार्यालय चितवनका खरिदार अमृत श्रेष्ठलाई सचेत गराउन लेखी पठाइएको ।	भूमिसुधार तथा व्यवस्था मन्त्रालयको मिति २०६१/८/८ को पत्रानुसार खरिदार अमृत श्रेष्ठलाई सचेत गराएको जानकारी प्राप्त भएको ।

१४.	२०५९/१०/६	गैरकानूनी ढंगले अष्ट्रेलिया बस्ने राष्ट्रिय खेलकूद परिषद्का सरोज गुरुङलाई अवकाश दिई सकेको व्यहोरा लुकाई टिप्पणी पेश गरेको सम्बन्धमा संलग्न कर्मचारीहरुलाई सचेत गराउन लेखी पठाइएको ।	राष्ट्रिय खेलकूद परिषद्को मिति २०६१/८/२९ को पत्रानुसार प्रशासन अधिकृत डेम बस्नेत, लेखा अधिकृत बासुदेव आचार्य र विभागीय प्रमुख कमल खनाललाई सचेत गराइएको जानकारी प्राप्त भएको ।
१५.	२०६०/११/२२ र २०६०/१२/२५	विराटनगर उपमहानगरपालिका हाल वडा नं ७ को विभिन्न कित्ता जग्गाहरु प्रेमप्रसादको नाउँमा हुनुपर्नेमा अन्य व्यक्तिका नाममा दर्ता गरेको सम्वन्धमा संलग्न कर्मचारीहरुलाई सचेत गराउन लेखी पठाइएको ।	भूमिसुधार तथा व्यवस्था मन्त्रालयको मिति २०६१/९/२३ का पत्रानुसार ९ नं नापी गोश्वारा प्रमुखलाई, नापी विभागको मिति २०६१/९/२१ को पत्रानुसार ७ नं टोली प्रमुख शैलेन्द्रकुमार कर्ण, अमिनहरु अशोकलाल कर्ण र गुरुदेव मण्डल तथा विराटनगर उपमहानगरपालिकाको २०६१/३/१० को पत्रानुसार शाखा अधिकृत विनोद कोइरालालाई सचेत गराइएको जानकारी प्राप्त भएको ।
१६.	२०६१/९/१५	कार्यालय समयमा विदा स्वीकृति नगराई अध्ययन गर्ने कानून अधिकृत कलानिधी पौडेललाई सचेत गराउन लेखी पठाइएको ।	कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयको मिति २०६१/१०/४ को पत्रानुसार निजलाई गराइएको जानकारी प्राप्त भएको ।
१७.	२०६१/४/१४	वृहत्तर जनकपुर क्षेत्र विकास परिषदका शम्भुनाथ प्रसाद साहले विभिन्न निर्माण कार्यमा अनियमितता गरेको भन्ने सम्वन्धमा सहायक ओभरसियर सुदर्शन प्रसाद दहाललाई सचेत गराउन लेखी पठाइएको ।	स्थानिय विकास मन्त्रालयको मिति २०६१।१०।१२ को पत्रानुसार सहायक ओभरसियर सुदर्शन प्रसाद दहाललाई सचेत गराइएको जानकारी प्राप्त भएको ।
१८.	२०५७/३/६	जिल्ला विकास समिति बाँके अन्तर्गत विनौना, वैजापुर र कचनापुर गा.वि.स. हरुमा आ.व. २०५२/५३ देखि २०५४/५५ सम्ममा ठेकेदार र प्राविधिक मिली पुल कल्भर्ट निर्माण गर्दा भ्रष्टाचार गरेको सम्वन्धमा सचेत गराउन लेखी पठाइएको ।	स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभागको मिति २०६१/१०/१२ को पत्रानुसार इन्जिनियर नारायणप्रसाद श्रेष्ठ, ओभरसियर धनबहादुर रोकायालाई सचेत गराइएको जानकारी प्राप्त भएको ।
१९.	२०५३/२/८	रोनाष्टमा बिना नीति नियम ईमेलको संचालन भई विभिन्न व्यक्ति एवं संस्थालाई लाइन वितरण गरी हानी नोक्शानी पुऱ्याएको भन्ने सम्वन्धमा तत्कालिन उपकुलपति केदारलाल श्रेष्ठलाई सचेत गराउन रोनास्टलाई लेखी पठाइएको ।	नेपाल राजकीय विज्ञान तथा प्रज्ञा प्रतिष्ठान (रोनास्ट) को मिति २०६१/१०/१९ को पत्रानुसार निज उपकुलपति केदारलाल श्रेष्ठलाई सचेत गराइएको जानकारी प्राप्त भएको ।
२०.	२०५५/३/४	हेटौडा सिमेण्ट उद्योग अन्तर्गत ओखरे खोलासम्म जाने प्रवेश मार्ग निर्माण गर्दा अनियमितता भएको सम्वन्धमा संलग्न हेटौडा सिमेण्ट उद्योग लिमिटेडका कर्मचारीहरुलाई सचेत गराउन उद्योग मन्त्रालयलाई लेखी पठाइएको ।	उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको मिति २०६१/१०/२६ को पत्रानुसार तत्कालिन नायव महाप्रवन्धक रोधश्याम प्रसाद चौरासिया, का.मु. नायव महाप्रवन्धक शिरोमणी ढकाललाई सचेत गराइएको जानकारी प्राप्त भएको ।

२१.	२०६१/१०/८	कोशी पम्प चन्द्रनहर सिंचाई आयोजनामा डिभिजन नं. २ का कार्यालय प्रमुख लगायतका कर्मचारीहरुले आ.व. ०५९/६० मा विभागीय स्वीकृती नलिई कोटेशनमा काम गराई अनुचित कार्य गरेको सम्बन्धमा सचेत गराउन लेखी पठाइएको ।	जलश्रोत मन्त्रालयको मिति २०६१/१०/२७ को पत्रानुसार डिभिजन नं. २ का कार्यालय प्रमुख विद्यासागर मल्लिक तथा ओ.सी. रफिद रहमानलाई र महालेखा नियन्त्रक कार्यालयको मिति २०६१/१०/२१ को पत्रानुसार लेखापाल गुरुप्रसाद दाहाललाई सचेत गराइएको जानकारी प्राप्त भएको ।
२२.	२०५८/६/५	कृषि विकास योजना नक्टाझिझटमा आ.ब. ०५७/५८ मा Impact Evaluation of Deep Tubwelle …र Impact Evaluation of ADP र Preparation of Proposal for Donor Agency सम्बन्धी अध्ययन कार्यको प्रस्तावमा भ्रष्टाचार भयो भन्ने सम्बन्धमा सो कार्यमा संलग्न कर्मचारीलाई सचेत गराउन लेखी पठाइएको ।	कृषि तथा सहकारी मन्त्रालयको मिति २०६१/१०/२७ को पत्रानुसार फुलेगन प्रधानलाई, महालेखा नियन्त्रक कार्यालयको मिति २०६१/११/५ को पत्रानुसार लेखा अधिकृत मुकुन्दकेशरी पोखेललाई र जलश्रोत मन्त्रालयको मिति २०६१/१२/५ को पत्रानुसार हाइड्रोलोजिष्ट ईच्छाकुमार श्रेष्ठलाई सचेत गराइएको जानकारी प्राप्त भएको ।
२३.	२०५७/३/६	शिक्षा मन्त्रालयबाट नियमावली विपरित प्राथमिक विद्यालयहरुको लेखापरीक्षण गर्दा भ्रष्टाचार गरेको सम्वन्धमा सचेत गराउन लेखी पठाइएको ।	महालेखा नियन्त्रकको कार्यालयको मिति २०६१/११/५ को पत्रानुसार उपसचिव (लेखा) गोपिनाथ मैनालीलाई सचेत गराइएको जानकारी प्राप्त ।
२४.	२०६१।९।१४	दोश्रो पर्यटन विकास आयोजना अन्तर्गत पोखरा वातावरण सुधार आयोजनामा अनियमितता भएको भन्नेमा संलग्न पोखरा उपमहा नगरपालिकाका बोर्ड पदाधिकारी तथा सदस्यहरुलाई सचेत गराउन लेखी पठाइएको ।	पोखरा उपमहा नगरपालिकाको मिति २०६१।११।२८ को पत्रानुसार बोर्ड प्रमुख कृष्ण थापा समेत २२ जनालाई सचेत गराइएको जानकारी प्राप्त भएको ।
२५.	२०६०/१/२५	बारा जिल्ला बेनौली गा.वि.स.स्थित सार्वजनिक पोखरीमा माछा पालन कार्यमा अनियमितता गरेको सम्बन्धमा तत्कालिन गा.वि.स.का अध्यक्षलाई सचेत गराउन लेखी पठाइएको ।	स्थानीय विकास मन्त्रालयको मिति २०६१/१२/४ को पत्रानुसार गा.वि.स.का अध्यक्ष कैलाशप्रसाद यादवलाई सचेत गराइएको जानकारी प्राप्त भएको ।
२६.	२०६१/११/१९ र २०६१/१२/१०	कृषि विकास बैंक बैंकिङ कार्यालय बानेश्वरबाट मनोकामना ज्वलेरी र चौधरी इन्टरप्राइजेजलाई अनियमित तवरले ऋण प्रवाह गरेको सम्बन्धमा संलग्न वडा सचिवलाई सचेत गराउन लेखी पठाइएको ।	काठमाण्डौ म.न.पा.को मिति २०६१/१२/१८ को पत्रानुसार वडा सचिव सत्यदेव पण्डितलाई सचेत गराइएको जानकारी प्राप्त भएको ।
२७.	२०६१/१२/१	स्वास्थ्य मन्त्रालय अन्तर्गतका डा. चेतराज पंतले नियम विपरीत पारिश्रमिक भुक्तानी लिएको सम्बन्धमा सचेत गराउन लेखी पठाइएको ।	स्वास्थ्य मन्त्रालयको मिति २०६१/१२/१८ को पत्रानुसार निजलाई सचेत गराएको जानकारी प्राप्त भएको ।
२८.	२०६१/१०/१	वन विभागका महानिर्देशक जमुनाकृष्ण ताम्राकार र शाखा अधिकृत वद्रिकृष्ण शंखदेवले सरुवा गर्दा रकम लिनुखानु गरे भन्ने सम्बन्धमा उचित कारबाही गरी जानकारी गराउनु भनी वन तथा भूसंरक्षण मन्त्रालयमा लेखि पठाइएकोमा ।	वन तथा भू संरक्षण मन्त्रालयको मिति ०६१/१२/१९ को पत्रानुसार महानिर्देशक जमुनाकृष्ण ताम्राकारलाई सजग गराइएको जानकारी प्राप्त भएको ।

२९.	२०६१/१२/१	सर्लाही जिल्ला नोकैल्वा गा.वि.स. सचिव रामप्रकाश शाहले सिसौका रुख काटी अनियमितता गरकोमा सचेत गराउन लेखी पठाइएको ।	जिल्ला विकास समिति सर्लाहीको २०६१/१२/२३ को पत्रानुसार रामप्रकाश शाहलाई सचेत गराइएको जानकारी प्राप्त भएको ।
३०.	२०६१/१२/१८	जिल्ला विकास समितिको कार्यालय काठमाण्डौबाट आ.ब. २०६०/६१ मा बालुवा ठेक्का दिँदा अनियमितता गरकोमा लेखा अधिकृत रुद्रमानसिंह बस्नेतलाई सचेत गराउन लेखी पठाइएको ।	महालेखा नियन्त्रक कार्यालयको मिति २०६१/१२/२३ को पत्रानुसार सचेत गराइएको जानकारी प्राप्त भएको ।
३१.	२०६१/११/२७	विभागीय स्वीकृति नलिई विमा सर्भेयरको काम गर्ने नेपाल विद्युत प्राधिकरणका इन्जिनियर ओमप्रकाश राठीलाई सचेत गराउन लेखी पठाइएको ।	नेपाल विद्युत प्राधिकरणको मिति २०६१/१२/३१ को पत्रबाट इन्जिनियर ओमप्रकाश राठीलाई सचेत गराइएको भन्ने जानकारी प्राप्त भएको ।
३२.	२०५७/३/६	जिल्ला विकास समिति बाँके अन्तर्गत विनौना, वैजापुर र कञ्चनपुर गा.वि.स.हरुमा आ.व. २०५२/५३ देखि ०५४/५५ सम्म गुणस्तरहीन सामाग्री प्रयोग गरी पुल कल्भर्टहरु बनाएको सम्वन्धमा ओभरसियर धनवहादुर रोकायालाई सचेत गराउन लेखी पठाइएको ।	जिल्ला विकास समिति बाँकेको २०६२/१/२३ को पत्रानुसार ओभरसियर धनवहादुर रोकायालाई सचेत गराइएको जानकारी प्राप्त भएको ।
३३.	२०५७/१०/१०	केन्द्रीय खाद्य अनुसन्धानशालाले मोवाइल भ्यान गाडी खरिद गर्दा अनियमितता गरेको सम्वन्धमा लेखापाल विष्णुप्रसाद घिमिरेलाई सचेत गराउन लेखी पठाइएको ।	महालेखा नियन्त्रक कार्यालयको मिति २०६२/१/२८ को पत्रबाट सचेत गराइएको जानकारी प्राप्त भएको ।
३४.	२०६१/८/१४	सुकुम्वासी समस्या समाधान आयोग जिल्ला समिति चितवनका अध्यक्ष लगायतका पदाधिकारीहरुले गैर सुकुम्मवासीलाई जग्गा वितरण कार्यमा संलग्न विभिन्न कर्मचारीहरुलाई सचेत गराउन लेखी पठाइएको ।	भूमिसुधार तथा व्यवस्था मन्त्रालयको मिति २०६१/८/८ को पत्रानुसार खरिदार अमृत श्रेष्ठलाई, जिल्ला आवाश तथा शहरी विकास कार्यालय चितवनको मिति ०६२।१।२९ को पत्रानुसार सिनियर डिभिजनल ईन्जिनियर कृष्णराज पाण्डेलाई, सचेत गराइएको जानकारी प्राप्त ।
३५.	२०५७/१०/१०	केन्द्रीय खाद्य अनुसन्धानशालाका प्रमुखले अनियमितता गरेको भन्ने सम्वन्धमा सो कार्यमा संलग्न लेखापाल विष्णुप्रसाद घिमिरेलाई सचेत गराउन लेखी पठाइएको ।	महालेखा नियन्त्रक कार्यालयको मिति २०६२/१/२८ को पत्रानुसार लेखापाल विष्णुप्रसाद घिमिरेलाई सचेत गराएको जानकारी प्राप्त भएको ।
३६.	२०५६/१२/८	सिराहा जिल्ला सन्हैठा गा.वि.स.लाई प्राप्त सरकारी अनुदानमा अनियमितता गरेकोमा गा.वि.स अध्यक्ष राजेश्वर यादव, ओभरसियर दुखी हरिजन र सहायक ओभरसियर मोहितनारायण महतोलाई सचेत गराउन लेखी पठाइएको ।	स्थानीय विकास मन्त्रालयको मिति २०६२/१/२९ को पत्रानुसार गा.वि.स अध्यक्ष राजेश्वर यादव, ओभरसियर दुखी हरिजन र सहायक ओभरसियर मोहितनारायण महतोलाई सचेत गराएको जानकारी प्राप्त भएको ।

३७.	२०६२/१/१५	पांचौ राष्ट्रिय खेलकूद प्रतियोगिताको लागि २०५८ सालमा गरिएको खरीद कार्यमा अनियमितता भएको सम्बन्धमा स्टोर प्रमुखलाई सचेत गर्न लेखी पठाइएको ।	राष्ट्रिय खेलकूद परिषद्को मिति २०६२/१/३० को पत्रानुसार केशरी चित्रकारलाई सचेत गराएको जानकारी प्राप्त भएको ।
३८.	२०६२।१।२६	पश्चिमाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालय पोखराका भेक्टर कन्ट्रोल सुपरीटेण्डेण्ट अधिकृत (भे.क.सु.अ.) श्याम बहादुर कोइरालाले निजामती किताबखानाको अभिलेख सच्याई दोहोरो पेन्सन र तलब सुविधा लिएको भन्ने उजुरीका सम्बन्धमा संलग्न कर्मचारीहरुलाई सचेत गराउन लेखी पठाइएको ।	स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०६२/२/२९ को पत्रानुसार जनस्वास्थ्य प्रशासक ऋषिप्रसाद लामिछाने, श्रम तथा यातायात व्यवस्था मन्त्रालयको मिति २०६२/२/८ को पत्रानुसार शाखा अधिकृत गोकुल खड्का र हाल कार्यरत अध्यागमन विभागको मिति २०६२/३/२ को पत्रबाट तत्कालिन निजामती किताबखानाका नायव सुब्बा रामप्रसाद ढुंगानालाई सचेत गराइएको जानकारी प्राप्त भएको ।
३९.	२०६२/३/६	पश्चिम तराई गरिबी निवारण परियोजना अन्तर्गत मुक्त कमैयाका लागि धारा (हेड पम्प) वितरण कार्यक्रममा भ्रष्टाचार भएको भन्ने सम्वन्धमा लेखापाल विष्णुबहादुर बस्नेतलाई सचेत गराउन लेखी पठाइएको ।	महालेखा नियन्त्रक कार्यालयको मिति २०६२/३/२० को पत्रबाट हाल मालपोत कार्यालय बर्दियामा कार्यरत रहेका लेखापाल विष्णुबहादुर बस्नेतलाई सचेत गराइएको जानकारी प्राप्त भएको ।

(ग) असूल उपर :

क्र.सं.	आयोगको निर्णय मिति	उजुरीको विषय र निर्णयको व्यहोरा	कार्यान्वयनको व्यहोरा
१.	२०६०/१२/३	वीर अस्पताल विकास समितिले म्याद भुक्तान भएको औषधी उपयोग गरी अनियमितता गरेको सम्वन्धमा विभागीय कारवाही तथा रकम असूल उपर गर्न लेखी पठाइएको ।	स्वास्थ्य मन्त्रालयको मिति २०६१/४/२६ को पत्रानुसार ठेकेदार अक्कलवहादुर भण्डारीबाट रु. ३३,६००।- र सो को दश प्रतिशत व्याजसमेत असूलउपर भएको जानकारी प्राप्त भएको ।
२.	२०६०/८/१	शहरी विकास विभाग तथा भवन निर्माण डिभिजन कार्यालय रोल्पाका निमित्त डिभिजनल प्रमुख धनेश्वर प्रसाद शाहले भवन निर्माण सुधार तथा अफिस सामान खरीद गर्दा अनियमितता गरेको सम्वन्धमा विभागीय कारवाही तथा रकम असूलउपर गर्न लेखी पठाइएको ।	शहरी विकास विभाग तथा भवन निर्माण विभागको मिति २०६१/५/१ को पत्रबाट धनेश्वर प्रसाद शाह र बौबालाल शाहबाट रु. १०,५७।१७ असूलउपर भएको जानकारी प्राप्त । *(विभागीय कारवाही भएको सम्वन्धमा यस अघि नै क्रमशः २०६१/२/१५ र २०६१/१/२१ को पत्रबाट जानकारी प्राप्त)*
३.	२०५९/१२/१९	स्टाफ नर्स रिता पोखरेलले कार्यालयमा अनुपस्थित रहँदाको समेत हाजिर गरी तलव भत्ता खाएको र त्यस्तो काममा डा. युवराज पोखरेलले सहयोग गरेको सम्वन्धमा असूलउपर गर्न लेखी पठाइएको ।	स्वास्थ्य मन्त्रालयको मिति ०६१/५/४ को पत्रानुसार स्टाफ नर्स रिता पोखरेलबाट रु. ६८००। असूल उपर भएको जानकारी प्राप्त भएको ।

४.	२०६०/६/७	शाही औषधी लिमिटेडका अध्यक्ष शुवोध गिरी, नायव महाप्रवन्धक राजेन्द्रवहादुर तुलाधर समेत ९ जना पदाधिकारी एवं कर्मचारीहरुबाट अनियमित तवरले व्यापार प्रवर्द्धन एवं जलपानमा खर्च गरी भ्रष्टाचार गरेको सम्वन्धमा असूल उपर गर्न लेखी पठाइएको ।	शाही औषधी लिमिटेडको मिति २०६१/६/७ तथा मिति २०६१/६/२२ को पत्रानुसार क्रमशः दिवाकर विक्रम राणावाट रु. १,५३,२२५।- र खगेन्द्र चुडामणि वज्राचार्यबाट रु. ३८०००।- असूल उपर भएको जानकारी प्राप्त भएको । *(यसअघि मिति २०६०/१०/७ को पत्रानुसार शुवोध गिरीबाट रु. १४९७३।०९, राजेन्द्रबहादुर तुलाधरबाट रु. १५१४२४।-, मिति २०६०/११/२२ पत्रबाट गोपालचन्द्र शर्माबाट रु. १०९८०७।-, केशवध्वज जोशीबाट रु. ९,४८८।-, कुमारप्रसाद खनालबाट रु.४५००।-, महेन्द्रध्वज जोशीबाट रु. १५००।-, श्यामकुमार श्रेष्ठबाट रु. १२४००।- र रमेशवहादुर श्रेष्ठबाट रु. १८८१८।८० असूल उपर भएको जानकारी प्राप्त भैसकेको)*
५.	२०६१/१/१०	राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र टेकूले शैक्षिक सामाग्री ढुवानी तथा छपाईमा अनियमितता गरेको सम्वन्धमा नोकरीबाट हटाउने विभागीय कारवाही गर्न र रकम असूलउपर गर्न लेखी पठाइएको ।	राष्ट्रिय स्वास्थ्य शिक्षाको मिति २०६१/७/२ र मिति २०६१/९/२६ को पत्रानुसार रमेशचन्द्र न्यौपाने र लेखापाल तारांराज कोइरालाबाट जम्मा रु. ५,७०,०७६।८० तथा तारांराज कोइरालाबाट थप रु. ५०,०००। असूलउपर भएको जानकारी प्राप्त भएको ।
६.	२०६१/५/८	त्रिभुवन विश्व विद्यालय आयूर्वेद क्याम्पस नरदेवीका स्थायी प्रा. डा. रामवृक्ष साहुले आफ्नो क्याम्पसका साथै महेन्द्र संस्कृत विश्व विद्यालय र शिक्षक सेवा आयोगबाट समेत पारिश्रमिक लिई भ्रष्टाचार गरे भन्ने सम्वन्धमा निजले लिएको दोहोरो पारिश्रमिक असूलउपर गर्न लेखी पठाइएको ।	शिक्षक सेवा आयोगको मिति ०६१/७/२ को पत्रानुसार निज प्रा. डा. रामवृक्ष साहबाट रु. ३,६६७।३५ असूल उपर भएको जानकारी प्राप्त भएको ।
७.	२०६१/५/८	त्रिभुवन विश्व विद्यालय आयूर्वेद क्याम्पस नरदेवीका स्थायी प्रा. डा. रामवृक्ष साहुले आफ्नो क्याम्पसका साथै महेन्द्र संस्कृत विश्व विद्यालय र शिक्षक सेवा आयोगबाट समेत पारिश्रमिक लिई भ्रष्टाचार गरे भन्ने सम्वन्धमा दोहोरो पारिश्रमिक लिएको सम्वन्धमा आवश्यक कारवाही गर्न शिक्षक सेवा आयोगमा लेखी पठाइएको ।	शिक्षक सेवा आयोगको मिति ०६१/७/२ को पत्रानुसार प्रा. डा. रामवृक्ष साहुबाट रु. ३,६६७।३५ असूल उपर भएको जानकारी प्राप्त भएको ।
८.	२०६०/११/२१	बाजुराको बडिमालिका मन्दिर र अछामको वैद्यनाथ मन्दिर मर्मत तथा जिर्णोद्धार गर्दा भ्रष्टाचार गरेको सम्वन्धमा विभागीय कारवाही तथा रकम असूल उपर गर्न लेखी पठाइएको ।	संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको मिति २०६१/८/१६ को पत्रानुसार इन्जिनियर विनोदचन्द्र गिरीबाट रु. २९,६४७।०८ असूल उपर गरिएको जानकारी प्राप्त भएको ।
९.	२०५८/४/१	पोखरास्थित मणिपाल कलेजलाई महिला विकास प्रशिक्षण केन्द्रको जग्गा र भवन भाडामा दिएकोमा भाडा असूल नभएकोमा असूल उपर गर्न स्थानीय विकास मन्त्रालयमा लेखी पठाइएको ।	स्थानीय विकास मन्त्रालयको मिति २०६१/९/१४ को पत्रानुसार रु. ३२,६०,७४६।५७ असूल उपर भएको र बांकी भाडाका सम्बन्धमा स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान र कलेज बीच मिति २०६१/८/११ मा सम्झौता भए बमोजिम किस्ताबन्दीमा असूल उपर हुने जानकारी प्राप्त भएको ।

१०.	२०५९/१२/२८	कानूनी सल्लाहकार रामकृष्ण निरौलाले शाही नेपाल वायु सेवा निगममा झूठा विल पेश गरेको सम्वन्धमा निजबाट रु. १९५००। असूलउपर गर्न लेखी पठाइएको ।	संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको मिति ०६१/१०/१५ को पत्रानुसार रकम असूल उपर भएको जानकारी प्राप्त भएको ।
११.	२०५९/३/३१	वि.पी.मार्ग सडक योजना दाङबाट आ.व. ०५३/५४ र ०५४/५५ मा सडक निर्माणमा तत्कालिन आयोजना प्रमुख मोतीलाल पाण्डेले वण्ड वापतको रकम अनियमित तवरले हिनामिना गरेकोमा निजबाट असूल उपर गर्न लेखी पठाइएको ।	स्थानीय विकास मन्त्रालयको मिति २०६१/१०/२१ को पत्रानुसार रु. ३१,०००।- निजबाट असूल उपर भएको जानकारी प्राप्त भएको ।
१२.	२०५६/३/१५	सिंहदरवार वैद्यखानाका डा. श्याममणी अधिकारीले झुटो व्यहोरा पेश गरी दोहोरो तलव खाएको भन्ने उजुरीका सम्वन्धमा निजबाट रु. ३६,७३७।७० असूल उपर गर्न लेखी पठाइएको ।	स्वास्थ्य मन्त्रालयको मिति २०६१/१२/१ को पत्रानुसार रु. ३६,७३७।७० निज अधिकारीबाट असूल उपर भएको जानकारी प्राप्त भएको ।
१३.	२०६१/१०/८ र २०६१/११/१८	यति एयरलाइन्सको दर्ता नं 9N-AEV विमान खरिद, मर्मत तथा विक्री गर्दा र लिजमा ल्याउँदा अनियमितता भएको सम्वन्धमा यति एयरलाइन्सबाट रु. १,२१,७१,६४४ असूल उपर गर्न लेखी पठाइएको ।	नेपाल नागरिक उड्डयन प्राधिकरणको ०६१/१२/७ को पत्रानुसार यति एयरलाइन्सबाट रु.१,२१,७१,६४४।- असूल उपर गरिएको जानकारी प्राप्त भएको ।
१४.	२०५५/७/१७	तत्कालिन कृषिमन्त्रि पद्मसुन्दर लावतीले निवासको टेलिफोन विल कृषि अनुसन्धान परिषदवाट जवरर्जस्ती भुक्तानी गराई अख्तियारको दुरुपयोग गरेकोमा निजवाट रु. २,१३,५३०।७० असूल उपर गर्न लेखी पठाइएको ।	कृषि तथा सहकारी मन्त्रालयले मिति २०६१/१२/२९ मा कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालयमा लगत कस्न पठाएको जानकारी प्राप्त भएको ।
१५.	२०५९/२/९	आयुर्वेद क्याम्पस नरदेवीमा अध्ययनरत रही दोहोरो हाजिर गरेकोमा आयुर्वेद विभागका कविराजहरु रामचन्द्र पाण्डे, मुनकर्ण थापा, मुरलीप्रसाद साह, प्रशान्त पण्डित, रामचन्द्र ढकाल, रविन्द्र पाण्डे, सन्तोषकुमार ठाकुर र वैद्य श्यामबाबु यादवबाट रकम असूल उपर गर्न लेखी पठाइएको ।	आयुर्वेद विभागको क्रमशः मिति २०६१/१०/२७ र २०६२/१/१९ को पत्रानुसार क्रमशः रविन्द्र पाण्डेबाट रु. ४६००४।५७ र कविराज डा. प्रशान्त पण्डितबाट रु. ७६,१६२।०३ असूलउपर भएको जानकारी प्राप्त भएको । साथै डा.रामचन्द्र ढकालबाट २०६२ अषाढ मसान्त सम्म रु. ४०,०१२।९२ थप रकम प्राप्त भएको भन्ने जानकारी प्राप्त भएको ।
१६.	२०६१/१२/२३	वि.पी.कोइराला लायन्स नेत्र अध्ययन केन्द्रको भवन निर्माणमा केन्द्रका निर्देशक डा. शंशाक कोइराला समेतको मिलेमतोमा अनियमितता भएको सम्बन्धमा नोक्शानी भएको रु. १६,२४,५८७।६० ठेकेदार आशिष निर्माण सेवाबाट असूल उपर गर्न लेखी पठाइएको ।	निज ठेकेदारले नेपाल राष्ट्र बैंकमा रु.१६,२४,५८७।६० रकम जम्मा गरेको भौचर आयोगमा मिति २०६१/११/१३ मा पेश गरेको ।

१७.	२०५९/१०/२०	पशुसेवा सुदृढीकरण आयोजनाका प्रमुख डा. प्रभाकर पाठकले अनियमित तवरमा भ्रमण भत्ता भुक्तानी लिएको रकम असूल उपर गर्न लेखी पठाइएको ।	कृषि तथा सहकारी मन्त्रालयको मिति २०६१/११/१७ को पत्रानुसार यूरो १९९० निजबाट असूउपर भएको जानकारी प्राप्त भएको ।
१८.	२०६१।९।२	किर्ते लिखत तयार गरी गराई संचित भन्दा बढी अवधिको विदाको रकम दिने लिने कार्यमा संलग्न शाखा अधिकृत लय प्रसाद निरौला समेतले गैर कानूनी कार्य गरे गराएको भन्नेमा अवकाश प्राप्त शिक्षक अनन्तराम खतिवडाबाट रु. १७,९४८।७० असुल गर्ने तथा किर्ते गरी नियुक्ती मिति कायम गरेकोलाई सच्याउने र वास्तविक मिति कायम गर्न लेखी पठाइएको ।	शिक्षा तथा खेलकूद मन्त्रालयको मिति २०६२।२।४ को पत्रानुसार दुष्परिणाम सच्याई निजबाट रु. ३८,९२२।८० असुल उपर भएको जानकारी प्राप्त भएको ।
१९.	२०६१/१२/८	त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलको टर्मिनल भवनमा रहेको पसल संचालन गर्न भाडामा दिने कार्यमा अनियमितता गरी प्राधिकरणलाई रकम हानी नेाक्सानी पारेको भन्ने सम्बन्धमा रकम असूल उपर गर्न लेखी पठाइएको ।	नेपाल नागरिक उड्डयन प्राधिकरणको मिति २०६२/३/१४ को पत्रानुसार होटल रारा प्रा.लि.बाट रु.६,२२,२१६।९९ असूल उपरको जानकारी प्राप्त भएको ।
२०.	२०६०/४/१३	नेपाल कृषि अनुसन्धान परिषदमा भएको विभिन्न प्रशासनिक तथा आर्थिक अनियमितताका सम्बन्धमा परिषदको २०५५/५/२२ को निर्णयले भुक्तानी दिइएको २०५० सालदेखिको ग्रेड असूल उपर गर्न लेखी पठाइएको ।	कृषि अनुसन्धान परिषदको मिति २०६२/३/२९ को पत्रानुसार १५ जना कर्मचारीहरुबाट अहिले सम्म रु.२४,६५५।- असूल उपर भएको जानकारी प्राप्त भएको ।
२१.	२०५८/६/३	लाहान नगर पालिकाले नक्कली लगसिट तयार गरी भ्रष्टाचार लगायत विभिन्न अनियमितता गरेको भन्ने उजुरीमा सवारी तथा चुंगीकर वापतको रकम ठेकेदारहरुबाट असूल उपर गर्न लेखी पठाइएको ।	लाहान नगर पालिका कार्यालयको मिति २०६२/३/२८ को पत्रानुसार रामअवतार मण्डल, फागु चौधरी, हरिदेव राय र सन्तोषकुमार अग्रवालबाट गरी कूल रु.३,२०,४९३।६० असूलउपर भएको जानकारी प्राप्त भएको ।

(ङ) सुझाव/निर्देशन/ध्यानाकर्षणः

क्र. सं.	आयोगको निर्णय मिति	उजुरीको विषय र निर्णयको व्यहोरा	कार्यान्वयनको व्यहोरा
१.	२०६१/३/१५	यातायात व्यवस्था कार्यालय वागमतीका तत्कालिन खरिदार ध्रुवराज रेग्मीले अनियमित तरिकाबाट सवारी साधन दर्ता गरे भन्ने सम्बन्धमा विभिन्न १० वुँदे सुझाव श्रम तथा यातायात मन्त्रालयलाई लेखी पठाइएको ।	यातायात व्यवस्था विभागको मिति ०६१/४/७ को पत्रले सुझाव कार्यान्वयन गरिएको जानकारी प्राप्त भएको ।

२.	२०६१/१/२९	सामाजिक सेवा राष्ट्रिय समन्वय परिषदका पदाधिकारी तथा कर्मचारीले भ्रष्टाचार गरे भन्ने सम्वन्धमा एक महिना भित्र जिन्सी व्यवस्थापन ठिक दुरुस्त गरी सो वमोजिम भएगरेको जानकारी गराउन लेखी पठाइएको ।	महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयको मिति ०६१/५/२५ को पत्रानुसार आयोगबाट निर्देशित कार्यहरु कार्यान्वयनमा ल्याइएको भन्ने जानकारी प्राप्त ।
३.	२०५४/१/३१	एक्स रे जस्तो सम्वेदनशील उपकरण लापरवाहीपूर्वक संचालन गरी जनस्वास्थ्यमा खेलवाड गरेको भन्ने सम्वन्धमा संचालन सम्वन्धी मापदण्ड तयार गर्न स्वास्थ्य मन्त्रालयलाई लेखी पठाइएको ।	स्वास्थ्य मन्त्रालयले मापदण्ड तैयार गरी लागू गरेको । उक्त मन्त्रालयको मिति ०६१/६/५ को पत्रसाथ एक प्रति मापदण्ड, २०६१ प्राप्त भएको ।
४.	२०६१/२/२०	तत्कालिन सुकुम्वासी समस्या समाधान आयोग, कैलालीले टिकापुरको रानीकुला क्षेत्रको गौचरन जग्गा वाँडेको सम्वन्धमा जग्गा वितरण सम्वन्धी निर्णय वदर गर्न प्रमुख जिल्ला अधिकारी कैलालीलाई निर्देशन दिइएको ।	जिल्ला प्रशासन कार्यालय, कैलालीको मिति ०६१/६/२० को पत्रानुसार गैरकानुनी रुपमा दर्ता भएका जग्गाहरु वदर भएको जानकारी प्राप्त भएको ।
५.	२०६०/११/१९	परिचयपत्र व्यवस्थापन अधिकारीको कार्यालयले आ.व. ०५६/५७ र ०५७/५८ मा परिचयपत्र तयार गर्ने कार्यको लागि गरेको कार्य जालसाजी र वदनियतयुक्त भै भ्रष्टाचार भएको सम्वन्धमा विभिन्न कर्मचारीहरुलाई ध्यानाकर्षण गराउन गृह मन्त्रालय र निर्वाचन आयोगलाई लेखी पठाइएको । साथै ए.बी.एस.डिजटिल प्रिन्टीङ्ग एण्ड सपोर्ट फर्मलाई कालोसूचीमा राख्न लेखि पठाइएको ।	गृह मन्त्रालयको मिति ०६१/६/२० पत्रानुसार सचिव अनन्तराज पाण्डे र टिकादत्त निरौला, तत्कालिन सहसचिवहरु उमेश मैनाली, सहसचिव निरञ्जन वराल, सुशिलजङ्ग वहादुर राणा, उपसचिवहरु नेत्रवहादुर कार्की, एकमणी नेपाल, कविराज खनाल, कोषकुमार नेम्वाङ्ग, भक्तराज जोशी, द्वारिकाप्रसाद आचार्य, शा.अ. टेकविरजङ्ग रायमाझी, ले.अ. न्हूच्छेवहादुर महर्जन, ले.अ. जनकराज शर्मा र निर्वाचन आयोगको मिति ०६१/८/७ को पत्रानुसार व.क.अ. मातृकाप्रसाद श्रेष्ठलाई ध्यानाकर्षण गराइएको जानकारी प्राप्त भएको । साथै गृह मन्त्रालयको मिति २०६२।२।२२ पत्रबाट सबै संवैधानिक अंग र सबै मन्त्रालयहरुमा कालो सूचीमा राख्न लेखि पठाएको जानकारी प्राप्त भएको ।
६.	२०६१/६/८	शाही नेपाल वायु सेवा निगमको युरोपस्थित सेल्स एजेन्टहरुलाई गैरकानुनी तवरमा टिकटहरु उपलव्ध गराई भ्रष्टाचार गरे भन्ने सम्वन्धमा निश्चित मापदण्ड तयार गर्न निर्देशन दिइएको ।	शाही नेपाल वायु सेवा निगमको मिति ०६१/६/२७ को पत्रानुसार निर्देशन कार्यान्वयन भएको जानकारी प्राप्त भएको ।
७.	२०६०/३/१८	नेपाल आयल निगमको अमलेखगंजबाट बिक्रेताहरुलाई पेट्रोलियम पदार्थ बिक्री बितरण गर्दा कर्मचारीहरुको मिलेमतोमा सरोज आयल ट्रेडिङ बरहथवासंग मिलि भ्रष्टाचार गरेकोमा सो कार्यमा संलग्न अर्थ विभागका प्रमुखको ध्यानाकर्षण गर्न लेखी पठाइएको ।	नेपाल आयल निगमको मिति २०६१/७/१७ को पत्रानुसार निजलाई ध्यानाकर्षण गराइएको जानकारी प्राप्त भएको ।

८.	२०५८/४/२४	शाही नेपाल वायु सेवा निगमका का.मु. निर्देशक सुधिर राईले विदेशमा जाने विमान चालकको लागि होटल भाडामा लिँदा अनियमितता गरेको सम्वन्धमा भाडा लिने प्रकृयावारे कानुनी व्यवस्था मिलाई ३ महिनाभित्र जानकारी पठाउन लेखी पठाइएको ।	शाही नेपाल वायु सेवा निगमको मिति ०६१/८/२९ को पत्रसाथ प्राप्त विवरणमा उल्लेख भएअनुसार होटल भाडामा लिने प्रकृया को कानुनी व्यवस्थासहितको शा.ने.वा.नि. आर्थिक प्रशासन नियमावली २०६१ कार्यान्वयनमा आइसकेको जानकारी प्राप्त भएको ।
९.	२०६१/२/२२	हेटौडा-अमलेखगंज बीचको क्षतिग्रस्त पुलको मर्मत सुधारमा नियमसंगत नभएको भन्ने सम्बन्धमा सडक विभागका महानिर्देशकलाई अब उप्रान्त यस्तो विषयमा विशेष ध्यान पुर्‍याउन सुझाव दिइएको ।	सडक विभागको मिति २०६१/८/२९ को पत्रानुसार आयोगको सुझाव ध्यानाकर्षण भएको जानकारी प्राप्त भएको ।
१०.	२०६०/४/२२	काठमाण्डौ महानगरपालिकामा कार्यरत पञ्जिकाधिकारी लेखनाथ पौडेलले तिव्वतियन शरणार्थीहरुको नावालकहरुको जन्म दर्ता गरी अनियमितता गरेको सम्वन्धमा शरणार्थीहरुको रेकर्ड अद्यावधिक गर्न श्री ५ को सरकारलाई सुझाव दिइएको ।	गृह मन्त्रालयको मिति २०६१/९/१२ को पत्रानुसार सुझाव वमोजिम काम कारवाही भैरहेको जानकारी प्राप्त भएको ।
११.	२०६०/१२/१३	योग्यता नपुगेका व्यक्तिहरुले नेपाल मेडिकल काउन्सिलमा दर्ता भएर काम गरेको भन्ने विषयमा नेपाल मेडिकल काउन्सिललाई अभिलेख राखी ऐन नियम विपरित काम भएमा काउन्सिलले नेपाल मेडिकल काउन्सिल ऐन २०२० को दफा २८ को कारवाही गर्ने परिपाटी वसाल्न सुझाव पठाइएको ।	नेपाल मेडिकल काउन्सिलको मिति ०६१/९/२५ को पत्रानुसार सुझाव कार्यान्वयन भैरहेको जानकारी प्राप्त भएको ।
१२.	२०६१/३/७	नेपाल पुनर्वास कंपनीको निजीकरण सम्बन्धमा निजीकरण ऐन, २०५० अनुसार सो कंपनीलाई तुरुन्त निजीकरण गर्ने भनी भौतिक योजना तथा निर्माण मन्त्रालयलाई सुझाव पठाइएको ।	भौतिक योजना तथा निर्माण मन्त्रालयको मिति २०६१/१०/२२ को पत्रबाट निजीकरण प्रकृयामा गै सकेको भन्ने जानकारी प्राप्त भएको ।
१३.	२०६०/१/२९	सागरनाथ वन विकास परियोजनाका मैनेजर दिपक उपाध्यायले अनियमित तवरमा रुख कटान गरी भ्रष्टाचार गरे भन्ने सम्वन्धमा जग्गा अतिक्रमण तथा रुख कटान भैरहेकोमा वन मन्त्रालय र वन विकास परियोजनाले तत्काल कार्यवाही शुरु गर्ने भनी लेखी पठाइएको ।	वन पैदावर विकास समितिको मिति ०६१/१०/२६ को पत्रबाट चोरी नियन्त्रण गर्न गरिएको प्रयासस्वरुप वन पैदावरका सामानहरु वरामद भएको जानकारी प्राप्त भएको ।
१४.	२०६१/९/८	ब्लेसिङ इन्टरनेसनलका प्रो.विष्णुकुमार मित्तलले विभिन्न सामान आयातमा प्रतित खोलेको सम्वन्धमा जुनसुकै मुद्रामा भुक्तानी गरी प्रतितपत्रको माध्यमबाट भारतबाट आयात गरेको सामानको सम्बन्धित बैंकबाट इण्डोर्स गराई मात्र जांचपास गर्ने व्यवस्था मिलाउने भनी भंसार विभागलाई निर्देशन पठाइएको ।	भंसार विभागको मिति २०६१/९/२६ को पत्रानुसार सबै भन्सार कार्यालयलाई निर्देशन कार्यान्वयन गर्न लेखि पठाएको भन्ने जानकारी प्राप्त भएको ।

१५.	२०५९/११/९	वायरलेस लोकल लुप सेवा संचालन गर्न अनुमति प्रदान गरेको र स्थानीय टेलिफोन सेवा संचालनमा अनियमितता गरेको सम्वन्धमा Accounting Rate का वारेमा सम्झौता गनुपूर्व प्राधिकरणको स्वीकृति लिएर मात्र गर्न निर्देशन दिइएको ।	नेपाल दूरसंचार प्राधिकरणको मिति २०६१/९/२८ का पत्रानुसार सम्झौता गर्नुपूर्व यस प्रा.लि. बाट स्वीकृति लिएर मात्र गर्न सेवा प्रदायकलाई निर्देशन दिइएको भन्ने जानकारी प्राप्त भएको ।
१६.	२०६०/११/२१	शाही नेपाल वायु सेवा निगमको नेपालगञ्जस्थित क्षेत्रीय कार्यालय भवन निर्माण गर्दा अनियमितता भएको सम्वन्धमा सचेत तथा ध्यानाकर्षण गराउन लेखी पठाइएको ।	शाही नेपाल वायु सेवा निगमको मिति २०६१/१०/१३ को पत्रानुसार वरिष्ठ ईन्जिनियर प्रमोदवहादुर थापालाई सचेत र ध्यानाकर्षण गराइएको, साथै स्तरयुक्त नदेखिएका कामहरु ठेकेदारकै खर्चमा सुधार गराएको र लापरवाहीपूर्वक काम गर्ने परामर्शदाता उज्वलमान शाक्यको रेकर्ड राखिएको जानकारी प्राप्त भएको ।
१७.	२०६०/७/२४	माधवप्रसाद कोइरालाले साविक भिमसेनगोला वार्ड नं. २ घ को जग्गा मालपोत कार्यालयका कर्मचारीहरुसंग मिलि आफ्नो नाममा कायम गर्न लागेको भन्ने सम्बन्धमा नियमानुसार नक्शा संशोधन गर्न नापी विभागका महानिर्देशकलाई निर्देशन दिइएको ।	नापी विभागको मिति २०६१/१०/१९ को पत्रानुसार नक्शा संशोधन भएको जानकारी प्राप्त भएको ।
१८.	२०५६/९/१५	राष्ट्रिय वाणिज्य वैकले सम्झना फाइनान्स कम्पनी लिमिटेडको शेयर खरीद गर्न प्रत्याभूति दिदा अख्तियार दुरुपयोग गरेको सम्वन्धमा राष्ट्रिय वाणिज्य वैंकलाई ध्यानाकर्षणको लागि लेखिएको ।	राष्ट्रिय वाणिज्य वैकको मिति २०६१/१०/२० को पत्रानुसार ध्यानाकर्षण भएको र सम्वन्धित विभागलाई निर्देशन पठाएको भन्ने जानकारी प्राप्त भएको ।
१९.	२०६१/४/२८	एशियाली विकास वैंकको सहयोगमा संचालित ग्रामीण सडक र सामुदायिक भवन लगायतका कार्यमा भ्रष्टाचार भयो भन्ने सम्वन्धमा विभिन्न नौ वटा वुँदाहरुमा तत्कालिन स्थानीय विकास मन्त्रीज्यूको ध्यानाकर्षण गराइएको ।	माननीय मन्त्रीज्यूबाट ध्यानाकर्षण भएको भन्ने स्थानीय विकास मन्त्रालयको मिति ०६१/१०/२० को पत्रबाट जानकारी प्राप्त भएको ।
२०.	२०६०/४/१५	दि हिमालय टाइम्स र अन्नपूर्ण पोष्टमा विदेशी लगानी भएको भन्ने सम्बन्धमा राष्ट्रिय हित अनुकूल उपयुक्त नीति निर्धारण हुन र तदनुरुप कानूनी प्रावधान मिलाउन लगायतका अन्य सुझाव पठाइएको ।	सूचना तथा संचार मन्त्रालयको मिति २०६१/१०/२६ को पत्रानुसार विदेशी लगानी समेतका विषयमा विद्यमान ऐन नियम सुधार गर्न कानूनी मस्यौदाका लागि कानून सुधार आयोगमा पठाइएको भन्ने जानकारी प्राप्त भएको ।
२१.	२०६१/९/१५	कार्यालय समयमा विदा स्वीकृति नगराई अध्ययन गर्ने विकृति रोक्ने तर्फ आवश्यक र उचित व्यवस्था गर्ने भनी कानून मन्त्रालय र सामान्य प्रशासन मन्त्रालयलाई सुझाव दिइएको ।	सामान्य प्रशासन मन्त्रालयको मिति २०६१/११/१७ को पत्रानुसार सवै मन्त्रालय, आयोग, सचिवालयलाई विहान, बेलुका अध्ययन गर्न र प्राइवेट परीक्षा दिने सम्बन्धमा पूर्व स्वीकृति लिनु पर्ने नीतिगत व्यवस्था परिपत्र गरिएको र सोही मन्त्रालयको मिति २०६१/१२/२३ को पत्रानुसार स्वेदेशमा अध्ययनका लागि तलबी अध्ययन विदा नदिने सम्बन्धमा परिपत्र गरिएको जानकारी प्राप्त भएको ।

२२.	२०६१/२/१३	कोरियन एयरलाइन्स र शाही नेपाल वायु सेवा निगमवीच रहेको विवाद निगमको हितलाई ख्याल राखी चाँडो सुल्झाउने भनी शाही नेपाल वायु सेवा निगमलाई सुझाव दिइएको ।	शाही नेपाल वायु सेवा निगमको मिति २०६१/११/२७ को पत्रानुसार निगमको हित हुने गरी विवाद सुल्झाउन सम्बन्धित दुतावासमा पत्राचार गरिरहेको भन्ने जानकारी प्राप्त भएको ।
२३.	२०६१/५/३१	सुकुम्वासी समस्या समाधान समिति सुर्खेतका कर्मचारीहरुले गैरकानुनीरुपमा सुकुम्वासी भनी जग्गा लिएका सम्बन्धमा वीरबहादुर रुचाल, टेकबहादुर रुचाल र शान्ति पहाडीका नाममा नाममा दर्ता गरको जग्गा बदर गरी श्री ५ को सरकारको नाममा श्रेस्ता कायम गर्न लेखी पठाइएको ।	भुमिसुधार कार्यालय सुर्खेतको २०६१/१२/८ को पत्रानुसार दर्ता भएको जग्गा बदर गरी श्री ५ को सरकारको नाममा श्रेस्ता कायम गरिएको जानकारी प्राप्त भएको ।
२४.	२०६१/५/१	नेपाल खानेपानी संस्थान त्रिपुरेश्वरमा आपतकालिन पानी उत्पादन गर्न निकासा भएको १४ करोड रुपैया फर्जी विल गराई भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा संस्थानको लाई सामान खरीद र निर्माण कार्य सम्बन्धी २ बूँदे सुझाव दिइएको ।	खानेपानी संस्थानको मिति ०६१/१२/१५ को पत्रका साथ खरीद, निर्माण र जिन्सी व्यवस्था सम्बन्धी नीति एवं प्रक्रियाको दिग्दर्शन, २०६१ तयार गरी लागू भैरहेको जानकारी प्राप्त भएको ।
२५.	२०६०/१०/५	जापानमा आयोजना हुने एक्स्पोमा भाग लिन तत्कालिन मन्त्रीले आफ्ना छोरालाई मनोनयन गरेको सम्बन्धमा स्वदेश वा विदेशमा सञ्चालन हुने यस प्रकारका भेलामा आयोजक तोक्ने कार्य पारदर्शी र प्रतिस्पर्धात्मक रुपमा गर्ने व्यवस्था मिलाउन उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई सुझाव दिइएको ।	उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको मिति २०६१/१२/१९ को पत्रानुसार सहभागी छनौट तथा व्यवस्थापन गर्ने कार्यविधि, २०६१ तयार गरी राय प्रतिक्रिया लिने कार्य भइरहेको भन्ने जानकारी प्राप्त भएको ।
२६.	२०६१/११/१९ र २०६१/१२/१०	कृषि विकास बैंक बैंकिङ कार्यालय बानेश्वरबाट मनोकामना ज्वलेरी र चौधरी इन्टरप्राइजेजलाई अनियमित तवरले ऋण प्रवाह गरेको सम्बन्धमा स्थानीय निकायहरुले नापी शाखाबाट ट्रेस नक्शाको रेकर्ड प्राप्त गरी नक्शा भिडाई प्रयोजन खुलाई सिफारिश गर्ने प्रचलन गर्न स्थानीय विकास मन्त्रालयलाई लेखी पठाइएको ।	स्थानीय विकास मन्त्रालयको मिति २०६१/१२/२३ को पत्रानुसार सबै स्थानीय निकायहरुमा सो सम्बन्धमा परिपत्र गरिएको जानकारी प्राप्त भएको ।
२७.	२०६०/३/२७	विना इजाजत क्लोरो फ्लोरो कार्बन (सि.एफ.सी.) ग्यास हिलटेक कम्पनीले आयात गरेको सम्बन्धमा प्रतितपत्र खोल्ने वाणिज्य वैंक र सम्बन्धित पदाधिकारीहरु तथा राष्ट्र वैंकबाट अनुगमन गर्नुपर्ने सम्बन्धित पदाधिकारी यकिन गरी राष्ट्र बैंक ऐन, २०५८ एवं नियमावली २०५९ बमोजिम गर्न नेपाल राष्ट्र बैंकलाई निर्देशन दिइएको ।	नेपाल राष्ट्र बैंकको मिति २०६२/१/२१ को पत्रानुसार सबै वाणिज्य बैंकहरुलाई सचेत र सजग गराएको जानकारी प्राप्त भएको ।

२८.	२०६१/५/७	औषधी व्यवस्था विभागका फर्मासिष्ट वालकृष्ण खकुरेललाई अनुचित तवरमा काजमा खटाइएको भन्ने सम्बन्धमा निज र निज जस्तै काजमा रहेका अन्य कर्मचारीहरु समेतलाई विदा लिन लगाउने वा श्री ५ को सरकारको सेवाबाट राजीनामा दिन लगाउने तथा वैदेशिक सहयोगका परियोजनाको लागि मनोनयनमा पारदर्शिता देखिने नीति तर्जुमा गर्न लेखी पठाइएको ।	स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०६२/१/२७ को पत्रानुसार १६ जना कर्मचारीहरु मध्ये केही श्री ५ को सरकारको सेवा तर्फ आइसकेका र केहीले राजीनामा दिएको भन्ने जाकारी प्राप्त भएको । साथै सोही मन्त्रालयको मिति २०६१/५/२७ को पत्रानुसार मनोनयन गर्ने सम्बन्धमा TOR बनाई सकिएको भन्ने जानकारी प्राप्त भै सकेको ।
२९.	२०६१/८/२३	कोशी टप्पु वन्यजन्तु आरक्षका लागि जग्गा अधिग्रहण गर्दा जग्गा परेको व्यक्तिको जग्गा सट्टा भर्ना दिँदा अनियमितता भयो भन्ने सम्वन्धमा आयोगले सर्वोच्च अदालतमा विचाराधिन विषय वाहेक मन्त्रालयले छानविन टोली गठन गरी जो जे गर्नुपर्ने हो गरी जानकारी गराउने भनी वन तथा भू-संरक्षण मन्त्रालयलाई सुझाव दिइएको ।	वन तथा भू संरक्षण मन्त्रालयको मिति २०६२/१/२८ को पत्रानुसार क्षेत्रीय वन निर्देशकको संयोजकत्वमा छानविन टोली गठन भै कार्य प्रारम्भ गरिएको भन्ने जानकारी प्राप्त भएको ।
३०.	२०६०/७/४	श्री ५ को सरकारबाट तोकेको सुविधा भन्दा वढी सुविधा लिएको भन्ने सम्वन्धमा संस्थानको सञ्चालक समितिले आफुखुशी निर्णय गर्न नपाउने समेतका उपयुक्त व्यवस्थाहरु गर्न प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय तथा अर्थ मन्त्रालयलाई सुझाव दिइएको ।	प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय र अर्थ मन्त्रालयले सबै संस्थानहरुलाई आयोगको सुझाव अनुसार परिपत्र गरेको । अर्थ मन्त्रालयले केही पदाधिकारीलाई रकम फिर्ता गर्न पत्र पठाएको जानकारी प्राप्त भएको ।
३१.	२०६०/७/१२	वृहत्तर जनकपुरक्षेत्र विकास परिषदको वर्तमान ऐन नियममा आवश्यक संसोधन गर्ने, प्रचलित ऐन नियमको परिधिभित्र रहेर पारिश्रमिक सुविधा तोक्ने गर्ने भनी प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई सुझाव दिइएको ।	संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको मिति २०६२/२/१५ को पत्रानुसार ऐन नियम संसोधनको लागि समिति गठन भै उक्त मन्त्रालयलाई समितिले सो सम्बन्धी मस्यौदा वुझाएको जानकारी प्राप्त भएको ।
३२.	२०६१/२/५	शैक्षिक योग्यताको नक्कली प्रमाणपत्र प्रयोगमा नियन्त्रण गर्ने सम्वन्धमा प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय र शिक्षा तथा खेलकूद मन्त्रालयलाई विभिन्न १५ बूँदे सुझाव/निर्देशनहरु दिइएको ।	प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयबाट सुझाव कार्यान्वयनको लागि विभिन्न मन्त्रालय/निकायहरुलाई परिपत्र गरिएको जानकारी प्राप्त भएको ।
३३.	२०६०/६/७	क्लब लगायतका अन्य सामाजिक संघ संस्थाहरुलाई विकास निर्माण जनचेतना अभिवृद्धि जस्ता कार्यक्रमहरु संचालन गर्ने उद्देश्यको लागि रकम उपलब्ध गराउदा त्यस्ता रकमको दुरुपयोग हुन नपाउने गरी खर्चको अनुगमन, निरीक्षण र निर्देशन गर्ने, खर्चको गुणस्तर लेखा परीक्षण र औचित्य हेर्ने जिम्मेवार संयन्त्र सहितको खर्च कार्यविधि निर्देशिका तयार गरी लागू गर्न स्थानीय विकास मन्त्रालयलाई सुझाव दिइएको ।	स्थानीय विकास मन्त्रालयको मिति २०६२/१/२९ को पत्रानुसार जगेडा कोष सञ्चालन कार्यविधि निर्देशिका २०६१, नगरपालिकाका लागि सामाजिक परीक्षण निर्देशिका, २०६१ र नगरपालिका अनुदान खर्च गर्ने निर्देशिका २०६१/६२ तयार गरी लागू गरेको जानकारी प्राप्त भएको ।

३४.	२०५८/११/१०	विद्यालयको नाउँको जग्गा व्यक्तिको नाउँमा मालपोत कार्यालय कैलाली समेतको मिलेमतोमा श्रेस्ता कायम गरको सम्वन्धमा आवश्यक छानविन विभागीय कारवाही गर्न भूमिसुधार तथा व्यवस्था मन्त्रालयलाई लेखी पठाइएको ।	भूमिसुधार तथा व्यवस्था मन्त्रालयको मिति २०६२/२/४ को पत्रानुसार दर्ता भएको जग्गा वदर गरी छिमानन्द प्राथमिक विद्यालयको नाउँमा कायम गरिएको जानकारी प्राप्त भएको ।
३५.	२०६०/३/५	त्रिभुवन विश्व विद्यालय परीक्षा नियन्त्रण कार्यालयको पत्रसमेतले वादी श्री ५ को सरकार प्रतिवादी निराजन विष्ट समेत भएको नक्कली ट्रान्सक्रिप्ट वनाई भ्रष्टाचार गरेको सम्वन्धमा सर्टिफिकेटको सुरक्षण सम्वन्धमा विभिन्न वुँदागत सुझाव पठाइएको ।	त्रिभुवन विश्व विद्यालय रजिष्ट्रारको कार्यालयको मिति २०६२/२/१० को पत्रानुसार सुझाव अनुसार काम कारवाही भैरहेको जानकारी प्राप्त भएको ।
३६.	०६१/११/१८	यति एयरलाइन्सको दर्ता नं 9N-AEV विमान खरिद, मर्मत तथा विक्री गर्दा र लिजमा ल्याउँदा अनियमितता भएको सम्वन्धमा सम्बन्धित संस्थासित व्यवसायिक स्वार्थ निहित रहेका, इमान्दारिताका बारेमा निश्चित नगरिएका व्यक्तिहरुलाई संचालकमा नराख्ने व्यवस्था गर्ने ।	संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको मिति ०६२।२।१५ को पत्रानुसार आयोगको निर्देशनलाई ध्यानमा राखिएको भन्ने व्यहोरा प्राप्त भएको ।
३७.	२०५०/५/२४	स्वास्थ्य मन्त्रालय चिकित्सा महाशाखा टेकुबाट एक्स रे मेसिन खरिद गर्दा अनियमितता भएको भन्ने सम्वन्धमा १० एम.ए. को खरिद भएको एक्स रे मेशिन सञ्चालन गर्न दिने नदिनेमा मन्त्रालयले निर्णय गन भनी लेखी पठाइएको ।	स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको २०६२/३/८ को पत्रानुसार उक्त मेशिन संचालन गर्न नमिल्ने भएकोले कतै संचालनमा रहेको भए तुरुन्त बन्द गरी नयाँ नीति अनुसारको मेशिन आपूर्ति गर्ने व्यवस्थाको लागि स्वास्थ्य सेवा विभागलाई लेखिएको व्यहोरा प्राप्त भएको ।
३८.	२०६१/४/२९	का.म.न.पा. का विभागीय प्रमुख शान्ताराम पोखरेल र देवकुमार राईको नक्कली प्रमाणपत्रको सम्वन्धमा स्थानीय निकायका कर्मचारीहरुको लाग बढुवा गर्दा हाल वहाल रहेको पदलाई आवश्यक न्यूनतम शैक्षिक योग्यता आवश्यक पर्ने वा नपर्ने भन्ने सम्वन्धमा स्पष्ट व्यवस्था गर्न र का.स.मु. सम्वन्धी नियममा व्यवस्था गर्ने भनी सुझाव पठाइएको ।	स्थानीय विकास मन्त्रालयको मिति २०६२/३/१३ को पत्रानुसार आयोगको सुझाव अनुसार संसोधित नियमावलीमा समावेश गरिएको भन्ने जानकारी प्राप्त भएको ।
३९.	२०६१/५/८	त्रिभुवन विश्व विद्यालय आयूर्वेद क्याम्पस नरदेवीका स्थायी प्रा. डा. रामवृक्ष साहुले आफ्नो क्याम्पसका साथै महेन्द्र संस्कृत विश्व विद्यालय र शिक्षक सेवा आयोगबाट समेत पारिश्रमिक लिई भ्रष्टाचार गरे भन्ने सम्वन्धमा शिक्षक सेवा आयोगका अध्यक्ष र सदस्यहरुको काम, कर्तव्यबारे आचार संहिता बनाई लागू गर्न शिक्षक सेवा आयोगमा लेखी पठाइएको ।	शिक्षक सेवा आयोगको मिति ०६२/३/१७ को निर्णयानुसार शिक्षक सेवा आयोगका पदाधिकारी एवं कर्मचारीहरुको आचार संहिता स्वीकृति गरिएको भन्ने जानकारी प्राप्त भएको ।

४०.	२०६०/१०/१	धादिङ्ग जिल्लाको थाक्रे र वैरनी गा.वि.स. को जग्गा व्यक्तिको नाममा दर्ता गरेको भन्ने उजुरीको सम्वन्धमा राजमार्गको जग्गा यकिन गरी श्री ५ को सरकार सडक विभागको नाममा दाखिल खारेज गरी पुर्जा लिने काम गर्न लेखी पठाइएको ।	भौतिक योजना तथा निर्माण मन्त्रालयको मिति २०६२/३/१९ को पत्रानुसार दाखिल खारेज गरी पुर्जा लिने काम गर्न सात सदस्यीय टोली गठन भएको जानकारी प्राप्त भएको । साथै पूर्जा लिने कार्य भएको जानकारी पनि प्राप्त भै सकेको ।

(ङ) अभिलेख राख्ने :

क्र. सं.	आयोगको निर्णय मिति	उजुरीको विषय र निर्णयको व्यहोरा	कार्यान्वयनको व्यहोरा
१.	२०६१/१/१८	वीर अस्पतालका हेल्थ असिष्टेण्ट प्रेमचन्द्र गिरीलाई नियम विपरित अस्थायी प्रमोशन गरेकोले अस्पतालका तत्कालिन निर्देशक डा. नेत्रवहादुर अमात्यको अभिलेख राख्न पठाइएको ।	स्वास्थ्य मन्त्रालयको मिति ०६१/९/१४ को पत्रानुसार तत्कालिन निर्देशक डा. नेत्रवहादुर अमात्यको अभिलेख राखिएको जानकारी प्राप्त भएको ।
२.	२०६०/२/२८	परोपकार श्री ५ इन्द्रराज्य लक्ष्मी प्रसुति गृह विकास समितिले मेडिसिन डिपो संचालन सम्बन्धी बोलपत्र स्वीकृति गर्दा भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा आयोगको निर्णबाट नै डा. बि.डी. चटौत, डा. कस्तुरी मल्ल, डा. लता बज्राचार्य, उप सचिव सदानन्द उपाध्याय, उर्मिला बैद्य, शर्मिला लिगललाई ध्यानाकर्षण गराइएको र डा. सरस्वती पाध्येको अभिलेख राख्न लेखि पठाइएको ।	स्वास्थ्य मन्त्रालयको मिति २०६१/९/१४ को पत्रानुसार डा. सरस्वती पाध्येको अभिलेख राखिएको जानकारी प्राप्त भएको ।
३.	२०५६/५/२१	शाही नेपाल वायु सेवा निगमले युगोश्लाभियाको एभियोजेनेक्स कम्पनीको विमान भाडामा लिँदा अनियमितता गरेको सम्वन्धमा तत्कालिन अध्यक्ष अजितनारायण सिंहको अभिलेख राख्न पठाइएको ।	प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको मिति २०६१/११/१८ को पत्रानुसार अध्यक्ष अजितनारायण सिंहको अभिलेख राखिएको जानकारी प्राप्त भएको ।
४.	२०६१/२/१४	नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठानको भवन निर्माणमा अनियमितता गरे भन्ने सम्बन्धमा अभिलेख राख्न लेखि पठाइएको ।	प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको मिति २०६१/११/१८ को पत्रानुसार तत्कालिन पर्यटन राज्यमन्त्री भिम रावलको अभिलेख राखिएको जानकारी प्राप्त भएको ।
५.	२०६१/५/३१	काठमाण्डौं म.न.पा. १६ को कि.नं. ६ को १-१-३-० जग्गा गैर कानूनी किसिमले रैकर तर्फ गुठी संस्थानका तत्कालिन प्रशासकले अनियमित तरीकाले कार्य गरेकोमा आगामी २ वर्ष सम्म कुनै राजनैतिक नियुक्ती नदिने भनी लेखि पठाइएको ।	प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको मिति २०६१/११/१८ को पत्रानुसार तत्कालिन प्रशासक विष्णुप्रसाद सिग्देललाई लेखिए बमोजिम गर्न अभिलेख राखिएको जानकारी प्राप्त भएको ।

६.	२०६०/२/३०	कृषि सामाग्री संस्थानबाट वि.सं. २०५७ सालमा युरिया मल खरीदको निर्णयमा संलग्न तत्कालिन महाप्रबन्धक नित्यराज कोइराला र संचालक समितिका अध्यक्ष मुक्तीनारायाण श्रेष्ठले अनियमितता गरेको सम्बन्धमा निजहरुको अभिलेख राख्न लेखी पठाइएको ।	प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको मिति २०६१/११/१८ को पत्रानुसार तत्कालिन महाप्रबन्धक नित्यराज कोइराला र संचालक समितिका अध्यक्ष मुक्तीनारायाण श्रेष्ठको अभिलेख राखिएको जानकारी प्राप्त भएको ।
७.	२०५९/१२/१३	चितवन भरतपुरस्थित वि.पि. कोइराला मेमोरियल क्यान्सर अस्पतालको भवन निर्माण तथा मालसामान खरीदमा अनियमितता भएको सम्बन्धमा तत्कालिन कार्यकारी निर्देशक डा. विदुर वस्तीको अभिलेख राख्न लेखी पठाइएको ।	प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको मिति २०६१/११/१८ को पत्रानुसार डा. विदुर वस्तीको अभिलेख राखिएको जानकारी प्राप्त भएको ।
८.	२०६२/१/१५	पांचौ राष्ट्रिय खेलकूद प्रतियोगिताको लागि २०५८ सालमा गरिएको खरीद कार्यमा अनियमितता भएको सम्बन्धमा संलग्न सदस्य सचिव विनोदशंकर पालिखेको अभिलेख राख्न लेखी पठाइएको ।	प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको मिति २०६२/१/२१ को पत्रानुसार सदस्य सचिव विनोदशंकर पालिखेको अभिलेख राखिएको जानकारी प्राप्त भएको ।
९.	२०६१/८/१४	सुकुम्वासी समस्या समाधान आयोग जिल्ला समिति चितवनका अध्यक्ष ईश्वरीप्रसाद आचार्यसहित अन्य पदाधिकारीहरुले गैरसुकुम्वासीलाई सुकुम्वासी भनी जग्गा वितरण गरे भन्ने सम्बन्धमा निज लगायत ७ जना पदाधिकारीको अभिलेख राख्न प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयमा लेखी पठाइएको ।	प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयको मिति २०६२/२/३१ को पत्रानुसार अध्यक्ष ईश्वरी आचार्य, उपाध्यक्ष भिमप्रसाद थपलिया, सदस्यहरु रघुनाथ अधिकारी, केशवनारायण श्रेष्ठ, सिताराम भट्ट, लक्ष्मिप्रसाद पौडेल र हरीप्रसाद पौडेलको अभिलेख राखिएको जानकारी प्राप्त भएको ।
१०.	२०६२/१/२६	पश्चिमाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालय पोखराका भेक्टर कन्ट्रोल सुपरीटेण्डेण्ट अधिकृत (भे.क.सु.अ.) श्यामबहादुर कोइरालाले निजामती किताबखानाको अभिलेख सच्याई दोहोरो पेन्सन र तलव सुविधा लिए भन्नेमा डा. विश्वमोहन भट्टराईको अभिलेख राख्न लेखी पठाइएको ।	स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको २०६२/३/३० को पत्रबाट डा. विश्वमोहन भट्टराईको अभिलेख राखिएको जानकारी प्राप्त भएको ।

परिच्छेद - १२
कार्यान्वयन हुन बाँकी विभागीय वा अन्य कारवाहीहरुको विवरण
(आ.व. २०६०/६१ सम्मको)

आयोगको स्थापना कालदेखि भ्रष्टाचार तथा अनुचित कार्यको छानविन तथा अनुसन्धानका क्रममा विभागीय कारवाही लगायत अन्य कारवाही गर्ने गरी भएका निर्णयहरु कार्यान्वयनका लागि विभिन्न सरकारी मन्त्रालय, विभाग र अन्तरगत कार्यालयहरुलाई लेखिएकोमा केही निर्णयहरुको कार्यान्वयन अहिलेसम्म पनि हुन सकिरहेको देखिदैन । आ.व. २०६०/६१ सम्ममा कार्यान्वयन हुन बांकी रहेका आयोगका निर्णयहरुको विवरण निम्न अनुसार रहेकोछ :

(क) अर्थ मन्त्रालय अन्तर्गत

१. सेभ द चिल्ड्रेन, यु.एस.ए.मा कार्यरत विदेशी कर्मचारीहरुले आयकर तिरेनन् भन्ने सम्बन्धमा आयोगको मिति २०५५।११।६ को निर्णयले अर्थ मन्त्रालयलाई आवश्यक कारवाही गर्न लेखि पठाएकोमा उक्त आयकर असुली सम्बन्धमा हाल सम्म प्रकृयामा नै रहेको भनी आयोगको निर्देशनानुसारको कार्य सम्पन्न भएको जानकारी प्राप्त नभएको ।

२. नेपाल लिभर लिमिटेड र फुन्सोलिङ ह्याण्डीक्राफ्ट इन्डष्ट्रिजले राजस्व छलेको भन्ने सम्बन्धमा परेको उजुरी आवश्यक कारवाहीको लागि आयोगको मिति २०५५।६।६ को निर्णयले राजस्व अनुसन्धान विभागमा लेखिपठाएकोमा कारवाहीको अन्तिम टुंगो लागेको जानकारी प्राप्त नभएको ।

३. वातावरणीय हिसावले खतरापूर्ण मानिएको क्लोरोफ्लोरो कार्बन (सी.एफ्.सी.) ग्यासको आयात भएको विषयमा जनसंख्या तथा वातावरण मन्त्रालयबाट नेपाल राष्ट्र बैंकलाई त्यस्ता पदार्थ आयात गर्नको लागि प्रतितपत्र खोल्नुअघि मन्त्रालयको पूर्व अनुमतिका लागि मिति २०५७।७।१७ को पत्रबाट अनुरोध गरिएकोमा नेपाल राष्ट्र बैंकबाट सबै वाणिज्य बैंकहरुलाई मिति २०५७।७।२५ मा आवश्यक व्यवस्था मिलाउन लेखिएतापनि विभिन्न वाणिज्य बैंकहरुले आयात इजाजत पत्र प्राप्त नगरेका पक्षहरुलाई सो मिति पछि मन्त्रालयको पूर्व अनुमति बिना प्रतित पत्र खोलि दिएको र नेपाल राष्ट्र बैंकले पनि यस सम्बन्धमा अनुगमन गर्न नसकेको विषयमा सम्बन्धित वाणिज्य बैंकका पदाधिकारीहरु तथा नेपाल राष्ट्र बैंकका तर्फवाट आवश्यक अनुगमन गर्न तोकिएका कर्मचारीहरु यकिन गरी निजहरुलाई नेपाल राष्ट्र बैंक ऐन, २०५८ एवं नेपाल राष्ट्र बैंक, कर्मचारी नियमावली, २०४९ बमोजिम ३ महिना भित्र कारवाई गर्न आयोगको मिति २०६०।३।२७ को निर्णयानुसार नेपाल राष्ट्र बैंकका गभर्नरलाई लेखि पठाइएकोमा तदनुरुपको कारवाही भएको जानकारी प्राप्त नभएको । यसका साथै वातावरण संरक्षण सम्बन्धमा नेपालले अन्तर्राष्ट्रिय स्तरमा गरेको प्रतिवद्धतामा आँच आउने गरी मुनाफालाई मात्र लक्ष बनाई अन्तर्राष्ट्रिय क्षेत्रमा नेपालकै दुर्नाम हुने गरी मिति २०५७।६।९ पश्चात् प्रतित पत्र खोली यस्तो ग्यास आयात गर्ने सम्पूर्ण आयातकर्ताहरुलाई वातावरण संरक्षण ऐन, २०५३ बमोजिम ३ महिना भित्र कारवाही गर्न माननीय जनसंख्या तथा वातावरण मन्त्रीलाई लेखी पठाइएकोमा तदनुरुपको कारवाहीको जानकारी प्राप्त नभएको ।

४. राष्ट्रिय वाणिज्य बैंक, मुख्य कार्यालयका व्यवस्थापक एवं कर्मचारीहरुले विदेशी कम्पनीको मिलेमतोमा प्रतीत पत्रको भुक्तानी गरी नोक्सानी पुऱ्याएको भन्ने सम्बन्धमा आयोगको मिति २०५५।११।४ को

निर्णय अनुसार राष्ट्रिय वाणिज्य बैंकका एकाउन्टेण्ट लक्ष्मणकृष्ण ताम्राकार तथा एल.सी. इञ्चार्ज कृष्णबहादुर पन्त उपर विभागीय कारबाही गर्न राष्ट्रिय वाणिज्य बैंकमा लेखी पठाएकोमा निजहरुलाई सफाई दिने गरी राष्ट्रिय वाणिज्य बैंकबाट निर्णय भएको जानकारी प्राप्त भएको तर आयोगको पूर्व निर्णयानुसार नै निज कर्मचारीहरु उपर विभागीय कारवाही गरी जानकारी गराउन पुनः लेखि पठाइएकोमा सो को जानकारी प्राप्त नभएको ।

५. राष्ट्रिय वाणिज्य बैंक, मुख्य शाखा कार्यालयका कर्मचारीहरुले केन्द्रीय कार्यालयको स्वीकृति बिना नेपाल उड स्टक कम्पनी प्रा.लि. का सञ्चालक खेमचन्द्र चौडरीयालाई ऋण प्रवाहमा धितोको बढी मूल्यांकन गरी भ्रष्टाचार गरे भन्ने सम्बन्धमा आयोगको निर्णयानुसार राष्ट्रिय वाणिज्य बैंक, शाखा कार्यालय काठमाडौंका तत्कालीन प्रवन्धक बुद्धिसागर उपाध्याय, एल.सी. शाखा इन्चार्ज प्रकाशचन्द्र श्रेष्ठ तथा एल.सी. इन्चार्ज सुरेन्द्रराज राजभण्डारी उपर विभागीय कारबाही गर्न राष्ट्रिय वाणिज्य बैंक, केन्द्रीय कार्यालयमा लेखी पठाइएकोमा राष्ट्रिय वाणिज्य बैंक, केन्द्रीय कार्यालयले मिति २०५६।११।१६ मा तत्कालीन प्रवन्धक बुद्धिसागर उपाध्याय अनिवार्य अबकास भई सकेको, तत्कालीन एल.सी. इन्चार्ज प्रकाशचन्द्र श्रेष्ठ लामो समयदेखि अनुपस्थित रहेको र अनुपस्थित मिति देखि लागू हुने गरी राजिनामा समेत दिई सकेको तथा अर्का तत्कालीन एल.सी. इन्चार्ज सुरेन्द्रराज राजभण्डारी उपर अर्कै उजूरीको सम्बन्धमा भ्रष्टाचारमा मुद्दा परी स्वतः निलम्वनमा रहेको भनी आयोगको पूर्व निर्णयानुसारको विभागीय कारबाही भएको जानकारी प्राप्त नभएको ।

६. मिति २०५६।५।५ को राती १०.३० बजे दिल्ली-काठमाडौं आर.ए. नं. २१८ को उडानबाट आएकी उषा सुव्वाले ६ सय २० तोला सुन त्रिभुवन विमानस्थल भन्सार कार्यालयमा तत्काल कार्यरत प्रमुख भन्सार अधिकृत कृष्णप्रसाद अधिकारी समेतसंग मिलेमतो गरी चोरी पैठारी गरेको भन्ने सम्बन्धमा ना.सु. नरेन्द्र बस्नेत, ना.सु (प्रा.) गोविन्दनाथ मिश्र, खरीदार मोहनकुमार पोखरेल, खरीदार अशोक सत्याल समेतलाई विभागीय कारबाही गर्न अर्थ मन्त्रालयमा लेखी पठाएकोमा आयोगको निर्देशन विपरीत निज कर्मचारीहरुलाई सचेत गराइएको जानकारी प्राप्त भएको हुंदा विभागीय कारवाही नै गर्नु पर्ने भनी आयोगबाट पुनः लेखि पठाइएकोमा सो को जानकारी प्राप्त नभएको ।

७. श्री ५ को सरकारको नीति अनुसार ट्याक्सी क्याबहरु भिकाउंदा ५० प्रतिशत भन्सार छुट दिई भिकाइएका ट्याक्सीहरुले नियमानुसार लाग्ने आयकर नतिरी भ्रष्टाचार गरे भन्ने सम्बन्धमा आयोगमा परेको उजुरीमा आयोगको मिति २०५९।३।२७ को निर्णयले आन्तरिक राजस्व विभागका महानिर्देशकले ३ महिना भित्र राजस्व आयकर असुली गराउने भनी निर्देशन भएकोमा उक्त निर्देशन प्रकृयामा नै रहेको भनी निर्देशन कार्यान्वयन नभएको ।

८. राष्ट्रिय बाणिज्य बैंक, शाखा कार्यालय, नेपालगंजबाट वी.डी. ट्रेडर्स तथा नेपाल ट्रेडिङ सेन्टरका नाममा कम मूल्यांकनको धितो सुरक्षण गरी अनियमित कर्जा प्रवाह भएको सम्बन्धमा र नेपाल बैंक लिमिटेड, धम्बोजी शाखा, बाँकेबाट वी.डी. ट्रेडर्सका नाममा कर्जा प्रवाह गर्दा भएको अनियमिताका सम्बन्धमा उक्त अनुचित कार्यमा संलग्न उल्लिखित दुवै बैंकका कर्मचारीहरु उपर कारवाही गरी ऋण असूलीको जानकारी गराउन आयोगको मिति २०६०।१०।२७ को निर्णयानुसार लेखी पठाइएकोमा कारवाहीको जानकारी प्राप्त नभएको ।

९. जनकपुर नगरपालिकाका तत्कालीन प्रमुख बजरंगप्रसाद साह समेतले नगरपालिकाको चुंगी तथा सवारी कर उठाउने समेतका विभिन्न कर ठेक्का दिने र ठेक्का रकम उठाउने विषयमा समेत बदनियतपूर्वक गरेको काम कारवाहीका सम्बन्धमा पंकज हार्डवेयर स्टोर्सका प्रो.रामचन्द्र महतोबाट

प्रचलित कानून बमोजिम लाग्ने भन्सार रकम असूल उपर र कारवाही गर्न आयोगको मिति २०६१।२।४ को निर्णयानुसार भन्सार विभागमा लेखी पठाईएकोमा निजका सम्बन्धमा श्री राजस्व न्यायाधिकरण, काठमाण्डौंमा पुनरावेदन परी कारवाहीको प्रकृयामा रहेको भनी जानकारी आएको तर आयोगको निर्णयानुसार असूल उपर भएको जानकारी प्राप्त नभएको ।

(ख) उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गत

१. बांसवारी छाला जुत्ता कारखाना लि.को हाता भित्रको जग्गा संचालक समितिको निर्णयले प्रचलित दरभन्दा कम मूल्यमा च्याम्पियन फूट वेयरलाई बिक्री गरी अनियमित कार्य गरेको भन्ने सम्बन्धमा यस आयोगको मिति २०४९।११।५ को निर्णयानुसार तत्कालीन संचालक समितिका पदाधिकारीहरुलाई सतर्कता अपनाउन मन्त्रिपरिषद् सचिवालयलाई लेखीएकोमा हालसम्म पनि सो को जानकारी प्राप्त नभएको ।

२. उदयपुर सिमेन्ट उद्योगको लागि Pot Transmitter, single bar-graph indicator र Moving coil indicator मिति २०५४।४।२२ को बीलबाट खरीद गरी रु. ८१,३४०।- र Switching power supply, PCB Handfree master र Dynamic selfcheck amp. मिति २०५४।९।१६ को बीलबाट खरीद गरी रु. १,०४,८६८।- लालिमा ट्रेड इम्पेक्स ललितपुरलाई भुक्तानी दिइएको तथा RI Converter र Photo cell मिति २०५५।१२।२७ को बीलबाट खरीद गरी रु. ४३,२१८।- अशोक श्री ट्रेड कन्सर्न, सप्तरीलाई भुक्तानी दिइएको सम्बन्धमा सामान नयाँ हो भन्न सकिने विश्वसनीय आधार नदेखिंदा नदेखिंदै उक्त सामानको गुणस्तर प्रमाणित गर्ने इन्जिनियर महेश साह र सामान साथ प्राप्त बीलहरु सामान्यरुपमा हेर्दा नै शंकास्पद देखिएको कुरालाई वेवास्ता गर्दै उक्त बील प्रमाणित गर्ने वरिष्ठ अधिकृत ध्रुवबहादुर देवकोटाले अनुचित कार्य गरेको देखिन आएको हुंदा निजहरुबाट प्रमाणित भई दाखिला हुन आएको भनिएका सामानहरुको परल मूल्य रु. २,२९,४२६।- दुवै जनाबाट असूलउपर गरी उद्योगलाई शोध भर्ना गर्न उदयपुर सिमेन्ट उद्योग लिमिटेडमा लेखि पठाइएकोमा असुल उपर भएको जानकारी प्राप्त नभएको ।

३. नेशनल ट्रेडिङ लिमिटेडका अध्यक्ष कृष्णचन्द्र झाले श्री ५ को सरकारले तोकेको भन्दा वढी सुविधा लिनु खानु गरी भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा आयोगबाट मिति २०५९।३।२६ मा निर्णय हुंदा तोकिएको हदभन्दा बढी भुक्तानी लिएको रकम निज झाबाट असूल उपर गराई आयोगलाई जानकारी दिन उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयमा लेखीएकोमा रकम असुल उपर भएको जानकारी प्राप्त नभएको ।

४. शाही औषधि लिमिटेडमा विभिन्न किसिमका अनियमितताहरु भएको भन्ने उजूरी उपर अनुसन्धान हुँदा सहायक पाँचौ तहका कर्मचारी रमेश वहादुर श्रेष्ठ अनुपस्थित रहेको अवधिलाई तत्कालिन महाप्रवन्धक राजेन्द्र वहादुर तुलाधर समेतले हाजीर मिलाई भुक्तानी दिएको तलव भत्ता रु. १८,८१८।८० तीन महीना भित्र भरी भराउ गर्न तथा वरिष्ठ अधिकृत दिपक प्रसाद ढुंगेललाई सचेत गराउन कम्पनीको संचालक समितिका अध्यक्षलाई आयोगको मिति २०६०।६।७ को निर्णयानुसार लेखी पठाइएकोमा सो को जानकारी प्राप्त नभएको ।

५. बुटवल धागो कारखाना लिमिटेडमा आर्थिक अनियमितता भएको सम्बन्धमा बढी सुविधा लिने संस्थानका तत्कालिन अध्यक्ष र सदस्यहरुबाट बढी लिए जति रकमहरु असूल उपर गर्ने भनी

आयोगबाट मिति २०६०।७।४ र मिति २०६०।७।१८ मा भएको निर्णय कार्यान्वयन गर्न लेखि पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

६. उदयपुर सिमेन्ट उद्योग संचालक समितिको मिति २०५८।१०।२१ को ३५१ औं बैठकबाट विभिन्न अन्य संस्थानबाट उक्त उद्योगमा सरुवा भई आएका कोमलनाथ शर्मा, लक्ष्मणप्रसाद आचार्य र विपिनकुमार उपाध्यायको जीवन बीमा सम्बन्धमा राष्ट्रिय बीमा संस्थान र निजहरु साविकमा कार्यरत रहेको संस्थानबाट निजहरुले सावधिक जीवन बीमा बापत समर्पण मूल्य प्राप्त गरे, नगरेको सम्बन्धमा विवरण प्राप्त गरी निजहरुले उद्योगमा सरुवा हुनुपूर्व कार्यरत संस्थानबाट समर्पण मूल्य प्राप्त गरी सकेका भए हिसाब गरी बढी देखिन आएमा बढी देखिए जति रकम ३ महिनाभित्र सरकारी बाँकी सरह असूलउपर गरी यस आयोगमा जानकारी गराउनका लागि उक्त उद्योगमा आयोगको मिति २०६१।२।२१ को निर्णयानुसार लेखी पठाइएको निर्णय कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

(ग) कृषि तथा सहकारी मन्त्रालय अन्तर्गत

१. सह-लेखापाल निलाबहादुर रायमाझीले मस्यौट गरेको रकम रु. २,०६,०७१।३६ आन्तरिक लेखा परीक्षण बेरुजु भई क-१-६ बेरुजु खातामा जम्मा गरी सकेको भएपनि उक्त विवाद आर्थिक वर्ष २०५२।५३ को देखिंदा उक्त रकम मस्यौट गरेको दिन देखिको दशौंदका हिसावले सूद समेत असूल गराई निजलाई विभागीय कारबाही गरी सोको जानकारी आयोगमा गराउन अख्तियारवाला कहां लेखीएकोमा हालसम्म पनि कुनै जानकारी प्राप्त हुन नआएको ।

२. कृषि सामाग्री संस्थान, अमलेखगञ्जको गोदामबाट विषादी औषधी हटाउने भनी आयोगबाट मिति २०५५।३।५ मा श्री ५ को सरकारलाई भएको निर्देशन कार्यान्वयन प्रकृयामा समस्या रहेकोले हटाउने कार्य तत्काल संभव नभएको भनी लेखि आएकोले आयोगको उक्त निर्देशन कार्यान्वयन हुन नसकेको ।

३. कृषि अनुसन्धान परिषद्का कार्यकारी निर्देशक ध्रुव जोशीले आर्थिक अनियमितता गरेको भन्ने सम्बन्धमा अस्थायी कर्मचारीलाई नियम विपरीत ग्रेड बृद्धि दिएको रकम असूल उपर गर्न आयोगबाट मिति २०६०।४।१३ मा निर्णय भई अध्यक्ष, संचालक समिति, कृषि अनुसन्धान परिषद्लाई दिएको निर्देशन कार्यान्वयन भै सकेको भन्ने जानकारी प्राप्त नभएको ।

(घ) कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय अन्तर्गत

१. चलचित्र विकास बोर्डको सदस्य सचिवमा नियुक्त भएपछि मणिराम ओझाले चलचित्र घरहरुको भौतिक पूर्वाधार पुगे-नपुगेको जाँच नगराई नवीकरण गरिदिएको सम्बन्धमा आयोगको मिति २०५९।१२।४ को निर्णयानुसार बिभागीय कारवाही गर्न निज हाल कार्यरत रहेको मंत्रालयमा लेखी गएकोमा कारवाहीको जानकारी प्राप्त नभएको ।

२. जनकपुर नगरपालिकाका तत्कालीन प्रमुख बजरंगप्रसाद साह समेतले नगरपालिकाको चुंगी तथा सवारी कर उठाउने समेतका विभिन्न कर ठेक्का दिने र ठेक्का रकम उठाउने विषयमा धनुषा जिल्ला अदालतका तत्कालीन तहसिलदार नरनारायण पौडेलले आफ्नो जिम्मेवारी पूरा गरेको नदेखिएकोले उचित छानवीन, कारवाही र सजाय गर्न आयोगको मिति २०६१।२।४ को निर्णयानुसार लेखी पठाइएकोमा कारवाही भएको जानकारी प्राप्त नभएको ।

(ङ) गृह मन्त्रालय अन्तर्गत

१. गैरनेपाली नागरिक राजकुमार गुप्तालाई वंशजको नागरिकता दिई गैरकानूनी कार्य गरेको भन्ने सम्बन्धमा आयोगको मिति २०५३।३।५ को निर्णयानुसार जिल्ला प्रशासन कार्यालय, चितवनका तत्कालीन प्रमुख जिल्ला अधिकारी मदनप्रसाद अर्याललाई विभागीय कारवाही गर्न लेखि गएकोमा हाल उक्त निर्णय श्री सर्वोच्च अदालतमा विचाराधिन रहेको जानकारी प्राप्त भएको ।

२. ट्रली बसको १००० के.जी. तामाको तार महाप्रबन्धक राजेन्द्रप्रसाद चौधरी लगायत अन्य कर्मचारीको मिलेमतोमा बिकी बितरण गरी भ्रष्टाचार भयो भन्ने सम्बन्धमा परेको उजुरीमा सम्बन्धित विषयको अनुसन्धान छानवीनको कार्य उपत्यका अपराध अनुसन्धान शाखा हनुमानढोकाबाट कारवाही भैरहेको भन्ने हुंदा उक्त कार्य सम्पन्न गर्न आयोगबाट मिति २०६०।४।२ को निर्णयले उक्त कार्यालयलाई निर्देशन दिएकोमा निर्देशन अनुसारको कार्य सम्पन्न भएको जानकारी प्राप्त नभएको ।

(च) जलस्रोत मन्त्रालय अन्तर्गत

१. पशुपति गुठी सम्बन्धी जग्गा अमालकोट कचहरीले गर्दै आएकोमा गुठी संस्थान ऐन, २०३३ र पशुपति विकास कोष ऐन, २०४४ लागू भै सके पछि सो ऐन अनुसार हुनुपर्ने काम नभई अनियमितता भएको भन्ने सम्बन्धमा आयोगबाट मिति २०५३।१२।२६ मा नियम विपरीत हाइटेन्सन मुनी बनाएको घरका सम्बन्धमा कानून बमोजिम गर्ने भनी नेपाल विद्युत प्राधिकरणलाई सुझाव दिइएकोमा सो अनुसार कार्यान्वयन भएको जानकारी प्राप्त नभएको ।

(छ) भूमिसुधार तथा व्यवस्था मन्त्रालय अन्तर्गत

१. जगन्नाथ गुठीको जग्गा दर्ता सम्बन्धमा श्री सर्वोच्च अदालतको निर्णय विपरीत गुठी संस्थानले फैसला कार्यान्वयन गर्दा धांधली गरी भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा आयोगबाट मिति २०५०।१०।२९ मा भएको निर्णयानुसार उक्त अनुचित कार्यमा संलग्न मालपोत कार्यालय, काठमाडौंका तत्कालिन मालपोत अधिकृत शान्तबहादुर श्रेष्ठ लगायत अन्य कर्मचारीहरु उपर विभागीय कारबाही गर्न भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा लेखी गएकोमा सो अनुसारको कारवाही भएको जानकारी प्राप्त नभएको ।

२. पशुपति गुठी सम्बन्धी जग्गा अमालकोट कचहरीले गर्दै आएकोमा गुठी संस्थान ऐन, २०३३ र पशुपति विकास कोष ऐन, २०४४ लागू भै सके पछि सो ऐन अनुसार हुनुपर्ने काम नभई अनियमितता भएको भन्ने सम्बन्धमा आयोगबाट मिति २०५३।१२।२६ मा भूमिसुधार तथा व्यवस्था मन्त्रालयलाई अनियमित तरीकाले दर्ता गराएको जग्गाहरु साविक श्रेस्ता अभिलेख हेरी कानून बमोजिम गर्न सुझाव दिएकोमा उक्त सुझाव कार्यान्वयन भएको जानकारी प्राप्त नभएको ।

३. सुकुम्बासी समस्या समाधान जिल्ला समिति सिन्धुलीका अध्यक्ष समेतले अनियमितता गरेको विषयमा आयोगको मिति २०५४।२।७ को निर्णयानुसार अनुचित तवरले दर्ता गरेको जग्गा पुनरावलोकन गरी हिनामिना भएको रकम सम्बन्धितहरुबाट असूल उपर गर्न भूमिसुधार तथा व्यवस्था मन्त्रालयलाई लेखि पठाइएकोमा आयोगको निर्देशित सुझाव अनुसारका सबै कार्य कार्यान्वयन भएको जानकारी प्राप्त नभएको ।

४. छिमानन्द प्रा.लि. हसुलिया, कैलालीको जग्गा मालपोत कार्यालय समेतको मिलेमतोमा व्यक्तिको नाममा दर्ता गराएको भन्ने सम्बन्धमा आयोगको मिति २०५८।११।१० को निर्णयले आवश्यक छानवीन

र सम्बन्धित कर्मचारीहरुलाई विभागीय कारवाही गर्न भूमिसुधार तथा व्यवस्था मन्त्रालयलाई निर्देशन भै लेखि गएकोमा कारवाहीको जानकारी प्राप्त नभएको ।

५. काठमाण्डौ म.न.पा.वडा नं ७ चाबहिलमा पर्ने सडक बाटोको जग्गा सोही ठाउँ बस्ने मानकुमारी श्रेष्ठले दुई आना जग्गा खरीद गरी ३ नं नापी टोलीका अमिन समेतलाई मिलाई सडक समेत घुसाई दर्ता नापनक्सा कायम गराई घर निर्माण गरी बसेको भन्ने विषयको उजूरी उपर अनुसन्धान हुँदा कि.नं ६४ मा घर भएको र सो घरले दक्षिणतर्फ सार्वजनिक बाटोको भाग मिचेको, कि.नं. ६५ बदर भै हाल कायम हुन आएको कि.नं. ३५८ मा घरको जगले सार्वजनिक बाटो मिचेको र कि.नं. ६६ को जमीन हाल खाली रहेको देखिएकोमा हाल र साविकको नाप नक्सा एवं प्रमाण समेत हेरी भिडाई कानूनको रीत पुऱ्याई मिचिएको सार्वजनिक बाटोको जग्गा सार्वजनिक बाटोमा नै कायम गरी ३ (तीन) महिनाभित्र यस आयोगलाई जानकारी गराउनको लागि भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा आयोगको मिति २०६०।६।७ को निर्णयानुसार लेखी पठाइएकोमा आयोगको निर्देशानुसारको कार्य कार्यान्वयन भएको जानकारी प्राप्त नभएको ।

६. ललितपुर जिल्ला टिकाथली गा.वि.स. वडा नं. ९ कि.नं. २७८, ३४१ र २७१ का जग्गाहरु श्रेस्ता संशोधन गरी पूर्जा दिएपछि विभिन्न व्यक्तिका नाममा लिखत पारित भई गएकोमा स्वामित्वमा नै असर परेकोले पुनः साविक बमोजिम नै कायम गर्ने गरी मालपोत अधिकृत बुद्धिराज घिमिरेले गरेको निर्णय उपर आवश्यक कारवाही गर्न सोही कार्यालयका प्रमुख मालपोत अधिकृतले विशेष प्रहरी विभागमा पठाएको पत्रानुसार अनुसन्धान गर्दा नाप नक्सा भई दर्ता गर्नसम्म छुट भएको जग्गाको दर्ता तोकिएको समितिको सिफारिशमा मालपोत कार्यालयले गर्न सक्ने व्यवस्था भएकोले त्यसरी दर्ता नै नभएको जग्गाको प्रतिलिपि दिन र तिनपुस्ते कायम गर्न नमिल्ने तर्फ समेत ध्यान पुऱ्याएको नदेखिदा उक्त कार्यमा संलग्न मालपोत अधिकृत वुद्धिराज घिमिरेलाई अव आइन्दा विचार पुऱ्याई काम गर्न सचेत गराउन र श्रेस्तामा दर्ता वाँकी नामसारी वाँकी जनिएको व्यहोरा तर्फ ध्यान नदिई मालपोत अधिकृतले गरेको तोक आदेशको आधारमा मात्र तिनपुस्ते कायम गर्ने र पाध्यालाई रिमाल वनाई संशोधन गर्ने कार्यमा संलग्न खरिदार लोक प्रसाद वास्कोटा, कित्ता नं. २७१ को जग्गा दर्ता वाँकी नामसारी वाँकी जनिएको तर्फ ध्यान नदिई उक्त जग्गा विक्री गर्न ल्याउदा मोठ भिडाउने, मालपोत अधिकृतले गरेको उक्त तोक आदेश अनुसार पुर्जाको नक्कल दिने कार्यमा संलग्न मुखिया दिलकुमारी न्यौपाने र नामसारी वाँकी दर्ता वाँकी जनिएको जग्गा विक्री भई कायम हुन आएको जग्गाहरु विक्री गर्न ल्याउदा समेत मोठ भिडाउने कार्यमा संलग्न खरिदार जयहरी चालिसे समेत जना ३ ले आफ्नो ओहदा सम्वन्धी काम गर्दा विचार पुऱ्याई काम गरेको नदेखिदा निजहरुलाई पनि अव आइन्दा विचार पुऱ्याई काम गर्न सचेत गराउन भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा आयोगको मिति २०६०।९।२१ को निर्णयानुसार लेखी पठाइएकोमा जानकारी प्राप्त नभएको ।

७. विघटित सुकुम्बासी समस्या समाधान आयोग जिल्ला समिति झापाका अमिन खडानन्द साहले आफ्नी श्रीमतीका नाममा गैरकानूनी किसिमले जग्गा प्राप्त गरेको सम्बन्धमा आयोगको मिति २०६०।९।२१ को निर्णयले जग्गा प्राप्त कर्ता श्रीमती निर्मला देवीका नाममा दर्ता भएका विभिन्न जग्गाको दर्ता बदर गरी श्री ५ को सरकारको नाममा श्रेस्ता कायम गर्ने भनी भूमिसुधार तथा व्यवस्था मन्त्रालयलाई भएको निर्देशन कार्यान्वयन भएको जानकारी प्राप्त नभएको ।

८. मालपोत कार्यालय, नुवाकोट र भूमिसुधार कार्यालय, नुवाकोटमा कार्यरत कर्मचारीहरुले सनकमानसिं डंगोलले पहिले नै दर्ता भै प्रमाण पूर्जा पाएका विभिन्न स्थानमा रहेको, सार्वजनिक पर्ती वनदेवी गुठी समेतका जग्गाहरु आफ्नो र आफ्ना परिवारका सदस्यहरुको नाममा दर्ता गरी गलत र अनियमितता

गरे भन्ने सम्वन्धमा अनुसन्धान हुँदा अदालतवाट भएको फैसलापछि पनि मालपोत कार्यालय नुवाकोटवाट एक पटक टुंगो लागिसकेको विषयमा निज सनकमान सिंहको निवेदनमा चार किल्ला कायम गर्न निर्णय गरी नापीमा पठाई स्थलगत नक्सा जाँच गराउने कार्य पुनः थालनी गरेको देखिंदा पुनः कारवाही शुरु गर्न लागेको देखिनाले सो सम्वन्धमा सम्वन्धित कर्मचारीलाई सचेत गराउन भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा आयोगको मिति २०६०।१०।२७ को निर्णयानुसार लेखी पठाइएकोमा सचेत गराएको जानकारी प्राप्त नभएको ।

९. साविक विष्णु गा.वि.स. वडा नं. ४ कि.नं.२८ को निजी गुठी जग्गा सट्टापट्टा गर्दा बाटो नदेखाई लिखत पारित गरेको सम्बन्धमा आयोगको मिति २०६०।१०।२८ को निर्णयले नपुग राजस्व प्रत्येक व्यक्तिबाट असूल उपर गर्न, सबै नगरोन्मुख गा.वि.स.हरुको नक्शालाई फिल्ड अनुसारको घरबाटो नक्शामा अद्यावधिक गर्न र जग्गाको मूल्यांकन गर्दा स्थलगत निरीक्षण गरी बाटो भए नभएको निर्णयको व्यहोरा पुस्तिकामा खोली निर्णय गर्ने परिपाटी बसाल्न भूमिसुधार तथा व्यवस्था मन्त्रालयलाई भएको निर्देशन कार्यान्वयन भएको जानकारी प्राप्त नभएको ।

१०. साविक १७६।१६६ को लगतमा लेखिएको गुठी जग्गा र लुमडी भद्रकाली माई पिशाच चतुर्दशी गुठीको जग्गा साविक लगत बमोजिम पुरै दर्ता हुन नसकेको भन्ने सम्बन्धमा सो गुठीको साविक लगत अनुसारको जग्गा गुठीका नाउमा दर्ता गरि ४ महिनाभित्र यस आयोगमा जानकारी दिन आयोगको मिति २०६०।११।१ को निर्णयानुसार लेखि पठाइएकोमा सम्पूर्ण जग्गाहरुको लगत अद्यावधिक भएको जानकारी प्राप्त नभएको ।

११. कडेंलचोक भगवती गुठीको जग्गाको फायल गायब गरी भ्रष्टाचार गरे भन्ने विषयमा आयोगबाट मिति २०६१।२।१३ मा निर्णय भई ३ महिना भित्र लगत अद्यावधिक गराई आयोगलाई जानकारी दिने भनी गुठी संस्थानलाई भएको निर्देशन अनुसारको सम्पूर्ण कार्य सम्पन्न भएको जानकारी प्राप्त नभएको ।

(ज) भौतिक योजना तथा निर्माण मन्त्रालय अन्तर्गत

१. रसुवा स्थित हेलिप्याड निर्माण गराउंदा अनियमित कार्य गरेको सम्बन्धमा आयोगको मिति २०४९।९।१६ को निर्णयानुसार अ.ई. किरणकुमार चित्रकार र ओ.सि. राजकुमार श्रेष्ठलाई विभागीय कारवाई गर्न लेखी पठाएकोमा कारबाही गरेको जानकारी प्राप्त नभएको ।

२. इलाम बजार क्षेत्रमा नेपाल दूर संचार संस्थानले पिच सडक खनी केबुल विछाएको ठाउंमा डिभिजन सडक कार्यालय, इलामबाट लागत अनुमान अनुसार मर्मत सम्भार कार्य नभएको भन्ने सम्बन्धमा डिभिजन सडक कार्यालय, इलामका डि.इ. गोपालप्रसाद सिंहलाई सचेत गराउन भौतिक योजना तथा निर्माण मन्त्रालयलाई लेखीएकोमा हालसम्म पनि कुनै जानकारी प्राप्त हुन नआएको ।

३. पर्सा जिल्ला पोखरीया नगर विकास समितिमा जग्गा खरीदमा भएको अनियमितताका सम्बन्धमा आयोगबाट मिति २०५८।४।१ मा ठोस निर्णय गरी विवाद टुंग्याउने भनी भौतिक योजना तथा निर्माण मन्त्रालयलाई दिइएको निर्देशन कार्यान्वयन भएको जानकारी प्राप्त नभएको ।

४. निजामती कर्मचारीको सेवा समूह परिवर्तन गर्दा प्रचलित कानून बमोजिमको प्रकृया पूरा नगरी सेवा समूह परिवर्तन गरेको भन्ने सम्बन्धमा तत्कालीन सचिव हिरण्यलाल रेग्मीको हकमा निजले सेवाबाट अवकास पाइसकेको हुंदा मन्त्रिपरिषद् सचिवालयमा अभिलेख राख्न लेखिएको र अन्य अधिकृतहरु आत्माराम रिजाल, चेतनारायण यादव, शम्भुप्रसाद कोइराला र भूपालबहादुर पाण्डेको हकमा लोकसेवा

आयोगबाट आवश्यक कारबाही गर्न आयोगको मिति २०५८।११।१७ को निर्णयबाट लेखी गएकोमा निर्णय कार्यान्वयनको अन्तिम जानकारी प्राप्त नभएको ।

५. डोल्पा जिल्लाको ईला हेल्थपोष्ट निर्माणमा अनियमितता भएको भन्ने विषयमा उक्त निर्माणको सुपरीवेक्षण परामर्शदाता श्री मल्टी डिसिप्लीनरी कन्सल्टान्टस (प्रा.) लि. र निर्माण व्यवसायी सिद्धवावा निर्माण सेवाले आफूलाई तोकिएको ठेक्का सम्झौता अनुसारको जिम्मेवारी ठीकसंग पूरा नगरेकामा प्रचलित ऐन, नियम अनुसार कारवाही गर्न भौतिक योजना तथा निर्माण मन्त्रालयलाई लेखी स्वास्थ्य मन्त्रालयलाई समेत आयोगको मिति २०६१।१।३ को निर्णयानुसार जानकारी दिइएकोमा कारवाहीको जानकारी प्राप्त नभएको ।

(झ) वन तथा भू-संरक्षण मन्त्रालय अन्तर्गत

१. अर्घाखाँची जिल्लाको ठाडा र सिमलपानी गा.वि.स.का सरकारी वन क्षेत्रका विभिन्न ४२ कित्ता जग्गा व्यक्ति विशेषका नाममा नापी दर्ता गरेको सम्बन्धमा तत्कालिन जिल्ला वन कार्यालयका कर्मचारीहरु र फिल्डमा खटिएका प्रतिनिधिहरु उपर आवश्यक कारवाही गर्न र प्रत्येक जिल्ला/केन्द्रमा सरकारी वनको सीमाना कायम गरेको अभिलेख राख्ने भनी आयोगवाट दिइएको निर्देशन कार्यान्वयन नभएको सम्बन्धमा सो अनुरुपको अभिलेख ३ महिना भित्र लिपीबद्ध गरी गराई आयोगलाई जानकारी गराउन वन तथा भू संरक्षण मन्त्रालयका सचिवलाई मिति २०६१।१।१० को निर्णयानुसार पुनः लेखी पठाइएकोमा निर्णय कार्यान्वयन भएको जानकारी प्राप्त नभएको ।

२. वन तथा भू-संरक्षण मन्त्रालयका रेञ्जरहरुको वेतलवी अध्ययन विदालाई तलवी अध्ययन विदामा परिणत गरी अनियमितता गरेको भन्ने विषयको उजूरीका सम्बन्धमा अनुसन्धान हुँदा उक्त मन्त्रालय र अन्तर्गतका बिभागहरुमा कार्यरत रेञ्जरहरु रामप्रसाद वगाले, महेन्द्रराज वाग्ले, धनन्जय लामिछाने, विष्णुहरी आचार्य, राजुवावु थापा, राजेश्वरमान श्रेष्ठ, रामशरण गौतम, भ्यामनारायण सापकोटा, नथुनी गोहियार यादव र घनश्याम झाले निजी प्रयासमा वि.एस्सी फरेष्ट्रि अध्ययन गर्नको लागि पहिले वेतलवी अध्ययन विदा लिएको र पछि निवेदन दिई सोही विदालाई तलवी अध्ययन विदामा परिणत गरेको देखिएकोले उल्लिखित रेञ्जरहरुले बेतलवी अध्ययन विदालाई अनुचित तवरबाट तलवी विदामा परिणत गराई अध्ययन अवधि भरको तलव, भत्ता लगायतका रकम वुझि श्री ५ को सरकारलाई हानिनोक्सानी पुऱ्याएको हुँदा ती रेन्जरहरुवाट त्यस्तो रकम असूल उपर गर्न वन तथा भू-संरक्षण मन्त्रालयलाई आयोगको मिति २०६०।५।१५ को निर्णयानुसार लेखी पठाइएकोमा रकम असुल उपर भएको जानकारी प्राप्त नभएको ।

(ञ) शिक्षा तथा खेलकूद मन्त्रालय अन्तर्गत

१. त्रिभुवन विश्वविद्यालय अन्तर्गत नेपाल कमर्स क्याम्पस, मिनभवनको हाता भित्र आर्थिक वर्ष २०५६।५७ मा भवन निर्माण सम्बन्धी बोलपत्र स्वीकृत गर्दा निर्माण समितिका सदस्य द्वय केशवप्रसाद पाण्डे र राजेन्द्रगोपाल श्रेष्ठ आमन्त्रित सदस्यको हैसियतले मात्र निर्माण समितिको बैठकमा उपस्थित भएको देखिए तापनि गैरकानूनी निर्णयमा सहभागी भएको देखिंदा निजहरु उपर विभागीय कारबाही गर्न आयोगबाट मिति २०५७।८।२३ मा निर्णय भै कार्यान्वयनको लागि त्रिभुवन विश्वविद्यालयका उपकूलपति समक्ष लेखीएकोमा हालसम्म पनि कारवाहीको जानकारी प्राप्त नभएको ।

२. त्रिभुवन विश्व विद्यालय अन्तर्गत महेन्द्र मोरङ आ.वहुमुखी क्याम्पस, विराटनगरका तत्कालिन क्याम्पस प्रमुख उपेन्द्र कुमार कोइरालाले विभिन्न अनियमितता गरेको सम्बन्धमा आयोगको मिति २०५९।११।२०

को निर्णयानुसार अनियमितता गर्ने उपर कारवाही गरी डा. सूर्यमणी अधिकारीको प्रतिवेदन लागू गर्न उप कूलपति, त्रि.वि.वि.लाई लेखी पठाएकोमा सो को जानकारी प्राप्त नभएको ।

३. भगवती प्राथमिक विद्यालय सानोश्री बर्दिया र धर्मज्योति प्रस्तावित निम्न माध्यमिक विद्यालय बर्दियामा अनियमित तवरमा अस्थायी शिक्षक नियुक्ती गरेको सम्बन्धमा आयोगको मिति २०५९।१२।१४ को निर्णयले जिल्ला प्रशासन कार्यालयको निर्णय अटेर गरी पुनः अस्थायी नियुक्ती दिने विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकबाट तलब भत्ता असूल गरी अनियमित तवरबाट नियुक्त भएका शिक्षक हटाउने भनी भएको निर्देशन कार्यान्वयन भएको जानकारी प्राप्त नभएको ।

४. कपिलवस्तु बहुमुखी क्याम्पसका मुखिया पशुपतिप्रसाद मिश्रले रकम हिनामिना गरेको सम्बन्धमा आयोगबाट मिति २०६०।३।३१ मा गफलत गरे नगरेको यकिन गरी मुलुकी ऐन किर्ते महलको तर्फ आवश्यक कारवाही गर्ने भनी कपिलवस्तु बहुमुखी क्याम्पसलाई निर्देशन भई लेखि पठाएको व्यहोरा कार्यान्वयन भएको जानकारी प्राप्त नभएको ।

५. जुडो प्रशिक्षक श्री खड्ग बहादुर दाहालले राष्ट्रिय परिषदको जुडो प्रशिक्षक पदमा स्थायी नियुक्ति लिनका लागि वास्तविक उमेर घटाई विद्यमान ऐन कानूनको ब्यवस्थालाई जानाजान उल्लंघन गरी उमेर ढाटेर नोकरीमा प्रवेश गरेकोमा हालको पदबाट वर्खास्त गर्नेतर्फ विभागीय कारवाही गर्न र रेकर्ड नभिडाई परिषद्का जिम्मेवार ब्यक्तिले निजलाई सहयोग गरे, नगरेतर्फ अनुसन्धान गरी आवश्यक कारवाही गरी आयोगलाई जानकारी दिन खेलकूद परिषदका सदस्य सचिवलाई निर्देशन दिन आयोगको मिति २०६०।५।१६ को निर्णयानुसार निर्देशन भै गएकोमा कारवाही भएको जानकारी प्राप्त नभएको ।

६. त्रिभुवन विश्वविद्यालय, महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पस, विराटनगरको क्यास काउन्टरमा काम गर्ने कर्मचारीहरुबाट रकम हिनामिना भएको भन्ने सम्बन्धमा आयोगको मिति २०६०।१०।१९ को निर्णयानुसार उक्त अनुचित कार्यमा संलग्न सो क्याम्पसका लेखापाल तीर्थ कोइराला तथा लेखापरीक्षण डोरका प्रमुख दलबहादुर मोहत्रा, सुदनप्रसाद पौडेल र बुद्ध महर्जनलाई प्रचलित कानून बमोजिम विभागीय कारवाही गर्न त्रिभुवन विश्वविद्यालय र महालेखा परीक्षकको विभागमा लेखि पठाइएकोमा कारवाही भएको जानकारी प्राप्त नभएको ।

७. प्रभात उच्च माध्यमिक विद्यालय, देहीमाण्डौ, डोटीमा महिला छात्रावास भवन निर्माण गर्दा अनियमितता भएको भन्ने सम्बन्धमा हिनामिना भएको रु. १,३३,०२८।१२ सम्बन्धित व्यक्तिहरुबाट प्राप्त गरी बाँकी रकम समेत सदुपयोग गरी त्यसै छात्रावासको सुरक्षा र शौचालय समेतका अन्य उपयुक्त काम जिल्ला शिक्षा कार्यालय, डोटीको सुपरीवेक्षणमा गराई काम सम्पन्न गर्न र उक्त अनुचित कार्यमा संलग्न जिल्ला प्राविधिक कार्यालय, डोटीका स.ओ.सी. बाबुराम दाहाललाई विभागीय कारवाही गरी यस आयोगलाई जानकारी गराउन प्रमुख जिल्ला अधिकारी, डोटीलाई आयोगको मिति २०६०।१२।२३ को निर्णयानुसार लेखी पठाइएकोमा जानकारी प्राप्त नभएको ।

८. जनता मा.वि. गोला, वर्दियाको खाली रहेको शिक्षक दरबन्दी एकका लागि अस्थायी शिक्षक नियुक्ति गर्ने क्रममा तर्कबहादुर शाहीलाई, हुँदै नभएको अनुभवको मान्यता र शैक्षिक योग्यताको अंकमा पनि बढी अंक दिई नियुक्ति दिएको सम्बन्धमा यस्तो अनुचित कार्यको दुस्परिणाम सच्याउन जिल्ला शिक्षा कार्यालय, वर्दियालाई निर्देशन दिने र संचालक समितिका अध्यक्ष लाल बहादुर कडायत र प्र.अ. दिलबहादुर जि.सी.लाई सचेत गराउन जिल्ला शिक्षा अधिकारीलाई निर्देशन दिन भनी आयोगबाट

मिति २०६०।७।४ र मिति २०६०।१२।१६ मा निर्णय भई संचेत गराउन प्रमुख जिल्ला अधिकारी, दैलेखलाई लेखी पठाइएकोमा जानकारी प्राप्त नभएको ।

(ट) संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय अन्तर्गत

१. शाही नेपाल वायुसेवा निगमले युगोस्लाभियाको एभियोजेनेक्स कम्पनीको विमान भाडामा लिने सम्झौता गर्दा अनियमित गरेको भन्ने सम्बन्धमा आयोगको मिति २०५६।५।२१ को निर्णयानुसार पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका तत्कालीन सहसचिव हरिभक्त श्रेष्ठलाई विभागीय कारबाही गर्न पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा लेखी गएकोमा निजलाई विभागीय कारवाही भएको जानकारी प्राप्त नभएको ।

२. शाही नेपाल वायुसेवा निगमको रकम खाई मासेकोमा कारवाही होस् भन्ने विषयको उजूरी उपर निगमको जर्मनी स्थित कार्यालयमा कार्यरत युरोप क्षेत्रका क्षेत्रिय निर्देशक विष्णुप्रसाद वस्याल, अर्थ प्रबन्धक जीतेन्द्र बहादुर श्रेष्ठ र स्टेशन म्यानेजर श्रीधर विक्रम राणाले नियम विपरीत भुक्तानी लिएको रकम ३ तीन महिना भित्र असूल उपर गर्न गराउन र रकम फिर्ता नगर्ने नगराउने अर्थ विभागका सम्वन्धित पदाधिकारीलाई आवश्यक कारवाही गर्न आयोगको मिति २०६०।७।१७ को निर्णयानुसार लेखी पठाइएकोमा उक्त विषय श्री सम्मानित सर्वोच्च अदालतको विचाराधिन रहेको भन्ने भएकोले निर्णय कार्यान्व्यन हुन नसकेको जानकारी प्राप्त भएको ।

३. शाही नेपाल वायुसेवा निगमको हङकङस्थित कार्यालयमा कार्यारत कर्मचारीहरुले तलब रकम भ्रष्टाचार गरेको सम्बन्धमा नियम विपरीत बढी भुक्तानी लिएको रकम मेनेजर हरिभक्त मानन्धर, ब.ले.अ. दामोदर खत्री, मेनेजर गौतमदाम श्रेष्ठ, ले.अ. मेनेजर यादव लामिछाने, ब.ले.अ. मदनमान बज्राचार्य, अधिकृत कृष्णवीर सुवेदी, बरिष्ठ लेखा अधिकृत (ब.ले.अ.) प्रकाशमान श्रेष्ठ प्रबन्धक मन बहादुर खड्का, ब.ले.अ. केशबराज शर्मा, अधिकृत ध्रुव कुमार प्रधान, प्रवन्धक वासुदेव प्रसाद गौतम, अधिकृत कृष्ण गोपाल जोशी, ब.सहायक प्रकाश प्रसाद लोहनी, ब.ले.अ. गोविन्दमान श्रेष्ठ समेतबाट हङकङ डलर ३,७२,४५७।५९ र सिंगापुर स्थित कार्यलयमा कार्यरत मेनेजर नागेश्वर राय, ब.अधिकृत गणेशमान बरुण, ले.अ. हरिहर प्रसाद शर्मा, प्रबन्धक राधव प्रसाद जोशी,अधिकृत शंकर निधि शर्मा, ले.अ. शान्त कुमार श्रेष्ठ, ब.सहायक अनुप कुमार श्रेष्ठबाट सिंगापुर डलर ९,२७९।१० हाल प्रचलित विनिमय दरको हिसावले हुने रकम निजहरुबाट असूल उपर गरी सोको जानकारी ३ (तिन) महिना भित्र आयोगलाई दिन शाही नेपाल वायु सेवा निगमका महा-प्रवन्धक र निगमको सञ्चालक समिति तथा अर्थ विभाग समेतलाई आयोगको मिति २०६०।१०।२० को निर्णयानुसार लेखी पठाइएको विषय हाल श्री सम्मानित सर्वोच्च अदालतमा विचाराधिन रहेको भन्ने भएकोले निर्णय कार्यान्व्यन हुन नसकेको जानकारी प्राप्त भएको ।

४. पुरातत्व विभाग अन्तर्गतको इवावही जिर्णोद्धार परियोजनाका लागि आ.व. ०४७।४८ मा काठ खरीद गर्दा हिनामिना भएको देखिएको रकम रु. १,५९,११९।३० र सो को १०% ले हुने व्याज समेत जोडी ठेकेदार छत्र बहादुर ओलीबाट २ महिना भित्र अशुल उपर गरी निज ठेकेदारलाई कालो सूचिमा राख्न र उक्त अवधिमा निजबाट अशुल हुन नआएमा सो म्याद नाघे पछिको १ महिना भित्र ईन्जिनियर भाइकाजी तिवारीबाट अशुल उपर गरी आयोगमा जानकारी दिन पुरातत्व विभागका महानिर्देशकलाई लेखी भौतिक योजना तथा निर्माण मन्त्रालयका सचिव र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन

मन्त्रालयका सचिवलाई समेत आयोगको मिति २०६१।१।३० को निर्णयानुसार जानकारी दिइएकोमा हाल सम्म असुल उपर र कालो सूचीमा राखेको जानकारी प्राप्त नभएको ।

५. अमेरिकाको मायामीमा भएको सेमिनारमा भाग लिन गएका नेपाल नागरिक उड्डयन प्राधिकरणका उप-निर्देशक विनोद गिरी र प्रमुख अधिकृत टेकराज पोखरेल निर्धारित समयमा नफर्की काज थप गराई प्राधिकरणलाई अमेरिकी डलर २१००।०० को थप व्ययभार पारेको भन्ने विषयमा उपरोक्त बढि व्ययभार परेको रकम निज उपनिर्देशक विनोद गिरी र प्रमुख अधिकृत टेकराज पोखरेलको तलवबाट एक वर्षभित्र मासिकरुपले दामाशाहीले हुन आउने रकम कट्टा गरी असुल उपर गर्न र बढि काज स्वीकृत गरेको दिन निजहरुको कुनै पनि संचित विदाबाट कट्टा गरी निर्णय कार्यान्वयनको जानकारी यस आयोगमा पठाउन समेत नेपाल नागिरक उड्डयन प्राधिकरणका महा-निर्देशकलाई आयोगको मिति २०६१।२।७ को निर्णयानुसार लेखी पठाइएकोमा जानकारी प्राप्त नभएको ।

६. शाही नेपाल वायुसेवा निगम, बजार व्यवस्था विभागका प्रबन्धकले उडान भाडामा अनियमितता गरी परिपत्र गरेको कारणबाट निगमलाई अमेरिकी डलर ५,१५,४३५।१७ नोक्सानी परेको भन्ने विषयमा अनुसन्धान गर्दा निगमले विगतको गल्तीलाई सच्याई उपर्युक्त परिपत्र गरेको देखिन्छ । यसरी सम्झौता लागू गराउँदाको अवस्थामा हेलचक्राई गरिएको भए तापनि कोरियन एयरलाइन्सलाई निगमले बढी रकम तिरी नसकेको र दुवै एयरलाइन्सका विचमा आपसी छलफल चलिरहेकोले निगमको हितलाई ख्याल गरी सकेसम्म चाँडो उक्त विवाद सुल्झाई यस आयोगलाई जानकारी दिन र त्यसरी सम्झौता लागू गर्दा हेलचक्राई गरी परिपत्र निकाल्ने निर्णय गर्ने सम्बन्धित अधिकृतहरुलाई सचेत गराउन अख्तियारवालालाई आयोगको मिति २०६१।२।१३ को निर्णयानुसार लेखी पठाइएकोमा निर्णय कार्यान्वयन भएको जानकारी प्राप्त नभएको ।

(ठ) स्थानीय विकास मन्त्रालय अन्तर्गत

१. वीरगञ्ज उपमहानगरपालिकाका प्रमुख विमलकुमार श्रीवास्तवले सम्वन्धित निकायको स्वीकृति नलिई वीरगञ्ज भन्सारदेखि गण्डक सम्मको माटो पुर्ने कामको प्रकृति अनुसार एकै लागत अनुमान तयार गर्नुपर्नेमा टुक्रा टुक्रा गरी तयार गरेको लागत अनुमान स्वीकृत गरेको देखिंदा निजलाई सचेत गराउनको लागि स्थानीय विकास मन्त्री र स्थानीय विकास मन्त्रालयलाई लेखिएकोमा हालसम्म पनि कुनै जानकारी प्राप्त हुन नआएको ।

२. ओखलढुंगा, नमूना गा.वि.स., बेतिनीका तत्कालीन सचिव रामकाजी श्रेष्ठले २०५९ साउन देखि कार्तिक सम्मको जेष्ठ नागरिक, असहाय विधवा र अशक्त भत्ता बापत वितरण गरिएको भनिएको रकम वितरण नगरी हिनामिना गरेको भन्ने सम्बन्धमा निज रामकाजी श्रेष्ठबाट रु.६,६००।- असुल उपर गराउनु भनी ओखलढुंगाका प्रमुख जिल्ला अधिकारीलाई आयोगको मिति २०६१।१।१५ को निर्णयानुसार लेखी पठाइएकोमा असुल उपर भएको जानकारी प्राप्त नभएको ।

३. जिल्ला विकास समिति, सल्यान र सामुदायिक वन उपभोक्ता संघ, सल्यान शाखाका अध्यक्ष खुम वहादुर खत्री वीच आयमूलक (जडिवुटी) समायो जातका विरुवा उत्पादन तथा वितरण गर्ने कार्यक्रममा रु. १,५०,०००।- अनुदान दिने गरी सम्झौता भएकोमा संझौता अनुसार विरुवा वितरण नगरी हानी नोक्सानी पुऱ्याएको भन्ने उजूरी सम्वन्धमा अनुसन्धान हुँदा ३८,००० विरुवा वितरण गरेको भर्पाई गलत देखियो । उपभोक्ता संघले पेश गरेको सम्झौता संवन्धी प्रस्ताव अनुसार १ थान विरुवाको रु १।५० पर्ने भै ३८,००० विरुवाको जम्मा रु ५७,०००।- हानी नोक्सानी भएको । तर अरु जातका विरुवाहरु वितरण गर्दा लगभग रु. १९,०००।- खर्च भएको देखिँदा वास्तविक नोक्सानी भएको

रकम रु ३८,०००।- निजबाट कानून बमोजिम असुल उपर गर्न जि.वि.स. सल्यानमा आयोगको मिति २०६०।१०।१४ को निर्णयानुसार लेखी पठाइएकोमा जानकारी प्राप्त नभएको ।

४. ग्रेड थपको निर्णय गर्ने अधिकारीलाई कारवाही गरी पाउँ भन्ने विषयको उजूरी उपर छानविन हुँदा ग्रेड सम्वन्धी कारवाही रीत पूर्वक भएको नदेखिएकोले काठमाण्डौ महानगरपालिका (का.म.न.पा.) का नि. कार्यकारी अधिकृत (न.पा. सचिव) सूर्य प्रसाद सिलवालको तहबाट गरिएको ३ ग्रेड थप विषयक २०५९।३।१२ को निर्णय रद्द गराउन र अव आयन्दा यस्तो वेरीतको निर्णय हुन नदिन सम्वन्धित अधिकारीलाई सचेत गराउन स्थानीय विकास मन्त्रालय मार्फत् काठमाडौं महानगरपालिका कार्यालयलाई निर्देशन दिन आयोगको मिति २०६०।१०।२९ को निर्णयानुसार लेखी पठाइएकोमा जानकारी प्राप्त नभएको ।

५. इटहरी नगर पालिकाले नयां वसपार्क जोड्ने लिङ्केज ब्रिज निर्माण गराउदा भ्रष्टाचार गरे भन्ने विषयमा अनुसन्धान गर्दा सो नगरपालिकाका इन्जिनियर अर्जुन कुमार दाहाल र जुनियर इन्जिनियर कैलाश तिमल्सिनाले उक्त कामहुने स्थानको विस्तृत अध्ययन नै नगरी तथा भौगर्भिक अवस्थाको विश्लेषण पनि नगरी मेशीनरी प्रयोग हुने उक्त कामलाई उपभोक्ता समिति मार्फत काम गराउने गलत मनशायबाट हचुवा रुपमा डिजाईन इष्टिमेट तयार गरेको र पछि मेशीनरी औजारको प्रयोग समेत गर्नु परेकोले लागत इष्टिमेट बढेको भनि शुरु इष्टिमेटको ५५ प्रतिशत भन्दा बढी फरक लागत बढाएको देखिएको कार्य अनुचित भएकोले सो कार्यमा संलग्न उपर्युक्त प्राविधिकहरुलाई अव आईन्दा यस्तो कार्य नदोहऱ्याउन सचेत गराउन र ठूलो मात्रामा लागत इष्टिमेट फेर वदल हुंदा पनि सम्वन्धित व्यक्तिहरुलाई कुनै कारवाही नगरी उक्त काम गराई भुक्तानी दिई अनुचित कार्य गरेको देखिएकोले सो कार्यमा संलग्न देखिएका सो नगरपालिकाका तत्कालीन सचिव दिलीप कुमार चापागांईलाई पनि अव आईन्दा यस्तो कार्य नदोहऱ्याउन सचेत गराउन आयोगको मिति २०६१।२।५ को निर्णयानुसार लेखी पठाइएकोमा जानकारी प्राप्त नभएको ।

६. सप्तरी जिल्लाको वकधुवा गा.वि.स.वडा नं.७ र ९ मा पर्ने पर्ती जग्गालाई श्री ५ को सरकारको स्वीकृती नै नलिई सोही गा.वि.स.का तत्कालीन अध्यक्ष र सचिव समेतको मिलोमतोमा विभिन्न व्यक्तिहरुलाई विक्री वितरण गरी भ्रष्टाचार गरे भन्ने सम्बन्धमा श्री ५ को सरकारले निर्णय गरे बाहेकको अवस्थामा सरकारी जग्गा कुनै प्रयोजनार्थ कसैलाई दिन नमिल्ने हुंदा उक्त वकधुवा गाँउ विकास परिषद र गाँउ विकास समितिले निर्णय गरी विभिन्न व्यक्तिहरुलाई वितरण गरेको कार्य अनुचित देखिन आयो । तसर्थ कानून विपरीत वितरण गरेको उल्लेखित जग्गाहरुको संरक्षण गर्न र सो जग्गामा कुनै संरचना बनिसकेको भए ऐन बमोजिम कारवाही गर्न प्रमुख जिल्ला अधिकारी, सप्तरीलाई आयोगको मिति २०६१।२।१४ को निर्णयानुसार लेखी पठाइएकोमा निर्णय कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

७. जनकपुर नगरपालिकाका तत्कालीन प्रमुख बजरंगप्रसाद साह समेतले नगरपालिकाको चुंगी तथा सवारी कर उठाउने समेतका विभिन्न कर ठेक्का दिने र ठेक्का रकम उठाउने विषयमा बदनियतपूर्वक नगरपालिकाको सार्वजनिक सम्पत्ति दुरुपयोग गरेको सम्बन्धमा जनकपुर नगरपालिकाका प्रमुख, उप-प्रमुख, वडा अध्यक्ष तथा सदस्यहरु (१०० जना) ले गैरकानूनी रुपमा लिनु खानु गरेको देखिएको जम्मा रु. ६५,५७,६९०।- लिने खाने तत् तत् व्यक्तिहरुबाट प्रचलित कानूनबमोजिम सरकारी बाँकी सरह असूल उपर गर्न, आ.व. २०५७।१।४ देखि २०६०।१।४ सम्मका लागि रु.१,१५,००१।- मा जनकपुर-६ स्थित गोडधोई पोखरी ठेक्का लिने ठे. नन्दलाल साहले तिर्नु बुझाउनु पर्ने देखिन आए जति रकम असूल गर्न तथा दीर्घसार पोखरी रु. २,००,०००।- मा र ठाडी पोखरी रु. ८४,०००।- मा ठेक्का लिने प्रमोद साहले भोग चलन गरेको अवधि अनुसारको तिर्नु बुझाउनु पर्ने ठेक्का रकम जति

असूल गर्नका साथै आ.व. २०५७।५८ र ०५८।५९ को हाटबजार करका ठेकरदार क्रमशः मनोजकुमार साह र मनोजकुमार चौधरीका हकमा निजहरुले तिर्न बुझाउन पर्ने बाँकी रकममध्ये कर उठाएको अनुपातमा असूल गर्न बाँकी रहेको रकमको नियमसम्मत निक्यौंल गरी असूल उपर गर्न आयोगको मिति २०६१।२।४ को निर्णयानुसार सम्बन्धित नगर पालिका र स्थानीय विकास मन्त्रालयलाई लेखी पठाइएकोमा रकम असुल उपर भएको जानकारी प्राप्त नभएको ।

(ङ) स्वास्थ्य मन्त्रालय अन्तर्गत

१. श्री ५ को सरकारको सेवामा कार्यरत विभिन्न डाक्टरहरुले आयुर्वेद क्याम्पस नरदेवीमा अध्ययनरत् रही दोहोरो हाजिर हुने विभिन्न ६ जना डाक्टरहरुबाट निजहरुले उक्त अवधिमा लिएको तलब भत्ता असूल उपर गर्नु भनी आयोगबाट मिति २०५९।२।९ मा भएको निर्णय कार्यान्वयनको लागि लेखी पठाइएकोमा तदनुरुप सबैबाट सबै रकम असूल उपर भैसकेको जानकारी प्राप्त नभएको ।

२. सर्लाही, बरहथवा गाउँ विकास समितिबाट आर्थिक बर्ष २०६०।०६१ मा गोरु बजारको ठेक्का दिंदा उक्त गा.वि.स.का सचिव जगन्नाथ साह समेतले भ्रष्टाचार गरेको भन्ने सम्वन्धमा उक्त ठेक्का दिने निर्णयमा संलग्न देखिएका स्वास्थ्य मन्त्रालय अन्तर्गतका प्राथमिक स्वास्थ्य केन्द्र, बरहथवाका हे.अ.सत्यनारायण यादवले अपनाउनु पर्ने कार्यविधिको पालना नगरेकोतर्फ हदैसम्मको विभागीय कारवाही गर्न अख्तियारवालालाई आयोगको मिति २०६०।११।१९ को निर्णयानुसार लेखी पठाइएकोमा कारवाहीको जानकारी प्राप्त नभएको ।

(ढ) श्रम तथा यातायात व्यवस्था मन्त्रालय अन्तर्गत

१. नेपाल यातायात संस्थानका तत्कालीन महाप्रवन्धक प्रकाशकुमार पौडेलले अनियमित किसिमले कार्यालयको टेलिफोनबाट कारोवार नै नभएको मुलुकमा गरेको ट्रंककलको रकम भुक्तानीको सिफारिस गरी संस्थानबाटै भुक्तानी दिने तत्कालीन लेखा प्रमुख उपेन्द्रराज उप्रेतीलाई विभागीय कारबाही गर्न नेपाल यातायात संस्थानलाई लेखिएकोमा सो को जानकारी प्राप्त नभएको ।

२. पूर्वाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालय धनकुटाका तत्कालिन निर्देशक पदम बहादुर चन्द र शाखा अधिकृत कृष्ण प्रसाद चापागाईले सहायक तहका कर्मचारीहरु अस्थायी नियुक्ति, सरुवा र एक ठाँउबाट अर्को ठाँउमा काज खटाउँदा ठूलो रकम लिनु खानु गरी व्यापक भ्रष्टाचार गरेको तथा अन्य अनियमित कार्य गरेको भन्ने सम्बन्धमा हाल कार्यरत मंत्रालयलाई शाखा अधिकृत कृष्ण प्रसाद चापागाईबाट रु. १,३७,२९४।५२ असुल उपर गर्न आयोगको मिति २०६१।२।२८ को निर्णयानुसार लेखी पठाइएकोमा असुल उपर भएको जानकारी प्राप्त नभएको ।

परिच्छेद - १३
तामेली

आयोगमा पर्न आएको उजूरीमा प्रारम्भिक छानवीन गर्ने क्रममा ऐनको हदम्याद नाघेको, आयोगको अधिकार वा कार्यक्षेत्र भित्र नपरेको, प्रथम दृष्टि मै तथ्ययुक्त नदेखिएको, अदालतमा मुद्दा परिरहेको, कुनै कारणले कारवाही गर्न सम्भव नभएको, गोलमटोल, अत्यन्त सामान्य र मामूली विषयको सम्वन्धमा उजूरी परेको भएमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम १० वमोजिम आयोगबाट त्यस्ता उजूरीहरु तामेलीमा राख्ने निर्णय गरिन्छ । अधुरा, अपुरा प्रमाणहरु भएका वा कुनै तथ्यगत आधार नभएका उजुरीहरु अर्थात prima facie cases बाहेक गत आ. व. २०६१/६२ मा बिस्तृत अनुसन्धान भई तामेलीमा राख्ने निर्णय गरिएका उजूरीहरु देहाय बमोजिम छन ।

१. माउण्टेन ग्रुप कम्पनीमा कार्यरत ज्ञानेक्स भारती, अनिल चन्द्र गुरुङ्ग, यादव वान्तवा राई र चन्द्र थापामगरले गलत विवरणको आधारमा नेपाली नागरिकताको प्रमाण पत्र लिएको भन्ने उजुरी उपर अनुसन्धान तहकिकात गरी आयोगसमक्ष पेश हुँदा निजहरु ज्ञानेक्स भारती, अनिल चन्द्र गुरुङ्ग, यादव वान्तवा राई र चन्द्र थापामगर गैर नेपाली भएको अनुसन्धानवाट प्रमाणित हुन नसकेकोले आयोगको मिति २०६१/४/६ को निर्णयानुसार सो उजुरीलाई तामेलीमा राखिएको ।

२. कालिमाटी फलफूल तथा तरकारी विकास समितिका तत्कालिन प्रशासकीय अधिकृत तारापति शर्माले पेश गरेको मेरठ विश्वविद्यालय भारतबाट प्राप्त एम.ए. (संस्कृत विषय) को प्रमाणपत्र सम्बन्धित निकायमा प्रमाणिकरण गर्न पठाउंदा उक्त प्रमाणपत्र सक्कली भनी प्रमाणित हुन आएकोले उक्त अनुसन्धान मिसिललाई आयोगको २०६१/४/११ को निर्णयानुसार तामेलीमा राखिएको ।

३. कृषि विकास बैंक पदपूर्ति समितिले आ.व. ०५७।५८ को कार्यक्रम अनुसार कार्यालय सहायक, सहायक प्रथम श्रेणीको पद संख्या ४८ (अठचालीस) मा आन्तरिक प्रतियोगितात्मक लिखित परीक्षाबाट अन्तरवार्ताको लागि उम्मेदवार छनौट गर्दा अनियमित ढङ्गले नतिजा प्रकाशन भएकोले पद पूर्ति समितिका पदाधिकारीहरुलाई कारवाही हुन भनी आयोगमा परेको उजूरीउपर अनुसन्धान हुँदा लिखित परीक्षामा सामेल भएका उम्मेदवारहरु मध्येवाट मेरीट लिष्टको आधारमा लिखित परीक्षामा उच्चतम अंक प्राप्त गर्ने उम्मेदवारहरुलाई नै अन्तरवार्ताको लागि छनौट गरेको, कृषि विकास बैंक पद पूर्ति समितिको मिति २०६०।३।२८ मा बसेको बैठकबाट निर्णय भएको देखिएको र लिखित परीक्षाको नतिजा प्रकाशनमा अनियमितता भएको नदेखिएको हुँदा आयोगको मिति २०६१/४/२८ को निर्णयानुसार उक्त उजूरी तामेलीमा राखिएको ।

४. जिल्ला वन कार्यालय दाङले रेन्जर, फरेष्टर, वन कार्य सहायक, वन रक्षक र सशस्त्र वन रक्षकका लागि २०६० माघ १ देखि २०६१ पौष मसान्तसम्मका लागि राशन ठेक्काको

बोलपत्र आह्वान गरेकोमा जिल्ला वन अधिकृत समेतको मिलोमतोमा बढी रकमको बोलपत्र स्वीकृत गरी भ्रष्टाचार गरेकोले कारवाही गरी पाउँ भनी आयोगमा दर्ता भएको उजुरी उपर अनुसन्धान हुँदा सबैभन्दा कम बोलपत्रदाता त्रिदेव कन्स्ट्रक्शन एण्ड सप्लायर्सको बोलपत्र स्वीकृत भएको देखिंदा अनियमितता गरी भ्रष्टाचार गरेको नदेखिएकोले उक्त उजुरीलाई आयोगको मिति २०६१/५/११ को निर्णयानुसार तामेलीमा राखिएको ।

५. काठमाडौं जिल्ला साविक बौद्ध गा.वि.स. वडा नं. ४ (ग) कि.नं. १० को जग्गाधनी विश्वनाथ पाण्डे भएको जग्गामा नक्कली मोही कायम गरी भूमिसुधार कार्यालय काठमाडौं समेतले अनियमितता गरे भन्ने विषयमा अनुसन्धान हुँदा उक्त विषय सार्वजनिक हक तथा सरोकार समाहित नभई व्यक्तिगत मोही विवादको विषय रहेको र पुनरावेदन अदालतवाट कानून बमोजिम निर्णय गर्न भूमिसुधार कार्यालय काठमाडौंलाई आदेश भई कारवाही विचाराधीन रहेको देखिंदा आयोगवाट यसमा केही गरिरहनु नपर्ने देखिँदा उक्त मिसिल आयोगको मिति २०६१/५/२३ को निर्णयानुसार तामेलीमा राखिएको ।

६. श्रमिक शेरचनले शाही नेपाल वायु सेवा निगममा जुनियर पाईलट पदमा दरखास्त साथ पेश गरेको आई.एस्सीको प्रमाणपत्र तथा नेपाल बैंक लिमिटेडमा गोदाम रक्षक पदमा कार्यरत होम प्रसाद आचार्यले शुरु नियुक्तिको लागि पेश गरेको प्रमाणपत्रहरु नक्कली भएको भनी परेको उजुरीउपर अनुसन्धान हुँदा श्रमिक शेरचनको हकमा शाही नेपाल वायुसेवा निगमको मिति ०५८।१०।५ को पत्रानुसार श्रमिक शेरचन,जुनियर पाईलट निगमको सेवामा अघि पनि र हाल पनि कार्यरत नभएको भनी जानकारी प्राप्त हुन आएको र होम प्रसाद आचार्यको मृत्यु भैसकेको भन्ने जानकारी प्राप्त भएकोले प्रस्तुत दुवै फाइलहरु आयोगको मिति २०६१/५/२८ को निर्णयानुसार तामेलीमा राखिएको ।

७. तत्कालिन बीरगंज नगरपालिका कार्यालय हाल बीरगंज उपमहानगरपालिका अन्तर्गत लक्ष्मनुवा पार्कमा भएको माटोको कामको अनियमित तरीकाले भूक्तानी गरे भन्ने बारे आयोगमा दर्ता भएको उजूरीहरुबारे अनुसन्धान हुँदा ठेकेदारले पेश गरेको विललाई सम्बन्धित परामर्शदाताले चेकगरी छानवीन समितिको संयोजकको सिफारीसमा निज ठेकेदारलाई पेश्की स्वरुप भूक्तानी दिएको, गरेका कामहरुबारे प्राविधिक टोलीको समेत सकारात्मक राय रहेको र ठेक्का पट्टा संझौता भैसकेपछि दररेट सम्बन्धमा तर्क वितर्क गरिरहन मनासिब नदेखिएकोले उपरोक्त उजूरीहरु आयोगको मिति २०६१/६/६ को निर्णयानुसार तामेलीमा राखिएको ।

८. आयोगमा परेको नेपाल नागरिक उड्डयन प्राधिकरणमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल मर्मत तथा सुधार कार्यको ठेक्का स्वीकृतिमा भ्रष्टाचार भएको भन्ने विषयको उजूरी उपर विस्तृत अनुसन्धान र तहकिकात भई आयोगमा पेश हुँदा प्रस्तुत विषयमा आफूलाई लाभ वा श्री ५ को सरकारलाई हानी नोक्सानी पुऱ्याउने वदनियत भन्दा पनि समय भित्र काम राम्ररी सम्पन्न गर्ने तथा सकेसम्म वास्तविक लागत पनि अनुमानित लागत भन्दा कम होस् भन्ने नै मनसाय रहेको देखिएकोले यस विषयमा निर्णयकर्तालाई कुनै कारवाही गर्नु पर्ने

नदेखिएको हुंदा आयोगको मिति २०६१/६/८ को निर्णयानुसार उक्त उजुरीको फायल तामेलीमा राखिएको ।

९. सागरनाथ वन विकास परियोजना सर्लाहीमा भएको भ्रष्टाचारको छानवीन गरी अभियुक्तलाई सजाय गरी पाऊँ भन्ने समेत व्यहोराको उजुरी सम्वन्धमा जिल्ला प्रशासन कार्यालय सर्लाहीका प्रशासकीय अधिकृत सूर्य प्रसाद भट्टराईले अनुसन्धान गरी पेश गरेको प्रतिवेदनउपर आयोगमा छलफल हुँदा उजुरीहरुमा उल्लेख भएका तथ्यहरु सत्यतामा आधारित नभएको, हानि नोक्सानी भएको भन्ने कुरा फाइल संलग्न कागजातहरुबाट प्रमाणित हुन नसकेको र कार्यालयको आन्तरिक व्यवस्थापनवाट असन्तुष्ट भई उजुरी गरेको देखिन आएकोले आयोगको मिति २०६१/६/२६ को निर्णयानुसार उक्त उजुरी तामेलीमा राखिएको ।

१०. राष्ट्रिय सभागृहबाट साझा भण्डार लिमिटेडको महाप्रवन्धकमा नियुक्ति पाई जानु भएका सो सभागृहका वरिष्ठ प्रशासकिय अधिकृत सनत कुमार थापाले साझा भण्डारबाट सभागृहमा फर्के पछि उक्त साझा भण्डार लिमिटेडमा रंहदाको पनि सभागृहबाट समेत दोहोरो तलवभत्ता खाई भ्रष्टाचार गरे भन्ने विषयको उजूरीउपर अनुसन्धान हुँदा निज सनत कुमार थापा साझा भण्डार लिमिटेडको महाप्रवन्धक पदमा कार्यरत रंहदा गलत मनशायबाट आफुले बढी तलव नबुझेको, विशिष्ट श्रेणी वरावरको तलव पाउने भन्ने आशयवाट मात्र उक्त रकम लिएको देंखिदा निजले जानी जानी बढी रकम लिई अनुचित कार्य गरेको नदेंखिएकोले आयोगको मिति २०६१/६/२६ को निर्णयानुसार उक्त उजुरी तामेलीमा राखिएको ।

११. नेपाल बैंक लिमिटेडका पदमवहादुर धानुक, निर्मल ढुंगाना र दलवहादुर ऐर तथा कृषि विकास बैंकमा कार्यरत चन्द्रदेव भट्टले शुरु नियुक्ति, पदोन्नती तथा अन्य सुविधा पाउने उद्देश्यले पेश गरेका शैक्षिक योग्यताका प्रमाणपत्रहरु सम्वन्धित निकायहरुवाट सक्कली भनी लेखी आएको हुँदा आयोगको मिति २०६१/७/११ को निर्णयानुसार उल्लेखित कर्मचारीहरुको शैक्षिक योग्यता सम्वन्धि अनुसन्धान मिसिल तामेलीमा राखिएको ।

१२. नेपाल राष्ट्र बैंकमा सहायक रेकर्ड किपर पदमा कार्यरत रामहरि शर्मा खतिवडा र नेपाल बैंक लिमिटेडमा का.मु.खजान्ची पदमा कार्यरत कुम्भ सिंह पुन गरी दुवै जनाको माध्यमिक शिक्षा परिषद उत्तरप्रदेशबाट हाईस्कूल परिक्षा उत्तिर्ण गरेको शैक्षिक योग्यताको प्रमाणपत्र निजहरुले शुरु नियुक्ति पदोन्नती तथा अन्य सुविधा पाउने उद्देश्यले पेश गरेकोमा ती शैक्षिक योग्यताको प्रमाणपत्रहरु सम्वन्धित कार्यालयवाट छानविन भै संकास्पद भनी यस आयोगमा प्राप्त हुन आएकोमा सम्बन्धित निकायमा प्रमाणीकरणको लागि लेखी पठाउंदा दुवै जना द्वितीय श्रेणीमा उतिर्ण भएको भनी खुलाई आएकोले आयोगको मिति २०६१/७/११ को निर्णयानुसार निजहरु उपर भैरहेको अनुसन्धान तामेलीमा राखिएको ।

१३. आयोगमा परेको तुलसीपुर नगरपालिकाका प्रमुख शंकर प्रसाद आचार्य समेतको मिलोमतोमा दाङ्ग जिल्ला, तत्कालीन तुलसीपुर पंचायत वडा नं. ५ (ख) को कित्ता नं. १५८ मध्येको ज.वि.१–५–७ जग्गा व्यक्तिका नाममा दर्ता गर्न शिफारिस गरी भ्रष्टाचार गरे भन्ने विषयको उजूरीको सम्वन्धमा अनुसन्धान हुँदा विवादित रहेको साविक तुलसीपुर नगरपालिका कि.नं. १५८/१६० को क्षेत्रफल ज.वि.१–५–७ को जग्गालाई सो नगरपालिकाको सिफारीश तथा सर्जमिन र साविक हकभोगको प्रमाणका आधारहरुमा छुट जग्गा दर्ता समितिमा पेश भई सो समितिबाट भएको सिफारिस बमोजिम मालपोत कार्यालय दाङ्गले आवश्यक प्रकृया पुरा गरी जग्गा दर्ता गर्ने निर्णय गरेको कुरा कानून सम्मत देखिएकोले आयोगको मिति २०६१/७/११ को निर्णयानुसार सो मिसिललाई तामेलीमा राखिएको ।

१४. नेपाल राष्ट्र बैंकमा सहायक व्यवस्थापक पदमा कार्यरत वैद्यनाथ प्रसादले शुरु नियुक्ति, पदोन्नति तथा अन्य सुविधा पाउने उद्देश्यले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्रका सम्बन्धमा अनुसन्धान गर्दा सो प्रमाण सक्कली नै भन्ने प्रमाणित भएकोले निज उपर भैरहेको अनुसन्धान कारवाही आयोगको मिति २०६१/७/१८ को निर्णयानुसार तामेलीमा राखिएको ।

१५. जिल्ला पशु सेवा कार्यालय, जाजरकोटका निमित्त कार्यालय प्रमुख शैलेन्द्र कुमार सिंहले गरीबी निवारणको नाममा विनियोजन भएको करोडौं रुपैया भ्रष्टाचार गरे भन्ने उजूरी उपर अनुसन्धान गर्दा निज शैलेन्द्र कुमार सिंहले आयोगमा बयान गर्दा अन्य कर्मचारीले पेश्की लिन नमान्दा आफैंले पेश्की लिई बोका, बाखा खरीद गरी वितरण गरेको र बोका बाखा वितरणमा कुनै प्रकारको अनियमितता नगरेको भन्ने व्यहोरा उल्लेख गरेको । जिल्ला प्रशासन कार्यालय जाजरकोटको मिति ०६१।१।३१ को पत्रसाथ संलग्न सर्जमीनमा आधारित प्रतिवेदनमा निजलाई कसूरदार ठहऱ्याइए पनि सर्जमीनको आधारमा मात्र आयोगले कसैलाई कसूरदार ठहऱ्याउन सक्ने अवस्था नरहँदा प्रस्तुत उजूरीलाई आयोगको मिति २०६१/७/२५ को निर्णयानुसार तामेलीमा राखिएको ।

१६. भूमिसुधार कार्यालय, कैलालीका खरिदार कर्णवहादुर कठायतले कार्यालयवाट सम्पादन हुने कामको सिलसिलामा रु.२०००।- (दुई हजार रुपैया) रिसवत लिई भ्रष्टाचार गरेको भन्ने बिषयमा प्रमुख जिल्ला अधिकारी, कैलालीबाट प्राप्त प्रतिवेदन आयोगसमक्ष पेश हुँदा सार्वजनिक सेवा अनुगमन तथा निरिक्षण टोली, सेती महाकालीले भूमिसुधार कार्यालय कैलालीमा कार्यरत खरिदार कर्णवहादुर कठायतलाई कार्यालयको कामको सिलसिलामा रु.२०००।-(दुई हजार रुपैया) रिसवत लिंदा लिंदै पक्राउ गरिएकोले कानूनी कारवाही गर्न भनि बरामदी मुचुल्का सहित प्रमुख जिल्ला अधिकारी, कैलाली समक्ष पठाएको देखियो । संलग्न बरामदी मुचुल्कामा उक्त टोलीबाट रिसवत दिन पठाईएका चौमाला गा.वि.स. वडा नं. ५ कैलालीका तुलसीराम चौधरीले दस्तखत गरेको नपाईएको र बरामदी मुचुल्कामा बरामद भएको भनिएको रु. ५००।- दरका ४ वटा नोट उल्लेख भए पनि नोटको पुरा नम्बर

लेखिएको देखिएन । प्रमुख जिल्ला अधिकारीबाट अनुसन्धानका सिलसिलामा बयान लिंदा तुलसीराम चौधरीले आफूसंग कामको सिलसिलामा भूमिसुधार कार्यालयमा सम्बन्धित काम गर्ने कर्मचारीले घुस नमागेको, सार्वजनिक सेवा अनुगमन टोली समक्ष उजुरी पनि नगरेको र आफुले घुस पनि नदिएको भनि उल्लेख गरेको देखियो । बरामद भएको भनिएका सक्कल नगद नोटहरु टोलीका सदस्य ध्रुव नारायण श्रेष्ठले फिर्ता लिई खर्च गरिसकेको भन्ने संलग्न मिसिलबाट देखिन आयो । सार्वजनिक सेवा अनुगमन टोलीले रिसवत लिएको रकम बरामद गर्न भनि लिखित रुपमा कर्मचारी खटाएको पनि पाईएन । खरिदार कर्णवहादुर कठायतले प्रमुख जिल्ला अधिकारी समक्ष गरेको वयानमा आफुले रिसवत नमागेको तर तुलसीराम चौधरीले जवरजस्ती खल्तीमा राखि दिएको भन्ने उल्लेख छ । भूमिसुधार कार्यालय कैलालीका प्रमुख रेवतीप्रसाद ढकालले आफ्नो सामु रिसवत लिएको रकम बरामद नभएको, बरामदी मुचुल्का पछि प्रमाणीत गरेको भनि बयानमा उल्लेख भएको देखियो । सार्वजनिक सेवा अनुगमन टोलीबाट पेश भएको तस्वीरवाट खरिदार कर्णवहादुर कठायतले नगद नोट लिएको पुष्टि हुन सक्ने अवस्था पनि नदेखिदा निज कर्णवहादुर कठायत विरुद्ध अदालतमा अभियोग पत्र दायर गर्न पर्याप्त आधार प्रमाणको अभाव देखिन आएकोले आयोगको मिति २०६१/७/२५ को निर्णयानुसार उक्त मिसिल तामेलीमा राखिएको ।

१७. जनक शिक्षा सामाग्री केन्द्र लिमिटेडको च.नं. ४४६ मिति २०६०।६।३० को पत्र साथ प्राप्त केन्द्रका कर्मचारीहरुले विदेशी शैक्षिक संस्थाबाट प्राप्त प्रमाणत्रहरुमध्ये विनोद महर्जनको शैक्षिक योग्यताको प्रमाणपत्र सक्कली भए नभएको सम्बन्धमा अनुसन्धान गर्ने सिलसिलामा विनोद महर्जनलाई अनुसन्धानका क्रममा आयोगमा उपस्थित हुन आउन पत्र पठाइएकोमा जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालयलाई लेखिएकोमा प्रहरीवाट निज विनोद महर्जनलाई खोज तलास गर्दा फेला नपरेको र निजको विषयमा बुझ्दा मानसिक सन्तुलन ठीक नभएको भन्ने बुझिएको व्यहोरा आयोगमा प्राप्त हुन आएको तथा निजको व्यक्तिगत फायल अध्ययन गर्दा निजलाई भविष्यमा उक्त केन्द्रको सेवाको लागि अयोग्य नठहरिने गरी मिति २०६०।७।१९ मा नै सेवाबाट हटाएको व्यहोरा उल्लेख भएको देखिएको आधारमा निज उपरको उजुरी आयोगको मिति २०६१/७/३० को निर्णयानुसार तामेलीमा राखिएको ।

१८. आयोगमा परेको नि.द.नं. ११६९३ मिति ०६०।३।३२ को वर्दिया जिल्लामा २०५७ साल चैत्र देखि ०६० साल भाद्रसम्म कार्यरत निमित्त भूमिसुधार अधिकारी मुक्ति वहादुर स्वाँरले राजमार्ग किनाराका महत्वपूर्ण करिव २०० विघा जग्गा भू-माफियाको मिलेमतोमा अनियमित किसिमले वाँडी भ्रष्टाचार गरेकोले कारवाही गरी पाऊँ भन्ने उजूरी तथा निज उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० बमोजिमको कसूरमा समेत विस्तृत अनुसन्धान गर्ने भन्ने आयोगको मिति २०६०।७।१९ को निर्णयानुसार उपर्युक्त विषयहरुमा अनुसन्धान हुँदा राजमार्ग किनाराका महत्वपूर्ण जग्गा अनियमित किसिमले बाँडी भ्रष्टाचार गरेको भन्ने सम्वन्धमा १० सदस्यीय मुक्त कमैयाको पहिचान तथा पूनर्स्थापनाको लागि गठित जिल्ला समन्वय तथा अनुगमन समितिको निर्णयानुसार कमैया पहिचान गरी

भूमिसुधार मन्त्रालयका उप-सचिवस्तरका कर्मचारी समेत संयोजक रहेको जग्गा दर्ता समितिको निर्णयवाट मुक्त कमैयाहरुलाई जग्गा वितरण गरेको भन्ने भूमिसुधार कार्यालय वर्दियाको मिति २०६०।११।१७.लिखित जवाफसाथ प्राप्त हुन आएका कागज प्रमाणहरु समेतवाट पुष्टि भै रहेकोले सो काम नीति नियमसंगत ढंगले नै भएको, निज निमित्त भूमिसुधार अधिकारीले मात्र मनलागी तरिकाले जग्गा वितरण गर्न गराउन सक्ने अवस्था नदेखिएको तथा गैरकानूनी रुपमा सम्पत्ति आर्जन गरेको भन्ने सम्वन्धमा मुक्ति वहादुर स्वाँरले आर्जित गरेको सम्पत्ति र निजको वैधानिक स्रोतको अवस्था हेर्दा निजले स्रोत नखुलेको सम्पत्ति आर्जन गरी अस्वाभाविक र अमिल्दो जीवनस्तर यापन गरिरहेको भन्न सकिने अवस्था नदेखिएकोले निज उपरको उल्लेखित दुवै उजुरी उपरको अनुसन्धान आयोगको मिति २०६१/८/१ को निर्णयानुसार तामेलीमा राखिएको ।

१९. जि. वाँके जैसपुर गा.वि.स. वडा नं. ५ वस्ने मंगल भन्ने गुलाम वारिस जसगढले मिति २०५८।५।१४ मा राजस्व गस्तीका कर्मचारीहरुलाई रु. १,५००।- घूस रीसवत दिई अवैध तरीकाले भन्सार छली विभिन्न सामानहरु चोरी पैठारी गर्न उद्योग गरेको कसूरमा जिल्ला सरकारी वकील कार्यालय, बाँकेको राय बमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ अनुसार कारवाही हुन जिल्ला प्रशासन कार्यालय, बाँकेबाट प्राप्त हुन आएको फाइल आयोग समक्ष पेश हुँदा प्रस्तुत मुद्दामा राष्ट्र सेवकको संलग्नता नदेखिएको हुँदा आयोगको मिति २०६१/८/१४ को निर्णयानुसार उक्त उजुरी तामेलीमा राखिएको ।

२०. 'रेडियो प्रसार सेवा विकास समितिले संवाददाता/संपादक तह ६ को पदपूर्तिको लागि प्रकाशित गरेको वि.नं. ३/०५९/६० प्रक्रियागत र नियमसंगत नभएको' भन्ने विषयको उजूरी निवेदन उपर अनुसन्धान भै आयोगसमक्ष पेश हुँदा आयोगबाट केही गर्नुपर्ने नदेखिएकोले उक्त उजूरी फाइल मिति २०६१/९/७ को निर्णयानुसार तामेलीमा राखीएको ।

२१. नेपाल नागरिक उड्डयन प्राधिकरणका उप-निर्देशक विनोद कुमार गौतमले अनाधिकार रुपमा उडान छुट एवं प्रमाण पत्र जारी गरी भ्रष्टाचार गरे भन्ने विषयको उजुरी उपर अनुसन्धान हुँदा नेकोन एयरको दुई ATR विमानहरुलाई निर्माता कम्पनीको सहमतिमा १०००/१००० ल्याण्डिङ्ग छुट दिएको भनिए तापनि निर्माताले सो विमान प्राविधिक रुपले ठीक छ कि छैन भनि गर्नु पर्ने परीक्षणहरु लगायत विभिन्न शर्त सहित दिएको सो सहमतिमा यस्तो छुट अपवादको रुपमा मात्र दिन मिल्ने भनिएको हुँदा तोकिएको समयभित्र गर्नु पर्ने मर्मत सम्भारको काम सम्बन्धित विमान सेवा कम्पनीको काबु बाहिरको परिस्थिति परेको अवस्थामा बाहेक समय सीमाभित्रै सम्पन्न गर्नु पर्नेमा मर्मत संभारको नियमित काम पूरा नगरी माग गरे बमोजिम १०००/१००० ल्याण्डिङ्ग छुटको अनुमति दिएको देखियो । त्यस्तै स्काईलाइन एयरवेजको विमानको इञ्जिन नं. PC–E 40106 लाई सम्बन्धित विमान निर्माताले प्रकाशित गरेको सर्भिस बुलेटिनमा भएको व्यवस्था अनुसार प्राविधिक रुपमा सबै ठीक देखिए निर्माता कम्पनीकै सिफारिशमा ५०० घण्टासम्म छुट दिन सकिने भए तापनि निर्माता कम्पनीको सिफारिश विना नै तोकिएको समयभित्र ओभरहल गर्नु पर्ने सो

इञ्जिनलाई १५० अतिरिक्त घण्टा उडान अनुमति दिएको देखियो । यसरी नेकोन एयरका दुई ATR विमानहरुलाई विमान निर्माता कम्पनी ATR को सहमतिको शर्तसमेत नाघेर कुनै असामान्य परिस्थिति नै नपरी १०००/१००० ल्याण्डिङ्ग छुट दिनुका साथै स्काईलाइन एयरवेजको विमानको इञ्जिन निर्माता कम्पनीको सिफारिश विना नै १५० घण्टा उडान छुट दिई आफ्नो पदको प्रकृति अनुसार पालन गर्नुपर्ने कर्तव्य पालन नगरी नेपाल नागरिक उड्डयन प्राधिकरणका तत्कालिन उपनिर्देशक एवं हवाई उड्डयन सुरक्षा प्रमुख विनोदकुमार गौतमले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ को खण्ड (छ) मा उल्लेखित अनुचित कार्य गरेको देखिएयो । तर यसै बिषयमा निजलाई नेपाल नागरिक उड्डयन प्राधिकरणले मिति २०६०।११।५ मा विभागीय कारवाही गरी सजायं समेत गरी सकेको देखिएकोले उक्त उजुरीलाई आयोगको मिति २०६१/१०/७ को निर्णयानुसार तामेलीमा राखिएको ।

२२. नेपाल बैंक लिमिटेडमा कार्यालय सहायक पदमा कार्यरत गोपाल प्रसाद पोखरेलले ललितनारायण मिथिला विश्वविद्यालय दरभंगावाट वि.ए. उर्त्तिण गरेको प्रमाणपत्र नेपाल बैंक लिमिटेडले प्रमाणिकरण गर्न पठाउदा " Without Posting of Registration Number on Mark Sheet it is Invalied and Illegal" भनी लेखी आएको र उक्त बैंकसंग पत्राचार गर्दा उक्त बैंकको मिति ०६१।९।२८ को पत्रवाट निज पोखरेलको मिति ०५९।११।१२ मा मृत्यु भैसकेको जानकारी प्राप्त हुन आएको हुंदा आयोगको अनुसन्धान कार्यवाही मिति २०६१/१०/२५ को निर्णयानुसार तामेलीमा राखिएको । साथै नेपाल बैंक लिमिटेडमा खजान्ची पदमा कार्यरत भरत वहादुर रावलले माध्यमिक शिक्षा परिषद उत्तर प्रदेश भारतवाट ईन्टर मिडियट परिक्षा उत्तिर्ण गरेको प्रमाणपत्र प्रमाणिकरण गर्न पठाउंदा प्रमाणिकरण भई आएकोले निज उपरको अनुसन्धान फाइल पनि मिति २०६१/१०/२५ को निर्णयानुसार तामेलीमा राखिएको ।

२३. नेपाल बैंक लिमिटेड अन्तरगत कार्यरत गोदामरक्षक निर्मल सिंह राठौरको इण्टरको सक्कल प्रमाण-पत्र खिचि अनुसन्धान गर्दा निज निर्मल सिंह राठौरले सन् १९८२ मा इण्टर परीक्षा द्वितीय श्रेणीमा उत्तिर्ण गरेको प्रमाणिकरण भई आएकोले प्रस्तुत उजुरी आयोगको मिति २०६१/११/१७ को निर्णयानुसार तामेलीमा राखिएको ।

२४. सुनसरी जिल्ला अदालतवाट रोक्का राखिएका जग्गा फुकुवा पूर्जी विनानै लिखत पारित गरी गराई भ्रष्टाचार गरे भन्ने समेत विषयको आयोगमा द.नं. २९७४ मिति ०६१।२।७ मा दर्ता हुन आएको निवेदन उपर अनुसन्धान गर्दा सुनसरी लौकही वा.नं.२ कि.नं. १८५ को ज.वि. ०-५-० कट्ठा मध्ये आधा ०-२-१० जग्गा राजेन्द्र यादव समेतको नाममा दर्ता देखिएकोमा ०५५।३।१८ मा सुनसरी जिल्ला अदालतवाट विक्री वितरण नहुने गरी रोक्का राखिएकोमा मिति ०५५।१२।१६ र.नं. ४५५१ बाट फुकुवा पूर्जी विनानै रोक्का छैन भनी वर्ष २९ का सोसिन्द्र यादव र वर्ष ७ को राजेन्द्र यादवको नामवाट कलिया यादवनीको नाममा रु. ६३००।- मा मालपोत कार्यालय सुनसरीका कर्मचारीहरुबाट पारित गरी दिएको देखिन

आयो । उक्त राजीनामा पारित गरी दिने क्रममा मालपोत कार्यालयका अधिकृत कर्मचारीहरु समेतले रोक्का भिडाई रोक्का नजनिएको जग्गा मात्र लिखत पारित गर्ने गराउने दायित्व र जिम्मेवारी पुरा नगरी रोक्का छैन भनी खरिदकर्ता र विक्रीकर्तासंग मिलेमतो गरी अदालतको आदेश विपरित लिखत पारित गरिदिने कार्य गरिदिई उक्त कार्यमा संलग्न भएको पुष्टि नभए पनि मालपोत कार्यालय सुनसरीको रोक्का फाँटमा काम गर्ने ख.तारणी प्रसाद सापकोटाले सुनसरी जिल्ला अदालतबाट रोक्का रहेको जग्गा रोक्का छैन भनी र.नं. ४५५१ मिति २०५५।१२।१६ मा दस्तखत गरी दिएबाट राजिनामा पास भएको कुरा स्वीकारी आएको । सो कुरा २०५७।१।९ मा थाहा भएकोले भनी ०५७।४।९ मा मालपोत कार्यालय सुन्सरीमा निवेदन गरेको र मालपोत कार्यालय सुनसरीबाट उक्त निवेदन उपर ०६१।३।१४ मा निज तारणी सापकोटासंग पदिय जिम्मेवारी वहन नगरेको भनी स्पष्टीकरण माग भै मिति ०६१।४।२६ को निर्णयानुसार भनी निज तारणी सापकोटालाई सचेत गराएको भन्ने ०६१।४।२७ को मालपोत कार्यालयको पत्रबाट खुल्न आएको र मिति २०६१।४।४ अर्को आदेश नभएसम्म भनि सो ०-२-१० जग्गा रोक्का राख्न रोक्का फाँटलाई पत्र लेखेको देखिन आयो । कि.नं.१८५ का लिखत पारीतका सम्वन्धमा जिल्ला अदालत सुनसरीवाट लिखत बदर भैसकेको अवस्था देखिएको भएपनि उक्त कि.नं. मिति ०५५।३।१८ मा सोही अदालतवाट रोक्का रहेकोमा मिति ०५५।१२।१६ र.नं. ४५५१ बाट मालपोत कार्यालयका कर्मचारी ख. तारणी सापकोटाले रोक्का अभिलेखमा भिडाउनु पर्नेमा नभिडाई रोक्का छैन भनि प्रमाणित गरी दिई रोक्का भएको व्यहोरा उल्लेख नै नगरी दस्तखत गरी दिएको कारणवाट राजेन्द्र यादवले पेश गरेको राजीनामाबाट कलिया यादवनीको नाममा हक हस्तान्तरण गरी दिएको देखिदा निजले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ को ग र छ बमोजिम आफ्नो पदको प्रकृति अनुसार पालन गर्नुपर्ने पदीय कर्तव्य पालन नगरी आदेश विपरितको कसूर गरेको पुष्टि हुन आएकोले निजामती सेवा ऐन २०४९ को दफा ५९ को (क) को (१) बमोजिम सजाय गर्नु पर्नेमा निजलाई मालपोत कार्यालय सुनसरीले विभागीय कारवाही गरिसकेको कुरा पत्रद्वारा जानकारी भै आएकोले उक्त मिसिल आयोगको मिति २०६१/११/२० को निर्णयानुसार तामेलीमा राखिएको ।

२५. कृषि विकास बैंक, शाखा कार्यालय, मन्थलीका शाखा प्रवन्धक अरुणकुमार वर्णवालले ऋण स्वीकृति गर्दा १०% देखि २५% घुस मागे, कारवाही गरिपाउँ भन्ने उजुरीउपर अनुसन्धान हुँदा जिल्ला प्रशासनले छानविन गरी पठाएको फाईल साथ प्राप्त सोलार इलेक्ट्रिसिटी कम्पनी प्रा.लि. को प्राप्त डे वुकको आम्दानीसँग कृषि विकास बैंक शाखा कार्यालय मन्थलीको भुक्तानी विवरण नभिड्ने, उक्त डे वुक नियमानुसार नरही आम्दानी खर्च थप्ने काट्ने र सम्बन्धित कसैले सही समेत नगरेको पाईयो । उजुरीकर्ताहरुले कृषि विकास बैंक मन्थलीको प्रवन्धकलाई कहिले रकम दिएको भन्ने प्रमाण पेश गर्न नसकेको र आफु उक्त बैंकको ग्राहक हुँ भन्ने प्रमाणसम्म पनि पेश गर्न सकेको देखिएन । साथै निज अरुणकुमार वर्णवालको राष्ट्रिय वाणिज्य बैंक मन्थलीमा रहेको खातामा जम्मा भएको रकम निजले

पाउने घर मर्मत सापटी र सवारी साधन सापटीका साथै तलवबाट जम्मा गरेको देखिन आएकोले उक्त उजुरी आयोगको मिति २०६१/११/२४ को निर्णयानुसार तामेलीमा राखिएको ।

२६. वीरगंज उप-महानगरपालिका अन्तर्गत स्वीमिङ्गपुल तथा हेल्थक्लव निर्माण कार्यमा मेयरले नभएको अधिकार प्रयोगगरी रीभाइज्ड एष्टीमेट सदरगरी भ्रष्टाचार गरे भन्ने सम्वन्धमा अनुसन्धान हुँदा स्वीमिङ्गपुल तथा हेल्थक्लव योजनासंग सम्बन्धित कार्यहरु तत्काल प्रचलित आर्थिक प्रशासन नियमावली, २०४२ (तेश्रो संशोधन २०५३) र नगरपालिका बोर्डको निर्णयहरु बमोजिम गरेको पाइएको तथा तत्कालिन नगर प्रमुख तथा परामर्शदाताबाट अनियमित कार्यहरु भएको भन्न सकिने ठोस आधार नदेखिदा प्रस्तुत कारवाहीको फाईल आयोगको मिति २०६१/१२/११ को निर्णयानुसार तामेलीमा राखिएको ।

२७. प्रेमप्रसाद ओझाको जाहेरीले वादी श्री ५ को सरकार प्रतिवादी राजु श्रेष्ठ समेत भएको दस्तखत किर्ते मुद्दा चलिरहेकोमा जिल्ला सरकारी वकील कार्यालय पाँचथरको जानकारीले जिल्ला प्रशासन कार्यालय, पाँचथरको द.नं. १९२० मिति ०५७१०।८ को फिदिम गा.वि.स. को चेकमा अध्यक्ष र सचिवको किर्ते दस्तखत गरी सोही गा.वि.स.का मुखिया राजु श्रेष्ठले रु. ४० हजार निकाली खाई मासी भ्रष्टाचार गरेको भन्ने विषयमा जिल्ला प्रशासन कार्यालय पाँचथरका प्रमुख जिल्ला अधिकारीबाट अनुसन्धान तहकिकात भई प्राप्त हुन आएको प्रतिवेदन मिसिल कागजात उपर समेत छलफल हुँदा प्रस्तुत विषयमा दस्तखत किर्ते तर्फ जिल्ला अदालत, पाँचथरबाट मिति २०६१।२।१९।३ मा गा.वि.स. को खाताबाट किर्ते सही गरी रु. ४० हजार झिकेको पुष्टि हुन आएकोले र प्र. राजु श्रेष्ठ राष्ट्र सेवक कर्मचारी समेत भएकोले अभियोग माग दावी अनुसार किर्ते कागजको १ नं. विपरित कसूर गरेकोले ऐ ७ र १२ नं. बमोजिम ३ (तीन) वर्ष कैद र विगो भराई विगो बमोजिम जरिवाना समेत हुने ठहर्छ भनि फैसला भएको संलग्न कागजातबाट देखिएको हुँदा निज उपर राष्ट्र सेवकको हैसियतले समेत दण्ड सजायको फैसला भैसकेकोले प्रस्तुत उजुरी आयोगको मिति २०६१/१२/११ को निर्णयानुसार तामेलीमा राखिएको

२८. राष्ट्रिय क्षयरोग केन्द्र, ठिमीमा विना टेण्डर करोडौंको औषधी खरीद गरी भ्रष्टाचार गरे भन्ने विषयको उजुरी निवेदन उपर अनुसन्धान हुँदा राष्ट्रिय क्षयरोग केन्द्रको लागि आ.व.०५७/५८ देखि आ.व.०५९/६० सम्म तत्काल प्रचलित आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०५६ को व्यवस्था विपरित विना टेण्डर प्रतिस्पर्धा आ.व. ०५७।५८ मा १८ पटक कोटेशनको माध्यमबाट र केही सोझै बजार खरीदबाट समेत रु. ८१,५६,४३४।- को, आ.व. ०५८।५९ मा ७ पटक कोटेशनबाट र पटक पटक सोझै बजार खरीदबाट रु. १,१०,२९,४८५।- को र आ.व. ०५९।६० मा पटक पटक सोझै बजार खरीदबाट रु. ३२,४४,९१९।- को औषधीजन्य सामानहरु खरीद गरेको देखिए पनि बजार भाउभन्दा घटी नै दरमा खरिद गरेको र यस अघि जाइकाबाट खरीद भएको दरमै खरीद गरेको पाइएको र आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०५६ मिति २०५८।६।१५ मा पहिलो संशोधन भए

पश्चात् दरभाउपत्रबाट खरीद गर्ने व्यवस्था हट्न गएको परिप्रेक्ष्य समेतलाई विचार गरी यसै प्रकृतिको स्वास्थ्य सेवा विभाग इपिडिमियोलोजी महाशाखामा औलो तथा कालाजारको औषधी कोटेशनको माध्यमबाट पटक पटक खरीद गरेको भन्ने नि.द.नं. ११३ मिति ०५८।८।९ को उजुरी उपर यस आयोगको मिति २०५८।१२।३० को बैठकले आर्थिक प्रशासन सम्बन्धी नियमावलीको व्यवस्थालाई अक्षरश पालन गर्न गराउन स्वास्थ्य सेवा विभागका महानिर्देशक समेतलाई लेख्ने निर्णय गरेको कुरालाई समेत बिचार गरी राष्ट्रिय क्षयरोग केन्द्रका तत्कालिन निर्देशक डा. दीर्घसिंह बम, तत्कालिन लेखा अधिकृतहरु मदनकृष्ण बस्नेत र भिष्मप्रसाद न्यौपाने र स्टोरकिपर एवं अ.हे.व. लक्ष्मीकृष्ण महर्जनले तत्काल प्रचलित आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०५६ को नियम ५८ को मर्म र उक्त नियमको उप नियम (१) को 'बोलपत्र छल्ने उद्देश्यले पटक पटक खरीद गर्न वा गराउन हुँदैन' भन्ने व्यवस्था एवं खण्ड (ग) र (घ) को व्यवस्था विपरित औषधीजन्य सामानहरु खरीद गरेतापनि माथि उल्लिखित आधारमा बद्नियत पूर्वक उक्त कार्य गरेको भन्ने अवस्था नदेखिदा उक्त मिसिल आयोगको मिति २०६१/१२/३० को निर्णयानुसार तामेलीमा राखिएको ।

२९. ओखलढुङ्गा साना जलविद्युत आयोजना अन्तर्गत सानातिना निर्माण कार्यहरु तथा पावर हाउसको विल भुक्तानीमा अनियमित तथा भ्रष्टाचार भएको भन्ने उजुरी उपर तत्कालिन विशेष प्रहरी विभाग र जिल्ला प्रशासन कार्यालय, ओखलढुङ्गाबाट अनुसन्धान तहकिकात भै आयोगमा द.नं. १०२७८ मिति ०५९।१०।१० मा प्राप्त मिसिल कागजातहरु समेत अध्ययन अनुसन्धान भै आयोगको वैठकमा पेश हुँदा उपरोक्त उजुरीको विषयबस्तु सानोतिनो हुनुका साथै निर्माण कार्यहरुमा उल्लेखनीय कैफियत नदेखिएको, नवौं रनिङ्ग विलको भुक्तानीबाट आयोजनालाई हानी नोक्सानी भएको भन्न सकिने ठोस आधार नभएको र उजुरीको हदम्याद समेत गुज्रीसकेकोले प्रस्तुत उजूरी फाइल आयोगको मिति २०६२/१/५ को निर्णयानुसार तामेलीमा राखिएको ।

३०. गा.वि.स.ले स्थानीय वासिन्दालाई ठेक्कामा कमाउन दिएको जग्गा गा.वि.स. अध्यक्ष हेमबहादुर फागो, उपाध्यक्ष, ओम प्रकाश राई र सदस्य मोहन श्रेष्ठ समेतको मिलेमतोमा स्थानीय प्रशासन र मालपोत कार्यालयका कर्मचारी समेतलाई प्रलोभनमा पारी व्यक्ति विशेषको नाममा दर्ता गरी विक्री गरे भन्ने उजुरी मिसिल उपर अनुसन्धान हुँदा गा.वि.स.को मुचुल्का तथा मालपोत कार्यालयले गराएको सर्जमिनमा व्यहोरा लेखाउने अधिकांश मानिसले निवेदक छेकुव तामाङ्ग नै हकवाला भनी लेखाएका र निज छेकुव तामाङ्ग वाहेक अन्य हकवाला भएको कुरा कहीँ कतैबाट पुष्टि हुन नसकेको र उजूरवालाहरुले पनि सो कुरा भन्न नसकेकोले प्रश्तुत उजुरी आयोगको मिति २०६२/१/१३ को निर्णयानुसार तामेलीमा राखिएको ।

३१. नेपाल आयल निगम अन्तर्गत पेट्रोलियम पदार्थहरुको गुणस्तर, ढुवानी तथा कर्मचारी भर्ना जस्ता कार्यहरुमा अनियमित तथा भ्रष्टाचारजन्य कार्यहरु गरी निगमका कर्मचारीहरुले धेरै सम्पत्ति आर्जन गरे भन्नेबारेका १२ थान उजुरीहरु र तत्कालिन विशेष प्रहरी विभागबाट अनुसन्धान भएका फाईल कागजातहरु समेत अनुसन्धान हुँदा कतिपय अनियमितताहरुको सम्वन्धमा कारवाहीको लागि लेखिएको तथा भाडा अपचलन लगायतका आरोपहरु पुष्टी हुन नसकेकोले ती उजुरी तथा मिसिलहरु आयोगको मिति २०६२/१/२१ को निर्णयानुसार तामेलीमा राखिएको ।

३२. नेपाल बैंक लिमिटेड क्षेत्रीय कार्यालय नेपालगंजमा वरिष्ठ सहायक पदमा कार्यरत सुशिला श्रेष्ठ (१०४२७) को माध्यमिक शिक्षा परिषद् उत्तर प्रदेश भारतबाट सन् १९७७ मा इन्टर परीक्षा पास गरी प्राप्त गरेको प्रमाणपत्र सम्बन्धित परिषद्मा प्रमाणिकरणको लागि पठाउँदा निज उत्तीर्ण भएको भन्ने व्यहोरा लेखी आएको हुँदा निजको शैक्षिक प्रमाणपत्र उपर भइरहेको अनुसन्धान कारवाही आयोगको मिति २०६२/२/६ को निर्णयानुसार तामेलीमा राखिएको ।

३३. मालपोत कार्यालय भक्तपुरका तत्कालीन कर्मचारीहरु समेतको संलग्नतामा कीर्ते कागज खडागरी भक्तपुर जिल्ला कटुञ्जे गा.वि.स. वडा नं. ८क कित्ता नं. ७८७, ७९४, ७९५, र ८०६ का क्षेत्रफल क्रमशः ०-५-२-०, ०-४-२-०, ०-४-२-०, ०-२-१-० का जग्गाहरु बिक्री गर्ने सम्मको अनियमित कार्य गरे भन्ने सम्बन्धमा परेको उजुरी उपर अनुसन्धान हुँदा दुर्गामाया लिम्बु, निजकी छोरी धन कुमारी लिम्बु र ज्वाईं बाबुराम लिम्बु समेतका व्यक्तिहरु सार्वजनिक जवाफदेहीको पदमा बहाल रहेका राष्ट्रसेवक नभएका हुँदा भ्रष्टाचार निवारण ऐन, २०५९ र अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ समेतको क्षेत्राधिकार भित्र समेटिने व्यक्तिहरु नहुँदा निजहरुले उक्त गलत कागजात बनाएका बिषयमा सम्बन्धित अड्डा अदालतबाट कारवाही हुने नै देखिएकोले आयोगबाट कारवाही गरी रहनु पर्ने अवस्था नदेखिएकोले उक्त उजुरीलाई आयोगको मिति २०६२/२/१६ को निर्णयानुसार तामेलीमा राखिएको ।

३४. आयोगमा परेको नि.द.नं.१०८८९ मिति ०६२।२।६ को सर्लाही जिल्ला धनकौल (पूर्व) गा.वि.स. का सचिव रामचन्द्र चौधरी समेतले किर्ते दस्तखत गरी गा.वि.स. को रकम झिकी मासी खाएको भन्ने विषयको दरस राय समेतको उजुरी निवेदन जिल्ला प्रशासन कार्यालय, सर्लाहीमा परी सो उपर अनुसन्धान पूरा गरी उक्त कार्यालयका प्रमुख जिल्ला अधिकारीबाट आयोगमा उजुरी प्रतिवेदन एवं मिसिल कागजात उपर छलफल गर्दा उक्त गा.वि.स. को उक्त योजना पूरा भैसकेको, पेश्की फछ्यौंट गरी बाँकी रकम सोधभर्ना गर्नु नै पर्ने भएकोले सो रकम उपभोक्ता समितिका अध्यक्षको एकाघरको पितालाई सही गराई चेक दिएको, चेकको पछाडी पट्टी भुक्तानी लिनेमा गणेश महतोले नै सही गरेको, निज गणेश महतो १० वर्षसम्म सोही गा.वि.स. को वडा अध्यक्ष भै काम गरेको व्यक्ति भएको भन्ने बुझिएको र चेक साटिएको करीव ६ महिना पछि मात्र रकम नपाएको भनि जिल्ला प्रशासन

कार्यालयमा उजुरी दिएको देखिएबाट गणेश महतोलाई चेकमा सही गराई गा.वि.स. सचिव र अ.हे.व. ले रकम लिई खाएको भनी विश्वास गर्न सक्ने अवस्था समेत नदेखिंदा उजुरी उपर केही गरिरहनु नपर्ने गरी आयोगको मिति २०६२/२/१९ को निर्णयानुसार तामेलीमा राखिएको ।

३५. काठमाण्डौं जिल्ला चपली भद्रकाली गा.वि.स.वडा नं.९(ग) २, कि.नं.६४४ को क्षे.फ.०-१०-२-२ र कि.नं.६४५ को क्षे.फ.०-४-०-२ जग्गा बाँडफाँड गर्दा भूमिसुधार अधिकारी वैद्यनाथ चौधरीले मोही विष्णु मगरबाट मोटो रकम खाई ओहदाको दुरुपयोग गरी मोहीलाई बढी मोल जाने र जग्गाधनीलाई कम मूल्यको जग्गा पर्ने गरी बाँडफाँड गरेको मर्का पर्न गएको हुंदा निज भूमिसुधार अधिकारीलाई आवश्यक कारवाही गरिपाउं भनी जग्गा धनी भोला घिमिरेको तर्फबाट परेको उजुरी उपर अनुसन्धान तहकिकात भै पेश हुन आएको प्रतिवेदनमा छलफल हुंदा बाँडफाँड भएको जग्गाको अवस्थिति र स्वरुप हेर्दा भूमिसुधार अधिकारीले अन्यथा गरी बाँडफाँड गरेको भन्न सकिने अवस्था पनि नदेखिएको, मोही र जग्गाधनीको बीचमा जग्गा बाँडफाँड गर्दा दुवै कित्ताको कुल क्षेत्रफलको आधा-आधा पर्ने गरी भूमिसुधार अधिकारीबाट निर्णय भएकोमा नरम करम मिलेको छैन भनी जग्गाधनीको तर्फबाट सर्वोच्च अदालतमा रिट निवेदन दर्ता भएको भन्ने व्यहोरा फाइल संलग्न भूमिसुधार कार्यालयको लिखित जवाफबाट देखिन आएकोले प्रस्तुत निवेदन आयोगको मिति २०६२/२/१९ को निर्णयानुसार तामेलीमा राखिएको ।

३६. प्राथमिक विद्यालय पौष्टिक आहार परियोजना वैतडीले पौष्टिक आहार सम्बन्धी खाजा व्यवस्थापन समितिका सदस्य र शिक्षकको तालीम संचालनको लागि प्राप्त रकम हिनामिना गरी पौष्टिक आहार ढुवानी र वितरणमा अनियमितता समेत गरेकोले कारवाही गरिपाउं भनी आयोगमा परेको उजुरीका सम्वन्धमा शिक्षाको लागि खाद्य कार्यक्रम परियोजनासंग बुझ्दा तालीम वापत खर्च भएको रकम सोझै विश्व खाद्य कार्यक्रमबाट व्यहोरिएको भन्ने उल्लेख भई आएको,उजुरीमा औंल्याईएका अन्य अनियमितताको हकमा पुष्टी गर्ने आधारहरु उजुरी निवेदनमा खुलाउन नसकेका र तालीम कार्यक्रम संचालनमा भएको खर्च सम्बन्धी विवरण श्रेस्ता विश्व खाद्य कार्यक्रमको केन्द्रीय कार्यालयमा पेश गरेकै देखिंदा उक्त उजुरी निवेदन आयोगको मिति २०६२।२।२६ को निर्णयानुसार तामेलीमा राखिएको ।

३७. श्रम तथा रोजगार प्रवर्धन विभागमा कार्यरत शा.अ. राधाकृष्ण समेतका तीन जना शाखा अधिकृत र नायव सुब्बाको मिलोमतोमा व्यक्तिगत भिसालाई विभिन्न म्यान पावर कम्पनीको नाममा नक्कली डिमाण्ड वनाई त्यसैबाट पूर्व र अन्तिम स्वीकृती लिई मानिस विदेश पठाई करोडौंको अवैध सम्पत्ति आर्जन गरे भन्ने सम्वन्धमा परेको उजुरी उपर अनुसन्धान हुँदा यस सम्वन्धमा संकलित प्रमाणका आधारमा आरोप प्रमाणित हुन आउने स्थिति नदेखिएको हुंदा प्रस्तुत उजुरीलाई आयोगको मिति २०६२/२/२९ को निर्णयानुसार तामेलीमा राखिएको ।

३८. स्थानीय विकास मन्त्रालय अन्तरगत नेपाल इन्जिनियरिङ सेवा, सिभिल समूह, जनरल उप समूहका इन्जिनियरहरुको (रा.प. प्रथम र द्वितीय श्रेणी) कार्य क्षमताको आधारमा वढुवा हुने सूचना यसै आ.व. मा प्रकाशित भएपछि सामान्य प्रशासन मन्त्रालयको प्रत्यक्ष निर्देशनमा अनियमित कार्यहरु भएको भन्ने उजुरीका संवन्धमा अनुसन्धान हुँदा कुन कर्मचारीको कुन कुन सालको का.स.मू. अहिले भर्न लागेको, कस कसको सेवा अवधि वढुवा सूचना प्रकाशित भएपछि अहिले आएर जोडिएको र कस कसको कुन शैक्षिक योग्यता, जो सिभिल इन्जिनियरिंग होइन, सो उल्लेख नगरी समष्टी अर्थात गोलमोटल रुपमा उजूरी गरेवाट उपरोक्त सेवा समूह, उप समूह र श्रेणीको लोक सेवा आयोगको वढुवा सूचना नं.२३/०६०/६१ र २५/०६०/६१ अनुसार वढुवाकालागि दरखास्त फारम पेश गर्ने सवैको (७४ जनाको) कार्यसम्पादन मूल्याङ्कन फारम, नोकरी जोडिएका कागजात एवं सम्बन्धित शैक्षिक योग्यताको समकक्षताको विश्लेषण र छानवीन गर्ने सवै काम सामान्य प्रशासन मन्त्रालयबाट हुने नै गरेको र वढुवा समितिले पनि त्यसमा छानवीन गर्ने व्यवस्था रहेको । वढुवा समितिको निर्णय उपर लोक सेवा आयोगमा उजूरी दिन सकिने र लोक सेवा आयोगको निर्णयमा पनि चित्त नवुझे सर्वोच्च अदालतमा रिट जान सकिने कानूनी उपचार रहेको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८ को दफा १२ ख मा सार्वजनिक पद धारण गरेको व्यक्तिले गरेको निर्णय उपर प्रचलित कानून वमोजिम पुनरावेदन लाग्ने रहेछ भने आयोगले त्यस्तो निर्णय प्रभावित हुने गरी लेखी पठाउने छैन भन्ने उल्लेख भएको हुँदा सो उजूरी आयोगको मिति २०६२/२/३१ को निर्णयानुसार तामेलीमा राखिएको ।

३९. सिने साउण्ड एण्ड क्यासेट इण्डष्ट्रिज, कालिकास्थान, डिल्लीबजारका संस्थापक राजु कुमार राणाले नेपाल विकास बैंकका अध्यक्ष उत्तम पुन लगायत सोही इण्डष्ट्रिजका संचालकहरुलाई विपक्षी बनाई अनुचित कार्य गरेको आरोप लगाई आयोगमा गरेको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा प्राप्त कागजातको अध्ययनबाट उजुरी पुष्टि गर्ने आधार प्रमाण नदेखिएकोले प्रस्तुत उजुरी आयोगको मिति २०६२/३/१६ को निर्णयानुसार तामेलीमा राखिएको ।

४०. बागमती अञ्चल, सिन्धुपाल्चोक जिल्ला अन्तर्गत धुस्कुन गा.वि.स. सुकदल खोलाको सिरलाई मुख्य मुहान तुल्याई सिंचाई आयोजना सञ्चालन गर्दा धुस्कुन गा.वि.स.को अध्यक्ष रामबहादुर कार्कीको अध्यक्षतामा गठन भएको उपभोक्ता समितिले गुणस्तर बमोजिमको काम नगरी व्यापक रुपमा भ्रष्टाचार गरेकोले कारवाई गरी पाउँ भनी तत्कालीन विशेष प्रहरी विभागमा मिति २०४९।५।१० मा परेको उजूरीको अनुसन्धान भई यसअघि मिति २०५६।८।२१ को आयोगको निर्णयबाटै मुद्दा चलाउनु पर्ने अवस्था नदेखिएको भन्ने निष्कर्षमा पुगेको देखिँदा प्रस्तुत मिसिल आयोगको मिति २०६२/३/२२ को निर्णयानुसार तामेलीमा राखिएको ।

सम्पत्ति न्यायिक जांचबुझ आयोग, २०५८ को प्रतिवेदनमा वैध आयश्रोत भन्दा बढी सम्पत्ती भएकोले छानवीन हुनु पर्ने भनिएका तथा आयोगलाई अन्य स्रोतबाट प्राप्त भएका जानकारी एवं उजुरीहरु समेतबाट गैर कानूनी रुपमा सम्पत्ति आर्जन गरी अमिल्दो र अस्वाभाविक जीवनस्तर व्यतित गरिरहेका भनिएका देहायका व्यक्तिहरुको सम्पत्ति तथा त्यसको श्रोत सम्बन्धमा छानवीन गर्नमा आयोगबाट विभिन्न मितिमा विभिन्न अधिकृत खटाइयो । राष्ट्र सेवकले पेश गरेको सम्पत्ति विवरण अमिल्दो र अस्वाभाविक देखिएमा वा मनासिव कारण विना अमिल्दो र अस्वाभाविक जिवन स्तर यापन गरेमा वा आफ्नो हैसियत भन्दा बढी दान दातव्य दिएकोमा त्यस्तो सम्पत्तिको श्रोत निजले नै प्रमाणित गर्नु पर्नेछ भन्ने भ्रष्टाचार निवारण ऐनको व्यवस्थाको मर्मलाई समेत ध्यानमा राखी छानविन गर्दा निजहरुले सगोलको सम्पत्तिबाट बढे बढाएको, अंश वापत प्राप्त गरेको, दान, दातव्य, दाइजो, पेवा, उपहार, कृषि आय, घर बहाल, आफ्नो तथा परिवारका अन्य सदस्यहरुको पारिश्रमिक, विदेशमा सभा, सम्मेलन, गोष्ठी, तालिम, अध्ययनमा भाग लिई वा काम गरी बचत गरी ल्याएको रकम आदि आम्दानीका वैध श्रोतबाट प्राप्त रकमको अनुपातमा निजहरुले आर्जन गरेको चल अचल सम्पत्ति तथा अन्य खर्चहरु समेतको हिसाब गर्दा निजहरुको श्रोत खुलेको आयको तुलनामा अनुसन्धानबाट खुल्न आए सम्मका प्रमाणहरुबाट देखिएको कुल सम्पत्ति स्वाभाविकनै देखिन आई अमिल्दो र अस्वाभाविक देखिन/खुल्न नआएको प्रतिवेदन फाईल संलग्न भई निर्णयार्थ आयोगको विभिन्न बैठकहरुमा पेश भएकोमा पछि अन्य थप प्रमाण प्राप्त हुन आएमा सोही बखत पुनः अनुसन्धान लगायत कानून बमोजिमका कारवाहीहरु हुने नै हुँदा हाल भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३५ बमोजिम निजहरुको अनुसन्धान कारवाहीको फाइल तामेलीमा राखिएको छ ।

क्र.सं.	आयोगको निर्णय मिति	नाम, थर	साविक पद	साविक कार्यालय
१	२०६१।६।४	शशी बहादुर थापा	महानिर्देशक	शहरी विकास तथा भवन निर्माण विभाग
२	२०६१।६।४	पूर्णप्रसाद कडरीया	महानिर्देशक	शहरी विकास तथा भवन निर्माण विभाग
३	२०६१।६।४	चन्द्रलाल नकर्मी	उप-प्रबन्धक	नेपाल खानेपानी संस्थान
४	२०६१।६।७	महाप्रसाद अधिकारी	मुख्य व्यवस्थापक	नेपाल राष्ट्र बैंक
५	२०६१।६।२६	सूर्यभक्त श्रेष्ठ	प्रवन्धक	नेपाल खानेपानी संस्थान
६	२०६१।७।२	लोकमान सिंह कार्की	सचिव	जलश्रोत मन्त्रालय
७	२०६१।७।२	लक्ष्मण प्रसाद घिमिरे	राज्यमन्त्री	
८	२०६१।७।३	श्रीमती मोसम राजभण्डारी	प्रवन्धक	नेपाल दूर संचार संस्थान

९	२०६१।७।३	दीप वस्न्यात	महानिर्देशक	अर्थ मन्त्रालय
१०	२०६१।७।३	सुरेशराज उप्रेती	परियोजना प्रमुख	भुमिगत जलस्रोत विकास परियोजना
११	२०६१।७।१८	रामेश्वरी पन्त	निर्देशक	नेपाल राष्ट्र बैंक
१२	२०६१।७।२४	रामकृष्ण तिवारी	सह-सचिव	राष्ट्रिय योजना आयोग
१३	२०६१।७।२४	भास्करमान सिंह श्रेष्ठ	निर्देशक	नेपाल विद्युत प्राधिकरण
१४	२०६१।७।२४	डा. सहदेव भट्ट	सह-सचिव	शिक्षा तथा खेलकूद मन्त्रालय
१५	२०६१।७।३०	रुद्र वहादुर खड्का	कार्यकारी निर्देशक	नेपाल आयल निगम
१६	२०६१।७।३०	अच्युत प्रसाद चालिसे	प्र.ना.म.नि.	प्रहरी प्रधान कार्यालय अन्तर्गत
१७	२०६१।८।७	अमोघरत्न शाक्य	सिनियर डिभिजनल ईन्जिनियर.	सडक विभाग
१८	२०६१।८।९	दामोदर प्रसाद शर्मा (पाण्डे)	कार्यकारी निर्देशक	नेपाल राष्ट्र बैंक
१९	२०६१।८।१५	सूर्यनारायण मालाकार	कार्यकारी इन्जीनियर	नेपाल दूरसंचार संस्थान
२०	२०६१।९।५	राजेन्द्र प्रसाद शाह	तत्कालीन निर्देशक	नेपाल विद्युत प्राधिकरण
२१	२०६१।९।६	कुवेर सिंह राना	प्रहरी उपरीक्षक	प्रहरी प्रधान कार्यालय अन्तरगत
२२	२०६१।९।१९	बिजय कुमार गच्छदार	पूर्व मन्त्री	
२३	२०६१।९।२०	केशवप्रसाद उपाध्याय	निर्देशक	नेपाल विद्युत प्राधिकरण
२४	२०६१।९।२२	बलबहादुर के.सी.	मन्त्री	
२५	२०६१।९।२२	छविराज पन्त	महानिर्देशक	यातायात व्यवस्था विभाग
२६	२०६१।९।२८	बिनोदकुमार अर्याल	कार्यकारी निर्देशक	राष्ट्रिय वीमा संस्थान
२७	२०६१।९।२८	मुरारी रेग्मी	व्यवस्थापक	राष्ट्रिय बीमा संस्थान
२८	२०६१।१०।४	माधव प्रसाद खकुरेल	प्रवन्धक	नेपाल विद्युत प्राधिकरण
२९	२०६१।१०।६	नारायण काजी श्रेष्ठ	लेखा अधिकृत	राष्ट्रिय बाणिज्य बैंक
३०	२०६१।१०।६	रामप्रसाद अधिकारी	निर्देशक	नेपाल विद्युत प्राधिकरण
३१	२०६१।१०।६	उपेन्द्रदेव भट्ट	निर्देशक	नेपाल विद्युत प्राधिकरण
३२	२०६१।१०।१५	भरतप्रसाद उपाध्याय	समन्वयकर्ता	कृषि तथा सहकारी आयोजना
३३	२०६१।११।१०	ज्ञानेन्द्र कार्की	शाखा अधिकृत	काठमाण्डौं महानगरपालिका

३४	२०६१।११।१३	नारायण प्रसाद गौतम	उप-महानिर्देशक	जल उत्पन्न प्रकोप नियन्त्रण बिभाग
३५	२०६१।११।१७	श्रीमती उमा भट्ट	उपनिर्देशक	शाही नेपाल बायु सेवा निगम
३६	२०६१।१२।१७	उपेन्द्रकान्त अर्याल	प्र.उ.	प्रहरी प्रधान कार्यालय अन्तरगत
३७	२०६१।१२।१७	गणेश राई	प्र.ना.उ.	प्रहरी प्रधान कार्यालय अन्तरगत
३८	२०६२।१।१५	केशव प्रसाद अधिकारी	प्र. उ.	प्रहरी प्रधान कार्यालय अन्तरगत
३९	२०६२।१।१९	डा. भुवनरत्न स्थापित	पूर्व वरिष्ठ बैज्ञानिक	कृषि तथा सहकारी मन्त्रालय

परिच्छेद - १४
आयोगका अन्य गतिविधिहरु

(क) अन्तर्राष्ट्रिय सभा, सम्मेलन तथा अध्ययन भ्रमण :

१. २०६१ श्रावण २४ देखि भाद्र १ गतेसम्म आयोगका आयुक्तहरु इन्द्रकुमार श्रेष्ठ, ललितबहादुर लिम्बू, सहन्यायाधिवक्ता ठोक प्रसाद शिवाकोटी र उपसचिव जनकराज दाहाल सम्मिलित एक भ्रमण टोलीले हङकङ, सिंगापुर र अष्ट्रेलियाको भ्रमण सम्पन्न गऱ्यो । उक्त भ्रमणका अवसरमा भ्रष्टाचार विरुद्धका संस्थाहरुमा कार्यरत उच्चस्तरका अधिकारीहरुसंग भेटघाट गरी त्यहांको कार्यपद्धतिबारे जानकारी लिनुका साथै एक आपसमा अनुभवको आदान प्रदान गरिएको थियो ।

२. २०६१ असोज २३ देखि कर्तिक २१ गतेसम्म जर्मनीको युनिभर्सिटी अफ पासाउमा संचालन भएको Economics of Corruption सम्बन्धि अध्ययन भ्रमणमा आयोगका उपसचिव यादवप्रसाद कोईराला र शाखा अधिकृत ईन्द्रप्रसाद पौड्याललले भाग लिनु भएको थियो ।

३. २०६१ मंशिर १० देखि १२ गतेसम्म पाकिस्तानको लाहोरमा सम्पन्न "Conference on Combating Corruption In South Asia" मा सम्माननीय प्रमुख आयुक्त सूर्यनाथ उपाध्याय, नायव महान्यायाधिवक्ता चेतनाथ घिमिरे र सहन्यायाधिवक्ता युवराज सुवेदीको सहभागिता रहेको थियो ।

४. २०६१ मंसीर २४ देखि २५ गतेसम्म आयोगका प्रमुख आयुक्त सूर्यनाथ उपाध्यायले फ्रान्सको पेरीसमा फ्रान्सेली अर्थ मन्त्रालय, Organizaton for Ecoomic Cooperation and Development/Development Assistance Committee (OECD/DAC) र ट्रान्सपरेन्सी ईन्टरनेशनलको संयुक्त तत्वावधानमा आयोजित "Improving Donor Effectiveness in Combating Corruption" नामक उच्च स्तरीय सम्मेलनमा भाग लिनु भयो । उक्त सम्मेलनको पूर्ण बैठकका जम्मा ३ जना वक्ताहरु मध्ये प्रमुख आयुक्त उपाध्याय पनि एक हुनुहुन्थ्यो । सो सम्मेलनको पूर्ण बैठकलाई सम्बोधन गर्दै वहांले भ्रष्टाचार नियन्त्रणमा नेपालले चालेका कदमहरु, दातृ निकायहरुको भूमिका र त्यसलाई अझ प्रभावकारी बनाउने उपायहरुका सम्बन्धमा प्रकाश पार्नु भएको थियो ।

५. २०६१ मंसिर २७ देखि पुष ३ गते सम्म अधिकृत स्तरका कर्मचारीहरुको एक टोलीले हङकङको Independent Commission Against Corruption (ICAC) को अवलोकन भ्रमण सम्पन्न गऱ्यो । यस भ्रमणमा आयोगका सिनियर डिभिजनल इन्जिनीयर सुधिरमान वैश्यत, शाखा अधिकृतहरु होमबहादुर खड्का र कोमलबहादुर खत्री तथा नेपाल अधिराज्यका महान्यायाधिवक्ताको कार्यालयका तर्फबाट उप न्यायाधिवक्ता कृष्णजिवी घिमिरे रहनु भएको थियो । यस कार्यक्रमलाई यु.एस.ए.आई.डी./ए.आर.डी. इन्क रुल अफ ल प्रोजेक्टले सहयोग गरेको थियो ।

६. २०६१ पौष ३ देखि ५ गतेसम्म करांची, पाकिस्तानमा आयोजना भएको Transparency

International (TI) South Asia Regional Wokshop on National Integrity Systems विषयक क्षेत्रीय गोष्ठीमा आयोगका सचिब भरत बहादुर थापाले भाग लिनु भएको थियो । उक्त क्षेत्रीय गोष्ठीको अन्त्यमा "The Absence of Political will is a Critical Constraint that Hinders the Effective Implementation of Anti-Coruption Reform in South Asia" भन्ने घोषणा पत्र जारी गरिएको थियो ।

७. २०६१ माघ १२ गते देखि माघ २३ गते सम्म आयुक्त वासुदेव लामिछानेको नेतृत्वमा आयुक्त वेदप्रसाद सिवाकोटी, सहसचिव रत्नकाजी बज्राचार्य, सहन्यायाधिवक्ताहरु कुमार चुडाल र महेश थापा सम्मिलित एक भ्रमण टोलीले कोरिया, थाइल्याण्ड र मलेशियाको अवलोकन भ्रमण सम्पन्न गऱ्यो । सो टोलीले भ्रष्टाचार विरुद्धका संस्थाहरुमा कार्यरत उच्च स्तरका अधिकारीहरुसंग भेटघाट गरी अनुभवको आदान प्रदान ग-यो । उक्त टोलीले आयोगको कार्यपद्धति बारे जानकारी गराउनुका साथै त्यहांका भ्रष्टाचार विरुद्ध कार्यरत संस्थाहरुबारे बिस्तृत जानकारी हासिल गऱ्यो ।

८. २०६२ बैशाख ६ देखि ८ गतेसम्म भियतनामको हनोईमा सम्पन्न ADB-OECD, Sixth Steering Group Meeting मा नेपालको तर्फबाट सम्माननीय प्रमुख आयुक्त श्री सूर्यनाथ उपाध्यायको नेतृत्वमा सुपरीटेन्डेन्ट इन्जिनियर श्री तुलसीप्रसाद सिटौला रहनुभएको दुई सदस्यीय टोली सहभागी भएको थियो ।

९. २०६२ असार ३० गते आयोगका नायव महान्यायाधिवक्ता श्री चेतनाथ घिमिरेको नेतृत्वमा सहसचिवद्वय रत्नकाजी वज्राचार्य र लक्ष्मणकुमार पोखरेल तथा प्रहरी नायव महानिरीक्षक दिपकसिं थाङ्गदेनको टोलीले भारतको सि.वि.आई. एकेडमी तथा महाराष्ट्रको लोकायुक्तको कार्यालयको अवलोकन भ्रमण गरेको थियो ।

(ख) <u>आन्तरिक गतिविधिहरुः</u>

१. २०६१ श्रावण २९ गते आयोगको सभा कक्षमा “भ्रष्टाचार नियन्त्रणमा नागरिक सहभागिता” विषयक छलफल कार्यक्रमको आयोजना भएको थियो । सो कार्यक्रममा प्रमुख आयुक्त सूर्यनाथ उपाध्याय, आयुक्तहरु वासुदेव लामिछाने र वेद प्रसाद शिवाकोटी, सचिव बालकृष्ण प्रसाई तथा आयोगका सल्लाहकारहरु र अन्य कर्मचारीहरुको उपस्थिति रहेको थियो । नागरिक समाजका तर्फबाट पूर्व प्रमुख आयुक्तहरु राधारमण उपाध्याय र मधुसुदनप्रसाद गोर्खाली, पूर्व मुख्य सचिव डा. ईश्वरप्रसाद उपाध्याय, निर्वाचन आयोगका पूर्व प्रमुख निर्वाचन आयुक्त अच्यूतराज राजभण्डारी, पूर्व आयुक्त कृष्णबल्लभ शर्मा काफ्ले, प्रेस इन्सिच्यूटका प्रमुख गोकूल पोखरेल, गैर सरकारी संस्था महासंघका अध्यक्ष डा. अर्जुन कार्की, प्रो-पब्लिकका निर्देशक केदार खड्का, ट्रान्सपरेन्सी इन्टरनेसनल नेपालका अध्यक्ष कुलशेखर शर्मा र निर्देशक आशिष थापा, फ्याक्ट नेपालका प्रकाश भट्टराई, भ्रष्टाचार बिरुद्ध अनुसन्धान तथा संचार केन्द्र (रिमेक) नेपालका सदस्य कृष्ण भण्डारी, भ्रष्टाचार बिरुद्ध राष्ट्रिय अभियान नेपालका कोमल नाथ सुवेदी, मधुसुदन ढकाल, कान्तिपुर पब्लिकेसनका हरिबहादुर थापा, नेपाल समाचारपत्रका पी.बी.पोखरेल, अन्नपूर्णपोष्ट दैनिकका विष्णु सुवेदी, रेडियो सगरमाथाका भरतराज पौडेल, सचेत नागरिक अध्ययनका सन्तोष शाह, सचेत नागरिक नेपालका उपाध्यक्ष शरदराज सापकोटाको सहभागिता रहेको थियो । उक्त अवसरमा ‘भ्रष्टाचार नियन्त्रणमा

नागरिक समाजसँगको सहकार्य' र 'भ्रष्टाचार नियन्त्रणमा नागरिक सहभागिता' विषयका दुई वटा कार्यपत्रहरु प्रस्तुत गरिएको थियो ।

२. २०६१ भाद्र ७ गते मन्त्रिपरिषद समक्ष आयोगका प्रमुख आयुक्त सूर्यनाथ उपाध्यायले आयोगको गतिविधि तथा मन्त्रिपरिषदसँगको अपेक्षा समेटिएको कार्यपत्र प्रस्तुत गर्नु भयो । कार्यपत्रमा आयोगको संक्षिप्त जानकारी, जनशक्ति, विद्यमान कानुनी व्यवस्था, आयोगको कार्यप्रणाली, आयोगको दूरगामी लक्ष्य र रणनीति, अधिकार प्रत्यायोजन, आयोगले भ्रष्टाचार निवारणमा खेलेको निरोधात्मक भूमिका र आयोगले श्री ५ को सरकारको ध्यानाकर्षण गर्न चाहेका विषयहरु समेटिएको थियो । सो कार्यक्रममा प्रधानमन्त्री, मन्त्रीहरु लगायत आयोगका सबै आयुक्तहरु, सचिव र उच्च पदस्थ कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

३. २०६१ असोज २ र ३ गते आयोगमा अनुसन्धान प्रकृया विषयक दुई दिने प्रशिक्षण सम्पन्न भयो । कार्यक्रमको शुभारम्भ आयुक्त ललितवहादुर लिम्बूले गर्नु भएको थियो । सो प्रशिक्षणमा नायव महान्यायाधिवक्ता चेतनानाथ घिमिरे, सहन्यायाधिवक्ताहरु सूर्यप्रसाद कोइराला, युवराज सुवेदी र कुमार चुडालले आ-आफ्नो कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । उक्त प्रशिक्षणमा २०६० असार देखि आयोगमा पदस्थापना वा सरुवा भै कार्यरत रहेका उपसचिव तथा शाखा अधिकृतहरु गरी जम्मा २४ जनाको सहभागिता रहेको थियो ।

४. २०६१ असोज ६ गते, आयोगका प्रमुख आयुक्त, आयुक्तहरु, सचिव तथा उच्च पदस्थ कर्मचारीहरु र राष्ट्र बैंकका विशिष्ट श्रेणीका कर्मचारीहरु बीच वित्तीय तथा आर्थिक क्षेत्रमा हुने भ्रष्टाचार नियन्त्रणका लागि सहकार्य गर्ने उद्देश्यले अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो । उक्त कार्यक्रममा कर्जा सूचना केन्द्रको प्रभावकारिता, बैंकहरुको निरीक्षण र प्रतिवेदनको कार्यान्वयन, कर्जा प्रवाह र असूली तथा अन्य विविध विषयहरुमा छलफल गरिएको थियो ।

५. २०६१ असोज ९ र १० गते आयोगमा कार्यरत सहायक स्तरका ३० जना कर्मचारीहरुलाई अनुसन्धान प्रकृयामा सहायक कर्मचारीहरुको भूमिका विषयक २ दिने तालीम प्रदान गरियो । कार्यक्रममा आयोगको समग्र चिनारी, उजुरी दर्ता देखि मुद्दा दर्ता सम्मको कार्यविधि तथा कानून, प्रमाण संकलन विधि, अनुसन्धानमा सहायक कर्मचारीको भूमिका, अभिलेख व्यवस्थापन ईत्यादि विषयहरुमा प्रशिक्षण दिइएको थियो । कार्यक्रमको शुभारम्भ आयुक्त ललितबहादुर लिम्बूले गर्नु भएको थियो । शाखा अधिकृत नेत्रप्रसाद सुवेदी संयोजक रहेको सो कार्यक्रममा प्रशिक्षकको रुपमा सहसचिवहरु रत्न काजी बज्राचार्य र लक्ष्मण कुमार पोखरेल, सहन्यायाधिवक्ताहरु सूर्यप्रसाद कोइराला र ठोक प्रसाद शिवाकोटी, उपसचिवहरु भानुभक्त निरौला, इन्द्रकुमार चोङ्गटेन्ली, यादवप्रसाद कोइराला र सुरेश अधिकारी, उपन्यायाधिवक्ता किरण पौड्याल र शाखा अधिकृत चक्रपाणी पाण्डे रहनु भएको थियो ।

६. २०६१ असोज १५ गते फोकल प्वाइन्टहरुको लागि अभिमुखिकरण कार्यक्रम संचालन गरियो । यो कार्यक्रममा आयोगका प्रमुख आयुक्त तथा सबै आयुक्तहरुको उपस्थितिका साथै आयोगका नायव महान्यायाधिवक्ता चेतनाथ घिमिरे र आयोगमा कार्यरत सबै महाशाखा प्रमुखहरुको सहभागिता रहेको थियो । उक्त कार्यक्रममा विभिन्न मन्त्रालय

तथा अन्य निकायहरुका गरी २२ जनाको सहभागिता रहेको थियो । कार्यक्रमको प्रमुख उद्देश्य फोकल प्वाइन्टहरुलाई आयोगको कार्यप्रणाली बारे परिचित गराउनु, आयोगको निर्णय कार्यान्वयन कसरी गर्ने भन्ने बारे स्पष्ट पार्नु र आयोगको निर्णय कार्यान्वयनमा आइपरेका समस्याहरु पहिचान गरी ती समस्याहरुको समाधानका उपायहरु पहिचान गर्नु रहेको थियो । कार्यक्रममा सहसचिव रत्नकाजी बज्राचार्य र सहन्यायाधिवक्ता सूर्यप्रसाद कोइरालाले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो ।

७. २०६१ असोज २३ गते आयोगमा कार्यरत मध्ये २८ जना उपसचिवस्तरका कर्मचारीहरुको लागि एक दिने 'लेखनशैली अभिवृद्धि कार्यशाला' संचालन गरिएको थियो । यस कार्यक्रमको पहिलो सत्रमा नायव महान्यायाधिवक्ता चेतनाथ घिमिरेले बयान, प्रतिवेदन र निर्णय लेखन सम्बन्धी र दोश्रो सत्रमा सहन्यायाधिवक्ता युवराज घिमिरेले आयोगका आरोप-पत्रहरुको विविध पक्ष विषयक कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । कार्यक्रममा कानुनी सल्लाहकार नन्दवहादुर सुवेदी पनि छलफलमा सहभागी भै प्रतिवेदन तयार गर्ने सम्वन्धमा सहभागीहरुका जिज्ञासा मेटाउने प्रयास गर्नुभएको थियो । कार्यक्रममा प्रमुख आयुक्तको पनि समुपस्थिति रहेको थियो । त्यसै गरी भोलिपल्ट २४ गते आयोगमा कार्यरत मध्ये ३३ जना तृतीय श्रेणीका अधिकृतस्तरका कर्मचारीहरुका लागि पनि सोही विषयको कार्यशाला आयोजना गरिएको थियो ।

८. २०६१ असोज २५ गते प्रशासनिक तथा सार्वजनिक क्षेत्रका भ्रष्टाचार, अनियमितता तथा ढिलासुस्ती रोक्न सरकारी निकायहरु नै बढी जिम्मेवार र सक्रिय हुनुपर्ने र यसको लागि सहकार्य गर्ने उद्देश्यका साथ आयोगमा राष्ट्रिय सतर्कता केन्द्र, राजस्व अनुसन्धान विभाग, कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालय र नेपाल प्रहरीको अपराध अनुसन्धान विभागका प्रमुखहरुको सहभागितामा भ्रष्टाचार विरोधी निकायहरुको प्रभावकारिता विषयक अन्तरक्रिया कार्यक्रमको आयोजना गरियो । कार्यक्रममा प्रमुख आयुक्त तथा सबै आयुक्तहरु र आयोगका सचिव, महाशाखा प्रमुखहरु र अन्य कर्मचारीहरुको सहभागिता रहेको थियो । कार्यक्रममा ती निकायबाट भैरहेका कार्यहरु, चुनौति एवं समस्याहरु र अपेक्षित सुधारका विषयहरुमा प्रत्येक निकायले कार्यपत्र प्रस्तुत गरेका थिए । सहकार्यलाई मूर्त रुप दिन एक समन्वय समिति बनाउनुपर्ने आवश्यकतामा कार्यक्रमका सहभागीहरु सहमत भएका थिए ।

९. २०६१ मंसीर १९ गते आयोगका रा. प. द्वितिय र तृतीय श्रेणीका अधिकृतहरुले र मंसीर २० गते रा. प. प्रथम श्रेणीका अधिकृतहरु, सचिब र आयुक्तहरुले Training Need Assessment (TNA) सम्बन्धि दुई छुट्टाछुट्टै कार्यशाला गोष्ठिमा भाग लिनु भएको थियो । मंसीर २० गतेको कार्यशाला गोष्ठिमा प्रमुख आयुक्त लगायत आयुक्तहरु, सचिव तथा सवै अधिकृतहरुको पनि सहभागिता थियो । उक्त २ कार्यशाला गोष्ठिहरु DANIDA र DFID को सहयोगमा आयोगबाट आयोजना गरिएको थियो ।

१०. २०६१ मंसिर २३ गते, आयोगका आयुक्तहरु तथा उच्च पदस्थ अधिकारीहरु र क्षेत्रीय प्रशासकहरु बीच आयोगबाट प्रत्यायोजित अधिकार बमोजिम अनुसन्धान तहकिकातको कार्यलाई अझ प्रभावकारिताका साथ सम्पन्न गर्ने सम्बन्धमा छलफल तथा अन्तरक्रिया गरियो ।

११. २०६१ मंसिर २८ गते काठमाण्डौंको टंगालमा आयोगको नयां भवनको शिलान्यास तत्कालिन प्रधानमन्त्री शेरबहादुर देउवाले एक समारोहका बीच गर्नुभएको थियो । उक्त भवनको लागि १९ रोपनी ५ आना जग्गा श्री ५ को सरकारले उपलब्ध गराएको छ । उक्त भवन पूर्ण रुपमा नेपाली शैलीमा निर्माण हुने र सो भवनमा १२३ कोठाहरु रहने छन भने उक्त भवन जम्मा ५ तलाको हुनेछ । भवन निर्माणका लागि कूल २० करोड ८० लाख लाग्ने अनुमान गरिएको छ । भवनको निर्माण कार्य यसै आर्थिक बर्ष भरीमा सम्पन्न गर्ने लक्ष्य राखिएको छ । यसको लागि काठमाण्डौं महानगरपालिकाबाट रु. १० करोड उपलब्ध हुनेछ भने अन्य रकम श्री ५ को सरकारवाट उपलब्ध हुने व्यवस्था मिलाइएको छ ।

१२. २०६१ माघ ९ देखि १० गते सम्म वीरगञ्जमा भ्रष्टाचार नियन्त्रणका लागि जनचेतना विषयक दुई दिने क्षेत्रीय गोष्ठी सम्पन्न भयो । गोष्ठीमा नेपालमा भ्रष्टाचार निवारण पद्धतिको समग्र समीक्षाः उपलब्धी र चुनौतीहरु, भ्रष्टाचार विरुद्ध संयुक्त राष्ट्रसंघीय महासन्धि र नेपाल, सम्पत्ति विवरण दिनुपर्ने अनिवार्य कानूनी व्यवस्था र यसको अनुगमन, राजस्व चुहावट नियन्त्रण तथा रोकथाममा राजस्व अनुसन्धान विभागको दायित्व र चुनौती, स्थानीय निकायमा सरकारी निकायहरुको प्रभावकारिता र भ्रष्टाचार नियन्त्रणमा व्यक्ति र नागरिक समाजको दायित्व समेत जम्मा ६ बिषयमा कार्यपत्रहरु प्रस्तुत गरिएका थिए । ती कार्यपत्रहरु क्रमशः अख्तियार दुरुपयोग अनुसन्धान आयोग, न्याय परिषद, राष्ट्रिय सतर्कता केन्द्र, राजश्व अनुसन्धान विभाग, क्षेत्रीय प्रशासक र प्रो पब्लिकका तर्फबाट प्रस्तुत गाएिको थियो । यी सबै कार्यपत्रहरु उपर सहभागीहरु बीच व्यापक छलफल भएको थियो । आयोगवाट आयुक्त वेद प्रसाद शिवाकोटी, सचिव भरत बहादुर थापा, र न्याय परिषद्का सचिव काशिराज दाहाल समेतको उपस्थितिमा सम्पन्न उक्त गोष्ठीमा क्षेत्रीय प्रशासक, क्षेत्रीय निर्देशकहरु, पर्सा र बाराका प्रमुख जिल्ला अधिकारीहरु लगायत विभिन्न सरकारी कार्यालयका प्रमुखहरु, नागरिक समाज, स्थानीय बुद्धिजिवी, पेशागत संघ संस्था र पत्रकारहरु गरी ६५ जना भन्दा बढीको सहभागीता रहेको थियो । गोष्ठीको अन्त्यमा सहभागीहरुको सहमतिमा १२ बूंदे वीरगञ्ज घोषणा पत्र पारित गरिएको थियो । उक्त गोष्ठी टीआई नेपालको सहयोगी समूह वीरगञ्ज र यू.एस.ए.आई.डी./ए.आर.डी., इन्क रुल अफ ल प्रोजेक्टको सहयोगमा संचालन भएको थियो ।

१३. २०६१ माघ २८ गते अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पहिलो पटक विविध कार्यक्रमहरुको आयोजना गरी "अख्तियार स्थापना दिवस २०६१" सम्पन्न गऱ्यो । नेपाल अधिराज्यको संविधान २०४७ प्रारम्भ भएपछि २०४७ माघ २८ गतेका दिन आयोगको गठन भएको थियो । आफ्नो संस्था गठन भएको यसै दिनलाई आयोगले स्थापना दिवसका रुपमा मनाउने परम्पराको थालनी स्वरुप पहिलो पटक यो दिवस मनाइएको थियो । दिवस मनाउने क्रममा विहान आयोगको बबरमहल स्थित प्राङ्गणमा प्रमुख आयुक्त तथा आयुक्तहरुबाट श्रीखण्ड, कपूर, बेल लगायतका प्रजातिका बिरुवाहरु रोपिएको थियो । त्यसै गरी आयुक्त वेदप्रसाद शिवाकोटी लगायत आयोगमा कार्यरत ५२ जना कर्मचारीहरुले रक्तदान गर्नु भएको थियो । अख्तियार दिवस कार्यक्रम ५ विकास क्षेत्रका क्षेत्रीय प्रशासन कार्यालयहरु र ७५ जिल्ला प्रशासन कार्यालयहरुले पनि विविध कार्यक्रमहरुको आयोजना गरी मनाएका थिए । यसै क्रममा नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानमा आयोगले आयोजना गरेको समारोहको सभापतित्व परराष्ट्र मन्त्री रमेशनाथ

पाण्डेले गर्नुभएको थियो । कार्यक्रममा अधिकांश मन्त्रीहरु, श्री ५ को सरकारका मुख्य सचिव, सचिवहरु र अन्य उच्च पदस्थ कर्मचारीहरुको उपस्थिति रहेको थियो । स्थापना दिवशको अवसर पारी आयोगले नेपाल अधिराज्यका क्याम्पसमा स्नातक तहमा अध्ययनरत छात्र, छात्राहरु सहभागी हुने गरी भ्रष्टाचार विरोधी लेख रचनाको प्रतियोगिताको आयोजना गरेकोमा छात्रतर्फ शंकरदेव क्याम्पसका विजयराज घिमिरे प्रथम, युनिभर्सल कलेज अफ मेडिकल साइन्सेस, भैरहवाका अजय रिसाल द्वितीय र इन्स्टिच्युट अफ मेडिसिन, महाराजगञ्जका संजीवराज न्यौपाने तृतीय हुनुभएको थियो । त्यसैगरी छात्रातर्फ क्यापिटल कलेज एण्ड रिसर्च सेण्टर, काठमाण्डौंका मिथिला गौतम प्रथम, काठमाण्डौ कलेज अफ मेनेजमेण्ट, काठमाण्डौंका विन्दिया झा द्वितीय र जनभावना क्याम्पस, ललितपुरका सुजाता अर्याल तृतीय हुनुभएको थियो । प्रतियोगितामा प्रथम हुनेलाई आयोगका आयुक्त इन्द्रकुमार श्रेष्ठले रु.१० हजार, द्वितीय हुनेलाई रु.६ हजार र तृतीय हुनेलाई रु.४ हजार नगद तथा प्रमाणपत्र वितरण गर्नुभएको थियो । त्यसै गरी उहांले २०६० पौष १ गतेदेखि २०६१ मंसिर मसान्त भित्र सञ्चार माध्यममा प्रकाशित भ्रष्टाचार सम्बन्धी लेख-रचना र रिपोर्टका स्रष्टाहरु मध्येबाट उत्कृष्ट तीन जनालाई जनही रु.१० हजार पुरस्कारका साथै प्रमाणपत्र वितरण गर्नुभएको थियो । यसरी पुरस्कार पाउनेहरुमा कान्तिपुर दैनिकका स्तम्भकार हरिबहादुर थापा, नेपाल समाचारपत्रका रिपोर्टर पी.बी.पोखरेल र जनसंघर्ष दैनिकका सम्पादक बालकृष्ण चापागाई हुनुहुन्थ्यो ।

१४. आयोगबाट २०६१ फागुन ८ देखि ९ गते सम्म विराटनगरमा "भ्रष्टाचार नियन्त्रणमा स्थानीय सहभागिता" विषयक दुई दिने क्षेत्रीय गोष्ठी सम्पन्न गऱ्यो । गोष्ठीमा ७ वटा कार्यपत्रहरु प्रस्तुत गरिएका थिए । गोष्ठीमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, न्याय परिषद, राष्ट्रिय सतर्कता केन्द्र, राजश्व अनुसन्धान विभाग, पूर्वाञ्चल क्षेत्रीय प्रशासन कार्यालय, प्रो पब्लिक तथा रिमेक नेपाल समेतका तर्फबाट कार्यपत्रहरु प्रस्तुत गरिएका थिए । आयोगका आयुक्त ललितबहादुर लिम्बू, सचिव भरत बहादुर थापा, नायव महान्यायाधिवक्ता चेतनाथ घिमिरे र न्याय परिषद्का सचिव काशिराज दाहाल समेतको उपस्थितीमा सम्पन्न सो गोष्ठीमा क्षेत्रीय प्रशासक, क्षेत्रीय निर्देशकहरु, मोरंग, सुनसरी, सप्तरी, सिराहा र धनकुटाका प्रमुख जिल्ला अधिकारीहरु लगायत विभिन्न सरकारी कार्यालयका प्रमुखहरु, नागरिक समाज, स्थानीय बुद्धिजिवी, पेशागत संघ संस्था र पत्रकारहरु गरी सय जना भन्दा बढीको सहभागीता रहेको थियो । गोष्ठीबाट १३ बुंदे विराटनगर घोषणा पत्र पारित गरिएको थियो । उक्त गोष्ठी प्रो पब्लिक, टीआई नेपालको सहयोगी समूह विराटनगर र यू.एस.ए.आई.डी/ए.आर.डी., इन्क रुल अफ ल प्रोजेक्टको सहयोगमा संचालन भएको थियो ।

१५. २०६१ फागुन २८ गते आयोगको सभाकक्षमा महालेखा परीक्षकको विभागबाट कायम भएको बेरुजु असुल उपर वा फछ्यौंट गर्नेबारे आयोगका प्रमुख आयुक्त, आयुक्तहरु र श्री ५ को सरकारका मुख्य सचिव, विभिन्न मन्त्रालय, आयोग, सचिवालय र कार्यालयहरुमा कार्यरत श्री ५ को सरकारका विशिष्ट श्रेणीका अधिकृतहरुबीच छलफल कार्यक्रम सम्पन्न भयो । 'असुल उपर गर्नुपर्ने बेरुजु फछ्यौंटको कानूनी व्यवस्था' बारे आयोगका तर्फबाट उपसचिव सुरेश अधिकारीले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

१६. २०६१ फागुन २९ र ३० गते यु.एस.ए.आई.डी./ए.आर.डी. इन्क रुल अफ ल प्रोजेक्टको सहयोगमा आयोगले अनुसन्धान तथा भ्रष्टाचारका केसहरुको परीक्षण

विषयक दुई दिने सेमिनार सम्पन्न ग-यो । उक्त सेमिनारमा प्रशिक्षकका रुपमा डी.एफ.आई.डी.का वरिष्ठ सल्लाहकार रिचर्ड माइल्स र ए.आर.डी./यु.एस.ए.आई.डी. का माइकेल जेनेलिन रहनुभएको थियो । उक्त सेमिनारमा आयोगबाट उच्चस्तरका पदाधिकारी समेत ५३ जना अधिकृतहरु, महान्यायाधिवक्ताको कार्यालयबाट १८ जना अधिकृतहरु, विशेष अदालतबाट ३ जना र उपत्यका बाहिरका सरकारी वकिलहरु ५ जना गरी जम्मा ७९ जनाको सहभागिता रहेको थियो । आयोगका प्रमुख आयुक्त, आयुक्तहरु, सचिव र नायव महान्यायधिवक्ता उक्त गोष्ठीमा उपस्थित रहनुका साथै छलफल कार्यक्रममा सकृय सहभागी हुनुभएको थियो ।

१७. २०६१ चैत्र १९ गते नागरिक समाजले अख्तियार दुरुपयोग अनुसन्धान आयोग र राष्ट्रिय सतर्कता केन्द्रसंग मिली के कसरी सहकार्य गर्ने भन्ने बिषयमा आयोगका प्रमुख आयुक्त सूर्यनाथ उपाध्याय, का.मु. सचिव रेवतीराज काफ्ले लगायत नागरिक समाजका व्यक्तित्वहरु बीच एउटा छलफल तथा अन्तरक्रिया कार्यक्रमको आयोजना गरिएको थियो ।

१८. २०६१ चैत्र २२ देखि ३० गते सम्म अधिकृत कर्मचारीहरुको लागि भ्रष्टाचार नियन्त्रण विषयक प्रथम आधारभूत तालीम संचालन गरियो । उक्त तालीममा आयोगबाट १२ जना, राष्ट्रिय सतर्कता केन्द्रबाट २, क्षेत्रीय प्रशासन कार्यालयहरुबाट ५ र जिल्ला प्रशासन कार्यालयहरुबाट ५ जना गरी जम्मा २४ जनाको सहभागिता रहेको थियो ।

१९. २०६२ वैशाख ८ गते आयोगका सबै आयुक्तहरु तथा नव नियुक्त क्षेत्रीय प्रशासक र अंचल प्रशासकहरु बीच परिचयात्मक कार्यक्रम तथा अन्तरक्रिया सम्पन्न गरियो । सो कार्यक्रममा खास गरी आयोगको परिचय, कार्य प्रकृया, भ्रष्टाचार नियन्त्रणमा सम्बद्ध राष्ट्रिय तथा अन्तरराष्ट्रिय संघसंस्थाहरु, प्रारम्भिक तथा विस्तृत छानवीन प्रकृया, बयान, सोधपुछ, प्रतिवेदन तथा आरोप पत्र लेखन, निगरानी, सूचना संकलन अदालती कार्य प्रकृया आदि विषयहरुबारे जानकारी दिइएको थियो ।

२०. २०६२ साल वैशाख १२ देखि १३ गते सम्म आयोग र राष्ट्रिय सतर्कता केन्द्रको संयुक्त तत्वावधानमा पोखरामा "भ्रष्टाचार नियन्त्रणमा स्थानीय सहभागिता" विषयक दुई दिने क्षेत्रीय गोष्ठी आयोजना भएको थियो । सो गोष्ठीमा ५ वटा कार्यपत्रहरु प्रस्तुत गरिएका थिए । आयोगका आयुक्त वासुदेव लामिछाने, गण्डकी अंचल प्रशासक कुमार बहादुर कार्की, राष्ट्रिय सतर्कता केन्द्रका प्रमुख बालकृष्ण प्रसाई, आयोगका सचिव रेवतीराज काफ्ले लगायतका विभागीय प्रमुख, क्षेत्रीय तथा जिल्ला स्तरीय कार्यालयका प्रमुखहरु, प्रो पब्लिक, ट्रान्सपरेन्सी इन्टरनेसनल नेपाल, मेची महाकाली मिडिया सोसाइटी, रिमेक नेपाल, नागरिक समाज, स्थानीय बुद्धिजिवी, पेशागत संघ संस्था र पत्रकारहरु गरी १०० जना भन्दा बढीको सहभागीता रहेको थियो । गोष्ठीबाट १० बुंदे पोखरा संकल्प पत्र पारित गरिएको थियो । उक्त गोष्ठी यू.एस.ए.आई.डी./ए.आर.डी., इन्क रुल अफ ल प्रोजेक्टको सहयोगमा संचालन भएको थियो ।

२१. २०६२ जेठ ८ गते आयोगबाट विशेष अदालत समक्ष दायर गरिएका मुद्दाहरुको स्थितिबारे छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो । उक्त विषयमा आयोगका सहन्यायाधिवक्ता युवराज सुवेदीले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो र कार्यपत्र उपर नायब महान्यायाधिवक्ता चेतनाथ घिमिरेले टिप्पणी गर्नु भएको थियो । सो

कार्यक्रममा आयोगका प्रमुख आयुक्त, अयुक्तहरु, सचिव र अन्य उच्च पदस्थ अधिकृतहरुको सहभागिता रहेको थियो । यसै गरी जेठ १४ गते सोही विषयमा भक्तपुरको नगरकोटमा पनि आयोगका रा.प. तृतिय श्रेणीका कर्मचारीहरुलाई सहभागी गराई छलफल तथा अन्तरक्रिया कार्यक्रम गरियो ।

२२. २०६२ जेठ २७ गते अख्तियार दुरुपयोग अनुसन्धान आयोग र राष्ट्रिय सतर्कता केन्द्रको संयुक्त तत्वावधानमा ट्रान्सपरेन्सी इन्टरनेसनल र यु.एस.ए.आई.डी./ए.आर.डी. इन्क रुल अफ ल प्रोजेक्टको सहयोगमा वीरगंज, विराटनगर र पोखरामा सम्पन्न भएको भ्रष्टाचार नियन्त्रणका लागि स्थानीय सहभागिता विषयक क्षेत्रीय गोष्ठीबाट तय भएका घोषणा पत्रहरुको अनुगमन गर्ने विषयमा छलफल तथा अन्तरक्रिया सम्पन्न गरियो । कार्यक्रममा आयोगका आयुक्तहरु वासुदेव लामिछाने, ललित बहादुर लिम्बू र वेदप्रसाद शिवाकोटी, राष्ट्रिय सतर्कता केन्द्रका प्रमुख अधिकृत बालकृष्ण प्रसाई, आयोगका सचिव रेवतीराज काफ्ले, नायब महान्यायाधिवक्ता चेतनाथ घिमिरे, महाशाखा प्रमुखहरु, रा.प.प्रथम श्रेणीका कर्मचारीहरु र यु.एस.ए.आई.डी./ए.आर.डी.इन्क रुल अफ ल प्रोजेक्टका प्रतिनिधिहरु बीच क्षेत्रीय गोष्ठीबाट पारित भएका घोषणा पत्र तथा संकल्प पत्रहरुको अनुगमन के कसरी गर्ने भन्नेबारे छलफल तथा अन्तरक्रिया सम्पन्न भएको थियो । यस छलफल कार्यक्रममा जम्मा २८ जनाको सहभागिता रहेको थियो ।

२३. २०६२ असार १७ गते अख्तियार दुरुपयोग अनुसन्धान आयोग र राष्ट्रिय सतर्कता केन्द्रको संयुक्त तत्वावधानमा श्री ५ को सरकारका विभागहरुले तयार गरेको आन्तरिक कार्यविधि कार्यान्वयन अनुगमन समीक्षा गोष्ठी सम्पन्न गरियो । गोष्ठी दुई सत्रमा संचालन गरिएको थियो । प्रमुख आयुक्त सूर्यनाथ उपाध्यायको सभापतित्वमा सम्पन्न भएको सो गोष्ठीको समुद्घाटन मन्त्रिपरिषद्का उपाध्यक्ष डा. तुल्सी गिरीले गर्नु भएको थियो । दोश्रो सत्रको कार्यक्रममा राष्ट्रिय सतर्कता केन्द्रका प्रमुख अधिकृत बालकृष्ण प्रसाईले ३३ वटा विभागहरुको कार्यविधि कार्यान्वयनको अवस्थाबारे प्रतिवेदन पेश गर्नु भएको थियो । श्री ५ को सरकारका ४६ वटा विभागहरु, १ निगम, १ प्राधिकरण र जिल्ला प्रशासन कार्यालयहरुको लागि एक गरी जम्मा ४९ वटा कार्यविधिहरु मिति २०६१ श्रावण १ देखि लागू गरिएका छन् भने ती कार्यविधिहरुको राष्ट्रिय सतर्कता केन्द्रले २०६१ मंसिर १ गते देखि अनुगमन गरिरहेको छ ।

परिच्छेद - १५
उपसंहार

विश्वका प्रायः सबै मुलुकहरुका लागि भ्रष्टाचार एक जटिल सामाजिक रोग र कलंकको रुपमा स्थापित भएको छ । यो कुनै पनि मुलुकको राजनैतिक, आर्थिक एवं सामाजिक विकासको प्रमुख बाधक तत्वको रुपमा खडा भएको छ । भ्रष्टाचारको दुष्प्रभावबाट राज्य सञ्चालनका अपरिहार्य संयन्त्रहरु जस्तै निजामती, प्रहरी, न्याय र विधायिका मात्र आक्रान्त छैनन् यसले निजी क्षेत्र र नागरिक समाजमा समेत जरो गाड्न थालेको देखिन्छ । यो सबैका लागि घातक सिद्ध भएर पनि कुनै पनि मुलुकले यसबाट उन्मुक्ति पाउन सकेका छैनन् । यो कुनै मुलुक विशेष, क्षेत्र, वर्ग, जात, जाति वा प्रणालीमा मात्र सीमित नभएर विश्वव्यापी एवं सर्वव्यापी भै सकेकोछ । भ्रष्टाचारका कारण नै राजनैतिक सुधार, जवाफदेहिता, इमानदारिता, पारदर्शिता जस्ता कानुनी राज्य र सुशासनका अत्यन्तै आवश्यक एवं जरुरी विषयहरु ओझेलमा परेका छन् । त्यसैले यो सबैको चिन्ता र चासोको विषय बनेको छ । विकसित मुलुकहरुमा यसको प्रभाव न्यून छ भने विकासोन्मुख मुलुकहरुमा बढी देखिन्छ ।

भ्रष्टाचारको प्रकृति, स्वरुप, विस्तार र क्षेत्र व्यापक मात्र छैन आफैंमा जटील पनि छ । मानिसको आचरण, व्यवहार, संस्कार र प्रवृत्तिसित गाँसिएको यो पहिचान गर्न कठिन रोगको रुपमा रहेको छ । शासन संचालन पद्धतिमा नातावाद, कृपावाद र अव्यवस्थाको स्थिति रहुञ्जेलसम्म यस्ले मौलाउने मौका पाइरहन्छ । त्यस्तो विषम परिस्थितिमा भ्रष्टाचारको मूल जरो पहिल्याउन जति गाह्रो हुन्छ त्यसको विरुद्धमा कुनै पनि काम कारवाही गर्न पनि त्यतिकै साह्रो परिश्रम गर्न पर्ने हुन्छ ।

मानव अधिकार, राजनैतिक स्थिरता, सक्षम कर्मचारतन्त्र, खुला बजारमुखी अर्थतन्त्र, विकेन्द्रकीकरण, स्थानीय निकायहरुको स्वायत्तता र कानुनी राज्य सुशासनका आधार स्तम्भका रुपमा मानिन्छन् । तर यी तत्वहरु मात्रले पनि मुलुकको आर्थिक सामाजिक विकासमा तवसम्म ठोस योगदान पुऱ्याउन सक्तैनन् जवसम्म नैतिकता, इमान्दारिता, पारदर्शिता र सदाचारिताले समाजमा स्थान पाउंदैनन् । भ्रष्टाचारीलाई हेरिने दृष्टिकोण र गरिने व्यवहार अव भिन्न हुन जरुरी छ । जसरी कमाएको भए पनि सम्पत्तिवालालाई इज्जत दिने गलत मान्यता र परम्परालाई त्याग्न जरुरी छ । भ्रष्टाचारको विरुद्धमा जनचेतना जगाउन र जनसहभागिता बढाउन नितान्त आवश्यक छ । भ्रष्टाचार निवारणका लागि सरकारको दीर्घकालीन र अल्पकालीन रणनीतिहरु, योजना, कार्यक्रमहरु र भ्रष्टाचार नियन्त्रणका लागि कार्यरत निकायहरुको नियन्त्रणात्मक र सुधारात्मक प्रयासहरु मात्र पर्याप्त हुंदैनन् । भ्रष्टाचार विरुद्धमा सचेतना जगाउने गैर सरकारी संस्थाहरु लगायत भ्रष्टाचार माथि निगरानी राख्ने संस्थाहरु, निष्पक्ष एवं सक्षम न्यायपालिका, इमान्दार सञ्चार क्षेत्र, जिम्मेवार निजी क्षेत्र र अन्तर्राष्ट्रिय सहयोग पनि अपरिहार्य तत्वहरु हुन् ।

नेपालको सन्दर्भमा भ्रष्टाचारलाई राष्ट्रले गम्भिर चुनौतीको रुपमा लिई यसको नियन्त्रण गर्ने कार्यलाई प्राथमिकतामा राखेको छ । अव यो गरिबीसँग मात्र जोडिएको नभई राष्ट्रियतासँग पनि गाँसिएको अहम् समस्या भई सकेको छ । अरु मुलुकमा झैं नेपालमा पनि भ्रष्टाचारीहरुले इमान्दारिता मात्र गुमाएका छैनन् भ्रष्टाचार गरेर कमाएको धन विदेशमा

पुऱ्याएर राष्ट्रघात गर्ने कामको शुरुवात गरेका छन् । त्यति मात्र होइन संस्थागत रुपमा र तल्लो तहदेखि उपल्लो राजनैतिक एवं नीति निर्माणको तहसम्म हुने भ्रष्टाचारकै कारण आर्थिक रुपमा मुलुक जर्जर भएर गएको छ । भ्रष्टाचारले मुलुकलाई खोक्रो बनाएको छ । एउटा निर्विवाद सत्य के हो भने यदि राजनितिक एवं नीति निर्माणको तहमा हुने भ्रष्टाचार रोकथाम हुन सक्यो भने तल्लो तहमा हुने भ्रष्टाचार स्वतः कम हुन जान्छ । घर सफा गर्न तलबाट बढारेर हुँदैन, माथिबाटै बढार्दै ल्याउनुपर्दछ । त्यसैले भ्रष्टाचार नियन्त्रणको सुरुवात पनि उपल्लो तहबाट गर्न जरुरी भएको छ । यो काम अत्यन्तै चुनौतीपूर्ण पनि छ ।

नेपालमा भ्रष्टाचार नियन्त्रणका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई प्रमुख दायित्व दिईएको छ । आयोगले आफ्नो स्थापनाकालदेखि हालसम्म भ्रष्टाचार नियन्त्रणका लागि विभिन्न उपचारात्मक एवं निरोधात्मक उपायहरु अवलम्वन गर्दै आएको छ । खास गरी भ्रष्टाचार नियन्त्रण सम्बन्धमा बनेका कानूनहरुमा भएको पछिल्लो संशोधन पछि आयोगले भ्रष्टाचार र अनुचित कार्यमा संलग्न रहेकाहरुमाथि अभियोजन र विभागीय कारवाहीहरु गरी भ्रष्टाचार नियन्त्रणको कार्यलाई प्रभावकारी बनाएको छ । यस कुराको पुष्टि माथि बिभिन्न परिच्छेद्हरुमा उल्लिखित तथ्यहरुबाट स्पष्ट हुन्छ ।

भ्रष्टाचार भै सकेपछि कारवाही गर्नु भन्दा भ्रष्टाचार हुन नदिने उपाय अपनाउन पनि त्यतिकै जरुरी देखिएको छ । भ्रष्टाचार भयो, यसले विकराल रुप लियो भन्नु भन्दा पनि यसको चुरो पत्ता लगाई भ्रष्टाचार हुने वातावरण नै सिर्जना हुन नदिनु उत्तम उपाय हो । तसर्थ भ्रष्टाचारका छिद्र र कारणहरु पहिल्याएर तिनीहरुको समन गरिनुपर्छ भन्ने मान्यताका साथ अख्तियार दुरुपयोग अनुसन्धान आयोगले श्री ५ को सरकारका केन्द्रीय स्तरका विभागहरुमा आन्तरिक कार्यविधि बनाउन लगाई कार्यान्वयन गर्न लगाइएको हो । साथै नियमन प्रणालीसित सम्बद्ध सरकारी निकायहरुलाई मुलुकमा प्रचलित कानूनको परिपालना गर्न गराउन र अनियमिततालाई नियन्त्रण गर्ने दिशामा सजग रही आफूलाई प्राप्त अधिकारको सदुपयोग गरी विभिन्न क्षेत्रमा विविध कारणबाट सिर्जीत अव्यवस्थालाई निरोपण गर्न समय समयमा घच्घच्याउने कामको सुरुवात गरेको हो । यस वर्ष यस दिशामा आयोगको राष्ट्रिय सतर्कता केन्द्र लगायत विभिन्न सरकारी संयन्त्रहरुसंगको सहकार्य वास्तवमै उल्लेखनीय रह्यो । भ्रष्टाचार विरुद्ध सचेतना अभिबृद्धि गर्ने सिलसिलामा आयोग विभिन्न गैर सरकारी निकायहरु, बुद्धिजीवी, पत्रकार, उद्योगी व्यापारी, नागरिक समाज र अन्तराष्ट्रिय दाता समूहहरुसंग तालिम, सभा, सम्मेलन, गोष्ठी, अन्तरक्रिया, रेडियो कार्यक्रम, भ्रष्टाचार विरोधी प्रकाशनहरु समेतका माध्यमबाट मुलुकको हरेक पक्षलाई भ्रष्टाचारको विरुद्ध उतार्न प्रयत्नशील रही आएको छ ।

आफ्नो जिम्मेवारी निर्वाह गर्ने क्रममा आयोगले सही रुपमा भ्रष्टाचार नियन्त्रणका लागि सरकार र राजनैतिक क्षेत्रका उच्च तहबाट पाएको सहयोगको सदा प्रसंशा गर्दछ र यो प्रतिबद्धता आगामी दिनहरुमा अझ बृद्धि हुँदै जाने कुरामा विश्वास राख्दछ । सवै क्षेत्रबाट प्राप्त सहयोगकै फलस्वरुप आयोगको काम कारवाहीबाट मुलुकको राजस्वमा वृद्धि, विकास आयोजनाहरुमा लाग्ने समय तथा खर्चको कटौती, सार्वजनिक सेवा प्रदानमा प्रभावकारिता तथा गुणस्तरमा वृद्धि जस्ता सुशासनका केही सकारात्मक सूचकहरु देखा पर्न थालेका छन् । यद्यपी आयोगले गर्न पर्ने कुराहरु धेरै छन् । सवैभन्दा महत्वपूर्ण त नेपाली जनताले महशूस गर्ने गरी नेपालमा भ्रष्टाचार नियन्त्रण भएको अनुभूति दिलाउन वांकी नै छ । यस कार्यमा निसन्देह आयोग दत्तचित्त रहेको छ र भ्रष्टाचारको न्यूनिकरण गर्दै विश्व मानचित्रमा

भ्रष्टाचार रहीत मुलुको पंक्तिमा उभ्याउन आयोग आगामी दिनहरुमा अझ अथक परिश्रमका साथ लागि रहने नै छ ।

यो पुनित उद्देश्य हासिल गर्न आयोगले केही अपेक्षाहरु पनि राखेको छ । त्यसको परिपूर्ति यथासंभव छिटो भएमा आयोगको कार्यसम्पादन र प्रभावकारितामा थप बृद्धि हुन जानेछ । यसै सिलसिलामा एकातिर भ्रष्टाचार नियन्त्रणका लागि आयोगले तयार पारेको रणनीति अनुरुप कानूनी व्यवस्था हुन जरुरी देखिएको छ भने अर्कातिर भ्रष्टाचार नियन्त्रण गर्न केन्द्रिय र स्थानीय स्तरमा संस्थागत संयन्त्रको विकास एवं सुधार गर्नु पर्ने देखिएको छ । त्यस्तै भ्रष्टाचारका छिद्रहरु टाल्न नीतिगत मामिलामा दृष्टि पुऱ्याउने, प्रभाव अनुगमन गर्ने, राजनैतिक, व्यवसायिक, लगायत व्यापारिक समुदायमा आचार संहिता लागू गर्ने, अनुसन्धानको काममा क्षेत्रगत मन्त्रालय र जिल्ला कार्यालयको क्षमता वृद्धि र सशक्तीकरण गर्ने, राजस्व, विकास निर्माण तथा ठूलठूला खरिद, सेवा प्रदान गर्ने निकाय, शान्ति सुरक्षा जस्ता क्षेत्रहरुमा रणनीतिक छनौटका आधारमा मुद्दा छनौट गरी अनुसन्धान तहकिकात गर्ने, भ्रष्टाचार विरोधी क्षेत्रीय तथा अन्तर्राष्ट्रिय संस्थाहरुबाट आवश्यक प्रविधि उपलब्ध गरी क्षमता विकास गर्ने, नागरिक समाज तथा गैर सरकारी संस्थाहरुको संलग्नतामा भ्रष्टाचार विरोधी अभियान संचालन गर्ने लगायतका धेरै क्षेत्रहरुमा आयोग सवैको सहयोगको अपेक्षा राखेकोछ ।

आर्थिक वर्ष २०६१/६२ मा आयोगबाट भएका काम कारवाहीहरुको समीक्षा गर्दा ४७५९ उजूरी परेको र ती मध्ये ३७०९ उजूरीहरु आयोगबाट फछ्यौंट भएका छन् । आयोगबाट भ्रष्टाचार सम्वन्धी ११३ मुद्दाहरु विशेष अदालत समक्ष दायर गरियो । विशेष अदालतबाट भएको फैसलामा चित्त नबुझी २९ मुद्दामा आयोगबाट पुनरावेदन गरियो भने एउटा मुद्दाको हक्मा पुनरावलोकनका लागी निवेदन गरिएको छ । ३९ वटा उजूरीहरुमा बिभागीय कारवाहीको लागि सम्बन्धित निकायमा लेखी पठाइयो भने ४२ वटा उजूरीहरुमा सार्वजनिक पदाधिकारीहरुलाई सचेत गराउनको लागि लेखी पठाइएको छ । सोही अवधिमा विभिन्न निकायहरुमा २२ वटा सुझावहरु पठाइयो, ६ वटा उजूरीहरुमा बिभिन्न निकायहरुको ध्यानाकर्षण गराईयो भने असूल उपर लगयात अन्य कारवाही गर्न १०० वटा उजुरीहरु सम्बन्धित निकायहरुमा पठाइएका छन् । आयोगको अधिकार प्रयोग गर्न पाउने गरी अधिकार प्रत्यायोजन गरिएका पाँच विकास क्षेत्र स्थित क्षेत्रीय प्रशासन कार्यालयहरुमा भ्रष्टाचार तथा अनुचित कार्य सम्वन्धी ३९९ उजूरी परेकोमा जम्मा १२८ फछ्यौंट भई २७१ फछ्यौंट हुन बाँकी नै रहेको प्रतिवेदन प्राप्त हुन आएको छ । त्यस्तै ७५ जिल्ला प्रशासन कार्यालयहरुमा भ्रष्टाचार तथा अनुचित कार्य सम्वन्धी १६८७ उजूरी परेकोमा जम्मा ३७५ फछ्यौंट भई १३१२ फछ्यौंट हुन बाँकी नै रहेको देखिन आएको छ । हाल मुलुकमा विद्यमान प्रतिकूल परिस्थितिका कारण क्षेत्रीय तथा जिल्ला प्रशासन कार्यालयहरुबाट आयोगले तिनीहरुलाई भ्रष्टाचार तथा अनुचित कार्यको नियन्त्रणका लागि प्रत्यायोजित गरेको अधिकार बमोजिम आशातित रुपमा कार्य सम्पादन हुन नसकेको प्रतित हुन्छ ।

वास्तवमा भ्रष्टाचार नियन्त्रणमा सरकारले गरेका प्रतिबद्धता एवं सरकारी रणनीतिहरु प्रभावकारी रुपमा कार्यान्वयन हुन आवश्यक छ । यस दिशामा भ्रष्टाचार रोकथामका लागि गठित सरकारी निकायहरुलाई पनि सकृय एवं प्रभावकारी बनाउन उत्तिकै जरुरी छ । साथै आयोगको दायरा भित्र नपरेका भ्रष्टाचारजन्य कृयाकलाप रोक्ने तर्फ पनि ध्यान दिन जरुरी

छ । जवसम्म निजी क्षेत्र तथा आयोगको अधिकार क्षेत्र बाहिर परेका सार्वजनिक निकायहरुमा हुने भ्रष्टाचार रोक्न प्रभावकारी संयन्त्रको विकास हुंदैन तबसम्म भ्रष्टाचारमुक्त स्थितिको परिकल्पना गर्नु ब्यर्थ हुन जान्छ ।

अन्तमा, आयोगले भ्रष्टाचार नियन्त्रण तर्फको प्रयासलाई अझ सवल, सुदृढ र सशक्त बनाउन आयोगका कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्न अत्यावश्यक देखिएको छ । त्यसै गरी नवीन अनुसन्धान प्रविधि र तिनीहरुको प्रयोग वाञ्छनीय भएको छ । क्षमता अभिवृद्धि र नवीन प्रविधिहरुको प्रयोगबाट भ्रष्टाचारीहरु पहिल्याई तिनीहरुलाई कारवाही गर्न ठूलो सघाउ पुग्ने हुँदा त्यस तर्फ पनि सरकार लगायत सम्बद्ध सबै पक्षबाट निरन्तर सहयोग प्राप्त हुने कुरामा आयोग विश्वास राख्दछ ।



अनुसूचीहरु

अनुसूची- १


श्री ५ महाराजाधिराज
सम्माननीय प्रमुख आयुक्त
तथा माननीय आयुक्तहरु
(आयोग)
राष्ट्रिय तथा
अन्तर्राष्ट्रिय
संघ संस्थाहरु
सचिव
मन्त्रालयहरु
६ वटा
अनुसन्धान
महाशाखाहरु
प्रशासन
महाशाखा
योजना
महाशाखा
मुद्दा
महाशाखा
प्रहरी
महाशाखा
राष्ट्रिय सतर्कता केन्द्र
राजस्व अनुसन्धान विभाग
अन्य विभागहरु
क्षेत्रीय प्रशासकहरु
प्रमुख जिल्ला अधिकारीहरु
प्रहरी प्रधान
कार्यालय
राष्ट्रिय
अनुसन्धान
विभाग
पुनरावेदन सरकारी वकिलहरु
जिल्ला सरकारी वकिलहरु
सम्पर्क प्रकृया
सूचना सम्पर्क प्रकृया
कार्य सम्पर्क प्रकृया

(क)

अनुसूची - २

आयोगमा कार्यरत पदाधिकारी तथा कर्मचारीहरुको संख्यात्मक विवरण

२०६२ साल असार मसान्त सम्मको

दरबन्दी तर्फ कूल		दरबन्दी	पूर्ति	रिक्त
	अधिकृतस्तर	७२	५७	१५
	सहायकस्तर	७९	७०	९
	श्रेणीविहिनः- ह.स.चा	२२	२२	-
	पियनस्तर	२८	२८	-
	जम्मा	२०१	१७७	२४
पूल दरबन्दी तर्फ	अधिकृत स्तर	१०	८	२
	सहायक स्तर	१०	५	५
	जम्मा	२०	१३	७
जम्मा फाजिल दरबन्दी तर्फ कार्यरत		१६		

हाल आयोगमा कार्यरत पदाधिकारी तथा कर्मचारीसंख्या

क) संवैधानिक पदाधिकारी	५
ख) अधिकृतस्तर	८४
ग) सहायक स्तर	१२५
घ) सुरक्षाकर्मी	२४
ङ) श्रेणी बिहिन ह.स.चा.	२६
च) श्रेणी बिहिन पियन	३९
छ) सल्लाहकार	५
ज) सेवा करार	४
जम्मा	३१२

न्यन्न निकायबाट

काजमा रहनु भएका जम्मा अधिकृत स्तर जम्मा	१९
काजमा रहनु भएका जम्मा सहायकस्तर (श्रेणी विहिन समेत)	४९
(सहायक स्तर:३४प्रहरीसमेत, ह.स.चा.:४,पियन:११)	
आयोगको सुरक्षा तर्फका कार्यरत प्रहरी	
प्र. ना. नि.(१), प्र.ह.(१),प्र.ज.(६)	८
संवैधानिक पदाधिकारीज्यूहरुको अंगरक्षक तर्फ	
प्र. ना. नी. (५) प्र.ह.(१)	६
सम्माननिय प्रमुख आयुक्तज्यूको सरकारी निवासमा कार्यरत सुरक्षाकर्मीतर्फ	
प्र. स. नि. (१), स.प्र.ह(३), स.प्र.ज.(६)	१०
जम्मा सुरक्षा तर्फ (काज)	२४

मा काजतर्फ

अधिकृतस्तर	१९
सहायकस्तर	३४
सुरक्षाकर्मी	२४
ह.स.चा. श्रेणी विहीन	४
पियन पाले (श्रेणी विहीन)	११
जम्मा काजतर्फ	९२

नोटः

अधिकृत र सहायक स्तरमा नेपाल प्रहरी, श्री ५ को सरकारको संस्थान, ने. रा. बै. सावित विशेष प्रहरी विभागका प्रहरी समेतका निकायबाट काजमा रहनु भएका कार्यरत अधिकृत कर्मचारीहरु

ूह अन्तर्गतको दरबन्दी (अ.दु.अ.शाखा र इकाई)	२०	१०	१०
म्मा करारमा कार्यरत (श्रेणी विहिन-३, सल्लाहकार-५, इन्टेरियर डे.-१)			९

अनुसूची - ३

अख्तियार दुरुपयोग अनुसन्धान आयोग

बबरमहल, काठमाडौं

आ.व. २०६१।६२ को बजेट व्यवस्था

वार्षिक विनियोजन (थप समेत)	खर्च		बाँकी			कैफियत
	निकाशा	खर्च	निकासा मध्ये	निकाशा नगरीएको	बुझे	
चालु :-						
व.शि.नं. - १५।३।११० HMG रु. ४,४८,१३,५१२।-	४,१९,२०,६९३।१६	४,१९,२०,६९३।१६	२३,८४,३८०।४४	५,०८,४३८।४०	२८,९२,८१८।८४	
व.शि.नं. - १५।३।२०० HMG रु. ४१,०८,६४२।-	३४,७१,३०७।६१	३४,७१,३०७।६१	६,३२,८८७।५६	४,४४६।८३	६,३७,३३४।३९	
बैदेशिक अनुदान रु. १,४४,२९,०००।-		७१,८१,७०८।८०		-	७२,४७,२९१।२०	
अर्थ बजेट HMG रु. १२,४७,३४७।-	११,८२,२९५।९२	११,८२,२९५।९२	६५,०५१।०८		६५,०५१।०८	
जम्मा रु. ६,४५,९८,५०१।-	४,६५,७४,२९६।६९	५,३७,५६,००५।४९	३०,८२,३१९।०८	५,१२,८८५।२३	१,०८,४२,४९५।५१	
पुँजीगत :-						
व.शि.नं. - १५।४।११० HMG रु. ४,३०,०००।-	४,१९,८४०।५०	४,१९,८४०।५०	८,८०१।३०	१,३५८।२०	१०,१५९।५०	
व.शि.नं. - १५।४।२०० HMG रु. ६,२५,०००।-	६,२१,५८०।५०	६,२१,५८०।५०	३,४१९।५०	-	३,४१९।५०	
बैदेशिक अनुदान रु. २,०२,३०,०००।-		३०,०२,३५२।००			१,७२,२७,६४८।००	
जम्मा रु. २,१२,८५,०००।-	१०,४१,४२१।-	४०,४३,७७३।-	१२,२२०।८०	१,३५८।२०	१७२४१२२७।-	
कूल जम्मा ८,५८,८३,५०१।-	४,७६,१५,७१७।६९	५,७७,९९,७७८।४९	३०,९४,५३९।८८	५,१४,२४३।४३	२,८०,८३,७२२।५१	

आ.व. २०६१।०६२ को राजस्व तर्फ आम्दानी

- प्रशासनिक दस्तुर, ठेक्का तथा परामर्स र जरीवाना समेत गरी जम्मा रु. ८९,४३०।- मात्र राजस्व आम्दानी भएको छ।

आ.व. २०६१।०६२ को धरौटी तर्फ :-

आ.व. २०६०।६१ को जिम्मेवारी खरेको	रु. ७९,५२,७२८।४७
२०६१ श्रावण देखि २०६२ आषाढ मसान्त सम्मको जम्मा धरौटी	रु. ५६,३२,१८८।३४
२०६१ आषाढ देखि २०६२ आषाढ मसान्त सम्मको फिर्ता जम्मा धरौटी	रु. ४५,९७,८६८।०८
२०६२ आषाढ सम्ममा बाँकी धरौटी	रु. ८९,८७,०४८।७३


नक्कली शैक्षिक प्रमाणपत्र पेश गर्नुको प्रयोजन
४३%
५७%
नियूक्तिका लागि
बढुवाका लागि


नक्कली प्रमाणपत्र सम्बन्धी मुद्दा फैसला विवरण (आ.व.२०५७।५८ देखि २०६१।६२)
मुद्दा संख्या.....
२५०
२२५
२००
१७५
१५०
१२५
१००
७५
५०
२५
०
२३६
१५१
११०
१८०
१६९
१०३
९४
४१
५६
२४२८
१०२३
२०२२
८२०
४ ६
२ ३
१८२१
७२०
२ १
७
१ ०
११
मूद्दा दायर
कूल फैसला
फैसला हून बांकी
सफल
असफल
सफल प्रतिशत
निजामती सेवा
प्रहरी सेवा
सार्वजनिक संस्थान समिति
विश्वविद्यालय सेवा
शिक्षक सेवा
कूल जम्मा

अख्तियार दुरुपयोग अनुसन्धान आयोग

भ्रष्टाचार तथा अनुचित कार्यसम्बन्धी क्षेत्रीय प्रशासन कार्यालयहरुबाट प्राप्त मासिक प्रतिवेदन

आ.व. ०६१।०६२

क्र.सं.	क्षेत्रीय कार्यालय हरुको नाम	जम्मा उजुरी संख्या						जम्मा	फछ्यौट भएको उजुरी संख्या								फछ्यौट हुन बाँकी उजुरी संख्या		जम्मा बाँकी	कैफियत
		गत आ.व.को		यस आ.व. मा परेका		उजुरी संख्या			कार्यालयबाट रामेली		बाणिज्यमा पठाएको		अन्य निकायमा		बदालतमा मुद्दा दायर	जम्मा फछ्यौट मुद्दा संख्या				
		भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित		भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित			भ्रष्टाचार	अनुचित		
०	१	२	३	४	५	६	७	८	९	१०	११	१२	१३	१४	१५	१६	१७	१८	१९	२०
१	पुर्वाञ्चल क्षे.का. धनकूटा	४६	९	१८		६४	९	७३	३	२						५	६१	७	६८	
२	मध्यमाञ्चल क्षे.का. हेटौंडा	९०	१	१३	३४	१०३	३५	१३८	२५							२५	७८	३५	११३	
३	पश्चिमाञ्चल क्षे.का. पोखरा	२५	८	६२	२१	८७	२९	११६	१६	२२	६	३	१३	४		६४	५२		५२	
४	मध्य पश्चिमाञ्चल क्षे.का. सूर्खेत		१६			०	१६	१६		३						३	०	१३	१३	
५	सुदुर पश्चिमाञ्चल क्षे.का. दीपायल		५६			०	५६	५६		३१						३१	०	२५	२५	
	कुल जम्मा	१५१	९०	९३	५५	२५४	१४५	३९९	४४	५८	६	३	१३	४	०	१२८	१९१	८०	२७१	

अख्तियार दुरुपयोग अनुसन्धान आयोग

भ्रष्टाचार तथा अनुचित कार्यसम्बन्धी जिल्ला प्रशासन कार्यालयहरुबाट प्राप्त वार्षिक प्रतिवेदन

आ.व. ०६१।०६२

सि. नं.	क्षेत्रीय/जिल्ला कार्यालयहरुको नाम	जम्मा उजुरी संख्या						जम्मा	फछ्यौंट भएको उजुरी संख्या								फछ्यौंट हुन बांकी उजुरी संख्या		जम्मा बाकी उजुरी	कैफियत
		गत आ.व.को जिम्मेवारी		यस आ.व.मा परेका उजुरी		जम्मा उजुरी			कार्यालयबाट तामेली		आयोगमा पठाएको		अन्य निकायमा पठाएको		अदालतमा मुद्दा दायर	जम्मा फछ्यौंट मुद्दा संख्या	भ्रष्टाचार	अनुचित		
		भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित		भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित						
०		१	२	३	४	५	६	७	८	९	१०	११	१२	१३	१४	१५	१६	१७	१८	
१	ताप्लेजुङ	२		१		३		३								०	३	०	३	
२	पांचथर	९	२			९	२	११	४	१						५	५	१	६	
३	इलाम	७	१३	३		१०	१३	२३	१	३						४	९	१०	१९	
४	झापा	१३	१	१३	९	२६	१०	३६	१०	२	२					१४	१४	८	२२	
५	संखूवासभा	१			३	१	३	४	१	१						२	०	२	२	
६	तेह्थुम	४		४		८		८	१		१					२	६	०	६	
७	भोजपुर	३				३		३								०	३	०	३	
८	धनकूटा	२	१			२	१	३		१						१	२	०	२	
९	सुनसरी	३१	८	१	२	३२	१०	४२	१	३	१		२			७	२८	७	३५	
१०	मोरङ	१४		३५		४९		४९	८							८	४१		४१	
११	सोलूखुम्बु	७		३				१०	३							३	७		७	
१२	ओखलढुंगा	२						२								०	२		२	
१३	खोटाङ	कागजात जसी नष्ट भएकोले पठाउन नसकिएको भने														०	०		०	
१४	उदयपुर	३६		१०		४६		४६			२					२	४४		४४	
१५	सिराहा	६८		१०	३	७८	३	८१	१	२	१					४	७६	१	७७	
१६	सप्तरी	६३		३०		९३		९३	३०							३०	६३		६३	
१७	दोलखा	८		४		१२		१२	३							३	९		९	
१८	रामेछाप	२८		४		३२		३२	१							१	३१		३१	

१९	सिन्धूली	२८	१			२८	१	२९									०	२८	१	२९		
२०	सलाही	१७		३९		५६		५६			१६						१६	४०		४०		
२१	महोत्तरी		१८	१	१३०	१	१४८	१४९									०	१	१४८	१४९		
२२	धनुषा	४९		६३		११२		११२	४३		१०		३				५६	५६		५६		
२३	मकवानपूर	३३		१		३४		३४									०	३४		३४		
२४	चितवन	५	१७	१	३१	६	४८	५४		४		२		१			७	६	४१	४७		
२५	बारा	५		४६		५१		५१	१०								१०	४१	०	४१		
२६	पर्सा	५		७७		८२		८२	२०								२०	६२	०	६२		
२७	रौतहट				३०		३०	३०		४							४	०	२६	२६		
२८	रसूवा	उजूरी नपरेको						०									०	०	०	०		
२९	धादिङ		२		४		६	६		१		१					२	०	४	४		
३०	नुवाकोट	२	१४			२	१४	१६	१								१	१	१४	१५		
३१	सिन्धूपाल्चोक	११				११		११	२		४						६	५	०	५		
३२	काभ्रेपलान्चोक	६		१	२	७	२	९									०	७	२	९		
३३	भक्तपूर	१९		१४		३३		३३	१५		१						१६	१७	०	१७		
३४	ललितपूर			१६		१६	०	१६			१						१	१५	०	१५		
३५	काठमाडौं	५०	१९	१६		६६	१९	८५	४								४	६२	१९	८१		
३६	नवलपरासी	२		१	२	३	२	५	२								२	१	२	३		
३७	कपिलवस्तु	१		३		४		४									०	४	०	४		
३८	रुपन्देही	७	४९		१७	७	६६	७३		८	२		२				१२	३	५८	६१		
३९	पाल्पा			२		२		२			१						१	१	०	१		
४०	गुल्मी	२६		१		२७		२७	३								३	२४	०	२४		
४१	अर्घाखांची	उजूरी नपरेको															०	०	०	०		
४२	गोर्खा		२			०	२	२									०	०	२	२		
४३	लमजूङ	५				५		५	२								२	३	०	३		

४४	कास्की	५१				५१		५१	२०							२०	२१	०	२१	
४५	तनहू	७	१	६	१	१३	९	१५								०	१३	९	१५	
४६	स्याङ्जा	१०	३			१०	३	१३			१			२		३	९	१	१०	
४७	मनाङ	१				१		१								०	१	०	१	
४८	रुकुम	४		५		९		९								०	९	०	९	
४९	रोल्पा	२		१		३		३								०	३	०	३	
५०	सल्यान	१	१	१०	८	११	९	२०	६	७						१३	५	२	७	
५१	प्यूठान	उजुरी नपरेको						०								०	०	०	०	
५२	दाङदेउखूरी	४		१३		१७		१७	१०							१०	७		७	
५३	पर्वत	९				९		९								०	९	०	९	
५४	म्याग्दी	१		४		५		५								०	५	०	५	
५५	मुस्ताङ	२				२		२								०	२	०	२	
५६	बाग्लुङ			८		८		८								०	८	०	८	
५७	दैलेख		५	१	५	१	१०	११		४						४	१	६	७	
५८	सुर्खेत	२		५		७		७	६							६	१	०	१	
५९	जाजरकोट	५		३		८		८	४							४	४	०	४	
६०	बाके	९५		३९		६४		६४	३३							३३	३१	०	३१	
६१	बर्दिया	२१		९		२३		२३	६							६	१७	०	१७	
६२	डोल्पा	उजुरी नपरेको														०	०	०	०	
६३	जुम्ला	१	५		३	१	८	९				१				१	१	७	८	
६४	कालिकोट	५				५		५	२							२	३	०	३	
६५	मुगु	उजुरी नपरेको						०								०	०	०	०	
६६	कालीकोट	५		२		७		७	१							१	६	०	६	
६७	बझाङ	१				१		१								०	१	०	१	
६८	बाजुरा	१				१		१	१							१	०	०	०	
६९	डोटी	३		२		५		५								०	५	०	५	
७०	अछाम	२	१	१०	३	१२	४	१६	४	३	२	०		१		१०	६	०	६	
७१	कैलाली	३		१		४		४								०	४	०	४	
७२	दार्चुला	१		४		५		५	१							१	४	०	४	
७३	बैतडी	१		१		३		३	१							१	१	०	१	
७४	डडेलधुरा			१		१		१								०	१	०	१	
७५	कंचनपुर	८	४	१	८	९	१२	२१	३	६						९	६	६	१२	
	जम्मा	७४०	१९७	३१९	२६१	१२४७	४२८	१६८७	२५३	५०	४३	४	७	४	०	३७५	६४२	३७०	१३१२	

अनुसूची-८

आ.ब.०६१।६२ मा आयोगमा परेका उजुरी र फर्श्यौटको विवरण



अनुसूची-९


कूल उजुरी र फछ्र्यौटको तुलनात्मक विवरण
(आ.व. २०५७/५८-२०६१/६२)
उजुरी संख्या
५०००
४०००
३०००
२०००
१०००
0
उजुरी परेको
फछ्र्यौट
आ.व. २०५७/५८
आ.व. २०५८/५९
आ.व. २०५९/६०
आ.व. २०६०/६१
आ.व. २०६१/६२
आर्थिक वर्ष

अनुसूचि-१०

आ.ब. ०६१।०६२ मा मुद्दा हार जीतको स्थिति



अनुसूची-११


आ.व. ०६१/६२ को अभियोजन र अन्य कारवाहीहरुको विवरण
२२
६
३०
११३
३९
४२
१००
मूद्दा दायर
अन्य कारवाही
सचेत
विभागीय कार्यवाही
पूनरावेदन/पुनरावलोकन
सूझाव
ध्यानाकर्षण

विशेष अदालतमा दायर गर्न निर्णय भएका मुद्दाहरुको वर्गीकरण



कारवाहीको तुलनात्मक विवरण (आ.व. २०५७/५८-२०६१/६२)

